नेपालमा राज्य पुनर्संरचना

द्वन्द्वोत्तर चुनौती र राज्यनिर्माणको सवाल

सम्पादन

विष्णुराज उप्रेती

सागर राज शर्मा

कैलाशनाथ प्याकुर्‍याल

सफल घिमिरे

नेपालमा राज्य पुनर्संरचना

द्वन्द्वोत्तर चुनौती र राज्यनिर्माणको सवाल

सम्पादन

विष्णुराज उप्रेती

सागर राज शर्मा

कैलाशनाथ प्याकुऱ्याल

सफल घिमिरे

प्रकाशक

अनुसन्धानमा दक्षताको लागि स्विस राष्ट्रिय केन्द्र (एनसिसिआर) नर्थ–साउथ, दक्षिण एसिया संयोजन कार्यालय,

विकास अध्ययन विभाग, स्कुल अफ आर्टस्–काठमाडौँ विश्वविद्यालय र

नेपाल सेन्टर फर कन्टेम्पोररी रिसर्च

उद्‌धृतार्थः

उप्रेती विष्णुराज, शर्मा सागर राज, प्याकुर्‍याल कैलाशनाथ र घिमिरे सफल । सम्पादक । २०६९ । नेपालमा राज्य पुनर्संरचनाः द्वन्द्वोत्तर चुनौती र राज्यनिर्माणको सवाल । काठमाडौँः अनुसन्धानमा दक्षताको लागि स्विस राष्ट्रिय केन्द्र (एनसिसिआर) नर्थ–साउथ, दक्षिण एसिया संयोजन कार्यालय, विकास अध्ययन विभाग/स्कुल अफ आर्ट्स–काठमाडौँ विश्वविद्यालय र नेपाल सेन्टर फर कन्टेम्पोररी रिसर्च ।

सर्वाधिकार © २०६९ सम्बन्धित परिच्छेदको निम्ति सम्बन्धित लेखकहरू र समग्र पुस्तकको निम्ति प्रकाशकहरूमा सुरक्षित ।

प्रकाशकः

अनुसन्धानमा दक्षताको लागि स्विस राष्ट्रिय केन्द्र (एनसिसिआर) नर्थ–साउथ, दक्षिण एसिया संयोजन कार्यालय, विकास अध्ययन विभाग/स्कुल अफ आर्ट्स–काठमाडौँ विश्वविद्यालय र नेपाल सेन्टर फर कन्टेम्पोररी रिसर्च

ISBN: 978-9937-8174-9-3 (Hard Bound)
978-9937-8174-8-6 (Paperback)

आवरण तस्विरः

सफल घिमिरे (पोखरामा नेपाली राष्ट्रिय झण्डा सिउँदै एक महिला)

ले–आउट तथा डिजाइनः

ज्योती खतिवडा

मुद्रणः

हाइडल प्रेस प्रा. लि., डिल्लीबजार, काठमाडौँ ।

अस्वीकारोक्तिः

यस पुस्तकमा निहित दृष्टिकोण तथा विचार सम्बन्धित परिच्छेद लेखकका निजी अभिव्यक्ति हुन् । तिनले लेखक तथा सम्पादकहरूसँग सम्बन्धित संस्थाको आधिकारिक धारणालाई प्रतिबिम्बित गर्छन् नै भन्ने छैन ।

समर्पण

नेपाली समाज पुनर्निर्माण गर्न अथक प्रयास गरिरहेका मानिसहरूप्रति

नेपालमा राज्य पुनर्संरचनाः द्वन्द्वोत्तर चुनौती र राज्यनिर्माणको सवाल शिर्षकको यस पुस्तकका सम्पादकहरू स्विस राष्ट्रिय विज्ञान प्रतिष्ठान (एसएनएसएफ), विकास तथा सहकार्यको लागि स्विस नियोग (एसडिसी) र अन्य सहभागी संस्थाद्वारा संयुक्त आर्थिक सहयोग गरिएको अनुसन्धानमा दक्षताको लागि स्विस राष्ट्रिय केन्द्र (एनसिसिआर) नर्थ–साउथप्रति अनुगृहित छन् ।

नेपाली संस्करणबारे प्राक्कथन

पछिल्ला केही वर्षमा नेपालमा राजनीतिक परिवर्तन र घटनाहरूमा तीव्रता देखिएको छ । संविधानसभाको चुनावपछि मात्रै चार प्रधानमन्त्रीले सत्ता चलाइसकेका छन् । यसरी भएका प्रत्येक सरकार परिवर्तनका क्रममा राजनीतिक दलहरूबीचको सत्ता समीकरणमा समेत फेरबदल आएको छ। कुनै समय शत्रुवत् सम्बन्ध रहेका शक्तिहरू अहिले मित्र बनी देखापरेका छन् भने कुनै बेला आपसमा बलियो विश्वासपात्र मानिएका शक्तिहरू अहिले ध्रुवीकृत भएका छन्। केही दलबीच कार्यगत र केहीबीच संगठनात्मक एकता नै भएको छ । केही टुक्रिएका पनि छन् । विशेषगरी सशस्त्र द्वन्द्वोत्तर कालमा उदीयमान शक्ति मानिएका मधेसी दलहरू फुटेर दर्जनभन्दा बढी टुक्रा भएका छन् भने संविधानसभाको सबैभन्दा ठूलो दल एकीकृत नेकपा (माओवादी) पनि औपचारिक रूपमै दुई चिरा परेको छ। गएका दुई वर्षमा सैन्य मामिलामा भएका महत्वपूर्ण निर्णयले पनि राजनीतिक विश्लेषणलाई परिवर्तनशील बनाइदिएका छन् । संविधानसभाको विभिन्न पटक भएको मिति थप तथा राज्य पुनर्संरचनाको विषयमा कुरा नमिल्दा अन्तिममा यसले भोग्नुपरेको अनपेक्षित अवसानले नेपालको पछिल्लो राजनीतिमा गहिरो प्रभाव पारेको छ ।

सामाजिक–राजनीतिक घटनाक्रम र बदलिँदो वस्तुस्थिति नै समाज–विज्ञान र वैज्ञानिक विश्लेषणका आधारस्तम्भ हुन् । यिनै कुरालाई मनन गर्दै यस पुस्तकको अँग्रेजी संस्करण नेपालको जल्दोबल्दो राजनीतिक अवस्थामा दुई वर्षअघि नै छापिएको थियो । तर बदलिँदो राजनीतिक परिवर्तन, राज्यनिर्माणसम्बन्धी विषयको सान्दर्भिकता, नेपाली भाषामा पुस्तक अनुदित गरिए राम्रो हुने पाठकवर्गको सुझाव तथा यस पुस्तक प्रयोजनको लक्षित वर्गलाई ध्यान दिँदै अहिले हामीले यसको नेपाली संस्करण तपाईंहरूसामु पस्केका छौं ।

यो संस्करणमा विषयवस्तुलाई पछिल्लो राजनीतिक घटनाक्रमअनुसार अद्यावधिक बनाइएको छ । यसको तयारीको क्रममा नेपाली अनुवादको लागि सफल घिमिरे र भाषिक सुपरीवेक्षणमा शेखर पराजुलीले महिनौँको मिहिनेत खर्चिनु भएको पनि छ ।

त्यसैले यो संस्करण नेपाली परिवेशमा अझ उपयोगी, धेरै पाठकलाई समेट्न सक्ने र राजनीतिक विश्लेषणका आधारमा अझ अद्यावधिक रहेको हुनेछ भन्ने हाम्रो आशा छ । अन्ततः हाम्रो कामका सबैभन्दा योग्य विश्लेषक तपाईं पाठकहरू नै हुनुहुन्छ । त्यसैले तपाईंहरूका रचनात्मक प्रतिक्रिया र सुधारसुझाव सधैँझैँ हाम्रा लागि मार्गदर्शक रहनेछन् । हामी तिनको सधैँ आशा गरिरहनेछौँ ।

सम्पादकहरू

भाद्र २०६९

पृष्ठभूमि तथा कृतज्ञता

वर्तमान सन्दर्भमा राज्यनिर्माणको बहस सर्वत्र छाएको छ। युद्धग्रस्त इराकमा, द्वन्द्वग्रस्त अफगानिस्तानमा अथवा अस्थिरताले सताइएका जुनै पनि मुलुकमा होस्, सामाजिक–आर्थिक रूपान्तरण साथै प्राज्ञिक बहसमा समेत राज्य पुनर्निर्माण महत्वपूर्ण विषय बनेको छ। श्रीलंका र नेपालजस्ता दुई भिन्न तरिकाले रूपान्तरण भइरहेका द्वन्द्वको दक्षिण एसियाली परिप्रेक्ष्यमा यो विषय झनै सान्दर्भिक देखिएको छ। यस परिप्रेक्ष्यमा यो पुस्तक वस्तुतः द्वन्द्वोत्तर नेपालमा राज्यनिर्माणसम्बन्धी अनुसन्धाताहरूको अवलोकन, दृष्टिकोण र विश्लेषणमा आधारित छ।

यस पुस्तकमा समेटिएका अधिकांश लेखकहरू आफ्ना विषयमा विज्ञ हुनुसाथै तत्सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बहसका सक्रिय सहभागी हुन्। यिनमा केही काठमाडौँ विश्वविद्यालयको तत्कालीन मानव तथा प्राकृतिक संसाधन अध्ययन केन्द्र (एचएनआरएसी) (अहिलेको विकास अध्ययन विभाग) र अनुसन्धानमा दक्षताको लागि स्विस राष्ट्रिय केन्द्र (एनसिसिआर) नर्थ–साउथको सहकार्य अन्तर्गतका अनुसन्धाता पनि हुन्।

राज्यनिर्माणसम्बन्धी अवधारणागत खाका, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुभव तथा वैयक्तिक अध्ययन समेटिएको यस पुस्तकले नेपालको द्वन्द्वोत्तर राज्यनिर्माणमा सघाउने हामीले विश्वास लिएका छौँ। नेपालजस्तै परिस्थिति बेहोरिरहेका अन्य मुलुक तथा अनुसन्धाता र विकासकर्मीको लागि पनि यो पुस्तक उपयोगी होला भन्ने हाम्रो थप आशा छ।

यस पुस्तकको तयारीको क्रममा सहयोग गर्नुहुने सबैलाई हाम्रो कृतज्ञता छ। ती सबै सहयोगी हातहरूको नाम लिनु यहाँ कम सम्भव भए पनि केही महत्वपूर्ण नामहरू यहाँ उल्लेख गर्न चाहन्छौँ। यस पुस्तकका परिच्छेदहरू लेख्नमा आफ्ना अथक प्रयास लगाउनुहुने लेखकहरूप्रति हाम्रो पहिलो आभार छ। समयको पावन्दी हुँदाहुँदै परिच्छेद लेख्न स्वीकार्नु भएकोमा डा. भरत पोखरेल, डा. विमला राई–पौड्याल, डा. जेन कार्टर, डा. प्रविण मानन्धर र डा. रामजी न्यौपानेप्रति हामी ऋणी छौँ। हाम्रो अनुसन्धान समूहमा संलग्न अन्य युवा अनुसन्धातालाई पनि हृदयदेखि धन्यवाद छ। प्रकाशनको क्रममा काठमाडौँ विश्वविद्यालयको विकास अध्ययन

विभाग र एनसिसिआर नर्थ–साउथको दक्षिण एसिया संयोजन कार्यालयको समूहको सहयोग पनि हामीले बिर्सेका छैनौँ । डा. थोमस ब्र्यू र प्रा. डा. उल्रिके म्युलर–बोकरको हौसलाले हामीलाई काम गर्न उत्साह थपेको थियो । यस्तै, एनसिसिआर नर्थ–साउथ, दक्षिण एसिया क्षेत्रीय सहायता अधिकृत सिद्धि मानन्धरले प्रकाशनको भौतिक व्यवस्थापनमा पुऱ्याउनु भएको सहयोग अविस्मरणीय छ। साथै अनुसन्धानको क्रममा तथ्याङ्क तथा विचार उपलब्ध गराएर सहयोग गर्नुहुने हाम्रा ज्ञात–अज्ञात उत्तरदातालाई पनि कृतज्ञता छ ।

अन्तत, आफ्नो गहिरो अभिरुचिले यस पुस्तक पढ्ने निर्णय गर्नुभएका तपाईँ पाठकहरूप्रति हामी विशेष अनुगृहित छौँ । हामीले तपाईँहरूबाट मूल्यवान् टिप्पणी तथा सुझावको पनि अपेक्षा राखेका छौँ जसले हाम्रा आगामी कामलाई अझ राम्रो बनाउन महत्वपूर्ण बल पुऱ्याउने छन् ।

स–धन्यवाद !

सम्पादकहरू

भाद्र २०६९

विषय सूची

नेपाली संस्करणबारे प्राक्कथन .... क

पृष्ठभूमि तथा कृतज्ञता .... ग

परिच्छेद १ द्वन्द्वोत्तर राज्यनिर्माणः विषयवस्तु तथा चुनौती १
कैलाशनाथ प्याकुऱ्याल, सफल घिमिरे

परिच्छेद २ द्वन्द्वोत्तर राज्यनिर्माणको अवधारणागत खाका १७
विष्णुराज उप्रेती

परिच्छेद ३ द्वन्द्वोत्तर राज्यनिर्माणमा निजी क्षेत्र ४७
सागर राज शर्मा

परिच्छेद ४ गरीबी न्यूनीकरण र सुशासनका लागि द्वन्द्वोत्तर नेपालमा सामुदायिक वन ६५
भरतकुमार पोखरेल, जेन कार्टर

परिच्छेद ५ दिगो पर्यटन र द्वन्द्वोत्तर राज्यनिर्माण ८९
प्रनिलकुमार उपाध्याय, सागर राज शर्मा

परिच्छेद ६ वनको सुधारका लागि भूअधीनत्वको सामुदायीकरण ११५
भरतकुमार पोखरेल, बिमला राई पौड्याल

परिच्छेद ७ द्वन्द्वोत्तर नेपालमा पुनर्निर्माण र विकास ११९
विष्णुराज उप्रेती

परिच्छेद ८ द्वन्द्वोत्तर नेपालमा भूमिआधारित विभेदको सम्बोधन १४१
पूर्णबहादुर नेपाली, कैलाशनाथ प्याकुऱ्याल

परिच्छेद ९ द्वन्द्वोत्तर राज्यनिर्माणमा आप्रवासीको भूमिकाः बिर्सिएको पाटो... १५९
अनिता घिमिरे, विष्णुराज उप्रेती

परिच्छेद १० युवाको सैनिकीकरणः राज्यनिर्माणमा व्यवधान १८५
अञ्जना लुइँटेल, विष्णुराज उप्रेती, अशोक राई

परिच्छेद ११ सहरी अपराधको बिगबिगी र राज्यनिर्माणमा असर २०१
सफल घिमिरे, विष्णुराज उप्रेती

परिच्छेद १२ साना हतियारको बिगबिगी र द्वन्द्वोत्तर राज्यनिर्माणमा चुनौती....२२९
विष्णुराज उप्रेती

परिच्छेद १३ द्वन्द्वोत्तर मेलमिलाप तथा पुनर्समायोजन................................ २४९
विष्णुराज उप्रेती

परिच्छेद १४ द्वैधता र अन्तरविरोधः द्वन्द्वोत्तर नेपालको राज्यनिर्माणका अवरोधक २७९
प्रविण मानन्धर, रामजी न्यौपाने

परिच्छेद १५ राज्यनिर्माणको लामो र घुमाउरो बाटो................................ २९९
सागर राज शर्मा

सम्पादकहरूबारे..३०५

तालिका विवरण

तालिका ३.१ क्षेत्रगत आधारमा मानव विकास...५०
तालिका ३.२ नेपाली अर्थतन्त्रका प्रमुख सूचकहरू ५१
तालिका ३.३ नेपालमा सञ्चालित संयुक्त लगानीका उद्योगहरू ५४
तालिका ४.१ विपन्न घरधुरीमाथि उपभोक्ता समूहको लगानी ७५
तालिका ५.१ पर्यटक आगमनको बदलिँदो अवस्था..................................१०७
तालिका ७.१ सशस्त्र द्वन्द्वकालमा ध्वस्त भएका भौतिक पूर्वाधार................१२८
तालिका १०.१ विभिन्न समूहले गठन गरेका लडाकु दस्ता..........................१९०

चित्र विवरण

चित्र २.१ द्वन्द्वोत्तर राज्यनिर्माणका अन्तरसम्बन्धित पक्षहरू २१
चित्र २.२ राज्यपुनर्संरचनाका तत्वहरू...२२

चित्र २.३ राष्ट्रिय पहिचान निर्माणका आधारभूत तत्वहरू........................२३
चित्र २.४ द्वन्द्वोत्तर राज्यनिर्माणको लागि विविध नीतिहरूको अन्तरसम्बन्ध....२३
चित्र २.५ द्वन्द्वोत्तर राज्यनिर्माणमा सुशासनका आवश्यक तत्वहरू २४
चित्र २.६ विगतको असरसँग जुध्न आवश्यक तत्वहरू..........................२५
चित्र २.७ कानुनी शासन र विगतको असरसँग जुध्ने
कामका विविध पक्षहरू २६
चित्र २.८ द्वन्द्वोत्तर राज्यनिर्माणको सफलता निर्धारण गर्ने तत्वहरू.............. २७
चित्र २.९ कर्मचारीतन्त्र पुनर्संरचना तथा सेवा सुनिश्चितताका आधारहरू..... २८
चित्र २.१० सामाजिक असुरक्षा निम्त्याउने तत्वहरू ३१
चित्र २.११ सुरक्षा क्षेत्र सुधारका तत्वहरू.. ३७
चित्र २.१२ राजनीतिक दल सुधारका तत्वहरू ४०
चित्र ३.१ जनजातीय आधारमा मानव विकास, नेपाल सन् २००६...............५०
चित्र ५.१ दिगो विकासको समग्र खाका.. ९३
चित्र ५.२ नेपालमा दिगो पर्यटनको लागि संलग्न संस्था तथा व्यक्तिहरू...... १०४
चित्र ७.१ विकासमुखी द्वन्द्वोत्तर राज्यनिर्माणका अन्तरसम्बन्धित पक्षहरू.....१२२
चित्र ७.२ परियोजना चक्रको द्वन्द्व-संवेदनशील रूपरेखा १३२
चित्र ८.१ भूमिमा आधारित हिंसाको अवधारणात्मक रूपरेखा १४७
चित्र ११.१ मासिक अपराधको क्षेत्रीय वितरण २१३
चित्र ११.२ नेपालमा लागुऔषध प्रयोगकर्ता.. २१४
चित्र १२.१ समाजमा साना हतियारको विविध असर २३५
चित्र १३.१ मेलमिलाप तथा सामाजिक-राजनीतिक पुनर्समायोजनका
विविध पक्षहरू... २६३
चित्र १४.१ संक्रमणकालमा राज्यनिर्माणका चुनौतीहरू............................. २८४

बक्स विवरण

बक्स ४.१ मनोमाया माझीः सामाजिक विच्छेदन झेलिरहेकी एक विपन्न...... ७२
बक्स ४.२ सुशासन प्रशिक्षणबाट सिकिएको पाठ.. ७३
बक्स ४.३ FREELIFE plus H2O... ७४
बक्स ४.४ रजया सामुदायिक वन उपभोक्ता समूहः विपन्नमुखी
निर्णय–निर्माणको दृष्टान्त ७६
बक्स ४.५ आवाज सुनिँदै छ जुनुमायाको...७७
बक्स ४.६ सामाजिक बहिष्करणबारे व्यंग्यात्मक प्रतिक्रिया......................... ८०
बक्स ७.१ विस्तृत शान्ति सम्झौतामा समावेश द्वन्द्वोत्तर विकासका सवाल.... १२५
बक्स ११.१ महानगरीय प्रहरीका सिआरभी तैनाथ रहने स्थानहरू................. २१०
बक्स ११.२ नेपाल प्रहरीमा भएका विद्रोहका केही दृष्टान्त २२०

परिच्छेद १

द्वन्द्वोत्तर राज्यनिर्माणः विषयवस्तु तथा चुनौती

कैलाशनाथ प्याकुर्‍याल[1]
सफल घिमिरे[2]

१. परिप्रेक्ष्य

एक्काइसौँ शताब्दीमा विश्वव्यापी राजनीतिक शक्ति संघर्ष झनै गतिशील बनेको छ। विभिन्न मुलुकका आन्तरिक राजनीतिमा आउने उतारचढावले अन्तर्राष्ट्रिय शक्ति समीकरण र विश्वकै शक्ति वरियता (पावर अर्डर) लाई असर पारिरहेका छन् । आफ्नो खुबीमात्रै नभई अरू मुलुकको कमजोरीले समेत आफूलाई गम्भीर असर पार्न सक्ने यथार्थलाई सबै मुलुकले बुझेका छन् । अन्तर्राष्ट्रिय सम्बन्धहरू यसरी निर्मित छन् कि साना मुलुकका समस्यालाई बेवास्ता गर्दै ठूला मुलुकले एक्लै प्रगति गर्न सक्ने अवस्था छैन। संयुक्त राज्य अमेरिकाले हैटीमा भूकम्प जाँदा त्यति धेरै मानवीय सहयोग किन गर्‍यो ? आर्थिक संकटले ग्रिस रुमल्लिँदा युरोपेली युनियनले किन धेरै चासो देखायो । अनि नेपालको शान्ति प्रक्रियामा भारत र चीनले यति सामिप्य किन खोजे भन्ने सबै प्रश्नको उत्तर माथिकै चर्चामा निहित छ। यसरी राज्यनिर्माण अहिले विश्वभरि नै साझा चासो बनेको छ।

अक्सर इतिहास भनेको कुनै एक व्यक्तिको बुझाइको दस्तावेज हो । त्यसलाई कसैले आफ्नो दृष्टिकोणबाट व्याख्या गरी इतिहास बनाएको हुन्छ। त्यसैले इतिहास जहिले पनि शक्ति र बहिष्करणमा आधारित हुन्छ । नेपालमा पनि गएको अढाई शताब्दीदेखिको इतिहास आजसम्म सबैले सहजै स्वीकार गरेका थिए । तर यो इतिहास अल्पसंख्यक, दलित, महिला, जनजाति र सीमान्तकृत वर्गमाथिको क्रुर शोषणको इतिहास पनि थियो। त्यसैले यसलाई पछिल्लो समयमा विभिन्न अध्ययनले चुनौती दिएका छन् । यति हुँदाहुँदै यहाँ विकासका 'काम गर्ने कालु' र 'मकै खाने भालु'हरूबीच गहिरो आर्थिक विषमता र दरार अझै कायम छ।

[1] प्राध्यापक तथा उपकुलपति, कृषि तथा वन विश्वविद्यालय; kpyakuryal@gmail.com
[2] अनुसन्धान अधिकृत, एनसिसिआर नर्थ–साउथ, दक्षिण एसिया कार्यालय; safal@nccr.wlink.com.np

नेपाल अझै पनि एउटा दुर्गम मुलुक हो जहाँ कृषि अधिकांश जनसंख्याको मूलाधार बनेको छ । तर पनि यहाँ भूमि वितरणको अवस्था अति विषम छ । यसै कारण मुठ्ठीभर व्यक्तिसँग अधिकांश र अधिकांश व्यक्तिसँग मुठ्ठीभरमात्रै जमिन छ । यो मुलुक अहिले संघीय संरचनातर्फ लम्किँदै छ । तर जातीय र क्षेत्रीय विभाजनले विगतको भन्दा चर्को रूप लिएको हुँदा यसको भूगोल आफैं संकटमा परेको छ ।

राज्यनिर्माणको बहससँगै अहिले राष्ट्रिय एकता र नेपालीवादको जन्म नवीन आदर्श बनेका छन् । त्यसमाथि मुलुकले नयाँ र संवेदनशील चुनौती खेपिरहेको छ । यो अवस्थामा राष्ट्रिय अखण्डता र मुलुकप्रतिको मायालाई पुनर्जागरण गराउन, साँचो नेपाली परिचयको सम्मान गर्ने बानी बसाल्न, राष्ट्रनिर्माणका साझा मूल्य र मान्यता अभिवृद्धि गर्न तथा राज्यमा विद्यमान निकायको सुदृढीकरणसाथै नयाँ राज्यसंस्थाको खाका तय गर्नु अबको राज्यनिर्माणमा महत्वपूर्ण खुड्किला हुनेछन् ।

नेपालमा वि.सं. १७६९ मा विभिन्न राज्यहरूको एकीकरणपछि विविध जनसंख्याका बीच राष्ट्रिय एकताको भाव जन्माउने प्रयास भए । त्यतिबेला जातीय, भौगोलिक, धार्मिक र भाषिक विविधताका कुरासमेत उठेका थिए । नेपाली जनता दसौँ जातीय समूहमा विभक्त थिए । तिनका आफ्नै भाषा, संस्कृति, परम्परा र जातीय इतिहास थिए । एउटा आधुनिक राष्ट्र–राज्यको रूपमा सञ्चालित हुन यस मुलुकले विभिन्न भागहरूलाई एकीकृत गर्ने प्रयास गरेको थियो । तर पनि अर्थतन्त्र कमजोर भयो । स्रोतसाधन मुठ्ठीभर जनतामा सीमित रहे । लाखौँ मानिस दर्दनाक गरीबीले विचल्लीमा परिरहे । पछिल्लो समय एक दशक लामो सशस्त्र द्वन्द्वले असंख्य मानव जीवन हर्‍यो, स्रोतसाधनलाई तहसनहस बनायो । वास्तवमा स्थानीय पीडा, भूमिहीनता, मानव अधिकार उल्लंघन, सामन्तवाद, चरम गरीबी, आर्थिक विषमता र लोकतन्त्रको अभावसँग यस युद्धको जरा गाँसिएको थियो । यी समस्याले अझै पनि समाधानको स्थायी बाटो भेटेका छैनन् । दीर्घकालीन आर्थिक तथा सामाजिक उपेक्षा र निराशाको भयले मुलुक अझै पीडित छ । यसले गर्दा हाम्रा युवा विश्वका विभिन्न भूभागमा आर्थिक बसाइँसराइ गर्न बाध्य बनेका छन् ।

सशस्त्र द्वन्द्वको प्रभावले परिस्थितिलाई अझै विकराल बनायो । विद्यमान संकट र निराशा झनै गहिरिँदै गए । यसपछि राजनीतिक दलहरूको नेतृत्वमा जनता संगठित बन्न थाले । यसले मुलुकमा आमूल परिवर्तनलाई जन्म दियो । जनआन्दोलन–२०६२/६३ ले अढाई शताब्दी लामो राजतन्त्र उखेल्यो र नेपाललाई गणतान्त्रिक बनायो । यस आन्दोलनको उद्देश्य राज्यको पुनर्निर्माण गर्नु थियो, जसले स्थानीय,

क्षेत्रीय, पारिवारिक र जातीय सम्बन्धहरूलाई पुनर्व्याख्या गर्दै राज्यका संस्थाहरूको नवीन प्रारूप तय गर्थ्यो । तर पनि गरीबीले गाँजिएका र वैदेशिक सहायताले मात्रै धानिएका अधिकांश जनतालाई यस्तो ऐतिहासिक राजनीतिक परिवर्तनले आजको मितिसम्म गरीबी निवारण र समतामुखी विकासको कुनै आशा दिएको छैन ।

कुनै कुरामा वृद्धि हुनुलाई मात्रै विकास भन्न सकिँदैन । विकास हुन संरचना तथा गुणस्तरमा परिवर्तन आउनुपर्छ । यसलाई हामीले अरूसँग सूचनाको आदानप्रदान गर्ने प्रक्रियाको रूपमा बुझ्नुपर्छ । यसको अर्थ बन्द व्यवस्थाभित्र विकास सम्भव हुन सक्दैन । एकाधिकार लाद्नेहरूका लागि मात्रै बन्द व्यवस्था स्वीकार्य हुन सक्छ । तर विकास एकाधिकारमा फस्टाउन सक्दैन । एकाधिकार र बहिष्कारमुखी व्यवस्थामा फस्टाउने एउटैमात्र कुरा भनेको मुठ्ठीभर मानिसहरूको समृद्धि हो । यसरी समग्र राजनीतिक एवम् आर्थिक स्वतन्त्रता समावेशी नभएसम्म विकास पनि समावेशी हुन सक्दैन । समावेशी रूपान्तरण र लोकतान्त्रिक संस्कृति अभिवृद्धि गर्न अर्थपूर्ण राज्यनिर्माणको खाँचो पर्छ । संविधान बनाउने पहिलो प्रयास बीचमै तुहिए पनि नेपालको नयाँ राजनीतिक अवस्थाले जनतालाई द्वन्द्वोत्तर राज्यनिर्माणको सबल खाका दिनेछ भन्नेमा जनताको अझै अपेक्षा छ । त्यो खाका विवेकी हुन सके मात्रै त्यसले जनतालाई द्रुत वृद्धि, शान्ति र विकास दिन सक्छ ।

२. नेपालमा द्वन्द्व

नेपालमा सशस्त्र द्वन्द्व वि.सं. २०५२ मा सुरु भएर दस वर्षसम्म चलिरह्यो । शोषण र चरम गरीबीबाट जनतालाई मुक्ति दिन भनी तत्कालीन नेकपा (माओवादी)[३]ले यसको सुरुआत गरेको थियो । ग्रामीण नेपालमा सामन्ती भूमिधनीहरूले गरीबको शोषण गरिरहेका थिए । शक्तिमा भएका राज्यसंस्थाहरूले ती भूमिधनीलाई सधैँ बल पुऱ्याइरहे । आखिरमा यिनै शोषणबीच उम्लिएको 'जनयुद्ध'ले हजारौँको ज्यान लियो र अनगिन्ती पूर्वाधार ध्वस्त बनायो । मानव अधिकार उल्लंघन भयो, स्वतन्त्र हिँडडुल गर्न पाउने जनताको अधिकार खोसियो र माओवादीले विस्तारै–विस्तारै सबै ग्रामीण

[३] वि.सं. २०६५ मा नेकपा (माओवादी) र एकता केन्द्रको एकीकरण भएपछि तिनको नाम एकीकृत नेकपा (माओवादी) रहन गयो । तर माओवादीबाट छुट्टिएको एउटा सानो समूहले भने आफ्नो नाम नेकपा (माओवादी) नै राख्यो । यो भ्रम नहोस् भन्ने उद्देश्यले यस पुस्तकमा विशेष रूपमा उल्लिखित स्थान बाहेक अन्य सबै स्थानमा एकीकृत सो दललाई (युद्धरत अवस्थामा जनाउँदा समेत) एनेकपा (माओवादी) लेखिएको छ । (सं.)

नेपालमा नियन्त्रण जमाए। राज्यको नियन्त्रणमा केवल जिल्ला सदरमुकाममात्रै थिए। तत्कालीन राजाको प्रत्यक्ष शासनले पनि धुलो चाट्यो। प्रमुख दलहरूको नेतृत्वमा सम्पन्न एकीकृत जनआन्दोलनले राजतन्त्रलाई सधैँको लागि हटायो। संविधानसभाको निर्वाचन सम्पन्न भयो। केही गठबन्धन सरकारहरू आए। तर टिठलाग्दो राजनीतिक रस्साकस्सीले चार वर्षसम्ममा पनि जनतालाई नयाँ संविधान दिन सकेन। तसर्थ यो मुलुक अझै अन्योलको भुमरीमा छ।

समाज जहिले पनि एकखालको द्वन्द्वमा नै हुन्छ। तर द्वन्द्वपूर्व र द्वन्द्वोत्तर (प्रि–कन्फ्लिक्ट एण्ड पोस्ट–कन्फ्लिक्ट) भन्ने शब्दहरूले समाज निरन्तर प्रक्रियाभन्दा यथास्थितिमा रहने कल्पना गर्छन्। अवधारणागत रूपले यी शब्दले द्वन्द्वको निरन्तरतालाई स्वीकार्दैनन्। द्वन्द्वविना परिवर्तनको कल्पना गर्न सकिँदैन र सामाजिक सम्बन्धहरूमा परिवर्तन ल्याउन द्वन्द्व आवश्यक र उपयोगी पनि छ। नेपालमा सशस्त्र द्वन्द्वले धेरैको ज्यान लियो र सम्पत्ति तहसनहस पाऱ्यो। तर पनि यही द्वन्द्वले वर्षौंदेखिका पुराना मान्यता र विचारलाई विस्थापित पनि गराइदियो। यसले सामाजिक तथा राजनीतिक अवस्थितिमा पनि परिवर्तन ल्याइदियो। आज कोही पनि सामान्य जनताले आफूलाई शक्ति र सम्पर्कविहीन सोच्दैनन्। तिनीहरू राजनीतिक रूपले अझै संगठित र सशक्त भएका छन्। जनजाति, दलित, महिला तथा सीमान्तकृतजस्ता समुदायका आवाजले पहिलेभन्दा धेरै मूल्य पाउन थालेको छ। जातीय, लैङ्गिक, क्षेत्रीय र आर्थिक असमानताको चर्चा चलेको छ। राज्यका संस्थाहरूको पुनर्गठन, नवीन सम्भावनाको खोजी र चौतर्फी आशाबीच राज्यनिर्माण थाल्दा यी सबै कुराप्रति ध्यान पुऱ्याउनु आवश्यक हुन्छ। र, यी विषयले समयक्रममा ठोस निक्र्यौल पाउने छन् भन्नेमा शंका छैन।

३. द्वन्द्वोत्तर राज्यनिर्माण: केही अवधारणागत बहस

चट्टान तथा भौगोलिक प्लेटहरूको हलचल, निर्माण र पुनर्निर्माणले हामी अहिले बसेको पृथ्वी निर्माण भएको भूगर्भविद्हरूको ठम्याइ छ। यसरी नै कुनै पनि मुलुकको राजनीतिमा आउने हलचलले उसलाई नयाँ स्वरूप दिएको हुन्छ। परिवर्तनसँगै त्यसका उपलब्धिलाई संस्थागत गर्ने र राज्यका निकायको पुनर्व्यवस्थापन गर्ने गहन चुनौती देखापर्छन्। यस्तो समयमा जनताले आफूले ल्याएको परिवर्तनबाट शान्ति र समृद्धिको आशा गरेका हुन्छन्। यिनलाई व्यवस्थापन र सन्तुलन गर्न विशिष्ट सीप तथा योजनासाथै राज्यका खुबी तथा कमजोरीलाई अन्वेषण गर्न सक्ने कला पनि चाहिन्छ।

विश्वमा द्वन्द्वको लेखाजोखा गर्ने हो भने सन् २००६ को अन्त्यसम्ममा संयुक्त राष्ट्रसंघका १६ विभिन्न मिसनमा ८० हजारभन्दा धेरै सैन्य तथा प्रहरीबल खटाइएको तथ्याङ्क छ (हिथरश्व सन् २००८) । द्वन्द्वरत तथा द्वन्द्वोत्तर मुलुकमा हुने यी मिसनका दुई प्रमुख उद्देश्य हुन्छन्ः (क) यस्ता मुलुकमा रहेका मूल संरचना तथा संस्थाहरूको पुनर्निर्माण गर्नु, (ख) युद्धदेखि शान्ति (शान्तिनिर्माण) सम्मको संक्रमणमा सहयोग गर्नु । नेपालमा पनि राष्ट्रसंघीय मिसनले थन्काइएका हातहतियार र खजाना तथा विभिन्न शिविर र सहायक शिविरमा बसेका माओवादी पूर्व–लडाकुहरूको अनुगमन गर्थ्यो। तर पनि यस्ता सहयोगमा पश्चिमाहरूले प्रवर्द्धन गर्ने गरेको 'उदारवादी शान्ति' (लिबरल पिस) लुकेको हुन्छ । यस्तो खालको शान्तिमा अर्थतन्त्रको उदारीकरण, समाजको आधुनिकीकरण, लोकतन्त्रको अभ्यास र राजनीतिक स्थिरता प्रमुख शर्त हुने गर्छन् (हिथरश्व सन् २००८, पेरिस सन् १९९७, डयुफिल्ड सन् २००१) । यस्ता सहायताहरू अवश्यै पूर्वाग्रही हुन्छन् र तिनले द्वन्द्वोत्तर मुलुकलाई स्थानीय जनताले जस्तैगरी बुझेका हुँदैनन् । यस्ता अन्तर्राष्ट्रिय राज्यनिर्माता (इन्टरन्यासनल स्टेटबिल्डर्स) भनिनेहरूले स्थानीय अनुभव, सम्भ्रान्त र सामान्य बासिन्दाको सम्बन्धको गतिशीलतालाई ध्यान दिँदैनन् । तिनको लागि नयाँ परिप्रेक्ष्य र मुलुकमा अधिकारहरूको संरचना बुझ्न पनि गाह्रो हुन्छ । त्यसैले द्वन्द्वोत्तर अवस्थितिबारे जहिले पनि अल्पसिद्धान्तीकरण (अन्डर–थिअराइजेसन) र अतिसामान्यीकरण (ओभर–जेनरलाइजेसन) हुन्छ भन्ने रिचार्डस् (सन् २००५) को दाबी छ ।

एकातिर अन्तर्राष्ट्रिय कर्ताहरूले मुलुकको सार्वभौमिक अवस्थामा हस्तक्षेप गरेको हुन्छन् (जस्तै, नेपाल स्वयम्) । अर्कोतिर, स्थानीय कर्ताहरू पनि बाह्य पक्षबाट राजनीतिक र भौतिक सहयोग पाउन लागिपरेका हुन्छन् । तर पनि बाह्य कर्ताहरूको हस्तक्षेपकारी प्रभावलाई स्थानीय अनौपचारिक शक्तिले उति सफल बन्न दिँदैन (हिथरश्व सन् २००८) । यहाँनिर एउटा प्रसंग स्मरणीय छ । जनआन्दोलन २०६२/६३ को क्रममा तत्कालीन राजा ज्ञानेन्द्रले आफू संवैधानिक राजाको रूपमा सीमित हुने घोषणा गरेपछि भारतले उनको कदमलाई औपचारिक अनुमोदनको सन्देश पठायो । तर भारतीय सहयोग हुँदाहुँदै पनि भोलिपल्टै परिस्थिति झनै नाजुक भयो र राजा फेरि एक कदम पछि हट्न बाध्य भए । अन्ततः उनले गद्दित्याग नै गर्नुपर्‍यो ।

सार्वभौमिकताको शास्त्रीय आधार बाँकी नरहे पनि द्वन्द्वोत्तर मुलुकका सम्भ्रान्तहरूले आफ्नो खेमा सुदृढ पार्न अन्तर्राष्ट्रिय पहिचान र सहायता खोजेका हुन्छन् । शासन सञ्चालनका यस्ता जुक्तिहरू आदर्श राज्यनिर्माणको उद्देश्यभन्दा विद्यमान शासनको गुजारा र सुदृढीकरणमा केन्द्रित हुन्छन् (हिथरश्व सन् २००८) ।

राष्ट्रसंघीय एक प्रतिवेदनले भन्छ, “हामी एउटा यस्तो युगमा छौँ जहाँ दर्जनौँ राज्यहरू कि तनावग्रस्त छन् कि त द्वन्द्वबाट पुनर्भरणतर्फ जाँदै छन् । आफ्ना सार्वभौम गतिविधिलाई प्रभावकारी र जिम्मेवार तवरले सञ्चालन गर्न यस्ता राज्यलाई सहयोग गर्नु अहिलेको स्पष्ट अन्तर्राष्ट्रिय कर्तव्य बनेको छ ।” (दी युएन सन् २००४, पृ. ८३) । हिथरश्व (सन् २००८) ले यस्ता सहयोगलाई पनि उच्च हस्तक्षेपकारी शैलीकै संज्ञा दिएका छन् ।

बेक (सन् २००५) ले ‘सैन्य मानवतावाद’ (मिलिटरिस्टिक ह्युमनिटरियनिजम्) को प्रसंग उठाएका छन् । यो विचार शान्ति निर्माण गर्नकै लागि युद्ध रचिएको हुन्छ भन्ने मान्यतासँग सम्बन्धित छ । धेरै उदारवादी विश्लेषकहरूले यस्तो ‘मानवता’को बचाउ गरेका छन् । उदाहरणको लागि माइकल इग्नाटिफ भन्छन् कि राजनीतिक रूपमा बेठीक हुँदैमा उपनिवेशवाद अनावश्यक हुन सक्दैन । राष्ट्रहरू कहिलेकाहीँ असफल हुन सक्छन् र जब तिनीहरू असफल राष्ट्र हुन्छन्, तब उपनिवेशवादी बाह्य शक्तिको मद्दतले तिनीहरू पुनः स्वनिर्भर बन्न सक्छन् । त्यसैले मानव अधिकारको यो युगमा राज्यनिर्माण पनि उपनिवेशवादजस्तै हो । विशाल शक्तिराष्ट्रहरू यो समयमा एकातिर साना मुलुकले आफै शासन गर्न पाउनु पर्छ भन्छन्, अर्कोतिर आफूले संसारै शासन गर्न पाउनु पर्छ पनि भन्छन् (इग्नाटिफ सन् २००२) ।

यी तर्कले सैन्य–नेतृत्वमा हुने राज्यनिर्माणलाई मानवताको काम भन्छन् । अनि मानवताको काम गर्न सैनिक हस्तक्षेप नै चाहिने वकालत पनि गर्छन् । तर सार्वभौम राज्यबारे भने यी मौन छन् । अफगानिस्तान र इराकजस्ता प्रत्यक्ष अन्तर्राष्ट्रिय सैन्य हस्तक्षेप भएका मुलुकमा पनि राज्यनिर्माण त जारी नै छन् । तर तिनले यी दुई मुलुकलाई आदर्श सार्वभौम राज्यको अनुभूति भने गराउन सकेका छैनन् । त्यसैले द्वन्द्वोत्तर पुनर्निर्माण जसले गरे पनि यो तटस्थ होइन, गहिरो राजनीतिक अभिरुचि मिसिएको कर्म हुन्छ । यसै सन्दर्भमा रुविन (सन् २००६, पृ. १८४) ले व्यंग्यात्मक शैलीमा लेखेका छन् कि राज्यनिर्माण प्रक्रियामाथिका अध्ययनले सधैँ ‘उत्तम अभ्यासहरू’बारे त लेख्छन्, तर ती कसका लागि ‘उत्तम’ हुन्छन् भन्नेमा भने ध्यानै दिँदैनन् ।

केही अरूले भने यस्तो उपनिवेशवादी प्रभावप्रति कृतज्ञ भई लेखेका छन् । तिनले शान्ति निर्माण र राज्यनिर्माणको अवधारणागत खाका पनि दिएका छन् । क्रउज र ज्युटरसोन्क (सन् २००५, पृ ४४८) ले भन्छन्, “द्वन्द्वोत्तर प्रक्रिया भनेको धेरै शक्तिहरूले खेलिरहेका मैदानमा अर्को शक्ति भित्र्याउने सामान्य काममात्रै हैन ।

बरु अक्सर राजनीतिक, आर्थिक र सामाजिक शक्तिको पुनर्वितरण तथा संस्थागत कार्याधिकारलाई पुनर्व्याख्या गर्दै राज्य गठनमै हलचल ल्याइदिने काम पनि हो । खास यही पुनर्वितरणबाट राजनीतिक प्रतिस्पर्धा सुरु हुन्छ ।"

द्वन्द्वोत्तर शान्तिनिर्माणको शैलीका विद्यमान केही कमजोरीलाई खुट्याएर क्रउज र ज्युटरसोन्क (सन् २००५) ले मुलुकहरूको 'एकल सार्वभौमिक दृष्टिकोण' (सिङ्गल सभरेइन पर्स्पेक्टिभ) लाई नै अपनाएका छन् । वास्तवमा यस्तो दृष्टिकोणले निर्णयमा राज्यको एकल स्वतन्त्रता रहने वकालत गर्छ । तर अन्तर्राष्ट्रिय रणनीतिलाई प्रतिवाद गर्दै चुनौती दिने काम कसरी हुन्छ भन्नेमा यो दृष्टिकोण मौन छ । एकल सार्वभौमिकताको निर्माण र विकासको एकल बाटोमात्रै अँगाल्ने प्रयासले दिने सबैभन्दा राम्रो परिणाम भनेको शून्य प्रतिफल र सबैभन्दा नराम्रो परिणाम भनेको उदीयमान नयाँ शक्तिसँगको भिडन्त हो । जति नै एकल स्वतन्त्रता खोजे पनि चारै सीमानामा कुनै न कुनै शक्तिको उपस्थिति हुनाले कुनै पनि मुलुक एक्लै जान सक्दैन (हिथरश्व सन् २००८) । त्यसैले कुनै निश्चित क्षेत्रको वरपर रहेका बहुल कर्ताहरूको उपस्थिति र चासोलाई व्यावहारिक र विश्लेषणात्मक तवरले अन्वेषण गर्न एकल स्वतन्त्रताभन्दा कुनै अरू शैली हितकर हुने विश्वव्यापी अनुभवले देखाउँछन् । समष्टिमा, राज्यनिर्माणमा हामीले बहुकर्ताको उपस्थिति र अभिरुचिलाई स्वीकार गर्नैपर्ने हुन्छ ।

सीमाबद्ध भई एकल शासनमात्रै गर्नु हुँदैन भन्नुको अर्थ सीमाको महत्वलाई नै लत्याउनु होइन । किनकि हामीले सीमालाई "प्रतिरक्षा, सामेल अथवा निषेधजस्ता कार्यको माध्यमले नियन्त्रणमा लिइने भौतिक अथवा भौगोलिक भूभाग" (कक्स सन् २००२, पृ. १–२) भन्ने बुझ्छौँ । त्यसैले राज्यनिर्माणमा अहिले एकल सार्वभौमिक दृष्टिकोणको बहसले विद्वान्, अभ्यासकर्ता र समालोचक सबैको ध्यान खिचेको छ ।

'द्वन्द्वोत्तर' (पोस्ट–कन्फ्लिक्ट) आफैमा विवादित शब्द हो । जुन र भेर्कोरिन (सन् २००५) ले यसलाई द्वन्द्वात्मक स्थितिपछिको छोटो कालको रूपमा बुझ्छन् जुन अवस्थामा युद्धको अन्त्य भएको हुन्छ । यसअनुसार द्वन्द्वोत्तर समाजमा युद्ध सकिएको हुन्छ तर द्वन्द्व अथवा हिंसाका अवशेष भने बाँकी नै रहन्छन् । यतिमात्र हो कि यस्ता समाजमा द्वन्द्व र हिंसालाई अन्तर्राष्ट्रिय मान्यताअनुरूप सम्बोधन गरिएको हुन्छ । यस्ता परिस्थितिको द्वैधतालाई कहीँकतै 'न शान्ति, न युद्ध' (नो पिस, नो वार) (रिचार्ड्स सन् २००५) अथवा 'न युद्ध, न शान्ति' (नो वार, नो पिस) (म्याकगिन्टी सन् २००६) को रूपमा व्याख्या गरिएको पाइन्छ । यस्ता विश्लेषणले 'द्वन्द्वोत्तर' भनिने अवस्थाको

परिभाषालाई जटिल बनाइदिएका छन् । यसमाथि तिनले द्वन्द्वोत्तर मुलुकहरू युद्धदेखि शान्तिको संक्रमणमा रहने मान्यतालाई समेत चुनौती दिएका छन् ।

केही अध्ययनहरूले द्वन्द्वपछिको संक्रमण सरल र एकरेखीय हुन्छ भन्ने तथ्यलाई पहिल्यै गलत ठहऱ्याइसकेका छन् । तिनले युद्ध सकिए पनि सोको पहिलो पाँच वर्षमा यो दोहोरिने सम्भावना उच्च रहने देखाउँछन् (दी वर्ल्ड ब्याङ्क सन् २००३) । तर पनि द्वन्द्वोत्तर मुलुकहरूले युद्धको त्रासदिबाट शान्तिको बाटोमा गइरहेको अनुभव गर्छन् भनी धेरै अध्ययनले बताउँछन् । यसको विपरीत द्वन्द्वोत्तर अवस्थालाई सकारात्मक अथवा नकरात्मक प्रक्रियाको रूपमा बुभ्र्नु हुँदैन पनि भनिन्छ । बरु यसलाई एउटा अवस्थितिको रूपमा बुभ्र्नुपर्छ जहाँ शक्ति समीकरण र राजनीतिक प्राधिकारको लागि धेरै कर्ताहरू भिडेका हुन्छन् (हिथरश्व सन् २००८) ।

सामन्ती संरचना, गरीबी र चरम असमानता नेपालको अविकासका मूल चरित्र हुन् । यसले नै जनताको मुक्ति तथा राष्ट्र विकास गर्ने नारासहितको सशस्त्र विद्रोहलाई जन्मायो । यस विद्रोहका सकारात्मक र नकारात्मक दुवै प्रभाव थिए । यसले राजनीतिक, सामाजिक र आर्थिक व्यवस्थामा परिवर्तन ल्यायो । तर उही समयमा असंख्य भौतिक संरचना र हजारौँ मानिसको जीवनसमेत ध्वस्त बनाइदियो । सशस्त्र युद्ध सकिएपछि पुनर्निर्माण, पुनर्वास र शान्ति प्रक्रियाका काम चलिरहेका छन् । केही विद्वान्ले यिनलाई द्वन्द्वोत्तर राज्यनिर्माणका महत्वपूर्ण काम भनेका छन् । तर यो मान्यता अपूर्ण छ किनकि भौतिक पुनर्निमाण र राजनीतिक सम्भ्मौतामात्रै गरी समाजभित्रका विविधता एवम् बहुलतालाई सम्बोधन नगर्नु भविष्यको निम्ति घातक हुन सक्छ ।

४. राष्ट्रिय अखण्डता र राज्यनिर्माण

कुनै पनि राज्यका सीमाबाहिर पनि त्यस राज्यको परिवर्तनमा भूमिका खोज्ने कर्ताहरू रहेका हुन्छन् । तिनले एकल शासकीय मान्यता अथवा एकल प्रभुत्वलाई स्वीकार गर्दैनन् । तर राज्यनिर्माणको एकल राज्य–केन्द्रित अवधारणालाई यो यथार्थलाई समेट्न सक्दैन । त्यसैले यो अलि जटिल पनि हुन्छ । द्वन्द्वोत्तर अवस्थामा स्थानीयकरण (लोकलाइजेसन) अथवा विश्वव्यापीकरण (ग्लोबलाइजेसन) गर्ने दुवैखाले धार सक्रिय हुन्छन् । यतिबेला राज्य स्थानीय अधिकारभित्रै रहनुपर्छ भन्ने जनजातीय आधार र विश्वव्यापीकृत हुनुपर्छ भन्ने नवआधुनिक मान्यता दुवैले स्थान बनाएका हुन्छन् । नेपालले पहिलेदेखि राष्ट्रिय अखण्डताको लागि जाति, भाषा तथा

संस्कृतिलाई एउटै स्वरूपमा मिलानको शैली (एसिमिलेसन अप्रोच) अपनाएको थियो। पहिलेको शासकको सोचाइमा यसले राष्ट्र–निर्माणमा सहयोग पुऱ्याउँछ भन्ने थियो। तर वि.सं. २०६२/६३ को आन्दोलनपछि मात्रै यस पद्धतिका कमजोरीको अनुभूति तथा मुलुकभित्र बहुलता एवम् विविधतालाई सम्मान गर्नुपर्ने आवश्यकताबोध हुन थाल्यो।

द्वन्द्वोत्तर अवस्थामा विभिन्न जातीय तथा क्षेत्रीय समूहका भौगोलिक दाबीहरू पनि यसैसँग सम्बन्धित छन्। यस्ता कतिपय समूहले त भौगोलिक अखण्डता कायम राख्ने राज्यको प्राधिकारमाथि नै प्रश्न उठाएका छन्। कतिले नयाँ संविधानमा नै समेट्नुपर्ने गरी भौगोलिक सुनिश्चितताको माग गरेका छन्। निश्चित भूखण्डमै बहुजातीय वासस्थान रहेका हुनाले संघीय राज्यकै सामाजिक संरचना कस्तो हुने भन्ने प्रश्न पनि उठेको छ। त्यसैले सर्वस्वीकार्य बाटो अपनाइएन भने स्थानीय एवम् क्षेत्रीय सम्भ्रान्तहरूको नियन्त्रणमा रहने राष्ट्र–राज्यले फेरि द्वन्द्व र हिंसा निम्त्याउन सक्छ।

द्वन्द्वोत्तर राज्यनिर्माणसम्बन्धी स्वीकार्य सिद्धान्तको अभाव हुनाले नेपालमा आउने द्वन्द्वोत्तर चुनौतीको पूर्वानुमान गर्न गाह्रो छ। यस्तो अवस्थामा राज्यनिर्माणलाई अघि बढाउन धेरै गहन अभ्यास चाहिन्छ। नेपालको शान्ति प्रक्रियामा संयुक्त राष्ट्रसंघको संलग्नता, भारत, अमेरिका, चीन तथा अन्य शक्तिराष्ट्र (युरोपेली युनियन, नर्वे र अरू) को चासोले नेपालको द्वन्द्वोत्तर राज्यनिर्माण केवल स्थानीय नभई विश्वव्यापी विषय बनेको छ।

अन्तर्राष्ट्रियकृत द्वन्द्वोत्तर अवस्थितिमाथि मिग्दाल र अरू (सन् १९९४) र मिग्दाल (सन् २००१) को 'समाजभित्र राज्य' (स्टेट इन सोसायटी) अवधारणा यहाँ प्रासंगिक हुन्छ। यो अवस्थिति तीन विभिन्न 'चरित्र' (सेल्भ्ज) मा आधारित छः स्थानीय (लोकल) (स्थानीय, राष्ट्रिय र पारस्थानीयजस्ता विभिन्न प्राधिकारअन्तर्गत रहेका निम्नस्तरीय शक्तिहरू (सबअर्डिनेट्स), सम्भ्रान्तीय (एलिट) (लोकप्रिय सामाजिक अवस्थितिमा रहेका स्थानीय, राष्ट्रिय एवम् क्षेत्रीय सम्भ्रान्तहरू) र विश्वव्यापी (ग्लोबल) (अन्तर्राष्ट्रिय समुदाय साथसाथै उग्र तथा मध्यम खालका पारराष्ट्रिय आन्दोलनहरूः ट्रान्सन्यासनल मुभमन्ट्स)। स्थानीय, सम्भ्रान्तीय र विश्वव्यापी चरित्रहरू (सेल्भ्ज) अन्तर–क्षेत्रीय (इन्टरस्पासियल) हुन्छन्। र तिनले द्वन्द्वोत्तर अवस्थामा आ–आफ्ना प्राधिकारका क्षेत्रमा रहेर काम गर्छन् (हिथरश्व सन् २००८)। द्वन्द्वोत्तर अवस्था पनि यिनै अवस्थितिको अन्तरछेदन (इन्टरसेक्सन) हो भनिन्छ किनकि यसले शासन र प्रभुत्वको नयाँ संरचना उदय गराइदिन्छ। यस्तो संरचना

न अन्तर्राष्ट्रिय समुदायले सोचेजस्तो हुन्छ, न त द्वन्द्वपूर्वको राज्यले सोचेजस्तो नै हुन्छ । त्यसैले माथि उल्लिखित तीन अवस्थितिको विच्छेदन (सेपरेसन) गरिनुभन्दा अन्तरछेदन (इन्टरसेक्सन) गरिनु बुद्धिमतापूर्ण हुन्छ । यसले द्वन्द्वोत्तर अवस्थिति, तिनका समाज र स्वयम् राज्यको मिश्रित चरित्रसहितको नवीन परिस्थिति निर्माण गर्छ । अर्को कुरा, यस्ता अवस्थिति तथा शक्तिलाई परिभाषित गर्न गाह्रो हुन्छ । राज्यले कसै गरे पनि यस्ता स्थानीय, सम्भ्रान्तीय एवम् विश्वव्यापी अवस्थिति तथा शक्तिमाथि आफ्नो प्रभुत्व राख्न सक्दैन । यसरी राज्यनिर्माणको लागि बरु तिनै सबै शक्तिबीचको अन्तरक्रिया सबैभन्दा हितकर हुन सक्छ ।

बहुसंख्यक मानिसको लागि स्थानीय क्षेत्र (गाउँ, बजार अथवा धार्मिक संस्थाहरू) ले सामाजिक जीवनको आधार दिएका हुन्छन् । यस्तै व्यक्ति अथवा समूहले राज्यलाई प्रतिवाद गर्ने र राज्यले सामाजिक शक्तिहरूसँग सहचार्य गर्ने तरिकाले नै राज्यको 'सामाजिक एवम् आदर्शात्मक सोचहरू परिवर्तन' (मिग्दाल र अरू सन् १९९४, पृ. १२) गर्न सक्छ ।

राज्य-समाज सम्बन्धलाई अवधारणागत स्वरूप दिन मिग्दालले वर्गीयता र जातीयतालाई केलाएका छन् । उनको विचारमा यिनलाई जति परिभाषित गर्‍यो उति परिष्कृत र परिवर्तित हुँदै जान्छन् । समाज कुनै निश्चित राज्यभित्र अस्तित्वमा रहने संरचनागत चल (स्ट्रक्चरल भ्यारियबल) हो । तर यो स्थानीय अथवा निकृष्ट (सबअर्डिनेट) अवस्थितिको अभिव्यक्तिमात्रै होइन । किनकि स्थानीय शक्तिले उपराष्ट्रिय (सब्न्यासनल) अथवा पारराष्ट्रिय (ट्रान्सन्यासनल) स्वरूप पनि लिन सक्छन् । यस्ता 'पारस्थानीय' (ट्रान्सलोकल) (केइसर सन् २००३) शक्तिले मौसमी बसाइँ सर्ने श्रमिकहरूको जस्तै सीमापार सञ्जाल अथवा प्रवासी र गृहमुलुकबीचको दीर्घकालीन सम्बन्धको रूप लिन सक्छ । अर्कोतर्फ, यस्ता शक्तिहरू एकापसमा जुधे भने तिनका एक वा सोभन्दा धेरै टकरावले द्वन्द्व, आपसी वैरभाव र अन्तरक्षेत्रीय हिंसा जन्माउन सक्छ । नेपालमा अधिकांशतः तराई क्षेत्रमा रहेका विभिन्न जातीय समूह र सीमावर्ती भारतीय राज्यहरू बिहार र उत्तर प्रदेशका उस्तै समूहसँग तिनको सम्बन्ध यस्तो टकरावका केही उदाहरण हुन् । यस्ता पारस्थानीय शक्तिबीचको सम्बन्ध तथा भिन्नता बुझ्न वैदेशिक अभिरुचिका समूह र राष्ट्रसंघीय शक्तिहरूलाई धेरै गाह्रो पर्छ ।

गृहयुद्ध अथवा राजनीतिक हिंसाका क्रममा स्थानीयतालाई लिएर युद्धरत समूहहरूबीच प्रतिस्पर्धा सुरु हुन्छ । सामान्य मतभेदले पनि विवादको चरम रूप लिन्छ । स्थानीयता,

जातीयता, धार्मिकता अथवा क्षेत्रीयताको विषयमा भएका वाद तथा प्रतिवादले लोकप्रिय लिखतहरू (पपुलार ट्रान्सक्रिप्ट) उत्पादन गर्छ । द्वन्द्वोत्तर अवस्थामा अर्को प्रभुत्व भनेको सम्भ्रान्त वर्गको रहन्छ । यिनमा सहराष्ट्रिय, राष्ट्रिय एवम् क्षेत्रीय राजनीतिक नेतृत्व लिएका वर्गले स्थानीयतामाथि आफ्नो हैकम दाबी गर्छन् । यस्ता सम्भ्रान्तहरू बाह्य 'हस्तक्षेपकारी'जस्ता देखिँदैनन् । बरु निश्चित समूह अथवा क्षेत्रको लागि 'आन्तरिक' अथवा 'हाम्रै' हुन् भन्नेजस्तो गरी बसेका हुन्छन् । नेपालको तराई भूभाग यसको राम्रो उदाहरण हो । जस्तै, त्यहाँ 'एक मधेश, एक प्रदेश' को नारा मूलतः मैथिलीभाषी मानिसले लगाएका छन् । तर तिनले सोही ठाउँमा उल्लेख्य संख्यामा रहेका थारु, अवधी र भोजपुरीभाषी जातीय समूहको मागलाई ख्याल गरेका छैनन् । अथवा पहाडबाट झरेर धेरै वर्षसम्म त्यही स्थानमा रहेकाहरूको आवाजलाई पनि स्वीकार गरेका छैनन् । यसरी मतभेदहरूले अथवा 'भित्री'/'बाहिरी' र 'हामी'/'तिमी'जस्ता टकरावले वास्तवमा अलग पारिएको, पहुँचमा नरहेको र कडा घेराभित्र सीमित पारिएको अनुभूति उजागर गराउँछ (जाब्री सन् १९९६) । तसर्थ बहिष्करणसम्बन्धी बहस कुन रूपमा चल्छ, त्यही आधारमा हिंसाको स्वरूप निर्धारण हुन्छ ।

द्वन्द्वोत्तर अवस्थाको विशेष स्वरूप रहनुमा अन्तर्राष्ट्रिय तथा पारराष्ट्रिय कर्ताहरूको आंशिक भूमिका रहन्छ । यस्तो भूमिकाले दमन तथा सोको प्रतिवादका स्वरूप निर्धारण गर्छ । साथै यसमा स्थानीय र राष्ट्रिय राजनीतिक सम्बन्धलाई अन्तर्राष्ट्रिय कर्ताले कत्तिको प्रभाव पार्न सक्छन् भन्ने प्रमुख प्रश्न रहन्छ । अन्तर्राष्ट्रिय हस्तक्षेपले पनि कसरी पूर्ण लक्ष्य हासिल गर्न सक्दैन भन्ने उदाहरण अहिलेको अफगानिस्तान हो । मुलुकलाई सार्वभौम बनाउनुको साटो विदेशी हस्तक्षेपले यो देशलाई सम्भ्रान्तहरू खेल्ने अन्तर्राष्ट्रिय थलो बनाइदिएको छ । त्यसमाथि अधिकांश अफगानी भूभागमा यसको प्रभाव छैन । यस्तै उदाहरण नेपालबाट पनि लिन सकिन्छ । यहाँ विभिन्न समयमा विभिन्न व्यक्ति (राजनीतिक सम्भ्रान्त)लाई अन्तर्राष्ट्रिय कर्ताहरूले सहयोग गरी शक्तिशाली पदमा स्थापित गराएका छन् ।

शान्ति र लोकतन्त्रको लागि अन्तर्राष्ट्रिय हस्तक्षेपलाई वैधता दिने कार्यशैलीले अन्तर्राष्ट्रिय कर्तालाई खेल्न फराकिलो राजनीतिक भूमि तयार गरिदिन्छ । स्थानीय सम्भ्रान्त वर्गलाई निषेध गर्ने हो भने यस्ता कर्ताहरूको शासन विश्वव्यापी कर्ताहरूले नै निर्धारण गर्छन् । तर यसले अत्येज्य प्रतिवाद निम्त्याउँछ । अन्तर्राष्ट्रिय संगठन र पारराष्ट्रिय कम्पनीहरूको बढ्दो सहभागिताले द्वन्द्वोत्तर अवस्थामा स्थानीय एवम्

विश्वव्यापी प्रतिवाद कसरी सिर्जना गर्छन् भन्ने विश्लेषण गर्नु जरुरी छ । शक्तिका स्थानीय, क्षेत्रीय एवम् विश्वव्यापी अन्तरक्रियालाई सही रूपमा बुझ्नु जरुरी हुन्छ । तिनसँग जुझ्न सकिएन भने ज्यादै नै भयावह जातीय राजनीति सुरु हुन्छ । यस्तो राजनीतिले देश विगतको भन्दा पनि त्रासदिपूर्ण युद्धमा होमिन सक्छ । राष्ट्रिय अखण्डतासँग गहन रूपले सम्बन्धित हुँदाहुँदै यस्तो हुनु भनेको द्वन्द्वोत्तर नेपालमा राज्यनिर्माण अझै जटिल हुनेछ भन्ने संकेत हो ।

पुनर्निर्माणका सूक्ष्म स्वरूपलाई ख्याल गर्ने हो भने राज्यनिर्माण रातारात पूरा हुने सहज काम होइन । राज्यनिर्माण प्रक्रियालाई साकार रूप दिन नाइजेरियाजस्ता मुलुकहरू अझै सफल भएका छैनन् । दक्षिण एसियाका उदीयमान शक्ति मानिने चीन र भारत पनि मुलुकभित्रै विकासको क्षेत्रीय असमानता प्रवर्द्धन गरिरहेको आरोप खेपिरहेका छन् । इराक र अफगानिस्तानमा अमेरिकी नेतृत्वको सैन्य हस्तक्षेप भएपछि अमेरिका स्वयम्ले यी अनुभवबाट राज्यनिर्माणका दुःखद् पाठ सिकेको छ (फुकुयामा सन् २००९) । यस्ता विश्वव्यापी अनुभवबाट हामीले धेरै सिक्न बाँकी छ । यति भन्दैमा हाम्रो लागि राज्यनिर्माण अरण्यरोदनमात्रै होइन । यसको लागि प्रारम्भ विन्दुहरू अझै धेरै छन् । यस पुस्तकले वास्तवमा तिनै विन्दुबारे चर्चा गरेको छ ।

५. पुस्तकको स्वरूप

नेपाली समाज र राजनीतिको अति संवेदनशील मोडमा हामीले यस पुस्तक तपाईंसामु ल्याएका छौं । यस पुस्तकमा द्वन्द्वोत्तर नेपालको प्राज्ञिक क्षेत्रमा दैनिकजसो बहस हुने विषय समेटिएका छन् । सामान्यतः अवधारणागत र व्यावहारिक दुवै धारका परिच्छेदलाई पुस्तकले ठाउँ दिएको छ । यसरी यहाँका परिच्छेदहरूले आशामात्रै दिँदैनन्, आगामी चुनौतीबारे पनि सजग गराउँछन् ।

यस पहिलो परिच्छेदमा हामीले राज्यनिर्माणका विषय तथा चुनौती केलायौं । यस परिच्छेदले नेपालमा द्वन्द्वको उद्‌भव, त्यसको कारण र राष्ट्रिय एकतासम्बन्धी केही सैद्धान्तिक आधार र राज्यनिर्माणमा तिनको महत्वबारे चर्चा गऱ्यो । परिच्छेद २ मा विष्णुराज उप्रेतीले द्वन्द्वोत्तर राज्यनिर्माणको अवधारणागत खाका प्रस्तुत गरेका छन् । त्यसमा उनले नीति, सिद्धान्त, अभ्यास, राज्यसंस्थाहरू र युद्धको समाप्तिपछि तिनको पुनर्संरचनाको बयान गरेका छन् । निजी क्षेत्र र राज्यनिर्माणबीचको सम्बन्धलाई परिच्छेद ३ मा सागर राज शर्माले केलाएका छन् । द्वन्द्व रूपान्तरणमा राज्येतर क्षेत्रको सबल भूमिका रहन सक्ने दाबी गर्दै शर्माले द्वन्द्वोत्तर नेपालको आर्थिक पक्षलाई

नियालेका छन् । भरतकुमार पोखरेल र जेन कार्टरले परिच्छेद ४ मा नेपालमा चरम गरीबी र शासकीय व्यवस्थाबारे कलम चलाएका छन् । नेपालको सफल सामुदायिक वन विकास शैलीको दृष्टान्त दिँदै तिनले गरीबी घटाउन र सुशासनलाई संस्थागत गर्न साझा प्रयासको खाँचो औँल्याएका छन् ।

पर्यटन नेपालको लागि वरदान हो । परिच्छेद ५ मा प्रनिलकुमार उपाध्याय र सागर राज शर्मा द्वन्द्वोत्तर अर्थतन्त्रलाई समृद्ध बनाउन दिगो पर्यटनको भूमिका प्रभावकारी हुन सक्ने तर्क गर्छन् । सम्पत्तिमाथिको अधिकार र तत्सम्बन्धी समस्या, संवैधानिक दस्तावेजमा तिनलाई सम्बोधन गर्ने उपायहरू र द्वन्द्वोत्तर नेपालमा राज्यको सम्पत्ति समुदायलाई हस्तान्तरण गर्नेबारे भरतकुमार पोखरेल र विमला राई–पौड्यालले परिच्छेद ६ मा चर्चा गरेका छन् । यस्तै परिच्छेद ७ मा विष्णुराज उप्रेतीले गृहयुद्धका बेला भौतिक पूर्वाधारमाथि कसरी क्षति पुऱ्याइएको थियो र अर्थपूर्ण विकासको लागि अब तिनलाई कसरी पुनर्निर्माण गर्नुपर्छ भन्ने उपाय सुझाएका छन् । विकास र राज्यनिर्माणको सही प्रक्रिया अँगालेरमात्रै द्वन्द्वोत्तर शान्ति र स्थायित्व स्थापित गर्न सकिन्छ भन्ने उनको तर्क छ । परिच्छेद ८ मा पूर्णबहादुर नेपाली र कैलाशनाथ प्याकुऱ्यालले नेपालमा भूमिको बहस सदियौँदेखि महत्वपूर्ण रहिआएको चर्चा गरेका छन् । एक दशक लामो नेपाली गृहयुद्धको यो पनि एउटा मूल कारण थियो । त्यसैले द्वन्द्वोत्तर राज्यनिर्माणले यसलाई सही सम्बोधन गर्नुपर्छ भन्ने लेखकद्वयको ठम्याइ छ ।

राज्यलाई सम्पन्न बनाउन आप्रवासी (माइग्रान्ट) हरूले सक्षम भूमिका बहन गर्न सक्छन् भन्ने नेपालको नीतिनिर्माण जगतले ख्याल राखेको छैन । अनिता घिमिरे र विष्णुराज उप्रेतीले अन्तर्राष्ट्रिय दृष्टान्तहरूसँग तुलना गरेर नेपालको विकासमा आप्रवासीहरूको सम्भावित भूमिकालाई परिच्छेद ९ मा चर्चा गरेका छन् । द्वन्द्वोत्तर अर्थतन्त्रमा गैरआवासीय नागरिक वर्ग (डायस्पोरा) लाई लगानी गर्न सहज बनाउने खालको नीति राज्यले अख्तियार गर्नुपर्ने तिनको विचार छ । द्वन्द्वोत्तर नेपालमा युवाहरूको सैनिकीकरण भइरहेको बढ्दो प्रवृत्तिबारे परिच्छेद १० मा अञ्जना लुइँटेल, विष्णुराज उप्रेती र अशोक राईले लेखेका छन् । विगतका प्रतिबद्धता र सम्झौताको पूर्ण बेवास्ता गर्दै राजनीतिक दल र विभिन्न अभिरुचिका समूहले गरेका युवा सैन्य दस्ताको स्थापनाले समाजलाई अपराधीकरण र दण्डहीनताको खाडलमा धकेलेको तिनको विश्लेषण छ ।

द्वन्द्वोत्तर नेपालमा अपराध दैनिक टाउको दुखाइको विषय र राज्यनिर्माणको लागि गम्भीर चुनौती बनेको छ । त्यसैले परिच्छेद ११ मा सफल घिमिरे र विष्णुराज उप्रेतीले

सहरी अपराधका कारणको निरूपण र समाधानका उपाय सुझाएका छन् । यसैगरी साना हतियारको बिगबिगीले निम्त्याएका समस्यालाई परिच्छेद १२ मा विष्णुराज उप्रेतीले केलाएका छन् । सुरक्षा संयन्त्रको सुदृढीकरण र दण्डहीनताको अन्त्यले मात्रै यो भयानक समस्या निराकरण हुन सक्ने उप्रेतीको निर्क्यौल छ । उप्रेतीले नै परिच्छेद १३ मा भौतिक पुनर्निर्माणमात्रै हैन, सामाजिक तथा राजनीतिक पुनर्मिलन र पुनर्समायोजन गराई द्वन्द्वोत्तर राज्यनिर्माणलाई सफल बनाउन सकिने औंल्याएका छन् । तर यी विषय सरकारको प्राथमिकतामा परेकै छैनन् । प्रविण मानन्धर र रामजी न्यौपानेले परिच्छेद १४ मा नेपालको वर्तमान राजनीतिमा आइपरेका विरोधाभाष र द्वैधताको चर्चा गरेका छन् । राष्ट्रिय हितभन्दा पनि दलीय राजनीति हावी भएको र कथनी र करनीबीच तादात्म्य नमिल्दा अप्रिय स्थिति सिर्जना भएको तिनको बुझाइ छ । अन्ततः परिच्छेद १५ मा सागर राज शर्माले पुस्तकमा उठाइएका तर्कको सार पस्केका छन् । आफ्नै खालको जटिलता र विषयको विशिष्टताले गर्दा नेपालमा द्वन्द्वोत्तर राज्यनिर्माण सफल हुन दिगो र गम्भीर प्रयासको खाँचो रहेको शर्माको निष्कर्ष छ ।

६. समष्टि

संक्रमणकालमा राज्यनिर्माणबारे कुरा गर्दा राज्यविहीनताको पनि चर्चा चल्छ । सुरक्षा तथा आधारभूत सेवाजस्ता राज्यले सहज बनाउनुपर्ने विषय नै कमजोर बन्दा सरकार र राज्य व्यवस्थामाथिको विश्वास पनि गुम्दै गएको छ । युद्ध सकिनेबित्तिकैको समय हुनाले पनि नेपालमा यस्तो भएको हुन सक्छ । तर दीर्घकालीन प्रभाव पार्न सक्ने समस्याको सम्बोधन गर्ने हाम्रो प्रयास अझै पुगेको छैन । यसरी राज्यनिर्माण अहिले चौतर्फी चर्चा र तातो बहसको विषय बनेको छ ।

राज्यनिर्माण प्रक्रियामा राज्यलाई मात्रै एकल कर्ताको रूपमा हेर्नु गलत विश्लेषण हुन्छ । अन्तर्राष्ट्रिय संलग्नतासमेत रहने यस्तो प्रक्रियामा धेरै खालका 'राज्य'हरूको भूमिका रहन्छ । त्यसमाथि राज्यमात्रै एकल कर्ता हुनु भनेको सत्ता सञ्चालनमा हर्ताकर्ताकै भूमिकालाई बढावा दिनु हो । किनकि सत्ताधारीहरूको स्थानीय, सम्भ्रान्त र अन्तर्राष्ट्रिय समूहसँग विशेष सम्बन्ध हुन्छ । अनि तिनकै मात्र सहभागितामा राज्यनिर्माण थाल्दा एउटै वर्गले हालिमुहाली कायम राख्न सक्छ ।

द्वन्द्वोत्तर राज्यनिर्माणमा राज्यसंस्थाहरूको पुनरुत्थान महत्वपूर्ण हुन्छ । यसको लागि नयाँ सरकारी संस्थाहरूको गठन र विद्यमान संस्थाहरूको सुदृढीकरण गर्नुपर्छ

(फुकुयामा सन् २००९) । त्यसैले समावेशीकरण जाति र लिङ्गको मात्रै हैन, समाजका विभिन्न कोणबाट आउने विचारको पनि हुनुपर्छ ।

नेपालले बारम्बार लोकतन्त्र त पायो, तर त्यसको सही उपयोग गर्ने समय भने पाएन । साठीभन्दा धेरै वर्षसम्म यस मुलुकले धेरै राजनीतिक परिवर्तनका 'परीक्षण र असफलता' (ट्रायल एन्ड इरर) बेहोऱ्यो । विक्रमाब्दको २००० पछि औसतमा दस वर्षको एक पटक नेपालको राजनीतिमा परिवर्तन भइरहे । अहिले पनि 'लोकतन्त्र'को पुनरागमनपछि राज्यको शक्तिलाई फेरि एकपटक परीक्षण गर्ने समय आएको छ । यस बेला लोकतान्त्रिक मूल्यहरूलाई पूर्ण रूपले संस्थागत गर्न बाँकी छ ।

अघि देखिएको सम्भावनासहितको भविष्यमा चुनौती पनि उति नै विद्यमान छन् । यस समयमा नवीन चुनौतीलाई खुटयाउने र तिनसँग जुझ्ने हाम्रो क्षमतालाई बलियो पार्नु अपरिहार्य छ । ढिलो चाँडो नेपालमा धेरै राज्यहरू होलान् पनि । तर क्षेत्रीय रूपमा हेर्ने हो भने हाम्रो मुलुकमा द्वन्द्वोत्तर शक्तिहरू असंख्य र ज्यादै जटिल छन् । अझै गम्भीर ध्यान पुऱ्याइएन भने यो देशको राजनीति कि एसियाको क्षेत्रीय शक्ति समीकरणमै भर पर्नेछ, कि त विश्वशक्तिहरूका अन्तर्राष्ट्रिय राजनीतिमा ।

सन्दर्भ–सूची

Beck U. 2005. War is peace: On post-national wars. *Security Dialogue* 36(1): 5-25.

Cox KR. 2002. *Political Geography: Territory, State, and Society.* Oxford: Blackwell, Oxford/Malden.

Duffield M. 2001. *Global Governance and the New Wars: The Merging of Development and Security.* London: Zed.

Fukuyama F. 2009. *State Building: Governance and World Order in the Twenty-First Century.* London: Profile books.

Heathershaw J. 2008. Unpacking the liberal peace: the merging and dividing of peacebuilding discourse. *Millennium: Journal of International Studies* 36(3): 597-622.

Ignatieff M. 2002. Nation-building lite. *New York Times Magazine*. 28 July.

Jabri V. 1996. *Discourses on Violence: Conflict Analysis.* New York: Manchester University Press.

Junne G, Verkoren WJ, editors. 2005. The challenges of post-conflict development. *Postconflict Development: Meeting New Challenges.* Lynne Rienner, Boulder CO, pp 1-18.

Kaiser M. 2003. Forms of transsociation as counter-processes to nation building in Central Asia. *Central Asia Survey* 22(2/3): 315-331.

Krause K, Jutersonke O. 2005. Peace, security and development in post-conflict environments. *Security Dialogue* 36(4): 447-462.

MacGinty R. 2006. *No War, No Peace*. Basingstoke: Palgrave-Macmillan.

Migdal JS, Kohli A, Shue V, editors. 1994. The state in society: an approach to struggles for domination. *State Power and Social Forces: Domination and Transformation in the Third World*. Cambridge: Cambridge University Press. pp 7-34.

Migdal JS. 2001. *State in Society: Studying How States and Societies Transform and Constitute One Another.* Cambridge: Cambridge University Press.

Paris R. 1997. Peacebuilding and the limits of liberal internationalism. *International Security* 22(2): 54-89.

Richards P. 2005. *No peace, No War: An Anthropology of Contemporary Armed Conflict.* Oxford: James Currey.

Rubin BR. 2006. Peace building and state-building in Afghanistan: Constructing sovereignty for whose security? *Third World Quarterly* 27(1): 175-185.

The UN [The United Nations]. 2004. *A More Secure World: Our Shared Responsibility.* New York: The United Nations. Available from: http://www.un.org/secureworld/brochure.pdf; accessed on 14 April 2010.

The World Bank. 2003. *Breaking the Conflict Trap: Civil War and Development Policy* (A World Bank Policy Research Report). Washington DC: The World Bank and Oxford University Press.

* * *

परिच्छेद १

द्वन्द्वोत्तर राज्यनिर्माणको अवधारणागत खाका

विष्णुराज उप्रेती[1]

१. परिप्रेक्ष्य

सामान्य परिभाषाअनुसार द्वन्द्वोत्तर अवस्थाले शान्ति सम्झौतामा हस्ताक्षर भएको अवस्था र त्यस सम्झौतामा भएका प्रावधानको पूर्ण कार्यान्वयन भइसकेको अवस्थाबीचको अवधिलाई जनाउँछ । यस्तो कार्यान्वयनले समाजलाई सामान्य अवस्थामा ल्याउँछ । त्यसैले यो द्वन्द्वदेखि शान्तिको संक्रमणकाल हो र संक्रमणकालमा भएका उपलब्धिको संस्थागत गर्ने समय पनि । नेपालको सन्दर्भमा विस्तृत शान्ति सम्झौता र त्यसपछिका अन्य सम्झौतामा अभिव्यक्त भएका प्रावधानलाई संवैधानिक दस्तावेजमा समेट्नु नै त्यस्ता उपलब्धिलाई संस्थागत गर्नु हो ।

शान्ति भन्नाले सहज अर्थमा कुनै व्यक्ति अथवा समाजको सामाजिक, मनोवैज्ञानिक, भौतिक र आध्यात्मिक सम्पन्नताको अवस्थालाई बुझिन्छ । एक दशक लामो रक्तिम युद्धबाट भर्खरै मुक्ति पाएको नेपालको सन्दर्भमा शान्ति भनेको सशस्त्र द्वन्द्वबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपले पीडित मानिस तथा संस्थाबीचको सम्बन्ध पुनर्स्थापन, सामाजिक बहिष्करण, सीमान्तकरण, वञ्चना, कुशासन, सामाजिक असंगति तथा जातीय तनावजस्ता द्वन्द्वका मूल कारणहरूको सम्बोधन र सामाजिक, मनोवैज्ञानिक, मानसिक, भौतिक तथा आध्यात्मिक कल्याण नै शान्ति हो । गृहयुद्ध र सम्बन्धित प्रभावहरूले नेपाली समाज छिन्नभिन्न भएको छ । जनता निराश छन् र मुलुक भावनात्मक रूपले टुक्रिएको छ । त्यसैले नेपालमा शान्ति र स्थायित्व हासिल गर्न विगतको नकरात्मक प्रभावसँग जुध्ने र आशलाग्दो भविष्य देखाउन सक्ने उपयुक्त प्रक्रिया खाँचो पर्छ । यस्तो प्रक्रियाले शान्ति सम्झौतामा उल्लिखित बुँदाहरूको कार्यान्वयनका माध्यमले परिवर्तनका उपलब्धिलाई संस्थागत गर्छ । यसको लागि

---

[1] क्षेत्रीय संयोजक, एनसिसिआर नर्थ–साउथ, दक्षिण एसिया कार्यालय; bupreti@nccr.wlink.com.np

आवश्यक कार्यनीति तर्जुमा तथा क्रियाकलाप सञ्चालन नै द्वन्द्वोत्तर राज्यनिर्माणको मूल आधार हो ।

यस परिच्छेदको प्रयोजनको लागि स्थायित्व भन्नाले वैमनश्यको अन्त्य गर्नु, शान्तिलाई मूर्त रूप दिनु र राजनीतिक तनावको व्यवस्थापन गर्न साझा प्रयासलाई प्रवर्द्धन गर्नु भन्ने बुझिन्छ । ओइसिडी (सन् २००८) को परिभाषामा स्थायित्व सशस्त्र द्वन्द्वको अनुपस्थिति तथा शत्रुताको अन्त्य गर्न र शान्तिलाई मूर्त रूप दिन अन्तर्राष्ट्रिय कर्ताहरूले गर्ने प्रयासमा केन्द्रित हुन्छ । तर पनि नेपालको सन्दर्भमा स्थायित्व ओइसिडीको परिभाषाभन्दा अलि बेग्लै हुन्छ ।

राज्यले आधारभूत जिम्मेवारी पूरा गर्न नसकेको हुनाले नेपालमा शान्ति सम्झौताले राज्यको पुनर्संरचनालाई जोड दिएको छ । यस परिच्छेदमा राज्यनिर्माणले वैध, सशक्त, प्रभावकारी र पुनरुत्थान गर्न सक्ने क्षमतासहितको राज्य बनाउने परिकल्पना, लक्ष्य र कार्यनीतिलाई जनाउँछ । यसको लागि संवैधानिक तथा कानुनी प्रावधान, नीतिको परिप्रेक्ष्य, संस्थागत व्यवस्थापन र शासकीय अभ्यासमा आधारभूत परिवर्तन खाँचो पर्छ । यसरी राज्यनिर्माणको लागि कर्मचारीतन्त्र, न्यायपालिका, कार्यपालिका र राष्ट्रिय सुरक्षाको पुनर्संरचनासाथै राज्यका विभिन्न संस्थाहरूको सिर्जना एवम् सुदृढीकरण जरुरी हुन्छ । केही आलेखले राज्यनिर्माण (स्टेटबिल्डिङ) र राष्ट्रनिर्माण (नेसनबिल्डिङ) लाई पर्याय रूपमा प्रयोग गरेका छन् (डब्बिन्स सन् २००७) तर पनि यस परिच्छेदले यी दुईलाई भिन्न रूपमा प्रस्तुत गरेको छ । राष्ट्रनिर्माण बहुल जातीय, सांस्कृतिक, धार्मिक र राजनीतिक पहिचानबाट साझा राष्ट्रिय पहिचान निर्माण गर्नमा केन्द्रित हुन्छ । तर यस परिच्छेदले त्योभन्दा पनि विषयवस्तु, संरचना तथा प्रक्रियामा आधारित राज्यनिर्माणमा बढी जोड दिन्छ ।

राज्यनिर्माण र शान्तिनिर्माणका आधारभूत चरित्रमा केही समानता भए पनि तिनको अवधारणामा महत्वपूर्ण भिन्नता छन् (ओइसिडी सन् २००९) । दिगो र न्यायपूर्ण शान्ति तथा स्थायित्व र कार्यपरक लोकतन्त्रको लागि राज्यनिर्माण जरुरी हुन्छ । तसर्थ राजनीतिक प्रक्रिया (राज्यलाई वैधता दिन), आर्थिक प्रक्रिया (पुनरुत्थान र वृद्धि हासिल गर्न) र सुरक्षाको प्रत्याभूतिजस्ता तीन तत्वहरू राज्यनिर्माण प्रक्रियाका मूलाधार हुन् ।

एनेकपा–माओवादी र राज्यबीच वि.सं. २०५२ देखि २०६३ सम्म भएको सशस्त्र द्वन्द्व अन्त्य भएपछि नेपाल अहिले युद्धदेखि शान्तिको संवेदनशील चौबाटोमा छ। यसमाथि यो मुलुकले फेरि २०६३ सालमा मधेस विद्रोह पनि बेहोर्‍यो। तत्पश्चात् यो एउटै देशमा १०९ भन्दा बढी सशस्त्र समूहबाट पाँच वर्षसम्म गम्भीर सुरक्षा चुनौती थपिएको थियो। राजनीतिक दलका अर्धसैनिक युवा संगठन र तिनका गतिविधि, अपराधको राजनीतीकरण, राजनीतिको अपराधीकरण तथा समाजलाई उराल्ने एवम् दण्डहीनतालाई संस्थागत गर्ने कामले पनि संकटलाई झनै मलजल गरिरहेका छन् (विस्तृत छलफलको लागि परिच्छेद १० हेर्नुहोस्)। कानुनी शासन शक्तिहीन जनतामा मात्रै लागू भएको छ, राजनीतिक दल र तिनका कार्यकर्तामा भएको छैन। कर्मचारीतन्त्र, न्यायपालिका, सुरक्षा र सबै संवैधानिक अंगहरूमा राजनीतीकरण भएको छ। नेपाल राष्ट्र ब्याङ्कमा २०६७ सालमा गभर्नर नियुक्त गर्दा दुई मुख्य राजनीतिक दलबीच भएको खिचातानी यसको एउटा उदाहरण हो। दलहरूले आफूअनुकूल व्यक्तिलाई नियुक्त गर्ने प्रचलन हुँदा निर्वाचन आयोग र अख्तियार दुरुपयोग अनुसन्धान आयोगजस्ता केही संवैधानिक निकायमा पदपूर्ति गर्न नसक्नु पनि यसैको अर्को दृष्टान्त हो। यस्ता पदमा नियुक्त हुन कुनै पनि व्यक्तिले योग्यता, विषयसम्बन्धी अनुभव अथवा दक्षताभन्दा पनि पहिले कुनै दलको सम्बन्धन अथवा अनुमोदन पाएको हुनुपर्छ। परिणामतः राज्यको पूरै संरचना नै राजनीतिक दल र तिनका प्रभावशाली नेताको छायाँमा परेका छन्। जति नै दक्ष, उच्च योग्यता भएका र अनुभवी व्यक्ति भए पनि कुनै दलको सदस्यता नलिएका अथवा पद पाउन दललाई केही दिने अभिरुचि नभएकाहरू किनारा लागेका छन्। त्यसैले तिनीहरू निराश भई राज्यनिर्माण प्रक्रियाबाट क्रमशः टाढिएका छन्। झन् इतिहासमै पहिलो पटक सम्पन्न संविधानसभाले चार वर्षसम्ममा पनि नयाँ संविधान लेख्न नसकेपछि द्वन्द्वोत्तर राज्यनिर्माणमा झन् सकस थपिएको छ।

नेपालको सशस्त्र तथा सामाजिक द्वन्द्वका मूल कारणहरू संरचनागत असमानता, बहिष्करण र जातीय, वर्गीय, लैङ्गिक तथा भौगोलिक विभेदसँग सम्बन्धित छन्। साथै शासन सम्हाल्ने सम्भ्रान्त तथा कर्मचारीतन्त्र, गरीबी र बेरोजगारी, राज्य शासन प्रणालीको असफलता तथा राजनीतिक रूपले विभाजित एवम् विपरीत आदर्श पनि यस्तो द्वन्द्वका कारण हुन्। नेपालको सशस्त्र तथा सामाजिक द्वन्द्वले १७ हजारभन्दा

धेरै मानिसको ज्यान लिएर करोडौँको धनमाल तथा पूर्वाधार तहसनहसमात्रै पारेन, समान्ती, केन्द्रीकृत र राजतन्त्रीय एकात्मक व्यवस्थाको अन्त्य गरी राज्यको आमूल रूपान्तरणको बाटो पनि खुलायो । दस वर्षे सशस्त्र द्वन्द्व र २०६२/६३ सालको जनआन्दोलनको राजनीतिक प्रभावले एकतन्त्रीय व्यवस्थालाई ढलायो । साथै यसले नेपाललाई आधुनिक, सामेली र संघीय गणतान्त्रिक राज्य बनाउने आशा पनि दियो । यद्यपि राज्यले परिवर्तनलाई सहजीकरण तथा आफ्नो कार्यसम्पादन राम्ररी गर्न सकेमात्रै यो रूपान्तरण सम्भव हुन सक्छ । यसको लागि राज्यव्यवस्थाकै सुदृढीकरण गर्नु अत्यावश्यक छ । यति ठूलो राजनीतिक परिवर्तन ल्याएका प्रगतिशील राजनीतिक शक्तिहरू यस परिवर्तनका पहरेदार हुनुपर्ने हुन् । तर तिनीहरू आफैले सुशासन र कानुनी राज्यका आधारभूत सिद्धान्तलाई नै स्वीकार गरिरहेका छैनन् । यसले राज्यलाई क्रमशः कमजोर पार्दै लगेको छ ।

राज्यनिर्माणका प्रयासहरू राज्यलाई सुदृढ पार्न केन्द्रित हुनुपर्छ । तर राजनीतिक शक्तिको दुरुपयोगले राज्य नै कमजोर बनेको छ । युद्धावस्थामा एनेकपा (माओवादी) को रणनीति नै राज्यलाई विफल तुल्याउनु थियो ताकि यस्तो अवस्थाले तिनलाई सशस्त्र विद्रोह जित्न मद्दत गरोस् । पछि २०६३ मंसिरमा शान्ति सम्झौता भई सशस्त्र द्वन्द्वको औपचारिक अन्त्य भएपछि राज्य पुनर्संरचना प्रक्रियाअन्तर्गत बृहत् शान्ति सम्झौता र अन्य समझदारीले राज्यनिर्माणका आधारशिला तयार गरे । तिनमा राज्यका निकायलाई प्रभावकारी, दक्ष, जिम्मेवार, समावेशी, पारदर्शी, सहभागितात्मक र जनताप्रति उत्तरदायी बनाउने आदि प्रावधान थिए । तर शान्ति सम्झौताका विषयवस्तु र मर्मलाई व्यवहारमा उतार्नुको साटो राजनीतिक दलहरूले यसलाई आफ्नो दल तथा व्यक्तिगत महत्वकांक्षाअनुकूल व्याख्या गरे । यसले राज्यनिर्माणलाई गहन बेवास्ता गरेको छ । यसरी राजनीतिक कार्यकर्तालाई अन्योलमा राखेर सो अन्योल एवम् विरोधाभाषको फाइदा लुट्ने काम भएको छ ।

२. द्वन्द्वोत्तर राज्यनिर्माणको खाका: विषयवस्तु र अवसर

यस खण्डले राज्यनिर्माणको लागि एउटा आधारशिला तयार गरेको छ।

चित्र २.१: द्वन्द्वोत्तर राज्यनिर्माणका अन्तरसम्बन्धित पक्षहरू



स्रोत: लेखकद्वारा रूपाङ्कन गरिएको ।

शान्ति तथा स्थायित्व हासिल गर्न र द्वन्द्वोत्तर राज्यनिर्माणलाई आत्मसात गर्न विविध अवधारणाहरूबीच अन्तरसम्बन्ध र परिपूरण आवश्यक हुन्छ भन्ने चित्र २.१ ले देखाएको छ। तिनलाई आगामी उपशीर्षकहरूले अझ स्पष्ट पार्नेछन्।

चित्र २.२ राज्यपुनर्संरचनाका तत्वहरू



स्रोतः लेखकद्वारा रुपाङ्कन गरिएको ।

चित्र २.२ ले सुरक्षा क्षेत्र पुनर्संरचना/सुधार, कर्मचारीतन्त्र पुनर्संरचना, सरकारको स्वरूपको निर्धारण (राष्ट्रपतीय अथवा प्रधानमन्त्रीय, प्रत्यक्ष अथवा परोक्ष निर्वाचित सरकार तथा राष्ट्रप्रमुख), संघीय तहको निर्धारण (केन्द्रीय, प्रान्तीय अथवा स्थानीय) र ती एकाइको नामाङ्कन तथा सीमाङ्कन, न्यायपालिकाको पुनर्संरचना तथा यसमा स्वाधीनता र जवाफदेहिताबीचको सन्तुलनजस्ता राज्य पुनर्संरचनाका आधारभूत र अर्न्तसम्बन्धित मान्यतालाई प्रस्टयाएको छ । यसरी नै चित्र २.३ ले राष्ट्रिय पहिचान निर्माण गर्न आवश्यक आधारभूत पक्षबारे चर्चा गरेको छ ।

२.१ अनुकूल नीति तथा उत्तरदायी संस्थाहरू

द्वन्द्वोत्तर राज्यनिर्माण र विकासको लागि परिकल्पना, लक्ष्य, उद्देश्य, रणनीति, कार्यान्वयन पद्धति तथा प्रक्रिया र अनुगमन एवम् मूल्याङ्कनलाई सुनिश्चित गर्न सक्ने अनुकूल नीति खाँचो पर्छ । साथै तिनलाई संस्थागत व्यवस्थापन गर्ने संयन्त्र पनि चाहिन्छ । यस्ता संयन्त्र नीति कार्यान्वयन गर्न लचिला, पारदर्शी, गतिशील र

कार्यमुखी हुनुपर्छ । राज्यनिर्माण तथा द्वन्द्वोत्तर विकासका आवश्यकता पूरा गर्ने नियामक व्यवस्था व्यावहारिक एवम् निर्बाध हुनु जरुरी हुन्छ । यसलाई चित्र २.४ ले अझै प्रस्ट्याएको छ ।

चित्र २.३ राष्ट्रिय पहिचान निर्माणका आधारभूत तत्वहरू



स्रोत: लेखकद्वारा रुपाङ्कन गरिएको ।

चित्र २.४ द्वन्द्वोत्तर राज्यनिर्माणको लागि विविध नीतिहरूको अन्तरसम्बन्ध

स्रोत: लेखकद्वारा रुपाङ्कन गरिएको ।

२.२ शासकीय सिद्धान्त तथा अभ्यास

द्वन्द्वोत्तर राज्यनिर्माणको लागि पुनर्निर्माण र विकास, विगतको असरसँग जुझ्ने काम (सत्य निरुपण तथा पुनर्मिलन, बेपत्ता मानिसको खोजी, पीडितलाई न्याय तथा सशस्त्र द्वन्द्वले जीविका तहसनहस भएका जनतालाई क्षतिभरण), कानुनी शासनको कार्यान्वयन, सरकारी तथा गैरसरकारी संस्थाको चुस्त सेवा, सुरक्षा सुशासन र आर्थिक पारदर्शिताजस्ता सुशासनका सिद्धान्तहरू अपनाउनु जरुरी हुन्छ (हेर्नुहोस् चित्र २.५) ।

चित्र २.५ द्वन्द्वोत्तर राज्यनिर्माणमा सुशासनका आवश्यक तत्वहरू

स्रोतः लेखकद्वारा रुपाङ्कन गरिएको ।

२.३ कानुनी शासन र विगतको असरसँग जुझ्ने काम

स्थायित्व, शान्ति र लोकतन्त्रको लागि परिकल्पना, प्रतिबद्धता र सही संस्थागत व्यवस्था जरुरी पर्छ । द्वन्द्वोत्तर संक्रमण व्यवस्थापन र शान्ति प्राप्तिमा यस लेखकले गरेको अनुसन्धानले कानुनी शासनको सम्मान सबैभन्दा पहिलो आवश्यकता रहेको

देखाउँछ । कानुनी शासनले मानव अधिकारको सम्मान, लोकतान्त्रिक अभ्यास र विकासका मुद्दालाई प्रभावकारी हुने सुनिश्चित गराउँछ ।

विगतको असरसँग जुध्ने काम (डिलिङ विथ दी पास्ट) मूलतः सशस्त्र द्वन्द्वका घाउ र विरासतहरूलाई सम्बोधन गर्ने काम हो । यसले विगतका घटना र सोबाट उत्पन्न परिस्थितिको असल व्यवस्थापन गर्छ । चित्र २.६ ले विगतको असरसँग जुध्ने कामसम्बन्धी विविध विषयलाई उजागर गरेको छ ।

चित्र २.६ विगतको असरसँग जुध्न आवश्यक तत्वहरू



स्रोतः डिएफएइ/स्विसपिस-सन् २००६, जइनेटको मान्यताबाट उत्प्रेरित

सत्य र न्यायका प्रक्रियालाई स्थानीय तहसम्म जोड्नु, पुनर्मिलन तथा पुनर्समायोजन सुनिश्चित गर्न संयन्त्रको निर्माण, पीडितलाई न्याय दिनु, क्षतिभरण, सम्पत्ति फिर्ता र पुनर्वासको व्यवस्था तथा कानुनी प्रावधानको कार्यान्वयन गर्नु शान्तिपूर्ण भविष्यको लागि महत्वपूर्ण हुन्छन् । सत्य निरुपण तथा पुनर्मिलन आयोगको स्थापना तथा बेपत्ता मानिसको खोजविन गर्ने आयोगको स्थापना पनि विगतको असरसँग जुध्ने कामकै अर्को पाटो हो ।

चित्र २.७ कानुनी शासन र विगतको असरसँग जुझ्ने कामका विविध पक्षहरू



स्रोत: लेखकद्वारा रुपाङ्कन गरिएको ।

२.४ अनुकूल नीति, संस्था, नियामक आधारशिला र स्रोताधार

परिकल्पना, लक्ष्य, उद्देश्य तथा योजनालाई यथार्थ रूप दिन निश्चित साधन आवश्यक हुन्छन् । नीति, संस्था, नियामक आधारशिला र स्रोतका आधार द्वन्द्वोत्तर राज्यनिर्माण गर्ने त्यस्ता साधन बन्न सक्छन् ।

२.५ सेवा व्यवस्था तथा कर्मचारीतन्त्र पुनर्संरचना

चुस्त सेवाको अभाव, कार्यमा अधिक ढिलासुस्ती, प्रशासनिक झन्झट र कठिनाइले नेपालमा सरकार र विशेषगरी कर्मचारीतन्त्रले जनविश्वास गुमाएको छ । जनतालाई

प्रभावकारी, पारदर्शी एवं दक्ष सेवा दिन सक्ने गरी कर्मचारीतन्त्रको पुनर्संरचना गर्नु द्वन्द्वोत्तर राज्यनिर्माणको मूल ध्येय हो । राज्यव्यवस्था र सेवा प्रदायक निकायमा जनताको विश्वास पुनः जगाउनु राज्यनिर्माण कार्यक्रमको अविभाज्य पाटो बन्नुपर्छ । यसको लागि विशेष ज्ञान तथा सीप, प्रक्रियागत बुझाइ र प्रभावकारी कार्यसम्पादन चाहिन्छ । मानिसहरू अब फोस्रा आश्वासन र क्रान्तिकारी भनिने शब्ददेखि वाक्क भइसकेका छन् । तिनीहरू अब वचनलाई कर्ममा बदलेको हेर्न चाहन्छन् । यसरी प्रभावकारी कार्यसम्पादन नै कर्मचारीतन्त्रमाथि आमविश्वास र भरोसाको पुनर्भरण गराउने उपाय बन्न सक्छ (उप्रेती सन् २००९) ।

चित्र २.८ द्वन्द्वोत्तर राज्यनिर्माणको सफलता निर्धारण गर्ने तत्वहरू



स्रोत: लेखकद्वारा रुपाङ्कन गरिएको ।

२.६ आर्थिक वृद्धि

शान्ति, स्थायित्व र लोकतन्त्रको प्राप्तिका लागि अर्थतन्त्रको पुनरुत्थान जरुरी हुन्छ । द्वन्द्वोत्तर अवस्थालाई स्थायित्वतर्फ लम्काउने यो बलियो आधार हो । यसको लागि स्थानीय तहमा रोजगारी तथा आर्थिक अवसरको सिर्जना, उत्पादन तथा प्रशोधन कारखानाहरूको स्थापना तथा उत्पादनमूलक योजनामा लगानी गर्नु आवश्यक हुन्छ । स्रोतको प्रभावकारी परिचालन, परिणाममुखी कार्य तथा रणनीति, रोजगारी सिर्जना, चौतर्फी तथा उच्च आर्थिक वृद्धिदर, कृषि तथा पूर्वाधार (जलविद्युत योजना, सडक तथा विमानस्थल), सूचना–प्रविधि, विज्ञान तथा आविष्कार, पर्यटन, सहकारीजस्ता क्षेत्रमा जोड र लगानी–मैत्री वातावरण द्वन्द्वोत्तर अर्थतन्त्र बलियो बनाउने उत्तम उपाय हुन सक्छ ।

द्वन्द्वोत्तर राज्यनिर्माणले विकासलाई अर्थतन्त्रसँग जोड्ने प्रयास गर्नुपर्छ। द्वन्द्व प्रभावित क्षेत्रमा आर्थिक सहायताका कार्यक्रम, आर्थिक नीतिमा सुधार, आयात-निर्यातमा प्रवर्द्धन, बजार तथा रोजगारीको सिर्जना, शिक्षा, स्वास्थ्य, खानेपानीजस्ता आधारभूत सेवामा तीव्र लगानी, निजी लगानीको प्रवर्द्धन, कृषिको आधुनिकीकरण, भूमि सुधार (भूमि एकत्रीकरण, भूमिहीन तथा मोहीलाई भूमि अधीनत्व, भूमि हदबन्दी र भू-उपयोग वर्गीकरण), ग्रामीण उद्यमशीलता विकास, जैविक विविधताहरूको व्यावसायीकरण, प्राकृतिक स्रोतहरू (जल, जमिन, जंगल आदि) तथा सार्वजनिक स्रोतसँग ग्रामीण जनताको पहुँच र लाभ वितरण, पर्यटन तथा सम्बन्धित क्षेत्रको विकास र जलविद्युत्मा भएको अपार सम्भावनाको उपयोग नेपालको आर्थिक विकासका मुख्य आधार हुन् ।

चित्र २.९ कर्मचारीतन्त्र पुनर्संरचना तथा सेवा सुनिश्चिततताका आधारहरू



स्रोत: लेखकद्वारा रुपाङ्कन गरिएको ।

२.७ सुरक्षा क्षेत्र पुनर्संरचना

द्वन्द्वोत्तर स्थायित्व र शान्तिको लागि यो एउटा महत्वपूर्ण प्रक्रिया हो। यसले राज्यका सुरक्षा अंग तथा संस्थाको पुनर्संरचना गर्नेमात्र नभई राज्यको प्रतिरोधमा उत्रिएका विद्रोही शक्तिको सुरक्षा बललाई पनि सुधार गर्न मार्ग प्रशस्त गर्छ। यसका मूलतः पाँच अन्तरसम्बन्धित पक्ष छन्: (क) संक्रमणकालीन सुरक्षा पुनर्स्थापन, (ख) निःशस्त्रीकरण, गैरपरिचालन र पुनर्समायोजन, (ग) साना तथा हलुका हतियारको नियन्त्रण, (घ) राष्ट्रिय सुरक्षा योजना/नीति तर्जुमा, र (ङ) सुरक्षा क्षेत्रको सुधार।

२.७.१ संक्रमणकालीन सुरक्षा पुनर्स्थापन

द्वन्द्वोत्तर अवधिलाई छोटयाउन, राज्यमाथिको आमविश्वास पुनर्स्थापित गर्न र पुनर्निमाण तथा विकासको लागि अनुकूल वातावरण बनाउन संक्रमणकालीन सुरक्षा महत्वपूर्ण हुन्छ। यस्तै संक्रमणकालीन न्याय पनि द्वन्द्वोत्तर अवस्थाको अर्को महत्वपूर्ण हिस्सा हो। विगतका घटनालाई राम्रोसँग नसल्टाई पुनर्मिलन, सामाजिक संगति र न्यायको अनुभव गराउन सकिँदैन। मानव अधिकारसम्बन्धी निकायहरूको सुदृढीकरण, न्यायिक समिति तथा अनुगमन संयन्त्रको स्थापना, सामुदायिक सुरक्षा तथा नागरिक प्रहरीको सुदृढीकरणजस्ता प्रयासले मात्रै यी कुरा सम्भव हुन सक्छ।

शान्ति सम्झौतापछि सुरक्षा व्यवस्था कायम राख्नु युद्धग्रस्त मुलुकहरूका लागि महत्वपूर्ण चुनौती बन्छ। नेपालको संक्रमणकालीन सुरक्षा पनि निकै कमजोर भएको छ (आइसिजी सन् २००७)। साथै अहिले सयभन्दा बढी साना हतियारधारी समूहले सुरक्षा व्यवस्थालाई झनै नाजुक बनाएका छन्। तिनले गहन सुरक्षा चुनौती खडा गर्दै विकासका कार्यक्रम तथा परियोजनालाई शिथिल बनाएका छन्। राज्यले तत्कालै सम्बोधन गर्नुपर्ने यो गहन र आकस्मिक चासोको विषय हो।[२]

गठबन्धनमा भएका दलबीच शक्ति संघर्ष, नाजुक कानुनी व्यवस्था, विभिन्न अभिरुचिका समूहको हिंसात्मक गतिविधि र विभिन्न समयमा गठन भएका सरकारहरूका कमजोर कार्यसम्पादनले नेपाल कठिन संक्रमणमा परेको छ (उप्रेती सन् २००९)। आमहड्ताल, बन्द (कहिलेकाहीँ अनिश्चितकालीन) र अवरोध मुलुकैभर नियमित

[२] सुरक्षाका दृष्टिले तराई–मधेस झनै हिंसात्मक बनेको छ। नेपाल प्रहरीले बारा, पर्सा, रौतहट, महोत्तरी, धनुषा, सर्लाही, सिराहा र सप्तरी गरी सात जिल्लालाई 'उच्च–संवेदनशील' र झापा, मोरङ, सुनसरी, मकवानपुर, चितवन, नवलपरासी, रुपन्देही, कपिलवस्तु, दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुर गरी अन्य तेह्र तराई–मधेस जिल्लालाई 'संवेदनशील' जिल्ला घोषणा गरेको छ।

बनेका छन् । सवारी वाहन जलाउने, सार्वजनिक तथा निजी सम्पत्ति तहसनहस पार्ने तथा कहिलेकाहीँ यात्रुहरूलाई अपमानितसमेत तुल्याउने यस्ता गतिविधि हिंसात्मक बन्दै गएका संकेत मिलेका छन् । उदाहरणका लागि सन् २००७ को अगस्टमा मात्रै विभिन्न १९ समूह[३]ले नेपालभरि कुल ५५ बन्द र अवरोध आयोजना गरेका थिए । विभिन्न दलका युवा संगठनबीच झडप हुनु पनि सामान्य भइसकेको छ । यस्ता घटनाले अझ असुरक्षा र चुनौती निम्त्याएका छन् । राजनीतिक दलले विकासलाई स्रोत कब्जाको माध्यम बनाएका छन् । दलका स्थानीय कार्यकर्ताले स्थानीय वित्तीय स्रोतलाई आफूखुसी र दलीय स्वार्थमा लगानी गर्न थालेका छन् । उच्च जोखिमका क्षेत्रमा विकाससम्बन्धी काम गर्ने मानिसहरूलाई सुरक्षा दिन पनि सरकार असमर्थ देखिएको छ ।[४] २०६४ भदौ १६ मा काठमाडौँमा भएको तीनओटा बम विस्फोट, २०६४ भदौ ३० को कपिलवस्तु हत्याकाण्ड, विवेक लुइँटेल, ख्याति श्रेष्ठ र मिडिया उद्यमी जमिम शाह हत्याकाण्ड एवम् विभिन्न पत्रकार तथा व्यापारीहरूको अपहरण र हत्याका घटना मुलुकको सुरक्षा स्थिति खस्केको बलियो उदाहरण हो । कपिलवस्तुमा भएको हिंसात्मक झडपले दुई दर्जनभन्दा बढीको ज्यान लियो । कतिको थाहापत्तै लागेन भने तीन हजारभन्दा बढी विस्थापित हुन बाध्य भए । यो प्रवृत्ति छिमेकी जिल्लामा पनि सर्‍यो र लगभग साम्प्रदायिक तथा धार्मिक हिंसाजसरी फैलियो । हत्या, मन्दिर तथा गिर्जाघरमा भएका विस्फोट, अपहरण, आक्रमण, लुटपाट, चन्दाअसुली, हड्ताल र बन्दले असुरक्षा र त्रास सिर्जना गरी विकासका काममा बाधा निम्त्यायो ।

---

[३] यसरी बन्द आयोजना गर्ने समूहमा १) उद्योग-व्यवसायी, २) एनेकपा (माओवादी) निकट संगठनहरु, जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह), लिम्बुवान, चुरे-भावर एकता समाज, मधेसी जनाधिकार फोरम, मधेसी क्रान्तिकारी मोर्चा, मधेसी टाइगर, द्वन्द्व पीडित समूह, स्थानीय समुदाय, गठबन्धन सात दलका भातृ संगठन, स्वतन्त्र विद्यार्थी समूह, यातायात संगठन, दलित तथा जनजाति संगठन, तामाङ स्वायत्त क्षेत्र लोकतान्त्रिक मोर्चा, एकीकृत थारु राष्ट्रिय मुक्ति मोर्चा र अन्य समूह रहेका थिए (हेर्नुहोस्, सन् २००७ अगस्टको ओचाको प्रतिवेदन) ।

[४] उदाहरणका लागि मुख्यगरी तराई-मधेस क्षेत्रमा पहाडी मूलका सरकारी कर्मचारीको हत्या हुने क्रम बढेको छ । सन् २००७ को मार्चदेखि जुलाईसम्म छ महिनामा कम्तीमा सात कर्मचारीको हत्या भएको थियो । यिनमध्ये कोब्रा ग्रुपबाट रामवृक्ष यादव (गाविस सचिव), जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) बाट वासुदेव पौडेल (प्रशिक्षक), जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) समूहबाट नवराज विष्ट (इन्जिनियर), पूर्ण सिंह प्रधान (ओभरसिअर), अरुणप्रसाद जैसवाल (अग्निनियन्त्रक) र रामहरि पोखरेल (गाविस सचिव) को हत्या भएको थियो ।

चित्र २.१० सामाजिक असुरक्षा निम्त्याउने तत्वहरू

स्रोतः लेखकद्वारा रूपाङ्कन गरिएको ।

केही वर्षयता तराई क्षेत्र तुलनात्मक रूपले बढी असुरक्षित र हिंसात्मक बनेको छ । विशेषगरी अन्तरिम संविधान जारी हुँदा पनि त्यसले समानुपातिक निर्वाचन प्रणाली र संघीय राज्य संरचनाको माग पूरा नगरेको हुँदा यस्तो स्थिति आयो । असुरक्षाले गर्दा नेपाल प्रहरीले तराईका विभिन्न जिल्लालाई 'संवेदनशील' जिल्ला नै घोषणा गर्नुपर्‍यो । सन् २००९ मा गृह मन्त्रालयले 'विशेष सुरक्षा योजना' लागू गर्‍यो । तर प्रचारमा निकै सफल बने पनि केही राजनीतिक दलको असहयोगले यो योजना कानुनविहीनता र हिंसालाई सम्बोधन गर्न निष्प्रभावी नै रह्‍यो । सुरक्षा स्थिति नै राम्रो नहुँदा विकासका अन्य कार्यक्रमलाई पनि असर पर्छ । त्यसमाथि नेपाल–भारतबीचको खुला सीमानाले अवैध हतियारका कारोवारीलाई सजिलो परेको छ । यसले विभिन्न हतियारधारी तथा साना आपराधिक समूह मौलाएका छन् । तिनमध्ये धेरैजसोको राजनीतिक आधार, जनसमर्थन र स्पष्ट सांगठनिक संरचना छैनन् । त्यसैले ती सबै समूह राजनीतिक शक्तिअन्तर्गत पर्दैनन् ।

अहिले नेपालमा हिंसा, अपराध र असुरक्षा सामान्य बनेका छन् । एकातिर, हिंसाको रोकथाम नगरी द्वन्द्वोत्तर संक्रमणकाल सफल हुन सक्दैन भने अर्कोतिर हिंसाको रोकथामको लागि राजनीतिक दलबाटै प्रतिबद्धता आउनु जरुरी हुन्छ । आपराधिक प्रवृत्तिले बालबालिकाको अपहरण, हत्या, डकैती, हतियारको अवैध ओसारपसार, मानव ओसारपसार, लागुऔषध दुर्व्यसन र बलपूर्वक गराइने विस्थापन बढेका

छन् (उप्रेती र नेपाली सन् २००६) । यस्तो प्रवृत्ति विशेषगरी शान्ति सम्झौतामा हस्ताक्षर भइसकेपछि बढेका छन् । यस्तैगरी शान्ति प्रक्रियाको आरम्भका केही वर्षमा राजनीतिक दलले बल प्रयोगको लागि युवा दस्तालाई उराल्ने कामले पनि असुरक्षा र हिंसा निम्त्याई विकासमा अवरोध सिर्जना गरेका थिए । योङ कम्युनिस्ट लिग (वाइसिएल), युथ फोर्स, मधेस रक्षा वाहिनीजस्ता अर्धसैनिक संगठनको सिर्जनाले यो प्रक्रिया अझ जटिल बनेको थियो । लिम्बुवान, चुरेभावर एकता समाज, मधेसी जनाधिकार फोरम, मधेसी क्रान्तिकारी मोर्चा, तामाङ स्वायत्त क्षेत्र लोकतान्त्रिक मोर्चा, संयुक्त थारु राष्ट्रिय मुक्ति मोर्चा, क्षेत्री समाजजस्ता दल तथा समूहका अर्धसैन्य युवा दस्ताले यस्तै जटिलतालाई अझ बढाएका थिए ।

२.७.२ निःशस्त्रीकरण, गैरपरिचालन र पुनर्समायोजन

दसवर्षे सशस्त्र द्वन्द्वको असरले नेपाली समाज र मानसपटलमा धेरै सैन्य प्रभाव परेको छ । सयौँ सशस्त्र समूहका साथै उमेर नपुगेका पूर्व–लडाकुको विषयलाई पनि सम्बोधन गर्ने बाँकी छ । त्यसैले निःशस्त्रीकरण, गैरपरिचालन र पुनर्समायोजन (डिस्आर्मामेन्ट, डिमबिलाइजेसन एन्ड रिइन्टिग्रेसनः डिडिआर) को लागि राजनीतिक दलहरूबीच साझा समझदारी र सहकार्य खाँचो छ । तर विशेषगरी यसको अपूर्णता अथवा यसप्रतिको असमझदारीले नेपाली राजनीतिक जगतमा यो विषय विवादित बनेको छ । त्यसैले यसलाई सफल बनाउने अथवा परिमार्जित शैलीमा अगाडि बढाउने काम पनि द्वन्द्वोत्तर स्थायित्वको लागि एउटा चुनौती हुनेछ ।

२.७.३ साना तथा हलुका हातहतियारको नियन्त्रण

गृहयुद्धको समयमा साना तथा हलुका हतियारको अवैध उत्पादन, वितरण तथा प्रयोग सामान्य विषय थिए । राजनीतिक दल र सुरक्षा निकायको समन्वयमा संक्रमणकालीन सुरक्षालाई बलियो पारिएन भने यस्तो विषय द्वन्द्वोत्तर समयमा पनि सामान्य नै रहिरहने छन् (द्वन्द्वोत्तर नेपालमा साना हतियारको बिगबिगीसम्बन्धी विस्तृत चर्चाको लागि परिच्छेद १२ हेर्नुहोस्) ।

२.७.४ राष्ट्रिय सुरक्षा नीति तर्जुमा

नेपाललाई राज्य सुरक्षा, मानवीय सुरक्षा र सामाजिक सुरक्षाजस्त तीन अन्तरसम्बन्धित तत्व भएको बोधगम्य तथा प्रगतिशील राष्ट्रिय सुरक्षा नीति आवश्यक छ । राज्य सुरक्षाले मूलतः राष्ट्रिय सार्वभौमिकता र भौगोलिक अखण्डतालाई जोड दिन्छ । सैन्य

शक्तिलाई यस्तो सुरक्षाको मुख्य आधार मानिन्छ । यसले खासगरी बाह्य सुरक्षा चुनौतीको सामना गर्छ। मानव तथा नागरिक अधिकारको संरक्षण गर्ने हुनाले मानवीय सुरक्षालाई यसको राष्ट्रिय सुरक्षाको अर्को महत्वपूर्ण पाटो मानिन्छ। यसले जनताको आधारभूत आवश्यकता पूरा गर्नमा जोड दिन्छ र सामाजिक तथा राज्य सुरक्षाको पूरकको रूपमा काम गर्छ।

सामाजिक सुरक्षा राष्ट्रिय सुरक्षाको अर्को महत्वपूर्ण आधार हो । यसले जनताको सुरक्षा, महत्वपूर्ण पूर्वाधार (जस्तैः दूरसञ्चार टावर, ठूला जलविद्युत् आयोजना, ब्याङ्क, औद्योगिक क्षेत्र, विमानस्थल आदि) र सार्वजनिक कामकाजमा मानवीय अथवा प्राकृतिक विपत्तिविरुद्ध सुरक्षाको प्रत्याभूति दिन्छ । आतंकवाद, संगठित अपराध (जस्तैः कालोधनको कारोबार, चेलीबेटी बेचबिखन र मानवीय अंग तथा लागुऔषधको ओसारपसार), समाजमा हुने आपराधिक घुसपैठ, प्राकृतिक विपत्ति (भूकम्प, बाढी, पहिरो, खडेरी), जलवायु परिवर्तनका प्रभाव (हिमनदी विस्फोट, समुद्री सतहको वृद्धि, दीर्घकालीन खडेरी आदि), महामारी (बर्ड फ्लू, एचआइभी र एड्स, सार्स इत्यादि) र धार्मिक अतिवादविरुद्ध नागरिकलाई सुरक्षा दिनु सामाजिक सुरक्षाको मूल ध्येय हो। जनतालाई गैरपरम्परागत सुरक्षा चुनौती (अनकन्भेन्सनल सेक्युरटी थ्रेट) (जस्तैः मानवनिर्मित तथा प्राकृतिक विपत्ति) बाट समेत सुरक्षित पार्नु र अग्नि सुरक्षा, सडक सुरक्षा र निर्माण–कार्यसम्बन्धी सुरक्षाको प्रत्याभूति पनि राष्ट्रिय सुरक्षाकै अर्को पाटो हो।

नयाँ राष्ट्रिय सुरक्षा नीति तर्जुमाको क्रममा हुनाले नेपालले माथि चर्चा गरिएका सुरक्षाका तीन पाटाहरूलाई ख्याल राख्नुपर्ने हुन्छ । सुरक्षाको विषय अहिले गहन रूपले विश्वव्यापीकृत भएको छ । त्यसैले संसारको एउटा कुनामा हुने असुरक्षाले अर्को कुनाको देशलाई पनि असर पर्न सक्छ । विशेषगरी आतंकवादी सञ्जालको विस्तार तथा सूचना–प्रविधिको विकासले पनि यसलाई सम्भव बनाएको छ। नेपालको नयाँ राष्ट्रिय सुरक्षा नीतिले यसलाई पनि ध्यान दिनुपर्छ। यसले आउँदो पचास वर्षको सुरक्षा गतिशीलतालाई मध्यनजर राख्दै तयारी गर्नु अपरिहार्य छ। अहिले नेपालको राष्ट्रिय सुरक्षाको विषयमा भिन्न विचार आइरहेका छन्। मूलधारको राजनीतिले अझै पनि यसलाई सार्वजनिक संलग्नता नहुने विशुद्ध सैन्य मामिलाको रूपमा हेर्ने गरेको छ। तर सो विषयमा आपसी छलफल गरी समय सुहाउँदो कदम लिनु विवेकी काम हुनेछ। त्यसले स्पष्ट परिकल्पना, रणनीतिक राष्ट्रिय अभिरुचि, उद्देश्य, कार्यविधि र प्रत्येक सुरक्षा संरचनाको मूल जिम्मेवारी निर्धारण गर्न सक्छ। यसरी सम्भाव्य तथा

वास्तविक सुरक्षा जोखिम, चुनौती र खतराको आँकलन गर्न विस्तृत आधारशिला तयार हुन सक्छ ।

भारत र चीनजस्ता दुई भीमकाय मुलुकबीच नेपाल भू-राजनीतिक रूपले नै रणनीतिक स्थानमा छ । यी दुई मुलुक प्रतिस्पर्धात्मक शैलीमा आफूहरूलाई विश्वशक्ति बनाउने होडमा छन् । यसमाथि दक्षिण एसिया विश्वव्यापी आतंकवादकै मूल केन्द्रविन्दु बनेको छ भने यसको मुख्य असर भारतमा परेको छ । अहिलेसम्म विश्वव्यापी आतंकवादी सञ्जालको प्रत्यक्ष सिकार नबने पनि १८०० किलोमिटर लामो खुला सीमानाको कारण भारतमा हुने आतंकवादी क्रियाकलापको असर नेपालमा पनि पर्न सक्छ । आणविक तथा साना हतियारको ठूलो भण्डारण भएको हुनाले पनि दक्षिण एसियालाई विश्वकै एक उच्च सैनिकीकृत क्षेत्र मानिन्छ । यसमाथि भारत र पाकिस्तानको सैन्य प्रतिस्पर्धाको होडले उत्पन्न हुने राजनीतिक तनावले पनि नेपाललाई गम्भीर सुरक्षा चुनौती दिएको छ । दक्षिण एसियाका उच्च भूभागहरू गरीबी, असमानता, अन्याय र विभेदको केन्द्र नै हुन् । त्यसैले यिनीहरू द्वन्द्व र अस्थायित्वका उर्वर भूमि बनेका छन् । जलवायु परिवर्तनको असर, ऊर्जा संकट, जलसंकट र खाद्य असुरक्षाले पनि यस क्षेत्रमा चुनौती थपेका छन् । नेपालमा अस्थायित्व निम्त्याउन यस्ता तत्व पनि जिम्मेवार छन् । यिनलाई सम्बोधन नगरी बनाइने राष्ट्रिय सुरक्षा नीति फलदायी हुन कदापि सक्दैन ।

नयाँ राष्ट्रिय सुरक्षा नीतिले पर्याप्त कानुनी आधारशिला, उत्तरदायी संस्थागत व्यवस्था र अनुकूल सुरक्षा रणनीति दिन सक्नुपर्छ । आर्थिक तथा अन्तर्राष्ट्रिय सम्बन्ध नीतिसँग पनि यसको बलियो सम्बन्ध हुनुपर्छ । यसमा सैनिक, सशस्त्र प्रहरी, नागरिक प्रहरी, औद्योगिक तथा सीमा सुरक्षा बल, गुप्तचर संयन्त्र, निजी सुरक्षा बलको प्रावधान र अग्नि रक्षक, वन रक्षक अथवा निकुञ्ज निरीक्षकजस्ता भिन्नखाले सुरक्षा बलका प्रकारहरूलाई स्पष्ट पारिनुपर्छ । अर्को भनेको तिनको आकार अथवा संख्या निर्धारण, संस्थागत व्यवस्थापन, रक्षा रणनीति र सुरक्षा बल तथा सोप्रति कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाको काम, कर्तव्य र अधिकार तोक्नु पनि हो । यी सबै तथ्यलाई विचार गर्दा विस्तृत राष्ट्रिय सुरक्षा नीतिविना नेपाली सेनाको लोकतन्त्रीकरण अथवा माओवादी पूर्व-लडाकुको समायोजन अस्थायीमात्रै हुने देखिन्छ । राज्यले लिने नयाँ संवैधानिक व्यवस्था र सुरक्षा नीतिअनुरूप राज्यको सम्पूर्ण सुरक्षा संरचना नै पुनर्निर्माण गर्नुपर्ने हुन्छ । त्यसैले सुरक्षासम्बन्धी जुनै पनि निर्णय गर्दा यी कुरामा विचार पुऱ्याउनुपर्ने हुन्छ ।

अबको संवैधानिक व्यवस्थाले पनि राष्ट्रिय सुरक्षा नीतिका आधारलाई समेट्नुपर्छ। सुरक्षा निकायको लोकतान्त्रिक जवाफदेहिता, पारदर्शिता र गोपनीयताबीचको उपयुक्त सन्तुलन, समावेशी सुरक्षा प्रदायक संयन्त्र, अन्तराष्ट्रिय मानव अधिकार तथा सम्बन्धित कानुनको सम्मान, सम्बन्धित मन्त्रालयहरू (गृह, परराष्ट्र, रक्षा तथा अन्य) बीच प्रभावकारी समन्वय र निगरानी (सुरक्षा संरचना, सरकार, संसद्, न्यायपालिकाले आन्तरिक तथा आमसञ्चार, नागरिक समाज र सर्वसाधारणले बाह्य) जस्ता व्यवस्था पनि राष्ट्रिय सुरक्षा नीतिले समेट्नु हितकर हुनेछ।

नयाँ राष्ट्रिय सुरक्षा नीतिले सुरक्षा अनुसन्धान तथा विश्लेषणको लागि पर्याप्त संस्थागत आधार सिर्जना गर्नु पनि अपरिहार्य छ। यसभित्र जोखिम मूल्याङ्कन, खतराको विश्लेषण र अग्रिम सूचना दिने व्यवस्था हुनुपर्छ। साथै यसले जैविक-आंतकवादसँग जुध्न सूक्ष्म-जैविक प्रयोगशाला (माइक्रोबायोलजी ल्याबरेटरी) तथा महामारीसँग जुध्न जनस्वास्थ्य निगरानी व्यवस्थाजस्ता सुरक्षासम्बन्धी प्राविधिक पूर्वाधार, साधनसम्पन्न गुप्तचर प्रणाली र दिइएको जिम्मेवारी पूरा गर्न आवश्यक स्रोतको पनि व्यवस्था गरिदिनुपर्छ।

अहिले एउटा सर्वस्वीकार्य राष्ट्रिय सुरक्षा नीति ल्याउन राजनीतिक दल, जिम्मेवार सरकारी विभाग, संसद्को राज्यव्यवस्था समिति, अनुसन्धाता, नागरिक समाजका अगुवा, प्राज्ञिक क्षेत्र र जिम्मेवार सुरक्षा अधिकारीहरूको संयुक्त सहकार्य जरुरी छ। यसले मात्रै राज्य तथा जनताको सुरक्षा सुनिश्चित गर्दै सुरक्षा बलको लोकतान्त्रिक नियन्त्रण र संसदीय निगरानी, मानव अधिकार-मैत्री, दक्ष तथा प्रभावकारी सुरक्षा प्रणालीजस्ता विश्वव्यापी रूपले स्थापित अवधारणा समेट्ने सुरक्षा नीति तर्जुमा गर्न सक्छ।

२.७.५ सुरक्षा क्षेत्र पुनर्संरचना

प्रहरी, सेना, अर्धसैन्य बल, स्थानीय सुरक्षा एकाइ, गुप्तचर तथा कानुनी रूपले परिभाषित सुरक्षा अंगहरूको रूपान्तरण प्रक्रियालाई सुरक्षा क्षेत्र पुनर्संरचना भनिन्छ (ग्रिन सन् २००३)। तिनसँग बल प्रयोग अथवा प्रयोगको लागि आदेश दिने अधिकार हुन्छ। सुरक्षा अंगहरूको नागरिक नियन्त्रण र संसदीय निगरानी, उपयुक्त संख्या निर्धारण, आधुनिकीकरण र व्यावसायीकरण, कानुनी शासनको सम्मान र युद्धदेखि शान्तिसम्मको संक्रमणको सहजीकरण सुरक्षा क्षेत्र पुनर्संरचनाका मूलभूत मान्यता हुन् (उप्रेती सन् २००६, ओइसिडी सन् २००४, डिएफआइडी सन् २००२)। यसले

सुरक्षा क्षेत्रमा नवीन परिकल्पना र तटस्थताका साथ रूपान्तरणमुखी सुधार गर्ने उद्देश्य राख्छ । यसको लागि नागरिक सरकार तथा सुरक्षा अधिकारीमा इमान्दार प्रतिबद्धता एवम् निष्पक्षता जरुरी हुन्छ ।

द्वन्द्वोत्तर संक्रमणलाई सफल बनाउन पनि विस्तृत सुरक्षा नीति र सुरक्षा प्रणालीको नयाँ खाका आवश्यक हुन्छ । यसको लागि पनि अघिल्लो उपशीर्षकमा चर्चा गरिएजस्तै राज्य सुरक्षा, मानवीय सुरक्षा र सामाजिक सुरक्षाजस्ता तीन महत्वपूर्ण आधारलाई समेटिनुपर्छ । किनभने राष्ट्रिय सुरक्षा भनेको सीमा, अन्तरिक्ष, सूचना र साइबर सुरक्षाको संयुक्त स्वरूप हो । त्यसैले नेपालले अहिलेसम्मको परम्परागत सुरक्षा व्यवस्थाभन्दा पनि पर गैरपरम्परागत सुरक्षा प्रणालीमा प्रवेश गर्नु अत्यावश्यक भइसकेको छ ।

प्रभावकारी द्वन्द्वोत्तर राज्यनिर्माण गर्न सुरक्षा क्षेत्रअन्तर्गत रक्षा मन्त्रालय, गृह मन्त्रालय, सेना, सशस्त्र प्रहरी बल, प्रहरी तथा गुप्तचर विभागको पुनर्संरचनालाई समेटिनु पर्छ । यसको लागि सेना समायोजन, लोकतन्त्रीकरण, सुरक्षा नीति र परराष्ट्र नीतिबीचको अन्तरसम्बन्ध, सजाय व्यवस्था तथा न्यायपालिकामा सुधार, सुरक्षा अवधारणाको पुनर्व्याख्या र निजी सुरक्षा प्रदायकको समेत पुनर्संरचना गरिनु पर्छ ।

भिन्न व्यक्तिले सुरक्षा क्षेत्रलाई भिन्न परिप्रेक्ष्यमा भिन्नै तरिकाले व्याख्या गरेका छन् । कुमार र शर्मा (सन् २००५) मा उद्धृत ओइसिडी (सन् २००४) का अनुसार राज्यको सुरक्षा र हिंसा तथा जबर्जस्तीजस्ता गतिविधिबाट आफ्ना नागरिकलाई बचाउने औपचारिक अधिकार पाएको राज्य संस्था सुरक्षा निकाय हो । द्वन्द्वसम्बन्धी आलेखहरूमा उल्लेख भएअनुसार सुरक्षा क्षेत्र सुधार विश्वव्यापी रूपमा प्रयोग भएको अवधारणा हो । यद्यपि, राज्य पुनर्संरचनाकै एउटा पाटो भएको हुनाले नेपालमा सुरक्षा क्षेत्र अथवा प्रणालीको पुनर्संरचना अझ धेरै सान्दर्भिक देखिएको छ । स्नाबेल र एर्हार्ट (सन् २००५) ले उल्लेख गरेअनुसार परिवर्तित परिप्रेक्ष्यमा सुरक्षा निकायको बदलिँदो कर्तव्य, भूमिका र जिम्मेवारीलाई लोकतान्त्रिक मूल्य तथा मान्यता र सुशासनको सिद्धान्तअनुरूप चलाउनु सुरक्षा क्षेत्र सुधारको अर्को आधार हो ।

चित्र २.११ सुरक्षा क्षेत्र सुधारका तत्वहरू



स्रोतः लेखकद्वारा रुपाङ्कन गरिएको ।

सुरक्षा क्षेत्र पुनर्संरचना भनेको यस क्षेत्रमा भएका कमजोरीको सम्पूर्ण सुधार, नवीन विचार र नागरिक सरकार तथा सुरक्षा अधिकारी दुवैमा प्रतिबद्ध, निष्पक्षता तथा तटस्थता ल्याउनु हो । मानव अधिकार तथा सैन्य अभ्यास, क्षमता अभिवृद्धि तथा प्राविधिक दक्षता सबैखाले आवश्यक तालिम, विकासका कार्यक्रममा सुरक्षा सवाललाई जोड्ने काम, गोपनीयता र पारदर्शिताबीच उपयुक्त सन्तुलन, समन्वय तथा कार्यसम्पादनको बलियो संयन्त्र, सैनिक र नागरिकबीचको सम्बन्ध, सार्वजनिक चेतना अभिवृद्धि, संवैधानिक तथा कानुनी आधारशिलाको सुदृढीकरण, सुरक्षा क्षेत्रको कार्यसम्पादनको आवधिक मूल्याङ्कन र स्वतन्त्र निगरानी संयन्त्र (जस्तैः मानव अधिकार आयोगजस्ता सार्वजनिक हितका निकाय, महान्यायाधिवक्ता, विधायक तथा न्यायिक निकाय आदि) जस्ता पक्ष सुरक्षा क्षेत्रको पुनर्संरचनामा महत्वपूर्ण हुन्छन् (बाल्डविन सन् १९९७, डिएफआइडी सन् २००३, एबो सन् २००५) ।

सुरक्षा क्षेत्रको पुनर्संरचना सुरक्षाका पक्षसँग मात्रै नभएर सामाजिक, राजनीतिक, आर्थिक, अन्तर्राष्ट्रिय र विकासका सवालसँग पनि सम्बन्धित हुन्छ । सुरक्षा क्षेत्र सुधार अथवा रूपान्तरणले स्तरीय लोकतान्त्रिक सिद्धान्त र मूल्यमा आधारित नीति, विधान, अन्तर्राष्ट्रिय सम्बन्ध, संरचना तथा निगरानीका विषयलाई पनि सम्बोधन गर्नुपर्छ (उप्रेती सन् २००३, डिएफआइडी सन् २००२ र सन् २००३) । शास्त्रीय सुरक्षा अवधारणाले जनता तथा राष्ट्रको सुरक्षाको लागि राज्यको कानुनी एकाधिकारमा मात्रै जोड दिन्छ । यसले विशेषगरी बाह्य खतराबाट राज्यलाई बचाउने लक्ष्य राखेको हुन्छ । यसमाथि, यस्तो अवधारणाले सैन्य शक्तिको प्रयोग केवल युद्धको तयारी, सोबाट बचाउ अथवा सोको सामना गर्नमा मात्रै लगाउँछ (वाल्ट सन् १९९१) । सैनिक, अर्धसैनिक, प्रहरी र गुप्तचर सबैलाई त्यसैको लागि मात्रै प्रयोग गरिन्छ । यस्तो राज्य–केन्द्रित परम्परागत सुरक्षा अवधारणा अहिले सङ्कीर्ण भइसकेको छ । मानवअधिकार, जीविका सुरक्षा, वातावरणीय सुरक्षा तथा ऊर्जा सुरक्षालाई समग्र रूपमा हेर्ने आधुनिक सुरक्षा अवधारणालाई शास्त्रीय सुरक्षा अवधारणाले उति ख्याल राख्दैन । आधुनिक सुरक्षा अवधारणाले सम्मानित जीवन बाँच्न पाउने जनताको अधिकारसहितको मानवीय सुरक्षामा जोड दिएको हुन्छ (उप्रेती सन् २००६, बाल्डविन सन् १९९७) । यसरी लोकतान्त्रिक शासन सुरक्षा क्षेत्र पुनर्संरचनाको महत्वपूर्ण पक्ष हो (कुमार र शर्मा सन् २००५, उप्रेती सन् २००३, आदित्य र अरू २००६) । दुःखलाग्दो कुरा, नेपालमा यही कुराको कमी छ ।

बृहत् शान्ति सम्झौताको भाग चारको बुँदा ४.७ ले नेपाली सेनाको लोकतन्त्रीकरणबारे लेखेको छः

> नेपाली सेनाको नियन्त्रण, परिचालन र व्यवस्थापन नयाँ सैनिक ऐन बमोजिम मन्त्रिपरिषद्ले गर्ने । अन्तरिम मन्त्रिपरिषद्ले राजनीतिक सहमति र अन्तरिम व्यवस्थापिकाको सम्बन्धित समितिसमेतको सुझाव लिएर नेपाली सेनाको लोकतन्त्रीकरणको विस्तृत कार्ययोजना तर्जुमा र कार्यान्वयन गर्ने । यसअन्तर्गत नेपाली सेनाको उपयुक्त संख्या, लोकतान्त्रिक संरचना, राष्ट्रिय र समावेशी चरित्र निर्माण गर्दै लोकतन्त्र र मानवअधिकारको मूल्यद्वारा सेनालाई प्रशिक्षित गर्ने लगायतका कामहरू गर्ने ।

यसरी नै अन्तरिम संविधान–२०६३ को धारा १४४ (३ र ४) ले यस्तै प्रावधान उल्लेख गरेको छ । यसप्रकार नयाँ राजनीतिक परिप्रेक्ष्यले विद्यमान सैन्य संरचनाको सुधारबारे स्पष्टै व्यवस्था तोकेको छ । तर समग्र पुनर्संरचनाको लागि अन्तर्राष्ट्रिय सम्बन्ध, रक्षा नीति, आर्थिक नीति, राष्ट्रिय सुरक्षा परिषद्जस्तो शक्तिशाली सुरक्षा संयन्त्रको

स्थापनालाई मिलाएर गरिने राष्ट्रिय सुरक्षा नीतिको विकास, गुप्तचर निकायको सुधार, प्रहरी तथा सेनामा आधुनिकीकरणजस्ता पक्षलाई ध्यान दिनुपर्छ। सुरक्षा क्षेत्रको कुनै एक पक्षको मात्रै सुधार गर्ने गरी हुने पुनर्संरचनाको एक्लो प्रयासले अपेक्षित परिणाम ल्याउन सक्दैन।

२.८ अन्तर्राष्ट्रिय सम्बन्ध र परराष्ट्र नीति

द्वन्द्व र विकासबीचको सम्बन्ध विषम हुन्छ भन्ने संसारभरकै द्वन्द्वका इतिहासले देखाएका छन्। विकासका कार्यक्रम गरीब तथा सीमान्तकृत जनतासम्म नपुगेमा असमानता र अन्यायको अनुभूतिले द्वन्द्व झनै चर्काउँछ। छ दशकभन्दा बढीको विकास सहायतासम्बन्धी नेपाली अनुभवले पनि यही तथ्य प्रमाणित गर्छ। नेपालको विकास इतिहास एउटा असफलताको इतिहास बनेको छ। यसले गरीबी र बहिष्करणलाई पर्याप्त सम्बोधन गर्न सकेन र धनी तथा गरीबबीचको दूरीलाई झनै बढायो। स्रोतमाथि सम्भ्रान्तहरूको कब्जा रहिरह्यो। यसरी तनाव गौण रूपमा बढिरहनुमा विदेशी सहायतामा हुने शर्तहरू पनि मुख्य जिम्मेवार थिए। यसले गर्दा विभिन्न सरकारहरूले गरीब तथा विपन्न जनताको जीवनस्तर (व्यावहारिक आवश्यकता र रणनीतिक अभिरुचि) सुधार्ने दीर्घकालीन कार्यक्रममा ध्यान दिन पाएनन्।

शान्ति पुनर्स्थापना, लोकतन्त्रको सुदृढीकरण, आर्थिक वृद्धि तथा द्वन्द्वोत्तर राज्यनिर्माणको खाकालाई प्रभावकारी कार्यान्वयन गर्न नेपाललाई विदेशी सहायता खाँचो पर्छ। यद्यपि अहिलेको आवश्यकता भनेको अन्तर्राष्ट्रिय समुदायले नेपाल सरकारका प्रयासहरूलाई सहयोग र सहजीकरण गर्नु हो, शर्तमा बाँध्नु होइन।

२.९ पुनर्निर्माण तथा विकास

द्वन्द्वोत्तर स्थायित्व र शान्तिको लागि कुनै एकमात्रै तत्वले पुग्दैन। यसको लागि क्षतिग्रस्त पूर्वाधारको पुनर्निर्माण, विकासका विद्यमान नीतिको पुनर्व्याख्या र नियामक आधारशिला तथा संस्थागत व्यवस्थापन आवश्यक पर्छ। नेपाल अब संघीय संरचनामा जाने निश्चित भएकोले पनि सोहीअनुरूप नयाँ आधार खडा गरिनुपर्छ। द्वन्द्वोत्तर पुनर्निर्माण र विकाससम्बन्धी चर्चा यस पुस्तकको परिच्छेद ७ मा विस्तृत रूपमा गरिएको छ।

२.१० राजनीतिक दलमा सुधार

नेपालका राजनीतिक दल राज्यनिर्माणका मात्रै होइनन्, सारा संरचना तथा प्रक्रियालाई नै राजनीतीकरण गरेर राज्यलाई अकर्मण्य बनाउने कर्ता पनि हुन् । तिनमै सुधार नभई राज्यको पुनर्संरचना र नयाँ नेपाली राज्यको निर्माण असम्भव र अर्थहीन हुन्छ । त्यसैले द्वन्द्वोत्तर राज्यनिर्माणले दल सुगठनको प्रक्रियालाई पनि सँगै लैजानुपर्छ । किनभने दल भनेका बहुदलीय लोकतन्त्रका खम्बा र भविष्यको नेतृत्व उत्पादन गर्ने मञ्च पनि हुन् ।

चित्र २.१२ राजनीतिक दल सुधारका तत्वहरू



स्रोत: लेखकद्वारा रूपाङ्कन गरिएको ।

३. द्वन्द्वोत्तर राज्यनिर्माणका चुनौती

जारी राजनीतिक परिवर्तन र सामाजिक रूपान्तरणको क्रममा नेपालले निकै विरोधाभाषपूर्ण वातावरण बेहोरेको छ । सामाजिक मानसिकतामा कथनी र करनी (भनिने र गरिने) बीच भिन्नता देखिन्छ । द्वन्द्वोत्तर पुनर्निर्माण र राज्यनिर्माणको लागि यो पनि एउटा चुनौती हो । अहिले मानवीय व्यवहारको यो एउटा अत्येज्य पाटो नै बनेको छ । तिनीहरू सामाजिक–राजनीतिक वातावरण, अवसर हात पार्ने अभिरुचि अथवा अनिच्छित परिस्थितिबाट भाग्ने चाहना र निहित स्वार्थ पूर्ति गर्ने महत्वाकांक्षाले उत्पादित अथवा प्रभावित भएका हुन्छन् । प्रायजसो यो व्यक्तिगत

चरित्रको रूपमा देखापर्छ । प्रत्येक समाजमा प्रतिबिम्बित भए पनि व्यक्तिअनुसार यसको मात्रा र गहनता फरक हुन्छ । व्यक्तिको विरोधाभाषपूर्ण व्यवहारको असर उसको सामाजिक तथा राजनीतिक हैसियतअनुसार फरक पर्छ। यसरी उच्च ओहोदामा बसेका व्यक्तिको द्वैधता एवम् विरोधाभाषपूर्ण व्यवहारले समाजको ठूलो हिस्सालाई असर पार्छ । तिनको व्यवहारलाई समाज, मिडिया, विश्लेषक र समालोचकहरूले पनि नजिकैबाट अध्ययन गरिरहेका हुन्छन् (यसबारे परिच्छेद १४ मा विस्तृत चर्चा गरिएको छ ।) व्यक्तिको दैनिक जीवनमा विरोधाभाष अभिन्न पाटो बनेको छ, तर पनि निश्चित परिस्थितिअनुसार सोको मात्रा तथा गहनता बढ्दै जान्छ । खासगरी समाज संक्रमणमा हुँदा, राज्य कमजोर बन्दा, आर्थिक अस्थायित्व उच्च हुँदा र सामाजिक मानसिकतालाई उरालिएको समयमा यसको सम्भावना धेरै हुन्छ । सार्वजनिक पदधारण गरेका व्यक्तिको लागि नैतिकता, जवाफदेहिता, जिम्मेवारी र पारदर्शिता महत्वपूर्ण चरित्र हुन् । तिनको नैतिक मूल्यलाई व्यक्तिले सम्मान गर्न जान्नुपर्छ ।

मानवीय व्यवहारलाई सन्तुलित राख्न राज्यले केही कानुनी व्यवस्था पनि गरेको हुन्छ । यद्यपि यस्तो कानुन गरीब तथा शक्तिहीन जनतामा मात्रै लागू गर्ने तर शक्तिशालीमा नगर्ने परिपाटी तथा भएको कानुन पनि कार्यान्वियन गर्न अथवा मुद्दा फैसला गर्न वर्षौं लाग्ने हुनाले प्रभावकारितामा सधैँ प्रश्न उठ्ने गरेको छ । कानुनी व्यवस्था कार्यान्वियन गर्ने जिम्मेवार व्यक्ति तथा निकायले पनि कथनी र करनीमा सन्तुलन राख्न सकेका छैनन् । त्यसैले जुनै पनि पेशा, उमेर, वर्ग, लिङ्ग, सामाजिक हैसियत भएका व्यक्तिमा यो अभिन्न सामाजिक चरित्र बनेको छ । परिणामस्वरूप नेपालमा राजनीति, व्यापार, प्राज्ञिक संस्था, सामाजिक सेवा, कूटनीतिक समुदाय, गैरसरकारी संस्था, सरकारी संस्था, संसद्, न्यायपालिका, सुरक्षा र नागरिक समाजमा समेत भनिने र गरिने कामबीच ठूलो भिन्नता देखिन्छ । यो चरित्रबाट मुक्त व्यक्ति, क्षेत्र वा संस्था पाउन लगभग मुस्किलजस्तो भइसकेको छ ।

उदाहरणको लागि कुनै पनि नयाँ सरकार बनेपछि यसले गठबन्धन दलले अँगाल्नुपर्ने केही न्यूनतम मान्यताहरू सार्वजनिक गर्छ । तर यस्ता सरकारले ती मान्यतालाई कार्यान्वयनै गर्दैनन्, गरिहाले पनि आफूखुसीमात्रै कार्यान्वयन गर्छन् । प्रायः यही कुरा गठबन्धन दलबीच झगडाको बीउ बन्छ । पूर्वराजा ज्ञानेन्द्रले २०६१ माघ १९ मा सत्ता हत्याउँदा उनको तर्क भनेको लोकतन्त्रलाई सुदृढीकरण गर्नु थियो । एकतन्त्र लादेर लोकतन्त्रलाई सुदृढीकरण गर्छु भन्नु द्वैधताको ज्वलन्त उदाहरण थियो ।

जनतासँग गरेका वाचा पूरा नगर्ने हुनाले नेपालका राजनीतिक दल कार्यसम्पादनका दृष्टिले निकै असफल मानिन्छन् । तिनको कार्यशैलीमा हुने द्वैधता यसको मूल कारण हो । दलहरूले जनविश्वास गुमाएकै कारणले पूर्वराजाले 'कु' गर्ने मौका पाएका थिए । त्यसपछि बाह्रबुँदे समझदारीमार्फत् तिनले आफूलाई सच्याउने प्रतिबद्धता जाहेर गरे । समझदारीका बुँदा यस्ता छन्ः

> विगतका गल्ती कमजोरीहरूको आत्मसमीक्षा र आत्मआलोचना गर्दै भविष्यमा गल्ती कमजोरी हुन नदिन ने.क.पा.(माओवादी) ले प्रतिबद्धता व्यक्त गरेको छ (बुँदा ६) । सात राजनीतिक दलहरूले विगतमा संसद् र सरकारमा छँदा भएका गल्ती कमजोरीप्रति आत्मसमीक्षा गर्दै अब त्यस्ता गल्ती कमजोरी नदोहोऱ्याउने प्रतिबद्धता व्यक्त भएको छ (बुँदा ७) ।

वि.सं. २०६३ मंसिरमा यो समझदारी भएको थियो । तर सोही वर्ष नै यसका धेरै बुँदालाई बेवास्ता गरिएका थुप्रै उदाहरण छन् ।

एकातिर सरकारहरूले जथाभावी खर्च नियमन गर्न मन्त्रिपरिषद्बाट नियम पास गराए । अर्कोतिर प्रधानमन्त्री, मन्त्री, सचिव र सरकारी अन्य अधिकारीले विदेश भ्रमणमा करोडौँ खर्च गरे । तीमध्ये धेरै खर्च राजनीतिक सन्तुलन, पारिवारिक सन्तुष्टि, वैदेशिक सञ्जाल विस्तार तथा अर्थोपार्जनमा केन्द्रित थिए । जसले यी नियम बनाएका थिए, पछि तिनले नै नियमको उपहास गरे ।

नाम चलेका केही महिला अधिकारकर्मीले पहिले नै श्रीमती भएका मानिससँग बिहे गरेका कुरा पनि मिडियामा आए । यसरी महिलाका अधिकार माग्नेहरूले नै दोस्रो श्रीमतीको रूपमा विवाहित हुनु द्वैधताको अर्को उदाहरण हो । तिनले उक्त श्रीमान्की पहिली श्रीमतीको अधिकारबारे कहिल्यै सोचेनन् । यसरी नै केही बालअधिकारकर्मीले आफ्नै घरमा बालबालिकालाई सेवकको रूपमा राखेका समाचार पनि आए । यस मुलुकको कानुन र मानव अधिकारको सिद्धान्तअनुसार पनि बालबालिकालाई सेवकको रूपमा प्रयोग गर्न पाइँदैन ।

'नागरिक समाज' शब्दावली नेपालमा सुगा–रटाइको शब्दजस्तो बनेको छ । तर यसको अवसरवादी तथा विवादित कार्यसम्पादनले नागरिक समाज भन्ने अवधारणा नै धमिलिएको छ । प्रायजसो निश्चित उद्देश्य पूरा गर्न लागिपरेका स्वयंसेवी तथा गैरनाफामुखी सामाजिक कार्यकर्ता तथा संस्थाहरूलाई बुझाउन यसको प्रयोग गरिन्छ (क्यापारिनी र कोल सन् २००८) । तर तिनका गतिविधिले मात्रै होइन, भनाइ र गराइमा आउने भिन्नताले पनि नागरिक समाजको अवधारणा विवादित छ । केही

मानिसले नागरिक समाजको अगुवा भनी आफूलाई नागरिकको प्रतिनिधि हौँ भनी दाबी गर्छन् । तर उनिहरुको वैधताको स्रोत प्रष्ट हुँदैन । तिनले राजनीतिक दलहरू, सरकार र अरू सबैको सार्वजनिक रूपमा आलोचना त गर्छन् तर पछि भने तिनले यिनै आलोचनालाई माध्यम बनाएर राजनीतिक नियुक्ति, भौतिक फाइदा अथवा विदेशी अनुदान लिन्छन् । नागरिक समाजका नेता हुनु फाइदा (पद, पहिचान, अन्तर्राष्ट्रिय सम्पर्क, पैसा तथा विशेषाधिकार) कमाउने सबैभन्दा सहज तरिका हो भन्ने धेरैको मान्यता छ । राजनीतिक दल तथा दातृ निकायलाई आलोचना गर्ने नागरिक समाजका नेता मानिएका धेरैजना कुनै न कुनै दल अथवा निकायसँग नजिकको सम्बन्ध गाँसिएका मानिस छन् । तिनबाट यीनहरूले अवाञ्छनीय फाइदा लिइरहेका हुन्छन् । नागरिक अगुवा मानिएका धेरैले त भत्ता, बिषेसा रात्रिभोज, अन्तर्राष्ट्रिय भ्रमण र परामर्शदाता (विश्लेषक, सल्लाहकार, स्रोत व्यक्ति आदि) का रूपमा प्रत्यक्ष अथवा परोक्ष फाइदा उठाएका हुन्छन् ।

धार्मिक नेताहरूले पनि आफूहरू तटस्थ, अराजनीतिक र जनकल्याणकारी काममा मात्रै लागेको बताउँछन् । सामाजिक संगति, आपसी सम्मान तथा जनकल्याण आफूहरूको मूल ध्येय रहेको तिनले भनी रहन्छन् । तर यसको उल्टो तिनले खुला वा गोप्य रूपमा एउटा आदर्श अथवा राजनीतिक धारलाई समर्थन र अर्कोको विरोध गरिरहेका हुन्छन् । अन्तर्राष्ट्रिय समुदायमा पनि यस्तै विरोधाभाष देख्न सकिन्छ । यिनीहरू सरकार तथा अन्य साझेदारहरूसँग पारदर्शिता र जवाफदेहिता खोज्छन्, तर आफूहरू नै न पारदर्शी हुन्छन्, न त सहायता प्रभावकारितासम्बन्धी पेरिस घोषणा (पेरिस डिक्ल्यरेसन अफ एड इफेक्टिभनेस) अथवा अक्रा कार्ययोजना (अक्रा प्लान अफ एक्सन) जस्ता जवाफदेहिताका प्रावधानहरूको सम्मान गर्छन् ।

कथनी र करनीबीचका यी बेमेल समाजको आदर्श, अवधारणा अथवा कार्यसम्पादन तीनै पक्षमा हावी छन् । तिनीहरू चतुर अथवा रणनीतिक प्रकृतिका हुन्छन् । तर नेपाली समाजमा यस्तो बेमेलले बलियोसँग जरा गाडेका हुनाले नैतिकता, जवाफदेहिता, जिम्मेवारी र पारदर्शिताजस्ता मूल्य र मान्यताहरू मूलतः कथनीमै मात्र सीमित भएका छन् ।

नेपालमा द्वन्द्वोत्तर विकासको लागि सम्भाव्य अर्को जोखिम भनेको एकातिर जनताको उच्च आकांक्षा हो भने अर्कोतिर जनआकांक्षलाई पूरा गर्न नसक्ने गरी नेताहरूले दिने गरेको वाचा हो । द्वन्द्वोत्तर विकासको रणनीति र कार्यपद्धतिमा मनचिन्ते वाचालाई स्थान दिनु हुँदैन । यदि पूरा नभएमा पछि यिनले नै ठूलो समस्या सिर्जना गर्छन् ।

नेपालसँग शान्ति र स्थायित्व स्थापना गर्ने र जनआकांक्षालाई पूरा गर्ने क्षमता छ । सोको लागि उपलब्ध स्रोतहरूको पारदर्शी उपयोग हुनुपर्छ र सुशासनका सिद्धान्त तथा कानुनी शासनको मान्यताहरू स्वीकार्नु पर्छ । राजनीतिक हस्तक्षेप, कर्मचारीतन्त्रको हालीमुहाली, भ्रष्टाचार र कुशासन र जनआकांक्षलाई पूरा गर्न नसक्ने गरी नेताहरूले दिने गरेका वाचा अहिले नेपालको विकासको लागि सबैभन्दा जटिल समस्या बनेका छन् ।

४. निष्कर्ष

द्वन्द्वोत्तर उथलपुथलको स्थितिमा हुनाले नेपालमा राज्यनिर्माण मुख्य चासो बनेको छ । यसले राजनीतिक निर्णय–प्रक्रियाबाट बाहिर पारिएका जनताको समावेशीकरणलाई सुनिश्चित गर्ने, शान्ति प्राप्ति, न्याय, जीविका सुरक्षा र जनताको आर्थिक समृद्धि, कानुनी व्यवस्था कार्यान्वियन, मानव अधिकारको सम्मान तथा अन्तर्राष्ट्रिय सम्बन्धको अभिवृद्धिजस्ता कुरामा राज्यको क्षमता बढाउनु पर्नेछ ।

नेपालको सन्दर्भमा राज्यनिर्माण र राज्य पुनर्संरचना धेरै अन्तरसम्बन्धित छन् । राज्य पुनर्संरचनाविना राज्यनिर्माणको उद्देश्य पूर्ति गर्न मुस्किल पर्छ । त्यसैले अगाडिका खण्डमा चर्चा गरिएका राज्यनिर्माण तथा पुनर्संरचनासम्बन्धी आधारहरूलाई गम्भीर भई कार्यान्वयन गर्नु राजनीतिक सफलताको पूर्वशर्त हो । त्यसको लागि राजनीतिक दल, सरकार, कर्मचारीतन्त्र, सुरक्षा, न्यायपालिका, नागरिक समाज, अनुसन्धाता, प्राज्ञिक क्षेत्र र सबै नागरिकको सहकार्य खाँचो छ । केन्द्रीकृत, बहिष्कारमुखी र निष्प्रभावी राज्यलाई आधुनिक, समृद्ध तथा समावेशी राष्ट्र बनाउने यो एउटा अपूर्व अवसर पनि हो । तर राजनीतिक जगत, कर्मचारीतन्त्र र सुरक्षा क्षेत्रको आमूल सुधार तथा आर्थिक वृद्धिको विवेकी समन्वयविना नेपालमा राष्ट्रिय स्थायित्व सम्भव छैन ।

सन्दर्भ–सूची

Aditya A, Upreti BR, Adhikari PK. 2006. *Countries in Conflict and the Processing for Peace: Lessons for Nepal.* Kathmandu: Friends for Peace.

Baldwin D. 1997. The concept of security. *Review of International Studies* (23).

Caparini M, Cole E. 2008. The case for pubic oversight of the security force: Concepts and strategies. *In:* Cole E, Eppert K, Kinzebach K.

Public Oversight of the Security Sector: A Handbook for Civil Society Organisations. Geneva: Democratic Control of Armed Forces and United Nations Development Programme, pp 5-24.

DFID [Department for International Development]. 2002. *Understanding and Supporting Security Sector Reform.* London: DFID.

DFID [Department for International Development]. 2003. *Security Sector Reform Policy Brief.* January 2003. London: DFID.

Dobbins J. 2007. *Beginners Guide on Nation Building.* Santa Monica: Rand Corporation.

Ebo A. 2005. *The Challenges and Opportunities of Security Sector Reform in Post-Conflict Liberia.* Occasional paper No. 9. Geneva: Centre for the Democratic Control of Armed Force.

Greene O. 2003 Security sector reform, conflict prevention and regional perspectives. *Journal of Security Sector management* 1(1): 1-15.

ICG [International Crisis Group]. 2007. *Asia Report No 136.* Brussels and Kathmandu: ICG.

Kumar D, Sharma H. 2005. *Security Sector Reform in Nepal: Challenges and Opportunities.* Kathmandu: Friends for Peace.

ODI [Overseas Development Institute]. 2009. State building for peace: Navigating an arena of contradictions (Briefing paper No 52). London: ODI.

OECD [Organisation for Economic Co-operation and Development]. 2008. Concepts and dilemmas of state building in fragile states: from fragility to resilience. OECD Discussion Paper. Paris: OECD.

OECD [Organisation for Economic Co-operation and Development]. 2004. *Security System Reform and Governance: Policy and Good Practice.* Accessed via: http://www. oecd.org/dac/conflict on 19 May 2005.

OECD [Organisation for Economic Co-operation and Development]. 2001. *The DAC Guidelines: Helping Prevent Violent Conflict.* Paris: OECD.

Schnabel A, Ehrhart H-G, editors. 2005. *Security Sector Reform and Post-conflict Peace Building.* New York, Tokyo and Paris: United Nations University Press.

Upreti BR, Nepali RK, editors. 2006. *Nepal at Barrel of Gun: Proliferation of Small Arms and Light Weapons and their Impacts.* Kathmandu: South Asia Small Arms Network-Nepal.

Upreti BR, Topperwein N, Heiniger M, editors. 2009. *Peace Process and Federalism in Nepal: A Nepali Swiss Dialogue.* Kathmandu: The South Asia Regional Coordination Office of the Swiss National Centre of Competence in Research (NCCR) North-South.

Upreti BR. 2003. Security sector reform: A neglected agenda. *The Kathmandu Post*, 9 May 2003.

Upreti BR. 2009. *Nepal from War to Peace: Legacies of the Past and Hopes for the Future.* New Delhi: Adroit Publishers.

Walt SM. 1991. The renaissance of security studies. *International Studies Quarterly* 35(2): 211-239.

* * *

परिच्छेद ३

द्वन्द्वोत्तर राज्यनिर्माणमा निजी क्षेत्र

सागर राज शर्मा[1]

१. परिचय

यस परिच्छेदको उद्देश्य द्वन्द्व रूपान्तरण र द्वन्द्वोत्तर राज्यनिर्माणमा निजी क्षेत्रको भूमिकामाथि बहस थाल्नु हो । वर्तमान नेपालको अनिश्चित परिस्थिति र अस्थिर आर्थिक अवस्थाले केही सर्वविदित प्रश्न जन्माएका छन् । गएका केही दशकमा विकासको लागि भएका 'परीक्षण'हरू (इक्सपेरिमन्ट्स विथ डिभेलप्मन्ट) मा कस्ता गल्ती भए ? अनि यो नाजुक मुलुकलाई पुनरुत्थान गराउन व्यावसायी समुदायले के भूमिका खेल्यो त ? नेपालको विकास दयनीय तरिकाले विफल भएको विषयमा प्रशस्तै आलेखहरू भेटिन्छन् । यसो हुनुमा धेरै कारण छन् । सरकार तथा निजी क्षेत्र दुवैको काठमाडौँ केन्द्रीकरण, चौतर्फी भ्रष्टाचार, राजनीतिकर्मी र कर्मचारीबाट अख्तियार दुरुपयोग, वैदेशिक सहायतामाथिको अतिनिर्भरता, आफ्ना कोषको उचित उपयोग गर्न तथा गतिविधिको प्रभावकारी समन्वयन गर्नमा दातृ निकायको विफलता र नीति तथा कार्यक्रम निर्माणमा ठूलो हिस्साका जनसंख्यालाई बहिष्करण यसका केहीमात्रै उदाहरण हुन् ।

वैदेशिक सहायतामा अति निर्भर रहनुभन्दा राज्य रूपान्तरण तथा भावी द्वन्द्वको सम्भावनालाई घटाउनमा नेपालले निजी क्षेत्रको भूमिकालाई प्रश्रय दिनुपर्छ भन्ने यस परिच्छेदको तर्क छ । सशस्त्र द्वन्द्वबाट शान्तिनिर्माणतर्फको संक्रमण भोगिरहेका नेपालजस्ता मुलुकमा रोजगारी, व्यापार, प्रत्यक्ष लगानी तथा स्थानीय उद्योगको प्रवर्द्धनले स्थायित्व ल्याउन महत्वपूर्ण भूमिका खेल्न सक्छ । तर यिनलाई साकार पार्न स्थापित कानुनी व्यवस्था, सुशासन र निजी सुरक्षा अपरिहार्य हुन्छन् । यस्तो वातावरण निर्माण गर्न व्यवसायी समुदायको नेतृत्वदायी भूमिका एउटै वैकल्पिक उपाय हुन्छ

[1] उप-प्राध्यापक एवम् विभागीय प्रमुख, डिपार्टमन्ट अफ डिभेलप्मन्ट स्टडिज, स्कुल अफ आर्टस्, काठमाडौँ विश्वविद्यालय; sagar@ku.edu.np

भन्ने मेरो तर्क छ। आर्थिक स्थायित्व निजी क्षेत्रले खेल्ने भूमिका र यसले सिर्जना गर्ने अवसरमा निर्भर रहन्छ। त्यसैले निजी क्षेत्रको प्रवेशको लागि स्थायित्वलाई पर्खेर मात्रै बस्नु भनेको आत्म-पराजित मानसिकता मात्रै हो।

नेपालमा निजी क्षेत्रले आफ्ना गतिविधि दिगो शान्तिअनुकूल छन् भन्ने सुनिश्चित गर्नु अत्यावश्यक छ। तर निजी क्षेत्रबाट यो सुनिश्चितता सधैँ देखिएको छैन। द्वन्द्व रोकथामका उपयुक्त नीति तथा अभ्यास खुट्याउन तिनको अग्रसरता खाँचो पर्छ। यसैगरी द्वन्द्व तथा सामाजिक, राजनीतिक, आर्थिक र सांस्कृतिक पक्षबीचको अन्तरसम्बन्ध पहिचान गर्नु पनि आवश्यक छ। विकासका गतिविधिमा सरकार र नागरिक समाजको मात्रै अहम् भूमिका हुन्छ भन्ने परम्परागत सोचाइ छ। यसमा निजी क्षेत्रको समेत उल्लेख्य सहभागिता हुनुपर्छ। समय परिस्थितिले गर्दा निजी क्षेत्र कहिलेकाहीँ समस्याको पाटो बनेका हुन्छन् भने उचित भूमिका दिइएको खण्डमा समाधानको बाटो पनि बन्न सक्छन्।

२. पृष्ठभूमि

बर्सेनि जम्मा ४७० अमेरिकी डलर (करिब ३८ हजार नेपाली रुपैयाँ) बराबरको न्यून प्रतिव्यक्ति आय (दी वर्ल्ड ब्याङ्क सन् २०१०) भएको नेपाल संसारकै सबैभन्दा गरीब मुलुकहरूको सूचीमा पर्छ। गरीब मुलुकमात्रै नभएर यहाँ अरूभन्दा फरक भौगोलिक कठिनाइ पनि छन्। यो देश भूपरिवेष्टित छ र उत्पादन तथा वस्तु व्यापारमा भारतसँग धेरै निर्भर छ। त्यसैले आर्थिक वृद्धि र निजी क्षेत्रको विकासको लागि पूर्वाधार निर्माण गहन आवश्यकता बनेको छ। हिमाली क्षेत्रको कठिन भू-बनोटले न्यूनतम पूर्वाधार पुऱ्याउन तथा राज्यका सेवा-सुविधासँग जनताको सम्बन्ध उच्च बनाउन पनि गाह्रो परेको छ। यी सबै कारण तथा संसारका अधिकांश मुलुकसँग मित्रवत् सम्बन्ध भएकोले पनि दातृ मुलुकको नजरमा नेपाल सहायता र अनुदान खन्याउन प्रिय स्थान बनेको छ।

उच्च हिमाली क्षेत्रमा विषम भू-बनोट छ। प्राकृतिक स्रोतको उपलब्धता र उपयोग सीमित छन्। दक्ष जनशक्ति थोरै र तीव्र विकासका विकल्प पनि थोरै नै छन्। उच्च पहाडी तथा हिमाली क्षेत्रका जनता नाजुक वातावरणमा बाँच्न विवश छन्। यस्ता कठिनाइले विकासका कार्यक्रमलाई समेत असर पारेको उदाहरण विगतमा लागू

भएका ११ ओटा विकास योजना[२]बाट स्पष्टै देख्न सकिन्छ। यी योजनाले जनताको आर्थिक कल्याण गर्न तात्विक केही सफलता हासिल गरेनन्। अर्थतन्त्रमा विद्यमान झिनामसिना समस्या पनि ज्यूँका त्यूँ रहे। दीर्घकालीन समाधानको लागि भरपर्दो थालनी पनि भएन।

योजनाबद्ध विकासको सुरुआतपछिका छ दशकमा जनसंख्या ८० लाख (सन् १९५२) बाट तीन गुणा (सन् २००९ मा दुई करोड ७० लाख) बढेको छ (एमओएफ सन् २००९)। अन्न उत्पादनमा केही वृद्धि भएको छ तर प्रतिव्यक्ति खाद्य उपलब्धता खस्केको छ। बाटोघाटो, मोबाइल र बिजुलीजस्ता भौतिक पूर्वाधारमा तीव्र विस्तार भए पनि थुप्रै जनता आधारभूत पूर्वाधारबाटै वञ्चित छन्। गएका केही वर्षमा सार्वजनिक क्षेत्र खर्च पनि उल्लेख्य बढ्यो। तर गरीबी उन्मूलन र बहुसंख्यक जनताको जीवनस्तरमा सन्तोषजनक सुधार देखिएन। सन् २००६ मा मानव विकास सूचकाङ्क अति नाजुक (०.५०९) छ (युएनडिपी सन् २००९)। मानव विकास सूचकाङ्कलाई जातीय दृष्टिले हेर्दा कुल १०१ आधिकारिक रूपले दर्ता भएका जनजाति समूहमा मधेसी ब्राह्मण/क्षेत्रीको विकास उच्चतम् (०.६२५) रहेको छ भने मधेसी दलितको न्यूनतम् (०.३८३) छ (हेर्नुहोस्, चित्र ३.१)। अरू जुनसुकै क्षेत्रमा विकास भए पनि विविध समूहका जनताको जीवनस्तरमा तीव्र सुधार ल्याउनुपर्ने आवश्यकतालाई कम आँक्न सकिँदैन। मानवीय गरीबी नघटेसम्म यस्तो अवस्था वातावरणीय तथा सामाजिक समस्याको स्रोत बनिरहने छ।

औसत हिसाबमा नेपालमा गरीबीको रेखामुनि बाँचेका जनसंख्याको स्थितिमा भने केही सुधार आएको छ। दी वर्ल्ड ब्याङ्क (सन् २००६) का अनुसार यस्तो जनसंख्या सन् १९९६ मा ४२ प्रतिशत थियो र सन् २००४ मा ३१ प्रतिशतमा झर्‍यो। यसको मुख्य कारण प्रवासी कामदारहरूले पठाउने गरेको विप्रेषण (रेमिटयान्स) थियो। तर गरीबी न्यूनीकरणलाई दिगो बनाउन नेपालले आफ्नै गार्हस्थ वृद्धिलाई तीव्र पार्दै सो वृद्धिको मुलुकभर समानुपातिक वितरण गर्नुपर्छ। विभिन्न क्षेत्र र जातीय समूहबीचको विकास विषमतालाई तालिका ३.१ र चित्र ३.१ ले देखाएका छन्।

[२] नेपालमा योजनाबद्ध विकास पहिलो पञ्चवर्षीय योजनासँगै वि.सं. २०१२ मा सुरु भएको थियो।

तालिका ३.१ क्षेत्रगत आधारमा मानव विकास, नेपाल सन् २००६

	जन्मको समयमा औसत जीवन आयु	प्रौढ साक्षरता (प्रतिशतमा)	प्रतिव्यक्ति क्रयशक्ति समता (पर्चेजिङ पावर प्यारिटी: पिपिपि) आम्दानी (अमेरिकी डलरमा)	मानव विकास सूचकाङ्क
नेपाल	६३.६९	५२.४२	१,५९७	०.५०९
सहरी क्षेत्र	६८.०६	७२.३०	३,१४९	०.६३०
ग्रामीण क्षेत्र	६३.०९	४८.३५	१२८६	०.४८२
हिमाल	५७.९१	४४.६७	१,१५८	०.४३६
पहाड	६६.४८	५७.६०	१,६८३	०.५४३
तराई	६२.७६	४९.०२	१,५८४	०.४९४

स्रोत: युएनडिपी (सन् २००९)

चित्र ३.१ जनजातीय आधारमा मानव विकास, नेपाल सन् २००६



स्रोत: युएनडिपी (सन् २००९)

आज पनि कृषि नै नेपाली अर्थतन्त्रको मूल आधार हो। यसले तीन चौथाइ नेपालीको जीविका धानेको छ। सन् २००८ को तथ्याङ्कअनुसार कुल गार्हस्थ उत्पादनमा यसको योगदान ३४ प्रतिशत छ (दी वर्ल्ड ब्याङ्क सन् २०१०)। तर मौसमी अवस्था र खेतीयोग्य जमीनको अभावमा कृषि उत्पादन प्रभावित हुन्छ। त्यसैले जनसंख्या वृद्धिअनुरूप कृषि उत्पादनमा वृद्धि भएको छैन। सन् २००८ मा कुल गार्हस्थ उत्पादनमा उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः १७ र ५० प्रतिशत रहेको थियो। यी र अरू तथ्यलाई तालिका ३.२ ले उजागर गरेको छ।

तालिका ३.२ नेपाली अर्थतन्त्रका प्रमुख सूचकहरू				
	सन् २०००	सन् २००५	सन् २००७	सन् २००८
जनसंख्या (दस लाखमा)	२४.४२	२७.०९	२८.११	२८.५८
कुल गार्हस्थ उत्पादनमा वृद्धि (वार्षिक प्रतिशत)	६.२	३.१	३.३	४.७
मुद्रास्फिति (वार्षिक प्रतिशत)	४.५	६.५	७.७	६.७
कृषि (कुल गार्हस्थ उत्पादनको प्रतिशत)	४१	३६	३४	३४
उद्योग (कुल गार्हस्थ उत्पादनको प्रतिशत)	२२	१८	१७	१७
सेवा (कुल गार्हस्थ उत्पादनको प्रतिशत)	३७	४६	४९	५०
वस्तु तथा सेवाको निर्यात (कुल गार्हस्थ उत्पादनको प्रतिशत)	२३	१५	१३	१२
वस्तु तथा सेवाको आयात (कुल गार्हस्थ उत्पादनको प्रतिशत)	३२	२९	३१	३३
कुल पुँजी निर्माण (कुल गार्हस्थ उत्पादनको प्रतिशत)	२४	२६	२८	३२
राजस्व, अनुदानबाहेक (कुल गार्हस्थ उत्पादनको प्रतिशत)	१०.६	११.५	११.९	१२.३
मर्केन्डाइज व्यापार (कुल गार्हस्थ उत्पादनको प्रतिशत)	४३.३	३८.७	३६.९	३७.०

स्रोतः दी वर्ल्ड ब्याङ्क (सन् २०१०)

यद्यपि तालिका ३.२ का तथ्याङ्कले औद्योगिक क्षेत्रको कमजोर कार्यसम्पादनको कारण बताउँदैनन् । न त तिनले अर्थतन्त्रको अपेक्षित सुधारमा निजी क्षेत्रको अक्षमताबारे नै केही देखाउँछन् । तिनलाई बुझ्न एक दशक लामो माओवादी सशस्त्र विद्रोहलाई हेर्नुपर्छ र यसले विभिन्न क्षेत्रमा पारेका सामाजिक-आर्थिक प्रभावलाई केलाउनु पर्छ ।

३. अर्थतन्त्रमा सशस्त्र विद्रोहको प्रभाव

२०५२ सालमा आफ्ना ४० बुँदे मागलाई सरकारले सम्बोधन नगरेपछि तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (माओवादी)[३] ले सशस्त्र विद्रोहको घोषणा गऱ्यो । क्रान्तिकारी भूमि सुधार कार्यक्रम र राष्ट्रिय औद्योगीकरणको माध्यमबाट आत्मनिर्भर, सन्तुलित र योजनाबद्ध आर्थिक विकास गर्ने भनी २०५४ सालमा सो दलले उसको उद्देश्य

[३] हाल एनेकपा (माओवादी) ।

सार्वजनिक गऱ्यो । माओवादीको लागि सामाजिक तथा आर्थिक विकासको अभाव 'जनयुद्ध' सुरु गर्न महत्वपूर्ण उत्प्रेरक बनेको थियो । तिनले आर्थिक अवसर र स्रोतसँगको पहुँचमा बढी चासो राखेका थिए। विशेषगरी जातीय तथा वर्गीय भेदभावले सामाजिक स्रोतसँगको पहुँच सीमित बनाइएकोमा तिनको आक्रोश थियो । त्यसैले यस विद्रोहले राष्ट्रिय अर्थतन्त्रमा गहिरो प्रभाव पाऱ्यो । साथै राजनीतिक, सहरी तथा सामाजिक संरचनामा पनि उत्तिकै असर पऱ्यो । यस क्रममा करिब १५ हजार मानिसको ज्यान गएको र दुई लाख जनता आन्तरिक विस्थापनमा परेको अनुमान छ । अर्थतन्त्रमा परेको समग्र प्रभावबारे विस्तृत अध्ययन हुन बाँकी नै रहे पनि एक अध्ययन (ढकाल र सुवेदी सन् २००६) ले सन् २००२ सम्म कुल गार्हस्थ उत्पादनमा ८० करोड अमेरिकी डलर गुमेको सार्वजनिक गरेको थियो । यस्तैगरी योरास (सन् २००८) को अनुमानमा द्वन्द्वावधिमा कुल गार्हस्थ उत्पादनमा परेको वार्षिक घाटा २–८ प्रतिशत थियो । यी आर्थिक असरका अलावा नेपाली अर्थतन्त्र द्वन्द्वको आदर्शात्मक प्रकृति (आइडिअलजिकल न्याचर) ले पनि ग्रस्त बन्यो । विद्रोहीहरूले निजी व्यवसायमाथि आक्रमण गरे । तिनमाथि भौतिक आक्रमणहरू भए । परम्परागत सम्भ्रान्त वर्ग तथा जातिसँगको सम्बन्धले बहुराष्ट्रिय तथा ठूला नेपाली उद्योग पनि विद्रोहीबाट प्रताडित बने । द्वन्द्व चर्किएका वर्षमा श्रम संगठनका गतिविधि पनि नाटकीय रूपमा बढे । द्वन्द्वको कारणले नेपालमा उद्यम गर्न गाह्रो भएको मात्रै थिएन, उद्यमी व्यवसायीहरू द्वन्द्वकै निर्दिष्ट राजनीतिक सिकार बनेका थिए । त्यसैले निजी क्षेत्र चौतर्फी रूपमा नकरात्मक प्रभाव सहन बाध्य भयो ।

४. सरकार–निजी क्षेत्र सम्बन्ध

२०४६ सालको आन्दोलनपछि सरकारले निजी क्षेत्रलाई क्रमशः प्रवर्द्धन गर्दै लगे पनि नीतिमा अस्पष्टता अथवा तिनमा नियमित परिमार्जनको अभाव खड्किरह्यो । घाटामा चलेका सार्वजनिक संस्थान र जटिल कर्मचारीतन्त्रजस्ता समस्यालाई सुधार्न केही काम थालिए । नीति सुधारको प्रवृत्ति तथा प्रकृतिबारे निजी क्षेत्रलाई स्पष्ट विचार दिन नसक्नु तथा ती नीति आफैमा असंगतिको भण्डार बन्नुले आर्थिक वातावरण नै अनिश्चित बनायो । यसरी नै गैर–निष्पादित ऋण (ननपर्फमिङ लोन्स), ब्याङ्किङ क्षेत्रमा सरकारको अधिक संलग्नता, कमजोर व्यावसायिक सुशासन तथा संस्थागत कुसंस्कृति र राजनीतिक हस्तक्षेप जारी नै रहे । दक्षता अभिवृद्धि गर्न तथा अर्थतन्त्रको

स्थायित्व कायम राख्न एउटा प्रतिस्पर्धी, दक्ष र स्वस्थ वित्तीय प्रणाली खाँचो पर्छ। त्यसैले वित्तीय प्रणालीलाई सुदृढ पार्न अब महत्वपूर्ण कदम चाल्नु अपरिहार्य छ।

द्वन्द्वोत्तर अवस्थामा पनि सरकारले व्यवसायी जगतलाई पर्याप्त सहयोग र संरक्षण दिन नसकेको निजी क्षेत्रको आरोप छ। यसले विकासको लागि व्यवसायीको भूमिकालाई खुम्चयाएको छ। सरकारी नीतिको सबलता तथा व्यवसायीलाई संरक्षण गर्न सक्ने सरकारी क्षमतामाथि नै उद्योग जगत्को विश्वास गुम्न थालेको छ। सरकारप्रतिको यो घट्दो विश्वासले नयाँ लगानीलाई हतोत्साही बनाउँदै पुँजीको बहिर्गमन (क्यापिटल फ्लाइट) लाई हौसाएको छ।

नेपालमा शान्ति सम्झौता भएपछिका कम्युनिस्ट नेतृत्वका सरकारहरूका समयमा पनि निजी क्षेत्रलाई उति अप्ठयारो परेन। यसको मूल कारण यी सबै सरकारले अघिल्ला सरकारहरूझैँ निजी क्षेत्रप्रति सकारात्मक नीति नै अख्तियार गरे। आर्थिक रूपान्तरणको लागि निजी क्षेत्रको उपस्थिति महत्वपूर्ण छ भन्ने तिनले स्पष्टै उल्लेख गरेका थिए। तर पटक-पटक यस्तो नीति दोधारे र अनिश्चित पनि बन्यो। केही दलका युवा दस्ता तथा ट्रेड युनियन खुला व्यवसायविरोधी आदर्शबाट प्रेरित देखिए। यस्तो बेला दलहरूले आफ्नै भातृ तथा भगिनी संघ-संगठनमाथि नियन्त्रण गुमाए। यसले श्रम सम्बन्धमा तिक्तता ल्यायो। परिणामस्वरूप मजदुरहरूमा काम गर्ने उत्प्रेरणा र अनुशासन हराउँदै गयो। व्यवसायी लगानी गर्न हच्किए। यसले निजी क्षेत्रको मनोविज्ञानमात्रै गिराएन, नेपालमा हुने भनिएका/भएका प्रत्यक्ष वैदेशिक लगानी (फरेन डिरेक्ट इन्भेस्टमन्टः एफडिआई) लाई समेत अवरोध पुऱ्यायो।

५. नेपालमा प्रत्यक्ष वैदेशिक लगानी (एफडिआई)

पछिल्लो समयमा नेपालले वैदेशिक लगानीको बाटो खुला गरेको छ। सन् २००५ मा सरकारले केही सेवा क्षेत्रमा वैदेशिक लगानी खुला गरेपछि पहिले सरकारी एकाधिकार रहेका क्षेत्रमा प्रगतिका संकेत देखिएका छन्। दूरसञ्चार र नागरिक उड्डयन यस्ता उदाहरण हुन् जहाँ सञ्चालन अनुमति-पत्रको प्रक्रिया र नियमन खुकुलो पारिएको छ। यिनमध्ये केही क्षेत्रमा शत प्रतिशतसम्मै वैदेशिक लगानीलाई पनि स्वीकृति दिइएको छ। फलस्वरूप गएको दशकमा प्रत्यक्ष वैदेशिक लगानी भएका परियोजनाको संख्या करिब दस गुणाले बढेको छ।

तालिका ३.३ नेपालमा सञ्चालित संयुक्त लगानीका उद्योगहरू (सन् २००८ अप्रिलको मध्यसम्ममा)										
क्र.सं	मुलुक	क्षेत्र							उद्योगको कुल संख्या	परियोजनाको कुल लागत (दस लाख रुपैँयामा)
		कृषि-आधारित	निर्माण	ऊर्जा	उत्पादन	खानी	सेवा	पर्यटन		
१	भारत	१			८९	१	१७	१०	११८	१३४६८.२१
२	अमेरिका	१		१	१३		२३	१२	५०	८९२४.५४
३	जापान	४	१		९		१०	२०	४४	१३२९.०५
४	चीन			१	१५		७	७	३०	१८६९.१७
५	दक्षिण कोरिया				११		३	६	२०	५२८.२८
६	जर्मनी	१			७		४	६	१८	२७८.८८
७	बेलायत	१			६		२	६	१५	३२६.७४
८	स्विट्जर-ल्यान्ड			१	२		२	४	९	१४७.२४
९	फ्रान्स				५		१	३	९	१२९.४७
१०	नर्वे		१	३	१		१		६	६६९०.९५
११	अन्य	१	१		३८		२१	२१	८२	६१४४.०४
१२	कुल	९	३	६	१९६	१	९१	९५	४०१	३९८३६.५७

स्रोतः एफएनसिसिआई (सन् २००९) बाट साभार

नेपालमा भएका अधिकांश प्रत्यक्ष वैदेशिक लगानी संयुक्त व्यवसाय (जइन्ट भेन्चर) को रूपमा सञ्चालित छन् । यससम्बन्धी पछिल्ला तथ्याङ्कलाई तालिका ३.३ मा देखाइएको छ । यीमध्ये धेरै उत्पादन, पर्यटन र सेवासम्बन्धी क्षेत्रमा छन् । तर पनि धेरै चर्चा बटुलेको यस्तो प्रत्यक्ष वैदेशिक लगानीले न नेपाली निजी क्षेत्रमा उतिसारो योगदान दिएको छ, न त पुँजी लगानीको बढ्दो आवश्यकतालाई नै पूर्ति गर्न । यसो हुनुको मूल कारण निरन्तरको राजनीतिक तथा प्रशासनिक अस्थिरता तथा आधारभूत पूर्वाधारको अनुपलब्धता हो । दिगो राजनीतिक तथा सामाजिक स्थायित्वसँगै हुने आर्थिक समृद्धि र प्रत्यक्ष वैदेशिक लगानी-मैत्री सरकारी नीतिले लगानी भित्र्याउन सहयोग गर्छ । तर नेपालमा पछिल्ला वर्षमा लगानीकर्ताले यस्तो अवस्था अनुभव गर्ने पाएका छैनन् । नीतिनिर्माताले पक्कै पनि वैदेशिक लगानीसम्बन्धी आकर्षक नीति

ल्याउन सक्थे। तर नीतिको गतिलो कार्यान्वयनको लागि स्थायी आर्थिक वातावरण जरुरी पर्छ भन्ने तिनले महशुस गर्न नसकेको देखिन्छ। यो देशमा लगानी प्रवर्द्धन गर्न आवश्यक आधारभूत पूर्वाधारकै अवस्था दयनीय छ। काठमाडौँबाहिर बिजुलीको आपूर्ति नै राम्रो छैन। पानीको अवस्था उस्तै छ। यातायात सेवा कठिन छ। त्यसमाथि नेपाल भूपरिवेष्टित छ। यी सबैले लगानीको जोखिम झनै बढाएका छन्। एकातिर निजी लगानीकर्तामा उत्साहको कमी छ, अर्कोतिर सरकारमा पनि सेवा दिन सक्ने आत्मविश्वास नहुँदा व्यवसायी हच्किएका छन्। तर पनि वैदेशिक सहायताको मद्दतले आवश्यक रूपान्तरण गरी निजी लगानी तान्न सम्भव भने अझै देखिन्छ। वैदेशिक सहायताले यस्तो रूपान्तरणको सहजीकरण गर्न सक्छ। तर नेपालमा यसको प्रभाव अलि फरक परेको छ, जुन कारण वैदेशिक सहायताकै भूमिकामाथि प्रश्नचिह्न उठेको छ।

६. वैदेशिक सहायता र यसको प्रभाव

वैदेशिक सहायता पाउन थालेदेखि नै नेपालको विकास प्रक्रियामा अन्तर्राष्ट्रिय समुदायको सहभागिता बढ्दो छ। यस्तो सहायता बढ्दै जाँदा एक पटक त कुल विकास बजेटकै ८० प्रतिशत खर्च वैदेशिक सहायताले धानेको थियो (शर्मा सन् २०००)। सहायतामाथिको यस्तो उच्च निर्भरताले गम्भीर राजनीतिक अर्थ राख्छ। पञ्चायतकालको अन्तिम दशकमा देशभित्रका प्रभावशाली शक्तिगृह र वैदेशिक सहायतालाई जोडेर हेर्ने चलनसमेत बसेको थियो। त्यति बेला गरीबी घटाउन सरकारी परियोजनाहरू लगभग असफल भएका थिए र पुराना शक्ति संरचनाको सुदृढीकरण गरेको भनी वैदेशिक सहायता आलोच्य बिम्ब बनेको थियो। त्यसपछि राजनीतिमा धेरै परिवर्तन आइसकेको छ। तर पनि वैदेशिक सहायताले विकास बजेटको ठूलो हिस्सा अझै ओगटेको छ।

आर्थिक वर्ष सन् २०६४/६५ को आम्दानी तथा खर्च सारांशलाई हेर्दा पनि वैदेशिक सहायतामाथिको उच्च निर्भरता प्रस्ट हुन्छ। ऋण तथा अनुदानले सन् २०६५/६६ मा विकास बजेटको ४५ प्रतिशत ओगटेको थियो, जहाँ अनुदानको हिस्सा ऋणको भन्दा निरन्तर उच्च थियो। अरू त अरू, कृषि क्षेत्रमा खर्च भएको बृहत् सहायता रकमले पनि कृषि उत्पादकत्वमा अपेक्षित वृद्धि हासिल गर्न सकेको छैन (शर्मा सन् २००८)। त्यसैले यी वर्षमा सहायताको मात्रा उल्लेखनीय रूपमा बढे पनि आमजनताले सरकारी निकायबाट प्रवाहित विकास गरीबी घटाउन प्रभावकारी नभएको गुनासो गर्छन्।

सहायता रकमहरू कि गलत ठाउँमा खर्च भएको कि त दुरुपयोग भएको तिनको गुनासो हुने गर्छ ।

यहींनिर दाताहरूको भूमिकामा प्रश्नचिह्न उठ्छ । नेपालमा सहायता रकम परिचालन विषयमा कहिलेकाहीँ दातृ निकायबाटै असन्तोष पनि नसुनिएका हैनन् । पूर्वराजा ज्ञानेन्द्रको प्रत्यक्ष शासन कालमा केही मुलुकले नेपाललाई सहायता पाउने मुलुकको प्राथमिकता सूचीबाट पनि हटाएका थिए । तर पनि सहायता रकमको परिचालन र प्रभावकारिता विषयमा दातृ मुलुकहरूमाभ नै उति बहस भएका छैनन् । यस्तो लाग्छ कि दाताहरू परीक्षण र त्रुटिको शैली (ट्रायल एन्ड एरर अप्रोच) मै अल्भिरहेका छन् । त्यसैले तिनको भूमिका कम स्पष्ट र स्वीकार्य बनेको छ । आपसमै समन्वयको अभाव र एकअर्काप्रति असन्तुष्ट हुने गरेको आरोप पनि तिनलाई छ । यस्तै सहायता पाउने मुलुकमा सरकारी निकायबीच समन्वयको पनि अभाव छ । परिणामस्वरूप, आफूले गरेका काम र सोको परिणामप्रति दाताहरू नै यस्ता निकायसँग सन्तुष्ट छैनन् । सरकारी अकर्मण्यतालाई दोष लगाउन तिनको लागि यो बलियो आधार बनेको छ । राज्यले समाज र राजनीतिमा दोष थुपार्छ, दाताले पनि उसै गर्छन् । उता समाजले दाता र राज्य दुवैलाई दोष थुपार्छ । यस्तो परिप्रेक्ष्यमा विकासको साभ्का लक्ष्य हासिल गर्न दाता र निजी क्षेत्रबीच साभ्केदारीको ठूलो सम्भावना निस्केको छ ।

७. दाता–निजी क्षेत्र साभ्केदारी

आफूले काम गर्ने समाजको विकास नै दाता र निजी क्षेत्रबीच साभ्केदारीको साभ्का लक्ष्य हो । विविध परिप्रेक्ष्यबाट आएका हुनाले तिनका उद्देश्य चाहिँ भिन्न हुन्छन् । तिनबीच अन्य कुरामा थोरैमात्र साभ्का पक्ष छन् । त्यसैले आ–आफ्ना क्रियाकलाप कार्यान्वयनको प्रक्रियामा तिनीहरू सधैँ नजिक आउँदैनन् । तर दाता र निजी क्षेत्रका अभिकर्तालि काम गर्ने एउटै मञ्च पनि हुन सक्छ भन्नेमा विमति छैन । निजी क्षेत्रसँग सहकार्य गर्दा दाताहरू सचेत भने भइरहन्छन् । यस क्षेत्रसँग सरकारको भन्दा फरक मुद्दा हुन सक्छ र उनीहरू अरूभन्दा नाफामुखी देखिन्छन् । केही दाताहरू स्पष्ट राजनीतिक लक्ष्यसहित द्वन्द्वोत्तर अवस्थामा प्रवेश गर्न सक्छन् भने केहीलाई निजीभन्दा सार्वजनिक क्षेत्रसँगको साभ्केदारीमा रुचि हुन सक्छ ।

नेपालमा यस्तो सम्बन्धमा अहिले केही घनिष्ठता देखिए पनि सुधार गर्नुपर्ने थुप्रै ठाउँ छन् । विशेषगरी द्वन्द्वोत्तर परिप्रेक्ष्यमा यो तर्क भ्कनै जायज छ । यसको लागि राष्ट्रिय व्यावसायिक पहल (न्यासनल बिजनेस इनिसियटिभः एनबिआई) जस्ता संस्थाबाट

केही प्रयास त भएका छन्, तर दातासँग हात मिलाएर नजिक हुँदैमा निजी क्षेत्रले गर्ने हर विकास सम्भव हुँदैन । दाताका पनि आफ्नै समस्या रहेको कुरा अघिल्ला खण्डमा पनि चर्चा गरिएको छ । नेपालमा निजी क्षेत्रले सामाजिक कल्याणलाई उति ख्याल गरेको देखिँदैन । तिनमा पारदर्शिता र न्यायोचित व्यावसायिक अभ्यासको अभाव रहेको जनगुनासो पनि छ । निजी क्षेत्रले सधैँ सरकार सहयोगी नभएको दोष लगाउँछन् । तर तिनले आफ्नो कमजोरीको आत्मालोचना गरेको भने देखिँदैन । आफ्नो छवि सुधार्न तिनले पारदर्शिता बढाउनु पर्छ, अर्थपूर्ण सामाजिक उत्तरदायित्व लिन सक्नुपर्छ र समावेशी तथा न्यायोचित व्यापार अभ्यासमा लाग्नुपर्छ । किनकि निजी क्षेत्रको अर्थपूर्ण तथा रचनात्मक भूमिकाले द्वन्द्वोत्तर मुलुकमा धेरै कल्याण गरेको अन्यत्रको उदाहरण छ ।

८. श्रीलङ्का र दक्षिण अफ्रिकाको उदाहरण

श्रीलङ्का र दक्षिण अफ्रिकाजस्ता द्वन्द्वग्रस्त मुलुकमा निजी क्षेत्रको भूमिकाबारे चर्चा गर्नु यहाँ सान्दर्भिक छ । तीन दशकभन्दा लामो समयसम्म द्वन्द्व चले पनि श्रीलङ्कामा राम्रो आर्थिक वृद्धि भएको छ । द्वन्द्व चलेका वर्षहरूमा ठूला औद्योगिक प्रयासले शान्तिनिर्माणमा सानै भए पनि इट्टा थपेका थिए । यद्यपि कोलम्बो अन्तर्राष्ट्रिय विमानस्थलमा भएको शक्तिशाली बम हमलाले यो सक्रियतामा परिवर्तन ल्याइदियो । सोही वर्ष त्यहाँ गहिरो ऊर्जा संकट देखियो । प्रमुख व्यापारिक क्षेत्र दयनीय अवस्थामा पुगे । यी दुई घटनाले कुल गार्हस्थ उत्पादनको वृद्धिदर नकारात्मक भयो र अर्थतन्त्रलाई ठूलो धक्का पुग्यो । युद्धग्रस्त तीस वर्षमा यस्तो अवस्था पहिलोपटक देखिएको थियो । त्यसपछि कोलम्बोका व्यावसायिक समुदायले पहिलोपटक शान्तिको लागि हातेमालो गरे । 'श्रीलङ्का फस्ट' यस्तो प्रयासको पहिलो र महत्वपूर्ण खुड्किलो थियो (मायेर र सलीह सन् २००६) ।

'श्रीलङ्का फस्ट' अभियानले युद्धको आर्थिक मार तथा शान्तिको सामाजिक–आर्थिक लाभबारे सार्वजनिक चेतना जगायो । शान्तिपूर्ण व्यावसायिक अभ्यास प्रवर्द्धन गर्न नागरिक प्रदर्शनीहरू गरिए । यसमा सञ्चारमाध्यमले पनि यथेष्ट सहयोग गरे । तर 'श्रीलङ्का फस्ट'ले द्वन्द्व समाधानको लागि कुनै राजनीतिक अडान भने लिएन । सम्पूर्ण राजनीतिक दललाई वार्ताको टेबुलमा ल्याउन यसले सक्रिय भूमिका खेल्यो । साथै शान्तिउन्मुख राजनीतिक दलका प्रतिनिधिलाई जनसमर्थन जुटाउन यस अभियानले व्यापक प्रयास गर्‍यो ।

यसैगरी, दक्षिण अफ्रिका रंगभेदी शासनदेखि लोकतन्त्रको संक्रमणमा रहँदा व्यावसायिक समुदायले प्रभावकारी भूमिका खेले । त्यहाँ मुलुकको विद्यमान अवस्थाप्रति सजग हुँदै सोहीअनुसार विवेकी निर्णय लिन दक्षिण अफ्रिकी व्यावसायिक समुदाय सफल भयो । सुरुमा दक्षिण अफ्रिका एउटा अवैध राज्य हुँदा त्यहाँको समाज विभाजित थियो, अर्थतन्त्रमा बन्द व्यवस्था थियो, सामाजिक संरचना विभेदी थियो । तर त्यो अवस्थामा पनि त्यहाँको व्यवसायी समुदायले जनतालाई प्रत्यक्ष सेवा दिने गतिविधिहरू गरेको थियो । संक्रमणकालमा यसले राजनीतिक दलहरूसँगको सम्बन्ध बढायो । र, अन्ततः लोकतान्त्रिक आधारसहित पुनर्संरचना र विकासको लागि सरकारसँग साझेदारी निर्माण पनि गर्‍यो (ह्विट्टेकर सन् २००३) । द्वन्द्वका सबै अवस्थामा त्यहाँको व्यावसायिक समुदायको जोड न्याय, लोकतन्त्र, सामाजिक सम्पन्नता, अर्थतन्त्र र सम्बन्ध-निर्माणमा थियो ।

छोटकरीमा, संक्रमणकाललाई तत्कालै सम्बोधन गर्दै रूपान्तरणको सहजीकरण गर्न र समुदाय, राजनीतिक दल तथा सरकारी निकायबीच सेतुको काम गर्न दक्षिण अफ्रिकी व्यावसायिक समुदाय सक्षम थियो । गरीबलाई लाभ मिल्ने परियोजना सञ्चालन गर्न र विविध अभिरुचिका समूहसँग पुलको काम गरी आर्थिक वृद्धि, न्याय तथा लोकतन्त्रको प्रवर्द्धनमा पनि यो समुदाय सफल भयो । व्यावसायिक समुदाय र नागरिक समाज दुवैको अभिरुचिअनुसार साझा काम गर्न सम्भव हुने यही उदाहरणले पुष्टि गर्छ ।

यहाँनिर प्रश्न उठ्छ, के श्रीलङ्का र दक्षिण अफ्रिकाका व्यावसायिक समुदायले गरेजस्तै साहस, परिकल्पना र प्रतिबद्धता व्यक्त गर्न नेपालका व्यावसायिक समुदाय सक्षम छन् त ? द्वन्द्वोत्तर पुनर्निर्माणमा तिनले कस्तो भूमिका निर्वाह गर्न सक्लान् ?

९. द्वन्द्वोत्तर नीतिसम्बन्धी बहसको आवश्यकता

द्वन्द्वोत्तर पुनर्निर्माण र राज्यनिर्माणको प्रक्रियामा नेपाललाई नयाँ खाले नीतिगत मुद्दाको अत्यन्तै आवश्यकता छ । पुनर्निर्माण र राज्यनिर्माणको लागि वृद्धि जरुरी हुन्छ । र त्यसको लागि निजी क्षेत्रबाट लगानी हुनुपर्छ । लगानीको वातावरण मिलाइदिन राज्य नै प्रभावकारी हुन्छ । यस्तो वातावरण हासिल गर्न व्यक्ति तथा नियोगहरूले आ-आफ्नो सामाजिक क्षेत्रबाट सहभागिता पनि उत्तिकै जनाउनु पर्छ । त्यसकारण पुनर्निर्माणका विविध पक्षहरू ख्याल गर्नु महत्वपूर्ण हुन्छ ।

द्वन्द्वोत्तर पुनर्निर्माण भन्नाले विगतका काम सुधार्ने भन्ने होइन। हिजोका दिनका नीति, संगठन र लगानीहरू विकास वा राजनीतिक स्थायित्वका लागि अत्युत्तम थिएनन् । तिनले 'सामाजिक वृत्त' बाट अलग पारिएकालाई दुःख मात्र दिए। संगठनहरू परिवर्तन गरी जनताको लागि तिनलाई वृहत् स्तरमा प्रभावकारी र जवाफदेही बनाउनुभन्दा भत्किएका पूर्वाधारहरू पुनर्निर्माण गर्नु निकै सजिलो हुन्छ। दीर्घकालीन शान्ति हासिल गर्ने कडा चुनौती पनि त्यही नै हो।

आर्थिक नीतिमा सुधारबिना पुनर्निर्माणले काम गर्दैन । समुदाय र निजी क्षेत्रको लगानी ध्वस्त बनाउने नीतिहरूको समीक्षा र तिनमा परिवर्तन गर्नैपर्छ। सार्वजनिक रकम र सहायतालाई उच्च प्रतिफलदायक बनाउन गतिलो खालको सार्वजनिक खर्च व्यवस्थापन निर्माणले उच्च प्राथमिकता पाउनुपर्छ । राज्यका अप्रभावकारी उद्यमको आर्थिक भार कम गर्न, शिक्षा, स्वास्थ्यजस्ता सामाजिक क्षेत्रमा पुनः लगानी गर्न सार्वजनिक रकम (पब्लिक मनी) लाई छुट्कारा दिलाउन तथा समुदाय र निजी क्षेत्र लगानी प्रवर्द्धन गर्न आवश्यक सेवा प्रदानको स्तरलाई सुधार्न निजीकरण प्रभावकारी हुन्छ। त्यसैगरी, गरीबहरूको जीविकाको आधार चल्ने भूमिलगायतका प्राकृतिक स्रोतसँग तिनको पहुँच कायम गराउन र गरीबको अधिकार तथा सार्वजनिक अभिरुचिको सुरक्षा गर्ने प्राकृतिक पुँजीको पारदर्शी बाँडफाँट व्यवस्थापन पनि उत्तिकै जरुरी हुन्छ।

यस्तो संक्रमणको बेला निजी क्षेत्रको सम्बद्धतालाई आकर्षक बनाउने माध्यम खोज्ने काम आजको चुनौती हो। निजी क्षेत्रको सक्रिय सहभागिताले रोजगार र अवसरको परिणामसहित लगानी मात्र बढाउँदैन, त्यसले व्यवस्थापनको शैली पनि सिकाउँछ, दाता र नागरिक समाजसहित सम्पूर्ण कर्तालाई तिनको कार्यक्षेत्रमा विज्ञ बनाउन र अझ ठूलो उत्साहसाथ काम गर्न पनि सघाउँछ।

१०. द्वन्द्वोत्तर नेपालमा निजी क्षेत्र

विशेषगरी अस्थिर अर्थतन्त्र भएका विकासोन्मुख मुलुकमा निजी क्षेत्रलाई नकारात्मक दृष्टिले हेरिन्छ । यिनीहरू नाफामुखी मात्रै हुन्छन् भन्ने आमधारणा हुन्छ । यस्तो सोचाइले सामान्य मानिस र व्यावसायिक जगत्बीच गहिरो भेद सिर्जना गरेको छ । नेपालमा पनि माओवादीले आफ्नो आन्दोलनलाई वर्ग–आधारित संघर्षको परिभाषा दिए र त्यसैअनुरूप व्यावसायिक समुदायलाई आफ्नो वर्गशत्रु ठाने। त्यसैले आफ्नाबारे स्थापित 'नकारात्मक पहिचान' मेट्न अहिले व्यावसायिक समुदाय अघि

सर्नुपर्छ । आफूहरूले फाइदाको लागि मात्र काम गर्ने नभई समाजको बृहत्तर हितमा पनि सहभागी हुनसक्ने पुष्टि गर्नुपर्छ । यसको लागि राष्ट्रिय बहस तथा अभियानमा संलग्न भई सहभागीमूलक व्यवसायको कार्यनीति अख्तियार गरिनु जरुरी छ । यो बेला व्यावसायिक नेताहरूले शान्ति प्रक्रियालाई सकारात्मक सहयोग गर्दै त्यसलाई अघि बढाउन विशिष्ट नीति तथा कार्यक्रम अघि सार्नु अपरिहार्य छ । 'नयाँ नेपाल' को यो सुरुआती चौबाटोमा विगतमा जोखिमपूर्ण ठानिएका विषयमा नयाँ प्रयास थालेर तथा समाजका विभिन्न खण्डबीच कायम अविश्वासलाई हटाएर मात्रै निजी क्षेत्रले गतिलो भविष्य बनाउन सक्छ । अरूका आवश्यकताको पनि ख्याल गर्ने, गल्तीलाई माफी दिने तर गल्ती नबिर्सने तथा अग्रगमनको बाटो अँगाल्ने कामको महत्व दक्षिण अफ्रिकी अनुभवले देखाइसकेको छ । यी सबै काममा नेपाली व्यापारिक समुदायले आशलाग्दो कदम चालेर कमजोर शान्ति प्रक्रियामा बलियो टेको थपिदिनु पर्छ ।

सन् २००४ मा यहाँका व्यावसायिक समुदायले जर्मन प्राविधिक सहयोग नियोग (तत्कालीन जिटिजेड) को सहयोगमा नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल च्याम्बर अफ कमर्स तथा होटल एसोसिएसन अफ नेपाललगायत १४ ओटा राष्ट्रिय व्यावसायिक संगठन सामेल भएको राष्ट्रिय व्यावसायिक पहल (न्यासनल बिजनेस इनिसियटिभः एनबिआई) गठन गरेको थिए । राजनीतिक रूपले तटस्थ तथा गैरदलीय यस संस्थाको लक्ष्य 'उद्यमशीलताको विकास र अवसर तथा सम्पन्नता सिर्जना गरी आम नेपाली जनताको जीवनस्तर सुधारको माध्यमले नेपालमा दिगो शान्ति' स्थापनामा योगदान पुऱ्याउनु रहेको थियो (एनबिआई सन् २००५) । पूर्वाधार निर्माण तथा सामाजिक पुँजीको सिर्जनाजस्ता क्षेत्रमा लगानी गरी अर्थपूर्ण शान्तिनिर्माणको प्रयासमा हौसला दिने पनि यसको प्रतिबद्धता छ ।

राष्ट्रिय व्यावसायिक पहलको स्थापना आफैमा सकारात्मक संकेत त हो तर नेपाली समाजले त्यसको प्रभावको अनुभव गर्न पाइसकेको छैन । उच्च लगनशीलता र व्यावसायिक नैतिकता लिएर काम गर्ने हो भने 'श्रीलङ्का फस्ट'ले गर्न सकेको काम यो पहलले गर्न नसक्ने प्रश्नै हुँदैन । तर यो काम सजिलो छैन । व्यावसायिक समुदायलाई यो सबै एक्लो प्रयासले सकिँदैन भन्ने अनुभव पनि छ । यसले अन्य सरोकारावालासँग समन्वय गरी शान्तिनिर्माणमा आफ्नो भूमिका खोज्नुपर्छ ।

राष्ट्रिय व्यावसायिक पहलजस्तो संस्था सफल हुन सक्ने केही कारणहरू छन् । पहिलो त नेपालको दसवर्षे द्वन्द्वमा यो राज्य अथवा विद्रोही कुनै पनि पक्षमा संलग्न थिएन । त्यसमाथि अहिले योसँग मुलुकभरि विस्तृत सञ्जाल र उपस्थिति छ ।

शान्तिनिर्माणका प्रयासमा यसले थुप्रै स्रोत परिचालन गर्नसक्ने सामर्थ्य राख्छ। द्वन्द्व–प्रभावित मानिसलाई रोजगारीका अवसर सिर्जना गर्ने, सीमान्तकृत तथा अल्पविकसित क्षेत्रमा सम्भाव्य व्यापार विस्तार गर्नसक्ने आदि दक्षता यससँग छ। तर नेपालको द्वन्द्वोत्तर परिप्रेक्ष्यमा यस्ता संस्थाको कामका असर महशुस गर्न अझै बाँकी छ। यद्यपि द्वन्द्व रूपान्तरणको लागि रणनीतिक रूपमै सक्रिय हुने यस संस्थाको अवधारणा दिगो शान्तितर्फको सकारात्मक कदम हो।

पछिल्ला वर्षमा व्यावसायिक समुदायबाट भएको सकारात्मक कार्य भनेको निजी क्षेत्रका साझा एजेन्डालाई अघि सार्न नेपाल उद्योग वाणिज्य महासंघ र नेपाल उद्योग परिसंघबीच भएको सहमति हो। तराई आन्दोलन, अनियमित विद्युत् आपूर्ति, औद्योगिक श्रम विवाद र ब्याङ्क–ऋणी उद्योगपतिहरूको पासपोर्ट रद्द गर्ने सरकारी निर्णयजस्ता सवालमा साझा धारणा बनाई हातेमालो गर्न यी संगठनले समन्वय गरेका छन्। यी दुईबीच एकता स्थापन गर्न एउटा संयुक्त विज्ञप्ति निकालिएको थियो। त्यस विज्ञप्तिमा "दुई संगठनबीच एकता नभएसम्म अर्थतन्त्रमा प्रभाव पर्ने र निजी क्षेत्र पनि ध्वस्त हुने भएकाले दुई संगठन एक भएर काम गर्ने" उल्लेख गरिएको थियो।[४]

व्यावसायिक समुदायले केही निश्चित क्षेत्रमा काम थालेर तत्कालै प्रभाव पार्न सक्छन्। उदाहरणको लागि विदेश काम गर्न जाने नेपालीले त्यता जानुअघि सीप विकास तथा पेशागत प्रशिक्षण पाउन सके मुलुकमा आउने विप्रेषण (रेमिटचान्स) बढ्न सक्छ (शर्मा सन् २००७)। फर्किएका श्रमिकहरूलाई व्यावसायिक परामर्श दिन सके तिनको सीप तिखारिन्छ। यसरी सीप र धनमार्फत् आम्दानीका स्रोत बढाउने उपायको सुरुआत व्यावसायिक समुदायले गर्न सक्छन्। यसले रोजगारका अवसर बढाएर अर्थतन्त्रलाई समेत बलियो पार्छ।

'नयाँ नेपाल'को अर्थतन्त्रलाई बलियो स्वरूप दिन निजी क्षेत्रले उल्लेख्य भूमिका खेल्न सक्ने अरू उदाहरण पनि छन्। शिक्षा, स्वास्थ्य, निर्माण, सेवा र लघुवित्तको क्षेत्रमा थुप्रै काम हुन बाँकी छन्। र, ती काम निजी क्षेत्रको पहलमा छिटो सम्पन्न हुन सक्छन्। यी क्षेत्रमा आउने कार्यक्रमले न्यायोचित रोजगारी खोजेका नेपाली युवालाई जीविकाको आधार देखाउन सक्छन्।

सरोकारवालाहरूले अन्य जस्तोसुकै गर्ने निर्णय गरेपनि विश्वव्यापी अर्थतन्त्रसँग प्रतिस्पर्धा गर्न नेपालले लगानी र व्यापार प्रवर्द्धनको वातावरण नबनाई सुख छैन।

---

[४] हेर्नुहोस्, १ मार्च २००७ मा अद्यावधिक गरिएको www.nepalnews.com।

आन्तरिक तथा अन्तर्राष्ट्रिय लगानीकर्तालाई विना अनावश्यक अवरोध नेपालमा आफ्नो काम गर्न सकिन्छ भन्ने विश्वास दिनु जरुरी छ। यसको लागि सरकार, श्रम संगठन, दाता र निजी क्षेत्रले मिलेर काम गर्नुपर्छ। श्रम, ऊर्जा र सुरक्षाका सवालमा खुला छलफल र यिनमा आइपर्ने समस्याको यथाशीघ्र सम्बोधन हुनुपर्छ। त्यसैगरी व्यावसायिक समुदायको उत्साहलाई खस्किन नदिन तिनलाई आफूहरू सामाजिक समृद्धिको महत्वपूर्ण साझेदार हुन् भन्ने अनुभूति गराउनुपर्छ।

११. निष्कर्ष

नेपालमा पछिल्ला पाँच दशकका योजनाबद्ध विकास द्वन्द्वका मूल कारण सम्बोधन गर्न अक्षम रहे। त्यसैको परिणाममा यो देशले पछिल्लो दशक अप्रिय गृहयुद्ध बेहोर्‍यो। स्वभावतः विकास योजनाहरूमा प्राथमिकता चयन उपयुक्त खालको भएन भने एक वा अर्को खालको द्वन्द्वको प्रादुर्भाव अवश्यम्भावी हुन्छ। नेपालको द्वन्द्वोत्तर सामाजिक-आर्थिक अवस्था सुधार्ने सामर्थ्य निजी क्षेत्रसँग छ। यद्यपि यसो गर्न उसले सक्रिय भूमिका खेल्नुपर्छ। खराब आर्थिक अवस्थामा पनि केही गर्न सकिन्छ भन्ने विश्वव्यापी व्यावसायिक अनुभव (दक्षिण अफ्रिका र श्रीलङ्काजस्तै) बाट पाठ सिक्न सके व्यावसायिक समुदायले समाजको संक्रमण रूपान्तरण र स्थायित्व निर्माणमा अमूल्य सहयोग गर्न सक्थे।

रूपान्तरणको नेतृत्व गर्न सक्ने ल्याकत भएको हुनाले व्यावसायिक समुदायले समाज रूपान्तरण गर्न अन्य पक्षसँग समन्वय गर्नुपर्छ। दिगो शान्ति कायम गर्न सक्ने न्यायोचित गतिविधिप्रति यो समुदाय प्रतिबद्ध हुनुपर्छ। तर यस्तो अवस्था आउन गम्भीर क्षेत्रहरूमा सरकारले लगानीको वातावरण प्रवर्द्धन गर्नुपर्छ। द्वन्द्व तथा सामाजिक, राजनीतिक, आर्थिक र सांस्कृतिक तत्वबीचको अन्तरसम्बन्ध पहिल्याउँदै समावेशी अभ्यासले द्वन्द्व रूपान्तरण गर्ने नीति विकास गर्नमा भने निजी क्षेत्रकै सक्रियता खाँचो छ। हाम्रो समाजमा रहेका असमानताका सवाललाई सम्बोधन गर्न व्यवसायीहरू यो ऐतिहासिक घडीमा सबैभन्दा अघि देखापर्नु पर्छ। यसो गरेमात्र तिनले नागरिकबाट सम्मान पाउन सक्छन्। त्यसले द्वन्द्व मत्थर पार्न वा सायद सशस्त्र द्वन्द्वलाई सधैँभरिको लागि रोक्न पनि सहयोग मिल्न सक्छ। त्यसैले द्वन्द्वोत्तर रूपान्तरणको माध्यमले राज्यनिर्माण गर्ने कार्यमा निजी क्षेत्रको पहलकदमीलाई सबैले पर्खेका छन्।

सन्दर्भ-सूची

Dhakal A, Subedi J. 2006. *The Nepalese Private Sector: Waking up to Conflict.* Kathmandu: International Alert.

FNCCI [Federation of Nepalese Chambers of Commerce and Industry]. 2009. *Nepal and the World: A Statistical Profile 2008.* Kathmandu: FNCCI.

Joras U. 2008. *Financial Peacebuilding – Impacts of the Nepalese Conflict on the Financial Sector and Its Potential for Peacebuilding.* Bern: Swisspeace.

Mayer M, Salih M. 2006. *Sri Lanka: Business as an Agent for Peace*. Colombo: International Alert.

MoF [Ministry of Finance]. 2009. *Economic Survey Fiscal Year 2008/09.* Kathmandu: Ministry of Finance, Government of Nepal.

NBI [National Business Initiative]. 2005 *Information Booklet*. Kathmandu: NBI.

Sharma SR. 2000. The role of ODA and FDI in the development of Nepal. *Fukuoka University Journal* 32(2): 1-26.

Sharma SR. 2007. Planned development and conflict: The role of the private sector in augmenting remittance in Nepal. *In:* Dhungana H, Logan M, editors. *Sustainable Development in Conflict Environments: Challenges and Opportunities.* Kathmandu: Centre for International Studies and Cooperation, pp 271-279.

Sharma SR. 2008. Role of foreign aid in transformation. *In:* Pyakuryal KN, Upreti BR, Sharma SR, editors. *Nepal: Transition to Transformation*. Kathmandu: Human and Natural Resources Studies Centre, Kathmandu University and the South Asia Regional Coordination Office of Swiss National Centre of Competence in Research North-South.

The World Bank. 1995-2008. *World Development Report 1995-2008.* New York and Geneva: United Nations.

The World Bank. 2006. *Resilience amidst Conflict: An Assessment of Poverty in Nepal 1995-96 and 2003-04.* World Bank Report No. 34834-NP.

The World Bank. 2010. *Nepal Country Overview 2009.* Accessed via www,worldbank.org. np/wbsite/external/countries/southasiaext/

UNDP [United Nations Development Programme]. 2009. *Nepal Human Development Report 2009: State Transformation and Human Development.* Kathmandu: United Nations Development Programme.

Whittaker B. 2003. Business in transition. *In: The Role of Private Sector in Peace Building, Reconciliation and Development.* Kathmandu: Federation of Nepalese Chamber of Commerce and Industries, Nepal Chamber of Commerce and Industries and Hotel Association Nepal.

* * *

परिच्छेद ४

गरीबी न्यूनीकरण र सुशासनका लागि द्वन्द्वोत्तर नेपालमा सामुदायिक वन[१]

भरतकुमार पोखरेल[२]
जेन कार्टर[३]

१. परिचय

नेपालका अत्यन्त दुर्गम भेगमा चरम गरीबीका ज्वलन्त उदाहरण भेटिन्छन् । हिमाली भेग सुन्दर छ । तर त्यसका गहिरा र अप्ठ्यारा खण्डले पूर्वाधार निर्माण र विकास कार्यलाई खर्चिलो बनाउँछन् । बितेका ५० वर्षमा थुप्रै सडक बने, पुल बने, विकासका अन्य धेरै पूर्वाधार बने । तर अझै थुप्रै जनतालाई नजिकैको सडकसम्म पुग्न पनि धेरै दिन हिँड्न परेकै छ । पिउने पानी, स्वास्थ्य सुविधा, विद्यालय वा ग्रामीण विद्युतीकरणजस्ता आधारभूत सुविधाको पहुँचबाट तिनीहरू टाढै छन् । भौगोलिक दूरीले गर्दा समयमै औषधोपचार नपाएर मृत्यु भोग्नुपरेको वा चोटपटक खपिरहनु परेको छ; गह्रुङ्गा सरसामान बोकेर उकाली–ओरालीमा कठिन परिश्रम गर्नु परेको छ; नदी तर्दा तुइन चुँडिएर दुर्घटना भोग्नु परेको छ । यस्ता समस्या त सामान्य हुन् । परिवार नियोजनको साधनको पहुँच अभावको कारण कतिपय ठाउँमा जन्मदर उच्च छ; मातृ तथा बाल मृत्युदर पनि उस्तै छ । कडा श्रमआधारित कृषि ग्रामीण अर्थतन्त्रको आधार हो । अझै पनि विकट नेपाली जिल्लामा कमसल माटोमा खेती गर्नुपर्ने र थोरै फाइदा हुने खालको पशुपालन गर्नुपर्ने बाध्यता छ । त्यस्ता ठाउँमा भू–खण्डीकरण उच्च छ । भूमि स्रोत अपर्याप्त हुनाले थुप्रै घरधुरीमा खाद्य असुरक्षा छ । श्रममुखी न्यून आम्दानीबाहेक थप आर्जनको उपाय पनि सम्भव छैन । यस अवस्थासँग जुझ्न सहरी क्षेत्र अथवा देशबाहिर दीर्घकालीन वा मौसमी बसाइँसराइ व्यापक छ । वैदेशिक रोजगारले ग्रामीण अर्थतन्त्रमा फाइदा त पुर्‍याएको छ, तर त्यसको

[१] यो परिच्छेद सन् २००७ मार्चमा दक्षिण अफ्रिकास्थित केप टाउनमा ओभरसिज् डिभेलपमन्ट इन्स्टिच्युट (ओडिआई) ले आयोजना गरेको अन्तर्राष्ट्रिय कार्यशालामा प्रस्तुत कार्यपत्रको अद्यावधिक संस्करण हो ।

[२] राष्ट्रिय उपमहानिर्देशक, हेल्भेटास स्विस इन्टरकोअपरेसन नेपालस bharat.pokharel@helvetas.org.np

[३] संयोजक, लैङ्गिक समानता तथा सामाजिक समता कार्यक्रम, हेल्भेटास स्विस इन्टरकोअपरेसन, स्विट्जरल्यान्डस jane.carter@helvetas.org

व्यवस्थापन प्रायजसो कमजोर देखिन्छ । बलिया जनशक्ति (विशेषगरी पुरुषहरू) नहुँदा सामाजिक–आर्थिक कार्यमा थुप्रै असर परेको छ । मानिसहरूसँग स्वास्थ्य, सरसफाइ तथा शिक्षामा लगानी गर्ने अवसर पनि सीमित छ ।

नेपालको सामाजिक परिप्रेक्ष्यले ग्रामीण भेगमा र सहरी क्षेत्रमा बस्ने मानिसबीचको भौगोलिक र आर्थिक खाडलमा भिन्नै खालको यथार्थ देखाउँछ । परम्परागत नेपाली समाज जातीय र वर्गीय संरचनामा विभक्त छ । ती ग्रामीण भेगमा कथित उच्च जात (ब्राह्मण, क्षेत्री र नेवार) ले पहाडका आदिवासी वा जनजाति (जस्तैः तामाङ, गुरुङ, शेर्पा र माझी) माथि प्रभुत्व कायम गरी कथित 'अछुत' वा दलित (चर्मकार, लौहकार र सुचीकार वर्ग) माथि विभेद गरिरहेको छ । आर्थिक र सामाजिक अवसरले यस्तो स्तरीकरणलाई स्पष्ट प्रतिबिम्बित गरेको भए पनि यसभित्रको यथार्थ अझ जटिल छ । उदाहरण लिऊँ, प्रतिव्यक्ति आम्दानीको सवालमा राष्ट्रिय जीवनस्तर मापन सर्वेक्षण–२००४ ले देखाएअनुसार आर्थिक रूपमा शेर्पाहरू सबैभन्दा धनी र तामाङहरू सबैभन्दा गरीब छन्, यद्यपि दुवै जनजाति हुन् (सिबिएस सन् २००४) । भौगोलिक रूपमा जनजाति र (केही) दलितहरू सामान्यतया ग्रामीण भेगमै बसोबास गर्छन् । त्यसमाथि प्रत्येक जातीय समूहहरू आफैमा विभाजित छन् । त्यसकारण एउटै आवाज लिएर अगाडि आउन तिनलाई कठीन छ । राजनीतिक तथा मानवअधिकारको सूचना अभाव र विद्यालयमा कमजोर पहुँचले साक्षरता न्यून बनाएको छ । यस अवस्थाले पनि त्यस्ता समूह निर्णय–निर्माण प्रक्रियाबाट बाहिर छन् । जाति र वर्गअनुसार लैङ्गिक प्रभाव धेरै वा थोरै होला, तर पनि यस्तो विभेद महिलाहरूमा समेत हावी छ ।

सारमा, बर्ड र अरू (सन् २००२) ले अत्यन्त दुर्गम भेगका विशेषताबारे बनाएको सूची नेपालको मध्यपहाडी भेगसँग मिल्छ ।

- उच्च जन्मदर, काम गर्न सक्ने समूहका मानिसको मृत्युदर र बाह्य बसाइँसराइले निम्त्याएको उच्च परनिर्भरताको अनुपात,
- उच्च जोखिम तथा कमजोर सामाजिक सुरक्षा,
- कमजोर कृषि–पर्यावरणीय प्रणाली,
- खाद्य असुरक्षा,
- कमजोर नीति र सेवाप्रदायकको न्यून स्तर,
- निषेधात्मक सामाजिक व्यवहार

यी सबै कारणले वि.सं. २०५२ मा सशस्त्र द्वन्द्व सिर्जना भएको भन्ने तथ्य आश्चर्यकारी छैन । २०४६ सालपछि संसद्मा पुगिसकेका भए पनि माओवाद मान्ने दलहरूलाई राजनीतिक जडताले निराशा प्रदान गऱ्यो । सोही कारण तिनले हतियार बोके । त्यसबाट उब्जेको हिंसाले थुप्रैको ज्यान लियो । नेपालीको मनोविज्ञानमा आघात सिर्जना गऱ्यो र त्यसको एक दशकपछि राजतन्त्र अन्त्यसहितको सामाजिक उथलपुथल मच्चायो । यससम्बन्धी भरपर्दा तथ्याङ्क नभेटिए पनि द्वन्द्वको गहन भार उपेक्षित जनताले नै बोक्नु परेको थियो भन्ने तर्क गर्न सकिन्छ । विद्रोह र आत्म–निर्णयको अधिकारको मागले नेपाली समाजमा व्यापक परिवर्तन ल्यायो । तर समाजमा अहिले पनि कायम रहेको बहिष्करणविरुद्ध भने प्रश्न अझै उठ्दैछ ।

माथि भनिएबमोजिम, यो परिच्छेदले तीन जिल्लाहरू (दोलखा, रामेछाप र ओखलढुङ्गा) मा गरीबी सम्बोधन गर्ने सामुदायिक वनको अभ्यास तथा अनुभव केलाएको छ । नेपाल स्विस सामुदायिक वन परियोजनाले विभिन्न नाममा यी जिल्लामा सन् १९९० देखि काम गरिरहेको छ । अहिले यसले नेपालका ७५ मध्ये चार जिल्लामा[४] काम गर्छ । स्विस सरकार विकास नियोग (स्विस एजेन्सी अफ डिभेलपमन्ट कोअपरेसनः एसडिसी) अन्तर्गत इन्टरकोअपरेसनले यस परियोजनाको व्यवस्थापन गर्छ । नेपाल सरकारसँगको द्विपक्षीय सहमतिअनुसार यसले बहुसाझेदारीको आधार (मल्टिपार्टनरसिप बेसिस) मा क्रियाशील छ । गरीबी न्यूनीकरणको लागि सामुदायिक वनको अनुभव विश्लेषण गर्नुभन्दा पहिले नेपालमा गरीबीबारे संक्षेपमा व्याख्या गर्नु अपरिहार्य छ ।

२. चरम गरीबी सम्बोधन गर्ने कार्यक्रमको विकास

ग्रामीण भेगमा तीव्र गरीबी सम्बोधन गर्न प्रभावकारी कार्यक्रमको विकास गर्नु ठूलो चुनौती हो । गृहयुद्धको बेला स्विस परियोजना कार्यरत तर माओवादी नियन्त्रणमा रहेका क्षेत्रहरूमा यस्तो चुनौती प्रखर थियो । सो समयमा गरीबीलाई सम्बोधन गर्ने गरी सामुदायिक वन उपभोक्ता समूह[५]का क्रियाकलाप सञ्चालन हुन्थे । एसडिसीको प्राथमिकता तथा समग्र राष्ट्रिय तथा क्षेत्रगत योजना र सामुदायिक वनको गतिशील प्रक्रियाबाट हासिल भएका अनुभवसँग मिल्ने गरी ती योजना बनाइएका थिए ।

---

[४] दोलखा, रामेछाप र ओखलढुङ्गाबाहेक खोटाङमा पनि यो परियोजनाले काम गर्न थालेको हो ।

[५] पाठकको सहजताको लागि 'सामुदायिक वन उपभोक्ता समूह'लाई यहाँउप्रान्त 'उपभोक्ता समूह' भनिएको छ ।

२.१ राष्ट्रिय तह

विद्वत् विश्लेषणहरूले गरीबी तथा सामाजिक बहिष्करणबाट नेपालमा गृहयुद्ध सुरु भएको तर्क गरेका छन् । यसै मर्मलाई आत्मसात गर्दै सन् २०१५ भित्र गरीबीलाई आधा घटाउने सहस्राब्दी विकास लक्ष्य (मिलेनिअम डिभेलपमन्ट गोल) मा आधारित राष्ट्रिय रणनीति बनाइएको छ ।[६] गरीबी न्यूनीकरण रणनीति योजना (पभर्टी रिडक्सन स्ट्राटेजी प्लानः पिआरएसपी) का निम्नलिखित चार पक्षमा यसैलाई जोड दिइएको छ ।

- आर्थिक वृद्धि
- सामाजिक तथा मानव विकास
- अतिविपन्न तथा उपेक्षितहरूमा विशेष जोड
- सुशासन

थुप्रै अनुसन्धानहरू (जस्तै डिएफआइडी र विश्व ब्याङ्कले गरेको लैङ्गिक तथा सामाजिक बहिष्करण मूल्याङ्कन (बेनेट सन् २००५) बाट उपर्युक्त रणनीति योजनाको विकास गरिएको थियो । तर यसलाई अद्यावधिक गर्न भने बाँकी नै छ । नेपाल सरकारले पनि गरीबीका विशेष आयाम पहिचान गरेको छ । यसले कम पहुँच भएका जनता र उच्च क्षेत्रमा रहेका जिल्लामा बढी जोड दिनुका साथै दुर्गम क्षेत्र विकास कार्यक्रमलाई समेत समेटेको छ ।

२.२ क्षेत्रगत तह

इन्धन, घाँस, काठदाउरा र अन्य पैदावारको स्रोतको रूपमा नेपालको ग्रामीण भेगमा वनले ठूलो योगदान पुऱ्याइरहेको छ । पच्चीस वर्षे वन नीति (सन् १९८५–२०१०) ले पनि यो यथार्थलाई स्वीकार गरेको छ । यसले राज्यअन्तर्गत रहेका वनको पूर्ण जिम्मेवारी र व्यवस्थापन दर्ता गरिएका सामुदायिक वन उपभोक्ता समूहलाई हस्तान्तरण गरिएको थियो । यसले अन्ततः राज्यको ६० प्रतिशतभन्दा धेरै वनलाई उपभोक्ता समूहको अधीनत्वमा ल्याएको थियो । यसमा निश्चित वनमा आश्रित निश्चित घरधुरीलाई आधार मानी उपभोक्ता समूहहरू छुटचाइएका थिए । गाउँ विकास समितिजस्ता स्थानीय प्रशासनिक संयन्त्रजस्तो ठूलो हिस्सालाई समेट्नु पर्ने बाध्यता यसमा थिएन । हाल मुलुकमा सामुदायिक वनको कुल क्षेत्र १२ लाख हेक्टरभन्दा

---

[६] विस्तृत थाहा पाउन हेर्नुहोस्ः www.npc.gov.np

धेरै छ, जसको व्यवस्थापन १४,४३९ उपभोक्ता समूहले गरिरहेका छन् । यस्ता उपभोक्ता समूहको सदस्यता १६ लाख घरधुरी (डिओएफ सन् २०१०) छन् । दोलखा, रामेछाप र ओखलढुङ्गा जिल्लामा सामुदायिक वनले ओगटेको कुल क्षेत्र ९४,६०० हेक्टर छ । यो कुल १ लाख ४६ हजार ७ सय वन्यभूमिको ६५ प्रतिशत भाग हो । यिनमा कुल ८५ प्रतिशत घरधुरी एक वा सोभन्दा धेरै उपभोक्ता समूहको सदस्य छन् (एनएससिएफपी सन् २००९) । सामुदायिक वनले गरीबी न्यूनीकरण रणनीतिको सबै चार ओटै स्तम्भमा जोड दिने प्रयास गरेको छ । तर विगतमा यस रणनीतिले अति विपन्न वर्गसँगै पहुँच राख्न नसकेको भनी आलोचना पनि खेपेको थियो । यसले कहिलेकाहीँ धनी र उपेक्षितबीचको खाडल अझ गहिर्‍याउने काम पनि गरेको थियो । गरीबलाई वनबाट प्राप्त हुने इन्धन तथा घाँसदाउराजस्ता आधारभूत स्रोतबाट वञ्चित गराएर भए पनि (निजी वन भएका) धनीहरूले आफ्नो वन सुरक्षा गर्न हिच्किचाएनन् (होब्ले सन् १९९०; गार्नर सन् १९९७; मल्ल र अरू सन् २००३) ।

रुख रोप्ने र वन व्यवस्थापन गर्ने सोचबाट अलि माथि उठेर गरीबी न्यूनीकरण र सुशासनसम्बन्धी 'दोस्रो पुस्ते' अवधारणाअनुसार सामुदायिक वनको खाका तयार भएको हो । सशस्त्र द्वन्द्वताका उपभोक्ता समूहले अद्वितीय स्थान हासिल गरेको थियो । गाविसजस्ता स्थानीय सरकारका अङ्गले काम नगर्दा यिनले आफ्नै कोष खर्चेर लोकतान्त्रिक अभ्यासका रूपमा बैठक, भेला र स्थानीय सेवाप्रदायक कार्य सञ्चालन गरेका थिए । यसभन्दा अझ दह्रो कामको रूपमा उपभोक्ता समूहको अधिकारको वकालत गर्न वन उपभोक्ता महासंघ गठन गरी तिनले स्वनिर्भर संगठन सञ्चालन गरेका थिए । सरकारी अधिकारीहरूले ठाडो आदेश र सर्कुलर जारी गरी उपभोक्ता समूहका अधिकारलाई कटौती गर्न खोज्थे । सन् १९९३ को वन ऐन यसकै एउटा उदाहरण हो । स्थानीय शासन नेपालको द्वन्द्वोत्तर विकासमा प्रमुख सवाल बनिरहेको छ । यस अवस्थामा गाविसजस्ता स्थानीय शासनका संयन्त्रले राम्रोसँग काम गर्न थालेपछि यिनीहरू र उपभोक्ता समूहहरूबीच सुसम्बन्ध स्थापित गर्नु जरुरी हुन्छ ।

२.३ नेपालमा एसडिसीका प्राथमिकता – उपेक्षितलाई सहयोग

नेपालमा एसडिसी सहयोग रणनीति (एसडिसी कोअपरेसन स्ट्र्याटेजी) सन् २००९–२०१२ को जोड समता, सामाजिक समावेशिता र अधिकार प्रत्यायोजन गर्न सहयोग गर्नुमा छ । सो रणनीतिका दुईओटा पक्षले शान्ति प्रक्रियाको सशक्तीकरण र राज्यनिर्माणमा जोड दिएका छन् । साथै, समावेशी तथा समन्वयात्मक स्थानीय विकासमा यिनको जोड छ । विपन्नताको सीधा सम्बन्ध सामाजिक बहिष्करणसँग

हुन्छ । त्यसैले एसडिसीले सन् २००४ देखि आफ्ना कार्यक्रममा उपेक्षित समुदायसँगको सहकार्य, तिनका आवश्यकता पूर्ति तथा तिनको विचार समावेश भएको सुनिश्चित गर्न विशेष जोड दिइरहेको छ । यस सन्दर्भमा उपेक्षित भन्नाले सामाजिक बहिष्करण तथा आर्थिक विपन्नता दुवै समस्यामा परेका मानिसहरूलाई समेटिन्छ । यो परिभाषालाई अबको बक्सले स्पष्ट पारेको छ ।

	उपेक्षित	गैर–उपेक्षित
गैरविपन्न	गैरविपन्न (तर उपेक्षित)	गैरविपन्न (गैर–उपेक्षित पनि)
विपन्न	विपन्न (उपेक्षित भएका पनिः डिस्एड्भान्टेज्ड ग्रुप/डिएजी भनेर पनि चिनिने)	विपन्न (तर गैर–उपेक्षित)

छ महिनाभन्दा थोरै समयलाई मात्र पुग्ने गरी आफ्नै भूमिमा खाद्यान्न उब्जाउन सक्ने अथवा दैनिक १ अमेरिकी डलरभन्दा कम पैसामा जीविका गुजारा गरिरहेका जनतालाई आर्थिक रूपले विपन्न भन्न सकिन्छ । बाँकी दलित, जनजाति र महिलाहरूलाई सामाजिक बहिष्करणमा परेका समूह मानिन्छ ।

२.४ विपन्नताको स्थानीय परिभाषा

समयअनुसार सामुदायिक वनको परिपक्वतासँगै यसले काम गर्ने क्षेत्र पनि परिवर्तन भइरहेको छ । सन् नब्बेको दशकमा सामुदायिक वनका क्रियाकलाप समतामूलक ढङ्गमा वन हस्तान्तरण गर्ने र वन नियन्त्रणमा लिने प्रक्रियामा चलेको थियो । स्थानीय उपभोक्तालाई दिगो रूपमा वन व्यवस्थापन गर्न दिन नयाँ पद्धति विकास गर्ने र उपभोक्ता समूहमार्फत सेवा दिन स्थानीय तथा गैर–सरकारी दक्षता विकासको प्रक्रियामा पनि सो क्रियाकलाप केन्द्रित थियो । यद्यपि, धेरै लेखकहरूले सामुदायिक वन अझ समतामूलक हुनुपर्ने र यसले विपन्नको हितमा काम गर्नु पर्नेमा जोड दिएका थिए (क्षेत्री र अरू सन् २००४; देव र अरू सन् २००४; गाइया र अरू सन् २००४; ग्रोनो र अरू सन् २००३; कँडेल र सुवेदी सन् २००४ र यादव र अरू सन् २००८) । यस्तै केही अन्यले चाहिँ गरीबी न्यूनीकरण गर्न सामुदायिक वनको सफलतामा जोड दिएका छन् (हेर्नुहोस् नेउपाने र अरू सन् २००४; नर्स र अरू सन् २००४; पौड्याल र थापा सन् २००४; ओझ र सुवेदी सन् २००४; होब्ले र अरू सन् २००७ र पोखरेल र अरू सन् २००९) । सरकार, स्विस परियोजनाका कर्मचारी र गैरसरकारी सेवा प्रदायकहरूको सहयोगमार्फत दोलखा, रामेछाप र ओखलढुङ्गाका उपभोक्ता समूहले विपन्नतालाई सम्बोधन गर्ने प्रयास गरेका छन् । यो व्याख्याले दिगो जीविकाका अवधारणा (सस्टेनेबल लाइभ्लिहुड्स अप्रोच) र अधिकारमा आधारित अवधारणा

(राइट्स–बेस्ड अप्रोच) लाई जोड दिन्छ (पर्सन र नेइल सन् २००६) । यही खाका स्थानीय परिप्रेक्ष्यमा अपनाइएको छ ।

उपर्युक्त अवधारणाको पहिलो खुड्किलो सम्पन्नताको स्तरीकरण (वेल–बिइङ र्‍याङकिङ) हो (पोखरेल र अरू सन् २००४) । द्वन्द्वावस्थामा सम्पन्न घरधुरीको पहिचान गर्ने काम अप्ठ्यारो भएको हुनाले यस्तो तरिका विकास गरिएको थियो । यस्तो स्तरीकरण गर्न व्यक्तिगत रूपमा तीनजना विश्वासिला र ज्ञान भएका (फरक फरक लिङ्ग, जात र वर्गका) सूचनादाता चाहिन्छन् । तिनलाई वर्ग छुट्याउने स्वाधिकार दिइन्छ तर यसो गर्दा कम्तीमा पाँच भिन्न वर्गको पहिचान गर्न लगाइन्छ । नेपालीमा ' विपन्न' भन्ने शब्दावली अत्यन्त उपेक्षामा परेकालाई जनाउन प्रयोग गरिन्छ (यो शब्द आर्थिक रूपले उपेक्षित अथवा 'गरीब' भन्दा फरक छ) । यसरी उपभोक्ता समूहका प्रत्येक घरधुरीलाई एकै ठाउँमा राखेर सामान्यतया पाँचदेखि सात ओटा तहका वर्ग पहिचान गरिन्छ । त्यसपछि प्रत्येक घरधुरीलाई तीन जनाले दिएको स्तरीकरणलाई औसतमा हिसाब गरी एउटै स्तरीकरण स्थापित गरिन्छ । एवम् रीतले कुनै पूर्वाग्रहविना सम्पन्नताको स्तरीकरण गरिन्छ । सबैभन्दा निम्न तीन ओटा वर्गमा परेका घरधुरीको नामहरू उपभोक्ता समूहको साधारण सभामा अङ्कित गरिन्छन् र ती नामलाई पारित गर्न सभालाई आग्रह गरिन्छ । कहिलेकाहीँ यस्तो छनौट प्रक्रिया चुनौतीपूर्ण हुन्छ । कहिलेकाहीँ भने 'विपन्न' मा अझ धेरै घरधुरीका नाम समावेश गर्नुपर्ने हुनसक्छ । तर समग्रमा यी नाम उपभोक्ता समूहका सदस्यको पाँच प्रतिशतभन्दा धेरै हुनु हुँदैन । घरधुरीलाई स्तरीकरणमा लैजाने आधारहरू खाद्य सुरक्षा (भूअधीनत्व) र आम्दानी (नियमित तलब) हुन् । तर सामाजिक तथा अन्य आधारलाई पनि यस प्रक्रियामा ख्याल राखिन्छ । सम्पन्न परिवारको सामान्य सूचक भनेको गाउँबाहिर राम्रो राजनीतिक सम्पर्क (सोर्स/फोर्स) हुनु, परिवारका सम्पूर्ण सदस्य स्वस्थ हुनु, शिक्षामा बालबालिकाको राम्रो पहुँच हुनु, नगद सापटी दिने सामर्थ्य हुनु वा (कोहीको) आफ्नै शौचालय[७] हुनु हो । विकलाङ्ग वा दीर्घकालीन रूपमा अस्वस्थ भएका, बुढाबुढी र ऋणमा डुबेकालाई 'विपन्न' अन्तर्गत स्तरीकरण गरिए पनि यसको मुख्य पक्ष भनेको सामाजिक विच्छेदन (सोसियल आइसलेसन) हो । यस्तो अवस्थालाई नेपाली संस्कारमा हेयको दृष्टिले हेरिन्छ । राज्यप्रदत्त सामाजिक सुरक्षाको अभावले यस्तो अवस्थालाई अझ नाजुक बनाएको छ (हेर्नुहोस्, बक्स ४.१ मा मनोमाया माझीको उदाहरण) ।

[७] एसडिसीको स्वास्थ्यसम्बन्धी परियोजनाले प्रभाव पारेको हुनाले यस्तो भएको हुन सक्छ ।

बक्स ४.१ मनोमाया माझीः सामाजिक विच्छेदन झेलिरहेकी एक विपन्न

माझीहरू पहाडी भेगमा बस्ने तथाकथित तल्लो जातीय समूह हुन् । माछा मारेर र सानो डुङ्गामा मानिसहरूलाई नदी वार–पार गराएर तिनले गुजारा चलाउँछन् । आफ्नो थितिअनुसार उनीहरू ठूला नदी छेउछाउमा बस्छन् । त्यसैले बसोबासको भौगोलिक अवस्थाले पनि तिनलाई गरीब बनाएको हुन्छ ।

मनोमाया माझी लगभग ५० वर्षकी छिन् । उनको बिहे गोरे माझीसँग भएको हो । गोरे उनका दोस्रा पति हुन् । कुनै सन्तान नहुँदै पहिलो पतिको मृत्यु भयो । यी माझी जोडी तामाकोशी नजिकैको सानो एककोठे घरमा बस्छन् । तिनीहरूसँग थोरै खेत थियो । तर मनसुनी वर्षाले त्यही खेत पनि बगाएर लग्यो । नदीमा पुल बन्नु भनेको त्यहाँ नदी तार्ने डुंगाले काम नपाउनु हो । सबै गरी तिनका ६ बच्चाबच्ची थिए । तीमध्ये तीनजना सानैमा बिते । बाँचेका तीन सन्तान (दुई छोरी र एक छोरा) पनि काठमाडौँतिर सरे । ती सन्तानहरूले काठमाडौँमा अदक्ष श्रमिकको रूपमा इँटा उद्योगमा घन्टौँ काम गर्छन् र काठमाडौँ बाहिर कमाउनेभन्दा धेरै कमाउँछन् । यी माझी दम्पतिको छोरा एकजना महिलासँग सँगै बस्छन् । तर कमाई अपुग्दो हुनाले यी दुईको बिहे चाँहि भएको छैन । मनोमायाकी छोरीहरू सबैको बिहे भयो । सबैका छोरीहरू जन्मिएका छन्, पाँच जना । छोरीहरूको बिहेलगायतका खर्च गर्न उनले ऋण लिनु पर्‍यो । प्रति महिना ४०० रुपैयाँ ब्याज तिरिरहेकी छन् उनले । गोरे काठमाडौँमा काम खोजेर बसिरहेका छन् । गोरेका पनि चार श्रीमती थिए । आफू कमाउन जाँदा पहिलेका चारै श्रीमतीले उनलाई छाडे । त्यसैले उनले फेरि अर्की बिहे गरे । गोरेकी पहिली श्रीमतीबाट एउटा छोरो जन्मिएको थियो । तर त्यो छोरोको २१ वर्षको कल्कलाउँदो उमेरमै मृत्यु भयो । बितेको छोरोका एक श्रीमती र दुई बच्चाबच्ची थिए । दुई बच्चाबच्चीमध्ये एउटाको मृत्यु भयो । अर्कोले काठमाडौँको चिया पसलमा काम गर्छन् ।

एउटा पति, तीन बच्चाबच्ची, एउटा सौतेनी छोरा, एउटा नातिको मृत्यु र बाढीले जग्गा गुमाएको पीडा लिएर मनोमाया बसिरहेकी छन् । आफूले बिरलै भेट्ने तीन बच्चाबच्ची, सौतेनी सन्तान र नाति–नातिनालाई सम्झँदा मनोमाया निकै दुःखी हुन्छिन् । कुनै विकल्प नभएकोले आफूले गोरेसँग विवाह गर्नुपरेको उनी बताउँछिन् । तर अहिले पनि आफू एक्लै भएको उनको अनुभव छ ।

नेपाल सरकारको नयाँ सामुदायिक वन निर्देशिका (वि.सं. २०६५) ले सबै उपभोक्ता समूहले आफ्ना कार्य योजना नवीकरण गर्दा राम्रो स्तरीकरणको अभ्यास गर्ने अपेक्षा राखेको छ । सम्पन्नताको स्तरीकरण प्रक्रियामार्फत पहिचान भएका विपन्नहरू प्रायः उपेक्षित नै हुन्छन् । समुदायको हातमा छनौट प्रक्रिया रहेको हुनाले यस्तो भएको चाहिँ होइन । यस्तो स्थितिमा काम गर्दा आइपर्ने चुनौतीलाई यसै पुस्तकको परिच्छेद ६ मा चर्चा गरिएको छ ।

२.५ सुशासनमार्फत गरीबीलाई सम्बोधन

विशेषगरी विपन्नसहित अन्य उपेक्षित घरधुरीको पहिचान गर्दा सम्पन्नताको स्तरीकरणले उपभोक्ता समूहका सदस्यभित्र सामाजिक उत्तरदायित्व र समान

अधिकारबारे छलफल प्रक्रिया सुरु गर्छ। जवाफदेहिता, पारदर्शिता, गैर–विभेदीकरण, सहभागिता र प्रभावकारिताका सिद्धान्तको आधारमा यो प्रक्रिया सुशासनसम्बन्धी प्रशिक्षण (गभर्नेन्स कोचिङ) र स्व–अनुगमन (सेल्फ मनिटरिङ) जस्ता कार्यक्रम (समूहभित्रको सुशासन दर्शाउन प्रयोग गरिने माध्यम) मार्फत अघि बढाइन्छ । सही लेखाजोखा (एकुरेट बुक किपिङ), लिइएका निर्णयहरूको अभिलेखीकरण, प्रतिनिधित्व, नेतृत्वको शैली, प्रत्येक आवाजको सम्मान र विपन्नसम्बन्धी प्रावधान बनाउन आवश्यकता पहिचानजस्ता पक्षलाई यस प्रक्रियाले कार्यान्वयन गराउँछ। यो क्रममा सरकारी र गैरसरकारी सेवाप्रदायकले गरेका प्रशिक्षणमा एकरूपता सुनिश्चित गर्न परियोजनाका कर्मचारीहरू नियमित उपस्थित हुन्थे । तर द्वन्द्वावस्थाले गर्दा यी सबैको प्रभावकारिता उच्च हुन सकेन। प्रशिक्षणमा सामान्यतया करिब ३० जना जति सहभागी हुन्थे । तीमध्ये केही दलित तथा महिला, उपभोक्ता समूहका कार्यकारिणी समिति सदस्य र स्थानीय जनता यस्ता प्रशिक्षणमा सहभागी हुन्थे ।

बक्स ४.२ सुशासन प्रशिक्षणबाट सिकिएको पाठ

"सुशासनको प्रशिक्षण र आत्मपरक अनुगमनका अभ्यासको समयमा लिइएका निर्णय, हामीले त्यहाँ के गर्‍यौँ, बैठकमा को–को आए, के लेखियो र कस्ता–कस्ता कार्य भए भन्नेबारे हामीले समीक्षा गर्‍यौँ। सहभागीहरूको हस्ताक्षरपछि मात्र निर्णय लिइयो। तर पहिला निर्णय लेखेर मात्र हस्ताक्षर गरेको भए सही हुन्थ्यो भन्ने हामीलाई लागेको थियो। विशेषगरी विपन्नमुखी एउटै पनि योजना नभएको हाम्रो अनुभव रह्यो। वन व्यवस्थापनबारे थुप्रै निर्णयहरू भए। गल्तीको समीक्षा गर्दा तथा आम्दानी–खर्चको अभिलेख राख्दा हामी विपन्नमुखी भयौँ कि भएनौँ भन्ने खुब ख्याल हुन्थ्यो। यसैबाट सुधारका धेरै तरिकाहरू पनि हामीले सिक्यौँ।

गणेश बहादुर माझी

सचिव, आम्पानी ठूलोचौर सामुदायिक वन, रामेछाप

३. चरम गरीबीको प्रत्यक्ष मार

माथि उल्लेख गरिएझैँ गरीबीसँग जुझ्नु चुनौतीपूर्ण कार्य हो। यससँग कुशल रूपले जुझ्नलाई सुनिर्मित खाका जरुरी पर्छ। यसको लागि सामुदायिक वन आफैमा एउटा समाधान नभए पनि विपन्नता सुधार्नको लागि यसले भरपूर योगदान पुर्‍याउन सक्छ। नेपालमा विभिन्न तरिका तथा क्रियाकलापबाट सामुदायिक वनबाट गरीबी न्यूनीकरण गर्न योगदान मिलेको छ, जसलाई छोटकरीमा ११ अक्षरबाट स्पष्ट पारिएको छ। ती अक्षरका अघिल्ला वर्णहरू मिलाउँदा "च्भ्भिक्ष्भ र ज्द्दइ बन्छन्। यस्ता क्रियाकलापबाट सामुदायिक परिवर्तन सार्थक बनेको छ (हेर्नुहोस्, बक्स ४.३)।

३.१ विपन्नका लागि लाभ

FREELIFE plus H2O विपन्न घरधुरीको लागि उपभोक्ता समूहले प्रयोग गरिरहेको कार्यक्रम हो । यी कार्यक्रम उपभोक्ता समूहअन्तर्गत नै सिर्जित र सञ्चालित हुनाले कुनै बाह्य मद्दतविना नै यस्तो अवधारणा सञ्चालन गर्न सकिन्छ (हेर्नुहोस्, बक्स ४.२) । FREELIFE plus H2O को मद्दतले उपभोक्ता समूहले आफूभित्रका विपन्नलाई सकेसम्म धेरै प्याकेज प्रदान गर्ने आशा गरिएको हुन्छ ।

बक्स ४.३ FREELIFE plus H2O

सामूहिक कोष (Fund) मा पहुँच, नेतृत्वस्तरमा प्रतिनिधित्व (Representation), रोजगारी (Employment) को लागि प्रशिक्षण, शिक्षा (Education) को लागि छात्रवृत्ति, सामुदायिक वनको भूमि (Land) सँग पहुँच, निर्णय-निर्माण प्रक्रियामा समावेशीकरण (Inclusion) र वनपैदावार (Forest products) तथा वनजन्य उद्यम (Enterprises) मा समतामूलक पहुँचजस्ता व्यवस्था FREELIFE मा पर्छन् । स्वास्थ्य (Health), मानवीय पक्ष (Humanitarian aspects) (विशेषगरी द्वन्द्व-पीडितमुखी) तथा अन्य संगठन (Other organisations) को सहयोगलाई H2O ले प्रतिनिधित्व गर्छ ।

उपभोक्ता समूहमा भएको **कोष**बाट विपन्न सदस्यलाई सापेक्षिक रूपमा कम ब्याजदर (०-२४ प्रतिशत प्रतिवर्ष र २४ प्रतिशतको दरमा/ निजी ऋणदाताले ४० प्रतिशतसम्म लिन्छन्) मा ऋण उपलब्ध गराइन्छ । पहिलेका योजनामा समूहको कोषलाई सामुदायिक पूर्वाधार (जस्तै, पिउने पानी, विद्यालय, पुल आदिको व्यवस्था गर्न) उपयोग गरिन्थ्यो । तर यसबाट विपन्नलाई फाइदा पुग्छ नै भन्ने सुनिश्चित नभएको हुनाले अहिलेको विधि पुरानो परम्परागत विधिमाथिको छलाङ पनि हो ।

उपभोक्ता समूहले विपन्न, उपेक्षित घरधुरी र महिलाको **प्रतिनिधित्व**लाई सुनिश्चित गर्छ ।

सम्भव भएका ठाउँमा उपभोक्ता समूहले पहिचान गरेअनुरूप विपन्नका लागि **रोजगारी**को अवसर र आवश्यक भए प्रशिक्षणको व्यवस्था हुन्छ ।

विद्यालयलाई थप शिक्षकको व्यवस्थासहित विपन्नका बच्चाबच्चीलाई छात्रवृत्तिको व्यवस्था गरी उपभोक्ता समूहको माध्यमबाट **शिक्षा**को आवश्यकतालाई सम्बोधन हुन्छ ।

समावेशीकरणको प्रक्रियामा बैठकमा को-को समावेश भए भन्नेबारे तथ्याङ्क राख्ने, बैठकमा सुगम परिप्रेक्ष्यबाट आएका उपभोक्ता समूहका सदस्यलाई भन्दा उपेक्षितलाई बढी प्राथमिकता दिने, तिनको आवाज सुन्ने र सो आवाजलाई माथि ल्याउन मद्दत गर्ने काम हुन्छ ।

सामुदायिक **वन पैदावार**हरू समतामूलक ढङ्गले बाँडफाँट गर्ने ('समता' भन्नाले समान हुनेभन्दा पनि आवश्यकताअनुसार निष्पक्ष हुने भन्ने बुझिन्छ) काम हुन्छ ।

उद्यम-हेर्नुहोस् खण्ड ५.२ ।

आपत्मा परेका घरपरिवारलाई **मानवीय तथा स्वास्थ्य**सम्बन्धी सहयोग गरिन्छ ।

हालसम्मको अनुभवमा FREELIFEको जटिलता भनेको भूमिको व्यवस्था हो । बस्तीदेखि टाढा नभएको कुनै जमीन उपलब्ध गराउने, वनआधारित उद्यममा विपन्नको

सहभागिता जनाउने, बाह्य सहयोग आवश्यक पर्ने अवस्थामा सहयोगी निर्णय लिने आदि काम उपभोक्ता समूहका लागि निकै चुनौतीपूर्ण हुन्छन् ।

नेपालमा सबै वन उपभोक्ता समूहले यो अवधारणालाई कार्यान्वयन गरिरहेका छन् । तीमध्ये सबै सफल नै छन् भन्ने हाम्रो दाबी हैन । तर सापेक्षिक रूपले परिपक्व र स्थापनाको एक दशकभन्दा बढी समय पार गरिसकेका उपभोक्ता समूहमाथि हामीले गरेको नमूना विश्लेषणअनुसार सन् २००० सम्म विपन्नहरूको लागि भनेर यस्ता समूहमा कुनै विशेष व्यवस्था थिएनन् । तर सन् २००८ मा यस्तो व्यवस्था नौ गुणासम्मले अधिक भएको तथ्याङ्क छ (हेर्नुहोस्, तालिका ४.१) ।

तालिका ४.१ विपन्न घरधुरीमाथि उपभोक्ता समूहको लगानी

सर्वेक्षण गरिएका समूहको संख्या-११६

शिर्षक	सन् २०००	सन् २००६	सन् २००८
अनुदान (हजार रूपैयाँमा)	शून्य	१७	१४९
सुलभ कर्जा (हजार रूपैयाँमा)	शून्य	१७४	५०६
काष्ठ (क्युबिक फिटमा)	शून्य	३२३३	६०९६
भूमि (घरधुरी)	शून्य	१८१	३६९
भूमिको क्षेत्र (हेक्टरमा)	शून्य	१८५	४०१
छात्रवृत्ति (संख्या)	शून्य	१४	१५४
उद्यम (शेयरधनी)	शून्य	६०१	अनुपलब्ध
रोजगारी (व्यक्ति/वर्ष)	शून्य	१७४	२०९

स्रोत: पोखरेल र अरू (सन् २००९)

यसैगरी रजया उपभोक्ता समूहको सामाजिक उत्तरदायित्व अभ्यासको उदाहरण बक्स ४.४ ले देखाउँछ ।

होब्ले र अरू (सन् २००७) को तथ्यअनुसार गरीबी न्यूनीकरण र जीविका सुधार कार्यक्रममार्फत उपभोक्ता समूहहरूले कल्याणकारी कार्यक्रममात्रै सञ्चालन नगरी संरचनागत रूपान्तरणको प्रक्रिया पनि सुरु गरेका छन् । यिनले अति विपन्न जनतासँग पनि सहकार्य गरेका छन् । ती विपन्नलाई छुट्टै समूह पनि नमान्ने र विकास सहायतामा तिनलाई सामेल पनि नगराउने अन्य थुप्रै परियोजनाले भन्दा यिनले सह्राहनीय काम गरेका छन् ।

बक्स ४.४ रजया सामुदायिक वन उपभोक्ता समूहः विपन्नमुखी निर्णय–निर्माणको दृष्टान्त

१४५ घरधुरीको सदस्यता र ३२.८८ हेक्टर भूमिसहित ओखलढुङ्गामा सन् २००१ मा रजया उपभोक्ता समूह स्थापना भएको थियो । १३ सदस्य भएको कार्यकारी समितिमा दुईजना उपेक्षित घरधुरीका सदस्य र चारजना महिलाको संलग्नता छ । उपयुक्त प्रक्रियाको मद्दतले यहाँ उपभोक्ता समूहले सात ओटा उपेक्षित घरधुरी पहिचान गरेको थियो । आफ्नो क्षमताअनुसार प्रत्येकले स्रोतको उपलब्धतालाई ख्याल राख्दै जीविकाको योजना बनाएका थिए । अहिले तिनीहरू आफ्ना योजनाअनुसार काम गरिरहेका छन् । महत्वपूर्ण कुरा, सामुदायिक वनको एक हिस्सा (०.७ हेक्टर) यहाँ उपेक्षित घरधुरीलाई भनी छुट्याइएको छ र तिनलाई नै व्यवस्थापनको जिम्मेवारी समेत दिइएको छ । उपभोक्ता समूहका सचिव कमल थापा भन्छन्, "विभिन्न व्यक्ति र संगठनसँगको सहकार्यबाट गरीबलाई मद्दत गर्न हामी धेरै इच्छुक छौं ।"

सामुदायिक विकासमा पनि रजया उपभोक्ता समूह महत्वपूर्ण रहिआएको छ । एउटा स्थानीय निम्न माध्यमिक विद्यालयलाई माध्यमिक बनाउन यसले १० हजार रूपैयाँ प्रदान गरेको छ । यसैगरी पिउने पानी योजनामा उपभोक्ता समूहले १२ हजार रूपैयाँ लगानी गरेको छ ।

३.२ वनआधारित उद्यम

सुव्यवस्थित सामुदायिक वनले जीविकाको लागि उपभोक्ता समूह सदस्यलाई गुजाराको लागि थोरैमात्रै नभई त्योभन्दा माथि उठेर धेरै वन पैदावार दिन सक्छ । त्यसैकारण पनि उत्पादन आपूर्ति तथा विद्यमान कानुनअनुसार नै यसको व्यावसायिक उपयोगिता सम्भव छ । यद्यपि वैधानिक जटिलताले केही अप्ठ्यारो सिर्जना गर्न सक्छ । स–मिल, प्लाइउड निर्माण, स्थानीय लोक्ता कागज बनाउने कारखाना, तेल प्रशोधन, बेलको जुस आदि क्षेत्रमा वनआधारित उद्यमको ठूलो सम्भावना छ । यस्ता उद्यमले द्वन्द्वावस्थामा उति फस्टाउने मौका पाएका थिएनन् । यद्यपि यी व्यवसाय उपेक्षित वर्गमा केन्द्रित हुनाले कतै–कतै भने सहज पनि थियो । उपेक्षितका अधिकार, रोजगारीका अवसरमा तिनलाई स्थान र उपभोक्ता समूहको सदस्य भएकोले त्यस्ता उद्यममा तिनको साझेदारी छ भनी जोड दिएर पनि यस्ता व्यवसाय सञ्चालन गरिएका थिए । तर पनि अझै व्यावसायिक अवधारणा र विपन्नसँगको पहुँचबीचको सम्बन्ध सबैलाई बुझाउन मुस्किल छ ।

४. सुशासन प्रवर्द्धन

४.१ सुशासित सामुदायिक वन उपभोक्ता समूह

उपभोक्ता समितिको सञ्चालन पद्धतिमा परिवर्तनको अनुगमन गर्न गाह्रो छ । तर यसका लागि केही गुणात्मक सूचकहरूको प्रयोग गरिन्छ, जस्तैः कार्यक्षेत्रको स्थलगत

भ्रमण गरी वैयक्तिक अध्ययनसमेत बाट गुणात्मक सूचकहरू प्रयोग गरी अनुगमन गर्न सकिन्छ । त्यसपछि यस्ता अध्ययनबाट प्राप्त तथ्याङ्कलाई संख्यात्मक सूचकमा ढाल्ने प्रयास गरिन्छ । यिनमा समूहको बैठकमा उपस्थित हुने महिला, दलित आदिको संख्याजस्ता तथ्याङ्क पर्छन् ।

परियोजना क्षेत्रमा ११६ वटा उपभोक्ता समूहबाट हासिल गरिएको तथ्य विश्लेषण (हेर्नुहोस् पोखरेल र अरू सन् २००९) ले सन् २००० मा ५८ जना महिलाहरू प्रमुख नेतृत्वदायी पदमा भएको देखाउँछ । सन् २००८ मा महिलाको यो संख्या बढेर ११० पुगेको थियो । यसैगरी सन् २००० मा दलितहरूको संख्या ५ थियो भने सन् २००८ मा यो संख्या १९ पुगेको थियो । यो सामान्य संख्याले महिला र दलितको आवाज उति नसुनिए पनि तिनीहरू निर्वाचित भएको भने देखाउँछ । एउटा थप गुणात्मक अन्वेषणले उपभोक्ता समूहका क्रियाकलापमार्फत केही महिला तथा दलितको सशक्तीकरण भएको देखाउँछ । यससम्बन्धी जुनुमायाको उदाहरण बक्स ४.५ मा हेर्नुहोस्ः

बक्स ४.५ आवाज सुनिँदै छ जुनुमायाको

दलित परिवारकी जुनुमाया विवाहित युवती हुन् । उनको परिवार सम्पन्नताको स्तरीकरण सञ्चालन गर्ने स्थानीय उपभोक्ता समूहको सदस्य हो । सो समूहले जुनुमायाको परिवार विपन्न भएको पहिचान गऱ्यो । विपन्नलाई प्रशिक्षण दिइँदा जुनुमायालाई सुशासनसम्बन्धी एउटा कार्यक्रममा भाग लिन बोलाइएको थियो । यस क्रममा उनले आफ्नो नेतृत्व क्षमता परिवर्तन गर्न सकिने तरिकाहरू सिकेकी छिन् । उनलाई अर्को महिना उपभोक्ता समितिमा रहने इच्छासमेत छ । थुप्रै बैठक र छलफलबाट हासिल भएको अनुभवबाट उनले एकपटक सामुदायिक वन उपभोक्ता महासंघ-नेपालको जिल्ला निर्वाचनमा प्रतिस्पर्धा गर्ने निर्णय गरिन् । साधारण सभाको क्रममा शक्तिशाली पुरुष प्रतिस्पर्धीको पक्षपातपूर्ण भनाइलाई चुनौती दिन सक्ने सामर्थ्य आफूमा आएको उनी सम्झन्छिन् । यही सामर्थ्यको कारणले उनी निर्वाचित पनि भइन् । अहिले उनले सामुदायिक वन उपभोक्ता महासंघ-नेपालको जिल्ला प्रतिनिधिको रूपमा तीनवर्षे कार्यकाल सम्हालिरहेकी छिन् ।

यस्ता थुप्रै आन्तरिक प्रक्रियाहरूले स्थानीय विकासमा परिवर्तन ल्याएको छ । सरकारी प्रशिक्षणहरूले यस्ता केही परिणाम ल्याउन सहयोग गरेका भए पनि यिनलाई प्रभाव पार्ने अन्य थुप्रै तत्व छन् । उपभोक्ता समूहका सदस्यहरू आफ्ना अधिकारप्रति सचेत भएका छन् । निर्णय-निर्माणमा प्रतिनिधित्व, सही प्रतिवेदन प्रक्रिया तथा अभिलेखीकरणमा पारदर्शिताका माग तिनले गरेका छन् । उपभोक्ता समूहबाट पहिले केही सम्भ्रान्तहरूले आफूमात्रै सम्पन्न बन्ने उद्देश्य राखेका भए पनि अहिले तिनलाई सजिलो छैन । तिनका बदमासीका थुप्रै उदाहरण बाहिर आएका छन् । परिणामस्वरूप

उपभोक्ता समूहका सदस्यले तिनबाट क्षतिपूर्ति मागे । सुशासनको प्रशिक्षण र स्व–अनुगमनको अभ्यास गरेका यी मानिसको आत्मविश्वासलाई देशको राजनीतिक अवस्थाले पनि मलजल गऱ्यो । अधिकार दाबी गरिरहेका उपेक्षितको लागिमात्रै नभएर अन्यको लागि पनि अधिकार तथा विचारको सम्मान गर्नुपर्ने सोच पहिलेका सम्भ्रान्त वर्गमा आउन थाल्यो । खासगरी द्वन्द्वावस्थामा गाउँका ठूलाठालुले स्रोत कब्जा गरेका भए पनि ती व्यक्ति सहरतिर सरेका थिए। तर गाउँका स्रोतसाधन तिनकै नाममा थियो । यसरी ग्रामीण क्षेत्रमा तिनको अनुपस्थितिले पनि उपभोक्ता समूहमा उपेक्षितहरूको सक्रियता बढायो ।

४.२ उपभोक्ता समूहको लागि सबल वातावरण

सुशासित हुन उपभोक्ता समूहलाई उचित योजना र अनुकूल कानुनी वातावरण चाहिने हाम्रो अनुभवले देखाउँछ । साथै वैधानिक स्वायत्तता, राज्यको सहयोगी भूमिका र द्वन्द्व समाधानका संयन्त्र पनि यसको लागि आवश्यक पर्छ (पोखरेल सन् १९९८) ।

समूहको वैधानिक स्वायत्तताः उपभोक्ता समूह भनेका स्वायत्त र स्वतन्त्र निकाय हुन् । वन ऐनले नागरिक समाज जस्तै तिनको स्वतन्त्र स्तर पहिचान गरेको छ । कानुनी भाषामा उनीहरू सरकारी अधिकारको प्रत्यक्ष नियन्त्रणमा नभएर सरकार, गैरसरकारी संस्था र निजी क्षेत्रका सहयोगी हुन् ।

उपभोक्ता समूह र राज्यबीचको सम्बन्धः समुदायलाई वन हस्तान्तरण गर्ने र वन सञ्चालन योजना र स्थानीय नियमअनुसार काम नभए उपभोक्ता समूहबाट सो जिम्मेवारी फिर्ता लिन सक्ने अधिकार राष्ट्रिय सरकारसँग हुन्छ । यद्यपि ३० दिनभित्रमा समस्या समाधान भएपछि राज्यले सो वन पुनः हस्तान्तरण गर्नु पर्छ । नियम बनाउने र त्यो कार्यान्वियन गराउने अधिकार उपभोक्ता समूहसँग हुन्छ । यसैगरी प्रत्येक पाँचदेखि दस वर्षमा वन सञ्चालन योजना नवीकरण गर्नुपर्ने भए पनि स्रोत हस्तान्तरणको समयावधिलाई सीमित नबनाउने कुरामा राज्यले पूर्ण प्रतिबद्धता व्यक्त गरेको छ । राज्यले आफ्ना कर्मचारी र नियमित बजेटमार्फत उपभोक्ता समूह गठन र दर्ता गर्न मद्दत गर्नुपर्ने हुन्छ ।

द्वन्द्व समाधानको संयन्त्रः उपभोक्ता समूहमा आफ्ना सदस्यबीचको द्वन्द्वलाई मध्यस्थता गर्नुपर्ने क्षमता आफैसँग हुनुपर्छ । द्वन्द्व समाधान गर्न समूहले धेरै पटक

उपभोक्ता समूहबाहिरका सदस्यसँग पनि वार्ता तथा छलफल गरेका छन् । तिनको यो भूमिकालाई राज्यले पनि मान्यता दिएको छ । यद्यपि उपभोक्ता समूहको अधिकार, भूमिका र उत्तरदायित्व अभ्यास गर्न र वन्य भूमि अतिक्रमण वा स्रोतको दुरूपयोग गर्न खोज्ने बाह्य व्यक्तिबाट वनलाई जोगाउन राज्यको वैधानिक संयन्त्रबाट पनि मद्दत चाहिन्छ ।

५. कार्यक्षेत्रको अनुभवबाट नीति परिवर्तनमा योगदान

उपभोक्ता समूहले विपन्न तथा पछाडि पारिएका मानिसहरूको जीवनमा सुधार ल्याउनुका साथै तिनको अनुभवलाई सिकाइमा परिवर्तन गर्न राष्ट्रिय स्तरमै मद्दत गरिरहेको छ । नयाँ संविधान पहिलो पटक नै बन्न नसके पनि परिवर्तनको नयाँ लहरले पनि सामुदायिक वनबाट सिकिएका असल अभ्यासलाई संस्थागत गर्ने अवसर दिएको छ । यसले साझा सम्पत्तिको अधिकार (कमन प्रपर्टी राइट्स) सहित सामुदायिक अधिकारलाई दीर्घकालीन सहयोग गर्छ । नेपालमा सामुदायिक वन अझै पनि राज्यअन्तर्गत नै पर्छ । उपभोक्ता समूहसँग त यसको उपयोग र व्यवस्थापनको अधिकारमात्रै छ । साझा सम्पत्तिको रूपमा यस्ता वनको वैधानिक दर्ता हुन सके त्यो महत्वपूर्ण खुड्किलो हुनसक्थ्यो ।

६. व्यावहारिक चुनौती

उपेक्षितहरूको हितमा परिवर्तनमुखी काम हुन नसक्नुमा मूल अवरोध हाम्रो दीर्घकालदेखिको चिन्तन नै हो । हाम्रोजस्तो असमानताले गाँजेको समाजमा सहभागितामूलक प्रक्रिया प्रवेश गराउन सधैँ गाह्रो हुन्छ । जात, वर्ग र लिङ्गप्रतिको सामाजिक अवधारणामा प्रश्न उठाउन झनै गाह्रो छ । बक्स ४.६ ले खोटाङस्थित एउटा उपभोक्ता समूह (जहाँ सुशासनसम्बन्धी प्रशिक्षण र स्व-अनुगमनको अभ्यास लागू हुन बाँकी छ) मा एकजना तथाकथित उपल्लो जातका मानिसले दिएको व्यंग्यात्मक प्रतिक्रियालाई प्रस्तुत गरिएको छ । यसले हाम्रो समाजमा अझै पनि कायम रहेको सामाजिक वञ्चितीकरणसम्बन्धी जटिलतालाई देखाउँछ ।

उपेक्षितलाई सहयोग गर्दा तथा सुशासन प्रवर्द्धन गर्दा परियोजनाले भोग्ने थुप्रै किसिमका व्यावहारिक तथा पद्धतिगत चुनौतीहरू पनि छन् । आउने खण्डमा ती चुनौतीलाई संक्षेपमा प्रस्तुत गरिएको छ ।

बक्स ४.६ सामाजिक बहिष्करणबारे व्यंग्यात्मक प्रतिक्रिया

"यो उपभोक्ता समूहमा विपन्न भनेर छानिएका माझीहरू जति गरीब देखिन्छन्, वास्तवमा उनीहरू त्यति गरीब छैनन् । आम्दानीको दिगो स्रोत नभए पनि तिनले फजुल खर्च गरी जीवन व्यतित गरिरहेका छन् । यस गाउँबाट १३० जनाभन्दा बढी मानिस खाडी मुलुक गइसकेका छन् । प्रत्येक परिवारले महिना–महिनामा रेमिटचान्स पाउँछन् । तिनले त्यो पैसा कतै बचत अथवा लगानी गरेको पनि मैले देखेको छैन । पैसा पूरै नसकिँदासम्म तिनले नचाहिने काममा खर्च गरिरहन्छन् र सकिएपछि दाउरा खोज्न हिँड्छन् । तिनको घरमा जानुभयो भने तपाईंले रेकर्ड प्लेयर, मोबाइल फोन, टेलिभिजन सेट आदि देख्नुहुन्छ तर गृहस्थीमा काम लाग्ने अन्य सामग्री भने केही भेट्नु हुन्न ।"

लङ्गुरपाखा सामुदायिक वन उपभोक्ता समूहका एक सदस्य
लामिडाँडा, खोटाङ

६.१ उपेक्षित समूह अथवा विपन्न ?

माथि लेखिएझैं परियोजना सञ्चालन हुने स्थानमा उपेक्षित वर्गको लागि एसडिसी–नेपालले स्पष्ट लक्ष्यसहित काम गर्ने गरेको छ । एसडिसीको कार्यक्रमबाट लाभ पुगेकामध्ये ६० प्रतिशत मानिस उपेक्षित घरधुरीका छन् । तर उपभोक्ता समूहले पहिचान गरेका विपन्न र उपेक्षितबीचको अवस्था मिश्रित अथवा एकअर्कामा खप्टिएका (ओभरल्यापिङ) खालको छ । किनकि सबै विपन्नहरू उपेक्षित छैनन् । उपेक्षामा नपरेका तर विपन्न अवस्थाका ब्राह्मण, क्षेत्री र नेवार जातिका सदस्यहरूमा यस्तो अवस्था छ । स्रोतसँग तिनको पहुँच नभएको कारणले पनि यस्तो भएको हो । विपन्न समूहमा कसलाई राख्ने भन्ने विवाद आइपर्दा उपल्लो जातको गरीब परिवारलाई रोज्ने कि तल्लो जातको गरीब परिवारलाई भन्नेमा विवाद पर्ने गरेको छ । यस्तो अवस्थामा कठीन जिन्दगी बेहोरिरहेका उपल्लो जातका मानिसलाई पनि विपन्न मान्नुपर्ने केही मानिसको तर्क हुन्छ, जुन जायज पनि लाग्छ । सम्पन्नताको स्तरीकरण गर्नुको उद्देश्य उपभोक्ता समूहमा सदस्यको ठम्याइ र निर्णयको सम्मान गर्नु हो, त्यसैले पनि परियोजनाले स्थानीय जनताका निर्णयलाई स्वीकार गर्छ । यद्यपि, एसडिसीले उपेक्षित समूहसम्म पहुँच पुगे/नपुगेकोमात्रै अनुगमन गर्ने हुनाले विपन्न सबै वर्ग यस्तो अनुगमनमा पर्ने गरेका छैनन् ।

६.२ अधिक आशा गर्ने प्रवृत्तिलाई निरुत्साहन

विपन्न परिवारको पहिचान गर्नुको उद्देश्य यस्ता परिवारलाई विशेष व्यवस्था हुनुपर्छ भन्नेमा उपभोक्ता समूह (र सेवा प्रदायक) सचेत छन् । तर यस्तो प्रावधानलाई

कहिलेकाहीँ सम्बन्धित वर्गबाट यथार्थभन्दा पर गएर बुझिने हुनाले ती वर्गले कहिलेकाहीँ धेरै नै आशा र माग राखेका हुन्छन् । यस्तो मागबाट मुक्ति पाउन कतिपय उपभोक्ता समूहले घरधुरीलाई धेरै वर्गमा बाँड्ने झन्झटबाट मुक्ति पाउन साधारण हिसाबले 'विपन्न' र 'गैर-विपन्न' तोक्ने विधि अपनाउन थालिएको पनि पाइयो । तर यस्तो सहज स्तरीकरणले तल्लो वर्गमा पर्ने अति विपन्न र उपेक्षित वर्गको समस्यालाई सम्बोधन गर्न सक्दैनथ्यो । यसमाथि तिनको नाजुक अवस्थालाई बिर्सनु दुर्भाग्यपूर्ण हुन्थ्यो र यस्तो प्रक्रियामा थोरैमात्र घरधुरीलाई विपन्न श्रेणीअन्तर्गत राख्ने प्रयास पनि हुन सक्थ्यो ।

६.३ गरीबी न्यूनीकरणको सरकारी लक्ष्यसँग मेल

गरीबीबारेको सरकारको दृष्टिले प्रतिव्यक्ति १ अमेरिकी डलरभन्दा कमको सामान्य मापदण्ड राख्छ । थुप्रै कारणले गर्दा कार्यक्षेत्रमा यस्तो मापदण्ड कार्यान्वयनयोग्य रहँदैन । नगद आम्दानीको हिसाबले मात्रै गरीबीलाई खुटयाउन नमिल्ने माथिको छलफलले पनि प्रस्ट पारिसकेको छ । सरकारी खाकामा घरपरिवारको भौतिक, प्राकृतिक, मानवीय तथा सामाजिक पुँजीलाई विचार गरिँदैन । यस्ता कुरालाई ख्याल नराख्ने हो भने पनि प्रतिव्यक्ति आयमा अन्य धेरै समस्या छन् । जस्तो कि त्यो आय सानो बच्चा र हातगोडा लागेका स्वस्थ वयस्कको लागि औसतमा नै नापिन्छ । एउटा व्यावहारिक उदाहरण, यस्तो मापदण्डमा एक्लै बसेकी वयोवृद्ध विधवा महिलाभन्दा धेरै बच्चाबच्ची भएको परिवार गरीब वर्गमा पर्ने सम्भावना बढी हुन्छ ।

६.४ सक्रिय स्थानीय निकायविना कार्यसञ्चालन

सक्रिय नगरपालिका अथवा गाविसजस्ता स्थानीय निकायको अनुपस्थितिमा कार्यसञ्चालन गर्नु साह्रै चुनौतीपूर्ण हुन्छ । तर नेपालको वर्तमान राजनीतिक परिस्थितिले गर्दा उपभोक्ता समूहले यही समस्या भोगिरहेका छन् । गाउँमा निर्वाचित जनप्रतिनिधि नभएका हुनाले तिनले केन्द्रीय सरकार र बाह्य नियोगहरूसँग मिलेर काम गर्नु परेको छ, जुन आफैमा चुनौतीपूर्ण छ । त्यसैले पनि स्थानीय निकायमा उत्तरदायित्व बोध नभएको भान हुन्छ ।

७. निष्कर्ष

नेपाल अहिले महत्वपूर्ण सामाजिक संघर्षको अवस्थामा छ । सामाजिक वञ्चितीकरण र सुशासनबारे जनचेतना जगाउन स्विस परियोजना र अन्य विकास परियोजनाले

गरेका परियोजनाका सफलतालाई यस्तो अवस्थामा गुणात्मक अभिवृद्धि गरिनुपर्छ। नीतिनिर्माणको तहमा उपयोगी हुन सक्ने गरी नेपालका सामुदायिक वन परियोजनाले हासिल केही सिकाइहरू यसप्रकार छन्ः

चरम गरीबीलाई सम्बोधन

- चरम गरीबीको चपेटामा बाँचेका र तीभन्दा अलि कम उपेक्षित अन्य घरधुरीको पहिचान गर्दा बाह्यभन्दा स्थानीय स्रोत प्रयोग गर्नु प्रभावकारी हुन सक्छ। चरम गरीबीबारे जान्न स्थानीय परिभाषा अझ फाइदाजनक हुन सक्छ, किनकि नेपाली परिप्रेक्ष्यमा सामाजिक बहिष्करण यस्तो गरीबीको भयकारी कारण बनेको छ।
- सबै सदस्यले एकअर्कालाई चिन्ने स्थानीय स्तरको संगठनमार्फत सामाजिक उत्तरदायित्व प्रवर्द्धन गरिँदा परियोजनाको अन्त्यपछि पनि गतिविधि दिगो रहने सम्भावना हुन्छ। यो अद्यापि प्रमाणित नभए पनि धेरै उपभोक्ता समूहले सामाजिक जनचेतनाको उदाहरण देखाइसकेका छन्। यसका साथै तिनले आफ्ना कार्यगत योजनामा उपेक्षित घरधुरीको लागि विशेष प्रावधान पनि राखेका छन्।
- सामुदायिक वनमार्फत गरीबीलाई सम्बोधनको अवसर क्रमशः विकास हुँदै आएका क्रियाकलापबाटै आएको हो। उपभोक्ता समूहका सम्पत्ति व्यवस्थापन गर्न बितेका वर्षमा दिगो वन व्यवस्थापन, उद्यम विकास र संस्थागत सशक्तीकरण आवश्यक थिए। त्यसैमार्फत उपेक्षितलाई लाभ बाँडफाँट गर्न ती समूह सक्षम थिए र तिनीहरू अझै यस्तो काम गर्न इच्छुक छन्। सबै समूहलाई यो अवस्थामा पुग्न समय लाग्न सक्छ, त्यसैले अहिल्यै शिघ्र परिणामको आशा भने गर्न सकिँदैन। अन्य मुलुकमा देखिएका अनुसन्धान परिणामले पनि यही निष्कर्ष निकालेका छन्।

सुशासन प्रवर्द्धन

- उपभोक्ता समितिमा महिला र उपेक्षित वर्गको सहभागिता प्रवर्द्धन मात्र नगरी क्षमता निर्माण तथा प्रशिक्षण कार्यक्रममार्फत सहायता पनि गरिनुपर्छ। यसो गरिए निर्वाचित व्यक्तिहरू निर्णय-निर्माणमा सहभागी हुन पूर्ण सक्षम हुन्छन्। यसको लागि परियोजनाको मद्दतबाट सञ्चालित सुशासन प्रशिक्षणका साधनहरूले सकारात्मक परिणाम ल्याएका देखिन्छन्।

- सम्भ्रान्त वर्गले कहिलेकाहीँ निर्णय–निर्माणमा नकारात्मक भूमिका खेल्दा र स्रोतसाधनमाथि हावी हुन खोज्दा नराम्रो परिणति आएको छ भने कुनै–कुनै स्थानमा यस्ता व्यक्ति नै सामाजिक रूपान्तरणको लागि प्रेरक व्यक्ति भई देखापरेका छन् । राष्ट्रिय परिप्रेक्ष्यमा विश्लेषण गर्दा यो पनि विचार गरिनुपर्छ कि सामुदायिक वनको क्षेत्रमा सुशासन र गरीबको लागि परिवर्तनमा जोड दिनेहरूमध्ये यस्तै असल हुनेखाने वर्गहरू पनि छन् ।

राष्ट्रिय राजनीतिक स्तरमा प्रभाव

संक्रमणमा भएको राज्यले उपभोक्ता समूहजस्ता स्थानीयस्तरका संस्थाबाट स्थानीय सुशासनको प्रक्रियाबारे सिक्नुपर्छ । नेपालमा यस्ता स्थानीय संस्थाका जनताले कठीन राजनीतिक परिप्रेक्ष्यमा पनि स्थानीय लोकतन्त्रको अभ्यास गरिरहेका छन् । यिनले परिवर्तनको पक्षमा निरन्तर दबाब दिइरहेका छन् । सामुदायिक वन समयान्तरालमा स्थानीय रूपमा विकसित भएको हो । यिनमा अरू पक्षबाट नभई स्थानीय अभ्यासमै आश्रित भई योजना बनिरहेका छन् । राज्य पुनर्संरचना र सामाजिक–राजनीतिक रूपान्तरणको अहिलेको राष्ट्रिय प्रक्रियामा सामुदायिक वनको असल अभ्यास पनि योगदानकारी हुन सक्छ । यसबाट सिकिएका केही मूल बुँदाहरूलाई अबको क्रममा चर्चा गरिएको छः

- परीक्षणको अभ्यास पहिला, नीति तर्जुमा त्यसपछि (वनसम्बन्धी अहिलेको वैधानिक आधारशिला सात वर्षको परीक्षणपछि मात्रै लागू गरिएको हो ।[८] यसर्थ सामुदायिक वन परियोजना भनेको स्थानीय व्यवस्था र अभ्यासमा आधारित दिगो विकासको नमूना रहेको पुष्टि हुन्छ । अहिले मुलुकमा बाह्य सहयोगविना स्वतन्त्र कार्यसञ्चालन गर्दै आएका हजारौँ सामुदायिक वन छन् ।
- उपभोक्ता समूहले वन पैदावारको भोग गर्ने तर वनको भूअधीनत्व भने राज्यको हुनाले राज्य र स्थानीय समुदायबीचको शक्ति साझेदारी व्यवस्था असन्तुलित छ । स्थानीय समुदायलाई सशक्त बनाउन वन पैदावारको सीमित उपयोगसम्बन्धी अधिकारमात्र दिने अहिलेको व्यवस्था यथेष्ट

[८] वन ऐन–२०४९ लागू हुनुपूर्व ३० हजार हेक्टर वन ५ सय सामुदायिक वन उपभोक्ता समूहलाई हस्तान्तरण गरिएको थियो ।

छैन । वनस्रोतमाथि वनको भूअधीनत्व सामूहिक रूपमा समुदायमा रहने अधिकारले स्थानीय समुदायलाई पूर्ण सशक्त बनाउन सक्छ । यो कार्य अन्ततः सामुदायिक तहमा पुग्ने संघीयताको मर्मअनुरूप पनि हुनेछ ।

- जीविकाका थुप्रै स्रोतलाई समुचित स्थानीय संस्थामार्फत खर्च–मैत्री तथा प्रभावकारी रूपमा जनतासम्म पुऱ्याउँदै गरीबीको सम्बोधन गर्न सकिन्छ । यसमा केन्द्रीय तथा स्थानीय सरकारको भूमिका प्रवर्द्धकको रूपमा मात्र हुनुपर्छ । साथै रोजगारदाता र सेवा–प्रदायकको रूपमा निजी क्षेत्रलाई प्रवर्द्धन गरिनुपर्छ ।
- सामुदायिक वनमा राम्रो अभ्यास भए पनि वन क्षेत्रलाई केन्द्रीकृत संरचना र कार्यसंयन्त्रले नियन्त्रण गरिरहेका छन् । वन स्रोतको ७० प्रतिशत भाग अझै पनि कुनै व्यवस्थित योजनाविना केन्द्रीय सरकारको नियन्त्रणमा छ । तराई र दक्षिणी समथर फाँटका वन स्थानीय समुदायलाई हस्तान्तरण गर्ने प्रक्रियामा ढिलाइ, संरक्षित क्षेत्रको नियन्त्रणकारी अवधारणा, तराईमा सरकारको परम्परागत ढर्राको गस्ती प्रक्रिया (प्रमुख गरी सशस्त्र बलको) र काष्ठ व्यवसायमा राज्य नियन्त्रणको टिम्बर कर्पोरेसनको एकाधिकारले वनसम्बन्धी सेवाको सार्वजनिक छवि नै धमिल्याएको छ । राज्य पुनर्संरचना प्रक्रियासँगै यो क्षेत्रलाई पनि रूपान्तरण गरिनुपर्छ ।

समष्टिमा, सामुदायिक वन नेपालको सबै समस्या समाधान गर्ने रामवाण नै हो भन्ने हाम्रो तर्क त होइन, तर उपभोक्ता समूहका गतिविधिबाट सामाजिक वञ्चितीकरणलाई चिर्न र अति विपन्न जनताको जीविकामा सकारात्मक परिवर्तन गर्न सकिने कुरा हाम्रो अनुभवले देखाएको छ । नेपालमा अबको संवैधानिक व्यवस्थामा वनको भूअधीनत्वलाई सामूहिक सम्पत्तिको रूपमा समुदायलाई हस्तान्तरण गर्न सकिए सामुदायिक वनको समग्र सम्भावनाको सदुपयोग गर्न सकिन्छ । त्यसो गरिए उपभोक्ता समूहहरूले पूर्ण स्वायत्त भएर आफ्नो दक्षता देखाउन सक्छन् । निष्कर्षमा नेपालमा सामुदायिक वन दुर्गम क्षेत्रमा चरम गरीबीको मारमा परेका जनताले आवाज उठाउने, समुदायका अन्य व्यक्तिले तिनको आवाजको सम्मान गर्ने र जीविकामा लाभ पुऱ्याउने संसाधनमाथि अधिकार दाबी गरी आफू र सन्ततिको भविष्य उज्ज्वल बनाउने राम्रो आधार बनेको छ ।

सन्दर्भ–सूची

Bennett L. 2005. Gender, caste and ethnic exclusion in Nepal: Following the policy process from analysis to action. Arusha Conference New Frontiers of Social Policy December 12-15. http://siteresources.worldbank.org accessed on 20 February 2010.

Bird K, Hulme D, Moore K, Shepherd A. 2002. *Chronic Poverty and Remote Rural Areas.*CPRC Working Paper No 13. Birmingham: Chronic Poverty Research Centre.

CBS [Central Bureau of Staistics].2004. *Nepal Living Standard Survey II.* Kathmandu: CBS.

Chhetry B, Francis P, Gurung M, Iversen V, Kafle G, Pain A, Seeley J. 2004. Increasing opportunities for the poor to access benefits from common pool resources: The case of community forestry in the Terai of Nepal.Proceedings of the Fourth National Workshop on Community Forestry. Kathmandu: Community Forestry Division, Department of Forests.

Dev OP, Bagiski OS, Karn AK.2004. Understanding livelihood impact of participatory forest management implementation strategy in Nepal. Proceedings of the Fourth National Workshop on Community Forestry. Kathmandu: Community Forestry Division, DoF.

DoF [Department of Forest]. 2010. *Forest User Group Database.* Kathmandu: DoF.

Gaia A, Bampton J, Kandel B, Shrestha ML, Shrestha NK. 2004. Community forestry and livelihoods: How can community forestry better contribute to Millennium Development Goals? Proceedings of the Fourth National Workshop on Community Forestry. Kathmandu: Community Forestry Division, DoF.

Graner E. 1997. *The Political Ecology of Community Forestry in Nepal*. Saarbrucken: Freiburg studies in Development Geography.

Gronow J, Singh K, Branney P, Kafley GP. 2003. Nepal Swiss Community Forestry Project: External Review prepared for then His Majesty's Government of Nepal and the Swiss Agency for Development and Cooperation.

Hobley M, Baral J, Rasaily N, Shrestha B. 2007.Nepal Swiss Community Forestry Project – External Review.Proceedings of the Fourth National Workshop on Community Forestry. Kathmandu: Community Forestry Division, Department of Forests.

Hobley M. 1990. Social reality, social forestry: The case of two Nepalese villagePanchayats. Unpublished PhD thesis. Canberra: Australian National University.

Kandel B, Subedi R. 2004. Pro-poor community forestry: Some initiatives from the field. Proceedings of the Fourth National Workshop on Community Forestry. Kathmandu: Community Forestry Division, Department of Forests.

Malla YB, Neupane HR, Branney P. 2003 Why aren't poor people benefiting more from community forestry? *Journal of Forests and Livelihoods* 3(1):78-93.

Neupane KP, Neupane SS, Basyal LN.2004. Contribution to people's livelihoods from community forestry: Experience of sub-watershed resources management project in Dhading district. Proceedings of the Fourth National Workshop on Community Forestry. Kathmandu: Community Forestry Division, Department of Forests.

NSCFP [Nepal Swiss Community Forestry Project].2009. Nepal's community forestry users group in action: Pro-poor forestry in Dolakha, Ramechhap and Okhaldhunga Districts. Unpublished report. Kathmandu: NSCFP.

Nurse M, Khatri DB, Paudel D, Pokharel B. 2004. Rural entrepreneur development, a pro-poor approach to enterprise development through community forestry.Proceedings of the Fourth National Workshop on Community Forestry. Kathmandu: Community Forestry Division, Department of Forests.

Ojha PR, Subedi HN. 2004. Community forestry and safer motherhood: An example of inter-sectoral linkages in Dhaulagiri hills. Proceedings of the Fourth National Workshop on Community Forestry. Kathmandu: Community Forestry Division, Department of Forests.

Peron LH, Neil TO. 2006 Integrating Human Rights into Development: A synthesis of donor approaches and experiences. ODI and GOVNET.

Pokharel BK, Carter J, Parajuli RR, Byrne S, Gurung BD. 2009. Community forestry in Nepal as a means of empowering people living in poverty: An assessment of its social, economic and environmental sustainability. A paper presented at the International Community Forestry Workshop held in Pokhara, Nepal during September 15-18, 2009.

Pokharel BK, Nurse M, Tembe H. 2004. Well Being Ranking Methodology in NSCFP. Revised version 2006. Lalitpur: Nepal Swiss Community Forestry project.

Pokharel BK. 1998. Foresters and villagers in contention and compact: The case of community forestry in Nepal. Unpublished PhD thesis. Norwich: University of East Anglia.

Poudyal AS, Thapa RB.2004. Community forestry for poverty reduction: Scaling up learning process from Dolakha district. Proceedings of the Fourth National Workshop on Community Forestry. Kathmandu: Community Forestry Division, Department of Forests.

Yadav BD, Bigsby H, Macdonald I. 2008. Who are controlling community forestry user groups in Nepal? Scrutiny of elite theory. A paper presented at the New Zealand Agricultural and Resource Economics Society Conference, August 28-19, 2008, Nelson, New Zealand.

* * *

परिच्छेद ५

दिगो पर्यटन र द्वन्द्वोत्तर राज्यनिर्माण

प्रनिलकुमार उपाध्याय[१]
सागर राज शर्मा[२]

१. दिगो विकास र दिगो पर्यटन

दिगो विकास स्रोत उपयोगको एउटा शैली हो । प्राकृतिक वातावरण संरक्षण गर्दा मानवीय आवश्यकता पनि पूरा गर्ने यसको उद्देश्य हुन्छ । वातावरण जोगाउने, गरीबी न्यूनीकरण गर्ने र दीर्घकालीन विकासको लागि प्राकृतिक सम्पदा नष्ट नगरी आर्थिक वृद्धि सिर्जना गर्ने यो एउटा तरिका हो । भट्ट (सन् २०००) का अनुसार दिगो विकासको रूपरेखाअन्तर्गत समुदायहरूले आर्थिक, वातावरणीय र सांस्कृतिक संसाधनको अल्पकालीन एवम् दीर्घकालीन विकासलाई ध्यानमा राख्ने त्रिपक्षीय शैली (थ्री–प्रङ्ग्ड अप्रोच) अपनाउँछन् । यस कार्यनीतिअनुसार तिनले स्थानीय वातावरण र जीवनस्तर दुवैलाई फाइदा पुग्ने आर्थिक विकासको विधि खोजी गर्छन् । यसरी दिगो विकास वृद्धि, समता र वातावरणमा आधारित हुन्छ ।

दिगो विकासको अवधारणा पहिलो पटक विश्व संरक्षण रणनीति (वर्ल्ड कन्जर्भेसन स्ट्राटेजी) मा प्रादुर्भाव भएको थियो (आइयुसिएन सन् १९८०) । ब्रन्टल्यान्ड प्रतिवेदन भनेर समेत चिनिने वातावरण र विकाससम्बन्धी विश्व आयोग (वर्ल्ड कमिसन अन इन्भायरोमन्ट एन्ड डिभेलपमन्टः डब्लुसिइडी) को सन् १९८७ को प्रतिवेदनमा यस संस्थाकी अध्यक्षले भावी पुस्ताले आफ्ना आवश्यकताहरू पूरा गर्ने क्षमतालाई कुनै नकारात्मक प्रभाव नपारी वर्तमान आवश्यकता पूरा गर्नु नै दिगो विकास हो भन्ने परिभाषा दिइन् । यसपछि नै यो अवधारणाको प्रादुर्भाव भएको हो ।

---

[१] संयोजक, पोखराको पर्यटनमा दिगो शान्ति र समृद्धिको चुनौतीको सामनाको लागि साझेदारी कार्ययोजना (पोखरा पर्यटन परिषद् र एनसिसिआर नर्थ–साउथ) तथा एनसिसिआर नर्थ–साउथको सहयोगमा काठमाडौँ विश्वविद्यालय, स्कुल अफ आर्ट्समा 'पर्यटन, द्वन्द्व र शान्ति' विषयका विद्यावारिधि विद्यार्थी; pranilupadhayaya@gmail.com

[२] उप–प्राध्यापक एवम् विभागीय प्रमुख, डिपार्टमन्ट अफ डिभेलप्मन्ट स्टडिज, स्कुल अफ आर्ट्स, काठमाडौँ विश्वविद्यालय; sagar@ku.edu.np

सन् १९८७ मा डब्लुसिइडीका विज्ञहरूको एक टोलीद्वारा प्रकाशित यसका सिद्धान्तहरू संलग्न रहेको र 'हाम्रो साझा भविष्य' (आवर कमन फ्युचर) भनेर चिनिने ब्रन्टलेन्डको प्रतिवेदनले नै 'दिगो विकास' भन्ने शब्द पहिलो पटक प्रयोग गरेको थियो । यो प्रतिवेदनलाई इङ्गित गर्दै डाउनेस (सन् २००६) ले चर्चा गरेअनुसार दिगो विकासले प्राकृतिक स्रोतहरूको समुचित प्रयोग र संरक्षणको वकालत गर्छ । यद्यपि, व्याप्त गरीबी, उत्पादनका साधनहरूको असमान वितरण, असमान राजनीतिक प्रतिनिधित्व एवम् शक्ति बाँडफाँट र उपभोगमुखी समाजको विकासजस्ता अन्तरसम्बन्धित विषयलाई सम्बोधन नगरेसम्म स्रोत साधनको संरक्षण हुन सक्दैन । यस्तो चुनौतीपूर्ण घडीमा विकासशील र विकसित देशहरूमा दिगो विकासको दृष्टिकोण नै फरक–फरक हुनसक्छ ।

व्यक्ति, संगठन र विभिन्न राष्ट्रको विकासको अवस्थापिच्छे हुने दिगो विकासको व्याख्यात्मक भेदलाई विभिन्न ग्रन्थहरू (कार्शेनास सन् १९९४, माउफोर्थ र मन्ट् सन् १९९८) ले केलाएका छन् । कार्शेनास (सन् १९९४) ले दिगो विकासको सिद्धान्तलाई विकासशील देशहरूको सन्दर्भअनुकूल व्याख्या गर्छन् । उनको दृष्टिमा विकसित र विकासशील देशका आर्थिक आधार फरक–फरक हुने हुनाले दिगो विकासको एकल परिभाषा पर्याप्त छैन । उनले प्राकृतिक र मानवनिर्मित पुँजी भण्डार (क्यापिटल स्टक) मा आउने संरचनात्मक परिवर्तनको खाकाअनुरूप दिगो विकासलाई परिभाषित गर्छन् । यस परिभाषाले कम्तीमा पनि सामाजिक रूपमा अपेक्षित न्यूनतम वृद्धिदरको सम्भाव्यतालाई सुनिश्चित गर्छ । उनका अनुसार मानवनिर्मित पुँजी आर्जन गर्न विकासशील अर्थतन्त्रले प्राकृतिक स्रोतआधारित अवस्थाबाट औद्योगिक अर्थतन्त्रमा रूपान्तरित हुन खोज्छ । तर अर्कोतर्फ उत्तर–औद्योगिक अर्थतन्त्रहरू प्राकृतिक स्रोत सम्पदालाई न्यून महत्व दिन्छन् । यी विकसित राष्ट्रले बन विस्तारमार्फत् औद्योगीकरणका सुरुका चरणमा मौज्दात प्राकृतिक पुँजी पुनर्निर्माण गर्दैछन् ।

विकसित र विकासशील देशले दिगो विकासका जुनसुकै विधि अपनाए पनि सारभूत रूपमा वृद्धि, समानता र वातावरणमा जोड दिन्छन् । विकासको दिगोपनामा आधारित विधिले स्रोतको उच्चतम् प्रयोग, पूर्वाधारहरूको कुशल निर्माण, जीवनस्तरको संरक्षण एवम् संवर्द्धन र समुदायको अर्थतन्त्र सुदृढ बनाउन नयाँ व्यवसायको सुरुआतलाई महत्व दिन्छन् । यसरी नै सन् १९९२ जुन १४ मा रियो दी जेनेरियोमा सम्पन्न दी अर्थ समिट (दी युएन कन्फरेन्स अन इन्भायरोमन्ट एन्ड डिभेलपमन्ट) ले एक्काइसौं शताब्दीमा पृथ्वीको दिगो भविष्य सुनिश्चित गर्न विश्वभरका १८२ देशका सरकार

प्रमुखद्वारा अनुमोदित 'एजेन्डा २१' भनिने बृहत् कार्यक्रम अपनाएको थियो। 'एजेन्डा २१' ले हाम्रो वातावरण र प्राकृतिक स्रोत साधनको संरक्षण र संवर्द्धनलाई महत्व दिने आर्थिक तथा सामाजिक विकासलाई सम्बोधन गर्छ। यो दस्तावेजको १३ औं परिच्छेदले दिगो पर्वतीय विकासको लागि तत्काल गर्नुपर्ने कामलाई पनि औंल्याउँछ। यो लक्ष्य हासिल गर्न नगरी नहुने प्रमुख काम पर्वतीय पर्यटन हो (नेपाल सन् २००३)।

२. सैद्धान्तिक पृष्ठभूमि

क्रोअल (सन् १९९५) का अनुसार क्रिपेनडर्फको सन् १९८४ को 'दी होलिडे मेकर्स' भन्ने पुस्तकले दिगो विकासमा अन्तरनिहित पर्यटनसम्बन्धी केही मौलिक विचारको परिचय दिएको थियो । यो विचार पहिलोपटक विश्व संरक्षण रणनीति (वर्ल्ड कन्जर्भेसन स्ट्र्याटेजी) मा प्रस्तुत भएको थियो (आइयुसिएन सन् १९८०) । तर सन् १९८७ देखिमात्र ब्रन्टल्यान्ड प्रतिवेदनले स्पष्ट परिभाषासहित दिगो विकासबारे अत्यधिक चासो बढायो । त्यसपछि पर्यटनको बढ्दो नकारात्मक प्रभावलाई कम गर्न परिवर्तनका कार्यक्रम तर्जुमा हुनु सुरु भयो (क्रोअल सन् १९९५) । लगत्तै सन् १९९२ मा सम्पन्न रियो सम्मेलनले दिगो पर्यटन विकासको अवधारणालाई व्यापक रूपले अघि बढायो।

विश्वको सबैभन्दा विशाल उद्योगको रूपमा रहेको भ्रमण तथा पर्यटन उद्योगले रियो पृथ्वी सम्मेलन (रियो अर्थ समिट) को निष्कर्षमा आधारित भएर क्षेत्रगत दिगो विकास कार्यक्रम थालेको छ। विकसित र विकासशील दुवै देशमा पर्यटनको दिगोपनको लागि यो कार्यक्रम ल्याइएको हो। यसले भ्रमण र पर्यटनको आर्थिक तथा रणनीतिक महत्वलाई विश्लेषण गर्छ। यो कार्यक्रमले प्राकृतिक र सांस्कृतिक सम्पदाहरूको जगेर्ना गर्ने उद्देश्यलाई केन्द्रमा राख्दै राष्ट्र र समुदायमा दिगो विकासको अनुभूतिसमेत गराउँछ। "भ्रमण र पर्यटन उद्योगको लागि एजेन्डा २१: वातावरणीय रूपले दिगो विकासको दिशामा" एजेन्डा २१ (एन एजेन्डा फर एक्सन फर दी ट्राभल एन्ड टुरिजम् इन्डस्ट्रीः टुवार्डस् इन्भायरोमेन्टल्ली सस्टेनेबल डिभेलप्मन्ट) शीर्षक भएको यो कार्ययोजना विश्व भ्रमण तथा पर्यटन परिषद् (वर्ल्ड ट्राभल एन्ड टुरिजम् काउन्सिल), संयुक्त राष्ट्रसंघीय विश्व पर्यटन सङ्गठन, (युएनडब्ल्युटिओ) र विश्व परिषद् (अर्थ् काउन्सिल) द्वारा एजेण्डा २१ मा आधारित भई संयुक्त रूपले तयार पारिएको उद्योग–विशेष कार्ययोजना हो (बाग्री २००३, पृ.१५७) । यो दस्तावेजले पर्यटन क्षेत्रको समग्र विकास र दिगोपनको लागि सरकार र भ्रमण तथा पर्यटन उद्योगहरूलाई

मार्गनिर्देश मात्र नगरी सरकार, गैरसरकारी सङ्गठन र उद्योगबीचको साझेदारीलाई पनि जोड दिन्छ । माथि उल्लिखित सभा तथा सम्मेलनका परिणामहरूले सन् १९९५ मा स्पेनको क्यानरी टापुको लन्जारोते भन्ने ठाउँमा सम्पन्न दिगो पर्यटनको लागि विश्व सम्मेलनका नीति तथा उद्देश्य निर्माणको लागि मार्गदर्शन प्रदान गरेका थिए ।

संयुक्त राष्ट्रसंघीय विश्व पर्यटन संगठनले सन् १९८८ मा दिएको परिभाषाअनुसार "दिगो पर्यटन भनेको तमाम प्राकृतिक स्रोत साधनहरूको त्यस्तो व्यवस्थापन हो जसमा सांस्कृतिक एकता, आवश्यक पर्यावरणीय प्रक्रिया, जैविक विविधता र जीवनदायक प्रणालीहरूलाई यथास्थितिमै राखी आर्थिक, सामाजिक र सौन्दर्यपरक आवश्यकताको परिपूर्ति गरिन्छ" (क्रुक र अरू सन् २००७ पृ.३३) । एजेण्डा २१ प्रति चासो देखाउँदै संयुक्त राष्ट्रसंघको सन् १९९८ को साधारण सभाले सन् २००२ लाई अन्तर्राष्ट्रिय पर्वतीय वर्षको रूपमा घोषणा गर्‍यो । यसपछि दिगो पर्वतीय विकाससम्बन्धी मुद्दामा विश्वव्यापी चासो झन् बढ्न थाल्यो जुन पर्वतीय पर्यटन विकासको लागि समेत लाभदायी छ (नेपाल २००३) ।

पर्यटन व्यवसायसम्बन्धी उपयुक्त कार्यनीति लागू भएमात्र नवीकरणीय स्रोतको प्रयोगद्वारा दिगो विकासमा सहयोग गर्न पर्यटनले सहयोग गर्न सक्छ । पूर्वी अफ्रिकामा राष्ट्रिय निकुञ्जहरूको अस्तित्व राख्न पर्यटन जिम्मेवार छ भनी बारम्बार उद्धृत गरिन्छ । स–साना क्यारेबियन उष्ण प्रायद्विप एवम् हिन्द तथा प्रशान्त महासागरदेखि नेपालको पर्वतमालासम्म फैलिएको पर्यटनको विकासका केही विकल्पमध्ये सबैभन्दा सम्भाव्य विकल्प पनि त्यही हो (फ्रान्स २००६) ।

दिगो विकासको लागि राष्ट्रसंघीय विभाग (दी युएन डिभिजन फर सस्टेनेबल डिभेलप्मन्ट) ले दिगो विकासअन्तर्गत पर्ने २१ प्रमुख क्षेत्रमध्ये एक क्षेत्रको रूपमा दिगो पर्यटनलाई सूचीकृत गरेको छ । दिगो पर्यटनको विश्वव्यापी महत्व गरीबी निवारण र शान्ति निर्माणको सम्भावनासँग गाँसिएको छ । विश्वव्यापी गरीबीको प्रभावकारी निवारण गर्न पर्यटनलाई एक शक्तिको रूपमा प्रयोग गर्न सकिन्छ भन्ने विश्वासले विश्व पर्यटन संगठनले सन् २००३ मा 'दिगो पर्यटन, गरीबीको निवारण' भन्ने कार्यक्रममार्फत् सहस्राब्दी विकास लक्ष्यलाई योगदान पुर्‍याउने वाचा गरेको छ । गरीबी निवारणको लागि दिगो पर्यटनलाई एक शक्तिको रूपमा विकास गर्ने यो संगठनको पहल सन् २००२ मा जोहानेसबर्गमा सम्पन्न दिगो विकाससम्बन्धी विश्व शिखर सम्मेलन (वर्ल्ड समिट अन सस्टेनेबल डिभेलप्मन्ट) को बेला संयुक्त राष्ट्र संघको व्यापार एवम् विकाससम्बन्धी सम्मेलन (युएन कन्फरेन्स अन ट्रेड एन्ड

डिभेलप्मन्ट) सँगको साझेदारीमा आएको हो । यो शिखर सम्मेलनले जोहानेसबर्ग योजनाको कार्यान्वयन परिच्छेद ४ को अनुच्छेद ४३ मा दिगो विकासलाई सम्बोधन गरेको छ । यसैगरी सन् १९७० ताका युरोपको आल्प्स क्षेत्रमा विस्तार हुँदै गरेको स्किइङ व्यवसायको विनाशकारी असरसम्बन्धी अध्ययनहरूले पनि दिगो पर्यटनको व्यावहारिक अभ्यासको अवधारणातर्फ डोऱ्याएका वार्ड (सन् १९९१) को कथन छ ।

वातावरण संरक्षणसहित आर्थिक–सामाजिक उन्नति गरी पर्यटनलाई आर्थिक रूपले सक्षम तुल्याउनु नै दिगो पर्यटन हो । यसका तीन पक्षहरू कसरी एकापसमा सम्बिन्धत छन् भन्ने तथ्य चित्र ५.१ मा देखाइएको छ ।

चित्र ५.१ दिगो विकासको समग्र खाका



स्रोत: ऋुक (सन् २००७)

दिगोपनले स्थायित्वलाई जनाउँछ । त्यसैले दिगो पर्यटनमा जैविक विविधतालगायत सम्पूर्ण स्रोत–साधनको अधिकतम उपयोग, यसले पार्ने पर्यावरणीय, सामाजिक तथा सांस्कृतिक दुष्प्रभावहरूको न्यूनीकरणसाथै आरक्षण क्षेत्र र स्थानीय समुदायमा लाभको अधिकतम वृद्धि जस्ता कुरा पर्छन् । पर्यटन व्यवसायी, सरकार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था र पर्यटकजस्ता पक्षहरूको आन्तरिक र आपसी साझेदारी एवम् सहयोगको आवश्यकता पर्ने हुनाले दिगो पर्यटनको विकास एउटा गतिलो चुनौती हो (एसटिएन सन् २००७) ।

परिभाषा र प्रकृतिअनुसार दिगो पर्यटन अर्थतन्त्रका अनेक क्षेत्रहरू (आतिथ्य, यातायात, आवास, मनोरञ्जन आदि) माथि प्रत्यक्ष–अप्रत्यक्ष प्रभाव पार्ने विभिन्न बहुविषयक क्षेत्रसँग सम्बन्धित छ । यो मिश्रित, कठिन, बहुतहगत र जटिल विशेषतासहितको समग्र संरचना भएको विषय पनि हो । यस्तो मिश्रणले उत्पादन (प्रकृति, संस्कृति, स्थान एवम् गतिविधिजस्ता आकर्षणको उचित तालमेल भएको), मूल्य (उपयुक्तखाले), स्थान (पर्यटकहरू जान रुचाउने र सुगम), समुदाय (अपेक्षित गुणस्तरीय सेवा दिन सक्ने मानव संसाधन) र प्रवर्द्धन (प्रतिस्पर्धात्मक बजार) जस्ता तत्वहरूको उचित तालमेल पर्यटन क्षेत्र हो भन्ने देखाउँछ ।

आम पर्यटन[३] सँग तुलना गर्दा कति मानिसले दिगो पर्यटनलाई वैकल्पिक तथा सानो आकारको संवेदनशील पर्यटन पनि मान्ने गर्छन् । त्यसलाई उत्तरदायी–, पर्यावरणीय–, हरित– अथवा वैकल्पिक–पर्यटनको नामसमेत दिइन्छ । तर यी नाम जेसुकै भए पनि तिनको साझा लक्ष्य दिगो पर्यटन नै हो ।

विकसित र विकासशील दुवै मुलुकमा दिगो पर्यटनले विकासका बहुआयामिक पक्षमा उत्प्रेरकको भूमिका खेल्छ । दिगो पर्यटनको मार्गदर्शक सिद्धान्त भनेको पर्यटन क्षेत्र, स्थानीय समुदाय र जनतामाथि पर्ने दुष्प्रभाव न्यूनीकरण गरी स्थानीय लाभ र पर्यटकीय सन्तुष्टिलाई बढाउँदै प्राकृतिक एवम् मानव संसाधन व्यवस्थापन गर्नु हो (कुँवर सन् २००७) ।

३. नेपालमा पर्यटन र राज्यनिर्माण प्रक्रिया

सामान्यतया राज्यनिर्माण मानवअधिकार, समतामुखी आर्थिक वृद्धि, सामाजिक एकरूपता तथा एकता, हितैषी प्राकृतिक वातावरण र राज्य संयन्त्रहरूको दक्षतासँग सम्बन्धित छ । यसैगरी यो राज्य र समाजको सुमधर सम्बन्ध, सर्वस्वीकार्य संविधानद्वारा निर्दिष्ट विधिको शासन र सकारात्मक शान्तिजस्ता अनेकौं जीवन्त राष्ट्रिय विषयको अन्वेषण गर्दै राज्यको पुनर्निर्माण गर्ने कुरासँग पनि सम्बन्धित छ । संक्रमणकालीन अवस्थामा रहेको राष्ट्र सामान्यतया राज्यनिर्माणका यी पक्षमा रूपान्तरण ल्याउन बाध्य हुन्छ । दसवर्षे सशस्त्र द्वन्द्वको समाप्ति र शान्ति सम्झौतामा भएको हस्ताक्षरपछि नेपालले पनि ठीक यही गर्न खोज्दैछ । यो मुलुक पर्यटन लगायत

[३] महत्वपूर्ण तथा कमजोर प्राकृतिक वातावरणमा यसले असर गर्ने हुनाले सामान्यतया यस्तो पर्यटन प्रकृतिमाथिको शोषणकारी तथा जोखिमपूर्ण अभ्याससँग गाँसिएको हुन्छ ।

सामाजिक–आर्थिक र वातावरणीय क्षेत्रका सम्भावना तथा चुनौतीसँग जुध्दै नयाँ सम्बन्ध स्थापित गर्ने युगान्तकारी परिवर्तनको प्रतिक्षामा छ ।

उल्लिखित विषयमाथि हुने सम्बोधनले स्तरीय शिक्षा, उन्नत स्वास्थ्य सुविधा, उचित रोजगारी एवम् आयआर्जनका अवसर तथा राष्ट्रवासीहरूको समृद्ध जीवनस्तरको लागि नयाँ ढोका खोल्छन् । यसैलाई 'विकास' या 'समृद्धि' भनिन्छ । यस्तो किसिमको विकासको लक्ष्य शीघ्र हासिल हुने भए पनि निश्चित देशहरूमा यसलाई दिगो बनाउने चुनौती सधैँ रहिरहन्छ । पर्यटन र वातावरणको निकट सम्बन्ध, वातावरणीय योजनाको महत्व र दिगो पर्यटन विकासको योजनाजस्ता कुरालाई राज्यनिर्माणको पक्षमा स्वीकार्ने क्रम बढ्दैछ । कञ्चन हिमाली भेगमा वातावरणीय ह्रासको रोकथामदेखि वञ्चित, सीमान्तकृत र तल्लो तहका बहुसंख्यक जनतालाई सन्तुलित लाभ पुर्‍याउने गरी राष्ट्रको रूपान्तरण गर्ने काम पर्यटनको दृष्टिकोणबाट प्रशंसनीय रहन्छ । यसले पर्यटनमार्फत् गरीबी निवारणको पहलकदमीलाई पनि सम्बोधन गर्छ ।

नेपाल एसिया प्रशान्तीय क्षेत्रका देशहरूमध्ये अल्पविकसित मुलुकमात्रै होइन, भूपरिवेष्टित अवस्थितिले विकासका आकांक्षा परिपूर्ति गर्न अप्ठ्यारोमा परेको देश पनि हो । यो देशको १ करोड ४७ लाख १ सय ८१ वर्ग किलोमिटर कुल क्षेत्रफलमध्ये लगभग ८३ प्रतिशत भूभाग हिमाली भूदृश्यहरूले सुसज्जित तथा कञ्चन प्रकृति र संस्कृतिले ओतप्रोत छ (श्रेष्ठ सन् २०००) । सरदर ३ सय ८३ अमेरिकी डलर मात्रै प्रतिव्यक्ति आय, गरीबीको रेखामुनि रहेका ३०.८ प्रतिशत जनसंख्या, करिब ३ प्रतिशतको हाराहारीमा सुस्त आर्थिक वृद्धि, घरेलु बचतको न्यून दर र भएको आयको पनि असमान वितरणले २ करोड ६४ लाख ४० हजार जनसङ्ख्या विकासमा निकै पछि रहेको देखाउँछ (सिबिएस सन् २००७) ।

भूपरिवेष्टित अवस्थिति, विविधतायुक्त भूबनोट, जनजीवन तथा जलवायु, स्रोतसाधनको उपयोगलाई सीमित तुल्याउने कठिन भूगोल, बसोबासको असंगतिपूर्ण वितरण, परम्परागत अर्थतन्त्र आदिले नेपालको आर्थिक वृद्धि र विकासमा चुनौती थपेका छन् । आवश्यक पुँजी एवम् प्रविधि तथा प्राविधिकको अभावले हुनाले आर्थिक वृद्धि र विकासका स्रोतको पहिचान तथा परिचालनमा सुस्तता विद्यमान छ ।

तर तिनै विविध हिमाली भूदृश्यहरू, विभिन्न प्राकृतिक वनस्पति र थरीथरीका हावापानीले पर्यटन व्यवसायको उन्नति गराउन नेपाललाई उत्कृष्ट वातावरण दिएका छन् । पूर्वाञ्चल, मध्यमाञ्चल र पश्चिमाञ्चलका मध्य र उच्च भूभागमा रहेका पर्वत र हिमालसाथै दक्षिणी तराईका राष्ट्रिय निकुञ्ज, आरक्षण क्षेत्र र वन्यजन्तु

आरक्षहरू मूल्यवान् प्राकृतिक स्रोतसाधनले भरिपूर्ण छन् । यी क्षेत्रलाई पारिस्थितिक प्रणाली र विशेषगरी वनस्पति एवम् जीवजन्तु र प्राणीहरूको पुस्तैनी वासस्थान मानेर नेपालको झण्डै २० प्रतिशत भूभागलाई १६ आरक्ष क्षेत्रहरूमा छुट्याइएको छ (एडिबी सन् २००४) ।

नेपालको दक्षिणी भेगमा पूर्व–पश्चिम फैलिएको तराईमा पनि विराट सम्भावना बोकेका पर्यटन स्थलहरू छन् । पुरातात्विक, ऐतिहासिक, सांस्कृतिक र धार्मिक महत्वका सम्पदा रहेका यस्ता ठाउँमा विराट पर्यटन क्षेत्र, विदेह क्षेत्र, सल्हेस क्षेत्र र सिम्रौन क्षेत्र जस्ता हिन्दू र बौद्ध तीर्थस्थलहरू पर्छन् (दी काठमाण्डू पोस्ट सन् २००९) । यस्ता स्थानीय विशेषताले पर्यटन विकासको विशाल सम्भावना प्रदान गर्नुसाथै नेपाललाई विश्व पर्यटन मानचित्रमा एक मुख्य गन्तव्य स्थलको रूपमा स्थापित गर्छन् । परापूर्वकालदेखि चलेको अनुपम एवम् अद्वितीय संस्कृति र अतिथि सत्कारको परम्पराले यसलाई अझ लाभ पुऱ्याएको छ ।

राज्यनिर्माणको परिवेशमा सानदार परम्परागत संस्कृति, कञ्चन प्रकृति र प्रचुर वन्यजन्तु रहेको पर्यटनको सम्भावनाले नेपालको आर्थिक विकासमा पुऱ्याउन सक्ने योगदानबारे विभिन्न प्रकाशनहरू (भट्ट सन् २०००; चन्द सन् २००३; घिमिरे सन् २००९; कुँवर सन् २००६; म्युलर–बोकर सन् २०००; एनटिबी सन् २०००ए; एनटिबी सन् २००८बी) ले उल्लेख गरेका छन् । पर्यटन क्षेत्र स्थानीय व्यवसायीहरूको लागि लगानीको ठूलो आकर्षण बनेको छ । यसमा चालु अवस्थामा कुल निजी लगानी सालाखाला १ खर्ब रुपैयाँ रहेको र यस क्षेत्रले २ लाख प्रत्यक्ष र १२ लाख अप्रत्यक्ष रोजगारी दिएको एचएएन (सन् २००७) को अध्ययनको अनुमान छ । न्यून लगानी, स्रोतसाधनको स्थानीय आधार, श्रमशक्तिको उपलब्धता, मानव श्रमआधारित उद्योग एवम् अर्थव्यवस्थामा शृंखलाबद्ध प्रभाव पार्न सक्ने क्षमताजस्ता नितान्त पृथक् विशेषताले गर्दा नेपालको पर्यटन क्षेत्रले बृहत् सामाजिक–आर्थिक परिचालनको सम्भावना बोकेको छ (उपाध्याय र उप्रेती २००९) ।

नेपालको दसवर्षे द्वन्द्वले सम्पूर्ण क्षेत्रमा असर पाऱ्यो । पर्यटन पनि यसबाट अछुतो रहन सकेन (भट्टराई र अरू सन् २००५; कार्की र सेड्डन सन् २००३) । सशस्त्र द्वन्द्व चर्केपछि उत्पन्न अस्थिर राजनीतिक परिस्थिति, सञ्चार माध्यमको नकारात्मक प्रचारबाजी र पर्यटक आउने मुलुकहरूले आफ्ना नागरिकलाई नेपाल नघुम्न जारी गरेको सुरक्षा चेतावनी (सेक्युरिटी वार्निङ) ले विश्व पर्यटन मानचित्रमा यो मुलुकको छवि एउटा शान्त पर्यटन स्थलबाट असुरक्षित गन्तव्यको स्वरूपमा परिवर्तन

गराइदियो । तर पनि हिंसात्मक द्वन्द्वको दौरान नेपालको विद्रोह र संकटको कथालाई राष्ट्रिय/अन्तर्राष्ट्रिय समाचार माध्यमहरूले दिएको ठाउँले नेपालको मनमोहक प्राकृतिक र सांस्कृतिक आकर्षणको प्रचार–प्रसारमा सहयोग पनि पुऱ्यायो । यसले नेपालको पर्यटकीय छवि तत्कालै र भविष्यको लागि पनि कायम राख्न सकारात्मक प्रभाव सिर्जना गऱ्यो । धेरै वर्षपछि अहिले नेकपा (माओवादी) र सरकारकाबीच सम्पन्न शान्ति सम्झौतामार्फत् भएको द्वन्द्व–समाप्ति र शान्ति प्रक्रियाको थालनीले पर्यटन क्षेत्रलाई पनि उन्मुक्तिको सास फेर्ने अवसर दिएको छ ।

बिबिसीले नेपाललाई मृत्युपूर्व भ्रमण गर्नैपर्ने विश्वका ५० ठाउँमध्ये मुख्य एक ठाउँको रूपमा गरेको छनोट (बिबिसी सन् २००३), नेपाल आएका कुल पर्यटकमध्ये ४० प्रतिशतले दोहोऱ्याएर भ्रमण गरेको तथ्याङ्क र न्यास्नल जिअग्रफिक म्यागेजिनले नेपाललाई सबैभन्दा साहसिक–रोमाञ्चकारी गन्तव्य स्थलको रूपमा गरेको सूचीकरण नेपाललाई राष्ट्रिय/अन्तर्राष्ट्रिय जगतमा पहिल्याउने र चिनाउने कोसेढुङ्गा हुन् । यी विशेषताले सम्बन्धित सबैलाई एकबद्ध हुन सघाई अन्ततोगत्वा राज्यनिर्माणमा यो देशको पहिचान स्थापित गर्छन् ।

तर माथि उल्लिखित सम्भावना र नेपालमा पर्यटनको सुन्दर विकासको संकेत बाबजुद दिगो पर्यटन र राज्यनिर्माणको सन्दर्भमा केही महत्वपूर्ण प्रश्नहरू अगाडि आउँछन्, जो यस प्रकार छन्ः

१. के पर्यटनको भौगोलिक वितरण र स्रोतसाधन बाँडफाँटको ढाँचा राज्यनिर्माणको लागि सन्तोषप्रद र योगदानमूलक छ त ?
२. के पर्यटनसँग सम्बद्ध विभिन्न संस्थाहरू सम्पूर्ण तह र तप्काका जनतालाई समेटी पर्यटनको लाभलाई समतामूलक विस्तार गर्ने दिगो पर्यटनलाई सुदृढ गर्न सक्षम छन् त ?
३. के यस्तो पर्यटन नेपालको वर्तमान सन्दर्भमा सम्भव भई दिगोपनका विशेषताहरू राज्यनिर्माण प्रक्रियामा लागू हुन सक्लान् त ?
४. द्वन्द्वोत्तर पर्यटनका चुनौतीहरू के के हुन् र नेपालमा राज्यनिर्माणको खातिर पर्यटनमार्फत् शान्ति प्रवर्द्धन गर्न कसरी सकिन्छ त ?

३.१ पर्यटनको भौगोलिक वितरण र स्रोतसाधनको बाँडफाँट

निरङ्कुश राजतन्त्रको नेतृत्वमा रहेको एकात्मक राज्यव्यवस्थाअन्तर्गत युगौं पुरानो सामन्ती र अर्धसामन्ती सामाजिक–आर्थिक प्रणालीले सिर्जना गरेको क्षितिजीय

असमानता (हरिजन्टल इन्इक्वालिटी), आम्दानीको विषम वितरण र कुशासनको जाँतोमा नेपाल २०१७ सालदेखि २०४६ सालसम्म पिसियो । २०४६ मा पुनर्बहाली भएपछि पन्ध्र वर्षसम्म अभ्यास गरिएको बहुदलीय संसदीय प्रजातान्त्रिक व्यवस्थाले पनि सामाजिक-आर्थिक संरचनामा अपेक्षित परिवर्तन ल्याउन सकेन । पुरानो केन्द्रीकृत शासन प्रणाली, नातावाद, कृपावाद, भेदभाव र दुराचारमा कुनै परिवर्तन आएनन् (प्याकुर्‍याल सन् २००५) । त्यसैले यी संरचनात्मक कमजोरीहरूबाट अन्य क्षेत्रजस्तै पर्यटन पनि अछुतो रहन सकेन ।

नेपालमा दिगो पर्यटनसम्बन्धी चर्चा गर्नैपर्ने एक तत्व भनेको यो मुलुकमा पर्यटन व्यापार सञ्चालनको विद्यमान प्रवृत्ति हो । पूर्वी नेपालको सगरमाथा क्षेत्रलाई अलग राख्ने हो भने पर्यटनसँग सम्बद्ध सम्पूर्ण गतिविधिहरू काठमाडौँ, पोखरा (अन्नपूर्ण क्षेत्र) र चितवनले बनाएको परम्परागत पर्यटन त्रिकोण (△) भित्र मात्रै नै सीमित छन् । यो प्रवृत्ति लामो समयदेखि विद्यमान छ । पर्यटनका विभिन्न गतिविधिको क्षेत्रीय वितरण पनि असमान छ । यसअनुसार पर्यटन गतिविधिको वितरण मध्यमाञ्चलमा ७० प्रतिशत, पूर्वाञ्चलमा २८ प्रतिशत र पश्चिमाञ्चलमा २५ प्रतिशत रहेको छ (ग्रान्डन् सन् २००७) । क्षेत्रीयताको फराकिलो हिसाबमा हेर्ने हो भने पदयात्रा र पर्वतारोहणको लागि पूर्वाञ्चलभन्दा मध्यमाञ्चल अझ लोकप्रिय छ । यो प्रवृत्तिले पर्यटनसम्बद्ध उद्यमको लाभ सहरी क्षेत्रमा मात्र सीमित भएका छन् । यसले ग्रामीण र सहरी मानिसहरूलाई सीमित मात्रामै भए पनि रोजगारी दिएको छ । तर सुदूर पश्चिमाञ्चल क्षेत्र विदेशी पर्यटकहरूको पहुँचबाट अझै टाढा छ । यो परम्परागत पर्यटन त्रिकोणमा उपलब्ध संरचना र सेवासुविधाको गुणस्तर अझ पनि अन्तर्राष्ट्रिय कोटीको बन्न नसक्नु पनि अर्को दुःखद् विषय हो ।

नेपालको पर्यटन विकासको प्रवृत्तिले पर्यटन व्यवसाय क्षेत्रीय रूपमा खुम्चिएको मात्र नभई भारतीय एकाधिकारवादी पुँजीधनी वर्गसँगको सहकार्यमा नेपालको राणा र शाह शासक वर्गले नेतृत्व गरेको परम्परागत सामन्ती व्यापारी वर्गको नियन्त्रणमा रहेको देखाउँछ (भट्टराई सन् २००३; भट्टराई र अरू सन् २००५; उपाध्याय सन् २००६) । यो क्षेत्र केन्द्रमा रहेका मुठ्ठीभर सहरीया सम्भ्रान्त वर्गका उद्यमीहरूको नियन्त्रणमा छ । सीमित क्षेत्रमा अति-केन्द्रित पर्यटन व्यवसायवाट आर्जित मुनाफाको ठूलो हिस्सा विदेशी र उच्च सम्भ्रान्त वर्गले नै हात पार्ने तथ्य आदित्य (सन् २००२) र थापा (सन् २००८) को अध्ययनले उजागर गर्छ । स्थानीय समुदायले जथाभावी सञ्चालन गरेको पर्यटन व्यवसायले सिर्जना गरेका जोखिम, खतरा र ऋणमात्र व्यहोर्नु पर्छ (आदित्य २००२) । नेपाल (सन् २००३) का अनुसार यदि योजना तर्जुमा, नियन्त्रण र नीति

निर्माण संयन्त्रमा स्थानीय सहभागिताबिना नै पर्यटन व्यवसायको विकास गर्ने हो भने पर्वतीय पर्यटनले स्थानीय स्रोत र साधनको व्यापक दोहन त गर्ला, तर मुनाफा भने अरूले नै कुम्ल्याउने छन् ।

भट्टराई (सन् २००३) ले पर्यटनको यस्तो प्रवृत्तिलाई नेपालको अर्थतन्त्रमा अङ्कुरित हुँदै गरेको एउटा उप-क्षेत्रको रूपमा हेर्छन् । उनी पर्यटनलाई दुर्गम क्षेत्रमा बसोबास गर्ने आम जनताको नभई शासक वर्गको सजिलो आम्दानीको क्षेत्र ठान्छन् । अर्थतन्त्रका अन्य क्षेत्रमा जस्तै पर्यटनमा पनि सामन्ती हालिमुहाली छ (थापा सन् २००८) । यो तथ्यलाई होटल व्यवसायमा भएको क्षेत्रीय पुँजी लगानीले स्पष्ट देखाउँछ । मध्यमाञ्चलको काठमाडौँमा रहेका होटलहरूमा नेपालमा भएको कुल पुँजी लगानीको ९४.४६ प्रतिशत हिस्सा अर्थात लगभग १ अर्ब ५१ करोड ५० लाख अमेरिकी डलर लगानी रहेको छ । मध्यपश्चिमाञ्चल, सुदूरपश्चिमाञ्चल र पूर्वाञ्चलमा अपरिमेय सम्भावना बोकेका अगम्य ठाउँहरूमा पर्यटनको विस्तार गरिएको छैन । यसैकारण पर्यटनको विकासलाई यो परम्परागत त्रिकोणवाट बाहिर निकाल्ने र विद्यमान त्रिकोणभित्रै पनि सेवासुविधाको स्तरलाई वृद्धि गर्ने काम एकसाथ गर्नु बुद्धिमानी हुनेछ ।

पर्यटनको विकेन्द्रीकरण नेपालको लागि नौलो प्रक्रिया हो । यो सन् २००१ मा 'ग्रामीण गरीबी उन्मूलनको लागि पर्यटन' (टुरिजम् फर रुरल पोभर्टी एलेभिएसन प्रग्रयामः टिआरपिएपी) नामक एक प्रमुख कार्यक्रममार्फत् देशभरि छरिएर रहेका जम्मा ६ ओटा ग्रामीण जिल्लाबाट सुरु भएको थियो । पर्यटनलाई स्थानीय शासन प्रणाली र समुदायस्तरमा समाहित गर्दै विकेन्द्रीकरण गर्न गुणग्राही सहभागितामूलक योजना तथा कार्यक्रम (एप्रिसियटिभ पार्टिसिपेटरी प्लानिङ एन्ड एक्सनः एपिपिए) मार्फत् यसले ऊर्ध्वगामी सहभागितामूलक योजना प्रक्रिया (बटम-अप पार्टिसिपेटरी प्लानिङ प्रसेस) को अभ्यास गऱ्यो (हुम्मेल र अरू सन् २००३; पाण्डे सन् २००८; शेर्पा सन् २००६; एसएनभी नेपाल सन् २०००) । ग्रामीण गरीबी उन्मूलनमा पर्यटन कार्यक्रमले नेपालका ६ ओटा जिल्लामा महिलालाई विशेष जोड दिई सामाजिक-आर्थिक रूपले वञ्चित जनताको उत्थान गर्ने कामलाई आफ्नो लक्ष्य बनाएको थियो । स्थानीय शासन सञ्चालन प्रक्रियामा यसलाई संस्थागत रूपले समाहित गर्न सजिलो होस् भन्ने हेतुले पर्यटनमार्फत् गरीबी उन्मूलन गर्ने सरकारी लक्ष्यअनुरूप नै यो कार्यक्रम सञ्चालन भएको थियो । तर पनि ग्रामीण गरीबी उन्मूलनमा पर्यटन कार्यक्रमका उपलब्धिहरू अन्य जिल्लामा टिक्न र दोहोरिन भने सकेनन् ।

उत्तरी उपल्लो क्षेत्रस्थित उच्च हिमाली पदमार्ग (ग्रेट हिमालय ट्रेल), मध्यउत्तरी क्षेत्रको तामाङ सम्पदा पदमार्ग (तामाङ हेरिटेज ट्रेल), मध्यदक्षिणी क्षेत्रको चेपाङ सम्पदा पदमार्ग (चेपाङ हेरिटेज ट्रेल), मध्यक्षेत्रको बुढानिलकण्ठ–गोसाइकुण्ड पदमार्ग, मध्यक्षेत्रकै आदिवासी पदमार्ग (इन्डिजेनस ट्रेकिङ ट्रेल), माछापुच्छ्रे नमुना पदमार्ग (माछापुच्छ्रे मोडल ट्रेक), घलेखर्क–सिक्लेस पर्यावरणीय–पर्यटनमार्गको फेरो (घलेखर्क–सिक्लेस इकोटुरिजम् सर्किट/रोयल ट्रेक नामले प्रख्यात) जस्ता नयाँ ठाउँको उद्घाटन भई पदयात्रा पर्यटनको विस्तारको लागि केही पहल भएका छन् । पर्वतीय पर्यटनलाई विस्तार गर्न तथा विपन्न वर्गका जनतामा पर्यटनको लाभ पुऱ्याउन पर्वतारोहण शुल्क घटाउने र छुट दिने प्रयासहरू लागू हुने क्रममा छन् । स्थानीय समुदायको आत्म–सशक्तीकरणलाई प्रोत्साहित गरी हिमाली भेगका विकट गाउँमा पर्यटनलाई अभिवृद्धि गर्न अझै धेरै प्रयासको खाँचो छ । यी सबै कुराले समता, वृद्धि र वातावरण–मैत्री तरिकाले पर्यटनलाई दिगो बनाउन आइपर्ने अप्ठ्यारालाई सङ्केत गर्छन् ।

नेपालमा राष्ट्रिय पर्यटन नीतिको एउटा मार्गनिर्देशिकाले राजस्व संकलनको स्रोत क्षेत्रमा नै राजस्व परिचालन गर्ने व्यवस्था गरेको छ। यस कार्यसम्पादनको लागि चार आधारशिला प्रस्तुत गरिएका छन्ः

१. अन्नपूर्ण संरक्षण क्षेत्र परियोजना (एक्याप), नेपाल पर्वतारोहण संघजस्ता गैरसरकारी निकायलाई संकलित राजस्वलाई सामुदायिक विकासमा एकीकृत शैलीले पुनर्प्रयोग गर्ने अधिकार हस्तान्तरण ।

२. राष्ट्रिय निकुञ्जहरू र मध्यवर्ती क्षेत्र (बफर जोन) का समितिको सहभागितामा बनेका राष्ट्रिय निकुञ्जअन्तर्गतका समितिहरूलाई पर्यटनसम्बद्ध गतिविधिबाट संकलित राजस्वको ३० देखि ४० प्रतिशत रकम परिचालनको अधिकार हस्तान्तरण ।

३. माथिल्लो मुस्ताङमा स्थानीय रूपमा सङ्कलित राजस्वको ६० प्रतिशत र सरकारले केन्द्रमा उठाएको राजस्वको केही प्रतिशत रकम परिचालन गर्न राष्ट्रिय प्रकृति संरक्षण कोष (एनटिएनसी) जस्ता तोकिएका निकायलाई अधिकार प्रत्यायोजन; राजस्व प्रयोगको यही ढाँचाअनुसार हिउँ झर्ने बाटो सफा गर्न सगरमाथा आरोही टोलीहरूको सेवासुविधाबाट उठेको राजस्वको ४० प्रतिशत रकम परिचालन गर्ने अधिकार सगरमाथा प्रदूषण नियन्त्रण समिति (एसपिसिसी) लाई दिइएको छ । सरकारमार्फत् दाताहरूले जम्मा

गरिदिएको अतिरिक्त कोषको रकममध्ये निश्चित रकम सगरमाथा प्रदूषण नियन्त्रण समितिले नियमित रूपमा प्राप्त गर्ने प्रबन्ध ।

४. पर्यटनसम्बद्ध क्रियाकलाप सञ्चालन गरी राजस्व संकलनमा सहयोग गर्ने निश्चित जिल्लाका केही ठाउँमा सरकारले केन्द्रमा उठाएको राजस्वको ३० प्रतिशत रकम लगानी गर्न पाउने व्यवस्था गर्न स्थानीय स्वायत्त शासन, २०६१ को संशोधनमार्फत् जिल्ला विकास समितिहरूलाई अधिकार प्रत्यायोजन ।

गम्भीर कार्यान्वियनको अभावमा माथि उल्लेखित व्यवस्थाहरूमध्ये दोस्रोबाहेक अरू कुनै पनि बुँदाहरू व्यवहारमा लागू भएका छैनन् । पहिलो बुँदामा उल्लिखित कार्यक्रमबाहेक स्थानीय स्तरमा कति राजस्व संकलन भयो, कति परिचालन भयो र यस्तो आयस्ताले स्थानीय जनतालाई कति लाभ पुऱ्याइरहेको छ भन्ने पारदर्शिता पनि छैन । नब्बेको दशकको मध्यतिर गरिएको एक अनुसन्धानले देखाएअनुसार अनुसन्धानमा भाग लिएकामध्ये दुई–तिहाई घरपरिवारले पर्यटकहरूले गरेको खर्चमध्ये लगभग ५० प्रतिशत स्थानीय स्तरमा नै प्रयोग गरी तिनको जीवनस्तरको उत्थानमा अन्नपूर्ण संरक्षण क्षेत्र परियोजनाले खेलेको भूमिकाको सह्राना गरेका थिए (एनटिबी सन् २००५) ।

सशस्त्र द्वन्द्वको कारण नेपालमा पर्यटनले एक दशकसम्म ठूलो क्षति व्यहोऱ्यो । वि.सं. २०६२/६३ को जनआन्दोलनपछि २०६३ मंसिरमा सम्पन्न शान्ति सम्झौतापश्चात् बहाली भएको शान्ति र राजनीतिक स्थायित्वले पर्यटन क्षेत्रलाई अलि चयनको सास फेर्न दियो । त्यसपछि सन् २००९ मा हवाइमार्गबाट ३ लाख ७८ हजार ७ सय १२ जना पर्यटक भित्रिए । यससँगै पर्यटक आगमनमा क्रमिक वृद्धि हुन थालेको छ ।[४] यो आगमन सन् २००८ मा हवाइमार्गबाट नेपाल भित्रिएका कुल ३ लाख ७४ हजार ६ सय ६१ जना पर्यटकहरूको अनुपातमा १.०७ प्रतिशत वृद्धि हो ।[५] अर्थ मन्त्रालयको अर्धवार्षिक बजेट समीक्षाले पर्यटनबाट हुने आम्दानी ६३.३ प्रतिशतले बढेको देखाएको छ । सन् २००७/०८ को मध्य जुलाईदेखि मध्यमार्च बीचको जम्मा नौ महिनाको समयमा होटल र रेष्टुराँहरूको सङ्ख्यामा ७.५ प्रतिशतले वृद्धि भएको छ ।

पर्यटनले रोजगारीको अवसरहरू सिर्जना गर्छ र कला संस्कृतिको प्रवर्द्धनमा पनि सहयोग पुऱ्याउँछ । यो विदेशी मुद्रा आर्जन गर्ने प्रमुख व्यवसाय हो । राष्ट्रियस्तरमा

[४] ५ मार्च २००८ को आधार ।

[५] केन्द्रीय तथ्याङ्क विभागले ८ जुन २००८ मा प्रदान गरेको मध्यकालीन प्रतिवेदन ।

पर्यटन क्षेत्रले गर्ने राजस्व संकलनमा निरन्तर वृद्धि भएको छ । सन् २००७ मा सङ्कलित २३०.६ अमेरिकी डलर बराबर राजस्वको अनुपातमा सन् २००८ मा ५२.६० प्रतिशतले वृद्धि भई ३५१.९ अमेरिकी डलर पुग्नु यसैको प्रमाण हो (एमओटिसिए सन् २००९) ।

३.२ संस्थागत प्रबन्ध

नीति भनेको सरकारले निर्धारित समयमा पूरा गर्ने गरी रेखाङ्कन गरिएको कबुलहरूको अभिव्यक्ति हो । नेपालमा विकास योजनाको रणनीतिमार्फत् पर्यटन विकास प्रक्रियाको थालनी गर्ने काम पहिलो पञ्चवर्षीय योजना (सन् १९५६–६१) देखि नै भएको थियो । सन् १९७२ को पर्यटन गुरूयोजना नै पर्यटन विकासको पहिलो पृथक् र बृहत् नीति थियो । यस गुरूयोजनाले पर्यटन विकासमा विकेन्द्रीकृत अवधारणालाई आत्मसात गरेको छ । यही योजनाले पर्यटकीय दृष्टिअनुसार तयार गरिएको नेपालीपन समेट्ने पर्यटन प्याकेजको पक्षमा बलियो वकालत गरेको थियो । नेपाल पर्यटन गुरूयोजनाको सन् १९८४ मा गरिएको समीक्षाले नै स्वायत्त, अर्ध–सार्वजनिक (निजी क्षेत्रको सहयोगसहित) हैसियतको नेपाल पर्यटन प्रवर्द्धन बोर्ड स्थापनाको सिफारिस गरेको हो ।

'दिगो पर्यटनमार्फत् दिगो व्यवहार' भन्ने मूल नारासहित निजी क्षेत्रको सहभागितामा सञ्चालित 'नेपाल भ्रमण वर्ष–सन् १९९८' नामक एकवर्षे राष्ट्रिय पर्यटन अभियानले त्यस वर्ष ५ लाख पर्यटक भित्र्याउने लक्ष्य राखेको थियो । संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडिपी) को गुणस्तरीय पर्यटनको लागि साझेदारी (पार्टनरसिप फर क्वालिटी टुरिजम्: पिक्यूटी) परियोजनाको सहयोगमा सन् १९९९ जनवरी १ तारिखका दिन निजी क्षेत्र, पर्यटन व्यवसायी र सरकारको साझेदारीमा दक्षिण एसियाकै पहिलो र आफ्नै विशेषता भएको नेपाल पर्यटन बोर्ड (एनटिबी) को खाका निर्माण गरिएको थियो ।

आठौँ पञ्चवर्षीय योजना (सन् १९९२–१९९७) को अवधिमा सन् १९९५ मा सरकारले एउटा स्वतन्त्र क्षेत्रीय पर्यटन नीति (सेक्टरल टुरिजम् पलिसी) घोषणा गर्‍यो । नवौं पञ्चवर्षीय योजना (सन् १९९८–०२) ले पर्यावरणीय–पर्यटनलाई बढावा दिँदै नमुना पर्यटन गाउँ र नयाँ पदमार्गहरूको विकासलाई समेट्यो । यसैगरी दसौं पञ्चवर्षीय योजना (सन् २००२–०७) पर्यटन नीतिको समीक्षा, संस्थागत कार्यसम्पादन र संस्थागत व्यवस्थापन एवम् नियमनमा केन्द्रित रह्यो ।

द्वन्द्वोत्तर कालमा निर्मित तीनवर्षे अन्तरिम योजना[६] (सन् २००७/०८–२००९/१०) ले पर्यटनलाई पनि अरू उद्योगसरह सुविधा उपलब्ध गराउँदै राष्ट्रिय प्राथमिकता प्राप्त उद्योगको रूपमा पहिचान गर्‍यो । यस योजनाले दिगो पर्यटनको लागि दीर्घकालीन दृष्टि, नीति र रणनीति अङ्गीकार गरेको छ । यस योजनामा निहित एक कार्यनीतिले वातावरण–मैत्री पर्यावरण पर्यटन र दिगो पर्यटनलाई प्राथमिकता दिने र स्थानीय सरोकारवाला, निजी क्षेत्र र गैरसरकारी संगठनहरूको संलग्नतामा नयाँ सम्भावनाहरूको अन्वेषण र सम्पादन गर्ने पनि उल्लेख गरेको छ । यस योजनाले स्थानीय समुदाय र सरोकारवालाको प्रत्यक्ष संलग्नतामा सञ्चालित पर्यटन गतिविधिले महिला, दलित, पिछडिएका वर्ग र स्थानीय जनताको ज्ञान तथा चेतना मात्र अभिवृद्धि नगरी पर्यटनप्रति उनीहरूको सद्‌भाव समेत बढाउने सम्भावना छ । त्यसैले यो योजनाले दिगो पर्यटनको विकासमा सहयोग पुर्‍याउने विश्वास जगाएको छ ।

एनेकपा माओवादी नेतृत्वको सरकारले सन् १९९५ को नीतिमा केही संशोधन गरी सन् २००९ मा एक नयाँ पर्यटन नीति सार्वजनिक गर्‍यो । यस नीतिले ग्रामीण, साहसिक, शिक्षा, स्वास्थ्य र कृषि पर्यटनलाई प्रवर्द्धन गर्ने प्रयास गरेको छ । यसले सहभागितामूलक पर्यटन विकासको अवधारणालाई समेटेको छ । यो नीति ग्रामीण जनताको व्यापक सहभागिता रहने अनि गाउँका घरहरूमा पर्यटकको लागि सशुल्क आवास (होम स्टे) दिने पर्यटनमा केन्द्रित छ । तर अझै पनि यस नीतिको प्रभावकारिताको लेखाजोखा हुन भने बाँकी छ ।

पचास वर्षभन्दा लामो योजनावद्ध नीति निर्माणको इतिहासमा मुलुक एघार ओटा आवधिक योजनाबाट गुज्रिसकेको छ । यी योजनाले गरीबी निवारण, रोजगारी सिर्जना, क्षेत्रीय समानता र उद्योग विस्तारजस्ता आर्थिक गतिविधिको केन्द्रमा पर्यटनलाई राखी दिगो पर्यटनको विकासलाई महत्व दिएका छन् । तर दिगो पर्यटनको कार्यान्वयन गर्न पर्यटन नीतिहरूमा दुईखाले कमजोरी देखिएका छन् । पहिलो, एकीकृत पर्यटन विकासको लागि संगतिपूर्ण, समग्र लाभमुखी र विकेन्द्रीकृत नीतिनिर्माणमा सबै तहका जनताको सहभागिता सुनिश्चित नहुनु हो । अर्को कमजोरी कार्यान्वयनको अभाव हो, जुन नेपालका प्रायजसो सबै सार्वजनिक नीतिमा निहित समस्या हो । सामान्यतया संस्थागत दक्षताको अभावलाई नै फितलो कार्यान्वयन हुनुको महत्वपूर्ण कारण मानिन्छ (चन्द सन् २००३; घिमिरे सन् २००९) । दक्ष निकायसहितको प्रभावकारी

[६] राष्ट्रिय योजना आयोग, नेपाल सरकार, सन् २००७ ।

कार्यसम्पादनको अभावमा सगरमाथा क्षेत्रमा देखापरेको गम्भीर वातावरणीय समस्या यसकै एक उदाहरण हो । तर पनि अन्नपूर्ण संरक्षण क्षेत्र परियोजनाको सन्दर्भमा भने स्थानीय सहभागिताको उपयुक्त प्रबन्धसहित नीति कार्यान्वयन गर्नको लागि संस्थागत निकायहरू बलिया देखिएका छन् । त्यहाँ समुदायमा आधारित ग्रामीण पर्यटन विकासको लागि योजना र नीतिनिर्माणको प्रक्रियामा यस्तो सहभागिता देखिएको थियो (नेपाल सन् २००३) । पर्यटन विकासको यो खाकाले पर्यटकहरूको सन्तुष्टिलाई समेत ध्यान दिँदै समुदायको आवश्यकतालाई पनि सम्बोधन गर्ने भएकोले अहिलेसम्म अँाल्याइएका नमुनामध्ये यो सर्वोत्तम नमुना हो । हरित पर्यटनको लागि राष्ट्रिय प्रकृति संरक्षण कोषअन्तर्गत अन्नपूर्ण संरक्षण क्षेत्र परियोजनाले ल्याएको न्यूनतम प्रभावसम्बन्धी संहिता (मिनिमल इम्प्याक्ट कोड), एकीकृत पर्यटन व्यवस्थापन एवम् प्रकृति संरक्षण निर्देशिकालाई यसको मूल श्रेय जान्छ (बज्राचार्य र अरू सन् २००७; ग्र्यान्डन सन् २००४; निरोला सन् २००४) ।

चित्र ५.२ नेपालमा दिगो पर्यटनको लागि संलग्न संस्था तथा व्यक्तिहरू



स्रोत: लेखकहरूद्वारा रूपाङ्कित

नेपालको वर्तमान पर्यटन व्यवस्था चित्र ५.२ मा देखाइएजस्तै विभिन्न व्यक्ति, संस्था र संयन्त्रमार्फत् संगठित र व्यवस्थित छ । पर्यटन उद्यमीहरू सदस्य रहेका विविध पर्यटन व्यवसायसम्बद्ध ११ ओटा संघ–संगठनहरू नेपालमा छन् । तिनले व्यावसायिक हितको रक्षा र प्रवर्द्धनको लागि काम गर्छन् ।

३.३ केही असल अभ्यासहरू

द्वन्द्वोत्तर नेपालमा बाह्य सहयोग लिएर र नलिई पनि दिगो पर्यटन विकासको क्षेत्रमा केही गतिला अभ्यास र नवीन पहल भएका छन् । रोल्वालिङ क्षेत्रमा पर्यावरणीय–पर्यटन परियोजनाको कार्यान्वयन, दोश्रो पर्यटन पूर्वाधार विकास परियोजनाअन्तर्गत मनास्लु क्षेत्रमा सञ्चालित पर्यावरणीय–पर्यटन विकास कार्यक्रम, ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल (टान) बाट पर्यावरणीय–पर्यटन तालिम जस्ता दक्षता अभिवृद्धिका कार्यक्रमहरू नियमित सञ्चालन, नेपालमा दिगो पर्यटन उत्पादनको लागि बजार व्यवस्थापन सहयोग (मार्केटिङ असिस्टेन्स टु नेपाल फर सस्टेनेबल टुरिजम्ः मास्ट–नेपाल) परियोजनाको सुरुआत, सगरमाथा क्षेत्रमा पर्वतारोहणको सिलसिलामा थुप्रिएका फोहर संकलन गर्ने वातावरण–मैत्री उत्तरदायी पर्यटन 'गार्बेज टुरिजम्' को अभ्यास, सगरमाथा सफाइ अभियान सञ्चालन, चितवन राष्ट्रिय निकुञ्ज परियोजना र ६ ओटा जिल्लामा ग्रामीण गरीबी निवारणको लागि पर्यटन (टिआरपिएपी) को सुरुआत यस्ता केही राम्रा अभ्यास हुन् ।

यसरी नै नेपाल पर्यटन बोर्डले दिएको 'प्राकृतिक नेपालः एकपटकले पुग्दैन' (न्याचुरल्ली नेपालः वन्स इज नट इनफ) भन्ने नारा, पर्यटन सेवाप्रदायकलाई वातावरणीय प्रभाव मूल्याङ्कन (इन्भायरोमन्ट इम्प्याक्ट असेसमन्टः इआइए) प्रतिवेदन अनिवार्य गर्ने वैधानिक व्यवस्थाको सुरुआत, लुम्बिनी विकास योजना, होटल व्यवस्थापन तथा पर्यटन तालिम केन्द्रको स्थापना, गुणस्तरीय पर्यटनको लागि साझेदारी (पिक्यूटि), हुम्लामा पर्यावरणीय पर्यटन, बन्दिपुर पर्यावरणीय–सांस्कृतिक पर्यटन परियोजना आदि केही गतिला प्रयास हुन् । यसैगरी उच्च हिमाली पदमार्ग, हिमाली क्षेत्रमा दिगो पर्वतीय पर्यटन योजना, दिगो पर्यटन सञ्जाल (सस्टेनेबल टुरिजम् नेटवर्कः एसटिएन) को गठन, पश्चिम नेपालको अन्नपूर्ण क्षेत्रमा स्थापित माछापुच्छ्रे नमुना पदमार्ग, माछापुच्छ्रे पर्यटन विकास समितिद्वारा पर्यटनमा महिला उद्यमशीलताको विकास र द्वन्द्व–संवेदनशील पर्यटन सञ्चालन नियमावलीको कार्यान्वयनजस्ता केही अरू उदाहरण नेपालमा दिगो पर्यटन विकासको लागि भएका अन्य गतिला अभ्यास हुन् ।

४. शान्तिनिर्माणको उत्प्रेरकको रूपमा पर्यटन

सशस्त्र द्वन्द्वले नेपालको पर्यटन र सामाजिक–आर्थिक क्षेत्रमा गहिरो क्षति पुऱ्यायो । सन् २००० देखि २००२ सम्म र सन् २००५ मा नेपालमा पर्यटक आगमनको तथ्याङ्क नकारात्मक थियो । सन् २००२ मा पर्यटक आगमनको संख्या सन् १९९५ को तुलनामा २४.१९ प्रतिशतले घटेर २ लाख ७५ हजार ४ सय ६८ जनामा सीमित भएको थियो (एमओटिसिए सन् २००९) ।

उपाध्याय (२००८) को तर्कअनुसार जबरजस्ती बन्द, हड्ताल, अराजकता एवम् आन्दोलन, चक्काजाम, धाकधम्की, दैनिक प्रदर्शन, अनियन्त्रित तोडफोड, संकटकालको घोषणा र नियमित कर्फ्यूले नेपालको पर्यटकीय छवि खस्काएको थियो । सशस्त्र द्वन्द्वको कारण देश तथा विदेशमा समेत नेपालको शान्तिपूर्ण छविलाई धमिल्याउने गरी सञ्चार माध्यमहरूले गरेको नकारात्मक एवम् अतिरञ्जनापूर्ण प्रचारप्रसार र विदेशी कूटनीतिक नियोगहरूले आफ्ना नागरिकलाई नेपालको भ्रमण नगर्न अतिरञ्जित बनाई जारी गरेको सुरक्षा चेतावनी (सेक्युरिटी वार्निङ) ले शान्तिपूर्ण गन्तव्य स्थलको रूपमा रहेको नेपालको छवि अन्तर्राष्ट्रिय जगतमा नराम्रो बनायो ।

द्वन्द्वात्मक असरलाई रोकथाम गर्दै व्यवसाय जारी राख्नेजस्तो सामनाको रणनीति (कोपिङ स्ट्र्याटेजी) अख्तियार गरी पर्यटन क्षेत्र द्वन्द्वप्रति निरन्तर जुझी नै रह्यो । यस क्षेत्रले द्वन्द्वकालमा नेपालको खस्केको छवि सुधार्न बजार विस्तार अभियानमा संलग्नता बढाउने, अल्पकालीन नीति तय गर्ने, विद्रोहीहरूबाट पर्यटकहरूको सुरक्षाको आश्वासनको नीति लिने र सञ्चारमाध्यमहरूले नेपालमा पर्यटकहरू असुरक्षित छन् भनी अतिरञ्जनापूर्ण तरिकाले उछालेको प्रचारको असर रोक्न पत्रकार सम्मेलनहरू आयोजना गर्नेजस्ता महत्वपूर्ण काम गऱ्यो (शर्मा र उपाध्याय २००८) ।

सन् २००४ को डिसेम्बरमा पर्यटनसम्बन्धी एउटा उच्चस्तरीय कार्यदल बन्यो । यस कार्यदलले सिकिस्त हुँदै गरेको नेपाली पर्यटन व्यवसायलाई पुनर्जीवन प्रदान गर्न जिम्मेवार निकायहरूले निश्चित समयभित्र सम्पन्न गर्नुपर्ने धेरै काम सिफारिस गऱ्यो (ग्र्यान्डन सन् २००७) । तर पनि उच्चस्तरीय पर्यटन कार्यदलले सिफारिस गरेका धेरैजसो कामलाई भने सरकारले कार्यान्वयन गर्न सकेन (पर्यटनसम्बन्धी उच्चस्तरीय कार्यदल सन् २००६) ।

नेपालमा जारी शान्ति प्रक्रिया अवरुद्ध नभएको अवस्थामा पनि फरक ढङ्गको द्वन्द्व सूक्ष्म रूपमा अहिले पनि छ । शान्ति सम्झौतामा हस्ताक्षर भएपछि पनि विभिन्न

द्वन्द्वहरू देखापरेका छन् । नयाँ यी द्वन्द्व अहिले दिगो शान्तिका प्रमुख चुनौती भई उभिएका छन् ।

तालिका ५.१ द्वन्द्वकाल र द्वन्द्वोत्तर कालमा पर्यटक आगमनको बदलिँदो अवस्था

वर्ष (सन्मा)	पर्यटन आगमन संख्या	परिवर्तन प्रतिशतमा	बसाइको औसत अवधि	परिवर्तन (प्रतिशतमा)	पर्यटनबाट संकलित राजस्व (अमेरिकी डलरमा)	परिवर्तन (प्रतिशतमा)
१९९५	३६३३९५		११.२७		११६.८	
१९९६	३९३६१३	८.३	१३.५०	१.९८	११६.६	–१.७१
१९९७	४२१८५७	७.२	१०.४९	–२.२३	११५.९	–६.००
१९९८	४६३६८४	९.९	१०.७६	२.७५	१५२.५	३१.५८
१९९९	४९१५०४	६.०	१२.२८	१.४१	१६८.१	१०.२३
२०००	४६३६४६	–५.७	११.८८	–३.२६	१६६.८	–७.७३
२००१	३६१२३७	–२२.१	११.९३	४.२०	१४०.३	–१.५९
२००२	२७५४६८	–२३.७	७.९२	–३.३६	१०६.८	–२.३९
२००३	३३८१३२	२२.७	९.६०	२.१२	१९२.८	८.०
२००४	३८५२९७	१३.९	१३.५१	४.०७	१७९.९	–६.७
२००५	२७५३९८	–२.६	–९.०९	–३.२७	१४८.४	–१.७
२००६	३८३९२६	२.३	१०.२०	–१.२२	१६२.८	९.७
२००७	५२६७०५	३७.३	११.९६	१.७२	२३०.६	–४.२
२००८	५००२७७	–५.०	११.७८	–०.०२	३५१.९	५२.६०

स्रोतः एमओटिसिए (सन् २००९)

नेपालको विद्यमान संक्रमणकालमा पर्यटन क्षेत्र विस्तारै सर्प्रिंदै गरेको भए पनि आम हड्ताल, चर्को मजदुर आन्दोलन, चक्का जाम, विद्यार्थी प्रदर्शन, तोडफोड एवम् लुटपाट, फोहरमैला व्यवस्थापनको चुनौती, विद्युत आपूर्ति समस्या र आर्थिक मन्दी जस्ता विविध समस्या आइपर्नाले यस क्षेत्रले निरन्तर चुनौती खेपिरहेको छ । यस्ता पक्षहरूले पर्यटक आगमनको प्रवृत्तिलाई अधोमुखी बनाउने निश्चित त छ नै, यसबाहेक पर्यटकहरूले बसाइका क्रममा मनाउने बिदाका दिनलाई पनि असजिलो बनाएको छ (भट्टराई र दहाल सन् २००८) ।

सन् २००८ र २००९ मा पर्यटन विकासले अघिल्लो वर्ष सन् २००७ को जति पनि गति लिन सकेन । सन् २००७ मा हवाइमार्गबाट नेपाल आएका पर्यटकहरूको संख्या सन् २००६ को दाँजोमा २७ प्रतिशतले बढेर २ लाख ८३ हजार ८ सय १९ बाट ३

लाख ६० हजार ३ सय ५० पुगेको थियो । तर सन् २००८ मा हवाइमार्ग भएर नेपाल आउने पर्यटकको सङ्ख्या ४ प्रतिशतले वृद्धि भई ३ लाख ७४ हजार ६ सय ६१ र सन् २००८ मा १.०८ प्रतिशतले मात्र वृद्धि भई ३ लाख ७८ हजार ७ सय १२ मा सीमित हुन पुग्यो (एमओटिसिए सन् २००९) । यसले पर्यटनको अस्थिर स्वभाव देखाउँछ, जुन न्युमायेर (सन् २००४) ले भनेअनुसार पनि अनिश्चितता र विशेषगरी द्वन्द्वप्रति अति संवेदनशील रहन्छ ।

दिगो शान्ति नेपालमा दिगो पर्यटनको पूर्वाधार हो । सहमतीय राजनीतिको अभाव र विद्यमान संक्रमणकालमा द्रुत राजनीतिक स्थिरताको बहालीजस्ता पक्षहरू नेपालको शान्तिपूर्ण पर्यटक गन्तव्य स्थलको छविलाई कायम राख्ने, पर्यटक आगमनको वर्तमान वृद्धिलाई कायम राख्ने, सामेली विकास अवलम्बन गर्ने र समतामूलक वृद्धिलाई अगाडि बढाउँदै पर्यटन क्षेत्रको विकासमा सहभागितामूलक विधि अपनाउने दिशामा चुनौती भई देखा परेका छन् । सबै प्रकारका द्वन्द्वका प्रभावबाट टाढा राख्न पर्यटन व्यवसायलाई राष्ट्रिय उद्योगको मान्यता दिई यस क्षेत्रलाई 'शान्ति क्षेत्र' घोषणा गर्नु अति नै आवश्यक छ । यसको लागि शीघ्र राजनीतिक सहमति र स्थिरताको धेरै महत्व छ । तालिका ५.१ ले देखाएको सशस्त्र द्वन्द्वकाल र द्वन्द्वोत्तर अवधिको पर्यटक आगमनको खस्कँदो प्रवृत्तिले पर्यटन सुरक्षित र शान्त वातावरणमा मात्र टिक्न र फस्टाउन सक्ने शान्ति उद्योग हो भन्ने प्रमाणित गर्छ ।

५. निष्कर्ष

एक दशक लामो सशस्त्र द्वन्द्वको समाप्तिपश्चात् सम्पन्न राजनीतिक क्रान्ति र शान्तिपूर्ण परिवर्तनले नेपालमा ठूलो फेरबदल ल्याएको छ । यसले सामाजिक-आर्थिक रूपान्तरणमार्फत् शान्त र समृद्ध 'नयाँ नेपाल' निर्माणको लागि मार्गप्रशस्त पनि गरेको छ । अनेकता बीचको एकता, राष्ट्रियता, दिगो शान्ति, समतामूलक आर्थिक वृद्धि, आयआर्जन र लाभ वितरणका मुद्दाहरू यतिखेर राज्यनिर्माणमा चुनौती र अवसर दुवै बनी देखा परेका छन् ।

नेपालको लागि पर्यटन केवल एक विकल्प मात्र होइन यो राष्ट्रको समष्टिगत विकासको लागि धेरै महत्वपूर्ण छ । कृषि, व्यापार र उद्योगजस्ता अन्य आर्थिक क्षेत्रसँग सम्भावनाको हिसाबले अघि वा पछि जता रहे पनि ती क्षेत्रसँग समान प्रतिस्पर्धा गर्न सक्ने क्षमता भएको पर्यटन राष्ट्रिय अर्थतन्त्रको एक महत्वपूर्ण खम्बा हो । प्राकृतिक र सांस्कृतिक सम्पदाको प्रचुरताले मात्र नभई अर्थतन्त्रका अरू

क्षेत्रको दाँजोमा पर्यटनलाई न्यून लगानीमा नै माथि उठाउन सकिन्छ । त्यसैले पर्यटनले आर्थिक समृद्धि र सामाजिक–सांस्कृतिक परिचालनको व्यापक सम्भावना बोकेको छ । तथापि विविध पाहुनाको आवश्यकता र मागलाई पूरा गर्न सम्पन्न गर्नुपर्ने पर्यटनजस्तो बहुआयामिक क्षेत्रको विकास अलग–अलग रूपमा हुन सक्दैन। एकातर्फ पर्यटनले रोजगारी, विदेशी लगानी, मुद्रा सटहीबाट हुने आम्दानी र आर्थिक समृद्धि निम्त्याउँछ भने अर्कोतर्फ यसले वातावरणको विनाश, सामाजिक तनाव र सांस्कृतिक मूल्य तथा मान्यतामा विचलन ल्याई सामाजिक द्वन्द्वको जोखिम पनि बढाउँछ। पर्यटनलाई दिगो र सहभागितामूलक बनाएर मात्र यस क्षेत्रमा अन्तरनिहित जटिलताहरूको व्यवस्थापन र राज्यनिर्माणको लागि समृद्धि हासिल गर्न सकिन्छ ।

पर्यटक, पर्यटन उद्यमी, वातावरण र विविध भौगोलिक तथा जनजातीय समुदायबीचको जटिल अन्तरक्रियाले निम्त्याउने तनाव र संघर्षलाई न्यून गर्ने सकारात्मक शैली नै दिगो पर्यटन हो । यो दृष्टिकोणले प्रकृति र मानव संसाधन दुवैको दीर्घकालीन उपयोगिता तथा गुणस्तरलाई समेट्छ। दिगो पर्यटनको ध्येय पर्यटकहरूको सन्तुष्टि बढाउनु पनि हो। त्यसैले यस्तो शैलीले पर्यटनको विकास र विस्तारलाई पनि दिगो बनाउँछ ।

दिगो पर्यटनको सिद्धान्तले पर्यटनसम्बन्धी योजना तर्जुमा, विकास र स्थानीय समुदायलाई केन्द्रमा राखेर गरिने एकीकृत, समग्र र अन्तरक्षेत्रीय पयर्टन व्यवस्थापनमा जोड दिन्छ । त्यसैले समुदायमा आधारित विपन्नमुखी ग्रामीण पर्यटन र आपूर्ति सम्बन्धहरूको उचित व्यवस्थापनसहितको पर्यटनले यो उद्योगलाई निरन्तर टिकिरहन मद्दत गर्छ। पर्यटनको यो नमुना आर्थिक रूपले विपन्न स्थानीय समुदायसम्म लाभ पुर्‍याउन र पर्यटन विकासको मूलधारमा तिनलाई सामेल गराउन पनि सहयोगी हुन सक्छ। यसरी सन्तुलित र समावेशी विकास शैली अपनाएर यस्तो पर्यटनले अन्ततः गरीबी निवारणमा योगदान पुर्‍याउँछ ।

आर्थिक–सामाजिक रूपान्तरणको विशाल सम्भावनाहरू बाबजुद नेपालमा पर्यटन विकासको स्तर न्यून छ । संघीय व्यवस्थामार्फत् मुलुक नै विकेन्द्रीकरणमा जान लागेको समयमा विकेन्द्रीकरणकै आवश्यकता खड्किरहेको पर्यटन क्षेत्रले नयाँ लाभ लिन सक्छ। यसरी यो क्षेत्रमा लोकतान्त्रिक अभ्यासको वृद्धि, स्थानीय समुदायको यथेष्ट सशक्तीकरण, समान सहभागिता एवम् लाभको समतामूलक वितरण सुनिश्चित गर्नु राज्यनिर्माणको लागि वाञ्छनीय छन् । समाजका उपेक्षित तप्का र पिछडिएका क्षेत्रका जनताले समेत पर्याप्त लाभ हासिल गर्नसके भने नेपालको द्वन्द्वोत्तर

राज्यनिर्माणमा पर्यटनले अब्बल भूमिका खेल्न सक्छ। यसरी दिगो पर्यटनको शैली राज्यनिर्माणको महान लक्ष्यप्राप्तिमा उत्कृष्ट विकल्प बन्न सक्छ।

सन्दर्भ सूची

पर्यटनसम्बन्धी उच्चस्तरीय कार्यदल। सन् २००६। पर्यटन उद्योगलाई पुनर्ताजिगी गर्नको लागि सुझाव पेश गर्न गठित उच्चस्तरीय कार्यदलको प्रतिवेदन। काठमाडौँः पर्यटन उद्योगलाई पुनर्ताजिगी गर्नको लागि सुझाव पेश गर्न गठित उच्चस्तरीय कार्यदल।

ADB [Asian Development Bank]. 2004. *South Asia Subregional Economic Cooperation Tourism Development Plan*. Manila: ADB.

Aditya A. 2002. *Social Peace, National Prosperity, and Participatory Tourism-Strategies for Sustainable Tourism in 21st Century Nepal*. Bangkok: Nepal Association of Travel Agents (NATA).

Bagri SC. 2003. *Trends in Tourism Promotion (Emerging Issues).* Garhwal: Himalayan Ecotourism Society.

Bajracharya S, Gurung GB, Basnet K. 2007. Learning from Community Participation in Conservation Area management. *Journal of Forest and Livelihood* 6(2): 54-66.

Bhatta RN. 2000. *Tourism and the Environment: A Quest for Sustainability*. New Delhi: Indus Publishing Company.

BBC [British Broadcasting Corporation]. 2003. Unforgettable Places to See Before You Die by Steve Davey. Accessed via: www.bbc.co.uk/pressoffice /bbcworldwide/worldwidestories/pressreleases/2003/12_ december/places_to_see.shtml on 23 April 2010.

Bhatt DP. 2006. *Ecotourism in Nepal*. Kathmandu: Anju Bhatt.

Bhattarai B. 2003. *The Nature of Underdevelopment and Regional Structure of Nepal – A Marxist Analysis*. New Delhi: Adroit Publishers.

Bhattarai BM, Dahal BM, editors. 2008. *Report on Peace and Press: Vital Forces for Tourism Development*. PAPVFFTD [Peace and Press vital force for Tourism Development] Proceedings 1. Vol 1. Kathmandu: Nepal Travel Media Association (NTMA).

Bhattarai K, Conway D, Shrestha N. 2005. Tourism, Terrorism and Turmoil in Nepal. *Annals of Tourism Research* 32(3):669-688.

CBS [Central Bureau of Statistics]. 2007. *Nepal in Figures 2007*. Kathmandu: National Planning Commission Secretariat, CBS.

Chand D. 2003. *Road Map of the Development of Nepal*. Kathmandu:

Chandani Publications.

Croall J. 1995. *Preserve or Destroy: Tourism and the Environment*. London: Calouste Gulbenkian Foundation.

Downes J. 2006. *Tourism Legislation and the Millennium Development Goals*. Vientiane: SNV Asia Pro-Poor Sustainable Tourism Network and Sustainable Tourism Cooperative Research Centre.

France L. 2006. *Sustainable Tourism*. London: Earthscan Publications Limited.

Ghimire RP. 2009. Contemporary issues of tourism development in Nepal. *In:* Basnyat S, editor. *Souvenir 2009*. Kathmandu: Nepal Academy of Tourism and Hotel management, pp 23-26.

Grandon R. 2004. Agenda 21 and Sustainable Tourism Development. *Nepal Travel Trade Reporter* VIII (11):16-17.

Grandon R. 2007. *Nepalese Tourism: The Challenges*. Kathmandu: Nepal Association of Tour and Travel Agents.

HAN [Hotel Association of Nepal]. 2007. *½ Yearly Annual Report*. Kathmandu: HAN.

Hummel J, Oostveen T, Stoer P, editors. 2003. *Sustainable Tourism Development in Nepal, Vietnam and LAO PAD – Experience of SNV and partner organizations*. Quantes: SNV Nepal, SNV Vietnam, SNV Laos and SNV Shared Service Unit.

IUCN [The World Conservation Union]. 1980. *World Conservation Strategy: Living Resource Conservation for Sustainable Development*. Gland: IUCN, UNEP and WWF.

Karki A, Seddon D. 2003. *The People's War in Nepal: Left Perspectives*. New Delhi: Adroit Publishers.

Karshenas M. 1994. Environment, Technology and Employment: Towards a New Definition of Sustainable Development. *Development and Change* 25(4).

Kruk E, Hummel H, Banskota K, editors. 2007. *Facilitating Sustainable Mountain Tourism Volume 1: Resource Book*. Kathmandu: International Centre for Integrated Mountain Development (ICIMOD).

Kunwar RR. 2006. *Tourists and Tourism Science and Industry Interface*. Kathmandu: International School of Tourism and Hotel Management.

MoTCA [Ministry of Tourism and Civil Aviation]. 2009. *Nepal Tourism Statistics 2008*. Kathmandu: MoTCA.

Mowforth M, Munt I. 1998. *Tourism and Sustainability New Tourism in the Third World*. London: Routledge.

Müller-Böker U. 2000. Ecotourism in Nepal: The Example of the Royal Chitwan National Park. *In:* Thapa R, Baaden J, editors. *Nepal. Myths and Realities*. New Delhi: Book Faith India, pp 100-118.

Nepal SK. 2003. *Tourism and the Environment Perspectives from the Nepal Himalaya*. Innsbruck: Himal Books and STUDIENVerlag Innsbruck-Wien-Munchen.

Neumayer E. 2004. The Impact of Political Violence on Tourism. *Journal of Conflict Resolution* 48(2):259- 281.

Nirola S. 2004. Nepal's Steps towards Sustainable Tourism. *In:* Trekking Agencies' Association of Nepal (TAAN), editor. *TAAN Silver Jubilee Ceremony 1979-2004*. Kathmandu: TAAN.

NTB [Nepal Tourism Board]. 2005. Sustainable rural tourism for improved livelihood of local communities – With special reference to Tourism for Rural Poverty Alleviation Programme. Unpublished draft paper to discuss for a regional interaction program. Kathmandu, Nepal, 21 November. Available from NTB.

NTB [Nepal Tourism Board]. 2008a. *In Focus 2008*. Kathmandu: NTB.

NTB [Nepal Tourism Board]. 2008b. *Tourism Product of Nepal*. Kathmandu: NTB.

Pandey RJ. 2008. What should we do to practice community-based pro-poor tourism: Lessons to be learned from TRPAP. *In:* Sharma P, editor. *Vision and Mission of Village Tourism.* Kathmandu: Village Tourism Promotion Forum- Nepal, pp 32-38.

The Kathmandu Post. 2009. Govt goes for Terai tourism. *The Kathmandu Post.* 15 December. p 8.

Pyakuryal KN. 2005. Introduction: A conceptual framework. *In*: Pyakuryal KN, March K, Acharya B, editors. *Nepal in Conflict: Theoretical Underpinnings, Conflict Resolution, Conflict Transformation, and Peacebuilding.* Kathmandu: Sociological/Anthropological Society of Nepal, pp 01-11.

Sharma S, Upadhayaya PK, editors. 2008. *Report on the proceedings of National Workshop on Post-conflict Tourism in Nepal: Opportunities and Challenges, Kathmandu, March 18, 2008.* Kathmandu: Human

and Natural Resources Studies Centre, Kathmandu University and the South Asia Coordination Office, Swiss National Centre of Competence in Research (NCCR) North-South.

Sherpa MN. 2006. Decentralisation of Tourism in Nepal. *In:* Sharma P, editor. *The Organisation.* Kathmandu: Organization Development Centre Inc., pp 25- 26.

Shrestha MB. 2000. *Nepalese Aviation and Tourism*. Kathmandu: Pramila S. Shrestha.

SNV Nepal. 2000. SNV and sustainable tourism development: Economical benefits for local poor. *In: Proceedings of a World-wide SNV Tourism Advisors Workshop and Field-visit, Kathmandu, October 4-14, 1999*. Kathmandu, Nepal: SNV Nepal.

STN [Sustainable Tourism Network]. 2007. *Sustainable Tourism Network*. Kathmandu: STN, Nepal Tourism Board.

Thapa SS. 2008. Community participation in tourism development process: Problems and solutions. *In:* Dhakal S, editor. *Village Tourism.* Kathmandu: Goverment of Nepal, Taragaun Village Development Committee, pp 41- 45.

Upadhayaya PK and Upreti BR. 2009. Application of conflict sensitive code of conducts at Machhapuchhre Model Trek: Obligations and challenges. *National Conference on Exploring alternative trekking routes for peace and prosperity, An experience of Machhapuchhre Model Trek route in Kaski district in the western Nepal*, *14 December 2009.* Kathmandu: TAAN, NCCR North-South and NTB.

Upadhayaya PK. 2006. Contribution of international organizations and agencies in the development of tourism in Nepal [Master Dissertation]. Kathmandu: Kathmandu Academy of Tourism and Hospitality (KATH), Purbanchal University.

Upadhayaya PK. 2008. Lasting Peace as the precondition for sustainable tourism. *Nepal Travel Trade Reporter* X(51): 24-25.

Ward J. 1991. *Tourism in Action: Ten Case Studies in Tourism.* The USA: Stanley Thornes Publishers.

WCED [World Commission on Environment and Development]. 1987. *Our Common Future.* Oxford: Oxford University Press.

* * *

परिच्छेद ६

वनको सुधारका लागि भूअधीनत्वको सामुदायीकरण

भरतकुमार पोखरेल[१]
बिमला राई पौड्याल[२]

कुनै पनि स्रोत तथा सम्पत्तिको अधीनत्व (ओनरसिप अफ रिजोर्सेज एन्ड प्रपर्टिज) ले त्यसमा कसको कति अधिकार हुने भन्ने निर्धारण गर्छ। नेपालका वन जंगल तथा जग्गा–जमीनजस्ता प्राकृतिक स्रोत कि सरकारी कि त निजी अधीनत्वमा रहेका छन्। सरकारी अधीनत्वमा रहेका, गाउँ बस्ती नजिकका, खास गरी मध्य पहाडी क्षेत्रका वनजंगल राज्यले स्थानीय समुदायलाई सामुदायिक वनको रूपमा कमाई खान त सर्त तोकिदिएको छ, तर त्यस्तो सामुदायिक वनको भूअधीनत्व समुदायमा हस्तान्तरण गरिएको छैन । परिणामस्वरूप राज्य र स्थानीय समुदायबीचको शक्ति सम्बन्ध जग्गाधनी र मोहीको जस्तो देखिएको छ। सामुदायिक वन उपभोक्ता समूहहरूले आफूले मिहिनेत गरेर बचाएका र व्यवस्थापन गरेका वनको उपयोग त गरेका छन्, तर भूअधीनत्वमा अधिकार नहुँदा सरकारले तिनै वनसम्बन्धी महत्वपूर्ण निर्णय गर्ने प्रक्रियामा उनीहरूको उचित पहुँच पुग्न सकेको छैन। खास गरी हुर्केका सामुदायिक वनजंगलबाट आउने लाभ, निर्णय गर्ने अधिकार र वनजंगलको रेखदेखमा लाग्ने मिहिनेत र लगानीको बाँडफाँटमा सन्तुलन तथा स्पष्टता नहुँदा सरकार र स्थानीय समुदायबीच मनमुटाव, अविश्वास र द्वन्द्व बढ्न थालेको छ।

सरकारी संयन्त्रलाई बढी अधिकार दिएर स्थानीय समुदायमाथि निगरानी र नियन्त्रण गरिएको खण्डमा वनजंगलको संरक्षण राम्रो हुने तर्क एकथरीको छ भने स्थानीय समुदायलाई बढी जिम्मेवार बनाउन सामूहिक भूअधीनत्व समेत उनीहरूलाई नै हस्तान्तरण गरी राज्य र स्थानीय समुदायको अधिकार र कर्तव्य समेत स्पष्ट गरी वनको भूअधीनत्व र हकभोगको निक्षेपीकरण गर्दा वनजंगलको सुरक्षा, संरक्षण र विकास दिगो हुने तर्क अर्कोथरीको छ।

---

१ राष्ट्रिय उपमहानिर्देशक, हेल्भेटास स्विस इन्टरकोअपरेसन नेपाल; bharat.pokharel@helvetas.org.np
२ वरिष्ठ कार्यक्रम अधिकृत, स्विस सरकार विकास सहयोग (एसडिसी); bimala.rai-paudyal@sdc.net

स्थानीय जनताको दैनिक जीविकासँग प्रत्यक्ष जोडिएका बस्ती छेउका वनजंगलको भूअधीनत्व सामूहिक/साझा सम्पत्ति (कमन प्रपर्टी) को रूपमा राख्दा स्रोतको दिगो व्यवस्थापन हुने कुरा संसारभरि गरिएका सयौँ अध्ययन तथा अनुसन्धानहरूले देखाएका छन्। यसै आधारमा यो परिच्छेदको अँग्रेजी संस्करण[३]मा सामूहिक सम्पत्तिको व्यवस्थापनसम्बन्धी अवधारणाको खाकाबारे विस्तृत विवेचना गरिएको छ। यस परिच्छेदको मुख्य सन्देश सरकारी अधीनत्वमा रही स्थानीय उपभोक्ताले रेखदेख गर्दै आएका वनजंगलको भूअधीनत्व स्थानीय समुदायमै सामूहिक सम्पत्तिको रूपमा रहने गरी हस्तान्तरण गर्दा वनजंगलप्रति उनीहरूको अपनत्व बढी हुन गई स्रोतको दिगो व्यवस्थापन र उचित प्रयोग हुने तर्क अघि सारिएको छ। परिच्छेदका लेखक तथा लेखिकाको तर्कको पुष्टि नेपाललगायत अन्य मुलुकमा सामुदायिक सम्पत्तिको रूपमा व्यवस्थापन गरिएका प्राकृतिक स्रोतको हैसियतमा आएका सकारात्मक परिणाम र स्थानीय समुदायले त्यसमा गर्ने सामूहिक प्रयास तथा लाभलाई आधार मानेर गरिएको छ।

विशेषगरी हालको द्वन्द्वग्रस्त नेपालको सन्दर्भमा यस परिच्छेदको अर्को मुख्य सन्देश नेपालमा भविष्यमा बन्ने संविधान अथवा कायम हुने संवैधानिक व्यवस्थामा सामूहिक सम्पत्तिको प्रावधान राख्नुपर्छ भन्ने हो। अहिलेसम्म नेपालको वनजंगलको अधीनत्व कि राज्यको नाममा छ, कि त व्यक्तिको नाममा। तर समुदायको नाममा पनि भूअधीनत्व हुन सक्छ भन्ने सोचिएको छैन।

अब नेपालमा गाउँ बस्ती नजिक रहेका वनजंगलजस्ता प्राकृतिक स्रोतलाई सरकारी तथा निजी सम्पत्तिझैँ कानुनले तोके बमोजिम हुने गरी सामूहिक सम्पत्तिको रूपमा राख्ने व्यवस्था हुनुपर्छ। भूअधीनत्वको निश्चितताले आफूले व्यवस्थापन गरेको स्रोतमा समुदायको आफ्नै अपनत्व बढ्न गई स्रोतको अझै राम्रो संरक्षण र प्रभावकारी व्यवस्थापन हुन सक्छ। यतिमात्र नभई समुदायमा भूअधीनत्व रहेको कारणले गर्दा संघीय संरचनामा प्रदेश तथा स्थानीय निकाय समेतले स्थानीय समुदायको अधिकार तथा दायित्व संरक्षण गर्न सक्छन् र सकून् भन्ने नै यस आलेखको अभिप्राय हो।

---

[३] पोखरेल भरतकुमार र राई-पौडयाल बिमला। सन् २०१०। फरेस्टल्यान्ड रिफर्म। उप्रेती विष्णुराज, शर्मा सागर राज, प्याकुर्‍याल कैलाशनाथ र घिमिरे सफल (सं.)। दि रिमेक अफ अ स्टेटः पोस्ट-कन्फ्लिक्ट च्यालेन्जेज एन्ड स्टेटबिल्डिङ इन नेपाल। काठमाडौँः एनसिसिआर नर्थ-साउथ र एचएनआरएससी-काठमाडौँ विश्वविद्यालय।

नयाँ नेपालमा स्थानीय समुदायले हालसम्म उपभोग र प्रयोग गर्दै आएका अधिकार कुनै पनि बहानामा कसैले पनि कुण्ठित गर्न नसक्ने तथा उनीहरूले वनजंगलमाथिको पहुँचको सवालमा संवैधानिक अधिकार प्राप्त गर्ने हुनाले यस्तो व्यवस्थाले उनीहरूको वास्तविक सशक्तीकरण हुन सक्ने देखिन्छ। यसो गर्न सके नेपालको भावी संघीय संरचनामा प्रदेश तथा स्थानीय निकायको मात्र अधिकार तोकिने नभई प्राकृतिक स्रोतमाथि स्थानीय समुदाय समेतको अधिकार व्यावहारिक रूपमै निक्षेपीकरण गर्ने खाका तयार हुन्छ। फलस्वरूप गाउँ बस्तीसम्मै अधिकार प्रत्यायोजन गर्ने गणतान्त्रिक संघीय नेपालको मर्मलाई पनि यसले टेवा दिई प्राकृतिक स्रोतआधारित सबल राज्यनिर्माणमा सार्थक योगदान दिन सक्छ।[४]

* * *

[४] यो लेख यसै प्रकाशकद्वारा पहिले प्रकाशित अँग्रेजी संस्करणको संक्षिप्त स्वरूप हो। थप विश्लेषणको लागि यस आलेखको अँग्रेजी संस्करण निम्न पुस्तकमा उपलब्ध छः पोखरेल भरतकुमार र राई–पौडयाल बिमला। सन् २०१०। फरेस्टल्यान्ड रिफर्मः ट्रान्सफर्मिङ स्टेट प्रपर्टी टु कम्युनिटी प्रपर्टी इन पोस्ट कन्फ्लिक्ट नेपाल। उप्रेती विष्णुराज, शर्मा सागर राज, प्याकुर्‍याल कैलाशनाथ र घिमिरे सफल (सं.)। *दि रिमेक अफ अ स्टेटः पोस्ट–कन्फ्लिक्ट च्यालेन्जेज एन्ड स्टेटबिल्डिङ इन नेपाल*। काठमाडौँः एनसिसिआर नर्थ–साउथ र एचएनआरएससी–काठमाडौँ विश्वविद्यालय।

परिच्छेद ७

द्वन्द्वोत्तर नेपालमा पुनर्निर्माण र विकास

विष्णुराज उप्रेती[1]

१. परिप्रेक्ष्य

नेपालमा द्वन्द्वोत्तर विकासले राजनीतिक रूपमा स्थायी, आर्थिक रूपमा समृद्ध र सामाजिक रूपमा न्यायशील संघीय गणतान्त्रिक मुलुक बनाउन योगदान दिनुपर्छ । अहिले विकासका नयाँ योजना, रणनीति, कार्यान्वयन शैली र योजनाबद्ध तरिकाको खाँचो छ । यो परिच्छेदको मुख्य उद्देश्य द्वन्द्वोत्तर विकासका विविध आयाम र पुनर्निर्माणबीच सम्बन्ध स्थापित गर्नु हो । राज्यनिर्माणमा यी दुवै तत्व अभिन्न छन् र यिनले लोकतन्त्रलाई बलियो पारी दीर्घकालीन शान्ति प्राप्तिमा सहयोग गर्छन् भन्ने बहस सिर्जना गर्नु पनि यस परिच्छेदको उद्देश्य हो । द्वन्द्वोत्तर विकासका प्रमुख सवाल र तत्व के–के हुन् ? राज्यनिर्माणमा विकासले कसरी योगदान दिन सक्छ ? भन्नेजस्ता प्रश्नको उत्तर यस परिच्छेदमा खोज्ने प्रयास गरिएको छ ।

यस परिच्छेदको प्रयोजनमा विकासले भौतिक तथा सामाजिक–आर्थिक दुवै पक्षलाई जनाउँछ । पुनर्निर्माणले भने भौतिक पूर्वाधार निर्माण र पुनर्संरचनामा जोड दिन्छ । गृहयुद्ध र सशस्त्र विद्रोहहरूले विशेषतः विकासका पूर्वाधारलाई लक्ष्य बनाएका हुन्छन् । तिनको संरचना बिथोल्न सके आर्थिक वृद्धि प्रभावित पारी विद्रोह सफल बनाउन सकिने विद्रोहीहरूको सोच हुन्छ । त्यसैले नेपालमा पनि विकासका कार्यक्रमलाई बिथोल्ने वा प्रतिद्वन्द्वीका पूर्वाधार ध्वस्त पार्ने कामलाई युद्धरत पक्षले आ–आफ्ना रणनीति नै बनाए । तर मुलुकलाई युद्धबाट पार गराउन विकासकै चरण ल्याउनु पर्छ । पुनर्निर्माण र विकास द्वन्द्वोत्तर आर्थिक पुनर्भरण (पोस्ट–कन्फ्लिक्ट इकनमिक रिकभरी) को आधारस्तम्भ हो भने शान्ति र स्थायित्वको लागि प्रस्थान विन्दु (उप्रेती सन् २००९) हो ।

हिंसात्मक द्वन्द्व र विकासको सम्बन्ध विपरीतार्थी वा एकअर्कालाई नकारात्मक असर पार्ने किसिमको हुन्छ । विकासले जनताका आवश्यकता पूरा गर्न नसके सामाजिक

[1] क्षेत्रीय संयोजक, एनसिसिआर नर्थ–साउथ, दक्षिण एसिया कार्यालय ; bupreti@nccr.wlink.com.np

तनाव र हिंसात्मक द्वन्द्वको सम्भावना बढ्छ । यसले असमानता र विभेद सम्बोधन गर्न नसके त्यही नै द्वन्द्वको स्रोत बन्छ । यसले नै असमानता सिर्जना गऱ्यो भने फेरि सामाजिक द्वन्द्व अवश्यम्भावी हुन्छ । यसैले शान्ति र द्वन्द्व दुवैको स्रोत विकास नै हो । कम विकसित मुलुकमा हिंसात्मक द्वन्द्वका घटना बढी हुनु यिनकै उदाहरण हुन् ।

अत्यधिक गरीबी र असमानता निश्चित समूहको वास्तविक वा कल्पित शोषण (रियल अर पर्सिभ्ड अप्रेसन्स) सँग गाँसिएका हुन्छन् भन्ने उदाहरण अफ्रिकी द्वन्द्वले देखाएका छन् (उप्रेती सन् २००९) । त्यसैले असमानता र विभेदका मूल कारणलाई सम्बोधन गर्न विकासका लक्ष्यमा द्वन्द्वको संवेदनशीलता बुझ्नु जरुरी हुन्छ । अहिंसात्मक द्वन्द्व विकास प्रक्रियाको महत्वपूर्ण पाटो हो । यसले सामाजिक परिवर्तन गराउन रचनात्मक भूमिका खेल्छ । साथै यसले विविधता र विभेदको व्यवस्थापन गर्न समाजलाई बलियो पार्छ । त्यसैले विकासका गतिविधिले अहिंसात्मक द्वन्द्वलाई दबाउनेभन्दा पनि तिनबाट रचनात्मक विचार उब्जाउन सहयोग गर्नुपर्छ ।

२. द्वन्द्वोत्तर विकासको खाका

द्वन्द्वोत्तर विकास संवेदनशील, जटिल र विशिष्ट खालको हुने अफगानिस्तान, कंगो, सुडान, सोमालियाजस्ता युद्धग्रस्त मुलुकका विकाससम्बन्धी अनुभवहरूले देखाउँछन्। यसले हिंसात्मक द्वन्द्वका प्रभाव साम्य पार्नुपर्छ । तर यो आफैँमा एउटा शृंखलाबद्ध प्रक्रिया हो । द्विपक्षीय दातृ निकाय, ब्याङ्क, अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, राष्ट्रसंघीय नियोग तथा परोपकारी संगठनजस्ता बहुपक्षीय नियोगले युद्धग्रस्त मुलुकको द्वन्द्वोत्तर विकासमा सहायता दिन्छन् । तिनका अभिरुचि, प्राथमिकता, लक्ष्य, कार्य, प्रक्रिया तथा अवधारणाहरू भिन्नाभिन्नै र कहिलेकाहीँ विरोधाभाषपूर्ण पनि हुन्छन् । त्यसैले कुनै पनि मुलुकको विकाससम्बन्धी प्राथमिकतामा यी अभिकर्ताहरूको समन्वय, अनुगमन र संगति हुनु महत्वपूर्ण हुन्छ ।

द्वन्द्वोत्तर विकासले विकाससम्बन्धी नियमित कार्यक्रमका परम्परागत शैलीभन्दा फरक नीति अपनाउनु पर्छ । वातावरणीय असुरक्षा, ग्रामीण तथा सहरी अपराध, साना हतियारको अवैध प्रयोग, सामुदायिक असुरक्षाजस्ता नवीन सवालसँग जुझ्न नयाँ कार्यशैली खाँचो पर्छ । नेपालमा अहिले भएका विकास योजना, संस्थागत व्यवस्थापन, नीति–निर्माताका मानसिकतासमेत जनअपेक्षासँग मेल खाँदैनन् । त्यसैले अहिले देखापरेका चुनौतीको उचित व्यवस्थापन गर्न नवीन दृष्टि, कार्यनीति र संरचनागत खाका जरुरी हुन्छ । त्यसैले द्वन्द्वोत्तर अवस्थामा आम जनताका

आवश्यकता सम्बोधन गर्न विकासको शैलीमा नै आधारभूत पुनर्संरचना आवश्यक ठानिएको हो ।

द्वन्द्वोत्तर पुनर्निर्माण र विकासलाई मेलमिलाप (रिकन्सिलिएसन), पुनर्स्थापना (रिह्याबिलिटिएसन), पुनर्समायोजन (रिइन्टिग्रेसन) र पुनर्भरण (रिकभरी) सँग जोड्नुपर्छ । यसो गर्दा विकासले द्वन्द्वका घाउमा मलम लगाउन सक्छ र समाजमा आपसी मिलनको भाव बढाउन सक्छ । यसैगरी द्वन्द्वोत्तर विकासले मानव सुरक्षा हासिल गर्न पनि योगदान दिनुपर्छ ।

राष्ट्रसंघको मानव विकास प्रतिवेदन सन् १९९४ ले मानव सुरक्षालाई भोक, रोग र दमनजस्ता दीर्घ चुनौतीबाट छुटकारा र दैनिक जीवनशैलीमा आइपर्ने आकस्मिक र पीडादायी अवस्थाबाट सुरक्षा भनी परिभाषित गरेको छ (युएनडिपी सन् १९९४) । नेपालमा विकासको परम्परागत विचारधाराले द्वन्द्व र सुरक्षाका विषयलाई ख्याल नराखी केवल गरीबी निवारणमा मात्र जोड दिन्थ्यो (उप्रेती सन् २००६ए) । यस्तो सिलसिला योजनाबद्ध विकासको पहिलो वर्षदेखि नै सुरु भएको थियो । तर अब यस्तो अवधारणामा पनि आधारभूत रूपान्तरणको खाँचो छ ।

सुरक्षा–मानवअधिकार–शान्ति तथा विकासलाई एकआपसमा जोड्नु नै नेपालको द्वन्द्वोत्तर विकासको मूल उद्देश्य हुनुपर्छ । द्वन्द्वोत्तर विकासले भ्रष्टाचार घटाउनु पर्छ, सुशासनलाई सहज र प्रभावकारी बनाउनु पर्छ र वातावरणीय रूपमा स्वच्छ, सामाजिक रूपमा न्यायशील तथा आर्थिक रूपमा समृद्ध विकासलाई प्रवर्द्धन गर्नुपर्छ । यसको लागि विद्यमान नीति, रणनीति तथा नियामक आधारशिला तथा संस्थागत व्यवस्थापनलाई पुनर्मूल्याङ्कन गरिनुपर्छ र त्यसैअनुसार तिनबीच समन्वय मिलाउँदै जानुपर्छ ।

तलको चित्रले देखाएअनुसार राष्ट्रिय सुरक्षा योजना, अन्तर्राष्ट्रिय सम्बन्ध/विदेश नीति, आर्थिक नीति र अन्य नीतिसँग द्वन्द्वोत्तर विकासको योजना गाँसिनुपर्छ । हाम्रोजस्तो मुलुकमा विकासको समग्र प्रकृति नै वैदेशिक सहायतासँग गाँसिएको हुनाले यस्तो सम्बन्धको छुट्टै महत्व छ । राष्ट्रिय सुरक्षा नीतिसँग पनि वैदेशिक नीति गाँसिनुपर्छ किनकि केही गैरपरम्परागत सुरक्षा सवालहरू (खाद्य सुरक्षा, स्वास्थ्य सुरक्षा, वातावरणीय सुरक्षा, जल तथा ऊर्जा सुरक्षा) विकासका पक्षसँग गाँसिएका हुन्छन् । यी विविध विषय एकअर्कासँग परिपूरक हुनाले मुलुकको समग्र आर्थिक नीतिसँग पनि तिनको तालमेल आवश्यक हुन्छ । आर्थिक नीतिका उद्देश्य प्राप्त गर्न

विकासले योगदान दिन्छ र आर्थिक नीतिले विकासको खाका प्रदान गर्छ । यसैगरी विकासको खाकाले शान्ति र मानवअधिकारलाई पनि समेट्नुपर्छ र द्वन्द्वोत्तर पुनर्निर्माण तथा विकाससम्बन्धी कुनै पनि गतिविधिले शान्ति प्रवर्द्धन, जीविका सुरक्षासाथै सामाजिक–आर्थिक, सांस्कृतिक तथा राजनीतिक अधिकारको सम्बोधन पनि गर्नुपर्छ (उप्रेती सन् २००९) ।

चित्र ७.१ विकासमुखी द्वन्द्वोत्तर राज्यनिर्माणका अन्तरसम्बन्धित पक्षहरू



स्रोतः लेखकद्वारा रुपाङ्कित

३. द्वन्द्वोत्तर पुनर्निर्माण र विकास

पहिलो पटकको प्रयासमा नयाँ संविधान बन्न नसके पनि नेपाल संक्रमणकालीन बाटोमार्फत नयाँ शासकीय संरचनामा जाने धेरैको आशा छ । यस्तो संरचनामा

केन्द्रीय, प्रान्तीय र स्थानीय स्तरको निर्धारणसाथै संघीय एकाइको संख्या, सीमाङ्कन र नामाङ्कन आदिमा सहमति जुटाउने प्रयास भइरहेको छ। यस्तो अवस्थामा विकासका योजनाले निम्न आधारभूत सिद्धान्त अवलम्बन गर्नुपर्छः

१. शान्तिमा जोडः द्वन्द्वका मूल कारण सम्बोधन गर्ने, राहत, पुनर्स्थापना, पुनर्निर्माण, पुनर्समायोजनमा जोड दिने; विस्तृत शान्ति सम्झौताअनुसार विकाससम्बन्धी व्यवस्था, संक्रमणकालीन न्याय, मानवअधिकार, पूर्वलडाकुका शिविर व्यवस्थापन र सुरक्षा क्षेत्र पुनर्संरचना कार्यान्वयन गर्ने।

२. क्षमता निर्माणमा जोडः प्रान्त तथा स्थानीय स्तरमा प्राविधिक तथा व्यवस्थापकीय क्षमता हस्तान्तरण गर्ने, अनुसन्धान तथा शिक्षामा लगानी गर्ने।

३. पुनर्निर्माण र पुनर्स्थापनामा जोडः सामाजिक र आर्थिक पूर्वाधारको पुनर्निर्माण गर्ने।

४. मेलमिलापमा जोडः उपेक्षित समूहलाई समावेश गर्ने, नागरिक शिक्षा, मिलाप र विश्वास प्रवर्द्धन गर्ने, द्वन्द्व-प्रभावित जनतालाई राहत प्याकेज प्रदान गर्ने, विगतका दिनको मूल्याङ्कन गरी विश्वास र मेलमिलापलाई प्रभावकारी बनाउने।

५. मानवअधिकार र कानुनी शासनमा जोडः संक्रमणकालीन न्याय तथा मानव अधिकारको व्यापक ढाँचाअनुसार लैङ्गिक विभेद, उपेक्षा, बहिष्करण र जनताको सामाजिक-आर्थिक अधिकार सम्बोधन गर्ने।

६. सुशासन प्रवर्द्धनमा जोडः सामाजिक जवाफदेहितालाई सुदृढ पार्ने, भ्रष्टाचार नियन्त्रण गर्ने, नेतृत्व विकास गर्ने र सार्वजनिक खर्च तथा वित्तीय जवाफदेहिता (पब्लिक एक्सपेन्डिचर एन्ड फाइनेन्सियल अकाउन्टेबिलटी) को आत्म-समीक्षा गर्ने, सेवा-प्रदायक व्यवस्था (मानव स्रोत व्यवस्थापन, उत्तरदायी व्यवहार आदि) सुधार्ने।

७. अन्तर्राष्ट्रिय विकास सहयोगको सुगठनः दातृ निकायले लगानी गरेका विकास कार्यक्रममा सहायताको प्रभावकारितासम्बन्धी पेरिस घोषणा (पेरिस डिक्लयरेसन अफ एड इफेक्टिभनेस) र आक्रा कार्ययोजना (आक्रा प्लान अफ एक्सन) का प्रावधानहरू अवलम्बन गरिएको सुनिश्चित गर्ने, दातृ निकायसँग सहकार्य गर्ने, व्यापार समन्वय तथा प्रत्यक्ष विदेशी लगानीजस्ता क्षेत्रीय र अन्तर्राष्ट्रिय विकासमा नेपालको विकासलाई समेट्ने।

८. विकासका योजना र गतिविधिमा लैङ्गिक मूलप्रवाहीकरण गर्न जोडः विकासका सबै योजनामा लैङ्गिक विषयलाई समेट्दै लैङ्गिक असमानतासँग जुध्ने ।

विशेषगरी द्वन्द्वग्रस्त मुलुकमा विकाससम्बन्धी सरकारी निकायका काम फितलो र निष्प्रभावी हुन्छन् । त्यसैले त्यस्ता निकायको क्षमता विकास गर्नु जरुरी हुन्छ । राज्यको क्षमता उकास्नमा नागरिक समाज, राजनीतिक दल र निजी क्षेत्रको सामूहिक प्रयास उपयोगी हुन्छ र यसले अन्ततोगत्वा राज्यनिर्माणमा योगदान दिन सक्छ । युद्धग्रस्त अन्य थुप्रै मुलुकभन्दा नेपालको सन्दर्भ फरक पनि छ । यहाँ राज्यका सम्पूर्ण संयन्त्र पूर्ण विफल भएका होइनन्, तिनको क्षमता न्यून भएको हो । राजनीतिक, संस्थागत र कानुनी वातावरण अनुकूल बनाई जनविश्वास पुनर्प्राप्ति, राजनीतिक हस्तक्षेपबाट मुक्ति र सुशासनका सिद्धान्त प्रवर्द्धन गर्न सके यी सबै चुनौतीलाई जित्न सम्भव छ । क्षतिग्रस्त पूर्वाधारको पुनर्निर्माण र नवीन पूर्वाधारको निर्माण नै जनविश्वास हासिल गर्ने प्रभावकारी उपाय हो ।

नेपाल अहिले द्वन्द्वोत्तर राज्यनिर्माणको यात्रामा हुनाले विकासका नीति तथा रणनीतिमा पुनर्विचार तथा पुनर्भिमुखीकरण र तिनको पुनर्तर्जुमा जरुरी हुन्छ । नेपालको विकाससम्बन्धी नीतिका समग्र प्रभावबारे गरिएका अध्ययनहरू (पाण्डे सन् १९९९; श्रेष्ठ सन् १९९७; उप्रेती सन् २००४ए र सन् २००४बी) ले समेत द्वन्द्वको प्रमुख कारक मानिएको गरीबी र सामाजिक बहिष्करणलाई सम्बोधन गर्न नसक्नु योजनाहरूको मूल कमजोरी रहेको खुट्याउँछन् । यसरी विकासको प्रशासनिक पक्ष र राज्यको शासन व्यवस्थातिर यी अध्ययनले चुनौतीका औँला ठड्याएका छन् ।

सामान्यतया नेपालमा विकासकर्मी र विशेषगरी विकास नियोगहरूले आउँदा वर्षमा विकराल चुनौतीको सामना गर्नुपर्नेछ । छ दशकभन्दा लामो नेपालको योजनाबद्ध विकास प्रक्रिया शक्तिशाली राजनीतिकर्मीका निर्वाचन क्षेत्र र पहुँचयोग्य इलाकामा सीमित भयो । यो दुर्गम बस्तीमा पुग्नै सकेन । यस खालको विकास प्रक्रियाले राजनीतिकर्मी र विकासे कर्मचारी तथा स्थानीय सम्भ्रान्तका राजनीतिक अभिरुचि मात्र पूर्ति गर्‍यो ।

बक्स ७.१ विस्तृत शान्ति सम्झौतामा समावेश द्वन्द्वोत्तर विकासका सवाल

- विश्वव्यापी रूपमा आधारभूत मानवअधिकार, बहुदलीय प्रतिस्पर्धात्मक लोकतान्त्रिक प्रणाली, जनतामा निहित सार्वभौमसत्ता तथा नागरिक सर्वोच्चता, संवैधानिक सन्तुलन र नियन्त्रण, विधिको शासन, सामाजिक न्याय तथा समानता, स्वतन्त्र न्यायपालिका, आवधिक निर्वाचन, नागरिक समाजबाट अनुगमन, पूर्ण प्रेस स्वतन्त्रता, जनतालाई सूचनाको अधिकार, राजनीतिक दलका क्रियाकलापमा पारदर्शिता र जवाफदेहिता, जनसहभागिता, निष्पक्ष, सक्षम तथा स्वच्छ प्रशासनतन्त्रका अवधारणाहरू पूर्ण परिपालना गर्ने राजनीतिक प्रणाली अवलम्बन गर्ने ।
- वर्गीय, जातीय, भाषिक, लैङ्गिक, सांस्कृतिक, धार्मिक र क्षेत्रीय भेदभावको अन्त्य गर्दै महिला, दलित, आदिवासी जनजाति, मधेसी, उत्पीडित, उपेक्षित र अल्पसंख्यक समुदाय, पिछडिएका क्षेत्रलगायतका समस्यालाई सम्बोधन गर्न केन्द्रीकृत र एकात्मक ढाँचा अन्त्य गरी राज्यको समावेशी, लोकतान्त्रिक र अग्रगामी पुनर्संरचना गर्ने ।
- सामन्तवादका सबै स्वरूपको अन्त्य गर्ने आर्थिक–सामाजिक रूपान्तरणको न्यूनतम साझा कार्यक्रम आपसी सहमतिले तय गरेर लागू गर्दै जाने ।
- सामन्ती भूस्वामित्वको अन्त्य गर्दै वैज्ञानिक भूमिसुधार कार्यक्रम लागू गर्ने नीति अवलम्बन गर्ने ।
- राष्ट्रिय उद्योगधन्दा र साधनस्रोतको संरक्षण तथा प्रवर्द्धन गर्ने नीति अनुसरण गर्ने ।
- शिक्षा, स्वास्थ्य, आवास, रोजगारी र खाद्य सुरक्षामा सबै नागरिकको अधिकार स्थापित गर्ने नीति लिने ।
- सुकुम्बासी, कमैया, हलिया, हरूवा–चरुवालगायत आर्थिक–सामाजिक रूपले पछि परेका वर्गलाई जग्गालगायत आर्थिक–सामाजिक सुरक्षाको व्यवस्था गर्ने नीति लिने । सरकारी लाभको पदमा रहेर भ्रष्टाचार गरी अकुत सम्पत्ति आर्जन गर्नेहरूउपर कडा कारबाही गरी दण्डित गर्ने नीति लिने ।
- देशको आर्थिक–सामाजिक रूपान्तरण एवम् न्यायका साथै देशलाई छिटै समुन्नत र आर्थिक रूपले समृद्ध बनाउन साझा विकास अवधारणा निर्माण गर्ने ।
- श्रमिकका पेशागत अधिकार सुनिश्चित गर्दै उद्योगधन्दा, व्यापार, निर्यात प्रवर्द्धन आदिमा लगानी वृद्धि गरी रोजगारी एवम् आयआर्जनका अवसरहरूको व्यापक वृद्धि गर्ने नीति अनुसरण गर्ने ।

स्रोतः विस्तृत शान्ति सम्झौता, वि.सं. २०६३

आर्थिक र सामाजिक स्थायित्व तथा मानव सुरक्षा नै दिगो शान्ति प्राप्त गर्ने पूर्वसर्त हुन् । द्वन्द्वोत्तर विकासका गतिविधिले अल्प–, मध्य– र दीर्घकालीन रणनीतिमार्फत दिगो शान्ति हासिल गर्न महत्वपूर्ण भूमिका खेल्छन् । यस्तो विकास द्वन्द्वोत्तर पुनर्भरण र शान्ति निर्माणबीच सेतु बन्नुपर्छ ।

३.१ द्वन्द्वोत्तर पुनर्निर्माण र विकासका चरण

जनपेक्षा परिपूर्ति, उपलब्ध तथा उत्पादित स्रोत परिचालन गर्ने, साना, ठूला तथा मध्यम खालका परियोजना विकास गर्ने र प्राविधिक उन्नति गर्ने सवालमा द्वन्द्वोत्तर विकासको योगदान सूक्ष्म र प्रक्रियागत हुन्छन् । यसर्थ, द्वन्द्वोत्तर विकास निम्नलिखित तीन चरणबाट पार हुनुपर्छः

क) संकटकालीन चरण (इमर्जेन्सी फेज)

यस चरणमा मानवीय सहायता तथा तत्कालीन राहतसम्बन्धी क्रियाकलाप हुन्छन् । शान्ति प्रक्रियालाई सफल बनाउन द्वन्द्व-प्रभावित निरीह जनताहरूलाई राहत प्याकेज दिने र आधारभूत आवश्यकता पूरा गरिदिने काम महत्वपूर्ण हुन्छ ।

ख) संक्रमणकालीन चरण (ट्रान्जिसन फेज)

शीघ्र परिणाम हासिल गर्न यस अवस्थामा योजना तथा रणनीति परिवर्तन, आवश्यक संस्थागत व्यवस्थापन, नियामक प्रावधान र परिवर्तनको लक्ष्य हासिल गर्न मध्यम अवधिका गतिविधि सञ्चालन गरिन्छन् । यस्तो चरण सामान्यतया एकदेखि तीन वर्षको हुन्छ । विकासको लागि समेट्नुपर्ने संवैधानिक कार्यक्रमहरूलाई पनि यसै अवधिसँग तालमेल मिलाउनुपर्ने हुन्छ ।

ग) स्थायीकरण चरण (स्टेबिलाइजेसन फेज)

यो अवस्था तुलनात्मक रूपमा लामो (३-१५ वर्षको) हुन्छ । ठूला परियोजना निर्माण (जलविद्युत्, ग्रामीण विद्युतीकरण, सडक सञ्जाल, प्रशोधन गृह तथा बजार पूर्वाधार, पिउने पानी, सिँचाइ, सञ्चार आदि) र क्षतिग्रस्त पूर्वाधारको पुनर्निर्माणमा यो चरणले जोड दिनुपर्छ ।

३.२ द्वन्द्वोत्तर पुनर्निर्माण र विकासका प्राथमिक पक्ष

द्वन्द्वोत्तर अवस्थामा विकासका गतिविधि सञ्चालन गर्ने चार विविध तरिका छन्ः

क) प्राथमिकताका परियोजना

दीर्घकालीन तथा अत्याधुनिक प्रविधि र ठूला लगानीले आर्थिक विकासको गति बढाउँछन् । ठूला जलविद्युत् परियोजना, पर्यटन कार्यक्रम, बजारमुखी कृषि, ठूला सिँचाइ, सडक सञ्जाल तथा विमानस्थल निर्माणजस्ता कार्य यस्तो विकासका उदाहरण हुन् । लगानीको स्तर र परिमाणको आधारमा यिनलाई प्राथमिकता १ (प्रायरटी वानः पी१), प्राथमिकता २ (प्रायरटी टुः पी२) र प्राथमिकता ३ (प्रायरटी थ्रीः पी३) गरी तीन भागमा वर्गीकरण गर्न सकिन्छ ।

ख) शीघ्र प्रभाव पार्ने परियोजना

यस्ता परियोजना अल्पकालीन, न्यून लगानी भएका र सामान्य प्रविधि प्रयोग गरिएका हुन्छन् । यस्ता परियोजनाले जनतालाई तत्कालै प्रतिफल दिन्छन् । जस्तै, कामको लागि खाद्यान्न (फुड फर वर्क), कामको लागि नगद (क्याश फर वर्क), तरकारी खेती तथा बाख्रा पालन, सानातिना निर्माण कार्य र अर्थोपार्जनका क्रियाकलापहरू यसमा पर्छन् ।

ग) मानवीय सहायतासम्बन्धी परियोजना

यस्ता परियोजना तत्कालै लागू गर्न सकिने, थोरै लगानीका र छिटै परिणाम दिने खालका हुन्छन् । द्वन्द्वबाट प्रभावित जनतालाई मानवीय सहायता प्रदान गर्न यस्ता परियोजनाको कल्पना भएको हो ।

घ) सामाजिक (पुनः) निर्माणका परियोजना

यिनले आपसी विश्वास, परस्पर सम्मान, पुनर्भरण र मेलमिलाप विकास गर्न जोड दिन्छन् । यिनीहरू द्वन्द्वले समाजमा पारेको घाउ निदान गर्ने (सोसल हिलिङ) तर्फ उन्मुख हुन्छन् । सामूहिक अपनत्वको भावना तथा एकीकृत सामुदायिक भाव विकास गराउने कुरामा यिनको जोड हुन्छ ।

३.३ पूर्वाधार विकास

शान्ति र स्थायित्व प्राप्तिमा ठूला पूर्वाधार निर्माण महत्वपूर्ण हुन्छन् । साना, मध्यम र ठूला जलविद्युत् आयोजना, ग्रामीण विद्युतीकरण, सडक सञ्जाल, कृषि प्रशोधन केन्द्र (दूधजन्य तथा मासुजन्य पदार्थ, खाद्यान्न, तरकारी तथा फलफूल, गैरकाष्ठ वन पैदावार, जडिबुटी, चिस्यान केन्द्र आदि) को निर्माण तथा सञ्चालन, बजारीकरणका पूर्वाधार, ग्रामीण खानेपानी तथा सिँचाइ, दूरसञ्चार सञ्जाल, रज्जुमार्ग, रेलमार्ग, स्वच्छ ऊर्जाबाट चल्ने (क्लिन इनर्जी) यातायात व्यवस्थाजस्ता पूर्वाधार द्वन्द्वोत्तर अवस्थामा स्थापना गर्नुपर्ने प्रमुख कुरा हुन् ।

३.४ द्वन्द्वोत्तर पुनर्निर्माण र विकासको लागि क्षमता वृद्धि

द्वन्द्वोत्तर विकासको लागि अनुकूल योजना, उत्तरदायी संगठन र प्रभावकारी कार्यान्वयन संयन्त्र जरुरी हुन्छ । यसबाहेक सेवादायी निकायको क्षमता निर्माण, संस्थागत सुधार, प्राविधिक तथा व्यवस्थापकीय सीप प्रवर्द्धन, स्रोत उत्पादन तथा त्यसको सहभागितामूलक तथा प्रभावकारी प्रयोग, पारदर्शिता र जवाफदेहिताको

प्रवर्द्धन तथा स्रोत बाँडफाँटमा प्राथमिकता निर्माण द्वन्द्वोत्तर विकाससम्बन्धी क्षमता अभिवृद्धि गर्ने कार्यका पूर्वसर्त हुन् ।

३.५ पुनर्निर्माण र पुनर्स्थापना

क्षतिग्रस्त पूर्वाधारको पुनर्निर्माण र नवीन पूर्वाधारको निर्माण सँगसँगै हुनुपर्छ । तालिका ७.१ ले देखाएअनुसार नेपालको एक दशक लामो द्वन्द्वले दूरसञ्चार टावर, पुल, सडक, विद्युत् परियोजना, सरकारी कार्यालयलगायत थुप्रै पूर्वाधार ध्वस्त पारेको थियो । तिनको पुनर्निर्माण र पुनर्संरचना गर्नु द्वन्द्वोत्तर विकासको प्राथमिकता हुनुपर्छ भन्ने माथिकै छलफलले प्रस्ट पारेको छ ।

तालिका ७.१ सशस्त्र द्वन्द्वकालमा ध्वस्त भएका भौतिक पूर्वाधार

क्र.सं.	मन्त्रालय तथा संवैधानिक समिति	क्षति भएको रकम	पुनर्निर्माण गर्न आवश्यक रकम
१.	स्थानीय विकास	५९,६४,४६,०००	१६,१७,२२,०००
२.	जलस्रोत	३,४२,७०,३०००	२९,७२,४३,०००
३.	स्वास्थ्य तथा जनसंख्या	४,१७,०००	१३,०१,३०,०००
४.	वन तथा भूसंरक्षण	३५,४४,६१,०००	३७,७१,२३,०००
५.	शिक्षा तथा खेलकुद	२,०९,६०,०००	४,४९,८४,०००
६.	कृषि तथा सहकारी	२६,०७,५५,०००	अनु.
७.	उद्योग, वाणिज्य तथा आपूर्ति	१,८१,२३,०००	१,५०,६४,०००
८.	वातावरण, विज्ञान तथा प्रविधि	३२,०९,०००	अनु.
९.	सूचना तथा सञ्चार	७४,१५,५५,०००	१४,५१,६६,०००
१०.	संस्कृति, पर्यटन तथा नागरिक उड्डयन	१३,४७,४७,०००	२,६५,५०,०००
११.	भौतिक योजना तथा निर्माण	२,५१,७४,०००	१,९७,४६,०००
१२.	भूमिसुधार तथा व्यवस्था	१,२१,८७,०००	अनु.
१३.	रक्षा	२,४७,९९,०००	अनु.
१४.	अर्थ	४६,६६,०००	२२,७०,०००
१५.	गृह	२,४२,८६,४६,०००	२,४२,८२,०३,०००
१६.	महिला, बालबालिका तथा समाज कल्याण	२,३०,०००	अनु.
१७.	सर्वोच्च अदालत	२,७४,८९,०००	१६,५५,५५,०००
१८.	निर्वाचन आयोग	२९,४६,०००	अनु.
१९.	महान्यायाधिवक्ताको कार्यालय	२,०१,०००	अनु.
२०.	लोक सेवा आयोग	४७,८०,०००	अनु.
२१.	कुल	५,००,४४,९४,०००	३,८१,३७,५६,०००

स्रोत: शान्ति तथा पुनर्निर्माण मन्त्रालय सन् २००७ को आधारमा उप्रेती (सन् २००९)

अनु.: तथ्याङ्क अनुपलब्ध

तालिका ७.१ ले द्वन्द्वकालमा क्षति भएको पूर्वाधारको सम्पत्ति र त्यसलाई पुनर्निर्माण गर्न आवश्यक रकमको अनुमानित विवरण देखाएको छ। यो ध्वंशले ५ अर्ब रूपैयाँ बराबरको क्षति पुऱ्याएको थियो, जसको पुनर्निर्माणमा ३ अर्ब ८१ करोड रूपैयाँ आवश्यक पर्ने अनुमान छ। यसमध्ये हालसम्म १ अर्ब २ करोड रूपैयाँ बराबरको पूर्वाधार पुनर्निर्माण भइसकेको छ।

३.६ द्वन्द्वोत्तर विकासमा क्षेत्रगत प्राथमिकता

ठूला पूर्वाधार विकास र सामाजिक तथा सेवादायी क्षेत्र (जस्तै, स्वास्थ्य, शिक्षा, पिउने पानी तथा सरसफाइ र सामुदायिक सेवा) मा गर्नुपर्ने लगानीको सन्तुलित हिसाब आँकलन गर्नु द्वन्द्वोत्तर विकासको लागि चुनौती हो। द्वन्द्वोत्तर समाजमा स्तरीय सामाजिक सेवाको प्रत्याभूति नै शान्तिको लाभांश दिने उत्तम उपाय हो। सामाजिक र सेवादायी क्षेत्रमा प्राथमिकता दिँदा सामाजिक सम्बन्ध, सञ्जाल र परम्परागत चालचलनजस्ता सामाजिक पूँजी पुनर्निर्माणमा पनि उत्तिकै जोड दिइनुपर्छ।

३.७ द्वन्द्वोत्तर विकासको योजना

नेपालमा द्वन्द्वोत्तर विकासबारे योजना बनाउँदा राष्ट्रिय योजना आयोगको परम्परागत, केन्द्रीकृत र राजनीतिग्रस्त सोचाइमा परिवर्तन गर्नैपर्छ। स्थानीय विकासका कार्यक्रम तथा परियोजनाहरूको स्थानीय स्तरमै योजना निर्माण, कार्यान्वयन तथा अनुगमन गर्नुपर्छ। यसैगरी परियोजना-चक्र व्यवस्थापन (प्रजेक्ट साइकल म्यानेजमन्ट) गर्दा द्वन्द्व संवेदनशील विकासको अवधारणा अपनाइनु पर्छ। तर नेपालमा द्वन्द्वको समय र द्वन्द्वोत्तर समयका राष्ट्रिय योजना आयोगको विकास योजना द्वन्द्व संवेदनशील देखिएका छैनन्। यहाँका योजनाहरू स्थानीय स्तरमा बनेपछि क्षेत्रीय कार्यालयद्वारा परिवर्तन गरिएका, क्षेत्रीय अधिकारीद्वारा प्रस्तावित भएपछि सम्बन्धित विभागद्वारा परिवर्तन गरिएका र विभागीय योजना पनि सम्बन्धित मन्त्रीहरूले परिवर्तन गरेका प्रशस्त तथ्य छन्। ती योजना अर्थ मन्त्रालयले फेरि आफूअनुकूल परिमार्जन गरी कार्यान्वयन गरेको पनि इतिहास छ। यसप्रकार स्थानीय जनताको मागअनुसार हैन, अन्ततः सरकार वा योजना आयोगका अधिकारीको अनुकूलताअनुसार योजना र बजेटलाई असामयिक र असान्दर्भिक तरिकाले छिनोफानो गरिन्छ। यो व्यवस्था विकासको लागि विरोधाभाषपूर्ण छ, त्यसैले यस्तो संस्कृति परिवर्तन हुनुपर्छ।

द्वन्द्वोत्तर विकासका योजनाले निम्न काम गर्नुपर्छः

- द्वन्द्वोत्तर पुनर्निर्माणको आधारभूत तत्वको रूपमा शान्तिको लाभांश प्रदान गर्ने र विकास नै सामाजिक शान्तिको लाभांश भएको सुनिश्चित गर्ने ।
- पारदर्शी तथा जवाफदेही प्रणालीको प्रत्याभूति दिने, सामाजिक सामेलीकरणमा जोड दिने तथा उपेक्षालाई सम्बोधन गर्नेतर्फ केन्द्रित हुने ।
- शीघ्रातिशीघ्र सेवा प्रदान गरी जनतालाई ठोस लाभ दिने, जनताको क्षमता अभिवृद्धिमा जोड, स्थानीय स्रोत र सीपको यथेष्ट उपयोग, स्थानीय समुदाय तथा उपेक्षित समूहसम्म स्रोत उपलब्धता सुनिश्चित गर्ने ।
- परियोजना तर्जुमा तथा अनुगमन (सार्वजनिक सुनुवाइ, सामाजिक तथा भौगोलिक लेखापरीक्षण) मा सार्वजनिक सहभागिता र समावेशिता सुनिश्चित गर्ने । कार्यगत, संस्थागत र नीतिगत बन्धनलाई छिचोलेर उपेक्षित तथा पछि पारिएका वर्गलाई विकासका अवसर दिने ।
- सम्भ्रान्त वर्गमा मात्र केन्द्रित विकासका गतिविधिको कार्यशैली परिवर्तन गर्ने । राज्य तथा सामुदायिक क्षमता अभिवृद्धिमा सुधार ल्याउने र उपेक्षित जनताले पनि विकासको प्रतिफल पाउने गरी तिनको राजनीतिक, सामाजिक र आर्थिक सशक्तीकरण गराउने । अति विपन्न, भूमिहीन र उपेक्षित जनतालाई लाभ हुन सके द्वन्द्वोत्तर कठिनाइलाई पनि न्यून गर्न सकिने हुनाले सोमार्फत द्वन्द्वोत्तर जोखिम न्यूनीकरणको प्रयास थाल्ने ।
- स्पष्ट संस्थागत संयन्त्र र कार्यगत व्यवस्थापनसहित सामाजिक समावेशीकरणलाई द्वन्द्वोत्तर विकासको प्राथमिकतामा राख्ने र यसबाट विपन्नता, असमानता, अन्याय र विभेदलाई सम्बोधन गर्ने ।
- द्वन्द्वको जोखिम मूल्याङ्कन (कन्फ्लिक्ट रिस्क असेस्मेन्ट)[२] लाई अनुगमनको अभिन्न अङ्ग बनाउने ।

---

[२] द्वन्द्वको जोखिम मूल्याङ्कन एउटा अवधारणा, प्रक्रिया, साधन र रणनीति पनि हो । यो एउटा अवधारणा हो किनकि यसले द्वन्द्वावस्था र तत्सम्बन्धी जोखिम बुझ्न सघाउँछ । यसैगरी यो एउटा प्रक्रिया हो किनकि यो एकै समयमा हुने परिघटना होइन र द्वन्द्वको सम्पूर्ण समयसम्म यसको अभ्यास जारी रहन्छ । द्वन्द्वावस्था सधैँ परिवर्तनशील हुने भएकाले त्यसको स्तर, तीव्रता र शैली पनि परिवर्तन भइरहन्छ । यो द्वन्द्वको परिमाण, तीव्रता र प्रभाव विश्लेषण गर्ने मानक पनि हो किनकि यो द्वन्द्व मूल्याङ्कन गर्ने विशेष साधन बन्छ । द्वन्द्वको जोखिम मूल्याङ्कन एउटा रणनीति पनि हो किनकि यसले विकाससम्बन्धी सम्भावित जोखिम न्यूनीकरण गर्ने र पुनर्भरणको उचित उपाय सुझाउने उद्देश्य राख्छ । यसैमा आधारित रही विकासका भौगोलिक क्षेत्रलाई अतिउच्च, उच्च, मध्यम, निम्न र जोखिम-शून्य क्षेत्रको रूपमा वर्गीकृत गर्न सकिन्छ । यसैगरी, यसैमा आधारित रही जनसांख्यिक क्षेत्रलाई पनि अति संवेदनशील, संवेदनशील र सामान्य गरी पहिचान गर्न सकिन्छ ।

द्वन्द्व–संवेदनशील विकास योजना र परियोजना चक्र व्यवस्थापन

द्वन्द्वोत्तर परिप्रेक्ष्यमा विकासका प्रक्रिया द्वन्द्व संवेदनशील हुनैपर्छ । द्वन्द्व संवेदनशील विकासको लागि अनुकूल नीति, उत्तरदायी संस्था र प्रतिबद्ध अभिकर्ताहरूको खाँचो हुन्छ । द्वन्द्व संवेदनशील विकास परियोजना तथा कार्यक्रममा कर्मचारीको सकारात्मक मानसिकता र संगठनात्मक व्यवहार पनि चाहिन्छ । द्वन्द्वोत्तर विकास योजनाले यी सबै अनुकूलताको प्रत्याभूति दिनुपर्छ ।

द्वन्द्व संवेदनशील विकास लचक, पारदर्शी र प्रभावकारी प्रक्रिया हो । क्रियाशीलता यसको चुरो हो । यसले द्वन्द्वका प्रमुख कारण पत्ता लगाउनुका साथै नियमित चक्रीय स्तर (योजना, कार्यान्वयन र मूल्याङ्कन) मा शान्ति सम्झौतामा भएका सबै प्रावधान तथा सवाल समेट्ने सुनिश्चित गर्छ । साथै यसले द्वन्द्वका मूल कारण सम्बोधन गर्ने उपाय तथा तिनको लागि अवधारणात्मक अभिमुखीकरण प्रदान गर्ने, सम्भावित असर घटाउने र परिवर्तित राजनीतिअनुसार विकासका कार्यक्रम कार्यान्वयन गर्ने अवसर पनि दिन्छ । यसरी द्वन्द्वका मूल कारण सम्बोधन गर्नु नै द्वन्द्वोत्तर विकासको आधारभूत सिद्धान्त हो ।

परियोजना चक्रका सबै चरणमा द्वन्द्व संवेदनशील विकास अवधारणालाई समेट्नु द्वन्द्वोत्तर अवस्थामा महत्वपूर्ण हुन्छ । परिप्रेक्ष्य, अभिकर्ता र द्वन्द्व (कन्टेक्स्ट, एक्टर एन्ड कन्फ्लिक्ट) का कारणबीचको पारस्परिकता र अन्तरसम्बन्ध (चित्र ७.२ मा देखाइएअनुसार) तथा परियोजना चक्रका प्रत्येक चरण (योजना, कार्यान्वयन अनुगमन र मूल्याङ्कन) मा यिनै अन्तरसम्बन्ध समावेश गर्ने पक्ष पनि अत्यन्तै महत्वपूर्ण हुन्छन् ।

द्वन्द्व संवेदनशील परियोजना चक्रमा जोड

राष्ट्रिय विकासको अवधारणा बनाउँदा, योजना तर्जुमा गर्दा, तिनको कार्यान्वयन प्रक्रिया निर्धारण गर्दा र कामको अनुगमन तथा मूल्याङ्कन गर्दा द्वन्द्वोत्तर विकासको रणनीतिले ‘द्वन्द्व–संवेदनशील परियोजना विकास चक्र’ को उपयोग गर्नुपर्छ । परिप्रेक्ष्य, अभिकर्ता र द्वन्द्व (कन्टेक्स्ट, एक्टर एन्ड कन्फ्लिक्ट) बीचको अन्तरसम्बन्ध र पारस्परिकता विश्लेषण गर्ने र परियोजना चक्रका प्रत्येक चरणमा ती विश्लेषणका परिणाम समावेश गर्ने कुरा द्वन्द्व संवेदनशील परियोजनाका अति महत्वपूर्ण पक्ष हुन् ।

चित्र ७.२ परियोजना चक्रको द्वन्द्व-संवेदनशील रूपरेखा



स्रोतः नागेल (सन् २००६)

आवश्यकता मूल्याङ्कन गर्ने परम्परागत प्रक्रिया (निड असेस्मन्ट) र द्वन्द्व विश्लेषण (कन्फ्लिक्ट अनालसिस) दुवै प्रयोग गरी हुने परिप्रेक्ष्यको बुझाइ, स्थानीय परिप्रेक्ष्य र प्रस्तावित गतिविधिबीचको सम्बन्ध विश्लेषण र द्वन्द्व न्यूनीकरणका उपायको खोजी द्वन्द्व-संवेदनशील योजना निर्माणमा समावेश हुन्छन् ।

द्वन्द्वोत्तर अवस्थामा शान्ति तथा द्वन्द्वमाथिको प्रभाव मूल्याङ्कन

द्वन्द्व-संवेदनशील परियोजनाको खाका बनाउँदा र कार्यान्वयन गर्दा अचेल शान्ति तथा द्वन्द्वमाथिको प्रभाव मूल्याङ्कन (पिस एन्ड कन्फ्लिक्ट इम्प्याक्ट असेस्मन्टः पिसिआइए) लाई प्रभावकारी अस्त्र मानिन्छ । यसले विकासका गतिविधिको कार्यान्वयन स्थिति बुझ्न र स्थानीय परिस्थिति तथा प्रस्तावित गतिविधिबीच पारस्परिकता थाहा पाउन मद्दत गर्छ । यो मूल्याङ्कनले शान्तिको लागि नै विकासका गतिविधि सञ्चालन भएको

सुनिश्चित गर्छ र हिंसालाई जानाजान बढावा दिँदैन । यसले द्वन्द्वका नकारात्मक असर न्यूनीकरण गर्ने उपाय पनि सुझाउँछ । परिवर्तित राजनीति र सुरक्षा अवस्थामा नयाँ सम्भावना निर्माण गर्ने अवसर पनि यसले दिन्छ (उप्रेती सन् २००६ए, सन् २००६बी, सन् २००५) ।

यस्तो मूल्याङ्कन विकास कार्यक्रमको व्यवस्थापकीय तथा योजनाकारी संयन्त्र हो । यसले द्वन्द्व रूपान्तरण र शान्ति प्रवर्द्धन गर्न विकासकर्मी, सरकार र प्रशासकहरूलाई मद्दत गर्छ । द्वन्द्वको विस्तृत बुझाइमा आधारित भई यसले जोखिममा रहेका मुलुकमा द्वन्द्व रोकथाम तथा शान्ति निर्माणको रणनीतिक खाका प्रदान गर्छ । यसले द्वन्द्वका मूल कारण पत्ता लगाउन र शान्ति निर्माणको लागि विकास कार्यक्रमहरूसँगै स्थानीय क्षमता तथा अवसर प्रवर्द्धन गर्न मद्दत पनि गर्छ ।

शान्ति तथा द्वन्द्वमाथिको प्रभाव मूल्याङ्कनले विकासका गतिविधिका नकारात्मक परिणामको अनुगमन तथा तिनको न्यूनीकरण, असल अभ्यासको समीक्षा, नियमित कार्यमा द्वन्द्व समाधान र शान्ति निर्माणका तत्वहरूको समायोजन र द्वन्द्वका विभिन्न चरण तथा प्रकारसँग अनुकूल हुने आचारसंहिता जारी गराउन मद्दत गर्छ । यसैगरी यसले तुलनात्मक लाभमा आधारित रही विकासका माध्यम र कर्ताबीच समन्वय, सुरक्षासम्बन्धी जोखिमको सम्बोधन, शान्तिको लागि स्थानीय क्षमता अभिवृद्धि र द्वन्द्वको संरचनागत कारणको अन्वेषण आदिमा पनि मद्दत गर्छ । यसर्थ ठूला परियोजनामा वातावरणीय प्रभाव मूल्याङ्कन गरिएजस्तै सबै विकास योजना र रणनीतिमा शान्ति तथा द्वन्द्वमाथिको प्रभाव मूल्याङ्कनलाई शान्ति तथा पुनर्निर्माण मन्त्रालयले अनिवार्य गराउनु पर्छ ।

योजना तर्जुमा तथा कार्यान्वयनको अनुगमनमा द्वन्द्व–संवेदनशील विकासका साध्य र साधनको प्रयोग जरुरी हुन्छ । ठूला विकास परियोजनाको खाका र तिनको कार्यान्वयन, कार्यक्रम तथा नियमित परियोजना अनुगमन, वार्षिक समीक्षा र आवधिक मूल्याङ्कन गर्दा द्वन्द्व विश्लेषण (कन्फ्लिक्ट अनालसिस), द्वन्द्वको प्रभाव मूल्याङ्कन (कन्फ्लिक्ट इम्प्याक्ट असेस्मन्ट), शान्ति तथा द्वन्द्वमाथिको प्रभाव मूल्याङ्कन (पिस एन्ड कन्फ्लिक्ट इम्प्याक्ट असेसमेन्ट) र द्वन्द्वको जोखिम मूल्याङ्कन (कन्फ्लिक्ट रिस्क असेस्मन्ट) लाई अनिवार्य बनाइनुपर्छ । विकास कार्यक्रमले 'क्षति–नपुऱ्याऊ' (डु नो हार्म) (एन्डर्सन सन् १९९९) भन्ने मान्यताबाहेक 'राम्रो–गर' (डु गुड) (उप्रेती सन् २००७) भन्ने सिद्धान्त पनि आत्मसात गर्नुपर्छ ।

४. विकासको राजनीतिक पक्ष

राजनीतिक प्रक्रिया र विकासका गतिविधिलाई सँगसँगै लैजानुमा नै शान्ति प्रक्रियाको सफलता वा असफलता निर्भर रहन्छ । तिनीहरू एकापसमा परिपूरक हुन्छन् । राजनीतिक स्थायित्वको लागि राजनीतिक दलहरूले राम्रो काम गर्नुपर्छ। लोकतान्त्रिक सिद्धान्त, मूल्य र मान्यता दल तथा तिनका कार्यकर्ताले अनुसरण गरेमा त्यो नै उचित काम बन्छ ।

जनताले कसलाई चुन्न चाहन्छन् भनी जाँच्ने एकमात्र कसी आवधिक निर्वाचन नै हो । लोकतन्त्रलाई बलियो पार्ने र राजनीतिक स्थायित्व कायम राख्ने आधारभूत उपाय पनि आवधिक तथा निष्पक्ष निर्वाचन नै हो । राजनीतिक प्रक्रियाले मानव अधिकारको सम्मान सुनिश्चित गर्न सक्नुपर्छ। यसले राजनीतिक व्यवस्थामा आम मानिसको विश्वास जगाउन सक्छ भने द्वन्द्व निराकरण भइसकेपछि पनि अन्तर्राष्ट्रिय समुदायबाट सहायता भित्र्याउन सकिन्छ । सहायताको परिमाण, अवधि र क्षेत्र निर्धारण गर्दा अन्तर्राष्ट्रिय समुदायले मानवअधिकारको अवस्थालाई निकै जोड दिएको हुन्छ ।

राजनीतिक स्थायित्व कायम राख्न, लोकतन्त्रलाई सुदृढ पार्न र नयाँ पुस्ताका नेतालाई अगाडि आउन दिन दलहरूभित्रको आन्तरिक लोकतन्त्र नै चुरो हो। पारदर्शी निर्वाचन, अभिव्यक्ति स्वतन्त्रता, सामूहिक निर्णय, कार्य विभाजन, क्षमताअनुसारको जिम्मेवारी, विकासका निश्चित क्षेत्रमा विशिष्ट समिति गठन (दलका समिति सदस्यलाई जलविद्युत् विकास र जलस्रोत वार्ता, कृषि विस्तार, ग्रामीण पूर्वाधार निर्माण आदि पक्षका विशेषज्ञको रूपमा स्थापित गराउने), दलको समावेशी संरचना, विविध विचारलाई सम्मान गर्नेजस्ता कुरा दलभित्रको आन्तरिक लोकतन्त्रका महत्वपूर्ण पक्ष हुन् ।

दलहरूको आन्तरिक लोकतन्त्र नेपाली राजनीतिमा भएका समस्याहरूको प्रमुख स्रोतमध्ये एक हो। यहाँ कुनै–कुनै दलहरूलाई त प्रमुख नेताले निजी कम्पनी जसरी नै चलाएको पाइन्छ। केही दलमा देखिएको माथिल्लादेखि तल्ला स्तरमा हुने हैकमकारी निर्णय, आफन्तप्रति पूर्वाग्रही हुने संस्कृति, शक्ति र स्रोतमाथि नियन्त्रण जमाउने लक्ष्य, निहित स्वार्थको लागि एकाधिपत्य स्थापनाजस्ता कुराले मुलुककै राजनीतिमा खराब असर गरिरहेको छ ।

द्वन्द्वोत्तर लोकतन्त्रलाई सुदृढ पार्ने अर्को पक्ष नीति–निर्माणमा जनसहभागिता हो । यसैकारण सुशासनका सिद्धान्तको अभ्यास द्वन्द्वोत्तर अवस्थामा उत्तिकै महत्वपूर्ण

हुन्छन् । राजनीतिक स्थायित्व तथा द्वन्द्वोत्तर पुनर्निर्माण र विकास परस्पर अन्तरसम्बन्धित छन् । यसैले संस्थागत व्यवस्थापन, कानुनी खाका र कार्यगत प्रक्रियाबीच तादात्म्य मिलाउनु अत्यन्तै जरुरी छ । यिनै पक्षले राजनीतिक स्थायित्व तथा द्वन्द्वोत्तर पुनर्निर्माण र विकासबीच परिपूरकता तथा पारस्परिकता सुनिश्चित गर्छन् ।

५. निष्कर्ष

उपयुक्त खाकाअनुसार कार्यान्वयन हुन सके द्वन्द्वोत्तर पुनर्निर्माण र विकासले शान्ति र स्थायित्वको लागि मूल्यवान् बन्न सक्छन् । तर कार्यान्वयन प्रक्रिया नै उचित हुन नसके द्वन्द्वोत्तर विकासका गतिविधि पनि तनाव तथा अस्थिरताको स्रोत बन्न सक्छन् । नेपाली जनता दीर्घकालदेखिको सशस्त्र द्वन्द्व र हिंसाले पीडित छन् । त्यसैले नेपालको अहिलेको विकास प्रक्रियाले ठूला अपेक्षाहरूलाई सम्बोधन गर्नुपर्नेछ । यसैगरी विपन्नता घटाउन र द्वन्द्वका संरचनागत कारणहरूलाई सम्बोधन गर्न सामाजिक विकास र पूर्वाधारका परियोजना पनि महत्वपूर्ण छन् । त्यसको लागि भूमिहीन, उपेक्षित, आदिवासी तथा पाखा पारिएका जनतालाई द्वन्द्वोत्तर विकासका गतिविधिले सम्बोधन गर्नुपर्छ । समावेशी मान्यताअनुसार सरोकारवालाहरू जस्तै स्थानीय जनता, महिला, सीमान्तकृत जनजाति, दलित र विपन्न वर्गलाई नै यस्ता गतिविधि कार्यान्वयनको लागि नेतृत्व दिइनुपर्छ ।

समानतामा आधारित जीविकालाई प्रवर्द्धन गर्न, विपन्न, उपेक्षित र द्वन्द्व–प्रभावित जनताको उन्नति गर्न तथा आर्थिक वृद्धि र गरीबी निवारणमा केन्द्रित हुन ग्रामीण पुनर्निर्माण र पुनर्स्थापनामा ध्यान दिनुपर्छ । आधारभूत पूर्वाधारहरूको पुनर्स्थापना, सामाजिक पुँजी, सार्वजनिक सेवा र समुदायमा आधारित सेवा पनि द्वन्द्वोत्तर प्राथमिकतामा पर्नुपर्छ । ग्रामीण सडकमार्फत रोजगारी तथा आयआर्जनका स्रोत, सामुदायिक जलआपूर्ति तथा सरसफाइ, सामुदायिक विकास, सामाजिक बहिष्करणमा परेका र उपेक्षित वर्गको संस्थागत क्षमता अभिवृद्धि र सशक्तीकरणले पनि शान्ति निर्माण र स्थायित्वमा योगदान दिन सक्छन् ।

द्वन्द्वोत्तर विकासको लागि समष्टिगत नीति तथा नियामक खाका, स्पष्ट संस्थागत संयन्त्र र कार्यगत व्यवस्था आवश्यक पर्छ । यसले बहिष्करणमा परेकालाई समावेश गर्न, गरीबी, असमानता, अन्याय र विभेद सम्बोधन गर्न, परियोजना क्षेत्रमा रोजगारी सिर्जना गर्न, राज्यबाट गुमेको विश्वास पुनः प्राप्त गर्न अनि राजनीतिक शक्तिबीच आपसी सहकार्य र सम्मान सुनिश्चित गर्न सक्छ ।

द्वन्द्व–संवेदनशील विकासले लचकता, पारदर्शिता र जवाफदेहिताजस्ता यसका आधारभूत सिद्धान्तलाई अवलम्बन गर्नुपर्छ । विकासका नवीन योजना र कार्यनीतिले यी सिद्धान्तलाई व्यवहारमा रूपान्तरण गर्नुपर्छ । यसले मानवअधिकार, शान्ति र सुरक्षालाई जोड्ने काम गर्नुपर्छ । तर यस्तो कार्यान्वयन अभ्यासमा विकासकर्मीहरूलाई प्रशिक्षण खाँचो पर्छ । विकासका गतिविधिमा हुने वास्तविक र कल्पित (रियल एन्ड पर्सिभ्ड) द्वन्द्व न्यूनीकरण गर्न नवीन योजना तथा रणनीतिले द्वन्द्व–संवेदनशील कार्यनिर्देशिकाको व्यवस्था गर्नुपर्छ । यिनमा सुरक्षा निर्देशन र प्रक्रिया पुस्तिका, संकट व्यवस्थापन निर्देशिका, द्वन्द्वको प्रभाव मूल्याङ्कन निर्देशिका आदि पर्छन् । द्वन्द्व र द्वन्द्वोत्तर अवस्थामा शान्ति तथा द्वन्द्वमाथिको प्रभाव मूल्याङ्कन, द्वन्द्वका सम्भावित स्रोत न्यूनीकरण, विकासका काममा स्थानीय मध्यस्थताको प्रवर्द्धन आदि महत्वपूर्ण हुन्छन् (सिपिएन सन् १९९९; लिओनहार्ट सन् २०००; नेहेम र अरू सन् २००१) । त्यसैले शान्ति तथा द्वन्द्वमाथिको प्रभाव मूल्याङ्कन परियोजना छनोट प्रक्रिया (क्षेत्र, प्रक्रिया, अनुगमन आदि) को अभिन्न अंग बन्नुपर्छ ।

माथि उल्लिखित कामको लागि जनपेक्षा र राज्यले दिन सक्ने सेवाबीच तादात्म्य पनि मिल्नुपर्छ । कार्यान्वयन गर्ने निकायका उचित सीपको आधारमा क्षमता अभिवृद्धि गर्नु नै द्वन्द्वोत्तर अवस्थामा विकासका गतिविधिलाई सफल पार्ने अचुक उपाय हो । द्वन्द्व तथा सुरक्षा जोखिमको मूल्याङ्कन, द्वन्द्वको अनुगमन तथा जोखिम न्यूनीकरण प्रशिक्षण, द्वन्द्वले पारेको मानसिक प्रभाव निर्मूल गर्ने परामर्श सेवा, 'राम्रो–गर' भन्ने अभिप्रायका सिद्धान्त, शान्ति निर्माण र द्वन्द्वरत कर्तासँगको सहकार्य पनि यसमा उत्तिकै महत्वपूर्ण मानिन्छ । शान्ति प्रवर्द्धन गर्न द्वन्द्व सकिएपछि विकासका कार्यक्रमलाई पुनर्भिमुखीकरण गर्नु जरुरी हुन्छ । स्थानीय स्तरमा द्वन्द्व व्यवस्थापन क्षमताको निर्माण पनि अर्को महत्वपूर्ण काम हो । यसको लागि द्वन्द्व समाधान गर्ने स्थानीय संघसंस्थाहरूको सीप र खुबीलाई हौसला दिइनुपर्छ । धरातलीय यथार्थमा आधारित, कार्योन्मुख, सिकाइ–केन्द्रित र सहभागितामूलक द्वन्द्व व्यवस्थापन पद्धति[३] नै द्वन्द्वावस्थाको प्रमुख कार्यनीति हुनुपर्छ ।

द्वन्द्वका सांस्कृतिक र समाज–मनोवैज्ञानिक आयामको विश्लेषण महत्वपूर्ण हुन्छ । स्थानीय क्षमतामाथि अनुसन्धान तथा विश्लेषण, द्वन्द्व समाधानको आदिम अभ्यास (इन्डिजेनस प्राक्टिसेज अफ कन्फ्लिक्ट रिजोल्युसन) र शान्ति निर्माण तथा

---

[३] यसै लेखकद्वारा प्रतिपादित द्वन्द्वको अन्तरक्रियात्मक व्यवस्थापन (इन्टरएक्टिभ कन्फ्लिक्ट म्यानेजमन्ट) त्यस्तो पद्धतिको एउटा उदाहरण हो (उप्रेती सन् २००३) ।

मेलमिलापमा यसको भूमिका, संस्कृति, धर्म, अर्थतन्त्र र इतिहाससँगको सम्बन्ध र द्वन्द्व व्यवस्थापनसम्बन्धी स्थानीय रूपमा चलिआएका नीतिनियमको भूमिका पनि द्वन्द्वोत्तर विकासको अवधारणामा अभिन्न अङ्ग हुनुपर्छ। आर्थिक, सांस्कृतिक, सामाजिक, धार्मिक, शैक्षिक, लैङ्गिक, जातीय आदि विषयसम्बन्धी समाजशास्त्रीय अनुसन्धानलाई अघि बढाउँदा थप ज्ञान र तर्कहरू अघि आउन सक्छन्। द्वन्द्वमा संलग्न मानिसका उद्देश्यसँग यस्ता विषयको सम्बन्ध केलाउँदा सरकार, दातृ निकाय र संघसंस्थालाई विकासका उपयुक्त गतिविधिको खाका कोर्न मद्दत पुग्छ।

द्वन्द्व रोकथाम र शान्ति निर्माणका अनुकूल शैलीको विकासले समाजमा मेलमिलाप प्रवर्द्धन, मानवअधिकारको रक्षा र द्वन्द्व व्यवस्थापनसम्बन्धी प्रशिक्षणमा पनि जोड दिनुपर्छ। त्यसैले नेपालमा भावी परियोजनाहरूले निम्न काम गर्नुपर्छः

१. संरचनागत असमानता र द्वन्द्वका मूल कारण सम्बोधन,
२. समुदायमा विश्वास तथा आपसी सद्भाव प्रवर्द्धन,
३. द्वन्द्वका प्रतिकूल असरसँग जुध्ने सामुदायिक क्षमताको विकास,
४. शान्ति निर्माणको लागि अवसर सिर्जना,
५. सामाजिक बहिष्करणमा परेका जनताको लागि सुलभ लाभको प्रत्याभूति र निर्णय–निर्माण प्रक्रियामा तिनलाई पनि सामेल,
६. गरीब र धनीबीचको खाडल तथा विभेदको न्यूनीकरण,
७. विकासका गतिविधिले नयाँ द्वन्द्व तथा तनाव सिर्जना गरिरहेका छैनन् भन्ने सुनिश्चितता, र
८. युद्धरत पक्ष वा सम्भ्रान्त वर्गले स्रोत कब्जा गरेका छैनन् भन्ने सुनिश्चितता।

शान्ति तथा द्वन्द्वमाथिको प्रभाव मूल्याङ्कनलाई विकासका कार्यक्रम तथा परियोजनामा समावेश गरे मात्र यी बुँदामा देखाइएका कुरा सम्भव हुन सक्छन्। यो काममा विकास नियोगहरूको भूमिका निर्णायक हुन्छ। साथै यसको लागि सम्बन्धित मन्त्रालयबीचमा समन्वय हुनु जरुरी छ, जसले परियोजनाका लक्ष्यहरू एक अर्को मन्त्रालयबीच खप्टिने अवस्था आउन दिँदैन।

अहिले नेपाल युद्धदेखि शान्तिको जटिल संक्रमणमा छ। शान्ति प्रक्रियाले विस्तृत सामाजिक–आर्थिक र राजनीतिक रूपान्तरणको बाटो खोलिदिएको त छ। यद्यपि आर्थिक र राजनीतिक स्थायित्व पुनर्स्थापनापछि मात्र यस्तो रूपान्तरण सफल हुन्छ।

द्वन्द्वोत्तर अवस्थामा विकासका द्वन्द्व–संवेदनशील गतिविधि नै आर्थिक स्थायित्व हासिल गर्ने उत्तम उपाय हो । विकासका गतिविधिमा प्रयोग भएका कार्यान्वियन शैली र रणनीतिअनुसार अस्थिरता वा स्थायित्व जुनैको पनि स्रोत हुन सक्छ । यसकारण विकासलाई द्वन्द्व–संवेदनशील बनाउनु नै द्वन्द्वोत्तर अवस्थामा आर्थिक पुनर्भरण र स्थायित्व हासिल गर्ने उत्तम अवसर हो ।

द्वन्द्वोत्तर चुनौतीलाई जित्न विकासका योजना, रणनीति तथा कार्यक्रमको पुनर्भिमुखीकरण र द्वन्द्व–प्रभावित मानिस (पूर्व लडाकुसहित) का लागि समतामूलक र दीर्घकालीन अवसर सिर्जना गरिनु पर्छ । यसले तिनको जीविकालाई सुदृढ बनाउँछ र सामाजिक अवस्था सामान्य बनाई कानुनी शासन स्थापित गर्न सहयोग गर्छ । मानव सुरक्षाको अवस्था सुधार्ने र मेलमिलाप तथा द्वन्द्वोत्तर स्थायित्व हासिल गर्ने यस्तो पुनर्भरणले शान्ति र विकासलाई पनि टेवा दिन्छ ।

योजना तर्जुमा र कार्यान्वियनको मूल्याङ्कनमा लचकता, पारदर्शिता र जवाफदेहिता स्थापना गर्ने, गैरसरकारी संस्था, अन्तराष्ट्रिय गैरसरकारी संस्था र सरकारी संस्थाबीच सामूहिक प्रयासको थालनी गर्ने, दीर्घकालीन विकास लक्ष्य (जस्तैः सहस्राब्दी विकास लक्ष्य, गरीबी निवारण रणनीतिक योजना) र द्वन्द्व–प्रभावित जनतालाई आवश्यक पर्ने आकस्मिक कार्यक्रमबीच समन्वय स्थापना गर्ने, द्वन्द्वोत्तर विकासलाई राष्ट्रिय सुरक्षा योजना, विदेश नीति र राष्ट्रिय संवैधानिक व्यवस्थासँग जोड्ने काम पनि आगामी दिनमा गर्नुपर्छ ।

द्वन्द्व–संवेदनशील विकास योजनाले द्वन्द्वोत्तर अवस्थामा विकासलाई निःशस्त्रीकरण, गैरपरिचालन र पुनर्समायोजनसँग जोड्नुपर्छ । सुरक्षा, कानुनी शासन र अर्थतन्त्र कमजोर हुँदा, सामाजिक सेवाको अभाव र सामाजिक तनाव रहँदा पनि द्वन्द्वोत्तर पुनर्भरणमा प्रमुख जोड हुनुपर्छ । द्वन्द्व संवेदनशील विकास रणनीतिले विकासका सबै कार्यक्रम र परियोजनालाई सँगसँगै लैजानुपर्छ । यस्ता परियोजनामा पुनर्भरण र विकास कार्यक्रम राम्ररी कार्यान्वियन भएको सुनिश्चित गर्न राष्ट्रसंघ सहितका द्विपक्षीय तथा बहुपक्षीय नियोग तथा सरकारी निकायबीच पनि समन्वय आवश्यक पर्छ । राज्यभित्र र बाहिरका राजनीतिकर्मी तथा विकासकर्मीको पूर्ण प्रतिबद्धता र समन्वय नभई विकास कार्यक्रम सफल हुन गाह्रो हुन्छ । यसैगरी राजनीतिकर्मी, विकासकर्मी र जनताबीच विश्वासको वातावरण निर्माण गरिए द्वन्द्व–संवेदनशील विकासले अग्रगति लिन सक्छ (उप्रेती सन् २००५) ।

समष्टिमा, राज्यनिर्माण एउटा निकै जटिल प्रक्रिया हो । विकाससम्बन्धी क्षेत्र त यसको एउटा अंशमात्रै हो । त्यसैले द्वन्द्वोत्तर विकासको योजना र राज्यनिर्माणबीच सुनियोजित सम्बन्ध नै गाँसिनु पर्छ । सुदृढ अनुगमन संयन्त्रको स्थापना, सहमति तथा समझदारीको इमान्दारीपूर्ण पालना, विगतका कठिनाइसँग सक्षम रूपमा जुझ्ने काम आदिले नै द्वन्द्वोत्तर शान्ति र स्थायित्व सम्भव हुन सक्छ । यसैगरी संक्रमणकालीन सुरक्षाको सुनिश्चितता, निष्पक्ष निर्वाचन, पूर्वलडाकुहरूको निःशस्त्रीकरण, गैरपरिचालन तथा पुनर्समायोजनको मद्दतले सुरक्षा क्षेत्र सुधार र विपन्न तथा उपेक्षित वर्गलाई लाभ पुग्ने परियोजना कार्यान्वयन गर्नु द्वन्द्वोत्तर शान्ति र स्थायित्व प्राप्तिको मूल मार्ग हो ।

सन्दर्भ–सूची

Anderson MB. 1999. *Do No Harm: How Aid Supports Peace or War*. Boulder and London: Lynne Rienner Publishers.

CPN [Conflict Prevention Network]. 1999. *Conflict Impact Assessment: A Practical Working Tool for Prioritising Development Assistance in Unstable Situation*. Brussels: CPN.

Leonhardt M. 2000. *Conflict Impact Assessment of EU Development Co-operation with APC Countries: A Review of Literature and Practices.* London: International Alert and Safeworld.

Nagel S. 2006. Conflict Sensitive Programming and Implementation Draft SARD Concept Paper. Manila: ADB, SARD/SANS.

Nyheim D, Leonhardt M, Gaigals C. 2001. *Development in Conflict: A Seven Step Tool for Planners*. London: Forum for Early Warning and Early Response (FEWER), International Alert and Saferworld.

Pandey DR. 1999. *Nepal's Failed Development: Reflections on the Mission and the Melodies.* Kathmandu: Nepal South Asia Centre.

Shrestha NR. 1997. *In the Name of Development: A Reflection in Nepal.* Kathmandu: Educational Enterprise.

UNDP [United Nations Development Programme]. 1994. Human Development Report 1994. New Dimensions of Human Development. New York: UNDP.

Upreti BR. 2009. *Nepal from War to Peace: Legacies of the Past and Hopes for Future.* New Delhi: Adroit Publishers.

Upreti BR. 2007. *Armed Conflict and Development: Learning from Nepal- Synthesis of Good Practices from Livelihoods and Forestry Programme.* Kathmandu: Livelihood and Forestry Programme.

Upreti BR. 2006a. *Armed Conflict and Peace Process in Nepal: The Maoist Insurgency, Past Negotiation and Opportunities for Conflict Transformation*. New Delhi: Adroit Publishers.

Upreti BR. 2006b. *Nurturing Peace: Conflict Sensitive Approach to Development in Nepal.* Kathmandu: Peace Secretariat, Government of Nepal.

Upreti BR. 2005. Working on Conflict: Peace and Conflict Impact Assessment of Commercial Agriculture Development Project in Eastern Nepal. Final Report. Manila: Asian Development Bank.

Upreti BR. 2004a. *The Price of Neglect: From Resource Conflict to the Maoist Insurgency in the Himalayan Kingdom.* Kathmandu: Bhrikuti Academic Publications.

Upreti BR. 2004b. *Understanding the Dynamics of Conflict in Nepal*. A Background Paper prepared for the Human Development Report 2004 of UNDP Nepal.

Upreti BR. 2003. Interactive conflict management: An alternative methodology to address social conflict at local level. *International Journal of Development Issues* 2(2):77-90.

* * *

परिच्छेद ८

द्वन्द्वोत्तर नेपालमा भूमिआधारित विभेदको सम्बोधन

पूर्णबहादुर नेपाली[१]
कैलाशनाथ प्याकुर्‍याल[२]

१. अवधारणा

यस परिच्छेद भूमिआधारित विभेदका तीन आधारभूत अवधारणाबाट सुरु हुन्छः १) शक्ति र हैकम, २) वञ्चितीकरण र शोषण, ३), भेदभाव र हिंसा । यी अवधारणाहरू भूमिआधारित विभेदको चर्चा गर्न उपयुक्त मानिन्छन् ।

१.१ शक्ति र हैकम

शक्तिको सम्बन्ध हैकमसँग हुन्छ । यी धारणा आधारभूत रूपले व्यक्ति र साना समूहको हकमा लागू हुन्छन् । हैकमले समाजमा रहेका प्रमुखविरोधी शक्ति समूहबीचको सम्बन्धलाई जनाउँछ । यो धारणा संरचनावाद (सामाजिक स्तरीकरणले पैदा गरेको उच्च-निम्न श्रेणी) र प्रकार्यवाद (समाज सञ्चालन हुने प्रक्रिया) सँग अझ बढी सम्बन्धित छ । ‘हैकम’ शब्द मार्क्सवादी शब्दकोषसँग बढी नजिक छ (लिटेन र श्रीवास्तव सन् १९९९) ।

हैकम त्यसै चल्दैन । यो समाजका विभिन्न निकायमा संरचनागत रूपले नै शक्तिशाली भई गडेको हुन्छ । कार्लमार्क्सको भनाइ सापट लिई भन्दा वर्गीय हैकम उत्पादनका साधनमाथिको अधीनत्व र अतिरिक्त श्रम अधिग्रहण (अप्रोप्रियसन अफ लेबर सरप्लस) को सिद्धान्तअनुसार परिभाषित हुन्छ ।

मार्क्सवादी धारणाअनुसार वर्गले घरपरिवारका उत्पादनका साधन र श्रम-प्रक्रियासँगको समग्र सम्बन्धलाई बुझाउँछ । मुख्य रूपले कृषि उत्पादनमा संलग्न मानिसहरूको

[१] कार्यकारी निर्देशक, भूमि अनुसन्धान तथा नीति सम्वादको लागि सहकार्य (कोलार्प), एकान्तकुना, ललितपुर, काठमाडौँ; kumar2034@yahoo.com

[२] प्राध्यापक तथा उपकुलपति, कृषि तथा वन विश्वविद्यालय; kpyakuryal@gmail.com

उत्पादनका साधनसँगको विनिमय (जस्तैः भूअधीनत्व) का आधारमा ग्रामीण वर्गको किटान अथवा कृषि वर्गको श्रेणी निर्धारण हुन्छ । उदाहरणको लागि धेरै भूमि हुने घरपरिवारले भूमि, श्रम र कर्जा बजारमा नियन्त्रण कायम गर्नु भूअधीनत्वकै कारण हो । उत्पादनका साधनसँगको यो सम्बन्ध समाज–राजनीतिक क्षेत्रमा पनि लागू हुन्छ ।

मार्क्सवादी विचारले राजनीतिक शक्तिको स्वतन्त्रतामा त्यति जोड दिँदैन । यस विचारअनुसार राजनीतिक शक्ति आर्थिक शक्तिको अधीनमा रहन्छ । आर्थिक शक्ति र उत्पादन पद्धतिले आधारभूत सामाजिक परिवर्तनको सिर्जना तथा नियन्त्रण गर्छन् । उत्पादन पद्धतिले नै राजनीतिक र सामाजिक अधिसंरचना (सुपरस्ट्रक्चर) निर्धारण गर्छ । यसले भौतिक जीवनका सामाजिक, राजनीतिक र आध्यात्मिक प्रक्रियाहरूको आम चरित्र पनि निर्क्योल गर्छ ।

विगतमा एक प्रमुख उत्पादन पद्धतिको रूपमा रहेको सामन्तवाद भूअधीनत्वमै आधारित थियो । राजनीतिक शक्ति केवल निरङ्कुश राजाहरू र महासामन्तहरूको नियन्त्रणमा थियो । भूमि माथिको अधीनत्वको आधारमा समाजमा सम्पत्ति र प्रतिष्ठा हुन्थ्यो । राज्यका सबै संयन्त्रमा भूमिधनीहरूको हैकम चल्थ्यो । यो हैकमले राज्यको वर्ग चरित्र निर्क्योल गर्थ्यो । त्यसैले भूमिमा आधारित विभेद सैद्धान्तिक रूपमा नै संरचनात्मक देखिन्छ ।

राज्यव्यवस्थाले किन हैकमवादी वर्गको स्वार्थ पूरा गर्छ भन्ने व्याख्या गर्न संरचनावादीहरूले ‘संरचनात्मक संकुचन’ (स्ट्रक्चरल कन्स्ट्रेन्ट्स) र ‘तर्क प्रणाली’ (लजिक सिस्टम) जस्ता शब्दावली प्रयोग गरेका छन् । यसले कसरी मानिसका चाहना र कामहरू आफ्नो अधीनमा नभई बाह्य तत्वबाट नियन्त्रित हुन्छन् भन्ने देखाउँछ । राज्यव्यवस्थाले सिर्जना गरेको बन्धनको विश्लेषण गर्न यस अवधारणाको प्रयोग हुन्छ । यसले कसरी विभिन्न संरचनाले यही व्यवस्थालाई कायम रहन सघाउँदै यस्तै व्यवस्थाले बसाएको शक्ति बाँडफाँटको रीतिलाई निरन्तरता दिन्छन् भन्ने देखाउँछ (जोसेफसन् २००४) ।

सारांशमा राजनीतिक शक्ति भनेको हुनेखाने वर्गले आफ्नो वर्ग स्वार्थ पूरा गर्न प्रयोग गर्ने हैकम र दमनको अस्त्र हो । यसरी आर्थिक शक्तिले राजनीतिक शक्तिलाई प्रभावित गर्छ अथवा राजनीतिक शक्ति आर्थिक शक्तिको नियन्त्रणमा रहन्छ ।

१.२ वञ्चितीकरण र शोषण

वस्तु, संसाधन, सेवा र सुविधाको अभावमा कुनै पनि व्यक्ति, समूह वा समुदायले एकखालको हीनता, निराशा तथा क्रोधको अनुभव र सुविधाबाट वञ्चित भएको महसुस गर्छ । यो समूहले आफ्नो अवस्था सुधार्न आफूलाई वञ्चित तुल्याउने व्यवधानविरुद्ध संगठन गर्ने र संघर्ष गर्ने ठूलो सम्भावना रहन्छ ।

यसरी नै सेन (सन् १९८१) का अनुसार भोकमरी र गरीबी वञ्चितीकरणकै परिणाम हुन् । यिनलाई अधीनत्व सम्बन्ध (इन्टाइटल्मन्ट रिलेसन) र अधीनत्वको विनिमय (इन्टाइटल्मन्ट एक्सचेन्ज) को सन्दर्भमा चर्चा गरिन्छ । अधीनत्व सम्बन्धले अपनत्वको संरचना (ओनरसिप स्ट्रक्चर) देखाउँछ, जसलाई सामाजिक कानुनहरूले वैधता प्रदान गरेका हुन्छन् । अधीनत्व सम्बन्धहरू चार प्रकारका हुन्छन्ः व्यापारमा आधारित, उत्पादनमा आधारित, श्रम अपनत्वमा आधारित र पैतृक अंश तथा सोको हस्तान्तरणमा आधारित (सेन सन् १९८१) ।

कुनै पनि मानिसको भोकमरीबाट उम्कने सामर्थ्य उसको अपनत्व र अधीनत्वको विनिमयमा निर्भर रहन्छ । उसले गर्ने अधीनत्वको विनिमय स्वाभाविक रूपले आर्थिक वर्ग संरचनामा उसको स्थान अनि उत्पादन पद्धतिमा भर पर्छ । कसको के कति सम्पत्ति छ भन्ने कुरा उसको वर्गमा निर्भर हुन्छ । वास्तविक अधीनत्व विनिमय उसको अपनत्वको हैसियतअनुसार हुन्छ । अपनत्वको हैसियत यथावत् रहेको अवस्थामा पनि उपलब्ध आर्थिक अवसरका कारणले अधीनत्वको विनिमयमा फरक पर्छ । यो विद्यमान उत्पादन पद्धति र उत्पादन सम्बन्धमा उत्पादकको स्थान कहाँ रहन्छ भन्नेमा पनि निर्भर रहन्छ । उदाहरणको लागि, एउटा किसानको अवस्था भूमिहीन मजदुरको भन्दा फरक हुन्छ (किसानको थोरै भए पनि जमिन हुन्छ, मजदुरको हुँदैन) । अर्काको जमिन अधियाँमा कमाउने भूमिहीन किसानको अवस्था अधीनत्वको परिप्रेक्ष्यमा भूमिहीन मजदुरसँग फरक नभए पनि उसले कमसेकम भूमि प्रयोग गर्न पाएको हुन्छ । भूमिहीन मजदुरहरू ज्यालादारीमा काम गर्छन् भने जग्गा अँधियामा कमाउने किसानले खेती गर्छन् र थोरै भए पनि अन्न कमाउँछन् । अतः गरीबी तथा भोकमरी भनेको पर्याप्त अन्नमा अधिकार स्थापित गर्न नसक्नुको परिणति हो (सेन सन् १९८१) ।

सापेक्ष वञ्चितीकरण (रिलेटिभ डिप्राइभेसन) भनेको त्यस्तो सोच्नु र व्यवहारमा पनि वञ्चित रहनु हो । यो एउटा यस्तो अवस्था दर्शाउने वस्तुगत बुझाइ हो

जसमा मान्छेलाई धन, कमाइ र शक्तिको आकाङ्क्षा अरूलाई भन्दा कम हुन्छ । आफू वञ्चित छु भन्ने भावनाले नै झनै वञ्चित गराइरहेको हुन्छ । वास्तवमा पूर्ण वञ्चितीकरण (अब्सोल्युट डिप्राइभेसन) को मूल विचार गरीबीको अवधारणामा आधारित छ। त्यसैले गरीबीको निदानको लागि भोकमरी, कुपोषण र दुःख, कष्टजस्ता वञ्चितीकरणको विश्लेषण जरुरी हुन्छ ।

क्षमताबाट वञ्चित भएको अवस्थालाई आदम स्मिथको शब्दमा सेन (सन् १९९७) यसरी व्याख्या गर्छन्ः "अरूसँग निस्फिक्री बात्चित गर्न नसक्नु अथवा सार्वजनिक स्थानमा जान लजाउनु र सामाजिक जीवनमा भाग लिन नसक्नु आफैँमा वञ्चितीकरण हो" । अर्कोतर्फ सामाजिक सम्बन्धहरूबाट बाहिर रहँदा अधिकार र अवसरबाट अझ बढी वञ्चित भई बाँच्नका लागि आवश्यक अवसरहरू पनि सीमित हुन पुग्छन् । उदाहरणको लागि रोजगारी र आयको कुनै अवसर र उपाय नहुँदा आर्थिक विपन्नताले अझै वञ्चित भएर कुपोषित र घरबारविहीन बन्ने अवस्थासमेत आउन सक्छ । अतः सामाजिक जीवनमा भिज्नका लागि चाहिने क्षमताबाट वञ्चित हुनाले वा आफूसँग भएको क्षमता प्रयोगमा असफल हुनु पनि सामाजिक बहिष्करणकै एउटा पाटो हो ।

बहिष्कृत हुनु पनि कहिलेकाहीँ वञ्चित हुनुजस्तै बन्छ । त्यसैले बहिष्करणको छुट्टै अन्तर्निहित महत्व छ। उदाहरणको लागि अरू मानिससँग सम्बन्ध गाँस्न र समुदायमा घुलमिल हुन नसक्नाले मान्छेको जीवनमा गम्भीर असर पुग्छ । यो आफैँमा एउटा क्षति हो। यस्तो अवस्थाले परोक्ष रूपमा अझ बढी वञ्चित बनाउन सक्छ ।

यसैगरी भूमिहीनता साधनसम्बन्धित वञ्चितीकरण (इन्स्ट्रुमन्टल डिप्राइभेसन) हो । कृषि समाजमा भूमि नहुने परिवार साह्रै निःसहाय हुन्छ । कृषिमा आधारित समाजमा भूमिले प्राचीन मूल्य-पद्धति कायम गरेको हुन्छ । आफ्नो जमिन छैन भने मान्छे मूल्य-पद्धतिको क्षेत्रमा स्वभावतः तल पर्न सक्छ । कृषकको भूमिसँग विशेष साइनो हुन्छ । त्यसैले भूमि नभएको किसान हात खुट्टा नभएको मान्छेजस्तै हुन्छ । भूमि हुने परिवारले आफ्नो जग्गाजमिनलाई मूल्य मर्यादाको विषय मान्ला/नमान्ला, तर भूमिहीनताले भने मानिसलाई सामाजिक र आर्थिक अवसरबाट वञ्चित राख्छ । वास्तवमा किसान र भूमिको पृथकीकरणले धेरै दुष्परिणाम निम्त्याउन सक्छ ।

१.३ विभेद र हिंसा

सजिलो भाषामा विभेद भन्नाले पूर्वाग्रह र रुढीग्रस्त विचारलाई व्यवहारमा उतार्नु हो। पूर्वाग्रह र रुढीग्रस्त विचार बुझाइ वा मानसिक अवस्था हुन् भने विभेद कुनै मानिस

खास समूहको सदस्य भएबापत ऊसँग गरिने असमान व्यवहार हो (थोम्पसन् र हिक्की सन् १९९४)। लिङ्ग, जात, वर्ण, उमेर, भूगोल आदि यस्तो भेदभावका विविध आधार हुन् । यी आधारदेखि बाहेक भेदभावको जरो भनेको पूर्वाग्रह र रुढीग्रस्त विचारमा आधारित भई अरूमाथि आफ्नो प्रभुत्व जमाउन खोज्ने व्यक्तिगत मनशाय हो । यसैगरी भूमिमा आधारित भेदभाव (जसलाई वर्गीय भेदभाव पनि भनिन्छ) मौलिकरूपले नै संरचनात्मक हुन्छ। नेपालमा भूमि अधीनत्व अथवा यसको वितरण प्रणाली असमान छ । यसले विभिन्न कृषि वर्गहरूलाई जन्म दिएको छ । यसको अर्थ नेपालको कृषिसमाजको उत्पादनको प्रमुख साधन भूमिसँग सबै मानिसको समान पहुँच छैन। भूमिसँगको पहुँचले उत्पादन सम्बन्धको स्वरूप निर्क्योल गर्छ। त्यसैले सामन्ती या अर्धसामन्ती सम्बन्धको रूपमा प्रकट भई उत्पादन र पुनरुत्पादनको यो सामाजिक सम्बन्धले शोषण प्रक्रियालाई निरन्तरता दिइरहेको छ। यो थिचोमिचो र विभेदलाई विभिन्न मात्रा र गहिराइमा प्रकट हुने हिंसाको रूपमा देख्न सकिन्छ।

गाल्टुङ्गको भनाइअनुसार हिंसा तीन प्रकारका हुन्छन्ः १) प्रत्यक्ष हिंसा २) संरचनात्मक हिंसा ३) सांस्कृतिक हिंसा । भूमि अधीनत्वको सवालमा त संगठित हिंसा अझ महत्वपूर्ण छ। यो हिंसा शृंखलाबद्ध ढङ्गले भड्किन्छ। यसमा कहिलेकाहीँ माथिका तीनै खाले हिंसाका विशेषताहरू लक्षणको रूपमा देखिन्छन्।

प्रत्यक्ष हिंसामा व्यक्ति समाज र दुनियाँलाई आघात पुऱ्याउने मनशाय हुन्छ। यस्तो हिंसालाई शाब्दिक, भौतिक र दीर्घकालीन असर पारिरहने हिंसा गरी तीन भागमा बाँड्न सकिन्छ। संरचनागत हिंसा वैयक्तिक, सामाजिक र सांसरिक विभिन्न पक्षमा अन्तरनिहित रहने भनी परिभाषित छ। यो अप्रत्यक्ष, अदृश्य र अनियोजित हिंसा हो। यस्तो हिंसा राजनीति, शोषण, दमन, अर्थव्यवस्था र सीमान्तकरणसँग सम्बन्धित हुन्छ । यो हिंसा वरियताक्रमिक (भर्टिकल) र क्षितिजीय (हरिजन्टल) स्वरूपको हुन्छ । वरियताक्रमिक हिंसा दमनकारी (राजनीतिक शक्तिंसहित) शोषणमूलक (आर्थिक शक्तिसहित) र पृथकीकरणकारी (सांस्कृतिक शक्तिसहित) हुन्छ। यस्तैगरी तेर्सो संरचना भएको क्षितिजीय हिंसाले सँगै बस्न चाहनेहरूलाई छुट्ट्याइदिन्छ भने छुट्टै बस्न मन गर्नेहरूलाई एकै ठाउँ पारिदिन्छ । सांस्कृतिक हिंसाले हिंसाकारी तत्वहरूलाई प्रत्यक्ष हिंसामा उत्रन उत्प्रेरित गर्दै संरचनात्मक र प्रत्यक्ष हिंसालाई वैधता प्रदान गर्छ। यो हिंसा नियोजित वा अनियोजित दुवै खालको हुन्छ। यसलाई धर्म, कानुन, विचार, भाषा, कला, प्रयोगात्मक विज्ञान र अन्तरिक्ष विज्ञानको आधारमा विभाजन गरिन्छ । विद्यालय, विश्वविद्यालय र सञ्चारजगत सांस्कृतिक हिंसाका

बाहकहरू हुन् । यसरी नै शृंखलाबद्ध रूपमा भड्किने हिंसा संगठित हिंसा हो । यो पनि अप्रत्यक्ष हुन्छ । माथि उल्लिखित सबै हिंसाका चारित्रिक विशेषतालाई समेट्ने हुँदा यो हिंसा दुष्परिणाममुखी हुन्छ ।

२. कृषि समाज र मार्क्सवाद

कृषि समाज भन्नाले भूमि र कृषिमा आबद्ध मानिसहरूको अन्तरक्रिया र जीवन पद्धति बुझिन्छ । सामान्यतः ग्रामीण आर्थिक अन्तरक्रिया, कृषि कार्यमा सहकारीहरूको भूमिका, उत्पादन तथा वितरण र भूमिव्यवस्था कृषि समाजका आधारभूत तत्व हुन् । कृषि समाजलाई भूमिको प्रयोगका लागि अन्तरक्रिया, समझदारी, नियन्त्रण र अधीनत्वको एक परिपाटी पनि मानिन्छ । यस परिच्छेदमा भूमिलाई कृषि समाजको मुख्य सरोकारको रूपमा प्रस्तुत गरिएको छ ।

उत्पादन व्यवसायमा सबैभन्दा महत्वपूर्ण कच्चा पदार्थ भूमि हो । एउटा घरपरिवारको अधीनत्वमा रहेको भूमिको आकारले नै उक्त परिवारको आर्थिक र सामाजिक हैसियत निर्धारण गर्छ । ऐतिहासिक हिसाबले एक व्यक्तिको समृद्धि र गरीबी उसको नियन्त्रणमा रहेको भूमिमा निर्भर रहन्छ । भूमि आर्थिक संकटमा काम आउने सबै भन्दा सुरक्षित बचत र बीमाको रूपमा रहेको हुन्छ ।

भूअधीनत्व, यसको व्यवस्थापकीय स्वरूप तथा संरचनात्मक ढाँचालाई इङ्गित गर्दै कृषि प्रणालीमा उत्पादन सम्बन्धको बनोटलाई तीन तहमा बाँडिन्छः १) भूमिधनी र पुँजीधनी किसानहरू २) मोहीसहित गरीब एवम् मध्यम वर्गीय किसानहरू ३) कृषि मजदुरहरू । बर्मा (सन् १९९३) ले यसलाई थप ६ भागमा बाँडेका छन्: १) सामन्तहरू २) ग्रामीण धनाढ्य (धनी किसान, पुँजीधनी किसान र पुराना भूमिधनीहरू ३) धनी किसानहरू ४) मध्यम किसानहरू ५) गरीब किसानहरू ४) भूमिहीन कृषि मजदुरहरू ।

सारांशमा भूअधीनत्वको स्वरूपले कृषि समाजको संरचनाको निर्क्योल गर्ने हुनाले स्रोत (भूमि) माथिको अधिकारले कृषि समाजमा शक्तिको अनुभूति दिन्छ । कृषि समाजको संरचना जमिन्दारहरूदेखि लिएर भूमिहीन मजदुरसम्म विविध वर्गले बनेको हुन्छ । कृषि व्यवसायमा लागेका वर्ग, सामाजिक समूह वा अन्य वर्गबीचको सम्बन्धको भूमिका समाजमा ठूलो हुन्छ किनकि यो सम्बन्ध भूमिको नियन्त्रण र प्रयोगसँग गाँसिएको हुन्छ । यो सम्बन्ध निश्चय नै आर्थिक सम्बन्ध हो र यी समूहको मुख्य

स्वार्थ खास भूभागलाई आफ्नो अधीनमा पार्नु हो । यहाँ उत्पादन र पुनर्उत्पादनको सामाजिक सम्बन्ध हुन्छ । कृषि समाजमा शक्तिको सकारात्मक र नकारात्मक प्रयोग पनि हुन्छ । यसरी भूमिआधरित भेदभाव भनेको भूअधीनत्वले निर्धारण गर्ने वर्ग संरचनाले पैदा गरेको वर्गीय विभेद हो । यो नकारात्मक कुरा हो किनकि वर्गीय संरचनाले पैदा गर्ने विभेदको कारण हिंसा भड्किन्छ । माथि नै उल्लेख गरिएझैं गाल्टुङ्गले भूमिमा आधारित हिंसालाई प्रत्यक्ष हिंसा, संरचनात्मक हिंसा, सांस्कृतिक हिंसा र संगठित हिंसा गरी चार भागमा बाँडेका छन् । यसरी भूअधीनत्वले निर्धारण गरेको वर्ग संरचना सबै प्रकारका पूर्वाग्रह र रुढीग्रस्त विचारहरूको जड हो ।

चित्र ८.१ भूमिमा आधारित हिंसाको अवधारणात्मक रुपरेखा



स्रोत: मार्क्स, सेन र गाल्टुङ्गका सैद्धान्तिक अवधारणाका आधारमा समायोजित ।

३. भूमिआधारित भेदभाव र हिंसा

भूमिको भौतिक, प्रतीकात्मक र भावनात्मक मूल्य हुन्छ । यसले व्यक्तिको बृहत् सामाजिक–आर्थिक हैसियतमापन गर्छ । यो उत्पादनको प्रमुख साधन पनि हो । त्यसैले भूमिले नै समाजमा थिचोमिचो, शोषण र भेदभावलाई निरन्तरता दिने उत्पादन सम्बन्धहरू निर्माण गर्छ। भूअधीनत्वमा आधारित सामन्ती तथा अर्धसामन्ती समाजको

आधार पनि यिनै उत्पादन सम्बन्ध हुन् । अधीनत्वले नै कृषि समाजको संरचना निर्माण गर्छ । भूमिको असमान र अन्यायपूर्ण वितरण यो संरचनाको मूल कारण हो । मालिक–दास, संरक्षक–ग्राहक (प्याट्रन–क्लायन्ट) जस्ता विभिन्न किसिमका शक्ति सम्बन्धको सिर्जना यसले नै गराउँछ । हाम्रो समाज पनि यिनै चरित्रले बनेको छ । त्यसैले वामपन्थी र दक्षिणपन्थी दुवै राजनीतिक शक्तिले जनताको मन जितेर सत्तामा पुग्न 'जोत्नेलाई जमिन' जस्ता नारा दिन्छन् । तर यी नारा केवल राजनीतिक अभ्यासका कोरा उपायमात्र साबित भएका छन् । भूमि सुधार गर्न इतिहासको विभिन्न कालखण्डमा माग, विरोध र प्रतिरोध भए । तैपनि यससम्बन्धी राजनीतिक इच्छाशक्ति अझै देखिएको छैन । नेपालमा २०२१ सालमा लागू भएको भूमिसुधारमा कुल खेतीयोग्य भूमिको १.५ प्रतिशत अथवा २९,१२४ हेक्टर भूमिमात्र वितरण गरिएको थियो (जमान सन् १९७३, सिबिएस सन् २००६) ।

भूमिले हिंसा नै ननिम्त्याए पनि द्वन्द्वलाई उराल्ने काम भने गर्छ । राजनीतिक कार्यकर्ताहरूको प्रभावले भूमि मामिला झगडाको संवेदनशील निहुँ बन्न सक्छ । फलतः यसैले हिंसा सिर्जना गर्छ । यस्तो परिस्थितिमा गरीबी र असमानताले भन्दा अवसरहरूको अभावले परित्यक्त र निराश समूहहरू राजनीतिक कार्यकर्ताहरूको ललाइफकाइमा परी संगठित हिंसामा लाग्न सक्छन् । जब यी समूहलाई शान्ति र समझदारीको बाटोले आफ्नो हालतमा कुनै सुधार आउँदैन भन्ने लाग्छ, तब हिंसाको सम्भावना झनै बढ्छ । अतः ठूलै द्वन्द्वमा पनि भूमिको भूमिका केन्द्रीय रहन्छ । नेपालमा भूमि जीविकाको प्रमुख साधन भएको हुनाले भूमिमा आधारित द्वन्द्व गाउँमा मात्र नभई सहरी र अर्धसहरी क्षेत्रमा पनि देखिन्छ । ग्रामीण कृषि समाजमा विविध प्रकारका विभेद, शोषण र थिचोमिचो अहिलेसम्म पनि विभिन्न रूप, मात्रा र स्तरमा कायम छन् । त्यसैले योहान गाल्टुङ्गको हिंसाको अवधारणा (अवधारणात्मक उपशीर्षकमा चर्चा गरिसकिएको) र भूमिआधारित विभेद अथवा हिंसाका विषयलाई चित्र ८.१ मा देखाइएको छ । गाल्टुङ्गले प्रस्तुत गरेका हिंसाहरू (१) प्रत्यक्ष हिंसा (२) संरचनात्मक हिंसा, र (३) सांस्कृतिक हिंसा हुन् । लेखकद्वारा यस चित्रमा संगठित हिंसालाई पनि समेटिएको छ ।

अहिलेसम्म चर्चा गरिएका भूमिआधारित विभेद र हिंसाका सवाललाई छुट्टाछुट्टै विश्लेषण गर्न सकिँदैन । यी कुराहरू विभिन्न सामाजिक प्रथाहरूमा अन्तरनिहित रहेका छन् । त्यसैले आउने उपशीर्षकहरूमा हलिया, कमैया, हरुवा र चरुवा प्रथाबारे केही अवधारणा प्रस्तुत गरिएको छ ।

३.१ हलिया प्रथा

सामान्यतया हलिया भन्नाले 'हलो जोत्ने मान्छे' भन्ने बुझिन्छ तर कृषि मजदुरीको भिन्न अर्थमा 'हलिया' भनेको 'अर्काको भूमि जोत्ने मान्छे' हो। हलिया प्रथा नेपालको पश्चिमी पहाडका जातीय समुदायमा 'तल्लो जात' का मानिसले लिएको ऋणसँग सम्बन्धित छ।

ऋणमा जकडिनु परेको कारण हलियाको सामाजिक–आर्थिक जीवन जमिन्दारहरूको मुठ्ठीमा हुन्छ । सबै जमिन्दारसँग हलियालाई वर्षैभरि काम दिन पुग्ने पर्याप्त भूमि हुँदैन। त्यसैलै खेती नभएको समयमा हलियाहरू कामको खोजीमा सहरतिर निस्कन्छन् । कहिलेकाहीँ यिनीहरू छिमेकी देश भारततर्फ पनि जान्छन् । तर जमिन्दारलाई चाहिएको बेला उनीहरू फर्केर आउनुपर्छ। यसरी जीविकोपार्जनको विकल्पको रूपमा रहेको मौसमी बसाइँसराइ हलिया प्रथाको एक अनौठो विशेषता हो।

३.२ घरेलु दासता

नेपालको पूर्वी तराईमा घरेलु नोकर राख्ने चलन छ। अरूको घरमा नोकर बस्ने बाध्यता भएका मानिससँग आफ्नो जग्गा हुँदैन। यिनीहरू जमिन्दारको घोडा बाँध्ने तबेला र घरको कौसीमुनि सुत्छन्। तिनले घरदेखि खेतबारीसम्मको धन्दा गर्नुपर्छ। नोकरहरूको खाने, पिउने कुरादेखि कहाँ सुत्ने भन्ने कुरा पनि मालिकको खटनमा चल्छ। आउने उदाहरणले नेपालमा घरेलु नोकर राख्ने चलनको दृश्य प्रस्तुत गर्छन्।

३.२.१ कमैयाप्रथा

सामान्यतया कमैया प्रथा नेपालको पश्चिमी जिल्लाहरूमा चलेको छ । बँधुवा मजदुरको रूपमा चिनिने कमैयाहरूलाई जिन्सी तथा ज्याला दिइन्छ । उनीहरू वर्षभरि नै जमिन्दारको खेतमा तैनाथ रहनुपर्छ। माघे सङ्क्रान्तिको दिनमात्र तिनले जमिन्दारसँग बोल्न पाउने परम्परा छ।

३.२.२ हरुवा र चरुवा प्रथा

हलिया र कमैया प्रथामा जस्तै यो प्रथामा पनि ज्याला विभेद, ऋण चुक्ता गर्न काम गर्नुपर्ने बाध्यता, सामाजिक अन्याय र मानसिक यातना हुन्छन्। हरुवा र चरुवा प्रथामा निश्चित समयको लागि मानिसलाई सशर्त ज्यालामा लिने संस्कार नै हुन्छ।

हरूवाले खेतबारी जोत्छन् । चरुवाले गाईबस्तु चराउँछन् । गरीबी र भूमिहीनताले सिर्जना गरेका यी प्रथामा हरुवा–चरुवाले कि वर्षभरि नै कि त मालिकसँग कबुल गरेको समयसम्म काम गर्नुपर्छ ।

४. भूमि र शासन

मेइर र चालिसे (१९९९) ले गरेको अध्ययनअनुसार नेपालमा कुनै पनि व्यक्तिको आर्थिक वर्ग जिल्लापिच्छे हुने जग्गाको मूल्यजस्तै भूगोलसापेक्ष छ। परिणामस्वरूप संसद्को राष्ट्रिय सभाका जम्मा ६० सदस्यमध्ये प्रबल बहुमत अर्थात् ७६.७ प्रतिशत मध्यम वर्गका, १० प्रतिशत उच्च वर्गका र १३.३ प्रतिशत निम्न वर्गका सांसद् थिए । यसरी नै प्रतिनिधिसभाका २०५ सदस्यमध्ये बहुमत अर्थात् ५६.६ प्रतिशत मध्यम वर्गका, ३५.१ प्रतिशत उच्च वर्गका र ८.३ प्रतिशत निम्न आर्थिक वर्गका व्यक्ति थिए। संसद्को यो तथ्याङ्कअनुसार ६१.१ प्रतिशत अर्थात् बहुमत सांसदहरू निर्वाचन क्षेत्रका आम जनताबाट निर्वाचित मध्यम वर्गीय व्यक्ति थिए । यसरी नेपालको द्विसदनात्मक संसद्मा उच्च वर्गको ३० प्रतिशत र निम्न वर्गको ८.७ प्रतिशत प्रतिनिधित्व रहेको थियो ।

ब्लेक र अरू (सन् २०००) का अनुसार वञ्चितीकरण र गरीबी भनेको अधिकार र अवसरबाट वञ्चित बहुसंख्यक किसान र हुनेखाने, शक्तिशाली तर मुठ्ठीभर व्यक्तिहरूबीच रहेको जटिल सम्बन्ध–संरचनाको परिणाम हो । मुलुकका विभिन्न स्थानमा बस्ने अति विपन्न नेपालीको यो अवस्थाले राजनीतिक अर्थव्यवस्थाको अल्पविकासलाई प्रतिबिम्बित गर्छ । यसै कारण मानिसहरूमा आफ्नो सामाजिक–आर्थिक सुरक्षाको लागि उत्पादनका धेरै निजी साधन जम्मा गर्ने प्रवृत्ति छ। अर्कोतर्फ वञ्चित धेरै समूहहरू संरक्षक–ग्राहकको सम्बन्धलाई चुनौती दिँदै वञ्चितीकरणविरुद्ध संघर्षरत छन् ।

५. भेदभावका परिणाम

विश्वास, पूर्वाग्रह र दृष्टिकोणबाट पैदा हुने वैमनश्यताका क्रमिक पाँच चरणलाई अल्पोर्ट (सन् १९५४) ले यसरी खुट्याएका छन्ः (१) दुर्वचन (एन्टिलोक्युसन), (२) परित्याग (अभोइडेन्स), (३) विभेद (डिस्क्रिमिनेसन), ४) शारीरिक आक्रमण (फिजिकल अटयाक), (५) सर्वनाश (एक्सटर्मिनेसन) । यो क्रमअनुसार विभेदपछि शारीरिक आक्रमण र सर्वनाशको चरण आउँछन्, जसले हिंसा बढाउँछन् । शारीरिक आक्रमणले जनधनको क्षति हुन्छ भने सर्वनाश विरोधीलाई समूल नष्ट

गर्ने वैमनश्यताको चरम अभिव्यक्ति हो । उदाहरणको लागि हिटलरको शासनमा जर्मनहरूले यहुदीहरूको सर्वनाश गर्न खोजे । यसैगरी सन् १९४७–४८ ताका भारत र पाकिस्तानको विभाजनको बेला हिन्दू र मुसलमानहरू एकअर्कालाई खतम पार्न चाहन्थे । यो वैमनश्यताको हिंसात्मक अभिव्यक्ति हो । त्यसैले कुनै समूह वा व्यक्तिप्रतिको पूर्वाग्रहले क्रमैसँग दुर्वचन, परित्याग र शारीरिक हमला हुँदै सर्वनाश निम्त्याउने स्पष्ट छ । यदि यो प्रवृत्तिलाई नरोक्ने या नतोड्ने हो भने अधिकारबाट वञ्चित र शोषित वर्गले हैकमकारी वर्गविरुद्ध यस्तै सर्वनाशी बाटो अवलम्बन गर्छन् ।

यो परिच्छेदले कृषि समाजमा उत्पादनका साधन र उत्पादन पद्धतिको अन्तरसम्बन्धले भेदभाव र थिचोमिचो जन्माउँछ भन्ने मार्क्सवादी अवधारणालाई केलाउँछ । वर्गीय शोषण पुरुषले महिलामाथि, धनीले गरीबमाथि र हुनेखानेले हुँदाखानेमाथि गर्ने थिचोमिचो र अन्यायको समष्टि हो । यसले उत्पादनका साधनमाथिको असमान अधीनत्वले पैदा गरेको शत्रुतापूर्ण भौतिक स्वार्थलाई दर्शाउँछ । तर वर्गीय हैकम भौतिक शोषणभन्दा परको कुरा हो । यसमा राजनीतिक शक्तिको कसरत र वैचारिक प्रभुत्व पनि मिसिएको हुन्छ । वैचारिक प्रभुत्वलाई शोषक र शोषित वर्गको सम्बन्ध निर्देशित गर्ने मूल्य पद्धतिको रूपमा व्याख्या गर्न सकिन्छ । त्यसैले यी अवधारणाको आपसी सम्बन्धबारे घोत्लिनुभन्दा एक वर्गलाई अर्को वर्गमाथि हैकम लाद्न उत्प्रेरित गर्ने भौतिक, राजनीतिक र वैचारिक परिस्थितिलाई केलाउनु अर्थपूर्ण हुन्छ ।

विभेद सामान्यतः पूर्वाग्रह र रुढीग्रस्त धारणाबाट सुरु भई व्यवहारमा प्रकट हुन्छ । यस्तो विभेद अझै बढेमा त्यसले युद्ध, आक्रमण र विद्रोहको रूप लिन्छ । कृषि समाजको शोषणकारी प्रवृत्तिले शोषक र शोषितहरूबीच शत्रुतापूर्ण सोच र व्यवहार पैदा गर्न सक्छ । यस्ता उत्तेजना र हिंसाले राष्ट्रिय एकतामा समेत खलल पुऱ्याउँछन् ।

६. विभेद र विखण्डन

नेपालको ग्रामीण समाज विभाजित छ । विभाजनको एउटा कारण भूअधीनत्वको विद्यमान संरचना हो । यसले समाजको तहगत अधिसंरचना (स्ट्रेटिफाइड सुपरस्ट्रक्चर) निर्माण गरेको छ र यसैअनुरूप शक्ति चल्छ । निम्न आर्थिक वर्गका मानिसहरू सधैँ तलको तलै थिए । यी सीमान्तकृत तथा अत्यन्त कमजोर तप्काका जनता कहिल्यै पनि नीति निर्माणको तहमा पुगेका थिएनन् । विकासका प्रयास धेरै भए पनि हरेक विकासले भूमिधनीहरूकै शक्ति बढाएको छ । वञ्चितीकरणमा परेका समुदायमा

राज्य संयन्त्रप्रति नकारात्मक धारणा व्याप्त छ । तिनमा उपेक्षा, निराशा र बहिष्कृत हुनुको पीडाबोध छ । यही पीडाबोधले नै सोह्र वर्षअघि सुरु भएको सशस्त्र विद्रोहको आगोमा घ्यू थपेको थियो ।

अनेकन कृषि वर्गमध्ये सीमान्तकृत मान्छेहरूको एउटा हिस्सा मजदुर वर्गले प्रतिनिधित्व गर्छ । वास्तवमा मजदुरहरू विभिन्न बन्धनमा जकडिएका छन् । यसको विपरीत शोषणकारी अभ्यासमा लागेको केही अल्पसंख्यक तर हुनेखाने वर्ग यी मजदुर र निम्न आर्थिक वर्गको परिश्रमको मूल्यमा झनै धनी बन्दैछ । यसरी नेपालमा एक वा अर्को ढंगले अन्याय र विभेदलाई जन्म दिँदै सामाजिक–आर्थिक असमानता दिनानुदिन बढिरहेको छ ।

यस्तो विभेद रहिरह्यो भने बहिष्कृत मानिसहरूमा म यो देशको नागरिक हुँ भन्ने भावना हराउँछ । तिनमा राष्ट्रप्रति नकारात्मक भावना पलाउँछ । विविध सामाजिक–आर्थिक असुरक्षाबाट मुक्त हुन हिंसात्मक गतिविधिको सहारा लिनुभन्दा अर्को विकल्प बाँकी रहँदैन । यस्तो परिस्थिति आतंकवादको लागि पनि उर्वर भूमि बन्छ । विभिन्न किसिमका निहित रणनीतिक स्वार्थले चलखेल गर्ने मौका पाउँछन् ।

यदि एउटा वर्गले अर्को माथि शोषण कायम राख्छ भने त्यसको मुक्तिको खोजी पनि प्रस्फुटित हुन्छ । अनेक शोषण तथा भेदभावले शोषित वर्गलाई शोषक वर्गविरुद्ध संगठित बनाउँछ । विभिन्न स्रोत र समूहसँग साँठगाँठ गर्दै शोषितहरूले माथिल्लो वर्गको रजाइँमाथि वैधताको प्रश्न उठाउँछन् । यस्तो जागरण शोषणकारी सम्बन्ध तथा पद्धति ढाल्न झनै मजबुत बन्दै जान्छ । यसरी समाजमा विभिन्न किसिमका हमला र प्रतिहमलाका हिंसात्मक घटना हुनेछन् ।

भूमिमा आधारित विभेद र यसले निम्त्याउने दुष्परिणामलाई सरोकारवालाहरूले नेपालको शान्ति प्रक्रियाको एक महत्वपूर्ण आयामको रूपमा अझै बुझेको देखिँदैन । भूमिहीन हलिया, हरुवा, चरुवा, कमैया र बँधुवा मजदुरहरूको भूमि अधिकार सुनिश्चित गर्दै सामन्ती भूअधीनत्व अन्त्य गर्नुपर्ने र सामाजिक न्याय दिनुपर्ने कुरा २०६३ सालको बृहत् शान्ति सम्झौतामा पनि उल्लेख गरिएको छ । यसरी नै अन्तरिम संविधान–२०६३ र अन्तरिम योजनामा सामन्ती भूअधीनत्वको अन्त्य गर्ने लक्ष्य प्रतिबिम्बित छ । यसमा वितरणमुखी भूमिसुधारलाई सरकारी कार्यक्रमको प्रमुख एजेन्डाको रूपमा राखिएको छ ।

समग्रतामा भूमिसुधारले धेरै थोकलाई समेटे पनि व्यवहारमा यसलाई भिन्न तरिकाले लागू गरिएको छ । जस्तै सन् २००९ नोभेम्बरमा भएको नौ बुँदे सम्झौतामा दसवर्षे

विद्रोहका बेला कब्जा गरिएको सम्पत्ति फिर्ताको सवाललाई शान्ति प्रक्रियाको मुख्य विषय मानिएको छ । भूमिको विषयलाई सम्झौताको दौरान राजनीतिक अभीष्ट पूरा गर्ने सौदावाजीको अस्त्र बनाइएको छ । प्रभावशाली दलका प्रमुख नेतामा यो समस्या हल गर्ने इच्छाशक्ति हुने हो भने केही हुने सम्भावना छ । द्वन्द्वको बेला खोसिएका जग्गा प्रायः भूमिहीन किसानलाई बाँडिएको छ । तर यस्तो प्रक्रियामा पनि राज्यको वैधानिकता नहुँदा समस्या खट्किने गरेका छन् । २०६६ पुसतिर कैलालीको डुँढेझारीमा भड्किएको हिंसा यसकै उदाहरण हो । यस्ता घटनाले शान्ति प्रक्रियामा गम्भीर असर पार्न सक्छन् । तसर्थ, सम्पत्ति फिर्ता गर्ने सवाललाई बृहत् भूमिसुधार प्रक्रियाको सन्दर्भमा हेरिनुपर्छ भन्ने समझदारी पछिल्लो चरणमा बढ्दै गएको छ ।

सरकार परिवर्तनको कारण २०६५ सालको भूमिसुधार आयोगले काम पूरा गर्न सकेन । २०६६ सालमा बनेको आयोगले पनि अघिल्लो आयोगले गरिसकेको कामलाई पूरै बेवास्ता गर्‍यो । यो आयोगले प्रतिवेदन पेश गरे पनि यसमा संविधानसभाको सबैभन्दा ठूलो दल नेकपा माओवादीको प्रतिनिधित्व नभएकोले यो राजनीतिक रूपले विवादित रह्यो । घटनाहरूलाई केलाउँदा नेपालमा भूमिसुधार राजनीतिक स्वार्थको विषय बनेको पक्का छ । प्राकृतिक सम्पदाको संरक्षण गर्ने र भूमिमा लगानी बढाई कृषि उत्पादकत्व बढाउने लक्ष्य भएको भूमिसुधारभन्दा गरीबी घटाउने र सामाजिक न्याय दिने उद्देश्य भएको भूमिसुधार नीति व्यवहारमा फरक देखिन सक्थ्यो । वर्तमान भूमिव्यवस्थामा संरचनात्मक परिवर्तन ल्याउने काम एउटा सरकारको मात्र बलबुताभन्दा बाहिरको कुरा हो । यसको लागि भूमिसुधार कार्यक्रमका सम्पूर्ण सरोकारवालासहित सम्पूर्ण राजनीतिक दलको सहमति बन्नु आवश्यक छ । यस्तो सहमतिले मात्र प्रभावकारी ढङ्गको नयाँ भूमि नीति बनाउने बाटो देखाउन सक्छ । नेपालमा अझै पनि भूमिसुधारबारे यस्तो सहमति बन्ने सम्भावना क्षीणमात्रै छ ।

७. न्याय र समता

नेपाल वर्ग, जाति, लिङ्ग र भूगोलमा विविधता भएको मुलुक मानिन्छ । तर नेपाली राष्ट्रियताका यी आयामले बनाएका खाडलले कहिलेकाहीँ नकारात्मक ऊर्जाको भूमिका खेल्दा राष्ट्रिय विकासमा बाधा पुगेका उदाहरण पनि छन् । आपसी सद्भाव र सुमधुर सम्बन्धसहित यी विविधतालाई जोगाउनु र तत्सम्बन्धी समस्या हल गर्नु अपरिहार्य छ । राष्ट्रिय एकताका यस्ता तत्वलाई समयमै सम्बोधन नगर्दा सिङ्गो संरचना नै तहसनहस हुन सक्छ । यसको अर्थ हो राष्ट्रिय महत्वका यावत् आयामहरूमा समान ध्यान दिन नसकेसम्म राष्ट्रनिर्माण पूरा हुन सक्दैन। आर्थिक

वर्गको आयाम राष्ट्र निर्माणका आयाममध्ये सबैभन्दा महत्वपूर्ण आयाम हो । वर्ग, क्षेत्र, लिङ्ग र जातिका मुद्दामा अहिले अस्थायी भए पनि उल्लेखनीय परिवर्तन देखिएका छन् । तर भूमिसुधारका अनेक प्रयत्नहरूको बाबजुद आर्थिक मुद्दाको रूपमा रहेको उत्पादन सम्बन्धमा जुगौंदेखि कुनै फेरबदल देखिएको छैन। ऐतिहासिक विरासतजसरी अद्यापि विद्यमान सामन्ती प्रवृत्तिले धनी र गरीबबीचको खाडल बढाउँदै आर्थिक असमानतालाई निरन्तरता दिँदैछ। तसर्थ, अर्थपूर्ण राष्ट्रनिर्माणको लागि निम्न बुँदामा ध्यान दिनु आवश्यक छः

क) भूमिसँग बहिष्कृत समुदायको पहुँच र अधीनत्वको संवैधानिक प्रत्याभूतिः राष्ट्रिय तथ्याङ्कहरूले देखाएअनुसार खास वर्ग, लिङ्ग र जातिको सदस्य भएकै हुनाले बहिष्करणमा परेका अधिकांश मानिस भूमिहीन छन् । यी समुदायले अनेक खालका भेदभाव तथा हिंसा भोग्दै आएका छन् । त्यसैले अब हुने संवैधानिक व्यवस्थाले वञ्चित समुदायको भूमिअधिकारलाई सुनिश्चित गर्नुपर्छ किनकि कृषि समाजमा भूमिले नै आर्थिक हैसियत निर्धारण गर्छ ।

ख) कृषि प्रणालीमार्फत् गरीबी र अन्यायको सम्बोधनः कृषि समाजमा भूमि नै प्रमुख उत्पादन साधन हो। त्यसैले कृषि प्रणालीमा सुधार अथवा भूमिसुधार नै राष्ट्र र जनताको आर्थिक समृद्धि हासिल गर्ने प्रारम्भिक शर्त हो। समाजलाई गरीबी र अन्यायबाट मुक्त गर्ने यो प्रमाणित उपाय पनि हो ।

ग) एकीकृत भू–उपयोग योजनाः भूमिसम्बन्धी समस्या हल गर्न अपनाइएका छरपस्ट तरिकाहरूले भूमिसुधारमा अलमल र समस्या पैदा गरेका छन् । भूउपयोगबारे आएका भिन्न र विरोधाभाषपूर्ण विचारले यस्तो अलमल भएको हो। यी सबै दृष्टिकोणहरू भूमिको अधिकतम उपयोगको लागि एकै ठाउँमा आउनु पर्छ । अनि मात्र पर्यावरणीय सन्तुलनसहित आर्थिक विकास अघि बढ्छ। यो सबै भूमिको एकीकृत उपयोग योजनामार्फत् मात्र सम्भव छ।

घ) भूमिको वैज्ञानिक एवम् कम्प्युटरकृत अभिलेखः २०६३ सालमा जारी नेपालको अन्तरिम संविधानमा वैज्ञानिक भूमिसुधार कार्यन्वयनसम्बन्धी व्यवस्था उल्लेख गरिएको छ। सोही बेला नै बनेको ‘तीनवर्षे अन्तरिम योजना’ले समेत आर्थिक कार्यक्रममा भूमिसुधारलाई समेटेको छ । यसमा भूमिसुधारमार्फत् जमिनको उपयोग र उत्पादकत्व बढाउन सकिने कुरा उल्लेख छ। अहिलेको

जस्तो वैज्ञानिक रूपले कम्प्युटरमा अभिलेख राख्न सकिने समयमा भूमिको अभिलेख प्रणाली शुद्ध, सही र बोधगम्य हुनुपर्छ। यी कुराहरूको अभावमा वैज्ञानिक भूमिसुधारको लक्ष्य हासिल हुँदैन। परिणामस्वरूप अपेक्षाअनुरूपको आर्थिक समाजिक सुधार पनि हुँदैन।

ङ) ***वैज्ञानिक भूमिसुधार तथा यसको प्रक्रिया/संयन्त्रको परिभाषा:*** अन्तरिम संविधान र योजनाहरूमा वैज्ञानिक भूमिसुधारको उल्लेख गरिए पनि यसलाई राम्ररी परिभाषित गरिएको छैन। तसर्थ यसको अर्थ, प्रक्रिया र संयन्त्रबारेमा सुस्पष्ट परिभाषा हुनुपर्छ।

च) ***सामन्ती भूअधीनत्वको अन्त्य:*** नेपालमा शताब्दीऔंदेखि दमन, शोषण र उत्पीडनका सामन्ती विरासतहरू कायम छन्। त्यसमाथि असमान भूअधीनत्वले राष्ट्रिय अर्थव्यवस्थाको एक महत्वपूर्ण क्षेत्र कृषिको विकासमा तगारो हालेको छ। तसर्थ यस्तोखाले सामन्ती भूअधीनत्वलाई सक्दो छिटो निर्मूल गरिनुपर्छ।

छ) ***सम्पत्ति आयोग र उच्चस्तरीय भूमिसुधार सुझाव आयोग:*** धेरै पहिलादेखि नै आ-आफ्ना सिद्धान्त र मुनासिव तर्कहरूसहित भूमिसुधारबारे वादविवाद चलिआएका छन्। यसको सकारात्मक र नकारात्मक दुवैखाले परिणाम हुने भएकोले झारा टार्ने किसिमले मात्र भूमिसुधारको कुरा गर्नु हुँदैन। भूमिसुधारको प्रभावकारी कार्यान्वियन गर्नुअघि यस विषयमा सघन काम गर्न पूर्णाधिकार सहितको 'उच्चस्तरीय भूमिसुधार सुझाव आयोग' बन्नुपर्छ। पूर्णाधिकार सहितको यो आयोगले भूमिहीन जनतालाई भूमिसुधारभन्दा अघि र पछि सामाजिक न्याय दिने सुनिश्चित गराउनु पर्छ।

ज) ***प्रभावकारी कार्यन्वयनको प्रत्याभूति:*** कार्यान्वियनको दौरान भूमिसुधारले विभिन्न परिणामहरू निम्त्याउँछ। भूमिसुधारविरुद्ध विभिन्नखाले षड्यन्त्र, अवरोध र दबाब देखा पर्ने छन्। यस्ता अवरोधहरू सूक्ष्म, मध्यम र बृहत् तहमा समेत क्रियाशील रहन्छन्। तर जुनसुकै व्यवधानका बाबजुद ' जोत्नेलाई जमिन' भन्ने नारालाई जोड दिनु पर्छ।

झ) ***भूमिसुधारपछि अनुगमनको व्यवस्था:*** विद्यमान सामन्ती प्रथा र किसानले लिएको ऋणको कारण भूमिसुधार भइसकेपछि पनि जमिन्दारहरूले भूमिअधिकार आफ्नै हातमा कायम राख्ने अथवा वास्तविक जोताहाबाट जमिन खोस्ने प्रवृत्ति कायमै रहन सक्छ। यस्तो प्रवृत्ति बलझ्यो भने भूमिसुधारले सामाजिक-आर्थिक रूपान्तरण गर्न सक्दैन। त्यसैले सुधारको

सही उद्देश्य हासिल गर्न भूमिसुधारपछि गर्नुपर्ने अनुगमनलगायत अन्य कुरामा पनि चनाखो हुनु जरुरी छ ।

भूमिसुधार मात्रै गरेर सामाजिक परिवर्तन हुने होइन । यसले सामाजिक आर्थिक रूपान्तरणको आधार तयार गर्छ । उत्पादनको प्रमुख साधन भूमिसँग वास्तविक किसानको पहुँच बढाई विद्यमान उत्पादन सम्बन्ध र उत्पादन पद्धतिमा परिवर्तन ल्याउँछ । यस्तो सुधारले समाजका विभिन्न वर्गबीच समान हैसियतको आधारमा पारस्परिक सम्बन्ध अभिवृद्धि गरी सामाजिक–आर्थिक सुरक्षाको प्रत्याभूति गराउँछ । सबैको हैसियत समान भई सामाजिक सुरक्षा पनि मजबुत भएको अनुभव हुँदा प्रत्येक नागरिकले आफूलाई राष्ट्रप्रति बफादार ठान्नेछ । यसरी भूमिको माध्यमबाट राज्यनिर्माण र राष्ट्रिय एकताको प्रक्रिया अघि बढाउन सकिन्छ ।

८. सारांश

कृषिमा आधारित समाजको शक्ति संरचना निर्धारण गर्ने प्रमुख तत्व भूमि हो । भूमिको असमान वितरण स्रोत साधनहरूसँग विभेदकारी पहुँचको एक आधार हो । यसले कृषि समाजलाई साना र ठूला वर्गमा विभाजन गरेको छ । यो विभाजन शोषण, थिचोमिचो, भेदभाव र हिंसाका विविध रूपमा प्रकट भएको छ ।

विगतमा भएका विकासका प्रयत्न, राजनीतिक परिवर्तन र भूमिसुधारका प्रयासको बाबजुद उत्पादन सम्बन्धमा ऐतिहासिक रूपले कायम रहेको सामन्ती विरासतमा अझै परिवर्तन आएको छैन । परिणामस्वरूप नेपाली समाजका प्रत्येक तह र तप्कामा सामाजिक–आर्थिक विभेदजारी छन् । यी असमानताले हिंसा र द्वन्द्वलाई मलजल गरिरहेका छन् ।

मुठ्ठीभर संख्यामा रहेका हुनेखाने वर्ग अर्थात् सम्भ्रान्त जमिन्दारहरू असहाय गरीबहरूको श्रमशोषण गरी झनै धनी बन्दैछन् । राज्यको शासन संयन्त्रमा पनि यही वर्ग हावी छ । त्यसकारण भूमिको मुद्दा राज्यका कुनै पनि निकायको प्रमुख एजेण्डा कहिल्यै बन्न सकेको छैन । सामन्ती उत्पादन सम्बन्ध पहिला जस्तो थियो अहिले पनि त्यस्तै छ । यो धरातलीय यथार्थले गर्दा शोषण र विभेदमा परेका जनताले आफूलाई कहिल्यै राष्ट्रको जिम्मेवार नागरिक हौँ भन्ने महशुस गर्न सकेका छैनन् । अतः बहुसंख्यक गरीब किसानहरूको भूमिसँगको पहुँच प्रत्याभूति गर्नु नेपालमा राज्यनिर्माण प्रक्रियाको एक अनिवार्य शर्त हो ।

वैज्ञानिक भूमिसुधारले सामान्यतः सामाजिक–आर्थिक रूपान्तरणको बृहत्तर आधार तयार गर्न मद्दत गर्छ । यसले विशेषगरी भूमिआधारित थिचोमिचो, भेदभाव र शोषणको न्यूनीकरणलाई गति प्रदान गर्छ । तसर्थ माथि उल्लिखित समाधानका उपाय अवलम्बन गरी भूमिसुधारको प्रभावकारिता बढाउन, भूमिको प्रत्येक एकाइको उत्पादकत्व बढाउन र सामाजिक समता कायम गर्न अधिकारबाट वञ्चित भूमिहीन किसानलाई विशेष ध्यान दिनैपर्छ । भूमिसुधारको कार्य नागरिकहरूको आर्थिक समृद्धि, शान्ति तथा दिगो विकासको दिशातर्फ उन्मुख हुनुपर्छ । अतः राष्ट्रिय एकता र राज्यनिर्माणको प्रक्रियालाई वर्गीय दृष्टिले हेर्नु अनिवार्य छ ।

सन्दर्भ–सूची

Allport GW. 1954. *The Nature of Prejudice.* Washington: Addeson Wesley.

Blaikie PM, Cameron J, Seddon D. 2000. *The Struggle for Basic Needs in Nepal*. New Delhi: Adroit Publisher.

CBS [Central Bureau of Statistics]. 2006. *Resilience amidst Conflict: An Assessment of Poverty in Nepal, 1995-96 and 2003-04.* Kathmandu: CBS, National Planning Secretariat, Government of Nepal.

Galtung J. 1996. *Peace by Peaceful Means: Peace and Conflict, Development and Civilization.* London and New Delhi: International Peace Research Institute and Sage Publications.

Joseph S. 2004. *Political Theory and Power.* New Delhi: Foundation Books.

Lieten L, Srivastava P. 1999. *Unequal Partners: Power Relation, Devolution and Development in Uttarpradesh*. New Delhi/Thousand Oaks/London: Sage Publications.

Meyer T, Chalise SC. 1999. Legislative elite and the Nepalese parliament: A study of their class characteristics. *Nepalese Studies* 26:27-64.

Sen A. 1981. *Poverty and Famines: An Essay on Entitlement and Deprivation*. Oxford: Clarendon Press.

Sen A. 1997. *Social Exclusion: Concept, Application, and Scrutiny*. Manila: Asian Development Bank.

Thompson WE, Hickey JV. 1994. *An Introduction to Sociology: Society in Focus.*New York: Harpers Collins College Publishers.

Verma BN, Verma N. 1993a. *Agrarian Tension and Conflict (Volume I).* New Delhi: Ashis Publishing House.

Verma BN, Verma N. 1993b. *Agrarian Tension and Conflict (Volume II).* New Delhi: Ashis Publishing House.

Zaman MA. 1973. *Evaluation of Land Reform in Nepal.* Kathmandu: Ministry of Land Reform.

* * *

परिच्छेद ९

द्वन्द्वोत्तर राज्यनिर्माणमा आप्रवासीको भूमिकाः बिर्सिएको पाटो

अनिता घिमिरे[1]
विष्णुराज उप्रेती[2]

१. परिचय

आप्रवासन नेपाली जीवनको एक महत्वपूर्ण सामाजिक–आर्थिक विषय बनेको छ । बेलायती र भारतीय सेनामा भर्ती हुने नेपालीलाई हामीकहाँ उहिलेदेखि अझै पनि 'लाहुरे'[3] भन्ने प्रचलन कायम छ । स्वदेशमा रहेका आफ्ना परिवारको जीविकामा पुऱ्याएका योगदानले यीलगायत अन्य थुप्रैखाले आप्रवासी नेपालीहरू हाम्रो समाजको लागि महत्वपूर्ण बनेका छन् । साथै नेपाललाई 'बहादुर योद्धा'को भूमिको रूपमा परिचित गराउने कामले पनि तिनको महत्व चुलिएको छ । तर यिनले यसबाहेक राज्यलाई अरू के–के गरेका छन् भन्नेबारे कमै मात्र लेखिएका छन् ।

अनुसन्धानबाट मात्र नभई सामान्य दृष्टिले हेर्दा पनि माथि उल्लिखित तथ्य छर्लङ्ग हुन्छन् । लाहुरे परिवारको अधिक बसोबास भएका धरान र पोखराजस्ता सहरका विशेष समुदायमा हेरियो भने त्यहाँको भौतिक बनावट (घर, बाटोघाटो, बसोबासको पद्धति र अरू पूर्वाधार) तथा त्यसको व्यवस्थापन (सरसफाइ र बिजुली बत्ती आदि) मा पश्चिमा मुलुकको प्रभाव स्पष्ट देखिन्छ । त्यसबाहेक तिनको जीवनशैली पनि उस्तै छ । यी समुदायमा बाहिरबाट पैसामात्रै आउने नभई नयाँ विचारधारा र संस्कृति पनि आइपुगेको छ । यस्तो प्रक्रिया द्वन्द्वअघिको समयमा अथवा द्वन्द्वपश्चात् कहिले उत्कर्षमा पुग्छ भन्ने प्रस्ट हुँदैन (विम्मर र सिलर सन् २००२) । तर हामीले खोजिरहेको नयाँ नेपाल कस्तो हुने भन्ने बहस भइरहँदा सायद यी विविधतालाई पनि ख्याल गरिनुपर्छ ।

---

[1] उत्तरविद्यावारिधि (पोस्टडक्) अनुसन्धाता (आप्रवासन र विकास), एनसिसिआर नर्थ–साउथ, दक्षिण एसिया क्षेत्रीय संयोजन कार्यालय; bhattarainitu@gmail.com

[2] दक्षिण एसिया क्षेत्रीय संयोजक, एनसिसिआर नर्थ–साउथ; bupreti@nccr.wlink.com.np

[3] दशकौँअघि धेरै नेपालीहरू विदेशी जागिरको खोजीमा लाहोर (हाल पाकिस्तानमा अवस्थित) सहर पुग्ने गर्थे । त्यसैले पैसा कमाउन त्यहाँ जानेहरूलाई लाहुरे भन्ने गरिन्थ्यो । अहिले विदेशी सेनामा भर्ती भएका सबै नेपालीलाई 'लाहुरे' भनी सम्बोधन गर्ने चलन बसेको पाइन्छ (सं.) ।

नेपालको आप्रवासन प्रक्रियालाई केही वर्षअघिसम्म माओवादी विद्रोहले व्यापक प्रभाव पारेको थियो । यसले उब्जाएका स–साना अन्य द्वन्द्वसँगै यो मुलुक अहिले संक्रमणकालीन दोबाटोमा छ । १९ दिने जनआन्दोलन र त्यसपछिको विस्तृत शान्ति सम्झौताले एउटा भिन्नै र समृद्ध नेपालको कल्पना गरेका छन् । वास्तवमा नेपालको राज्यनिर्माण प्रक्रियाका आधार थिए ती । यस्तो प्रक्रियामा सबै क्षेत्रको व्यापक संलग्नता हुन्छ । त्यसमध्ये अर्थतन्त्र, सुशासन, भूगोल, सामाजिक र राजनीतिक पूर्वाधार र विकास राज्यनिर्माणका मेरुदण्ड हुन् । यो नयाँ मुद्दाको लागि आर्थिक र मानव स्रोतमा व्यापक लगानी आवश्यक हुन्छ । तर नेपालमा माओवादी विद्रोह सुरु हुँदासम्म पनि आप्रवासी नेपालीको योगदानलाई महसुस गरिएको थिएन । तिनको योगदानको आर्थिक मूल्याङ्कनमात्रै भएको थियो । र त्यसलाई पनि हचुवाको आधारमा आँकलन गरिएको थियो । यद्यपि विम्मर र सिलर (सन् २००२, पृ. ३०२) लेख्छन्, “साँझको बेला छायाहरू बढ्न थालेपछि वरिपरिको वातावरणको रूपरेखा बुझ्न हामीलाई सजिलो हुन्छ ।” हामी पनि अहिले द्वन्द्वपछिको साँझमा छौँ र अहिले राज्यनिर्माणका मुद्दाले आप्रवासीको योगदानको मूल्याङ्कन र तिनका संसाधनको समुचित सदुपयोग गर्ने समय दिएको छ ।

नेपालमा आप्रवासनको अवस्था पहिलेको भन्दा फेरिएको छ । अहिले मध्य– र पूर्वी–एसिया तथा सार्क क्षेत्रमा नेपालबाट ठूलो मात्रामा श्रम शक्ति प्रवाह हुन्छ । यसले आप्रवासीको नयाँ समूहलाई अगाडि ल्याएर तिनलाई ‘नयाँ लाहुरे’ को उपमा भिराइदिएको छ (सेड्डन र अरू सन् २००१) । हालसालैको तथ्याङ्कले सन् २००८ मा मात्र २,६६,६६६ जना नेपालीहरूले बाहिरी मुलुकमा श्रमिकको रूपमा काम गर्न जाने अनुमति पाएको देखाउँछ । यसबाहेक तथ्याङ्कमा नसमेटिएका नेपालीको आप्रवासनको कथा बेग्लै छ । जस्तै, नेपाल सरकारको अनुमतिअनुसार काम गर्न जान मिल्ने राष्ट्र १०५ ओटा छन् । तर सरकारको अनुमतिबेगर नेपाली आप्रवासीहरू इराकजस्ता मुलुकमा गएका तथ्य पनि थुप्रै छन् । यसैगरी माथिको तथ्यले भारतमा काम गरिरहेका नेपाली आप्रवासीहरूलाई समेट्दैन । भारतमा २५ लाख नेपालीहरू रहेको निड्स (सन् २००९) को दाबी छ ।

विशेषगरी वि.सं. २०५६ पछि श्रमआधारित आप्रवासनलाई नेपाली अर्थतन्त्रमा महत्वपूर्ण मान्न थालिएको छ । २०५४ सालको नवौँ योजनादेखि त्यसको अन्त्यसम्ममा १०.३ प्रतिशतले गरीबी घटाउन मद्दत गर्ने महत्वपूर्ण पक्ष रेमिटचान्स (विप्रेषण)[४] नै थियो ।

[४] वास्तविक नेपाली अनुवादमा यस्तो रकमलाई ‘विप्रेषण’ भनिए तापनि चलनचल्ती तथा पाठकको सहजतालाई ख्याल राख्दै यस परिच्छेदमा अँग्रेजी शब्द ‘रेमिटचान्स’कै प्रयोग गरिएको छ (अनुवादक) ।

उपलब्ध तथ्याङ्कअनुसार सन् २००७ मा रेमिटयान्स ८१ अर्ब ४० करोड ७० थियो भने यो सन् २००८ मा ९२ अर्ब ४३ करोड ७० लाखले बढेको थियो। अझै केलाउने हो भने यसका सूक्ष्म प्रभाव धेरै छन्। सन् १९९६ मा रेमिटयान्स पाउने घरधुरी कुल जनसंख्याको २३.४ प्रतिशतबाट बढेर सन् २००३/२००४ मा ३१.९ प्रतिशत पुगेको थियो। साथै सन् २००३/२००४ मा यी लाभग्राही घरधुरीहरूको कुल आम्दानीको २३ प्रतिशत हिस्सा रेमिटयान्सले नै ओगटेको थियो (सिबिएस सन् २००४)।

अहिले ७५ प्रतिशत अदक्ष र बाँकी २५ प्रतिशत दक्ष श्रमिक रहेको श्रम आप्रवासनको स्थिति (निड्स सन् २००९) बाहेक विद्यार्थीको रूपमा दक्ष जनशक्ति विदेशिने लहर पनि बढ्दो छ। शिक्षा मन्त्रालयको आँकडाअनुसार आप्रवासी विद्यार्थीको संख्या सन् २००७/०८ मा २१ हजार ३५ मात्र थियो। यीमध्ये पनि गन्तव्य बनेका ४७ मुलुकमध्ये अस्ट्रेलिया जानेहरू ३६ प्रतिशत, बेलायत जानेहरू १४ प्रतिशत र अमेरिका जानेहरू २६ प्रतिशत छन् (निड्स सन् २००९)।

अस्थायी र अर्ध-स्थायी आप्रवासीमध्ये बीस लाख नेपालीहरू गैर आवासीय नेपाली महासंघमा आबद्ध छन्। विभिन्न ४० मुलुकमा भएका यसका शाखाले नेपाली मूलका विदेशी नागरिक, दीर्घकालदेखि विदेशमा रहेका नेपाली र अस्थायी आप्रवासी नेपाली कामदारहरूलाई समेटेका छन्। तिनले सरकारलाई नेपालमा भएको पछिल्लो सम्मेलनमा विदेशमा रहेका नेपालीहरूको सीपलाई बढावा दिन आग्रह गरेका थिए। संघले पहिले गर्ने गरेका आर्थिक सहायता, 'एउटा साथीलाई स्वदेश (घुम्न) पठाऊ' (सेन्ड होम अ फ्रेन्ड) जस्ता पर्यटनसम्बन्धी साना योजनादेखि 'दस करोड अमेरिकी डलर कोष' को बृहत् लगानी जुटाउनेजस्ता पुराना ढर्राका कार्यक्रमभन्दा यो अलि नयाँ खालको कदम थियो।

संघको जुनसुकै स्वरूप भए पनि यसका नीति र खाकाले योसँग भएको मानव संसाधन र आर्थिक स्रोतको सम्भावनालाई समेट्न सक्छ। यद्यपि द्वन्द्व र त्यसलगत्तैको द्वन्द्वोत्तर कालले आप्रवासनलाई पुरानै तरिकाअनुसार हतारिएर प्रयोग गर्न खोजेको देखिन्छ। श्रमआधारित आप्रवासनका केही फाइदा देखेर राज्यले अन्य कुनै पनि लाभ-हानि विश्लेषण नगरी आफ्ना नागरिकलाई विदेश पठाउन खोजेजस्तो देखिएको छ। पछि यो गम्भीर त्रुटिमा बदलिन सक्छ। त्यसैले आप्रवासन र विकासबीचको सम्बन्धबारे विदेशी अनुभव बुझ्नु जरुरी छ। यहाँ तीमध्ये केहीलाई विश्लेषण गरिएको छ।

२. आप्रवासनसम्बन्धी आशावादी र निराशावादी दृष्टि

गृहमुलुकको लागि आप्रवासन उपयुक्त छ कि छैन भन्ने बहस अद्यापि कायम छ। यो बहसको 'निराशावादी' धारले सम्भावित आप्रवासीलाई देशका अमूल्य निधि मान्छ। मिसेल (सन् २००६) ले विकासशील मुलुकका ५० प्रतिशत जति वैज्ञानिक र इन्जिनियरहरूले औद्योगिक मुलुकमा अनुसन्धान र विकासका क्षेत्रमा काम गरिरहेका तर्क गर्छन्। त्यसैले यस्ता मानिसको मूल्य रेमिटयान्सले मात्र नथेग्ने उनको विचार छ। श्रमआधारित आप्रवासनको लक्ष्य आर्थिक समृद्धि र गरीबी न्यूनीकरणमा भए पनि त्यसमा रेमिटयान्सको प्रभाव अल्पकालीन हुन्छ। मिसेलको तर्कानुसार रेमिटयान्सले विकास भने कहिल्यै गरेको छैन। यसैको योगदानले विकसित तुल्याएको एउटा पनि मुलुक छैन। आप्रवासनप्रतिको बढ्दो उत्साह जोखिमपूर्ण हुन्छ, किनकि यसले विकासमुखी नीतिलाई नै प्रतिस्थापित गर्छ। यसबाहेक मुलुकको अर्थतन्त्रमा रेमिटयान्स नै महत्वपूर्ण अंश बन्यो भने त्यसले अर्थतन्त्रमा आपत्कालीन परिवर्तन आउँदा समेत अरूमै आश्रित हुन सिकाउँछ। अर्को कुरा रेमिटयान्स भित्र्याउने आधारहरूमा गृहमुलुकको नियन्त्रण निकै सीमित हुन्छ (ब्रुस्ले सन् २००८)।

निराशावादी दृष्टिले आप्रवासी आफैलाई पनि आप्रवासनले असर पर्ने तर्क गर्छ। गन्तव्य मुलुकमा भाषा, संस्कृति र भौगोलिक भिन्नताले गर्दा तिनले अप्ठयारो भोग्नु पर्न सक्छ। गृहमुलुकबाट टाढिएपछि तिनीहरू नाजुक र जोखिमपूर्ण काममा संलग्न हुने गरेका पाइन्छन् (एलरम्यान सन् २००५)। घरपरिवारको जीविका सुनिश्चित गर्नुपर्ने हुनाले पनि श्रमआधारित आप्रवासनलाई स्वेच्छिक हुँदाहुँदै बाध्यकारी हुने गरेको तर्क गरिन्छ। यस्ता परिस्थितिले आफ्नै जीवनमाथिको स्वायत्तता तथा नियन्त्रण पाउने र दक्षता अनुभूति गर्ने आप्रवासीको भौतिक तथा मनोसामाजिक चाहना पनि गुम्छ। यस्ता मनोवैज्ञानिक आवश्यकताहरू पारिवारिक तथा सामाजिक सञ्जाल, आर्थिक, सामाजिक एवम् राजनीतिक स्वतन्त्रताको स्थिति र आफ्नै रोजाइका कारण उत्पन्न हुन्छन् (लिनिङ र एरी सन् २००१)। आप्रवासन र यसका विभिन्न चरणबीच यी आवश्यकताहरू पूर्ति हुँदैनन्। त्यसै कारण आप्रवासी जनसंख्यामाझ आत्महत्याको दर पनि औसतभन्दा धेरै छ भन्ने तर्क मिसेल (सन् २००६) को छ।

बहसको अर्को पक्षले आप्रवासनको आशावादी पाटोलाई उजागर गर्छ। विदेश गएपछि आप्रवासीले भोग्नुपर्ने जीवनशैलीलाई अतिरञ्जित व्याख्या गरिएको यस दृष्टिको तर्क छ (युएनडिपी सन् २००९)। ज्ञान र दक्षता भन्ने चिज स्थिर नभई थपिँदै

सञ्चयन हुने (क्युमुलेटिभ) खालको हुन्छ भन्ने यस्तो दृष्टिको दाबी छ । त्यसैले आप्रवासनको समग्र प्रक्रियाले आप्रवासीको ज्ञान र दक्षतालाई बढाउँदै लैजान्छ (ब्रिन्करहोफ सन् २००५) । यस्ता तथ्य कहिलेकाहीँ आप्रवासीको व्यक्तिगत भावनाको आधारमा आएका हुन्छन् । इटालीका नक्षत्रशास्त्री तथा नोबेल पुरस्कार विजेता रिकार्डो गियाक्कोनीले भनका छन्, "वैज्ञानिकहरू चित्रकारजस्तै हुन् । माइकल एञ्जेलो महान कलाकार हुन सके किनकि चित्र कोर्न उनलाई भित्ता दिइएको थियो । अमेरिकाले पनि मलाई यस्तो भित्तो दियो" (ब्रिन्करहोफ सन् २००५, पृ. १५) । भारतमा काम गर्ने थुप्रै नेपाली आप्रवासी र बेलायतलगायत युरोपेली मुलुकमा जाने आप्रवासी र विद्यार्थीको यस्तै भावना छ । नेपालको सामाजिक, आर्थिकलगायत अन्य वातावरण तिनले सुरक्षित देखेका छैनन् । जागिरका अवसर, शिक्षालगायत व्यक्तिगत विकासमा निरन्तर असुरक्षा छ । यस्तै भावना राख्ने नेपालीको प्रवासनलाई हेर्ने हो भने त्यो केही हदसम्म तर्कसंगत देखिन्छ ।

अन्य तर्कहरूजस्तै राष्ट्रसंघको मानव विकास प्रतिवेदनले पनि केही पीडितबाहेक बहुसंख्यक आप्रवासीहरू सफल भएको तर्क गर्छ (युएनडिपी सन् २०० ९) । आम्दानीबाहेक शिक्षा र स्वास्थ्यजस्ता मानव विकासका सम्पूर्ण पक्षमा परिणाम राम्रै भएको तथ्य यो प्रतिवेदनले देखाउँछ । यसका अनुसार आप्रवासनले राम्रो आम्दानी हुने रोजगार सिर्जना त गर्छ, तर यस्तो अवसरको वितरणलाई भने विषम बनाउँछ । यसैगरी मानिसको भौतिक गतिशीलताले विचार, ज्ञान र स्रोतमाथिको पहुँच बढाउँछ र आप्रवासीलाई प्रगतिको बाटो देखाउँछ । आफ्नो जीविकालाई विविध स्वरूप दिन खोज्ने विशेषतः विकासशील मुलुकका घरपरिवारको लागि आप्रवासन सञ्जीवनी मानिन्छ (अधिकारी र गुरुङ सन् २००९) । अति विपन्न घरपरिवारलाई आप्रवासनबाट निकै फाइदा पुगेको युएनडिपी (सन् २००९) ले पनि देखाएको छ । जस्तै कमजोर मानव विकास सूचकाङ्क भएका मुलुकका आप्रवासी उच्च मानव विकास सूचकाङ्क भएका मुलुकमा जाँदा तिनको आम्दानी १५ गुणाले बढेको, शिक्षाको पहुँच दुई गुणा भएको (४७ देखि ९५ प्रतिशत) र बाल मृत्युदरमा १६ गुणाले कमी आएको (प्रति १ हजार जना जन्मँदा ११२ को मृत्युदर केवल ७ जनामा झरेको) तथ्य यस अध्ययनले देखाएको छ ।

व्यक्तिगत र पारिवारिक स्तरबाहेक आप्रवासन राष्ट्रिय स्तरमा पनि लाभदायी हुने तथ्य माथिका छलफलले देखाउँछन् । सफल आप्रवासीबाट आउने रेमिटयान्सले सामाजिक तथा आर्थिक संरचनामा फाइदा पुग्ने ब्राकिङ्गस (सन् २००३) को

अध्ययनले देखाउँछ । घरपरिवारसम्मै रेमिटयान्सको सीधा प्रवाह हुँदा विपन्न जनताहरू राजनीतिक अधिकारधारीहरूको 'सम्भ्रान्ती व्यवहार' (क्लेप्टोक्रेटिक बिहेभिअर) बाट सजिलै बच्न सक्छन् । यसरी रेमिटयान्सको बहावले आर्थिक अवसरहरूलाई अझ फराकिलो पारिदिन्छ । नेपालमा विकासको अवस्था विषम हुनुमा राजनीतिक दलहरूको यस्तो व्यवहार पनि जिम्मेवार छ । यसरी रेमिटयान्सले आप्रवासी कामदारका परिवारलाई अप्रत्यक्ष रूपमा सशक्त पारी उत्तरदायी र पारदर्शी सेवाको लागि राज्यका निकायलाई नै दबाब दिन सक्छ । वास्तवमा यस्तो सेवा राज्यनिर्माणका महत्वपूर्ण आधार हुन् ।

आर्थिक उपलब्धिको आधारमा हेर्दा शैक्षिक दृष्टिले सामान्य भइकन पनि विकासशील मुलुकको व्यक्ति अमेरिकाजस्तो मुलुकमा जाँदा मासिक १ हजार अमेरिकी डलर जति कमाउन सक्छ। यो कमाइ उसको लागि स्वदेशमा हुने प्रतिव्यक्ति आम्दानीको दोब्बर हो (युएनडिपी सन् २००९) । यसबाहेक विकासशील मुलुकमा रेमिटयान्स आम्दानीको सबैभन्दा स्थिर स्रोत मानिन्छ (मार्टिन र अल्बेला सन् २००९) ।

दुवै दृष्टिकोणका तर्कहरूलाई विचार गर्दा आप्रवासनबारे अब छलफलको नयाँ शृंखला सुरु भएको पाउन सकिन्छ। यस्ता बहसमा आप्रवासन विकासको केन्द्रविन्दुमा रहेको छ। नयाँ विषय भए पनि विकाससम्बन्धी बहसमा आप्रवासनको चर्चा उल्लेख्य हुन थालेको छ। अहिले नेपालमा यस्तो बहसको मुख्य नेतृत्व राष्ट्रसंघ र एसडिसीजस्ता प्रमुख दातृ नियोग तथा गरीबी न्यूनीकरण रणनीति कार्यक्रमले गरिरहेका छन् । फिलिपिन्स, मेक्सिको, जिम्बावे, बङ्गलादेश, भारतजस्ता विकासशील मुलुकले पनि आप्रवासीलाई स्रोतको सम्भावना मानेर तिनलाई उपयोग गर्ने नीति अघि सारेका छन्।

राज्यनिर्माण प्रक्रियामा आर्थिक तथा मानव स्रोत आवश्यकता हुन्छ । आप्रवासीको आर्थिक योगदान हेर्दा पनि नेपालको अर्थतन्त्रमा रेमिटयान्सले दोस्रो ठूलो स्थान राख्छ। ध्वस्त भएका पूर्वाधार पुनर्निर्माण गर्न लाग्ने अनुमानित ३.८ अर्ब रूपैयाँसँग यसलाई तुलना गर्ने हो भने पनि विदेशी मुद्राको यो स्रोतलाई कम आँक्न सकिँदैन। यसबाहेक आप्रवासीलाई राज्यनिर्माण प्रक्रियामा सक्रिय मानव संसाधनको रूपमा योगदान दिन सक्ने बनाउन सकिन्छ। यसबारे आउने खण्डमा छलफल गरिएको छ। तर योगदानकर्ताको रूपमा आप्रवासीको भूमिकाबारे छलफल गर्नुअघि राज्यनिर्माणका रणनीति, नीति तथा कार्यक्रममा आप्रवासनको प्रक्रिया समेट्नु किन महत्वपूर्ण छ भन्ने देखाउनु जरुरी छ ।

३. आप्रवासन र विकासका आयामः नेपाली परिप्रेक्ष्य

आप्रवासन दैनिक जीवनको यथार्थ बन्ने क्रममा छ । द्वन्द्वोत्तर राज्यनिर्माणको स्थिर अवस्थासम्म नपुग्दा यो अवस्था अझै विद्यमान हुनेछ । वैदेशिक रोजगारीमा जानेहरूको तथ्याङ्क सन् २००४/२००५ मा १,८३,९२९ बाट सन् २००६/२००७ मा १,९३,८०३ पुगेको तथ्य डिओएफई (सन् २००८) ले देखाउँछ । वैदेशिक रोजगार विभागका अनुसार मासिक औसतमा १७,५०० मानिसहरू श्रमिकको रूपमा काम गर्न विदेश जाने गरेका छन् । यो आँकडामा भारत जाने गरेका, दर्ता नभएका, विद्यार्थी आप्रवासी र गैर–श्रमिक आप्रवासी समाविष्ट छैनन् । दर्ता भएका गरी बैशाख–जेठ महिनामा त अझ यो संख्या २६,७०४ प्रतिमहिना सम्म पुग्छ । श्रम तथा वैदेशिक रोजगार प्रवर्द्धन महाशाखाको तथ्याङ्कले पनि त्यस्तै परिवर्तन भएको देखाउँछ । ब्रस्ले (सन् २००८) लेख्छन्, सन् २००६ देखि मुलुक शान्ति प्रक्रियामा प्रवेश गरे पनि सन् २००७ को जुलाईदेखि सन् २००८ को जनवरीसम्म कतार जाने मानिसको संख्या २५ प्रतिशतले बढेको थियो । फेब्रुअरी सन् २००८ मा गणना गरिएअनुसार कतारमा मात्रै २,६६,००० नेपालीहरू थिए, जो त्यस मुलुकमा सबैभन्दा धेरै संख्यामा रहेका विदेशीहरू बनेका थिए । यही उदाहरणले देखाउँछ कि शान्ति र त्यसले जगाउने समृद्धिबारे जतिसुकै रटान गरिए पनि नेपालबाट बाहिरिने सक्षम जनशक्तिको बाटो छेक्न सकिँदैन ।

यी बाहेक अन्य कामको लागि बाहिर जाने परम्परा पनि बढ्दो छ । शिक्षा मन्त्रालयका अनुसार वार्षिक २० हजार नेपाली विद्यार्थी उच्च शिक्षाको लागि बाहिरिन्छन् । यसैगरी गैरआवासीय नेपाली (एनआरएन) हरू विश्वमा जतासुकै देखिँदैछन् । उनीहरूसँग दक्षता र वित्तीय सम्भावना दुवै छन् । उनीहरूले आफ्नो क्षमता र वित्तीय आवश्यकता दुवै हेर्छन् । विश्वभरि ६० देखि ७० लाख नेपालीहरू रहेको आँकडाहरूले देखाउँछन् (गौतम सन् २००६) । तीमध्ये, ४५ मुलुकमा अनुमानित २० लाख नेपालीहरू सन् २००५ बाट गैर–आवासीय नेपाली संघको छातामुनि आएका छन् । तीमध्ये दर्ता हुन अझ थुप्रै बाँकी नै छन् । विश्वभरि ३८ राष्ट्रिय एकाइ (न्यासनल च्याप्टर) रहेको गैरआवासीय नेपाली महासंघ आफ्नो उद्देश्यअनुसार नेपालको हितमा सक्रिय छ ।

गैरआवासीय नेपाली महासंघले स्वदेशमा संकट पर्दा पनि सक्रिय भूमिका खेलेको थियो । द्वन्द्व चर्केको बेला नेपाल भ्रमण गर्न अन्तर्राष्ट्रिय तथा राष्ट्रिय सञ्चार माध्यमहरू डराइरहेको बेला विश्वका विभिन्न भूभागबाट गैरआवासीय नेपालीहरू

नेपाल आई यस मुलुकको विकास अझै सम्भव रहेको सन्देश फैलाएका थिए। यसको लागि तिनले गैरआवासीय नेपालीसम्बन्धी सम्मेलनका तीन चरणहरू सम्पन्न गराएका थिए। तिनले यस मुलुकबारे सञ्चारमाध्यम र अन्य मुलुकका अन्तर्राष्ट्रिय भ्रमण निर्देशिका (इन्टरन्यासनल ट्राभल एड्भाइजरिज्) मा देखाइएजस्तो नराम्रो अवस्था नभएको सन्देश दिन खोजेका थिए।

गैरआवासीय नेपालीहरूको तेस्रो सम्मेलनद्वारा २०६४ असोज ३० मा जारी काठमाडौँ घोषणापत्र[५] र २०६५ कार्तिकमा बैंककमा भएको क्षेत्रीय सम्मेलनको घोषणामा नेपालमा दीर्घकालीन शान्ति र विकासको लागि गैरआवासीय नेपालीले मद्दत गर्ने प्रतिबद्धता व्यक्त गरिएको थियो। आर्थिक पुनर्भरणको लागि पर्यटन प्रवर्द्धन गर्ने र वैदेशिक रोजगारीको लागि कल्याणकारी कोष स्थापना गर्ने प्रतिबद्धता यसमा समाहित थियो। आर्थिकबाहेक विभिन्न सामाजिक कार्य, जस्तैः वैदेशिक रोजगारीमा जाँदा नेपालीहरूले भोग्नुपर्ने विभिन्न कठिनाइ समाधान, आर्थिक कूटनीतिअन्तर्गत नेपाली उत्पादनहरूको निर्यात गराउने आदिमा पनि सहयोग गर्न तिनले तत्परता देखाएका छन्। आफ्ना प्रत्येक एकाइ (च्याप्टर) ले नेपालमा कम्तीमा एउटा कल्याणकारी कार्यको थालनी गर्ने नीति यो संघसँग छ।

नेपालमा आप्रवासनको दर उच्च छ तर पनि रेमिटयान्स प्रेषक र प्रापकबीचको जीविका सम्बन्धले गर्दा विदेशिएका अनुपस्थित मानव संसाधन (एब्सेन्टी ह्युमन रिजोर्स) नेपाली सामाजिक–आर्थिक जीवनको अभिन्न अङ्ग बनेका छन्। विश्वव्यापी वित्तीय संकट परेको केही वर्षअघिको समयमा आप्रवासनलाई प्रवर्द्धन वा निरुत्साहन के गर्ने भन्ने बहस चलेका थिए। एकातिर आप्रवासन अहिले नेपाली अर्थतन्त्रको मेरुदण्ड मानिएको छ, अर्कोतिर 'ब्रेन ड्रेन', 'मसल ड्रेन' अथवा मानव संसाधनमा भएको क्षयलाई पनि राष्ट्रिय जोखिम मानिएको छ। सहस्राब्दी विकास लक्ष्य र मुलुकको अन्तरिम योजनाका उद्देश्य हासिल गर्न अहिले आधिकारिक वैदेशिक सहायताभन्दा रेमिटयान्सलाई महत्वपूर्ण मानिन्छ। तर नयाँ ज्ञान र सीपमार्फत राज्यनिर्माणमा आप्रवासीको भूमिका, सामान्य दैनिकीमा तिनको नवीन सीपले पार्ने प्रभाव, घर फर्केपछि तिनले दिन सक्ने यस्तै अन्य योगदानको पनि अद्यापि उचित मूल्याङ्कन भएको देखिँदैन। आप्रवासन निरन्तर चलिरहने प्रक्रिया हो र राज्यनिर्माण प्रक्रियामा यसको स्थानलाई कम आँक्न नमिल्ने तथ्य अबका उपशीर्षकले उजागर गर्छन्।

---

[५] विस्तृत जानकारीको लागि हेर्नुहोस्, www.nrn.org.np/news_detail.php?newsid=154

४. द्वन्द्वोत्तर अवस्थामा आप्रवासनको सम्भावना

नेपाली आप्रवासीहरू (भारतमा रहेका) मध्ये ८४.३ प्रतिशतले भविष्यमा फेरि आप्रवासनमा जाने इच्छा देखाउँछन् भने एक प्रतिशतले त्यसबारे यकिन गर्न नसक्ने विश्व खाद्य कार्यक्रम (डब्लुएफपी) र नेपाल विकास अनुसन्धान संस्था (नेपाल डिभेलप्मन्ट रिसर्च इन्स्टिच्युट) को विस्तृत सर्वेक्षणले देखाएको छ। भारतमा नेपाली आप्रवासनबारे गरिएको एक अध्ययन (अधिकारी र गुरुङ सन् २००९) ले पनि जीविका सुदृढ बनाउनु र उपभोगका वस्तु खरिद गर्नु नै आप्रवासनको मुख्य ध्येय भएको देखाउँछ।

अहिलेको नेपाली सामाजिक–आर्थिक अवस्थाले श्रमआधारित आप्रवासनलाई नै पहिलो रोजाइ बनाउन बाध्य बनाएको छ। शान्ति सम्झौता र संविधानसभाको निर्वाचनले मुलुकलाई पुनः उकास्न खोजे पनि यस मुलुकले सुदृढ राजनीतिक स्थिरता र आर्थिक अवस्था हासिल गर्न अझै नसकेको आप्रवासनको दरले नै देखाउँछ। यसबाहेक अवसरहरूको विषम वितरणले पनि आप्रवासनको सम्भावना बढाउँछ। यसर्थ नेपालीहरू भारत वा अरब मुलुकहरूमा जानु भनेको नेपाली दयनीय सामाजिक–आर्थिक अवस्थाको प्रतिबिम्ब हो। अगाडिका खण्डमा गरिएको छलफलअनुसार शैक्षिक तथा वृत्ति विकासका अन्य उद्देश्य लिई विदेश जाने प्रवृत्ति नेपालमा बढिरहेको छ। नेपाली रोजगार बजारमा युरो–अमेरिकी शैक्षिक संस्थाहरूको लागि उच्च मान्यता भएको हुनाले पनि यस्ता मुलुकले अबका वर्षमा पनि नेपाली विद्यार्थी र पेशाकर्मीलाई लोभ्याउने छन्।

नेपालका केही क्षेत्रमा आप्रवासन दैनिक जीवनको अभिन्न अङ्ग बनेको छ। सीमापारि भारत गएर काम गर्नु पुरुषहरूको जीवनचर्या नै बनेको सुदूर पश्चिमी क्षेत्रमा भएका अध्ययन (थाइम सन् २००६; शर्मा सन् २००८) ले देखाउँछन्। यस्ता आप्रवासीको सामाजिक–आर्थिक स्तर गैरआप्रवासी पुरुषहरूको तुलनामा राम्रो रहेको पनि देखिन्छ। त्यसैले नेपालको सुदूरपश्चिमेली समाजमा कमाइको लागि भारततिर आप्रवासनमा जान सक्नुलाई पनि 'पुरुष' हुनुको एउटा स्वरूप मानिन्छ।

यसरी आप्रवासन संस्कृतिसँग गाँसिएको छ र सामाजिक–आर्थिक परम्पराको पाटो नै बनेको छ भने आर्थिक तथा राजनीतिक अवस्था सुधारेर मात्रै आप्रवासन रोक्न सकिँदैन। अर्को कुरा, नेपालका पश्चिमी भेगका आप्रवासीहरूका लागि नेपाल भित्रका प्रमुख सहरी भेगको तुलनामा भारतका सहरहरू निकै नजिक छन्। काठमाडौँ

नरोजेर भारतकै सहर जान रोजेका एकजना आन्तरिक रूपमा विस्थापित पुरुषको शब्दमा नेपालको राजधानी सहर चीन बराबर नै टाढा छ। उनी भन्छन्, "हाम्रो लागि काठमाडौँ भन्नु चीनजस्तै हो। त्यो ठाउँसँग हाम्रो सम्पर्क छैन र हाम्रो ठाउँबाट त्यो निकै टाढा पनि छ। त्यसभन्दा त भारत नजिक छ, त्यहाँसम्म सजिलै पहुँच छ र भारतमा बसिरहेका मानिसहरूमा हाम्रा छिमेकी र नातागोता पनि छन्।"[६] यस्तै यथार्थले गर्दा पनि भारतमा हुने आप्रवासनलाई कुनै ठूलो आप्रवासन मानिँदैन, बरु पश्चिमी पहाडी जीवनको एउटा नियमित पाटो मानिन्छ। त्यसैले नेपालबाट हुने आप्रवासन भारततर्फ त हुने छ नै, युरोप र अमेरिकातर्फ पनि रोकिने त्यस्तो संकेत देखिँदैन।

५. नीतिमा आप्रवासनः अन्तरिम योजना र गरीबी न्यूनीकरण रणनीति

तीनवर्षे अन्तरिम योजनाबाहेक राज्यनिर्माणमा आप्रवासनले उति राम्रो स्थान पाएको छैन। यो विषय राजनीतिक दलको रुचिमा नपर्नाले पनि यसो भएको हुन सक्छ। शान्ति प्रक्रियासँगै रेमिटयान्सको रकमलाई उत्पादक काममा लगानी गर्न सकिने वातावरण तयार हुने अन्तरिम योजनाको ठम्याइ छ। रेमिटयान्समा बढी जोड दिइएकाले यस योजनाले सक्षम मानिसहरू बाहिर जाने कारण विश्लेषण नगरिकनै सम्भावित आप्रवासीहरूलाई दिइने सीपमा मात्रै जोड दिएको छ। तर यस्तो नीतिले मुलुकलाई अरूप्रति यसरी निर्भर गराउँछ कि त्यसको नियन्त्रण न आप्रवासी, न त स्वयम् राज्यले नै गर्न सक्छ। गरीबी न्यूनीकरण रणनीतिको दीर्घकालीन समाधान रेमिटयान्समात्र हुन सक्दैन। त्यसैगरी यस्तो रकमलाई उत्पादनशील तरिकाले कसरी प्रयोग गर्न सकिन्छ भन्नेबारे पनि अन्तरिम योजना मौन छ। हामीसँग रेमिटयान्सको रूपमा भन्दा बेग्लै तरिकाले आप्रवासीलाई प्रयोग गर्ने दृष्टिकोण पनि छैन।

आप्रवासनलाई राज्यनिर्माणको विषयबाहिर राखेर व्यवस्थापन गर्न सकिँदैन भन्ने यस परिच्छेदको तर्क हो। त्यसैले विदेशमा रहेका आफ्ना नागरिकलाई राष्ट्रको निधि मान्दै तिनलाई राज्यनिर्माण प्रक्रियामा परिचालन गर्नुपर्ने तर्क पनि यहाँ गरिएको छ। देशमै रहेर वा सीमापारबाटै तिनले मुलुकको हितमा योगदान पुऱ्याउन सक्छन् कि सक्दैनन् भन्ने बहस त कायमै छ। तर यो बहस यतिभन्दा पनि माथि जानुपर्छ। मुलुकबाहिर रहेर काम गर्ने यी आप्रवासीहरूले चाहेको खण्डमा आफू बसिरहेकै

[६] यस परिच्छेदकै एक लेखकले २०६४ मंसिरमा नेपालगञ्जमा गरेको व्यक्तिगत अन्तरवार्तामा आधारित।

ठाउँबाट मुलुकको हितको लागि योगदान पुऱ्याउन सक्ने हामीले नै सुझाएका छौँ । अन्य राष्ट्रमा गैरआवासीय नागरिकलाई कसरी प्रयोग गरिएको छ, तिनले अपनाएका असल अभ्यास कस्ता छन् र तिनको सिको गर्दै नेपाली आप्रवासीलाई राज्यनिर्माणको मुद्दामा कसरी प्रयोग गर्न सकिन्छ भन्ने विश्लेषण यहाँ गरिएको छ । यसरी आप्रवासीलाई राज्यनिर्माण प्रक्रियामा सामेल गराउने रणनीति निर्माण गर्न सम्बन्धित निकायलाई सघाउनु यो परिच्छेदको अर्को उद्देश्य पनि हो ।

६. नेपाली आप्रवासी समुदाय र यसको सामर्थ्य

आप्रवासी समुदाय (डायस्पोरा)[७] को विभिन्न अर्थ भए पनि यो परिच्छेदको सन्दर्भमा हामीले यसलाई विशेष अर्थ दिएका छौँ । यस परिच्छेदको प्रयोजनका निम्ति नेपाली आप्रवासी समुदाय त्यस्ता मानिसहरूको अनौपचारिक समूह हो, जो विविध कारणवश नेपालबाहिर रहेका छन् । चाहे ती श्रम–आप्रवासी हुन्, विद्यार्थी–आप्रवासी हुन् वा गैरआवासीय नेपाली नै किन नहुन्, हाम्रो परिभाषामा ती सबैले नेपाली आप्रवासी समुदायको प्रतिनिधित्व गर्छन् ।

नेपाली डायस्पोराको सम्भावित योगदानलाई हिजोआज सरकार र अन्तर्राष्ट्रिय दाताहरूले पनि ख्याल गर्न थालेका छन् । यो समुदायले विशेषगरी रेमिटयान्समा पुऱ्याएको योगदानलाई धेरैले महत्व दिएका थिए । यस्तो योगदानको मात्रा कतिपय मुलुकमा त अहिले वैदेशिक सहायताभन्दा पनि बढी हुन थालेको छ । तर तिनको योगदान केवल घर पठाइएको रकममात्रै होइन । अहिले तिनले ज्ञान तथा सीप हस्तान्तरणमा पनि ठूलो योगदान पुऱ्याएका छन् । पहिले–पहिले डायस्पोरालाई सुरक्षा खतरा (सेक्युरिटी थ्रेट) को रूपमा हेर्ने दृष्टि भए पनि अहिले त्यो बदलिएको छ । अहिले डायस्पोरा आधारभूत अधिकारको उल्लंघन र दुरूपयोगविरुद्ध सक्रिय भई प्रस्तुत हुने प्रभावकारी माध्यमको रूपमा उभिएको छ । अल्पविकसित मुलुकका कामदारको सामूहिक सक्रियता र विकसित मुलुकका ठूला कम्पनीसँग अन्तरक्रियाले बहुराष्ट्रिय कम्पनीहरूको काम गर्ने शैली र कामदारप्रति तिनले राख्ने दृष्टिकोणमा परिवर्तन ल्याएका इभान्स (सन् २००१) को निष्कर्ष छ ।

डायस्पोराले विश्वव्यापी पहिचान पाउनुको मुख्य कारण तिनको आर्थिक हैसियत र

[७] वास्तविक नेपाली अनुवादमा 'डायस्पोरा' शब्दले आप्रवासीहरूको समुदायलाई जनाउने भए पनि पाठकको सहजतालाई ख्याल राख्दै यस परिच्छेदका केही स्थानमा परिप्रेक्ष्य हेरी अँग्रेजी शब्द 'डायस्पोरा' नै प्रयोग गरिएको छ (अनुवादक) ।

योगदान नै थियो । सबल आर्थिक उन्नति गर्न खेलेको भूमिकाकै कारण तिनलाई पहिलो पटक यस्तो पहिचान मिलेको थियो । दिलिप राठाले डायस्पोराले स्वदेशमा पठाउने रेमिटयान्सको चर्चा आफ्नो कृतिमा गरेपछि धेरै विश्लेषकको आँखा यो नवीन विषयमा परेको थियो (डी पार्ले सन् २००८) । अहिले विश्वमा रेमिटयान्सको परिमाण ३०० अर्ब अमेरिकी डलरभन्दा धेरै छ (दी वर्ल्ड ब्याङ्क सन् २००७) ।

छ अर्ब जनसंख्या भएको यो संसारमा जम्मा ३ प्रतिशत जनसंख्याको जीवन प्रक्रियासँगमात्रै सम्बन्धित हुनाले अन्तर्राष्ट्रिय आप्रवासन उल्लेख्य नदेखिन सक्छ (ओरोज्को सन् २००५) । तर पनि आप्रवासीले घरमा पठाउने रकम र अन्य संघसंस्थालाई गरेका अनुदानलाई हेर्दा धेरै मुलुकमा यिनीहरू आर्थिक वृद्धिको मूल अभिकर्ता बनेका छन् । राष्ट्रिय संकटको बेला रेमिटयान्सले नै अर्थतन्त्र धानेका कैयन उदाहरण हामीसँग छन् । फिलिपिन्स यिनमध्ये धेरै चर्चा गरिएको मुलुक हो । प्रत्यक्ष वैदेशिक लगानी घटेपछि सन् १९९७–९९ ताका एसियामा गहिरो आर्थिक संकट परेको थियो । त्यतिबेला रेमिटयान्सले गर्दा नै फिलिपिन्सको अर्थतन्त्रलाई टेको मिलेको थियो (दी वर्ल्ड ब्याङ्क सन् २००७) । सन् २००६ मा पनि फिलिपिन्सले भित्र्याएको रेमिटयान्स (६.२ अर्ब अमेरिकी डलर) उसले संसारभरका मुलुकबाट पाउने वैदेशिक सहायताको रकमभन्दा लगभग तेब्बर थियो (दी वर्ल्ड ब्याङ्क सन् २००७) ।[८]

भारत र मेक्सिकोजस्ता मुलुकले धेरै रेमिटयान्स भित्र्याउन सफल भए पनि अन्य साना मुलुकले भने यस्तो आर्थिक लाभ सापेक्षिक रूपमा कम पाएका छन् । कुनै पनि मुलुकको कुल गार्हस्थ उत्पादन (ग्रस डमेस्टिक प्रडक्टः जिडिपी) मा रेमिटयान्सको हिस्सा १० प्रतिशतले मात्रै बढ्यो भने पनि सो मुलुकको गरीबी १.२ प्रतिशतले घट्छ भन्ने युएनएफपिए (सन् २००६) को निष्कर्षले देखाउँछ । अब्बल रूपमा रेमिटयान्स भित्रिन थालेपछि बंगलादेशको गरीबीमा ६ प्रतिशतले कमी आएको यसकै उदाहरण हो (दी वर्ल्ड ब्याङ्क सन् २००७) ।

वैदेशिक रोजगारी र रेमिटयान्स नेपालको लागि प्राणवायु नै भएको छ । नेपालमा सशस्त्र द्वन्द्वको पहिलो अवधि (२०५२ सालदेखि २०५९ सम्म) मा गहिरो आर्थिक असर पारेको बेला रेमिटयान्सले नै अर्थतन्त्रलाई डुब्न नदिएको विश्वास गरिन्छ । यहाँ कृषिपछि रेमिटयान्स दोस्रो ठूलो आर्थिक गतिविधि बनेको छ र यसले अहिले मुलुकको कुल गार्हस्थ उत्पादनमा २३ प्रतिशत हिस्सा समेटेको छ (गौतम सन् २००६) ।

[८] तर यही कुरा अन्य थुप्रै अफ्रिकी मुलुकमा भने लागू हुँदैन ।

रेमिटयान्सले गरीबी घटाउनेमात्र नभई लाभग्राही परिवारको समष्टिगत मानव विकासमा सहयोग गर्छ । यसले सन्तानको शिक्षा, पारिवारिक स्वास्थ्य आदिमा लगानीको सम्भावना बढाउनुसाथै मुलुकको सामाजिक–आर्थिक सूचकाङ्क बढाउन पनि सहयोग गर्छ । नेपालमा संकटकै समयमा पनि बाल तथा मातृ मृत्युदर, औसत जीवनआयु आदि सूचकाङ्कमा उल्लेख्य सुधार देखिएको जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षणको नतिजाले देखाएको छ (डिएचएस सन् २००३) । यसमा रेमिटयान्सकै ठूलो भूमिका रहेको विश्वास गरिन्छ । त्यसैले राज्यनिर्माणका प्रयासमा रेमिटयान्सको रचनात्मक उपयोग महत्वपूर्ण हुन सक्छ । मुलुकलाई परेको अप्ठेरो अवस्थामा यस्तो आम्दानीलाई पुनर्निमाण तथा विकासको रणनीति बनाएर अघि सार्न सकिन्छ । यस्तैगरी संक्रमणकालमा समावेशिता र मानवअधिकारको ख्याल राख्न र स्थायीकरणको चरणमा विकासका दीर्घकालीन तथा अल्पकालीन गतिविधिमा यसलाई प्रयोग गर्न सकिन्छ । यसले राष्ट्रिय विकासमा आप्रवासीको भूमिकालाई पनि बलियो पहिचान दिन्छ र अल्पविकसित मुलुकमाथि सहायताको लागि उच्च र नसुहाउँदो सर्त राख्ने अन्तर्राष्ट्रिय नियोगहरूसँगको झन्झटबाट पनि पार लगाउँछ ।

आप्रवासीमा उच्च सीप हुँदैमा तिनले उच्च रेमिटयान्स पठाउन सक्छन् भन्नु गलत भएको ओरोज्को (सन् २००५) को दाबी छ । तर तिनले उत्पादक लगानी भने भित्र्याउन सक्छन् भनी लोवेल र अरू (सन् २००४) तर्क गर्छन् । आर्थिक स्तर, गन्तव्य र रेमिटयान्सबारे नेपालमा गरिएको एक अध्ययन (खत्री सन् २००७) ले अमेरिका, बेलायत र अस्ट्रेलिया जाने सापेक्षिक रूपले सम्पन्न आप्रवासीले घरमा त्यति धेरै पैसा नपठाउने गरेका देखाउँछ । तिनले कमाएको पैसा आफू बस्ने मुलुकमा नै लगानी गर्ने गरेका अथवा आफ्ना परिवारका सदस्यलाई नयाँ मुलुक पठाउन खर्चेका भेटिन्छन् । तर द्वन्द्वको सन्दर्भमा हेर्दा तिनले संगठित रूपमा अघि बढेर नेपालमा लगानी गर्न खोजेको पनि देखिन्छ । राज्यनिर्माणसम्बन्धी अब बन्ने नीतिहरूले यो भावनालाई समेटेर तत्कालीन र दीर्घकालीन चरणको लागि काम थाल्नु जरुरी छ ।

आप्रवासनको अर्को पाटो भनेको स्रोत तथा संसाधन हो । नेपालको कुल जनसंख्यामध्ये २० प्रतिशत हिस्सा समेट्ने अति विपन्न परिवारलाई त नजिकैको भारत जान पनि आर्थिक जोहो गर्न कठिन छ । खाडी मुलुक र मलेसिया जाने नेपालीमध्ये लगभग शत प्रतिशतले नै आफूले कमाएको सम्पूर्ण रकम नेपाल पठाउने गरेका छन् । आफूसँग भएको रकम अनिश्चित समयको लागि आफैसँग राख्न नसक्ने हुनाले पनि तिनले तत्कालै आफ्नो कमाइ नेपाल पठाउने गरेका छन् । तथ्याङ्कहरूले देखाएअनुसार

खाडी मुलुक र दक्षिणपूर्वी एसियामा काम गर्न जाने नेपालीको रकमले नै अहिलेसम्म मुलुक धानिएको छ । खाडी मुलुकबाट आउने रकमले त नेपालमा कुल रेमिटयान्सको ७५ प्रतिशत हिस्सा समेट्छ । यीबाहेक रेमिटयान्सका हामीले बिर्सेका अन्य आयाम पनि छन् । यस्ता मुलुकमा जाने कामदारलाई अदक्षमा वर्गीकरण गर्नु भनेको हामीले तिनको ज्ञान र सीपको प्रवाहलाई बुझ्न अस्वीकार गर्नु सरह हो । अर्को कुरा, तिनलाई अदक्ष कामदारमात्रै सोचेर व्यवहार गर्नु तिनले मुलुकलाई पुऱ्याएको अगणित योगदानको समाजशास्त्रीय तथ्यलाई नै बेवास्ता गर्नु हो । समाजको संरचनाले प्रत्येक मानिसको सामाजिक हैसियत निर्धारण गर्ने समाजशास्त्रीय सिद्धान्तहरूले बताउँछन् । मानिसको हैसियत समाजलाई विभिन्न तवरले प्रभाव पार्न सक्ने शक्तिमा निहित हुने यस्ता सिद्धान्तको निक्र्याेल छ । यस हिसाबले पनि आप्रवासी कामदारहरू नेपाली समाजका मूल प्रभावी तत्व हुन् । तिनले भित्र्याउने रकमले मात्रै नभएर ज्ञान र सीपको हस्तान्तरणले पनि कति प्रभाव पार्न सक्छ भन्ने अहिलेसम्म मापन गरिएको छैन । यस्ता ज्ञान र सीपको स्थानीय परिप्रेक्ष्यमा ठूलो मूल्य हुन्छ, जुन घर फर्केका धेरै नेपालीले प्रमाणित गरिसकेका छन् ।

रेमिटयान्सले सामाजिक असमानता ल्याउँछ भन्ने केही विवाद पनि हावी छन् । यस विवादको पक्ष वा विपक्ष दुवैतर्फ तर्क गर्न मिल्ने थुप्रै उदाहरण छन् । तर अन्तिम निष्कर्षमा पुग्न केही मापदण्डको सहारा लिनुपर्छ । तिनमध्ये केही समय–सीमा, स्थान, असमानताको प्रकार आदि हुन् (खत्री सन् २००७) । विदेश जानको लागि लगानी गर्न सक्ने र नसक्ने जनताबीच रेमिटयान्सले असमानता बढाउने भए तापनि यसले परम्परागत रूपले सम्पन्न र विपन्न घरपरिवारबीचको विषमतालाई भने घटाएको बंगलादेशको अनुभवले देखाउँछ । यसले सम्पन्न र विपन्न जनताबीच सामाजिक समायोजनको लागि विभिन्न बाटो पनि खोलिदिएको छ (उदाहरणको लागि, रेमिटयान्सबाट आएको पैसाले खोलिएका पसल र फस्टाएको व्यापार, विद्यमान सम्पन्न परिवार र रेमिटयान्स पाएपछि हालसालै सन्तानलाई विद्यालय पठाउन सक्षम भएका परिवारका बालबालिकाबीचको मित्रता आदि) । यस्ता उदाहरणले सामाजिक अन्तरघुलनमा रेमिटयान्सको भूमिका महत्वपूर्ण हुने देखाउँछन् ।

यी सबै विवादबीच रेमिटयान्सको उपयोगिता यसको प्रयोजनमा भर पर्छ । कुनै पनि परिवारलाई संकटले सहजै कसरी असर गर्न सक्छ भन्ने सो परिवारको संसाधन जोड्न सक्ने क्षमताले मात्रै हैन, संसाधन व्यवस्थापनको प्रभावकारिताले पनि निर्धारण गर्छ (मोजर सन् १९९८) । त्यसैले लाभग्राही परिवारले आफ्नो उत्पादकत्व बढाउन यसलाई कसरी प्रयोग गर्छन् र त्यसको सामाजिक–आर्थिक औचित्य कस्तो हुन्छ

भन्नेमा रेमिटयान्सको प्रभावकारिता निर्भर रहन्छ। एसियाली मुलुकमा पठाइने धेरैजसो रेमिटयान्स दैनिक उपभोग्य सामग्री खरिद, जग्गा खरिद–बिक्री तथा आवास निर्माण र शिक्षामा खर्च हुने देखिन्छ (सोफ्रान्को र इड्रिस सन् १९९९) । यही अध्ययनले रेमिटयान्सका लाभग्राहीसँग रकम बचत गर्ने बानी पनि रहेको देखाउँछ। यसरी यी मुलुकमा रेमिटयान्सले वैदेशिक मुद्रा आर्जनमा सहयोग गर्नुसाथै खर्च तथा लगानीको माध्यमले बजार विस्तार गर्न सघाएका छन्।

रेमिटयान्सले मात्रै हैन, प्रत्यक्ष वैदेशिक लगानी, पारराष्ट्रिय उद्यम र लघुउद्यममा अप्रत्यक्ष लगानीको माध्यमले डायस्पोराले स्वदेशी उद्यममा सहयोग पुऱ्याउन सक्छन्। यसैगरी अरूले उच्च जोखिमको क्षेत्र भनी लगानी गर्न हच्किए पनि आफूसँग भएको जोखिम व्यवस्थापनसम्बन्धी ज्ञान र अन्य लगानीकर्तासँगको सम्बन्धलाई उपयोग गरी तिनले संकटको अवस्थामा पनि लगानी भित्र्याउन सक्छन्। यसबाहेक डायस्पोराले आफ्नो मुलुकमा बनेका सामग्रीको अन्तर्राष्ट्रिय बजारमा प्रवर्द्धन गर्न सक्छन्। यस्ता सामग्री ती आफैले खरिद गर्न पनि सक्छन्। यस्तो खरिदबिक्रीलाई बजारशास्त्रमा 'स्मृतिजन्य व्यापार' (नस्टाल्जिक ट्रेड) भन्ने गरिन्छ। विश्वमा करिब ७० प्रतिशत आप्रवासीले स्वदेशकै उत्पादन उपभोग गर्ने गरेका ओरोज्को (सन् २००५) को तथ्याङ्कले देखाउँछ। स्वदेश फर्केका आप्रवासीले लघुउद्यम चलाएर तिनको उत्पादन बजारीकरण गर्न विदेशमा पहिले बनेका सम्बन्ध र सञ्जाललाई प्रयोग गर्छन्। यसरी निर्यात व्यापार पनि बढ्छ। तर यी सबै पक्षलाई राज्यनिर्माणका नयाँ नीतिनियमले सम्बोधन गर्नुपर्छ।

डायस्पोरालाई ज्ञान हस्तान्तरणको स्रोत पनि मानिन्छ। प्रतिभाशाली नागरिक विदेशिने प्रक्रियालाई उहिलेको सोचाइमा 'बौद्धिकताको बहिर्गमन' (ब्रेन–ड्रेन), 'बौद्धिकताको पलायन' (ब्रेन–स्टर्मिङ) अथवा 'बौद्धिकताको क्षय' (ब्रेन–वेस्ट) मानिन्थ्यो । तर यो प्रक्रियालाई आजभोलि 'बौद्धिकताको विनिमय' (ब्रेन–एक्सचेन्ज), 'बौद्धिकताको परिसञ्चालन (ब्रेन–सर्कुलेसन) अथवा 'बौद्धिकताको लाभकारी बहिगर्मन' (बेनेफिसियल ब्रेन–ड्रेन) भनी अर्थ्याइन्छ (ओज्डेन र स्किफ सन् २००५)। मेयेर (सन् २००१) को तर्कानुसार हामीले सीप अथवा बौद्धिकतालाई कुनै पनि व्यक्तिमा स्थिर रूपमा निहित ज्ञानमात्रै सोच्नु भनेको ज्ञानलाई नै स्थिर वस्तु सोच्नु सरह हुन्छ। तर ज्ञान, सीप अथवा मानवीय पुँजी न स्थिर हुन्छन्, न त कुनै कागजात र प्रमाणले मापन गर्न मिल्ने खालका हुन्छन्। रोजगारमुखी आप्रवासन प्रायजसो अल्पविकसित मुलुकबाट विकसिततर्फ हुने गर्छन्। बौद्धिकताको पलायन हुन्छ भन्ने तर्क दिनुअघि

आप्रवासीले विदेश नगएको भए गुमाउने सीप सिकाइको अवसरलाई पनि हामीले मूल्याङ्कन गर्नुपर्छ ।

अन्तर्राष्ट्रिय सम्बन्ध तथा वैदेशिक सहायताको व्यवस्थापन राज्यनिर्माण प्रक्रियाको अभिन्न पाटो हो । गृहमुलुक र त्यसलाई सहयोग गर्न चाहने विकासमुखी संस्था तथा नियोगबीच डायस्पोराले मध्यस्थकर्ताको भूमिका निर्वाह गर्न सक्छन् । वु (सन् २००८) लेख्छन्, "अमेरिकामा रहेका प्रायजसो चीनविद्हरू चीनियाँ भाषा बोल्नै जान्दैनन् । स्थानीय मानिसहरू कसरी वार्तालाप गर्छन् भन्ने नबुझी यी विज्ञले कसरी कुनै ठाउँको संस्कृति बुझ्न सक्छन् र ?" विकासका गतिविधिमा आइपर्ने यस्तो अवस्थामा पनि भाषागत तथा सांस्कृतिक मध्यस्थता गर्न डायस्पोराको अहम् भूमिका हुन सक्छ ।

७. राज्यनिर्माणमा नेपाली डायस्पोराको उपयोग

नेपाल अहिले निर्णायक मोडमा छ । यसको सामु अहिले अति विकसित बन्न सक्ने अथवा पुरानै कमजोर मुलुक रहिरहने दुवै सम्भावना छन् । युद्धले क्षतिग्रस्त भएका पूर्वाधारसाथै द्वन्द्वका विरासतहरूले गर्दा अहिले मुलुक विभिन्न विचार र शंका–उपशंकाले विभक्त छ । वास्तवमा द्वन्द्वोत्तर राज्यनिर्माणको सफलता विभिन्न पक्षमा निर्भर रहन्छ । यसको लागि मानव संसाधन, पुनर्निर्माण तथा विकास, सुरक्षा क्षेत्र सुधारमा लगानी, शासन प्रणाली तथा कर्मचारीतन्त्रको सुदृढीकरण र जनतालाई सुरक्षा तथा सेवाको शीघ्र उपलब्धता जरुरी पर्छ (यस विषयमा विस्तृत चर्चाको लागि यसै पुस्तकको परिच्छेद ७ हेर्नुहोस्) । त्यसैले नेपालले आफूसँग भएका स्रोत तथा संसाधनलाई अधिकतम उपयोग गर्नुपर्ने देखिन्छ । यस प्रक्रियामा अनुपस्थित नागरिकको हैसियतमा भए पनि आप्रवासीको भूमिकालाई नकार्न सकिँदैन । त्यसमाथि अहिले तिनको संख्या दिनानुदिन बढ्दै छ । यसैगरी दोस्रो ठूलो आर्थिक गतिविधिको रूपमा आप्रवासनको प्रक्रियालाई पनि यसबाट अलग राख्न मिल्दैन । नयाँ सम्भावनाहरू देखापरे पनि नेपालले पछिल्लो समयमा ठूलो संख्याका युवालाई विदेशिनबाट रोक्न सकेको छैन । त्यसैले अहिले नेपालसामु देखिएको विकल्प विदेशमा काम गरिरहेका ६०–७० लाख नेपालीको क्षमतालाई उपयोग गर्नु हो । तिनका क्षमतालाई मुलुकको आवश्यकताअनुसार उपयोग गर्न सके, आप्रवासनलाई व्यवस्थित गर्न सके, डायस्पोराको समस्यालाई सम्बोधन गर्न सके र तिनलाई समग्र राष्ट्रिय विकासमा समाहित गराउन सके नेपाली आर्थिक क्षेत्रले ठूलो फड्को मार्न सक्ने देखिन्छ ।

८. आप्रवासन व्यस्थापन

डायस्पोराको सम्भाव्य क्षमतालाई उपयोग गर्ने यो पहिलो चरण हो । को कहाँ गएका छन् र कहाँ कस्ता सम्भावना छन् भन्ने अवलोकन गर्नु, भावी आप्रवासी कामदारलाई सीप तथा ज्ञानले दक्ष बनाउनु र गन्तव्य मुलुकमा सुरक्षित तथा फलदायी बसाइँको लागि सघाउनु यस्ता केही अभ्यासहरू हुन् । आप्रवासीको रूपमा गन्तव्य मुलुकमा उपयोग गर्न पाइने अधिकार तथा बहन गर्नुपर्ने दायित्वबारे सजग गराउनु पनि अर्को उत्तम अभ्यास हो । त्यसैले राज्यले आप्रवासनमाथि उचित तथा वैज्ञानिक अनुगमन गरी यससम्बन्धी अभिलेख पनि अद्यावधिक राख्नुपर्छ । साथै धेरै नेपाली आप्रवासी रहेका मुलुकमा आवश्यकता हेरी दूतावास र कन्सुलेट खोलेर आफ्ना नागरिकको कल्याण गर्न सकिने सबै विधि अपनाउनु पर्छ ।

९. डायस्पोरासँगको पहुँच

डायस्पोरासँग सरकारी पहुँच रहनु अर्को आवश्यकता हो । नेपालसँग अझै पनि डायस्पोरासम्बन्धी विस्तृत नीति छैन । गैरआवासीय नेपाली महासंघको बारम्बार अनुरोध आउँदा पनि यससम्बन्धी सामयिक र उपयुक्त नीति तर्जुमा हुन सकेको छैन । शाही शासनको बेला ल्याइएको गैरआवासीय नेपालीसम्बन्धी अध्यादेशलाई पनि पुनर्स्थापित प्रतिनिधिसभाले खारेज गऱ्यो । गैरआवासीय नेपालीसम्बन्धी अहिलेको परिभाषा तिनले नेपालमा बिताउने समयको आधारमा गरिएको छ, जुन अति साँघुरो छ । नेपाली मूलका सबै विदेशी नागरिक, विदेशमा बस्ने सबै नेपाली र नेपाली महिलासँग विवाह गरेका पुरुषलाई पनि यो परिभाषाभित्र समेट्नु पर्छ । तिनलाई मताधिकार, पैत्तृक सम्पत्तिमाथि अधिकारजस्ता सबै पक्षमा समान व्यवहार गरिनुपर्छ । निःशुल्क भिसा, कर छुट, विशेष परिचय-पत्र र गैरआवासीय नेपाली-मैत्री लगानीका नियमहरू व्यवस्था गरी राष्ट्रिय विकासमा तिनलाई प्रेरित गराउनु पर्छ ।

१०. राज्यनिर्माण प्रक्रियामा डायस्पोराको स्थान

डायस्पोरालाई राजनीतिक स्थान दिनु हुन्छ कि हुँदैन भन्नेबारे विवाद जारी नै भए पनि तिनलाई राजनीतिक स्थान दिइएका उदाहरण विश्वमा धेरै ठाउँमा छन् । डायस्पोराको राजनीतिक संलग्नताको लागि विभिन्न विषयमा तिनको राय बुझ्ने प्रावधान ल्याउनु पर्छ । उदाहरणको लागि पछिल्लो तीनवर्षे अन्तरिम योजना ल्याउनुअघि सरकारले करिब ७० गाविसका जनतासँग सुझाव लिएको थियो । आफूलाई एउटा सर्वसमावेशी योजना भनी दाबी गरे पनि यस योजनामा विदेशमा बस्ने नेपालीको आवाज भने

समेटिएको थिएन । सरकार तिनीहरूले नेपालमा लगानी गरोस् भन्ने चाहन्छ, तर लगानीका योजना बनाउँदा तिनको सहभागितालाई भने बेवास्ता गर्छ । त्यसैले अहिलेको सरकारी नीति माग्ने धेरै तर दिने कमजस्तो देखिएको छ ।

मेक्सिकोजस्तो मुलुकमा डायस्पोराबाट निर्वाचित प्रतिनिधि नै छान्ने व्यवस्था छ । तर यहाँ आफ्नो मुलुकबाट अन्यत्र गएका श्रमिक कामदारजस्ता अल्पकालीन आप्रवासीलाई भने मताधिकार समेत दिइएको छैन । नेपालले डायस्पोरासम्बन्धी संस्थाहरू भएका मुलुकमा कूटनीतिक भ्रमण सुरु गर्नुपर्छ । यसले तिनलाई स्वदेशको लागि कल्याणकारी काम थाल्न उत्साह थप्छ । गृहमुलुकमा अन्तरक्रियात्मक कार्यक्रमहरू आयोजना गरी सरकारले डायस्पोराको नेतृत्व तहलाई परिचालन गर्न पनि सक्छ । यसले नवीन कार्यको थालनीमा प्रस्थान विन्दुको काम गर्न सक्छ ।

डायस्पोराले विगतको द्वन्द्वले पारेको प्रभाव न्यूनीकरण गर्न र द्वन्द्व रूपान्तरण गर्नसमेत तेस्रो पक्षीय भूमिका खेल्न सक्छ । तिनले क्षतिभरण, मेलमिलाप, पुनर्समायोजन र पुनर्निर्माणजस्ता द्वन्द्वोत्तर विकासका काममा सक्रिय सहभागिता जनाउन सक्छन् । साथै मानवअधिकार, समावेशीकरण र सीमान्तकरणका विषयलाई पनि तिनले सम्बोधन गर्न सक्छन् ।

११. डायस्पोरालाई आबद्ध बनाउने काम

स्वदेशी तथा आप्रवासी समुदायबीच सम्बन्ध स्थापित गर्ने नीति निर्माण गर्नु डायस्पोरालाई आबद्ध बनाउने कामको पहिलो सर्त हो । यसको लागि पहिले त सरकारले विश्वभर छरिएर रहेका आप्रवासीलाई एकत्रित गर्ने नीति तथा कार्यक्रम ल्याउनु पर्छ । त्यसपछि तिनको नेपालमा गृहनगर, योग्यता, अहिले रहेको स्थान, रेमिटयान्स पठाउने तरिका आदिबारे विस्तृत तथ्याङ्क तयार पार्नुपर्छ । स्वदेशमा उपलब्ध लगानीका अवसर र आवश्यकताबारे तथ्याङ्क तयार पार्नु पनि महत्वपूर्ण हुन्छ । यी दुवैखाले तथ्याङ्क आप्रवासीलाई उपलब्ध गराएर तिनलाई स्वदेशमा लगानी गर्न प्रोत्साहित गर्नु सरकारको जिम्मेवारी हो । साथै उसले स्थानीय समुदाय र डायस्पोराबीच अन्तरक्रिया हुने अवसर जुराइदिनु पर्छ । यी सबै काम थालनी गर्दा नेपालको भावी राज्य संरचना, संघीयता र आर्थिक भविष्यलाई ख्याल राख्नुपर्छ । यसरी डायस्पोराले आफू सम्बन्धित संघीय एकाइमा लगानी गर्न झनै उत्साहित हुन सक्छन् ।

आप्रवासीहरूले सांस्कृतिक मूल्यलाई पनि प्राथमिकता दिने गरेको भेटिएको छ। तिनले मन्दिर, विद्यालय, धर्मशालाजस्ता पूर्वाधार निर्माणमा सहयोग जुटाएका छन्। विदेशमा रहेका नेपालीका संघसंस्थासँग गरिएको अन्तरवार्ताले तिनीहरू आत्मसन्तुष्टिको लागि यस्तो काममा संलग्न हुने गरेका तथ्य उजागर गर्छ। स्वदेशको लागि केही गर्न पाउँदा तिनलाई गर्वको अनुभूति हुन्छ। यसरी राज्यनिर्माण प्रक्रियामा कहिलेकाहीँ भावनात्मक पक्षले काम गर्छ। आप्रवासीहरूसँग भएको अपनत्वको यो भावनालाई उपयोग गर्न सके राज्यको लागि त्यो निकै फलदायी हुन्छ।

स्वदेशमा रकम पठाउँदा कुल रकमको ४ देखि १० प्रतिशतसम्म खर्च हुने अध्ययनहरूले देखाएका छन् (ओरोज्को सन् २००५)। आप्रवासीहरूले स्वदेशमा रकम औपचारिक वा अनौपचारिक कुन माध्यमबाट पठाउँछन् भन्ने यसैमा निर्भर रहन्छ। नेपालले रेमिटयान्स पठाउने तरिकालाई सहज बनाउनु पर्छ। स्वदेशी तथा विदेशी वित्तीय संस्थाहरूबीच भरपर्दो समन्वय स्थापित गरेर यस्तो सहजीकरण गर्न सकिन्छ। मेक्सिकोको राष्ट्रिय बचत तथा वित्तीय सेवा ब्याङ्क (न्यासनल सेभिङ्स एन्ड फाइनान्सल सर्भिसेज ब्याङ्क), भारतको स्टेट ब्याङ्क अफ इन्डिया र मोरक्कोको ब्याङ्क्वेस पपुलायर्स सरकारले गर्न सक्ने यस्ता असल प्रयासहरूका उदाहरण हुन्।

रेमिटयान्स प्रवाह, यसको लागि आवश्यक पर्ने सेवा शुल्कबारे जानकारी सम्प्रेषण, अन्तर-खाता रकम प्रवाह (अकाउन्ट-टु-अकाउन्ट मनी ट्रान्सफर) आदि सम्बन्धित सेवा दिन नेपालले विभिन्न कम्पनीहरूसँग साझेदारी विकास गर्न सक्छ। साथै आप्रवासी कामदार र तिनका परिवार दुवैलाई खाता खोल्न लगाएर निःशुल्क रेमिटयान्स प्रवाह गराउन पनि सरकारी निकायले मध्यस्थता गर्न सक्छ।

तीनवर्षे अन्तरिम योजनामा ग्रामीण पूर्वाधार पुननिर्माण, सडक सञ्जालको विस्तार गर्ने लगानी योजना र भौतिक पूर्वाधारमा अधिक लगानीलाई प्राथमिकता दिइएको छ। यी पक्षहरू हाम्रो राज्यनिर्माणका उद्देश्य र आवश्यकता नै हुन्। सरकारले विदेशमा रहेका नेपालीलाई विकास योजना, सांस्कृतिक गतिविधि र परोपकारी क्रियाकलापमा लगानीको लागि प्रेरित गर्न सक्छ। यसलाई सम्भव बनाउन विदेशमा रहेका नेपालीहरूको समूहलाई स्वदेशमा रहेका ग्रामीण तथा सहरी टोल विकास समूह तथा उपभोक्ता समूहहरूसँग सम्बन्ध स्थापित गराउन सकिन्छ। पहिला उपभोक्ता समूहले आफ्ना आवश्यकताको सूची बनाउन सक्छ। त्यसपछि सरकारको स्थानीय निकायले यसको सम्भाव्यता अध्ययन गरी डायस्पोरालाई यसमा पूर्ण अथवा आंशिक लगानी गर्न र सोबाट दाता र उपभोक्ता दुवैलाई हुने लाभबारे जानकारी गराउन सक्छ।

स्थानीय समुदायले पनि अर्थ, श्रम वस्तु अथवा अन्य कुनैखाले सहयोगले यस्ता परियोजनालाई सघाउन सक्छन् । एल साल्भाडोर (सामाजिक लगानी तथा स्थानीय विकास कोष) र मेक्सिको (इन्सियाटिभा सिउडाडाना) ले यस्ता सफल समन्वयको उदाहरण पस्केका छन् । तिनले सडक बत्ती फेर्नेदेखि पार्क, सपिङ सेन्टर आदिको निर्माणमा पनि आप्रवासीको लगानी भित्र्याउन सफल भएका छन् ।

नेपालमा धेरै उद्योगहरू बन्द भएका छन् भने कति बन्द हुनै लागेका छन् । नेपालले गैरआवासीय नेपालीलाई यस्ता क्षेत्रमा लगानी गर्नमात्रै नभएर यस्ता उद्योगको व्यवस्थापन सम्हाल्न अनुरोध गर्न सक्छ । तिनमा लगानी प्रवर्द्धन र जोखिम व्यवस्थापनको अब्बल क्षमता हुन सक्छ । तिनले आफ्ना उत्पादनलाई विदेशमा प्रवर्द्धन गर्न सक्छन् । पछिल्लो तीनवर्षे अन्तरिम योजनाले छुटाएका दुई महत्वपूर्ण काम_ खानी उत्खनन र फोहरमैलाको पुनःप्रयोग हुन् । फोहरमैला व्यवस्थापन नेपालमा विवादित विषय रहिआएको छ । गैरआवासीय नेपालीको सञ्जाल, विज्ञता र सीपलाई उपयोग गरेर नेपालले मूल्यवान् खनिज उत्खनन र फोहरजन्य पदार्थको पुनःप्रयोगमा नयाँ काम थाल्न सक्छ ।

यसैगरी मुद्रा परिवर्तनीय खाता (करेन्सी कन्भर्टिबल अकाउन्ट) खोल्ने सुविधा, पुँजी तथा मुनाफालाई इच्छाअनुसारको मुद्रामा परिवर्तन गरी लैजान पाउने सुविधा, कर छुट र विदेशी ब्याङ्कहरूले समेत नेपाली कम्पनीको प्रतिज्ञापत्र खोल्न पाउने सुविधा उपलब्ध गराई नेपालले गैरआवासीय नेपालीको लगानी भित्र्याउन सहयोग गर्न सक्छ । भारतको रिसर्जेन्ट इन्डिया बन्ड्स यसकै एउटा दृष्टान्त हो ।

धेरै गैरआवासीय नेपालीहरू अवकाशपछिको आफ्नो जीवन नेपालमा व्यतित गर्न चाहन्छन् । धेरैले आफ्ना सन्तानलाई बारम्बार नेपाल पठाइरहन्छन् र आफू पनि आइरहन्छन् । यसले सम्पत्ति (घर, जग्गा, फ्ल्याट आदि) मा तिनले लगानी गर्ने सम्भावना बढाउँछ । त्यसैले विदेशबाटै नेपालमा सम्पत्ति किन्ने अवसर जुराउने हो भने यस्तो प्रवृत्तिबाट पनि लाभ लिन सकिन्छ । अहिले सरकारले यो तथ्यलाई मनन गर्दैछ र गैरआवासीय नेपालीलाई परिचय–पत्र दिने व्यवस्थाको पनि तयारी हुँदैछ ।

ग्रामीण क्षेत्रमा धेरैजसो रेमिटयान्स अनौपचारिक माध्यमबाट लेनदेन गरिन्छ । यसले लेनदेनलाई असुरक्षित बनाउनुका साथै अन्य नकारात्मक असर पनि पार्न सक्छ । यसको साटो स्थानीय सहकारी, स्वावलम्बी वित्तीय समूह, आमा समूह आदिजस्ता स्थानीय संघसंस्थालाई प्रवर्द्धन गरी रेमिटयान्स प्रवाहमा सघाउन सकिन्छ । यस्तो उपाय रेमिटयान्स पठाउनेलाई पनि कम खर्चिलो र भरपर्दो बन्न सक्छ भने स्थानीय

संघसंस्थाको लागि पनि लाभदायी हुन सक्छ । यसले वित्तीय क्षेत्र र स्थानीय समुदायबीच सम्बन्ध सुदृढीकरण गरी अर्थ व्यवस्थापनमा समेत सहयोग गर्न सक्छ। पाकिस्तान, भारत र मेक्सिकोजस्ता मुलुकका सरकारले रेमिटयान्सको मामिलामा लघुवित्त र ऋण युनियनजस्ता औपचारिक क्षेत्रलाई प्रवर्द्धन गर्ने रणनीति अख्तियार गरेका छन् । पाकिस्तान सरकारकै जस्तो गरी नेपाल सरकारले पनि रेमिटयान्स अभिलेख राख्ने नीति अवलम्बन गरी नियमित रेमिटयान्स प्रेषकलाई प्रोत्साहन तथा अन्य सुविधाको व्यवस्था गर्न सक्छ ।

स्थानीय संघसंस्थाले ग्रामीण क्षेत्रमा रेमिटयान्सको विवेकी प्रयोग, साना लगानी, ब्याङ्किङ सीप, कर आदिबारे चेतना फैलाउन नेतृत्व लिन सक्छन् । यिनले लगानी प्रवर्द्धनका कार्यक्रम र विदेश जाने व्यक्तिका परिवारलाई ऋण तथा अनुदानको व्यवस्था आदि विषयमा काम गर्न सक्छन् ।

यस परिच्छेदमा अगाडि नै उल्लेख गरिएझैँ लगभग ७० प्रतिशत आप्रवासीले तिनको स्वदेशकै उत्पादन उपभोग गर्ने गरेका छन् (ओरोज्को सन् २००५) । यसैगरी डायस्पोराले सञ्चालन गरेका धेरै व्यापारहरू 'स्मृतिजन्य व्यापार' (नस्टाल्जिक ट्रेड) हुने गरेको पाइएको छ । यसलाई प्रवर्द्धन गर्न सके नेपाली वस्तुहरूको निर्यात बढाउन सकिन्छ । कर छुट, भन्साररहित किनबेच (डयुटी–फ्री सपिङ) आदि प्रोत्साहन थपी सरकारले यस्तो व्यापारको प्रवर्द्धन गराउन सक्छ । साथै आप्रवासीहरूले नेपाली चिया, हस्तकला आदिलाई बाह्य बजारमा प्रवर्द्धन गराउन सक्छन् । यी वस्तुहरू अद्यापि आम विदेशीमा लोकप्रिय भइसकेका छैनन् । यसको लागि सरकार, स्थानीय समुदाय र आप्रवासी तीनैको महत्वपूर्ण भूमिका रहन्छ ।

विदेशका धेरै मुलुकमा नेपाल हिमालहरूको भूमि भनेर चिनिन्छ । तर नेपाल आउने धेरै पर्यटक तराईको पनि उस्तै विविध संस्कृति र प्राकृतिक छटा देखेर मन्त्रमुग्ध हुन्छन् । पर्यटकहरूमाझ हिमाली क्षेत्र आकर्षणको विषय बने पनि तराईलाई अझै राम्ररी प्रचार गर्न सकिएको छैन । त्यसैले पर्यटनमा नेपाली डायस्पोरालाई दुई तरिकाले उपयोग गर्न सकिन्छ । पहिलो, डायस्पोरालाई नै केन्द्रित गरी पर्यटन प्रवर्द्धन गर्ने । दोस्रो, यस क्षेत्रमा लगानी गर्न चाहने डायस्पोरालाई संयुक्त लगानीका अवसरहरू जुटाइदिने । गैरआवासीय नेपाली महासंघले पर्यटन प्रवर्द्धनको लागि 'एउटा साथीलाई स्वदेश (घुम्न) पठाऊ' (सेन्ड होम अ फ्रेन्ड) भन्ने नारा नै तय गरेको छ । पर्यटकीय गतिविधिमा तिनको सहभागिता सुनिश्चित गर्न नेपाल सरकारले यही प्रतिबद्धताको उपयोग गर्न सक्छ ।

डायस्पोराले गर्न सक्ने एउटा महत्वपूर्ण योगदान भनेको आफूहरूले वर्षौंदेखि सिकेका ज्ञान र सीपको हस्तान्तरण हो। विदेशमा रहेका नेपाली विज्ञहरूले स्वदेशमा निरन्तर सम्पर्क गर्न सक्ने खालको सञ्जालको समन्वय गर्नु नेपाल सरकारको दायित्व हो। यसको लागि नीति तर्जुमा गरी सूचना तथा सीपको आदानप्रदान र हस्तान्तरणमा सरकारले सघाउनु पर्छ। यस्तो विषयमा चीन सरकारको नीति उच्च प्रशंसनीय छ। विदेशमा रहेका चीनियाँ विज्ञहरूसँग काम गर्न त्यहाँ पाँच केन्द्रीय निकाय छन्। साथै यहाँ केही अर्धसरकारी निकायले पनि सीप हस्तान्तरण तथा आदानप्रदान गतिविधिमा सघाउन वित्तीय सहयोग गर्ने गरेका छन्।

कृषिको परम्परागत पद्धतिले यो उद्योगलाई मौसममा निर्भर रहने बनाइदिएको छ। थुप्रै नेपाली युवा विदेशमा कृषि क्षेत्रमा संलग्न छन् र त्यस्ता मुलुकमा कृषिको आधुनिकीकरण भइसकेको छ। त्यसैले तिनले आधुनिक कृषि प्रणालीबारे धेरै बुझेका छन्। त्यो सीपलाई नेपालको कृषि क्षेत्रमा उपयोग गर्न सकिन्छ। तिनको ज्ञान र सीपलाई स्थानीय नेपाली कृषकसँग आदानप्रदान गरी ग्रामीण कृषि प्रणालीमा सुधार ल्याउन सकिन्छ।

१२. निष्कर्ष

आप्रवासनको प्रक्रिया र राज्यनिर्माणमा यस विषयको सान्दर्भिकतालाई कम आँक्न सकिँदैन। आप्रवासी समुदायको आर्थिक र गैरआर्थिक योगदानले अहिले ठूलो सम्भावना बोकेको छ। राज्यनिर्माण प्रक्रियामा यी दुवै पक्ष समेटिनुपर्छ। नेपालबाट विदेशतर्फ हुने आप्रवासन निरन्तर चली नै रहन्छ। यस्तो प्रक्रियाले विदेश जाने मानिसको जीवन सुधार्न सहयोग गरे तापनि उसको गृहमुलुकको विकासमा सघाउँछ नै भन्ने सुनिश्चित हुँदैन। मुलुकको सामाजिक-आर्थिक र राजनीतिक परिस्थितिले आप्रवासन व्यवस्थापन रणनीतिमा पार्ने प्रभावको आधारमा आप्रवासनको सफलता निर्भर रहन्छ। विदेशमा बस्ने आफ्नो मूलका नागरिकलाई मुलुकको विकासका प्राथमिकताबाट छुटयाएर राख्न मिल्दैन। आफ्ना नागरिक विदेशिने दर रोक्न नसकिरहेको अहिलेको अवस्थामा नेपालले बरु डायस्पोराको रूपमा तिनको सम्भावनालाई राष्ट्रिय विकासमा प्रयोग गर्न सक्छ। त्यसको लागि उपयुक्त नीति र सुहाउँदो लगानी परिवेश जरुरी पर्छ।

राज्यले प्रभावकारी नीतिको माध्यमले अनुकूल लगानी परिवेश निर्माण गर्नुपर्छ। दक्ष व्यक्तिको आप्रवासनलाई निरुत्साहित गर्ने, यसका कारणलाई सम्बोधन गर्ने र अवकाशप्राप्त आप्रवासी तथा पढाइ सकेका विद्यार्थीलाई फर्कन प्रोत्साहन गर्ने

खालको प्रभावकारी व्यवस्थापन नीति तर्जुमा हुनुपर्छ । यस्तै अर्को कदम भनेको डायस्पोरासँग पहुँच राख्ने रणनीति अख्तियार गर्नु हो । आप्रवासन तथा आप्रवासी दुवैको अनुगमन र तिनीहरू कहाँ छन् तथा के गरिरहेका छन् भन्नेबारे अद्यावधिक तथ्याङ्क राख्दा यस्तो काम प्रभावकारी हुन सक्छ । यस्तै गरी आप्रवासी र तिनका परिवारबीच आर्थिक मध्यस्थता गर्ने निकाय स्थापना गर्न सकिन्छ । यस्ता विविध पक्षलाई राष्ट्रिय विकास योजनाकै एउटा पाटो बनाउनु पर्छ ।

राज्यले विकासका गतिविधिमा डायस्पोराको संलग्नता बढाउन विशेष नीति ल्याउनु पर्छ । यसले लगानीकर्तालाई सेवा क्षेत्रबाहेक अन्य व्यवसायमा लगानी गर्न प्रश्रय दिनुका साथै लघुउद्यम, कृषि तथा अन्य उत्पादक क्षेत्रमा तिनको चासो बढाउन मद्दत गर्छ । रेमिटयान्सको प्रवाह औपचारिक माध्यमबाट गराउन प्रेरित गर्नुपर्छ । यसले मुलुकमा भित्रिने हर रकमको वासलात राख्न सम्भव बनाई सोहीअनुसार नीति तथा कार्यक्रम तय गर्न सघाउँछ । ग्रामीण क्षेत्रमा समेत सञ्चार र विशेषगरी मोबाइल फोनको पहुँच पुगिसकेको अहिलेको अवस्थामा रेमिटयान्सको औपचारिक प्रवाह अहिले असम्भव पनि छैन । त्यसमाथि यस्तो प्रवाह खर्च–मैत्री पनि हुन्छ । यसैगरी माथि चर्चा गरिएझैँ स्मृतिजन्य व्यापार र पर्यटन प्रवर्द्धनमा पनि डायस्पोराबाट सहयोग पाउन सकिन्छ ।

विकासका योजनामा आप्रवासीहरूको आवाजलाई समेट्नु र तिनका परिवारलाई लाभ पुग्ने कार्यक्रम ल्याउनु अर्को उत्तम उपाय हो । यस्तो प्रक्रियाको मद्दतले आप्रवासीहरूको ज्ञान तथा सीपलाई स्वदेशमा फैलाउन सकिन्छ । नेपालले यी सबै विषयमा चीनबाट धेरै सिक्न सक्नुपर्छ । सन् १९९० मा चीनले विदेशमा बसेका चीनियाँ नागरिकलाई स्थायी रूपमै स्वदेश फर्काउने नीति अँगालेको थियो । अहिले उसले 'मातृभूमिको सेवा गर्न अस्थायी फिर्ती' भन्ने नारासँगै आफ्ना नागरिकको अल्पकालीन फिर्तीमा जोड दिएको छ । नेपाली डायस्पोरासँग पनि सीप, ज्ञान र आर्थिक स्रोत छ भन्ने सर्वविदित छ । अनुकूल वातावरण सिर्जना गरेर मुलुकले यस्ता पुँजीलाई स्वदेश भित्र्याउन पहल गर्नुपर्छ । गर्न बाँकी यहाँ धेरै कुरा छन् र गर्न मिल्ने ठाउँ पनि छन् । त्यसको लागि चीनले नै गरेजस्तो पनि गर्नुपर्दैन । नेपालले स्वदेश फर्कने इच्छा भएका आप्रवासीलाई यतै फर्केर काम गर्न सक्ने वातावरण मिलाउन सक्छ । तर समष्टिगत परिप्रेक्ष्यलाई विश्लेषण गर्दा अहिले भने नेपाली आप्रवासीहरू जहाँ छन् त्यहीँबाट नेपालको राज्यनिर्माणमा सहयोग गर्न सक्ने अनुकूल नीति तर्जुमा गर्नु राज्यको लागि महत्वपूर्ण देखिन्छ ।

सन्दर्भ–सूची

Adhikari J, Gurung G. 2009. *Migration, Security and Livelihoods: A Case of Migration between Nepal and India.* Kathmandu: Nepal Institute for Development Studies.

Brackings S. 2003. Sending money home: Are remittances always useful? *Journal of International Development.* 2003(15):633-644.

Brinkerhoff JM. 2005. Diasporas, skill transfer, and remittances: Evolving perceptions and potential. *In:* Clay W, Brinkerhoff JM, editors. *Converting Migration Drains into Gains: Harnessing the Resources of Overseas Professionals.* Manila: Asian Development Bank, pp 127-53.

Brusle T. 2008. The Nepali Qatari migrant world. *Himal South Asian* 21(5). Lalitpur: South Asia Trust.

CBS [Central Beaureau of Statistics]. 2004. Nepal living standards survey report-2003/4. Kathmandu: CBS via www.cbs.gov.np accessed on 02 May, 08.

De Parle J. 2008. Globalization: Migrants send $300 billion home each year. *In: The New York Times.* March 17, 2008.

DHS [Demographic and Health Survey]. 2003. The report of the demographic health survey. Accessed via www.prb.org/presentations/MCHNepal.PPT on 4 January, 2010.

DoFE [Department of Foreign Employment]. 2008. *Migrant Workers by Year.* Kathmandu: Department for foreign Employment.

Ellerman D. 2005. Labour migration: A developmental path or a low level trap? *Development in Practice.* 15(5):627.

Gautam KC. 2006. Harnessing the potential of non-resident Nepalese for Nepal's Development. Kathmandu: Non-Resident Nepalese Conference-2007.

Khatri S. 2007. *Nepal: Contribution of Remittances in Poverty Alleviation and Employment.* Kathmandu: South Asia Centre for Policy.

Leaning J, Arie S. 2001. Human security: A framework for assessment in conflict and transition. The United States Agency for International Development (USAID).

Lowell L, Findlay A, Stewart E. 2004. "Brain strain: Optimising highly skilled migration from developing countries'. Institute for public policy Research. Asylum and Migration working paper No 3.

Martin P, Albella M. 2009. Migration and development: The elusive link at GFMD. *International Migration Review.* 2009 (summer), pp 431-439.

Meyer JB. 2001. Network approach vs brain-drain: Lessons from diaspora. *International Migration.* 39:91-108.

Mitchell S. 2006. Migration and the remittance euphoria: Development or dependency. London: New Economics Foundation.

Moser C. 1998. *The Asset Vulnerability Framework: Reassessing Urban Poverty Reduction Strategies.* Washington DC: The World Bank.

NIDS [Nepal Institute for Development Studies]. 2009. *Nepal Migration Yearbook 2008.* Kathmandu: NIDS.

Orozco M. 2005. *International Financial Flows and Worker Remittance: Best Practices.* New York: United Nation Population Division.

Ozden C, Schiff M, editors. 2005. *International Migration, Remittance and the Brain Drain.* Washington DC: The World Bank.

Seddon D, Adhikari J, Gurung G. 2001. *The New 'Lahures': Foreign Employment and Remittance Economy of Nepal.* Kathmandu: Nepal Institute for Development Studies.

Sharma JR. 2008. Practices of male labour migration from the hills of Nepal to India in development discourses: Which pathology? *Gender, Development and Technology* 12(3):303-323.

Sheffer G. 1986. *Modern Diaspora in International Politics.* New York: St. Martin.

Sofranko AJ, Idris K. 1999. Use of overseas migrant's remittances to the extended family for business investment: A research Note. Rural Sociology-64.

The World Bank. 2007. *World Bank Report- 2007.* www.worldbank.org. Accessed on 02 May, 2008.

Thieme S. 2006. *Social Networks and Migration: Far west Labour Migrants in Delhi.* New Brunswick: Transaction Publishers.

UNDP [United Nations Development Project]. 2009. *Human Development Report. 2009.* UNDP.

UNFPA [United Nations Fund for Population Activities]. 2007. *State of the World Population 2006. The Good, The Bad, The Promising: Migration in the 21st Century*. New York: UNFPA.

WFP [World Food Programme]. 2008. Passage to India: Migration as a coping strategy in times of crisis in Nepal. www.wfp.org accessed on 29 December, 2008.

Wimmer A, Glick Schiller, N. 2002. Methodological nationalism and beyond: Nation building migration and the social science. *Global Networks* 2(4):301-334.

Wu X. 2008. What America does not Know of China? *The Kathmandu Post*, May 11, 2008.

* * *

परिच्छेद १०

युवाको सैनिकीकरणः राज्यनिर्माणमा व्यवधान

अञ्जना लुइँटेल[१]
विष्णुराज उप्रेती[२]
अशोक राई[३]

१. परिचय

नेपालमा शान्ति प्रक्रिया जारी रहँदै गर्दा विभिन्न राजनीतिक दलले आफ्ना निहित अभिरुचि पूरा गर्न युवालाई व्यापक परिचालन गर्ने गरेकाले नेपाली समाज र राज्यको सुरक्षा संयन्त्रमा एक समय निकै गम्भीर चुनौती खडा गरेको थियो। यस्ता समूहको सक्रियता राजनीतिक उतारचढावसँगै केही घटे पनि समाजका विभिन्न तहमा आज पनि तिनको प्रभाव देख्न सकिन्छ। यस्तो अवस्थाले द्वन्द्व र मुठभेडको गम्भीर खतरा निम्त्याई मुलुक सैनिकीकरणको जोखिममा फँसाउन सक्छ। विस्तृत शान्ति सम्झौता–२०६३ मा हस्ताक्षर भएपछि नेपालमा एक दशक लामो सशस्त्र द्वन्द्वको अन्त्य भई नेपाली राजनीतिमा नयाँ अध्यायको सुरुआत त गर्‍यो, तर ध्वंशात्मक क्रियाकलापमा बलिया जनशक्तिको परिचालनले युवाको सैनिकीकरण गराउँदै समाजलाई पनि उग्र बनायो। एकातिर संघीयतालाई सही रूपमा कार्यान्वयनमा ल्याउन (यसको स्वरूप, प्रकार, स्तर, नामाङ्कन, सीमाङ्कन र स्रोत बाँडफाँट), पूर्वलडाकुको पुनर्स्थापन, राष्ट्रिय सुरक्षा संयन्त्रहरुको लोकतन्त्रीकरण, शक्ति साझेदारीको व्यवस्थापन, शान्तिको लाभांश वितरण, सामाजिक–आर्थिक रूपान्तरण र सामाजिक न्याय स्थापनजस्ता काम फत्ते गर्न राज्यलाई हम्मेहम्मे परिरहेको छ। अर्कोतिर, ठूलो संख्यामा युवा बेरोजगार र अर्ध–रोजगार छन्। यो स्थितिमा ध्वंशात्मक क्रियाकलापमा संलग्न हुन ती युवालाई उरालिएको छ। यसले गर्दा उत्पादनशील युवा समूह सैनिकीकरणको जालोमा फँसिरहेका छन्।

---

[१] संयोजक, सामुदायिक विकाससम्बन्धी स्नातक कार्यक्रम, स्कुल अफ आर्ट्स, काठमाडौँ विश्वविद्यालय; luitelanjana@hotmail.com

[२] दक्षिण एसिया क्षेत्रीय संयोजक, एनसिसिआर नर्थ–साउथ; bupreti@nccr.wlink.com.np

[३] स्नातकोत्तर विद्यार्थी, एचएनआरएससी, काठमाडौँ विश्वविद्यालय; asocrai@hotmail.com

परिवर्तनका संवाहक र समाजका अगुवा हुनाले युवा राष्ट्रको मेरुदण्ड मानिन्छन् । यस्ता युवाले ध्वंशमार्फत् राज्यलाई कमजोर बनाएको र समाजमा त्रास तथा असुरक्षा सिर्जना गरेको कल्पना पनि समाजले गर्दैन । संक्रमण र संकटको अवस्थामा युवालाई रचनात्मक कार्यमा लगाएर तिनलाई शान्ति, सद्भाव र सहअस्तित्वको संवाहक बनाइनुपर्छ । यस कार्यको साटो नेपालका थुप्रै युवा कसैको निहित स्वार्थ पूरा गर्न मुठभेड, झै-झगडा र हिंसामा लागेका देखिन्छन् । यसले युवाबीचको खाडल गहिरो बनाएर तिनलाई जातीयता, भौगोलिकता र राजनीतिक विचारधाराको आधारमा विभाजित बनाएको छ ।

ध्वंशमा युवा किन संलग्न हुन्छन् ? एकअर्कासँग तिनीहरू लड्ने कारण के हो ? समाज र राज्यमा यसले कस्ता परिणाम ल्याउन सक्छ ? यिनै प्रश्नको उत्तर दिने प्रयास यो परिच्छेदले गरेको छ । साथै ध्वंशात्मक क्रियाकलापमा युवा संलग्नताको कारण र त्यसको परिणाम विश्लेषणको साथै नेपालमा युवाको सैनिकीकरणको प्रक्रियाबारे व्याख्या गर्ने उद्देश्य पनि यस परिच्छेदको छ ।

युवाबारेको धारणा परिप्रेक्ष्यअनुसार फरक-फरक हुन्छ । तर सामान्यतया उमेर समूहको आधारमा तिनलाई परिभाषित गरिन्छ । नेपालको राष्ट्रिय युवा नीति-२०६६ ले युवालाई यसरी परिभाषित गरेको छः “कुल जनसंख्याको ३८.८ प्रतिशत रहेका १६-४० वर्ष उमेर समूहलाई युवा भनिन्छ ।”[४] यसैगरी युवा रोजगारीको लागि राष्ट्रिय कार्य नीति (सन् २००८-२०१५) ले नेपालमा १५ देखि २९ वर्षका उमेर समूहलाई युवा भन्छ । सन् २००४ मा रहेका २.४ करोड जनसंख्यामा २८.३ प्रतिशत युवा छन् । सामान्यतया अन्तर्राष्ट्रिय परिभाषाअनुसार १५-२४ वर्ष उमेर समूहमा युवा पर्छन्, जसअनुसार नेपालका १८ प्रतिशत जनसंख्या युवाको हुन्छ ।[५]

यो परिच्छेदमा ‘सैनिकीकरण’ लाई ध्वंशात्मक क्रियाकलापमा संलग्न हुने सामाजिक प्रक्रिया, हिंसा र धम्कीको प्रयोग, समाजमा डर सिर्जना, कानुनले बन्देज गरेका क्रियाकलाप सञ्चालन, निहित स्वार्थ पूर्ति गर्न अरू मानिसको अधिकारमा हानि गर्ने र व्यक्तिगत लाभ हासिल गर्न राजनीतिक शक्ति र स्रोतको दुरूपयोग गर्ने प्रवृत्तिको रूपमा परिभाषित गरिएको छ । अन्य विद्वान्ले सैनिकीकरणलाई जसरी परिभाषित गरे पनि यो परिच्छेदले सैनिक दृष्टिभन्दा सामाजिक अवधारणाअनुसार ‘सैनिकीकरण’ को व्याख्या गरेको छ ।

---

[४] युवा रोजगारीको लागि राष्ट्रिय कार्यनीति (सन् २००८-२०१५), राष्ट्रिय योजना आयोग, नेपाल सरकार ।

[५] १७२३ मा जन्मिएका पृथ्वी नारायण शाहले १७४३ बाट नेपाल एकीकरण थालेका थिए ।

गेयेर (सन् १९८९, पृ.७९) ले सैनिकीकरणलाई यसरी परिभाषित गरेका छन्ः "एउटा विरोधाभाष र तनावपूर्ण सामाजिक अवस्था जसमा हिंसा जन्माउन नागरिक समाज आफै संगठित हुन्छ ।" सैनिकीकरण विस्तारित प्रक्रियाजस्तै हो जसमा सामाजिक सोच, विश्वास, कार्यशैली आदिमा विस्तारै परिवर्तन हुन्छ र बलको प्रयोग एवम् सैन्य संगठनहरूलाई छुट्याइने ठूलो खर्चलाई वैधता दिन अनेक उपाय रचिन्छ (लुज सन् २००७) । कुमार (सन् २००६) ले राजनीतिक समाधानको लागि सैनिक शक्ति प्रयोग गर्ने सहजता वा त्यो प्रयोग गर्ने धम्कीको रूपमा सैनिकीकरणलाई परिभाषित गरेका छन् । यी परिभाषाले सशस्त्र सरकारी बल प्रयोगजस्ता राज्यको सैनिकीकरणमा बढी जोड दिएका छन् ।

राज्यले प्रयोग गर्ने सैनिक शक्तिलाई जनाउन सैनिकीकरणको अवधारणा प्रयोग गरिन्छ । यसमा अहिलेसम्म राज्येत्तर वा नागरिक पक्षको मनोविज्ञानमा जोड दिइएको छैन । राज्यकेन्द्रित अवधारणा (स्टेट-लेड अप्रोच) अनुसार सैनिकीकरण एउटा शृंखलाबद्ध प्रक्रिया हो । यसमार्फत् राज्यका सामाजिक संगठनहरू विस्तारै सैनिक नियन्त्रणमा पुग्छन् र सैनिक व्यवहारबाटै जनताको कल्याण हुने विश्वास गरिन्छ ।

यो परिच्छेदमा हामीले राज्य नेतृत्वको नभई राज्येतर नेतृत्वको युवा सैनिकीकरणबारे छलफल गर्छौं । एक दशक लामो विद्रोहबाट भर्खरै छुटकारा पाएको नेपालमा सुरक्षा तथा न्याय हासिल गर्ने र राज्यलाई सक्षम बनाउने बेलामा सामाजिक सैनिकीकरणको प्रक्रिया घातक हुन्छ । किनकि सैनिकीकरणले दण्डहीनता निम्त्याउँछ, कानुनी शासनको उल्लंघन गर्छ र समाजमा डर तथा तनाव सिर्जना गर्छ ।

२. नेपालमा युवाको अवस्था

नेपालको प्रमुख राजनीतिक इतिहास निर्माणमा युवाको भूमिका अग्रणी रहेको तथ्य जगजाहेर छ । तत्कालीन राजा पृथ्वीनारायण शाहले २० वर्षको उमेरबाटै नेपाल एकीकरण थालेका थिए ।[६] यसैगरी सन् १८१६ मा सुगौली सन्धिमा नेपालले आफ्नो एक-तिहाइ भाग गुमाउँदा तत्कालीन राजा गिर्वाण युद्धविक्रम शाह १७ वर्षका मात्र थिए ।[७] राणा प्रधानमन्त्री जंगबहादुर राणाले केवल २९ वर्षको हुँदा सत्ता सम्हालेका थिए ।[८] उनैको शासनबाट नेपालमा निरंकुश राणाकालको सूत्रपात भएको थियो ।

[६] गिर्वाण युद्ध विक्रम शाह (१७९९-१८१६) १८ महिनाको हुँदा गद्दीमा बसेका थिए । सुगौली सन्धि सन् १८१६ मा हस्ताक्षर भएको थियो । सन्धि भएको ८ महिनापछि गिर्वाण युद्धको मृत्यु भएको हो ।

[७] १८१७ मा जन्मिएका राणा २९ वर्षको हुँदा १८४६ मा कोतपर्व मच्चाएर प्रधानमन्त्री भएका थिए ।

[८] विस्तृत विवरणको लागि हेर्नुहोस्: http://www.nsu.org.np/index.php?goto=hist, नेपाली काँग्रेसको भातृ संगठन नेपाल विद्यार्थी संघको वेबसाइट ।

नेपालको इतिहासमा देखिएअनुसार युवाको भूमिकालाई कम आँक्न मिल्दैन । यहाँका प्रमुख सामाजिक–राजनीतिक घटनापछाडि युवाकै हात छ । राणाकालको अन्त्यमा होस् वा २०३६, २०४६ र २०६३ सालका राजनीतिक परिवर्तनमा, दलहरूले युवा शक्तिको व्यापक परिचालन गरेका थिए ।

नेपालमा शान्ति प्रक्रिया जारी रहेकै समयमा आफ्ना राजनीतिक क्रियाकलापमा सामेल गराउन दलले युवा दस्ता गठन गरेका थिए । दलहरूले आफ्ना शक्तिको (गलत) प्रयोग गर्दै युवालाई ध्वंशात्मक क्रियाकलापमा लगाएर एक अर्थमा सैनिकीकरण नै निम्त्याए । विभिन्न सशस्त्र समूहमा पनि युवालाई नै संलग्न गराइयो । बिडम्बना, देशको संक्रमणकालीन अवस्थामा राजनीतिक दलका सैनिकीकृत भातृ संगठनले समाजमा गम्भीर सुरक्षा चुनौती दिइरहेका थिए, यिनमाथि फेरि विभिन्न सशस्त्र समूहहरूको पनि उदय भएको थियो ।

विभिन्न दलका युवा दस्ता आ–आफ्ना राजनीतिक विचारधाराले मात्रै निर्देशित नभई ध्वंश र अवैध कार्यमा पनि संलग्न थिए । ध्वंशमा संलग्न भएर समाजमा त्रास तथा असुरक्षा सिर्जना नगर्ने हो भने राजनीतिमा युवा संलग्नता जहिल्यै सकारात्मक हुन्छ । राज्यनिर्माणमा ती युवाले आफ्नो शक्ति प्रयोग गरेको खण्डमा त्यो पनि रचनात्मक नै हुन्छ । यद्यपि, केही युवा दस्ताले निर्माण गरेको नकारात्मक विम्बको कारण नेपालमा समग्र युवाकै रचनात्मक छविलाई धमिल्याइदियो । एकातिर मनोवैज्ञानिक र शारीरिक रूपमा गतिशील र शक्तिशाली हुनाले युवाको ऊर्जालाई राजनीतिक दल वा अन्य समूहले आफ्ना निहित अभिरुचि पूरा गर्न प्रयोग गरिरहेका थिए । अर्कोतिर यस्ता दृष्टान्तले युवामा एक वा अर्को तरिकाले शक्ति वा प्रतिष्ठासँग गाँसिने चाहना बढेको देखाउँथ्यो ।

३. युवाको सैनिकीकरण

नेपाली परिप्रेक्ष्यमा 'युवाको सैनिकीकरण' ले निश्चित राजनीतिक दलले शक्ति र स्रोत हासिल गर्न युवालाई उराल्ने र अवैध कार्य (स्थापित मूल्यमान्यता र लोकतन्त्रको आदर्श तथा कानुनको अवज्ञा) मा संलग्न गराउने प्रवृत्तिलाई जनाउँछ । यस्तो प्रक्रियामा दल वा कुनै संगठनको स्वार्थपूर्ति गर्न ध्वंश, हिंसा एवम् राजनीतिक संरक्षणमा शक्तिको दुरूपयोगजस्ता कार्यमा युवालाई माध्यम बनाइन्छ ।

नेपालमा एनेकपा (माओवादी) ले सशस्त्र द्वन्द्व सुरु गरेलगत्तै सैनिकीकृत युवा दस्ता गठन हुन थालेका थिए । शान्ति सम्झौतामा हस्ताक्षर भएपछि यो प्रक्रिया अझ तीव्र

भयो । यद्यपि, राजनीतिक दलको युवा दस्ता गठन प्रक्रिया २००७ सालमा नेपाल छात्र संघ[९] को स्थापनासँगै सुरु भएको हो । गणेशबहादुर गुरुङको अध्यक्षता र कृष्णप्रसाद भट्टराईको उपाध्यक्षतामा सो दस्ता गठन भएको थियो । यस संगठनले राणा शासनविरुद्ध आवाज उठाएको थियो । पछि राजनीतिक दलले विस्तारै नेपाल विद्यार्थी संघ (नेविसंघ), अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्ववियु) गठन गरे ।[१०]

वर्तमान परिप्रेक्ष्यमा हेर्दा शान्ति सम्झौता भइसकेपछि एनेकपा (माओवादी) को लडाकु दस्ता वाइसिएलको पुनर्गठनले राजनीतिक दललाई सैनिकीकृत गर्न हौस्याएको थियो । शान्ति सम्झौता भएपछिका समयमा पनि थुप्रै दलले सैनिकीकृत युवा दस्ता बनाइसकेका थिए (हे. तालिका १०.१) । यस्ता संगठन निर्माण गर्नुको प्रमुख कारण तल्लोस्तरमा आफ्नो प्रभुत्व कायम राख्नु र अन्य युवा दस्तादेखि प्रतिरक्षाको काम गर्नु पनि थियो । राजनीतिक दर्शनले नै प्रेरित भएर युवा दस्तामा लागेका मानिस भने कम थिए । तर धेरै युवा बेरोजगारी, श्रुतिमधुर राजनीतिक आश्वासन, युवा समूहमा सहभागी हुँदा पाइने आर्थिक लाभ र राज्यको समग्र विकास प्रक्रियाबाट बहिष्करणमा पर्नुको पीडाले ध्वंशमा लागेका थिए । यसैगरी विभिन्न जातीय र धार्मिक संगठनले शक्ति प्रयोगमार्फत् आफ्ना उद्देश्य हासिल गर्न पनि अर्धसैन्य युवा दस्ता गठन गरेका थिए । यी समूहले समाजमा गर्ने भनिएका काम मूलतः यस्ता थिए:

- युवाको अधिकार सुनिश्चित गर्न तथा बेरोजगारी, शिक्षा, खेलकुद आदि सबै खालका वैचारिक, राजनीतिक र सांस्कृतिक समस्या सुल्झाउन युवा आन्दोलन र सचेतना कार्यक्रम सञ्चालन गर्ने,
- भ्रष्टाचार, गुण्डागर्दी, जनताको विचार नमान्ने प्रवृत्तिविरुद्ध राजनीतिक र कानुनी क्रियाकलाप सञ्चालन गर्ने,
- लागूऔषधबाट युवालाई टाढै राख्न त्यसविरुद्ध सचेतना अभियान सञ्चालन तथा त्यस्ता पदार्थको स्रोत, आपूर्ति र माग बन्द गराउने र युवालाई रूपान्तरण गर्ने अभियान सञ्चालन गर्ने,
- उपेक्षित समूहले सञ्चालन गरेका राष्ट्रिय स्वाधीनता, लोकतान्त्रिक तथा सामाजिक आन्दोलनमा सहायता गर्ने ।

---

[९] विस्तृत विवरणको लागि हेर्नुहोस्: http://www.nsu.org.np/index.php?goto=hist र http://www.annfsu.org.np/intro.html.

[१०] विस्तृत विवरणको लागि हेर्नुहोस्: http://www.nsu.org.np/index.php?goto=hist र http://www.annfsu.org.np/intro.html.

विगतमा विभिन्न राजनीतिक दलले गठन गरेका लडाकु दस्तासम्बन्धी तथ्याङ्क तालिका १०.१ ले देखाउँछः

तालिका १०.१ विगतमा राजनीतिक दललगायत विभिन्न समूहले गठन गरेका लडाकु दस्ता			
क्र.सं.	**युवा संगठन**	**माउ पार्टी**	**भौगोलिक प्रभाव**
१.	योङ कम्युनिस्ट लिग	एनेकपा (माओवादी)	मुलुकभरि
२.	युथ फोर्स	नेकपा (एमाले)	मुलुकभरि
३.	मधेसी युवा फोर्स	मधेसी जनाधिकार फोरम	पूर्वाञ्चल, मध्यमाञ्चल र मध्य-पश्चिमाञ्चलका तराई क्षेत्र
४.	चुरे-भावर शान्ति सेना	चुरे भावर एकता समाज पार्टी	मध्यमाञ्चल र मध्यपश्चिमाञ्चल क्षेत्र
५.	सेक्युरटी ब्रिगेड (रक्षा बाहिनी)	नेपाल सद्भावना पार्टी (महतो)	मध्यमाञ्चल र मध्यपश्चिमाञ्चल क्षेत्र
६.	मधेसी कमान्डो	नेपाल सद्भावना पार्टी	मध्यमाञ्चल र मध्यपश्चिमाञ्चल क्षेत्र
७.	तराई-मधेस सेवा सुरक्षा संघ	तराई-मधेस लोकतान्त्रिक पार्टी	मध्यपश्चिमाञ्चल र पश्चिमाञ्चल क्षेत्र
८.	अखिल नेपाल जनवादी युवा संघ	राष्ट्रिय जनमोर्चा पार्टी	मध्यपश्चिमाञ्चल र पश्चिमाञ्चल क्षेत्र
९.	थारु सेना	थारु स्वायत्त राज्य परिषद्	मध्यपश्चिमाञ्चल र पश्चिमाञ्चल क्षेत्रका केही जिल्लाहरू (दाङ, कपिलवस्तु र बर्दिया)
१०.	ओबिसी रेजिमन्ट	पिछडा वर्ग महासंघ	मध्यतराई क्षेत्र
११.	लिम्बुवान स्वयंसेवक र लिम्बुवान मुक्ति सेना	संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च/लिम्बुवान राष्ट्रिय परिषद्	पूर्व क्षेत्र
१२.	किराँत लिम्बुवान स्वयंसेवक	पल्लो किराँत लिम्बुवान मञ्च	पूर्व क्षेत्र
१३.	जनसुरक्षा बल	नेकपा-माओवादी	केही जिल्लाहरू
१४.	मधेस रक्षा बाहिनी	सद्भावना पार्टी	तराईका केही जिल्लाहरू
१५	खस क्षेत्री एकता समाज	खस क्षेत्री एकता समाज	मुलुकका केही क्षेत्रहरू

स्रोत: पाठक र उप्रेती (सन् २०१०), पुन मगर (२०६५) र अन्य विभिन्न स्रोतबाट संकलित ।

यद्यपि, यस्ता समूहमा युवालाई गलत वा अवैध तरिकाले संलग्न गराइन्थ्यो । यसले विभिन्न युवा दस्ताबीच मुठभेड सिर्जना गर्थ्यो । अहिले धेरैजसो अपहरणमा संलग्न हुने उमेर–समूह युवा नै हो । धम्की र ध्वंश पनि युवाको नियमित अभ्यास नै भइसकेको छ । यस्ता क्रियाकलापमा राजनीतिक संरक्षण मिल्छन् । परिणामतः तिनले दण्डहीनता र असुरक्षा सिर्जना गर्छन् । अनि कानुनी शासनलाई कमजोर बनाई राज्यनिर्माणको प्रक्रियामा गम्भीर चुनौती निम्त्याउँछन् ।

दलहरूले सैनिकीकृत युवालाई मुख्यगरी राजनीतिक अपराधमा प्रयोग गरेका थिए । हेगन (सन् १९९७) का अनुसार राजनीतिक अपराध निजी स्वार्थ वा आवेशभन्दा पनि विचारधाराको आधारमा गरिन्छ । राजनीतिक अपराधीमा समाज र कानुनले गर्नुपर्ने काम आफूले गर्दैछु भन्ने मनोवृत्ति हुन्छ । राजनीतिक अपराध गरिसकेपछि अर्धसैन्य दस्ताले प्रायः यस्तै स्पष्टीकरण दिन्छन् ।

नेपालमा राजनीतिमा अपराधीकरणको प्रवृत्ति निकै पहिले सुरु भएको थियो । २०४६ सालमा बहुदलीय प्रजातन्त्र पुनर्स्थापन भएपछि यस्तो अवस्था अझ गहिरियो (पाठक सन् २००५) । नेपालमा राजनीतिको अपराधीकरणको प्रक्रिया हेगन (सन् १९९७) ले भनेको कुरासँग केही हदसम्म बाझ्छ । किनकि उनले भनेको विचारधारात्मक उद्देश्य नेपालमा राजनीतिज्ञ वा राजनीतिक कार्यकर्ताको निजी स्वार्थ र आवेशले ओगट्छ । युवा कार्यकर्तालै गैरकानुनी क्रियाकलाप गर्दा नेतृत्वले कानमा तेल हालेर बस्दा भने राजनीतिक अपराधीकरणलाई टेवा मिल्छ ।

घिमिरे (२०६७) का अनुसार नेपालमा गैरराजनीतिक समूहको रूपमा रहेको खस क्षेत्री एकता समाजले समेत सैनिकीकृत युवा दस्ता गठन गरेको थियो, जसमा १२ सय सक्रिय सदस्य रहेका समाजको दाबी थियो । यसैगरी वाइसिएलको दाबीअनुसार तिनको संगठनमा ५ लाख सदस्य थिए, जसमध्ये साढे ४ लाख साधारण सदस्य र ५० हजार सक्रिय सदस्य थिए । तिनमध्ये ६ देखि ७ हजार पूर्णकालीन सदस्यहरू (होल–टाइमर्स) थिए । यसबाहेक, युथफोर्सले आफूसँग ६ लाख सदस्य रहेका र तिनको क्षेत्रीय विस्तार पनि बढिरहेको जनाएको थियो । संघ–संगठनले दाबी गरेअनुसार युवाशक्ति तिनसँग थिए/थिएनन्, तर युवाको लागि यिनले संकेत गर्ने भविष्य भने कहालीलाग्दो छ ।

इन्सेक (सन् २०१०) को तथ्याङ्कअनुसार सशस्त्र समूहको क्रियाकलापले तराई क्षेत्रको सुरक्षामा सुधार आएको छैन । इन्सेकको मानव अधिकार वर्ष पुस्तक–सन् २०१० अनुसार सन् २००९ मा तराईका १५ जिल्लामा २४० जना मारिएका थिए । तिनमध्ये

२७ जनाको राज्यद्वारा, २२ जनाको सशस्त्र समूहद्वारा, ८९ जनाको पहिचान नखुलेका समूहद्वारा र वाइसिएल तथा युथ फोर्सद्वारा एक-एक जनाको हत्या भएको थियो । अहिले एनेकपा (माओवादी) बाट टुक्रिएको समूह नेकपा (माओवादी) र च्याउसरी उम्रिएका सशस्त्र समूहले तराईको हिंसात्मक आगोमा घ्यू थपिरहेका छन् ।[११]

नेपालमा उपेक्षाको इतिहासलाई हेरेर युवाको सैनिकीकरणसम्बन्धी कार्य-कारण विश्लेषण (कज एण्ड इफेक्ट एनालिसिस) गर्न सकिन्छ । यसरी हेर्दा तुलनात्मक रूपमा अन्य क्षेत्रका भन्दा तराईका युवा धेरै सैनिकीकृत भएको देखिन्छ । भारतसँग खुला सीमाना हुनाले राज्यले तराईका युवाको राष्ट्रप्रेममा जहिल्यै शंका गर्‍यो । यसरी यो समूह शासन प्रक्रियाबाट बहिष्करणमा पर्‍यो । खुला सीमाना हुनाले साना हतियारसँग तिनको पहुँच पनि सजिलै थियो । यसले तराईका युवामा सैन्य मानसिकता भर्न झनै ऊर्जा मिल्यो । साना तथा हलुका हतियारको अवैध व्यापारले विश्वका विभिन्न भूभागमा चलिरहेका गृहयुद्ध र सशस्त्र विद्रोहलाई उरालिरहेको छ । साथै यसले द्वन्द्वोत्तर पुनर्मिलन र पुनर्संरचनाका प्रयासमा भाँजो हालिरहेको छ ।

उप्रेती (सन् २००६) ले लेखेअनुसार नागरिक संगठनमाथि सैनिकले प्रभुत्व जमाएको अवस्था सैनिकीकृत समाज हो । नागरिक आन्दोलन नियमन गर्न, सामाजिक समस्या समाधान गर्न र राष्ट्रिय सुरक्षाको नाममा सुरक्षा बलले समाजमाथि त्रासआधारित प्रभुत्व विस्तार गर्ने काम सैनिकीकरणको स्वरूप हो । सडक संघर्षको संस्कृति र हिंसात्मक तवरमा एउटाको अभिरुचि पूरा गर्ने प्रक्रियाले त्यतिबेला सम्पूर्ण मुलुकलाई नै सैनिकीकृत बनाइरहेको थियो । युवाशक्तिलाई राजनीतिक सहमति प्राप्त गर्ने माध्यम बनाइएको हुनाले पनि नेपाल सैन्य राष्ट्रतर्फ धकेलिइरहेको प्रतित हुन्थ्यो ।

४. सैनिकीकरणका कारण

राजनीतिक दललगायत अन्य समूहले नेपालका युवालाई समय-समयमा गलत प्रयोग गरिरहेका छन् । विरोधको बेला मात्र युवा परिचालन गरिने हुनाले समाजमा तिनलाई नकारात्मक विम्ब दिइन्छ । तर थोरै अनुसन्धाताले मात्र यसको कारण खोतलेका छन् । यस परिच्छेदले पनि सैन्य गतिविधिमा युवा संलग्नको कारण केलाउने प्रयास गरेको छ । अबको खण्डमा युवा सैनिकीकरणको मनोवैज्ञानिक, सामाजिक-आर्थिक र राजनीतिक आयामलाई चर्चा गरिएको छः

---

[११] ओएचसिएले नेपालको अवस्था अद्यावधिक गर्ने समाचारपत्र (सिचुएसन अपडेट) को अंक ५८ (१-२८ फेब्रुअरी २०१०) मा पनि यो तथ्य उल्लेख गरेको छ ।

४.१ मनावैज्ञानिक कारण

युवावस्थामै व्यक्ति उत्तरदायी भएर उत्पादनमूलक कार्यमा लाग्छ । यससँगै उसमा जिम्मेवार मनोवृत्तिको विकास हुन्छ । व्यक्तिले फरक–फरक विचारधारा र संगतअनुसार आफूलाई पहिचान गर्न थालेपछि भने वैयक्तीकरणको प्रक्रिया सुरु हुन्छ । यो अवस्थामा पहिचान नै मूल तत्व बन्छ । परम्परागत मूल्य–मान्यतालाई चुनौती दिँदै त्यस्ता व्यवस्थाविरुद्ध लाग्ने आँट जोसँग देखिन्छ, उसैको पछि ती युवा लाग्न थाल्छन् । यस्तो बेला तिनीहरू कर्मप्रति बढी र परिणामप्रति कम ध्यान दिन्छन् । एवम् रीतले युवा वर्ग कसैको इच्छापूर्तिको लागि गुलिया नारासँगै परिचालित हुन्छन् ।

धेरै युवा भएको तर अल्पविकसित समाजमा शिक्षा र रोजगारीबीच असन्तुलन हुन्छ । यस्तो अवस्थाले धेरै जनालाई बेरोजगार बनाउँछ । बेरोजगारीले मानिसलाई फुर्सदी बनाउँछ । त्यसैले विविध समूहसँग लागेर रचनात्मक अथवा ध्वंशात्मक क्रियाकलापमा सामेल हुन तिनले समय पाउँछन् । उमेरको यो अवस्थामा रचनात्मकभन्दा विद्रोही काममा युवा वर्ग छिटै उत्प्रेरित हुन्छन् । तिनले साथीसँगीका कुरा बढी सुन्छन् । यसै कारण आफ्ना सँगी सहभागी भएको क्रियाकलापमा युवा जमात सजिलै आबद्ध हुन्छन् (टिप्लेट सन् २००४) । युवाको यस्तो समूहले परिवर्तन चाहन्छ । त्यसैले यिनीहरू शीघ्र–प्रतिकारी हुन्छन् । यसैकारण, थुप्रै हड्तालमा ढुङ्गा हान्ने, टायर बाल्ने र साना हतियार तथा बम प्रयोग गर्ने काममा युवा संलग्नता बढी देखिएको हुन्छ ।

विश्वव्यापी प्रवृत्ति हेर्दा थुप्रै आत्मघाती बम हमला, अपहरण र हत्यामा युवा नै संलग्न देखिन्छन् । जस्तै २०१० को मे महिनामा न्युयोर्क टाइम्स स्क्वायरमा राखिएको कार बम, २००८ को नोभेम्बरमा मुम्बई बम हमला आदिमा पनि युवाकै प्रयोग भएको थियो ।

४.२ सामाजिक–आर्थिक कारण

युवा र गृहयुद्धबीच नजिकको सम्बन्ध भएको तथ्य थुप्रै विद्रोह र गृहयुद्धबाट प्रस्ट हुन्छ (उप्रेती सन् २००९) । स्रोतसँग पहुँच नभएका युवा थुप्रै हुनाले सम्पूर्ण राष्ट्रलाई थर्कमान गराउन युवा नै अग्रपंक्तिमा भेटिन्छन् । स्रोत अभाव हुँदा शक्ति हासिल गर्न अर्धसैन्य वा सैन्य समूहमा युवा सामेल भएका तथ्य पनि थुप्रै छन् । स्टाभेटिग (सन् २००५) ले ठूलो संख्याका युवा र गृहयुद्धबीच ऐतिहासिक कालखण्डदेखि नै सम्बन्ध रहेको तर्क गर्छिन् । यसैगरी युवा जनसंख्याको आकार बढ्दै जाँदा जर्मनीमा नाजी

दलको उदयलगायत पूर्व–आधुनिक र वर्तमान युरोपको युद्ध गहिरिएको मोल्लर (सन् १९६८) को दाबी छ ।

नेपालको परिप्रेक्ष्यमा कुल जनसंख्याको ३८.८ प्रतिशत हिस्सा युवाको छ । यिनीहरू सैनिकीकरणमा लाग्ने प्रमुख कारण पनि बेरोजगारी नै भएको तथ्य त जगजाहेर छ । राष्ट्रको लगभग आधा जनसंख्या ओगट्ने युवामध्ये अधिकांश त राष्ट्रिय विकास प्रक्रियाभन्दा बाहिरै छन् । यसमाथि राजनीतिक दलले पनि युवाको भूमिकालाई राम्ररी पहिचान गर्न सकेका छैनन् । युवालाई राम्रो काममा परिचालित गर्न नसकिए उनीहरू आक्रामक भएर देखापर्छन् । तिनलाई निरन्तर गरिने उपेक्षा द्वन्द्वोत्तर राज्यनिर्माणमा प्रत्युत्पादक ठहरिन सक्छ । त्यसले हिंसाको रोकथाम र सामाजिक पुनर्मिलन तथा पुनर्निमाण प्रक्रियामा व्यवधान ल्याउन सक्छ । विकसित हुन त खोज्ने तर आर्थिक स्वतन्त्रता चाहिँ नपाउने, राजनीतिक तथा बौद्धिक अभिमुखीकरणमा छिटो फँस्ने, र आफूले सोचेअनुरूप जीवन नहुने अवस्थामा युवाले असन्तुष्टिको प्रतिप्रभाव फैलाउँछन् (टिप्लेट सन् २००४) । यस्तै क्रिस्टोफ र शेरिल (सन् २००९) ले भने परिवार स्थापित गर्न नसकेको अवस्थाले युवालाई हिंसाउन्मुख गराउने तर्क गर्छन् ।

युवालाई प्रभाव पार्ने सामाजिक–आर्थिक आयामले नै बलात्कार, अपहरण र हिंसात्मक कार्यमा तिनको संलग्नता बढाउँछ । एकातिर जागिर नहुनाले समाजले युवाप्रति हेय दृष्टि राख्छ । अर्कोतिर, तिनको बढ्दो भौतिक आवश्यकता पनि पूर्ति भएका हुँदैनन् । यसै कारण युवा वर्ग सैनिकीकृतमात्रै हैन, अपाङ्गता, यौनरोग र एक्लोपनाको शिकारसमेत भइरहेका छन् ।

सैनिकीकृत समूहमा युवकहरूको बढी झुकाव देखिँदा युवतीहरू चाहिँ तुलनात्मक रूपले त्यस्ता समूहमा किन कम आबद्ध हुन्छन् भन्ने प्रश्न उठ्छ। यो उमेरमा सामाजिक स्तरमा महिलाको भूमिका रचनात्मक हुन्छ । त्यसमाथि हाम्रोजस्तो अल्पविकसित मुलुकमा महिलाभन्दा धेरै गतिशील हुन्छन् । पुरुष युवा विभिन्न विचारधारा र समूहको प्रभावको कारण बढी आक्रामक हुन्छन् । अर्को कुरा, पुरुषहरू सामाजिक सञ्जाल बढाउने उद्देश्य राख्छन् भने महिलाहरू भने घरधन्दामा बढी सीमित हुन्छन् ।

विकासोन्मुख र अल्पविकसित मुलुकभित्रको जनसांख्यिक बनोटमा युवाको संख्या बालबालिका र वृद्धवृद्धाको भन्दा बढी देखिएको हुन्छ । यसलाई जनसांख्यिक आलेखहरूमा 'युथ बल्ज' भनिने गरेको छ । जनसंख्याशास्त्रीय विश्लेषणअनुसार उमेर समूहको यस्तो बनोटले गर्दा पनि कुशासन, बेरोजगारी, कमजोर कानुनी व्यवस्था र राजनीतिक अस्थिरता जन्मछन् । विवाहपूर्वको यौनसम्बन्धलाई निषेध गर्ने

परम्परागत समाजमा कतिपय युवाका जैविक आवश्यकता परिपूर्त हुन पाउँदैनन् । जागिर बजारबाट निराशामात्रै हात लाग्दा भविष्य अपेक्षित दिशातर्फ जाँदैन । यी सबै कारणले युवा वर्ग धम्की तथा त्रासमार्फत् हासिल हुने शक्ति प्राप्त गर्न लहसिन्छन् ।

४.३ राजनीतिक कारण

दबाइएका र वैचारिक प्रभाव परेका युवाले ध्वंशको सहायताले आफ्नो उद्देश्य हासिल गर्न अर्धसैन्य दस्ता गठन गर्छन् । नेपालमा पनि जातीय, भौगोलिक र राजनीतिक पहिचानको माग गर्ने थुप्रै सैन्य समूह छन् । प्रत्येक समूहको शून्य सहनशीलताले अर्को समूहलाई निषेध गर्छ । यस कारण तिनबीचको मुठभेड पनि अनियन्त्रित हुन्छ ।

विगतको राजनीतिक प्रक्रिया बहिष्करणकारी थियो । यसैले थुप्रै युवा राजनीतिक लाभदेखि बाहिरिए । यसैलाई उराल्दै सैन्य र अर्धसैन्य दस्ताले प्रतिकारी समूहमा युवालाई आकर्षित गराए । यस्ता संगठनमा लागेपछि युवाले आफू शक्तिशाली भएको अनुभव गरे । त्यसैअनुसार उनीहरू त्यस्ता समूह र विचारधाराप्रति आस्थावान् रहन थाले भन्ने आदित्य (सन् २००६) को विश्लेषण छ । सैन्य समूहमा आबद्ध हुँदा युवालाई पहिचान मात्र नभई शक्ति पनि मिल्छ । त्यसैले नागरिकमाझ आतंक सिर्जना गर्न तिनलाई प्रेरणा पुग्छ । निर्णय-निर्माण प्रक्रियामा नसमेटिँदा युवाले सक्रिय राजनीतिक भूमिका निर्वाह गर्न र नियम कानुनको अभ्यास गरी जान्न/बुझ्न पाउँदैनन् । यसरी यिनीहरू नागरिक उत्तरदायित्व स्वीकार्नबाट समेत वञ्चित हुन्छन् । यसरी राजनीतिक कारणले पनि युवा वर्ग सैनिकीकृत हुन्छन् ।

५. राज्यनिर्माणमा पर्ने असर

कुनै पनि समाजमा द्वन्द्व अवश्यम्भावी हुन्छ । यसलाई विकासको माध्यम पनि मानिन्छ । द्वन्द्वविना विकासको नयाँ प्रक्रियालाई ठाउँ पनि मिल्दैन । युद्धग्रस्त मुलुकका द्वन्द्वले नवीन रचना पनि गर्न सक्छन्, र विध्वंश पनि । नेपालमा द्वन्द्वले दुवैखाले प्रभाव पार्‍यो । केही सकारात्मक परिणामसहित नेपालको सशस्त्र द्वन्द्वले पारेको एउटा नकारात्मक परिणाम चाहिँ युवाको सैनिकीकरण हो । राज्यनिर्माण र लोकतान्त्रिक स्थायित्वमा यसले गम्भीर असर पारेको छ । नेपाली परिप्रेक्ष्यमा यससम्बन्धी प्रमुख चुनौती तीनओटा छन्ः

१. रचनात्मकभन्दा ध्वंशात्मक कार्यमा युवा संलग्नता,
२. युवा आकांक्षालाई सम्बोधन गर्न राज्यको विफलता,
३. युवाको राजनीतीकरण र अपराधीकरण ।

शैक्षिक अवसरमा लगाउनुपर्ने समयको नाश, ऊर्जा र बौद्धिकताको क्षय आदि युवाको सैनिकीकरणका प्रथम असर हुन्। तर राजनीतिक दल र विभिन्न अभिरुचिका समूहले त्यस्ता सैनिकीकृत दस्ता गठन गर्नुको उद्देश्य जेसुकै भए पनि तिनले निम्त्याउने परिणाम एउटै छः कमजोर लोकतन्त्र र अन्ततः असफल राष्ट्रको सिर्जना। युवाको सैनिकीकरणले राष्ट्र, समाज र युवामाझ फरक–फरक असर गर्छ। युवाले भौतिक र मानसिक तनाव खेपेका हुन्छन् जसले तिनलाई हिंसा र आपराधिक क्रियाकलापमा सामेल गराउँछ। सामाजिक स्तरमा युवाको सैनिकीकरणले गर्ने प्रभाव निम्न छन्ः

- दण्डहीनता, त्रास तथा असुरक्षा,
- ध्वंश, आपसी लडाइँ, बलात्कार, अपहरणजस्ता आपराधिक क्रियाकलापमा वृद्धि,
- नकारात्मक सामाजिक छवि र अविश्वास,
- मानव स्रोतमा क्षय जसको कारण विकास तथा आर्थिक वृद्धिमा असर,
- आश्रित जनसंख्यामा वृद्धि,
- निष्क्रिय कानुनी व्यवस्था।

यस्तो परिप्रेक्ष्यमा द्वन्द्वको मानसिकताबाट समुदायलाई छुटकारा दिनु सबै सरोकारवालाहरूको जिम्मेवारी हो। विस्तृत शान्ति सम्झौतादेखि संविधानसभाको विघटन हुँदासम्म नेपालले संक्रमणका थुप्रै चरण पार गऱ्यो। तर द्वन्द्वोत्तर अवस्थामा परिवर्तन भइरहने सरकार र राजनीति अस्थिर देखिन्छन्। यसले युद्ध–मानसिकतातर्फ झुकाव राख्न थुप्रै राजनीतिक दललाई उरालेको छ।

युद्धको आयाम यस्तै हुन्छ भनी भविष्यवाणी गर्न सकिँदैन। सुनियोजित नभएको युद्ध जुनसुकै बाटोमा जान सक्छ। युवा जनसंख्या धेरै भएको राष्ट्रमा त अवस्था झन् गम्भीर हुन्छ। युवाशक्ति एकैछिनमा सुकर्म र कुकर्म दुवैको लागि प्रेरित हुन सक्छन्। त्यसैले तिनलाई व्यवस्थित गर्नु चुनौतीपूर्ण काम हो। आपराधिक मानसिकता भएका युवालाई रचनात्मक तथा उत्पादनशील काममा लगाउन झनै गाह्रो हुन्छ। यस्तो अवस्थामा तिनलाई कानुनी व्यवस्था तथा रचनात्मक मूलधारमा ल्याएर मनोसामाजिक परामर्श दिनु राज्य र माउ दल दुवैको दायित्व हो। यसले समुदायलाई सचेत बनाएर पुनर्मिलन र पुनर्स्थापनको प्रक्रियालाई अझ सुमधुर बनाउँछ।

युवा र राज्यनिर्माणबीच प्रत्यक्ष सम्बन्ध छ। एकापसलाई तिनले व्यापक प्रभाव पार्न सक्छन्। राज्यनिर्माण र शान्ति प्रक्रिया सँगसँगै जान्छन्। तर राज्यनिर्माणको

प्रक्रियाले अन्ततः शान्ति स्थापना नगर्न पनि सक्छ। यसमा राज्य पुनर्संरचना प्रक्रिया पनि सामेल हुन्छ, जसलाई सुव्यवस्थित ढङ्गले लगिएन भने समग्र शान्ति प्रक्रियालाई नै असर पुग्न सक्छ। त्यसैले राज्यनिर्माण प्रक्रियाको उचित व्यवस्थापन नभए त्यसले समाजमा हिंसा मच्चाउनुसाथै युवालाई अझै सैनिकीकृत गराउन पनि सक्छ।

अनुत्पादक युवाको साथले राज्यनिर्माण सम्भव हुँदैन। धम्कीपूर्ण धन्दामार्फत् युवाले आफ्नो उद्देश्य त पूरा गरिरहेकै छन्, तर यसले तिनलाई झनै अकर्मण्य बनाएको छ। युवा समूह जाति, क्षेत्र र संस्कृतिको आधारमा विभाजित हुने रीतिले मुलुक टुक्र्याउने खतरा सिर्जनुका साथै विकासको समग्र प्रक्रियामा भाँजो पनि हाल्न सक्छ। नेपालमा युवा दस्ताका गतिविधिले मानव अधिकारको उल्लंघन गरेका छन्। जातीय, भौगोलिक र सांस्कृतिक आधारमा द्वन्द्व सिर्जेर असहज स्थिति निम्त्याएका छन्। यी युवा समूहले भ्रष्टाचार र लागूऔषध कारोवारविरुद्ध केही राम्रा काम पनि गरेका छन्। तर तिनको आधार हिंसा नै बनेको छ। अरू त अरू, सम्बन्धित माउ दल तिनका युवा संगठनका क्रियाकलापबारे जानकार भए पनि तिनका अनुत्तरदायी कार्यप्रति जवाफदेही भने छैनन्। यसले राज्यनिर्माणमा अड्चन हाल्नुका साथै शान्ति प्रक्रियालाई पनि नकारात्मक असर पारिरहेको छ।

६. युवाका सवाललाई राज्यको सम्बोधन

थुप्रै युवा सैन्य क्रियाकलापमा संलग्न भएका र तीभन्दा बेसी आफ्ना शैक्षिक वृत्तिका लागि विदेशिएका हुनाले संक्रमणकालीन नेपालमा सीमित युवा शक्तिमात्रै छन्। जनसंख्या र विकाससम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन (इन्टरन्यास्नल कन्फरेन्स अन पपुलेसन एन्ड डिभेलपमन्ट), युवा कार्यसम्बन्धी विश्व कार्यनीति (वर्ल्ड प्रोग्राम अफ एक्सन अन युथ) जस्ता सम्मेलनमा हस्ताक्षर गरेर राज्यले युवाका सवाल सम्बोधन गर्ने प्रयत्न त गरेको हो तर यसको समाधानतर्फ भने थोरैमात्र काम गरिएको छ। जाति, धर्म, संस्कृति, र भौगोलिकताको आधारमा मात्रै युवा उपेक्षित छैनन्। यिनको उमेरको आधारमा पनि राज्यले यो वर्गलाई पाखा पार्ने गरेको छ।

सैनिकीकरणको बढ्दो प्रक्रियासँगै युवा ध्वंशात्मक समूहसँग आबद्ध भइरहेका छन्। तिनीहरू शान्तिको संवाहकको रूपमा प्रयोग कमै भएको छ। आफ्नो आवाज अरूलाई सुनाउन पनि तिनलाई विभिन्न समूहसँग आबद्ध हुनुपर्छ। त्यसैले तिनीहरू सैनिकीकृत हुन उरालिन्छन्। रचनात्मक क्रियाकलापमा लागे पनि तिनलाई समाजले शंकालु आँखाले हेर्छ। युवाको यो अवस्था बुझेर तिनका सवाल सम्बोधन गर्न

नेपाल सरकारले केही वर्षअघि मात्रै युवा तथा खेलकुद मन्त्रालय गठन गरेको छ । सो मन्त्रालयले राष्ट्रिय युवा नीति–सन् २०१० पनि पारित गरेको छ । यसले युवा सशक्तीकरणको कुरा समेटे पनि युवाको परिभाषा सम्बन्धमा भने आलोचनाविहीन काम गर्न सकेको छैन । यो नीतिले १५–४० वर्षकालाई युवा मानेको छ । साथै यसले १६ वर्ष पुगेका नागरिकलाई मताधिकार दिनेबारे छलफल गरेको छ । तर राज्यले चाहिँ १८ वर्षभित्रका नागरिकलाई अपरिपक्व नै ठान्छ । तसर्थ यो उमेर समूहलाई मताधिकार दिने सुझाव दिँदा त्यो राष्ट्रिय कानुनसँग बाझिन पुग्छ । यसरी युवासम्बन्धी योजना निर्माणमा सरकारी निकायबीचमै समन्वयको पनि अभाव देखिन्छ ।

तीनवर्षे अन्तरिम योजना (एनपिसी सन् २००७) को युवासम्बन्धी परिच्छेद युवाका सबै सवाललाई समेटेर तयार गरिएको थियो । यसमा केलाइएका युवासम्बन्धी चुनौती र समस्या विस्तृत थिए । यी कार्यनीतिसँगै राष्ट्रको विकासमा युवा संलग्नताको उद्देश्य पूरा हुनेछ भन्ने तथ्य बुझाउन भने नीति–निर्माताहरू असफल भए । सँगसँगै आन्तरिक रूपमा विस्थापित युवाका सवाल पनि सम्बोधन भएनन् । योजना आयोगको युवा परिच्छेदले करोडौँ रूपैयाँ लगानी हुने युवा कार्यक्रमको खाका बनाएको थियो । योजनाअनुसार यी कार्यक्रम कार्यान्वयन भएको भए ग्रामीणदेखि उपेक्षित युवा अनि सैन्य क्रियाकलापमा संलग्न युवाका सवालमा व्यापक परिवर्तन हुने थियो । योजना र त्यसको कार्यान्वयनबीच खाडल बढेर पनि यो समस्या ज्यूँका त्यूँ रह्यो ।

७. निष्कर्ष

राजनीतिक दल तथा विविध अभिरुचिका समूहका दुर्नियत, रोजगारीको अभाव र मनोवैज्ञानिक, सामाजिक–आर्थिक र राजनीतिक दबाबले नेपालका युवा सैनिकीकृत भइरहेका थिए, जसको प्रभाव अद्यापि कायमै छ । जातीय, जनजातीय, सांस्कृतिक तथा भौगोलिक उग्रवादले एक–अर्काबीचको शून्य सहनशीलतालाई अझ उग्र बनाएको छ । पहिल्यैको हिंसात्मक द्वन्द्वलाई यस्तो संस्कृतिले झनै उरालेको छ । सामाजिक सद्भाव तथा सहअस्तित्व बिथोल्ने हिंसात्मक युवा क्रियाकलाप जाति, समुदाय, भाषा, संस्कृति, भौगोलिक बहुलता स्वीकार्न नसक्नुकै परिणाम हो ।

आफ्ना अभिरुचिमा समर्थन नगर्नेलाई भौतिक अथवा मनोवैज्ञानिक रूपमा हराउने उद्देश्यअनुसार नेपालमा युवाको सैनिकीकरणलाई प्रवर्द्धन गरिएको थियो । सैन्य

समूह गठन गर्ने दल तथा संगठनहरू यस्तो कार्यले समाज, राज्य र तिनीहरू आफैलाई पार्ने नकारात्मक असरबारे कहिल्यै गम्भीर भएनन् । बदला, ध्वंश र हिंसाको मानसिकताबाट युवा सैन्य दस्ता गठन भइरहे । तिनले समाजलाई पार्ने सम्भावित असरबारे दूरदर्शिताको अभावले राज्यका समानान्तर शक्ति पैदा भए र राज्य कमजोर बन्यो । अन्ततोगत्वा यसले दण्डहीनता प्रवर्द्धन गर्‍यो, कानुनी व्यवस्थालाई खलबलयायो र मुलुकलाई अस्थिरता तथा द्वन्द्वको भुमरीतिर धकेल्यो ।

विभिन्न राजनीतिक दल र अभिरुचिका समूहको संरक्षणमा युवाको सैनिकीकरण भएको हुनाले युवाका सवाल सम्बोधन गर्ने सरकारी प्रयासले पनि उति सफलता पाएको छैन । त्यस्ता समूहलाई निःशस्त्र बनाउन, समाजमा पुनर्समायोजन गराउन र राज्यनिर्माण जस्तो महत्वपूर्ण काममा संलग्न गराउन राजनीतिक दलले प्रतिबद्धता व्यक्त गर्नुपर्छ । साथै युवालाई औपचारिक तथा अनौपचारिक परामर्शद्वारा तथा सामाजिक संघसंस्थामा संलग्न गराई रचनात्मक कार्यमा लगाउन सकिन्छ । यसो गरिए तिनलाई हिंसात्मक क्रियाकलापबाट पनि टाढै राख्न सकिन्छ। अर्को महत्वपूर्ण कुरा युवामा उद्यमशीलताको अभिवृद्धि गर्नु पनि हो । तिनको उद्यम सीप बढाउन राज्यले केही थाल्ने हो भने समस्याको आधा पाटो आफै समाधान हुन सक्छ । तर यस्तो कार्यमा ढिलाइ कत्ति पनि हुनुहुँदैन ताकि स्थिति नियन्त्रणमा हुँदै समस्याले निकास पाउन सकोस् ।

सन्दर्भ–सूची

घिमिरे सफल । २०६७ । सैनिकीकरणको जोखिममा युवा । नागरिक राष्ट्रिय दैनिक, ७ बैशाख २०६७ ।

पुन मगर जेबी । २०६५ । गुण्डाराजतिर । हिमाल पाक्षिक, १ मंसिर २०६५ ।

Aditya A. 2006. Exclusionary violence and inclusive state: A rationale for reinventing Nepal. *In:* Aditya A, editor. *The Inclusive State Reflections on Reinventing Nepal.* Kathmandu: SAP Publishing House, pp 250-265.

Geyer, M. 1989. The militarization of Europe, 1914–1945. *In:* Gillis J. *The Militarization of the Western World*. New Brunswick, NJ: Rutgers University Press, pp 65-102.

Hagan F. 1997. Political crime. *In:* Berger RJ, Free D, Marvin Jr, Searles P, editors. 2007. *Crime, Justice and Society: An Introduction to Criminology*. New Delhi: Viva Books Private Limited.

INSEC [Informal Sector Service Centre]. 2010. *Nepal Human Rights Yearbook 2010.* Kathmandu: INSEC.

Kristof ND, Sheryl WD. 2009. *Half the Sky: Is Islam Misogynistic¿* New York: Random House Inc.

Kumar, D. 2006. Trenches of violence: Militancy, militarism and militarization of social sphere in Nepal. *In:* Baral, LR, editor. *Non-traditional Security: State, Society and Democracy in South Asia.* New Delhi: Adroit Publishers.

Lutz C. 2007. Militarization. *In:* Nugent D, Vincent J, editors. *A Companion to the Anthropology of Politics.* Malden: Blackwell publishers. Accessed on 27 January 2009 via http://www.blackwellreference.com/subscriber/tocnode?id=g9781405161909_chunk_g978140516190921.

NPC [National Planning Commission]. 2007. *The Three Year Interim Plan.* Kathmandu: NPC, Government of Nepal.

Pathak B, Uprety D. 2010. A study of DDR and SSR in Nepal. Accessed via http://blog.com.np/2010/03/11/a-study-of-ddr-and-ssr-in-nepal-ii/ accessed 9th May 2010.

Pathak, B. 2005. *Politics of People's war and Human Rights in Nepal*. Kathmandu: BIMIPA Publications.

Staveteig S. 2005. *The Young and the Restless: Population Age Structure and Civil War*. ECSP Report, Issue 11.

Thapa GK. 2006. Youth in Nepal and inclusive democracy. *In:* Aditya A, editor. *The Inclusive State Reflections on Reinventing Nepal.* Kathmandu: SAP Publishing House, pp 213-215.

Tipplet R. 2004. *Developmental Youth Psychology*. Munich: Ludwig Maxmillan University.

Upreti, BR. 2009. *Nepal from War to Peace: Legacies of the Past and Hopes for the Future*. New Delhi: Adroit Publisher.

Upreti BR. 2006. Proliferation of small arms and light weapons. *In:* Upreti BR, Nepali RK, editors. *Nepal at Barrel of Gun.* Kathmandu: South Asia Small Arms Network-Nepal (SASA-Net), pp 29-66.

* * *

परिच्छेद १५

सहरी अपराधको बिगबिगी र राज्यनिर्माणमा असर

सफल घिमिरे[1]
विष्णुराज उप्रेती[2]

१. परिचय

नेपाल एउटा यस्तो द्वन्द्वोत्तर अवस्थामा छ, जहाँ गृह प्रशासनलाई छुट्याइएको वार्षिक बजेट (करिब १६ अर्ब)[३] भन्दा लागुऔषधको वार्षिक कारोवार दोब्बर (करिब ३२ अर्ब)[४] हुन्छ । यो मुलुक जति द्वन्द्वोत्तर अवस्थामा गुज्रिरहेको छ, उति यहाँ नवीन सुरक्षा चुनौती देखा परिरहेका छन् । बर्बर हत्या, विभत्स आतंक र विस्मयकारी अत्याचारका दसवर्षे सम्झना अझै मेटिएका छैनन्, तर अझै काठमाडौँमा मात्रै दैनिक दसौँ अपराध दर्ता हुने गरेका छन्, दर्ता नहुने अझ कति होलान् कति । पछिल्ला वर्षहरू अपराधले मात्रै हैनन्, अपराध रोकथामका लागि प्रहरीले गरेको सक्दो अभ्यासले गर्दा पनि स्मरणयोग्य थिए । तर शान्ति सम्झौता र अन्य थुप्रै सहमति तथा समझदारीमाथि हस्ताक्षर भइसक्दा पनि हत्याको शृंखला रोकिएको छैन, राज्यमा अराजकता कायमै छ र शान्तिको तिर्खा झनै बढेको छ ।

यस परिप्रेक्ष्यमा यो परिच्छेदले सहरी अपराधका लक्षणहरूलाई राज्यनिर्माणका चुनौतीको रूपमा मूल्याङ्कन, व्याख्या एवम् विश्लेषण गरेको छ । यसले अपराधलाई द्वन्द्वोत्तर सुरक्षाको दृष्टिकोणले केलाउन खोजेको छ । सुरक्षा व्यवस्थामा कर्मचारीतन्त्र र राजनीतिक खिचातानीले पारेको प्रभाव पनि यस परिच्छेदको विषयवस्तु हो । प्रतिनिधि उदाहरणको लागि यसमा काठमाडौँ सहरभित्रका केही घटनालाई केलाइएको छ । प्रहरी प्रशासनका सुकर्म तथा कुकर्मको विवरणसँगै यस परिच्छेदले अब सुधार्नुपर्ने कमजोरी र सुदृढ गर्नुपर्ने खुबीका बारेमा पनि चर्चा गरेको छ ।

---

१ अनुसन्धान अधिकृत (द्वन्द्व र अर्थतन्त्र), एनसिसिआर नर्थ–साउथ, दक्षिण एसिया कार्यालय ।

२ क्षेत्रीय संयोजक, एनसिसिआर नर्थ–साउथ, दक्षिण एसिया कार्यालय ।

३ गुरागाईं (सन् २००९) को आधारमा अनुमानित ।

४ गृहमन्त्रालयलाई छुट्याइएको बजेटबारे विस्तृत जानकारीको लागि हेर्नुहोस्, नागरिक राष्ट्रिय दैनिक, २७ चैत्र २०६६ ।

यस परिच्छेदले व्याख्यात्मक एवम् अन्वेषणात्मक दुवै अध्ययन खाकालाई समेट्छ । अधिकांश गुणात्मक र केही संख्यात्मक सूचना विश्लेषणको आधार बनेका छन् । लगभग सबै तथ्याङ्क माध्यमिक प्रकृतिका छन् । ती विभिन्न अखबार, जर्नल, म्यागेजिन, पुस्तक तथा सुरक्षा निकायका स्मारिका आदिबाट लिइएका हुन् । साथै, केही सूचना तथा तथ्याङ्क महानगरीय प्रहरी प्रभाग–रानीपोखरी तथा सम्बन्धित प्रहरी अधिकृतहरूबाट उपलब्ध गराइएका हुन् । तर यस परिच्छेदको उद्देश्य तथा सीमिततालाई हेरी अधिकांश सूचना राष्ट्रिय दैनिक, साप्ताहिक तथा पाक्षिक पत्र–पत्रिकाबाट लिइएका छन् । यी तथ्याङ्कलाई वर्गीकृत गरी लेखलाई अझ बोधगम्य बनाउने प्रयास गरिएको छ । समयरेखा तथा प्रवृत्तिको विश्लेषणलाई अध्ययनको प्राथमिक साधनको रूपमा प्रयोग गरिएको छ । नेपालभित्रका सन्दर्भसाथै केही अन्तर्राष्ट्रिय प्रसंगलाई पनि यस परिच्छेदमा विश्लेषणको आधार मानिएको छ ।

२. अपराधः शब्द नै भयकारी

'अपराध' शब्द सुन्दैमा भयकारी छ । वास्तवमा यसले जनतालाई त्रसित पार्छ र सुरक्षा व्यवस्थालाई चुनौती दिन्छ । अपराधका कारण तथा परिणाम अक्सर कानुनी शासन र सुरक्षाको अनुभूतिसँग जोडिएका हुन्छन् । रजक (२०६५) का अनुसार कानुनले तोकेको काम नगर्नु अथवा नतोकेको काम गर्नुलाई अपराध मान्न सकिन्छ । उनका अनुसार यस्तो काम कानुनतः सजाययोग्य हुन्छ । यसरी अपराध भनेको नैतिकता अथवा पूर्वनिर्धारित मान्यताको उल्लंघन गर्ने काम हो । यसले सामान्यतया नैतिक रूपले गलत अथवा आचरणका दृष्टिले अस्वीकार्य कामलाई बुझाउँछ । अपराधहरू हिंस्रक र यौनजन्यदेखि संगठित र व्यावसायिकसम्म हुन्छन् । कहिलेकाहीँ राज्यद्वारा गरिने अपराध पनि हुन्छन् (सभापति सन् २००४) । चाहे चोरी, डकैती, ठगी, भ्रष्टाचार होस् अथवा यातना, बलात्कार, हत्याजस्ता अपराध नै किन नहोस्, यी जहिलेसुकै स्थापित नियम–कानुनको प्रतिकूल हुन्छन् । विभिन्न लेखकले अपराधलाई आफ्नै शैलीमा व्याख्या गरेका छन् । बोस (सन् १९९२) ले यसलाई कुनै लक्ष्य अथवा उद्देश्य हासिल गर्न व्यक्तिले लिने निर्णयको उपज भनी व्याख्या गर्छन् । उनका अनुसार अपराध भनेको नियमित प्रक्रिया (युजुअल प्रसेडयुअर) र अविजेय बन्धनहरू (इन्सर्माउन्टेबल ब्यारिअर्स) बीच टकराव आउँदा मानिसले रोज्ने बाटो हो । घिमिरे (२०६६) ले अन्य व्यक्ति अथवा संस्थाको अभिरुचिलाई बेवास्ता गर्दै कुनै लक्ष्य प्राप्तिको लागि चालिने आत्मनिर्मित कार्यलाई अपराध भनेका छन् । यो प्रायः अरूको अभिरुचिभन्दा प्रतिकूल हुन्छ । यसरी अपराधलाई हामीले कानुनको

उल्लंघन तथा व्यक्तिगत स्वार्थपूर्तिको लागि कसैले चाल्ने कदमको उपज भनी बुझ्न सक्छौँ ।

संस्कृति, धर्म र राष्ट्रअनुसार अपराधको परिभाषा र यसप्रतिको धारणा फरक हुने कुरामा दुई मत छैन । तर लगभग सबैले यसलाई पूर्वनिर्धारित कानुनी प्रावधानको उल्लंघन मान्ने गर्छन् । अपराधशास्त्रका धेरै पुस्तकले नैतिकता र मानवतालाई आधार बनाएर अपराधको व्याख्या गरेका छन् । यसको परिभाषामा मूलतः दुई फरक विचार शिविर (स्कुल अफ थट) देखा परेका छन् । एउटाले अपराधलाई नैतिक गल्ती (मोरल रङ्ग) भन्छ, अर्कोले गलत रूपमा बुझिएको नैतिकता (रङ्ग्ड मोऱ्यालिटी) । तर्कहरू जे भए पनि हामीले यस परिच्छेदमा अपराधलाई स्थापित संविधानले तोकेको कानुनी शासनविपरीत गरिने कर्मको रूपमा परिभाषित गरेका छौँ ।

३. सहज छैन अपराध नियन्त्रण

जनताले राज्यबाट मुख्यतया दुई आशा राखेका हुन्छन्ः सुरक्षा र सेवा (हिमाल २०६३) । लोकतान्त्रिक अभ्यासमा तिनले संविधानप्रदत्त अधिकार प्रयोग गरी निर्वाचनका माध्यमबाट सरकार निर्माण गर्छन् । यस्तो राज्यमा शान्ति र सुरक्षा कायम राख्न अपराधको नियन्त्रण र सोमाथि अनुसन्धान गर्ने जिम्मा प्रहरीलाई दिइएको हुन्छ । यस्तो काम असम्भव नभए पनि स्वभावैले संवेदनशील र सकसपूर्ण बन्छ ।

नगर क्षेत्रहरूमा घना बस्ती हुन्छ र यी आधुनिक पूर्वाधारले सम्पन्न हुन्छन् । बढ्दो जनआवादी र आधुनिक भौतिक सुविधाले यस्ता क्षेत्रहरू नीतिनिर्माणको केन्द्र बनेका हुन् । नगर क्षेत्रमा सहर र व्यापारिक केन्द्रहरू पर्छन् तर सीमित बजार भएका स–साना ग्रामीण इलाकालाई नगर क्षेत्र भन्न सकिँदैन । नेपालमा नगर क्षेत्रलाई स्थानीय स्वायत्त शासन ऐन–२०५५ को खण्ड ८० अनुसार नगरपालिका भनी परिभाषित गरिएको छ । जनसंख्या, आम्दानीको स्रोत र अन्य सुविधाहरू नगरपालिका गठनका मुख्य आधार हुन् । यस ऐनअन्तर्गत नगर क्षेत्रमा कम्तीमा तीन लाख जनसंख्या, वार्षिक ४० करोड रुपैयाँ आम्दानीको स्रोत तथा विद्युत, खानेपानी र सञ्चारको सुविधासाथै मूल सडक र सहरका शाखा सडकसमेत पक्की भएको हुनुपर्छ (नेपाल सरकार २०५५) ।

नगर क्षेत्र विविध सुविधा र सुसम्पन्न जीवनले मात्रै हैन चरम गरीबी, आर्थिक विषमता र विकासको असन्तुलनले पनि चित्रित छ । यी क्षेत्रमा यस्तै समस्या हुन्छन्, त्यसैले अपराधले पनि प्रश्रय पाएको हुन्छ । यसभित्र हुनेखाने र हुँदाखाने दुवैथरी मानिस बसेका हुन्छन् । जनसंख्याको चाप र आर्थिक, सामाजिक एवम् सांस्कृतिक

विविधता यस्ता क्षेत्रका मूल चरित्र हुन् । यी ठाउँमा सुरक्षा निकायको भूमिका अति महत्वपूर्ण हुन्छ । त्यसैले नगर सुरक्षाको प्रबन्ध र अपराधको विश्लेषण गर्दा यस क्षेत्रमा हुने यस्ता विविधता र विषमतालाई पनि आधार मानिनु पर्छ । यस परिच्छेदको पछिल्लो खण्डमा चर्चा गरिएका उदाहरणहरूले पनि नगर क्षेत्रको भौतिक संरचना र नगर सुरक्षालाई एकसाथ विश्लेषण गर्न जरुरी हुने औँल्याएका छन् ।

४. सुरक्षाः एकल उद्देश्यको लागि बहुल उपाय

प्रहरीको लागि अपराध नियन्त्रण एउटा दैनिक काम हो । तर यस कामको लागि अपनाउनुपर्ने उपाय भने थुप्रै हुन्छन् । यस खण्डमा हामी आपराधिक शैली र चरित्रको विश्लेषण गर्न अपराधको केन्द्रीकरण, विविधता र न्यूनीकरणबारे चर्चा गर्नेछौं । त्यसको लागि भौगोलिक पक्ष तथा अपराध भएको समयको विश्लेषण र अपराधलाई विविध कोणबाट अन्वेषण र मूल्याङ्कन गर्नु जरुरी हुन्छ ।

४.१ अपराधको केन्द्रीकरण

सन् १९२० र १९३० को दशकमा अपराधशास्त्रीहरूको ध्यान 'अपराधजन्य सहर' (क्रिमिनोजेनिक सिटी) भन्ने धारणामा केन्द्रित थियो । यस्तो धारणामा सहर आफैलाई अपराध हुनसक्ने स्थानको रूपमा चित्रित गरिन्थ्यो । तर अहिले तिनले आफ्नो ध्यान बदलेका छन् । सहरी क्षेत्र भौतिक अवस्थितिले मात्र नभई अन्य कारणले पनि अपराधको अखडा बन्ने गर्छ (क्रचफिल्ड र कुब्रिन सन् २००९) । अपराध त्यस्ता 'हट स्पट्स' मा केन्द्रित हुन्छ, जहाँ समय र स्थानले पनि धेरै अपराधीलाई आपराधिक गतिविधिमा संलग्न हुन सहयोग पुऱ्याउँछ । सहरी क्षेत्रमा धेरै अपराधीलाई प्रोत्साहित पार्ने यस्तो परिस्थितिलाई अपराधशास्त्रमा 'अपराध आकर्षक' (क्राइम अट्र्याक्टर) भनिन्छ । त्यस्तै यस्ता क्षेत्रमा काम विशेषले धेरै मानिसको आवतजावत हुँदा अपराधीले घटनाका लागि मौका पाउँछन्, जसलाई 'अपराध उत्पादक' क्षेत्र (क्राइम जेनरेटर एरिया) भनिन्छ (ब्रान्टिन्घम सन् २००९) । मेला, उत्सव, भीडभाडपूर्ण व्यापारिक केन्द्र र सार्वजनिक यातायात पनि यस्ता क्षेत्रमा पर्न सक्छन् । यसरी ' हट स्पट्स', 'क्राइम अट्र्याक्टर' र 'क्राइम जेनरेटर' को आधारमा अपराध केन्द्रित हुने गर्छन् ।

अपराधलाई बुझ्न अपराधको शैली विश्लेषण महत्वपूर्ण हुन्छ । यसको लागि उच्च तथा सामान्य जनघनत्व भएका क्षेत्रमा मानिसको आवादीको संरचना र समयावस्था

बुझ्नु पनि उति नै जरुरी हुन्छ । जस्तै, घरहरू मानिसविहीन भएका अवस्थामा प्रायः चोरीका घटना हुन सक्छन् ।[५] काठमाडौँजस्तो सहरमा दसैँ र तिहारजस्ता लामो बिदा हुने पर्व यस्ता अपराध हुने समय हुन् । बस्नेत (२०६६) का अनुसार पनि ठूला पर्वका बेला अपराध बढेका देखिन्छन् । यसमाथि सडक सञ्जाल कुन आधारमा निर्माण गरिएको छ, तिनमा सडक बत्ती छ कि छैन, तिनीहरू कत्तिको घुमाउरो वा परसम्म देखिने सीधा प्रकृतिका छन् आदिजस्ता भौतिक संरचनाको स्वरूपले पनि अपराधको स्थान निर्धारण गर्छ ।

सम्पन्न सहरका विपन्न क्षेत्र र सबै सहरका विपन्न क्षेत्रमा आपराधिक घटना हुने ब्रान्टिन्घम (सन् २००९) को विश्लेषण छ । सहरवासीको दैनिक कार्यतालिका, सामाजिक गतिविधिका शैली र यातायात सञ्जालको संरचनाले पनि अपराधको संख्यामा फरक पार्छ । मुख्यगरी व्यापारिक तथा मनोरञ्जनात्मक केन्द्र, मुख्य बसपार्क तथा हवाइ अड्डा र तुलनात्मक रूपले सम्पन्न, युवा र एकल मानिस बस्ने क्षेत्रमा अपराध केन्द्रित हुन्छन् (विल्सन र केलिङ सन् २००९) । त्यसैले अपराधको केन्द्रीकरणको आधारमा सुरक्षा व्यवस्था पनि मजबुत बनाउनु अपरिहार्य हुन्छ ।

४.२ अपराधको विविधता

इमाइल दुर्खिम, म्याक्स वेबर, फर्डिनान्ड टोनिस र अरू युरोपेली समाजशास्त्रीले समाज कृषिमुखीबाट सहरी अर्थव्यवस्थामा जाँदा आउने संक्रमणकालीन परिवर्तनबारे लेखेका छन् (ऋचफिल्ड र कुब्रिन सन् २००९) । विकासोन्मुख नगर क्षेत्रहरू द्रुत सामाजिक परिवर्तनका क्रममा रहँदा अपराधका जल्दाबल्दा क्षेत्र बन्छन् । यसरी हेर्दा काठमाडौँको सुरक्षा पनि वरपरका विकासोन्मुख नगरमा हुने परिवर्तनबाट प्रभावित हुन्छन् । यही सत्य मुलुकका अन्य सहरी क्षेत्रमा पनि लागू हुन्छ । किनकि पोखरा, विराटनगर, धरान, नेपालगञ्जजस्ता सहर वरपर अन्य नगर क्षेत्र पनि बढिरहेका छन् । तर यी सबैको सुरक्षा चुनौतीसँग जुझ्न हाम्रो तयारी कति छ भन्ने प्रश्न अनुत्तरित नै छ ।

तीव्र जनघनत्व भएका सहरमा उति नै मात्रामा अपराधी र पीडित मानिस पनि हुन्छन् । एसियाका धेरै सहरमा संगठित र व्यावसायिक अपराधको बढ्दो प्रवृत्ति देखापरेको छ । राजधानीमा त अन्तर्राष्ट्रिय आपराधिक सञ्जालको पनि सहज प्रभाव रहन्छ ।

[५] तत्कालीन वरिष्ठ प्रहरी महानिरीक्षक मिलन बस्नेतसँग ४ फागुन २०६५ मा गरिएको कुराकानीमा आधारित ।

यस्ता सञ्जालहरू बलियो रूपमा संगठित हुनाले शृंखलाबद्ध अपराधमा संलग्न हुन्छन् । नेपालको सन्दर्भमा सरकारी अधिकारी, प्रहरी अधिकृत र पूर्वलडाकुसमेत आपराधिक कारोवारमा संलग्न भेटिएका छन् ।[६] लागूऔषधको कारोवार तथा चन्दा असुलीजस्ता गतिविधिबाट अपराधीले सजिलै धेरै रकम हात पार्न सक्छन् । अपराधीको यस्तो आर्थिक सम्पन्नताले प्रहरीलाई अपराध तथा हिंसासँग जुध्न झनै अप्ठ्यारो पारिदिन्छ ।

अपराधको उद्देश्यअनुसार पनि यसको स्वरूप विविध हुने गर्छ । अपराध पहिलो रोजाइ हो कि अन्तिम विकल्प भन्नेमा पनि ठूलो विवाद छ । अपराधीहरू नाफामुखी अपराध गर्न सजिलै आकर्षित हुन्छन् भन्ने आमधारणा रहेको हुन्छ । तर यो सधैँ सत्य हुँदैन । कहिलेकाहीँ अरूसँगको रिस फेर्न अथवा बदलाको भावनाले पनि अपराध हुने गर्छन् । दशक लामो द्वन्द्वले निम्त्याएको डर, त्रास, शंका र आपसी शत्रुता अझै कायम रहेको नेपाली समाजमा यस्ता घटना हुनु झनै स्वाभाविक हो । त्यसैले अपराधअनुसार तिनको कारण र प्रकृति पनि फरक हुन्छन् ।

४.३ अपराध न्यूनीकरण

नीति र राजनीतिमा हिजोआज अपराध चर्चाको विषय बनेको छ । सामाजिक असमानता अपराधको एक मूल कारक हो । त्यसैले हामीले यससम्बन्धी छलफलबाट अपराध हुनु पछाडिका कारण खोतल्नु जरुरी छ । तिनको उत्खननले अपराधको संख्या घटाउन मद्दत गर्छ ।

संयुक्त राज्य अमेरिका र क्यानडाजस्ता केही मुलुकले सन् १९९० को दशकमा अपराधमा उल्लेख्य न्यूनीकरण गर्न सफल भए पनि अधिकांश विकसित मुलुकले अझै ऐतिहासिक रूपले नै उच्च मात्रामा अपराध बेहोरिरहेका छन् (ब्रान्टिन्घम सन् २००९) । राजनीतिक इच्छाशक्तिको अभाव, खस्कँदो सुरक्षा र बढ्दो असमानताले हिजोआज कतिपय मुलुकहरूले जनताको सुरक्षित भई बाँच्ने अधिकार सुनिश्चित गर्न सकेका छैनन् । साथै सरकारी अधिकारीहरूसँग आपराधिक समूहको परोक्ष सम्बन्ध अपराध न्यूनीकरणमा निकै संवेदनशील बन्छन् । यिनले सुरक्षा व्यवस्थालाई झनै कमजोर बनाएका छन् ।

[६] पूर्व–सैनिक कान्छा राउत र माओवादीका क्याम्प सेक्सन कमाण्डर मिलन कुमार राना मगरलाई संगठित चोरीको अभियोगमा ९ माघ २०६५ मा काठमाडौँमा पक्राउ गरिएको थियो (नेपाल सन् २००९) । यस्तै २४ माघ २०६६ मा मिडियाकर्मी भएको जमिम शाहलाई गोली हानी हत्या गरिएको काण्डमा पनि वरिष्ठ प्रहरी अधिकृतहरूको संलग्नता रहनु यसकै दृष्टान्त हो ।

सुरक्षा चुनौतीलाई न्यून बनाउन योजनाबद्ध सहरीकरण आवश्यक हुन्छ भन्ने अध्ययनहरूले देखाएका छन्। नगरभित्रका सडकको अवस्था, विद्युत आपूर्तिलगायतले पनि अपराधको मात्रामा असर पार्छन् । घरजग्गाको चक्लाबन्दी, नगर योजना र बस्ती व्यवस्थापनले सुरक्षामा गहिरो प्रभाव पारेका हुन्छन् । भौतिक इन्जिनियरिङको मान्यताअनुसार पनि कुनै खालको सहरी संरचनाले अपराधलाई उत्साहित र कुनैले दुरुत्साहित गरेका हुन्छन् । यसरी पूर्वाधारको स्थापना र संरचनाको अवस्थाले माथि चर्चा गरिएका 'क्राइम अट्र्याक्टर्स', 'क्राइम जेनरेटर्स' र 'हट स्पट्स' को असरलाई निर्धारण गरेका हुन्छन् ।

विकसित मुलुकहरूले अहिले आपराधिक घटनालाई तत्काल उल्लेख्य रूपमा घटाउन सकिने उपायको खोजी गरिरहेका छन् । प्रायः अपराधहरू निश्चित समय र स्थानमा केन्द्रित हुन्छन् । तिनको विश्लेषणले अपराधका कारणको निरूपण र निराकरण गर्ने नीति तर्जुमा गर्न सकिन्छ। अपराधका 'हट स्पट्स'मा केन्द्रित कानुनी कार्यान्वयन विश्वका धेरै स्थानमा प्रभावकारी बनेका छन् ।

आपराधिक समूहले लागूऔषध कारोवार, देहव्यापार, जुवा, अवैध मालसामान ओसारपसार र अन्य कालाबजारीबाट अपराधको लागि रकम सञ्चय गर्छन् । यसलाई अपराधको अर्थपोषण (क्राइम फाइनान्सिङ) भनिन्छ । यसले अपराधको प्रवृत्ति र प्रकृतिलाई निर्धारण गर्छ। यिनको नियन्त्रण गर्न निदानमुखी (क्युरेटिभ) भन्दा रोकथाममुखी (प्रिभेन्टिभ) शैली जरुरी हुन्छ। यसको लागि जनचेतना अभिवृद्धिदेखि गुप्तचर सेवा सुदृढीकरणसम्मका उपाय अपनाउनु पर्छ। अपराध न्यूनीकरण, तत्सम्बन्धी अनुसन्धान एवम् स्थानीय सुरक्षा अधिकारीलाई कानुन कार्यान्वयनमा सहयोग पुऱ्याउने खालका नीति निर्माणले सुरक्षावस्था सुदृढ गर्न सहयोग गर्छ। काठमाडौँमा महानगरीय प्रहरी वृत्तले अपहरण तथा फिरौती असुलीजस्ता अपराध नियन्त्रण गर्न ' अपहरणविरुद्धको दस्ता' (एन्टि-किड्न्यापिङ सेल) गठन गरेको छ । यस्तै साइबर अपराध अन्वेषण गर्न प्रहरी दस्ताको गठन पनि प्रशंसनीय छ।

बढ्दो आपराधिक गतिविधिको शृंखलालाई तत्कालै न्यूनीकरण गर्न सकिन्छ भन्ने बेलायती अपराध नियन्त्रण कार्यक्रमले पनि देखाएको छ । बेलायतमा एक दशकअघि अपराध सर्वेक्षणको परिणाम कार्यान्वयनले व्यक्ति तथा परिवारविरुद्धको अपराध दरमा कमी ल्याउन सफल भएको थियो (बिसिएस सन् २०००) । यसरी नै अस्ट्रेलियाली अपराधशास्त्र संस्थानले सूचना, संसाधन तथा अनुसन्धानको आधार प्रदान गर्दै राज्य-आधारित अपराध नियन्त्रण कार्यक्रमलाई सहयोग गरिरहेको छ

(एआइसी सन् २००९) । क्यानडामा दी रोयल क्यानडियन माउन्टेड पोलिस 'इ' डिभिजनले संघीय, सहरी एवम् ग्रामीण प्रहरी सेवाको विशिष्ट कार्यान्वयन गरिरहेको छ ।[७] यस्तै ब्रिटिस कोलम्बियामा सुरक्षा निकायले प्रवृत्ति तथा प्रकृतिको विश्लेषणमा आधारित विशेष प्रहरी सेवा चलाइरहेको छ ।[८] नेपालले विश्वव्यापी यी अनुभवबाट सिक्ने ठाउँ धेरै छन् ।

अपराध नियन्त्रण कार्यक्रममा सरकारी निकायमात्रै नभएर प्राज्ञिक जगत र विश्वविद्यालयका अनुसन्धान कार्यक्रमहरू पनि संलग्न हुनु जरुरी छ । यसले सहरी गतिविधिका सामाजिक–आर्थिक प्रवृत्ति केलाउन मद्दत गर्छ र अपराध न्यूनीकरणमा जनस्तरको सहभागिता सुनिश्चित गराउँछ । तर यस्तो साझेदारी नेपालमा उल्लेख्य हुन सकेको छैन । केही पत्रपत्रिकाले खोजमूलक पत्रकारिताको अभ्यास थाले पनि तिनको मात्रा र प्रभावकारिता न्यून छ । अहिलेसम्म आपराधिक अनुसन्धान प्रायजसो नेपाल प्रहरीले मात्रै गर्ने गरेको छ । तर अब विद्वत् विश्लेषणबाट उपयुक्त फाइदा लिन प्रहरी–इतर अध्ययनहरू पनि अघि बढाइनु जरुरी छ ।

५. नेपाल प्रहरी

मध्ययुगीन अवस्था र सोअघि पनि नेपालमा औपचारिक प्रहरी सेवाको अभ्यास थिएन। केही मल्ल राजाहरूले भने निश्चित खालको सुरक्षा व्यवस्था लागू गरेका थिए । पछि आधुनिक नेपालका प्रथम राजा पृथ्वीनारायण शाहले सम्भावित विप्लव नियन्त्रण गर्न प्रहरीको व्यवस्था गरेका थिए । वि.सं. १९५० को दशकतिर राणा प्रधानमन्त्री चन्द्र शमशेरले अमिनी प्रहरीको स्थापना गरेको तथ्य पनि केही अनौपचारिक आलेखमा भेटिन्छ । त्यसको अघिल्लो दशकको अन्त्यतिरको आफ्नो बेलायत भ्रमणबाट प्रभावित भई उनले सो काम गरेको धेरैको आँकलन छ ।[९]

तत्कालीन बेलायती सरकारको सहयोगमा २०१२ सालमा नेपाल प्रहरीको स्थापना भएको थियो । अहिले यसले आफ्नो पाँच दशकको 'गौरवपूर्ण' (श्रेष्ठ २०६३) इतिहास बनाइसकेको छ । नेपाल प्रहरीले अहिले मूलतः प्रहरी ऐन–२०१२ र तत्सम्बन्धी ऐन

---

[७] विस्तृत जानकारीको लागि http://bc.rcmp.ca/ViewPage.action?siteNodeId=14&languageId=1 &contentId=-1 मा हेर्नुहोस् ।

[८] http://www.crime-free-association.org/index.html मा उपलब्ध सूचनामा आधारित ।

[९] यस्ता तथ्यहरू नेपाल प्रहरीसम्बन्धी केही अनौपचारिक लेखमा भेटिन्छन् । तर ती लेखमा लेखक र लेखनीको समय भने उल्लेख गरिएको पाइँदैन ।

तथा नियमका आधारमा कार्यसम्पादन गर्छ । यस ऐनले प्रहरीलाई अपराध अनुसन्धान तथा नियन्त्रण, यातायात व्यवस्थापन र नागरिक सुरक्षाको जिम्मेवारी दिएको छ । यसबाहेक सार्वजनिक सम्बन्ध निर्माण, प्रहरी कल्याण र सामाजिक सेवामा पनि नेपाल प्रहरी संलग्न रही आएको छ ।

५.१ महानगरीय प्रहरी

काठमाडौँ उपत्यकामा करिब ४० लाख मानिस र तिनको लागि ८,२१७ प्रहरी कार्यरत छन् (ढुंगाना २०६६) । यो जनसंख्या प्रत्येक वर्ष बढ्दै छ । यति धेरै जनसंख्याको सुरक्षा आवश्यकतालाई पूरा गर्नु संवेदनशील काम हो । विकासका नयाँ लहर छाउँदै गरेका नगर क्षेत्रमा सुरक्षाको विषय जति जति जटिल बन्छ, उति उति राज्यहरूले सुरक्षा निकायमा पनि विशिष्ट इकाइको स्थापना गर्छन् । महानगरीय प्रहरीको स्थापनाबाट यस्तो विश्वव्यापी अभ्यास नेपाल प्रहरीले पनि थालेको थियो । अपराधको बढ्दो शृंखला र सुरक्षाको उच्च मागलाई विश्लेषण गर्दै वि.सं. २०६३ मा महानगरीय प्रहरी प्रभागको स्थापना गरिएको थियो ।[१०]

अहिले महानगरीय प्रहरीसँग उपत्यकाभरि चौबीसै घण्टा तम्तयार कन्ट्रोल रुम भेइकल (सिआरभी) छन् । सहरका विभिन्न सार्वजनिक स्थानमा क्लोज सर्किट टेलिभिजन (सिसिटिभी) जडान गरिएका छन् । यी सबै साधनले प्रहरीलाई घटनास्थलमा तत्काल पुग्न र अपराधी पक्रिन सहयोग गर्छन् (सिंखडा २०६४) । २०६३ चैतदेखि प्रभागसँग ७० टाटा मोबाइल गाडी पनि छन् । यिनको प्रयोगले उपत्यकाभित्र आपराधिक घटनामा कमी आएको प्रभागको दाबी छ । ती ७० गाडीमध्ये ४० काठमाडौँ, १० भक्तपुर, १० ललितपुर र १० ट्राफिक प्रहरीको लागि प्रयोग गरिएका छन् । यतिमात्र नभएर नेपाल प्रहरीको प्राविधिक सामर्थ्य भौगोलिक सूचना प्रणाली (जिअग्राफिक इन्फर्मेसन सिस्टमः जिआइएस) र भौगोलिक स्थानाङ्कन प्रणाली (ग्लोबल पजिसनिङ सिस्टमः जिपिएस) सम्मको छ । यी सबै सामर्थ्य भएपछि महानगरीय प्रहरी प्रभागले 'दस मिनेटमा प्रहरी' भन्ने आकर्षक नारासहितको सुरक्षा सेवा सुरु गरेको थियो ।

[१०] www.nepalpolice.gov.np बाट २२ मार्च २०१० मा भिकिएको जानकारीमा आधारित ।

बक्स ११.१ महानगरीय प्रहरीका सिआरभी तैनाथ रहने स्थानहरू

काठमाडौँ

जनसेवा क्षेत्र
- १. परोपकार स्कुल
- २. पुरानो नगरपालिका
- ३. न्यूरोड गेट

दरबारमार्ग क्षेत्र
- ४. गैह्रीधारा

लैनचौर क्षेत्र
- ५. लैनचौर मोड
- ६. खुसिबु टाउन प्लानिङ
- ७. धोबीचौर

सिंहदरबार क्षेत्र
- ८. मैतिदेवी चोक
- ९. बबरमहल चोक
- १०. थापाथली मोड

कमलपोखरी क्षेत्र
- ११. विशालनगर
- १२. चारखाल

स्वयम्भू क्षेत्र
- १३. सीतापाइला चोक
- १४. चागाल शिक्षा कार्यालय

कालिमाटी क्षेत्र
- १५. कुलेश्वर
- १६. कलङ्की
- १७. बल्खु
- १८. टेकु भन्सार
- १९. बाफल
- २०. त्रिपुरेश्वर चोक
- २१. थानकोट चोक

ललितपुर
- २२. जावलाखेल
- २३. टौखेल चोक
- २४. भैंसेपाटी चोक
- २५. मंगल बजार
- २६. नख्खु चोक
- २७. इनार मोड (पुल्चोक)
- २८. बालकुमारी चोक
- २९. महालक्ष्मीस्थान
- ३०. चापागाउँ बसपार्क
- ३१. सानेपा चोक

कीर्तिपुर क्षेत्र
- ३२. पाँगा चोक
- ३३. चोभार गेट

बालाजु वृत्त
- ३४. वनस्थली चोक
- ३५. बाइपास चोक

महाराजगञ्ज वृत्त
- ३६. बसुन्धरा चोक
- ३७. गंगालाल अस्पताल
- ३८. बालुवाटार चोक
- ३९. गोंगबु चोक
- ४०. धुम्बाराही चोक

बुढानीलकण्ठ क्षेत्र
- ४१. खोरेत पशु अस्पताल

नयाँ बानेश्वर वृत्त
- ४२. नयाँ बानेश्वर चोक
- ४३. बुद्धनगर
- ४४. लाखे चौर
- ४५. जडीबुटी

गौशाला क्षेत्र
- ४६. चाबहिल चोक
- ४७. सिनामंगल चोक
- ४८. पुरानो बानेश्वर चोक
- ४९. गौरीघाट

बौद्ध वृत्त
- ५०. जोरपाटी चोक

भक्तपुर
- ५१. लोकन्थली
- ५२. ब्यासी (चाँगु मोड)
- ५३. सल्लाघारी चोक
- ५४. कमलविनायक चोक
- ५५. सूर्यविनायक चोक
- ५६. बोडे चोक
- ५७. बालकुमारी चोक
- ५८. सानोठिमी चोक
- ५९. जगाती चोक
- ६०. खरिपाटी चोक

स्रोत: सिंखडा (२०६४)

६. आपराधिक केन्द्रको रूपमा काठमाडौँ

नेपाली जनताले काठमाडौँलाई असंख्य अवसरमात्रै हैन अजेय चुनौतीसहितको सहर मान्छन् । महानगरका बासिन्दा हुनाले काठमाडौँका जनता शान्तिका प्रशंसक, शिक्षित, विवेकी, व्यावहारिक र उच्च आर्थिक वर्गका हुन्छन् भन्ने सोच हुन्छ (थापा २०६५) । सामान्य मानिसले त झन् काठमाडौँमा गरीबी र सम्बन्धित कठिनाइ पनि नहोलान् भन्ने सोच्छन् । यस्ता आमधारणा विपरीत बंगालाहरूकै बीच काठमाडौँमा थुप्रै छाप्रा र झुपडीहरू छन् । लगभग २० हजार मानिस अझै यहाँ सुकुम्बासी बस्तीमा बस्छन् ।[११] तिनमध्ये केहीको इँटले बनेका सामान्य घर छन् । केही भने भत्किनै लागेको झुपडीमै दिन काट्दै छन् । वि.सं. २०४६ को परिवर्तनपछि पनि विकासको फल सबै भूगोल र वर्गका जनतामा समतामूलक रूपले पुगेको छैन । त्यसैले यस्तो सहरी गरीबीलाई क्षेत्रीय विकासको असन्तुलनकै उपज मानिन्छ ।

गएका दुई दशकमा विश्वका धेरै मुलुकमा सहरी गरीबी बढेको जाइदी (सन् १९९८) को अध्ययनले देखाउँछ । यस्ता सहरमा अपराध र हिंसाका गतिविधि पनि उल्लेख्य बढेका छन् । सहरका बासिन्दाहरू हिंसा र सम्पत्तिसम्बन्धी अपराधबाट प्रताडित छन् । नगर–केन्द्र र चोक–चोकमा दैनिक चोरी, लुटपाट र गैरकानुनी गतिविधि बढेका छन् । नेपालमा यस्तै सुरक्षा चुनौती दिनानुदिन थपिँदै जानाले गृहसुरक्षामा प्रश्नचिह्न उठेको छ । यस परिप्रेक्ष्यमा एक दशक यतादेखि संयुक्त राष्ट्रसंघले 'अझ सुरक्षित सहर' (सेफर सिटिज) भन्ने नाराका साथ विश्व आवास दिवस (वर्ल्ड ह्याबिटाट डे) मनाउन थालेको छ ।[१२] राष्ट्रसंघको यो कदमले पनि सहरी अपराध, हिंसा र असुरक्षालाई सम्बोधन गर्नु अपरिहार्य भएको सन्देश दिएको छ ।

सम्पदाहरूको सहर भनी चिनिएको काठमाडौँ पछिल्ला दिनमा रहस्यमय अपराधको केन्द्र भनी चिनिन थालेको छ । यहाँको आप्रवासन दर पनि उच्च छ । नयाँ–नयाँ बस्ती थपिएका छन् । सहरीकरण अनियन्त्रित बनेको छ । जनसंख्याको चाप बढ्दो छ । प्रत्येक वर्ष नवीन आशा लिएर हुलका हुल मानिस काठमाडौँ छिर्छन् । यस्तो जनसांख्यिक चापले नगर प्रणालीलाई जटिल बनाएकोमात्रै हैन, सुरक्षा निकायको जिम्मेवारीमा पनि चुनौती थपेको छ ।

---

[११] http://www.nowpublic.com/environment/kathmandu-slum-and-polluted-river-bagmati बाट २०६८ फागुन २ मा झिकिएको विवरणमा आधारित ।

[१२] विस्तृत जानकारीको लागि यस संस्थाको वेबसाइट हेर्नुहोस् ।

६.१ केही आपराधिक दृष्टान्त

२०६६ माघ ६ गते सामान्य झगडाकै क्रममा गोली लागी स्कुले बालक सन्तोष कार्कीको मृत्यु भयो । अपहरणपछि फिरौतीको मामिलामा उच्च मावि पढ्दै गरेकी ख्याति श्रेष्ठलाई पनि हत्या नै गरियो । न्यूरोसर्जन डा. उपेन्द्र देवकोटाकी छोरी मेघा देवकोटाको अपहरण, थानकोट जंगलमा भएको आशिष–रितेश हत्याकाण्डजस्ता धेरै घटना काठमाडौँमा भए । राजधानीमा हुने धेरै अपराध र विशेषगरी हत्याको केन्द्र गेस्ट हाउसहरू हुने गरेका प्रहरी तथ्याङ्कले देखाउँछ ।[१३] यस्ता ठाउँमा गरिने गतिविधि गोप्य राख्न सजिलो हुने र सूचना प्रवाह पनि सजिलै नहुने भएकोले अपराधीहरू गेस्ट हाउसमा बढी केन्द्रित भएका देखिन्छन् ।

बढ्दो अपराध एक ठाउँमा छ, त्यसमाथि द्वन्द्वोत्तर अर्थतन्त्रले नेपाली जनतालाई राहत अनुभव गराउन सकेको छैन । युद्धको मानसिकताले अपराधको धङधङी मेटिएको छैन । त्यसमाथि आर्थिक पीडामा परेरै कति मानिसले अपराधको सहारा लिएका छन् । द्वन्द्वोत्तर समाज हिंसात्मक अपराधको मारमा पर्न सजिलो हुने शा (सन् २००९) ले पनि लेखेका छन् । युद्धले आर्थिक अवसरहरू कम गर्ने (अथवा तिनलाई सीमित सम्भ्रान्त वर्गको वरिपरिमात्र राख्ने) र अन्ततः कानुनी शासनको अवमूल्यन गर्दै राज्यलाई नै कमजोर बनाउँछ । त्यसैले पनि युद्धग्रस्त अथवा युद्धपछिका मुलुकका विशेषगरी सहरी स्थानमा अपराध ह्वात्तै बढ्छन् ।

चित्र ११.१ ले ढुंगाना (२०६६) को आलेखका आधारमा नेपालमा अपराधको क्षेत्रीय वितरणलाई देखाएको छ । यसमा २०६६ मंसिरमा भएका घटनालाई आधार मानिएको छ । एक महिनाको यो अवधिमा नेपाल प्रहरीमा १,१९१ अपराध दर्ता गरिएका थिए भने तिनमा प्रत्येक ५ मध्ये १ अपराध काठमाडौँमा भएको थियो । हुन त काठमाडौँमा धेरै आवादी हुनाले अपराध पनि धेरै भएको हुन सक्छ । तर उस्तै रूपले काठमाडौँको सुरक्षा व्यवस्था पनि देशका अन्य भागमा भन्दा बढी सुविधापूर्ण र योजनाबद्ध छ । यति हुँदाहुँदै आपराधिक घटना बढ्नुमा सुरक्षाको व्यवस्थापन र सहरी आयाम बढी दोषी देखिन्छन् ।

[१३] यस परिच्छेदमा प्रयोग भएका आपराधिक गतिविधिसम्बन्धी प्रहरी तथ्याङ्क महानगरीय प्रहरी प्रभागले लेखकलाई उपलब्ध गराएको विवरणमा आधारित छन् ।

चित्र ११.१ मासिक अपराधको क्षेत्रीय वितरण



स्रोतः ढुंगाना (२०६६) मा आधारित भई लेखकहरूद्वारा रुपाङ्कित

आर्थिक तथा सामाजिक रूपले निम्न वर्गमा रहेका मानिसहरूलाई अपराधमा प्रयोग गरिने सम्भावना बढी हुन्छ । तर ती अपराधका मूल नाइकेहरूको गृहप्रशासन र राजनीतिक शक्तिकेन्द्रसँग साँठगाँठ रहने हुनाले तिनले आफ्नो दुष्कर्मलाई सजिलै लुकाउन सक्छन् । कतिपय बेला उच्च खानदानमा हुने हत्याका घटना प्रहरीमा दायर नै हुँदैनन् । पैसा कि शक्तिको प्रयोगले यस्ता घटनालाई सजिलै छेउ लगाइन्छ । काठमाडौँ उपत्यकामा हुने आपराधिक घटनामा संलग्न व्यक्तिहरूको पारिवारिक तथा आर्थिक पृष्ठभूमिले पनि तिनीहरू ठूला अपराधका घटनामा अरूबाटै परिचालित भएको देखाउँछन् ।

ढुंगाना (२०६६) का अनुसार काठमाडौँमा दैनिक औसत नौ आपराधिक घटना हुन्छन् । यसको अर्थ राजधानीमा प्रत्येक दुई घण्टाको फरकमा नयाँ अपराध भइरहेका हुन्छन् । यसको लागि कानुनी उपचार, अनुसन्धान, कारबाही, सजाय वा दण्डहीनताको अभ्यास घण्टैपिच्छे भई रहन्छन् । तर नेपालमा औसत एक प्रहरीको काँधमा ६६६ मानिसलाई सुरक्षा दिनुपर्ने जिम्मेवारी छ । यस अर्थमा प्रहरी प्रशासनको सुदृढीकरण र नयाँ भर्नाको औचित्य पनि उति नै देखिन्छ ।

लागुऔषधको प्रयोग पनि दिनानुदिन बढ्दैछ । यो समस्या प्रत्येक मुलुकको प्रहरी प्रशासनको लागि टाउको दुखाइ बनेको छ । नेपालमात्रै हैन विश्वका कुनै पनि

मुलुकका प्रहरी त्यहाँ आपूर्ति हुने लागुऔषधको १० प्रतिशतभन्दा धेरै बरामद गर्न सक्षम नरहेका गुरागाईं (२०६६) को तर्क छ। द्वन्द्वोत्तर राज्यनिर्माणको लागि सक्षम र तीक्ष्ण दिमाख भएको मानव संसाधन खाँचो पर्छ। तर लागुऔषधको बिगबिगीले भविष्यमा नेपाललाई चाहिने यस्ता जनशक्तिको सम्भावना घटाएको छ। यसले सामाजिक शान्तिमा पनि खलल पुऱ्याउँछ। चित्र ११.२ ले नेपालमा लागुऔषध प्रयोगकर्ताको संख्या निरन्तर बढिरहेको देखाउँछ।

चित्र ११.२ नेपालमा लागुऔषध प्रयोगकर्ता



स्रोतः गुरागाईं (२०६६) मा आधारित भई लेखकहरुद्वारा रुपाङ्कित

सहरी अपराधमा बिर्सन नहुने पाटो साइबर अपराध पनि हो। काठमाडौँमा कम्प्युटर र इन्टरनेटको माध्यमबाट हुने यौन शोषण तथा अपराधको क्रम बढेको छ। यस्तै अश्लील वेबसाइटमा किशोर-किशोरी तथा युवाले बिताउने समय र यसले पार्ने मनोवैज्ञानिक प्रभाव पनि अपराधसँगै सम्बन्धित हुन्छ। नेपाल प्रहरीले २०६६ मा यस्ता अपराध रोक्न साइबर सेलको स्थापना गरेको छ। यो सेलले अश्लील दृश्य तथा चलचित्र हेर्ने बालबालिका, इन्टरनेटमा आधारित कालोधन लेनदेन (मनी-लन्डरिङ) र बौद्धिक सम्पत्तिको अधिकार (इन्टेलेक्चुअल प्रपर्टी राइट) सम्बन्धी मुद्दालाई हेर्छ। क्रेडिट कार्डको अपचलन र ह्याकिङजस्ता अपराधका घटना पटक-पटक दायर हुन थालेपछि नेपाल प्रहरीमा साइबर अपराधविरुद्धको सेलको आवश्यकता चौतर्फी महशुस गरिएको थियो। साइबर मामिलामा युवाको संलग्नता बढी देखिन्छ। शर्मा

(२०६६) को आँकलनअनुसार नेपालमा इन्टरनेट प्रयोगकर्ताको ८२ प्रतिशत हिस्सा किशोर–किशोरीले ओगट्छन्। यसरी नै नेपालका सहरी भेगमा ९८ प्रतिशत किशोर–किशोरीले अश्लील साइट हेर्ने गरेका छन् (शर्मा २०६६)। यसलाई हिसाब गर्ने हो भने नेपालमा ८०.३६ प्रतिशत इन्टरनेट प्रयोगकर्ताले अश्लील साइट हेर्ने गरेका छन्। अनुसन्धानहरूले देखाएअनुसार यस्तो बानीले मानिसमा दबिएका यौनिक भावनालाई अझै गहिरो बनाउँछ र कतिपय समय यही नै यौन हिंसा एवम् अपराधको कारण बन्छ।

मानव मानसिकतालाई ऊ बस्ने समाज र वरपरका सामाजिक–राजनीतिक अवस्थाले निर्धारण गरेको हुन्छ। नेपालमा भएको एक दशक लामो सशस्त्र द्वन्द्वले पनि जनमानसिकतामा त्रास, शंका र संशयको भावना बढाइदिएको छ। नचिनेको बच्चासँग कुनै अपरिचित व्यक्तिले बोल्दा अथवा केही दिँदा पनि समाजले अपहरणको शंका गर्न थालेको छ। तराई तथा राजधानीकै विभिन्न ठाउँमा अपरिचित व्यक्तिले बालबालिकासँग सोधखोज गर्दा नै अपहरणकारीको आरोपमा कुटपिट गरिएका समाचार आएका छन्। यसरी द्वन्द्वले समाजलाई डर, पीडा, शंका र असुरक्षाको चंगुलमा पुऱ्याएको देखिन्छ। सद्भाव, मेलमिलाप, पुनर्मिलन र आपसी विश्वास बढाउँदै यस्तो युद्धग्रस्त मानसिकताबाट समाजलाई मुक्त गराउने काम हाम्रो मुलुकमा अझै भएको छैन।

७. अपराधलाई प्रभाव पार्ने तत्वहरू

नेपालको द्वन्द्वोत्तर अवस्थाले देखाएको भविष्य एकदमै संवेदनशील छ। कमजोर सुरक्षा अवस्थालाई व्यवस्थापन गर्न गाह्रो हुन्छ। तर धेरैजसो शास्त्रीय सुरक्षा रणनीतिले अपराधलाई साँघुरो दृष्टिले मात्रै हेरेका छन्। अपराध हुनुका संरचनागत कारणमाथि तिनले थोरैमात्र ध्यान दिएका छन्। यसरी शास्त्रीय सुरक्षा शैली केवल बन्दुक र लठ्ठीमा आधारित छ। तर द्वन्द्वोत्तर अपराधका कारण र तीसँग जुध्ने उपाय फरक हुन्छन्। आउने हरफमा त्यसबारे केही चर्चा गरिएको छ।

७.१ साना हतियार

दसवर्षे द्वन्द्वपछि नेपालका सहरी क्षेत्रमा भएका अपराधलाई नियाल्ने हो भने तिनमा साना हतियारको भूमिका धेरै छ। साना हतियारको अवैध प्रयोग गरेमा नेपालको हातहतियार तथा खरखजाना ऐन – २०१९ ले कडा सजायको व्यवस्था गरेको छ।

तर पनि अचेल सशस्त्र अपराधको संख्या बढिरहेको छ । प्रहरीद्वारा गरिने 'प्रिभेन्टिभ सर्च' र 'अपरेसनल सर्च' दुवैमा साना हतियारको बरामद उल्लेख्य रहने गरेको छ (नेपाल २०६५ख) । यस्ता हतियारको अनुमति-पत्र र सोको नवीकरण व्यवस्था कडा भए पनि कानुनी कार्यान्वयन फलदायी हुन सकेको छैन । अपराधीहरूमा हतियारमोह बढेको छ र चन्दा असुली, अपहरण तथा हत्याको यो मुख्य कारण बनेको छ । द्वन्द्वग्रस्त तराई क्षेत्रसँगैका भारतीय सहरमा छ्याछ्याप्ती पाइने यस्ता हतियार संगठित तथा व्यावसायिक दुवैथरी अपराधीले प्रयोग गर्ने गरेका छन् । नेपाल-भारत खुला सीमानाले पनि यसमा थप मलजल गरेको छ । यसरी सहरी क्षेत्रमा हुने सामान्य ग्याङ्गफाइटमा पनि साना हतियारको प्रयोग व्यापक छ । पछिल्ला घटनामा स्कुले विद्यार्थी र छरछिमेकको झगडामा पनि पिस्तोल र रिभल्भर प्रयोग भएका पाइएका छन् । २०६५ मङ्सिरको आशिष-रितेश हत्याकाण्ड र २०६६ माघमा गोठाटारमा भएको सन्तोष कार्कीको हत्याले यसलाई पुष्टि गर्छ ।

७.२ लैङ्गिकता

लैङ्गिक आयामको विश्लेषणबिना गरिने अपराधको विश्लेषण अपूरो हुन्छ । अपराधको प्रवृत्ति हेर्दा महिलाहरू प्रायः पीडित र पुरुषहरू पीडकको भूमिकामा रहेको पाइन्छ । अपराधको मनोविज्ञानसम्बन्धी आलेखहरूले महिलाले गर्ने अपराध प्रायः प्रतिकारमुखी र असामान्य खालको हुने बताउँछन् । नेपाल प्रहरीको तथ्याङ्कअनुसार अपराधकर्ममा महिलाको सहभागिता अन्य सहरमा भन्दा काठमाडौँमा धेरै छ । त्यसमाथि एउटै अपराधमा सामेल पुरुष अपराधीभन्दा महिला अपराधीमा आपराधिक सीप कम रहेको देखिन्छ ।

७.३ उमेर समूह

अपराधको मात्रा र गहनतालाई निर्धारण गर्ने तत्वमा उमेर समूह पनि प्रमुख हो ।[१४] आपराधिक घटनामा मूलतः युवाको संलग्नता धेरै भएको पाइन्छ । स्टाभेटिग (सन् २००५) ले जनसांख्यिक आयामलाई द्वन्द्वको कारकको रूपमा जोडेकी छिन् । उनले अपराधमा युवाको संलग्नतालाई एक्लोपना, निराशा र सीमान्तकरणको मात्राले निर्धारण गर्ने निष्कर्ष निकालेकी छिन् । तर अन्य उमेरका मानिस पनि अपराधमा

[१४] त्रिभुवन विश्वविद्यालयमा जनसांख्यिक अध्ययन विषयमा अध्यापनरत केशव अधिकारीसँग सफल घिमिरेले गरेको व्यक्तिगत कुराकानीमा आधारित ।

संलग्न नहुने हैनन् । यहाँ उठान गर्न खोजिएको कुरा अपराधको विश्लेषण गर्दा उमेर संरचनालाई ख्याल गर्नुपर्छ भन्ने हो । किनकि उमेर समूहअनुसार अपराधको प्रकृति र प्रवृत्ति फरक हुन्छ ।

७.४ आर्थिक पक्ष

आर्थिक पक्ष आपराधिक घटनाका धेरै कारणमध्ये प्रमुख कारण हो । न्यून आर्थिक वृद्धिदर, आम्दानीमा विषमता र निरन्तरको महँगीले सहरी क्षेत्रका बासिन्दाको जीविकामा निरन्तर आर्थिक दबाब सिर्जना गरेको हुन्छ । त्यसमाथि सहरी क्षेत्रमा पैसाको अभाव रोजगारी, आधारभूत सेवा र संसाधनकै अभावसँग जोडिएको हुन्छ (जाइदी सन् १९९८) । यसरी आर्थिक पक्षले न्यूनतम आवश्यकता पूरा गर्न सक्ने/नसक्ने व्यक्तिगत, घरायसी अथवा सामुदायिक सामर्थ्यसँग सम्बन्ध राख्छ । द्वन्द्वोत्तर संक्रमणमा आइपर्ने अस्थिरताले जागिर–बजारमा निराशा, सहरी असुरक्षा र अवसरहरूमा संकुचन निम्त्याउँछ । त्यसैले अति विपन्न कतिपय मानिस पैसाकै लागि अपराधको सहारा लिन्छन् । तर नेपालमा अपराधलाई सहरी गरीबीको आर्थिक पक्षबाट केलाउने प्रयास भएको देखिँदैन ।

७.५ अपराधसम्बन्धी मिथ्या र गलत बुझाइ

सामान्य बुझाइमा गरीबीलाई अपराधको मूल कारण मानिन्छ । यदि यो सत्य हुन्थ्यो भने गरीबीको निराकरण अपराधको निराकरणसरह हुन्थ्यो । यसबारे दुई विचार शिविर (स्कुल अफ थट) छन् । पहिलोले अपराध हुनुमा गरीबीलाई कारण मान्छ भने दोस्रोले धनलाई । दोस्रो तर्कले भन्छ कि धन नभई लोभ र चोरी हुँदैन; यी दुवै नभए अपराध पनि हुँदैन । त्यसैले सहरका बासिन्दाको आम्दानी जति–जति बढ्यो, उति–उति अपराधको मात्रा बढ्ने यो शिविरको तर्क छ । अर्को शिविरका विज्ञहरू भने गरीबीलाई अपराधको मूल कारण मान्छन् किनकि संगठित अपराधको नेतृत्व गर्ने नाइके र माफियाहरू न विपन्न जनता हुन्, न झुपडीमा बस्नेहरू नै हुन् । विपन्न जनता त धनको लोभले आपराधिक नाइकेहरूबाट परिचालित हुन्छन् । यसले तिनलाई अपराध–पीडित अथवा अपराधको हिस्सेदार बनाउँछ । यो तथ्यले गरीबी आफैले मानिसलाई अपराधउन्मुख गराउने नभई अपराध अभिवृद्धिको कारकजस्तो भूमिका खेल्ने देखाउँछ । त्यसैले न सबै अपराधी विपन्न वर्गका हुन्छन्, न त सबै विपन्न वर्गका मानिस अपराधमा सामेल हुन्छन् ।

८. अबको बाटो

८.१ आम सहभागिता

द्वन्द्वोत्तर अवस्थामा सबैभन्दा पहिले प्रहरीमा सुधार र पुनर्संरचना जरुरी हुन्छ । तर यो सोचेजस्तो सजिलो हुँदैन । कानुनी संघ–संस्था, अध्यापन प्रतिष्ठान, विद्यालय, कलेज, विश्वविद्यालय, व्यवसायी समाज र सरकारी तथा गैरसरकारी संघसंस्थाको सहभागितामा सुरक्षा व्यवस्थासम्बन्धी नियमित छलफल र योजना हुनुपर्छ । सुरक्षा व्यवस्थाको सुदृढीकरणको लागि सुविधासम्पन्न अनुसन्धान प्रणाली र वैज्ञानिक प्रयोगशालासहितको प्रहरी प्रशासन जरुरत पर्छ। तिनले अनुसन्धानको प्रभावकारितालाई चुस्त र अपराधीको मनोबल कमजोर बनाउन सहयोग गर्छन्। स्वतन्त्र विश्लेषणहरूले नेपाल प्रहरीभित्र मानवअधिकारको सम्मान, आर्थिक पारदर्शिता, नीति निर्माणमा सामाजिक परामर्श, आन्तरिक विवादको व्यवस्थापन, पदीय मर्यादा र सम्मान तथा कार्यगत स्वतन्त्रताको अभाव रहेको देखाउँछन् (नेपाल २०६५क र शाह २०६५क) । प्रहरीको सामाजिक नीति निर्माणमा जनसहभागिता हुन सके जनतामा यो संस्थाप्रति अपनत्वको भाव (सेन्स अफ ओनरसिप) पैदा हुन्छ। त्यसले प्रहरीलाई कानुनी शासन व्यवस्थापन गर्न सजिलो पनि हुन्छ । तर प्रहरी प्रशासनमा यस्तो गुण अझै नरहेको परियार (२०६५) को लेखले पनि बताउँछ ।

८.२ प्रहरीको व्यवसायीकरण

सुरक्षा क्षेत्रको पुनर्संरचनाको लागि व्यवसायीकरण (प्रफेस्नलाइजेसन) जरुरी हुन्छ । राज्यनिर्माणको यो अत्येज्य पाटो हो (विस्तृत चर्चाको लागि परिच्छेद २ हेर्नुहोस्) । तर नेपाल प्रहरीमा भएको अतिराजनीतीकरण यसमा व्यवधान बनेको छ। स्थापनाको पचासौँ वर्ष पूरा गरिसके पनि प्रहरीमा कार्यगत स्वतन्त्रता र चुस्तता आउन सकेको छैन । समय–समयमा परिवर्तन हुने सरकार र दलगत गठबन्धनले प्रहरीलाई समेत प्रभाव पार्ने गरेको छ । प्रहरी प्रशासनलाई स्वतन्त्र, पारदर्शी र उत्तरदायी बनाउन स्पष्ट कानुनी प्रावधान र राजनीतिक प्रतिबद्धता आवश्यक पर्ने बुढाथोकी (२०६४) र अधिकारी (२०६५) को तर्क छ। यी मूल्य र मान्यताको सम्मानबाट मात्रै प्रहरीलाई जनताको सेवक र नागरिक अधिकारको रक्षक बनाउन सकिने तिनको जोड छ ।

प्रशासनिक ढिलासुस्ती, लाल–फिताशाहीतन्त्र (रेड–टेपिजम्) र पूर्वाधारको अभावले नेपाल प्रहरीको क्षमतामा अपेक्षित सुधार हुन सकेको छैन (श्रेष्ठ २०६३) । दक्ष मानव

संसाधनको विकास र स्रोत परिचालनका विषय पनि बेला–बेलामा उठ्ने गर्छन् । प्रत्येक नयाँ गृहमन्त्रीले पद सम्हालेपछि प्रहरीमा सुधारका लागि मनचिन्ते योजना सुनाउँछन् । तर त्यस्ता थोरै योजनामात्रै कार्यान्वयनमा आएका छन् ।

स्रोतको अभाव सुरक्षा नेतृत्वले अकर्मण्यताको प्रतिरक्षा गर्ने कवच बनेको छ । प्रहरीमा स्रोतको अभाव गम्भीर समस्या रहेको मन्त्रीहरूसमेत स्वीकार्छन् (बाँस्तोला र न्यौपाने २०६५) । उता सरुवा–बढुवामा हुने राजनीतिदेखि प्रहरी अधिकारी नै दिक्दार छन् । यो निकायमा ‘पुरस्कार’ र ‘सजाय’ भन्ने कुरा कि ‘आकस्मिकता’ कि त ‘भाग्य’ मै निर्भर रहने तिनको अनुभव छ (कुँवर २०६४, समावेशी २०६५ र शाह २०६५ख) । निरन्तरको आपराधिक क्रियाकलाप, ग्याङ्गफाइट, दैनिक दंगा, असन्तुष्टि र कानुनी शासनको अनुपस्थिति गृहयुद्धका आधारभूत चरित्र हुन् । तर नेपालमा शान्ति सम्झौता भइसक्दा पनि यी घटना जारी नै रहनुले नेपाली जनतामा युद्ध सकिएको आभास नै हुन सकेको छैन ।

सुरक्षा व्यवस्था कमजोर हुनुको दोष कहिलेकाहीँ हतियारको अनुपलब्धतामा पनि थोपरिन्छ । तर गृहसुरक्षाको लागि हतियार नै प्रमुख आवश्यकता हो वा होइन भन्ने विषयमा भिन्न राय भेटिन्छन् । सुरक्षा विज्ञानले प्रहरीलाई राज्यको हतियारमुखी सुरक्षा निकाय मान्दैन । बरु यसलाई शान्ति, सुरक्षा र कानुनी व्यवस्था लागू गर्ने नागरिक एकाइ मानिन्छ । त्यसैले यसलाई हतियारमुखीभन्दा अनुसन्धानमुखी बनाउनुपर्नेमा धेरैले जोड दिन्छन् । यसबाहेक प्रहरीको क्षमता कमजोर हुनुमा बारम्बारको हड्ताल, आन्दोलन र अन्य सामान्य सुरक्षा सवालमा धेरै समय खर्चिनुपर्ने बाध्यता जिम्मेवार रहेको वरिष्ठ प्रहरी अधिकारीहरू बताउँछन् ।[१५]

प्रहरीमा रासन र औषधोपचारका सामग्री खरिद गर्दा हुने भ्रष्टाचार र अनियमितता पनि उस्तै छन् । आफूभन्दा उच्च पदस्थ अधिकारीले दिएका अवैधानिक आदेशलाई नस्वीकार्नु प्रहरी प्रशासनमा अग्निपरीक्षाजस्तै बन्छ । बरु यी सबै लामो समयसम्म पर्दापछाडि नै रहन्छन् । तर यस्ता विषय एकैचोटि ज्वालामुखीको रूपमा बाहिर देखापर्न सक्ने बक्स ११.२ मा देखाइएको प्रहरी विद्रोहको समयरेखाले पनि पुष्टि गर्छ ।

---

[१५] महानगरीय प्रहरी प्रभाग–रानीपोखरीका अधिकारीहरूसँग अनुसन्धाताले विभिन्न समयमा गरेका व्यक्तिगत वार्तामा आधारित ।

बक्स ११.२ नेपाल प्रहरीमा भएका विद्रोहका केही दृष्टान्त

२०६५ असार ४, पर्वत

चण्डिका बटालियनमा आक्रोशित सशस्त्र प्रहरी जवानले बटालियन प्रमुख गोविन्द क्षेत्री र अन्य ६ वरिष्ठ अधिकारीहरूमाथि हातपात गरेका।

२०६५ असार ७, बाँके

शमशेरगञ्जस्थित बागेश्वरी ब्यारेकका करिब ३०० आक्रोशित सशस्त्र प्रहरीले कमसल खाना, दुर्व्यवहार र विभेदको प्रतिकार गर्दै बटालियन प्रमुख हरिशंकर बुढाथोकीलाई कुटपिट गरी एक दर्जनभन्दा बढी प्रहरी अधिकारीलाई बन्दी बनाएका।

२०६५ असार २८, नेपालगञ्ज

वरिष्ठ अधिकारीहरूद्वारा कमसल खाना दिइएको र दुर्व्यवहार तथा भेदभाव गरिएको भन्दै नेपाल प्रहरीका ५०० जनाले दंगा नियन्त्रण बटालियन र मध्यपश्चिम क्षेत्रीय कम्पनी कब्जा गरेका।

२०६५ श्रावण १, गोर्खा

पोखरास्थित क्षेत्रीय प्रहरी कार्यालयको छानविन समितिले जिल्ला प्रहरी कार्यालय गोरखाका २० प्रहरीलाई अनुशासनको कारवाही सिफारिस गरेको।

स्रोतः लेखकहरूद्वारा विभिन्न म्यागेजिन र पत्रपत्रिकाबाट संकलित

प्रहरीसँग पचासौँ वर्षको सुरक्षा सोचसहितको दीर्घकालीन कार्यनीति हुनुपर्छ (शाह २०६५ख)। तर आन्तरिक समस्यालाई नै अझै राम्ररी सुल्झाउन नसकेको नेपाल प्रहरीको व्यवसायीकरणमा अझै विघ्न चुनौती छन् भन्नु किमार्थ गल्ती देखिँदैन।

८.३ गैरराजनीतीकरण

जनताको अधिकार रक्षा गर्न पर्याप्त संवेदनशीलता आवश्यक पर्छ। तर पटक-पटक भएका आमूल परिवर्तनपछि पनि नेपाल प्रहरी राजनीतिको टिठलाग्दो छायाँमुनि बाँचिरहेको छ। दसवर्षे युद्धले नेपाल प्रहरीलाई हतियारको आधारमा केही बलियो त पाऱ्यो तर यही द्वन्द्वले प्रहरी-नागरिक सम्बन्धमा भने तिक्तता थपिदियो। त्यसमाथि सरकारैपिच्छे परिवर्तन हुने गृहप्रशासनको नेतृत्व र सरुवा-बढुवाको राजनीतिले राम्रै काम गर्ने अधिकारीहरूको मनोबल पनि कमजोर बनाइदियो। २०४६ सालको राजनीतिक परिवर्तनपछि नै एक दर्जनभन्दा बढी गृहमन्त्री फेरिए। यसले पनि नेपाल प्रहरीमाथिको राजनीतिक हस्तक्षेप कति थियो भन्ने अन्दाज गर्न सकिन्छ।

यी सबै समस्याको सम्बोधन गर्न प्रहरीभित्र सुशासनलाई संस्थागत गर्नु जरुरी छ। प्रहरी अधिकारीहरूको दक्षता मूल्याङ्कनको प्रक्रिया पारदर्शी र निष्पक्ष हुनुपर्छ। यसले सही व्यक्तिलाई पुरस्कार र गलत व्यक्तिलाई सजायको परिपाटी स्थापित हुन्छ। यसको लागि प्रहरी सेवा आयोगको स्थापना गर्नुपर्ने माग धेरै अघिदेखि उठेको हो। तर राई २०६५क र २०६५ख) का अनुसार निहित अभिरुचि भएका केही व्यक्ति तथा शक्तिको दबाबमा यसको स्थापना पनि हुन सकेको छैन।

नेपाल प्रहरीका पूर्वअधिकारीहरू प्रहरीमा आन्तरिक व्यवस्थापन र बाह्य वातावरण दुई मूल चुनौती रहेको स्वीकार्छन्। अक्षमता कसको कारणले भयो भन्नेमा प्रहरी र सरकारबीच आरोप–प्रत्यारोप चलिरहन्छ। एक पूर्वमहानिरीक्षकलाई उद्धृत गर्दै बोहरा (२०६५) लेख्छन्, सरकारले नै प्रहरीलाई भत्कायो, सरकारले नै प्रहरीलाई बिगार्‍यो र यसका सबै पद्धति अनि मूल्य–मान्यतालाई ध्वस्त पारिदियो; त्यसैले यसलाई सुधार्ने जिम्मेवारी पनि अब सरकारकै हो। प्रभावकारी कार्यसम्पादनको लागि प्रहरीलाई जिम्मेवारी दिनु र जिम्मेवार बनाइनु दुवै महत्वपूर्ण हुन्छ। तर जिम्मेवारीमै पनि यस्ता वाद–प्रतिवाद गृहप्रशासन, राजनीतिकर्मी र प्रहरी अधिकारीबीच अद्यापि चलिरहेका छन्। सरुवा–बढुवा अथवा महत्वपूर्ण पद प्राप्तिको लागि राजनीतिक शक्तिकेन्द्र प्रहरी अधिकारीहरू अझै पनि धाइरहेका छन्।

बढ्दो राजनीतीकरणले गृह मन्त्रालय र प्रहरी अधिकारीबीच भएका टकराव पनि बेला–बेला सार्वजनिक हुने गरेका छन्। व्यक्तिगत रिसइवी र प्रतिशोधकै लागि प्रहरीमा सरुवा–बढुवा र नयाँ भर्नाको समयमा अख्तियार दुरूपयोग हुने गरेको छ। अहिले विद्यमान सुरक्षा नीति पनि कानुनी व्यवस्था कायम राख्न अपर्याप्त र अवैज्ञानिक भएको बुढाथोकी (२०६४) को ठहर छ। शक्तिहीनता, कानुनी राज्यको अनुपस्थिति र विधिको शासन नभएका गुनासा सर्वत्र उठेका छन् (श्रेष्ठ २०६५)। संक्रमणकालीन सुरक्षा व्यवस्थाबाट उद्योगी, व्यवसायी तथा अन्य पेशाकर्मी समूह पनि उति सन्तुष्ट छैनन्। बेला–बेलामा हुने हत्याकाण्ड र ठूला घोटालामा वरिष्ठ अधिकारीहरू नै मुछिएका छन्। यसरी अक्षम र भ्रष्ट नेतृत्वले गर्दा जनतामा आदर्श प्रहरीको कल्पनासम्म छैन। त्यसैले राजनीतीकरण र कार्यगत निर्भरता प्रहरीभित्र विषाणुजस्तै बनेको छ। नियमित संसदीय निगरानी तर गैरराजनीतीकरण तथा स्वतन्त्र कार्यसम्पादन यस्तो समस्या समाधानमा उत्तम विकल्प हो।

८.४ दण्डहीनताको अन्त्य

अकल्पनीय आपराधिक घटनामा प्रहरी अधिकारीहरूको संलग्नता, निजी स्वार्थका लागि सूचनाको चुहावट तथा गलत व्याख्या र राजनीतिक शक्तिको आडमा गर्ने अनियमितताले प्रहरीको छवि धमिलो पारेको छ । यस्तै शान्ति सम्झौतापछि पनि केही वर्ष कायमै रहेको माओवादी नेताहरूको दोहोरो सुरक्षा व्यवस्था[१६] ले पनि संक्रमणकालीन सुरक्षामा असमञ्जस्य पैदा गरेको थियो । तत्कालीन अवस्थामा विद्रोही नेताका अंगरक्षकहरूले बर्दी र हतियार अनुमति-पत्र (लाइसन्स) बिना नै हतियार लिएर हिँड्थे । यतिमात्र नभई शान्ति सम्झौता भएपछि पनि माओवादी र अन्य दलले अर्धसैन्य युवा दस्ता गठन गरेका छन् ।[१७] यस्ता युवा दस्ताले निम्त्याएका सुरक्षा चुनौतीलाई यस पुस्तकको परिच्छेद १० मा चर्चा गरिएको छ । यस्ता समूहका स्वेच्छाचारी गतिविधि, निरन्तरको झडप, ठेक्कापट्टा र राष्ट्रिय सम्पत्तिमाथिको हानालुछले द्वन्द्वोत्तर सुरक्षा व्यवस्थालाई अप्ठ्यारोमा पारेको छ । यस्ता समूहका आडमा आपराधिक समूहका नाइकेहरूले समेत गैरकानुनी काम गरेका छन् । कहिलेकाहीँ पक्राउ परिहाले पनि तिनीहरू राजनीतिक दलका नेताको आदेशमा प्रहरीबाट सजिलै छुट्ने गरेका छन् ।

संक्रमणकालीन अवस्थाको राजनीतिले गर्दा प्रहरीसमेत धेरै पटक अप्ठ्यारोमा परेको छ । नेपाल (२०६५क) को एउटा लेखअनुसार दोलखाका तत्कालीन प्रमुख जिल्ला अधिकारी नै माओवादी कार्यकर्ताबाट कुटिएका थिए । तर त्यहाँ पक्राउ परेका दोषीलाई सामान्य जरिवानामै रिहा गर्न गृह मन्त्रालयले निर्देशन दियो । यसरी 'शान्ति प्रक्रियालाई असर नपार्ने' निहुँमा यता सुरक्षा कर्मचारीको मनोबल गिराउने काम भयो, उता अर्धसैन्य दस्ताहरूको मनोमानी बढ्दै गयो ।

द्वन्द्वपछिको समयमा दलहरू आ-आफ्ना भविष्य रक्षा गर्न उद्यत भए । त्यसको लागि आफ्ना कार्यकर्ता र तिनले गरेका सही वा गलत सबै कामको प्रतिरक्षा गर्ने र दण्डहीनतालाई प्रश्रय दिने काम तिनबाटै थालनी भयो । त्यसैले नेपालमा द्वन्द्वोत्तर दण्डहीनताको चुरो सुरक्षा निकायको राजनीतीकरणमै जोडिएको छ । प्रहरीको काम

---

[१६] त्यतिबेला माओवादी लडाकु र सरकारी सुरक्षा निकाय दुवैको प्रयोग गरिएको, जुन केही महिना अघि हटाइयो ।

[१७] यसमा नेपाली काँग्रेस अपवाद छ । यो दलका केही प्रभावशाली नेताले आफूखुसी गठन गरेको युवा दस्ता आम दबाबपछि केही समयपछि नै विघटन गरेको थियो ।

चुस्त राख्न दलहरूको समर्थन र प्रहरीकै सांगठनिक प्रतिबद्धता पनि जरुरी छ। यी कुनै पनि कुरालाई ख्याल नराख्ने हो भने एक दिन प्रहरी जनविश्वास गुमेको निष्प्रभावी निकायमात्रै रहने छ। त्यसैले "अब नागरिक समाज र मानवअधिकारकर्मीले सुरक्षा क्षेत्र सुधारको विषय उठाउन ढिलो भइसकेको छ" (प्याकुरेल २०६३, पृ.७)।

८.५ जगदेखि नै सुरुआत

सबल सुरक्षाको लागि बलियो जनाधार जरुरी छ। प्रविधिको प्रयोग, मानव संसाधन परिचालनको लागि चाहिने भौतिक पूर्वाधारहरू (जस्तै, दंगा प्रहरीका गाडी, आर्म्ड पर्सनेल क्यारिअर र अग्निनियन्त्रक उपकरण) ले प्रहरीलाई प्रभावकारी बनाउँछ। प्रहरी कलेजको स्थापना र प्रहरी प्रयोगशालाको लागि वैज्ञानिक उपकरण नेपालमा अहिले खड्किएको आवश्यकता हो। 'सही स्थानमा सही व्यक्ति' (राइट पर्सन एट राइट प्लेस) यो संस्थामा आवश्यक ठानिएको तर उचित अभ्यास नभएको अवधारणा हो। यसको सम्बोधन गर्नुसाथै प्रहरीलाई पर्याप्त सेवा–सुविधा र सामयिक बढुवा हुनु पनि तिनको मनोवैज्ञानिक सुदृढीकरणको लागि अपरिहार्य कुरा हो।

मिडियाको भूमिकाले गर्दा सहरी अपराधको छवि सनसनीपूर्णमात्रै हैन, द्विविधापूर्ण पनि हुन्छ। अपराधबारे रेडियो, टेलिभिजन र पत्रपत्रिकाले गर्ने समाचार तथा विश्लेषणको आधारमा आम मानिसको धारणा निर्माण हुन्छ। शृंखलाबद्ध हत्यारा, दंगाकर्ता र ब्याङ्क लुटेरासम्बन्धी समाचारलाई तिनले दिने प्राथमिकताले गर्दा अपराधीहरूलाई आत्मरतिसमेत मिल्छ। त्यसैले मिडिया क्षेत्र अपराधप्रति जति रचनात्मक हुन सक्यो, अपराधको मात्रा पनि उति नै कम हुन सक्छ। तर नेपाली परिप्रेक्ष्यमा प्रहरीले गरेका सकारात्मक कदमलाई कम र नकारात्मक कामलाई बढी उजिल्याउने प्रवृत्ति कैयन मिडियामा देखिन्छ। कानुनी शासनको प्रवर्द्धन र सुरक्षा व्यवस्थालाई चुस्त बनाउन मिडियाले पनि रचनात्मक भूमिका खेल्नु जरुरी छ।

केही समययता अग्रसक्रिय प्रहरी (प्रोएक्टिभ पोलिसिङ) को अवधारणा आएको छ। यो अवधारणा आपराधीय न्याय व्यवस्था (क्रिमिनल जस्टिस सिस्टम) सम्बन्धी मात्र नभई अपराध नियन्त्रण (क्राइम कन्ट्रोल) सम्बन्धी आलेखमा पनि प्रयोग भइरहेको छ। यस्तो शैलीमा प्रहरीले गहन रूपले आवश्यकता विश्लेषण (निड एनालिसिस) गर्दै नागरिकहरू र सामाजिक समूहसँग मिलेर अपराधको दरमा ह्वात्तै कमी ल्याउन सक्छ (हार्मोन सन् २००९)। साथै जासुसीको जालो विस्तार गर्नु पनि अग्रसक्रिय प्रहरी प्रशासनको अर्को विशेषता हो। अपराध–केन्द्रित स्थानमा हुने छड्के जाँच

(क्रस–चेकिङ) र विशेष सुरक्षा व्यवस्था यसको अर्को पाटो हो । बसाइँ सरी आएका जनसंख्यामाथि नियमित निगरानीले पनि आपराधिक विश्लेषण गर्न मद्दत पुग्छ । सोही हुनाले बरेल (सन् २००३) ले प्रहरी, न्यायिक कारबाही, कारागार, छानबिन र क्षमादान (पोलिस, प्रसेक्युसन, प्रिजन, प्रबेसन एन्ड पर्बोल) गरी पाँच पक्ष सुरक्षा निकायको सफलतामा महत्वपूर्ण हुने तर्क गरेका छन् ।

९. समष्टि

अपराध, असुरक्षा र हिंसाले आर्थिक वृद्धिलाई असर गर्नेमात्र नभई विकासका बृहत् प्रयासमा नै बाधा पुऱ्याउँछन् । यिनले भौतिक पुँजीको निर्माणमा असर गर्छन् । लगानीको अवसरलाई खुम्चाउँछन् । त्यसैले संक्रमणकालीन सुरक्षाको व्यवस्थापन र जनताका द्वन्द्वोत्तर आशालाई सम्बोधन गर्नु अत्यावश्यक हुन्छ । द्वन्द्वोत्तर पुनर्भरणको लागि यी दुवै कुरा महत्वपूर्ण हुन्छन् । किनकि तिनले जनताको लागि आर्थिक अवसरहरू सिर्जना गर्छन् र निराशा तथा अपराधको सिर्जना हुनबाट जोगाउँछन् । त्यसैले सहरी अपराध नियन्त्रण गर्दा जनसंख्याको आर्थिक आयामलाई बिर्सनु गल्ती हुन्छ ।

आफ्नो भू–राजनीतिक अवस्थितिले पनि नेपालले अन्तर्राष्ट्रिय शक्ति संघर्षको मार खप्नु परेको छ । आम बेरोजगारी र जनअसन्तुष्टि नियमित बनेका छन् । महँगी दिनानुदिन चर्किंदै छ । जनतामा राजनीतिप्रतिको निराशा चुलिएको छ । सुरक्षा निकायले भावी योजना बनाउँदा यी सबै तथ्यप्रति सजग हुनु आवश्यक छ । यस्तो अवस्थामा अपराधसँग जुध्न निदानमुखी (क्युरेटिभ) भन्दा रोकथाममुखी (प्रिभेन्टिभ) शैली उपयुक्त हुने देखिन्छ । सुरक्षा स्थिति सुधार गर्न राज्यले नै समतामुखी विकास, सहरी गरीबीलाई सम्बोधन, सुमधुर नागरिक–प्रहरी सम्बन्धको निर्माण गर्न लाग्नुपर्छ ।

अपराध नियन्त्रणमा गृह–प्रशासनको मात्रै भूमिका नभई राज्यको नै संरचनागत हस्तक्षेप जरुरी पर्छ । संक्रमणकालमा यस्तो कार्य थाल्नु झन् आवश्यक हुन्छ । यसको लागि अपराधका मूल कारक तत्व निरूपण गरी भावी सुरक्षा योजनामा समेत तिनलाई सम्बोधन गर्ने उपाय समेटिनु पर्छ । त्यसमाथि अपराध रोकथामको मनो–सामाजिक शैलीलाई नेपालले अझै अवलम्बन गरेको छैन । द्वन्द्व–पीडित र पूर्वलडाकुको लागि मनोसामाजिक परामर्शका कार्यक्रम ल्याइएका छैनन् । युवामा बेरोजगारी, सुशासनको कमी र सुरक्षा निकायमै पुनर्संरचना र आपसी समन्वय नहुनाले पनि शान्ति सुरक्षाको प्रत्याभूति अपूरो भएको छ ।

जनतामा प्रहरीप्रति विश्वास र सद्भाव जगाउन केही आकस्मिक कदम चाल्नुपर्ने देखिन्छ। साथै चुस्त सुरक्षा व्यवस्थाको लागि हरेक काममा जवाफदेहिता र पारदर्शिताको कमी छ। यी सबैको लागि अराजनीतिक कार्यसम्पादन महत्वपूर्ण हुन्छ। साथै सुरक्षा अध्ययनसम्बन्धी प्राज्ञिक संस्थाहरूको स्थापनाद्वारा प्रहरीमा दक्षता र प्रभावकारिता अभिवृद्धि हुन सक्छ। यी संस्थाले तत्कालीन सुरक्षा चुनौतीसँग जुझ्ने उपाय सुझाउन सक्छन् । त्यस्तै यिनले राष्ट्रिय सुरक्षासम्बन्धी थप अध्ययनका विषय खोतली भविष्यलाई अझ सुरक्षित बनाउन मद्दत गर्न सक्छन् । अपराधका भिन्न स्वरूप, आपराधिक प्रवृत्ति र तिनको तुलना तथा भिन्नतामाथि गरिने अध्ययनबाट हासिल हुने ज्ञानले प्रहरीलाई थप शक्तिशाली बनाउँछ । यस्ता संस्थालाई स्वतन्त्र कार्यसम्पादन गर्न सरकारी कार्यक्रम नै ल्याई आर्थिक एवम् संरचनागत सहयोग हुनु आवश्यक छ । यसले प्रहरीमा योजनाबद्ध रूपले सहर तथा समग्रमा मुलुकलाई नै सुरक्षित बनाउन सक्ने आत्मविश्वास बढ्छ । यसरी नै तालिम तथा मानवीय सहायतामा प्रहरीको सहभागिता भइरहँदा जनतामा प्रहरी निकायप्रति श्रद्धा र विश्वास बढ्छ । समष्टिमा नागरिक र विशेषतः स्थानीय प्रहरी प्रशासनबीचको सम्बन्ध सुदृढीकरणले सुरक्षा स्थिति सुधार्न अहम् भूमिका खेल्न सक्छ । यसरी द्वन्द्वोत्तर राज्यनिर्माणमा अपराध नियन्त्रण र चुस्त सुरक्षा व्यवस्थापनको लागि बन्दुक र लाठीजस्ता सुरक्षाका 'हार्डवेयर'हरू भन्दा पूर्वरोकथाम, सम्बन्ध सुदृढीकरण र एकताबद्ध प्रयासजस्ता यसका 'सफ्टवेयर'हरू बढी महत्वपूर्ण हुन्छन् ।

सन्दर्भ–सूची

अधिकारी सरोजराज । २०६५ । तीसवर्षे तरवार । नेपाल, १२ असोज । हिमाल । २०६३ । सुरक्षा र सेवा । १६ पौष, पृ. ४ ।

बुढाथोकी शोभाकर । २०६४ । जिम्मेवार प्रहरीको आवश्यकता । हिमाल खबरपत्रिका । १ मङ्सिर, पृ. १३ ।

ढुंगाना केपी । २०६६ । अपराधमा उपत्यका अघि । नागरिक राष्ट्रिय दैनिक, ३ माघ ।

घिमिरे सफल । २०६६ । नगर अपराधको सेरोफेरो । नागरिक राष्ट्रिय दैनिक । १५ माघ ।

नेपाल सरकार । २०५५ । स्थानीय स्वायत्त शासन ऐन–२०५५ ।

गुरागाईं डि । २०६६ । कुलतमा ३१ अर्ब । नेपाल, ८ कात्तिक ।

कुँवर वसन्त । २०६४ । खुसी नभएका तीन अनुहार । हिमाल खबरपत्रिका, १६ जेठ, पृ. ४६–४७ ।

नेपाल । २०६५क । नीतिनियम पुरानै, नेतृत्वमात्रै नयाँ । १९ असोज, पृ. २९–३० ।

नेपाल । २०६५ख । साना हतियारको जगजगी । १९ माघ, पृ. २८–३३ ।

परियार गोविन्द । २०६५ । दक्ष जति बाहिर । समय, १२ भदौ ।

प्याकुरेल सुबोध । २०६३ । नेपाल प्रहरीमा सुधार । हिमाल खबरपत्रिका, १ फागुन ।

राई टीकाराम । २०६५क । जवाफदेही प्रहरीको खाँचो । कान्तिपुर, २९ असोज २०६५

राई टीकाराम । २०६५ख । प्रहरीमा लोकतन्त्रीकरणः गर्नुपर्ने काम । कान्तिपुर, २३ भदौ ।

रजक यमुना । २०६५ । अपराध अनुसन्धान र कैद व्यवस्थापन । महर्जन आर र घिमिरे विद्याप्रसाद, सं. । प्रहरी । असोज अंक । काठमाडौँः प्रहरी मुख्यालय, पृ. १०२–१११ ।

समावेशी सुशान्त । २०६५ । प्रहरी संगठन आकस्मिकताको पीडामा । कान्तिपुर, १७ असोज ।

शाह एम । २०६५क । गणतान्त्रिक प्रहरी । कान्तिपुर, ३० असोज २०६५ ।

शाह एम । २०६५ख । दासत्वको जञ्जिरमा प्रहरी । कान्तिपुर, ०९ कात्तिक २०६५ ।

शर्मा एस । २०६६ । पोर्नोग्राफीको लत । हिमाल खबरपत्रिका, १६ भदौ ।

श्रेष्ठ डम्बरकृष्ण । २०६५ । वाइसिएल आतङ्क । हिमाल खबरपत्रिका, १६ जेठ ।

श्रेष्ठ गुप्तबहादुर । २०६३ । महानगरीय प्रहरीको एक वर्ष । महर्जन आर र घिमिरे विद्याप्रसाद (सं.) । प्रहरी । पौष अंक । काठमाडौँः नेपाल प्रहरी मुख्यालय, पृ. ७–१० ।

सिंखडा ध्रुव । २०६४ । दस मिनेटमा प्रहरी । हिमाल खबरपत्रिका, घघघघ । १ जेठ ।

थापा श्यामसिंह । २०६५ । महानगरीय प्रहरी । महर्जन आर र घिमिरे विद्याप्रसाद (सं.) । प्रहरी । बैशाख अंक । काठमाडौँः नेपाल प्रहरी मुख्यालय, पृ. १–१२ ।

बाँस्तोला नारद र न्यौपाने श्रीधर । २०६५ । जनतामा विश्वास र सुरक्षा निकायमा मनोबल बढेको छः गृहमन्त्री गौतम । दी रिपब्लिक, कात्तिक, पृ. २५–२६ ।

बस्नेत एम । २०६६ । घट्यो दुर्घटना, घटेन अपराध । नेपाल, १५ कात्तिक ।

बोहरा रामेश्वर । २०६५ । लथालिङ्ग संगठन । हिमाल खबरपत्रिका, १६ माघ ।

AIC [Australian Institute of Criminology]. 2009. Crime and the society. Retrieved via http://www.aic.gov.au/en/crime_community.aspx on 18 March, 2010.

BCS [British Crime Survey]. 2000. British crime survey. Retrieved from www.statistics.gov.uk/ssd/surveys/british_crime_survey.asp on 18 March 2010.

Bose S. 1992. Foreword. *In:* Devasia VV, Devasia L, editors. *Some Aspects of Criminology, Victimology and Corrections*. New Delhi: Shish Publishing House, p xv.

Brantingham P. 2009. Daily urban crime and disorder. An article accessed through www.harvardir.org/articles on 20 January 2009.

Burrel WD. 2003. Trends in probation and parole in the states. An article retrieved via http://www.appa-net.org/eweb/docs/appa/pubs/TPP.pdf on 22 March 2010.

Crutchfield RD, Kubrin CE. 2009. Urban crime - Are crime rates higher in urban areas? An article accessed through http://law.jrank.org on 19 January 2009.

Harmon R. 2009. Promoting civil rights through proactive policing reform. *Stanford Law Review*, Vol. 62, No. 1. Virginia: Virginia Public Law and Legal Theory Research. Available at SSRN: http://ssrn.com/abstract=1515003.

Sabhapati H. 2004. *Crime and the Society*. New Delhi: Dominant Publishers and Distributors.

Shaw M. 2009. The cost of war and the price of peace: The political economy of crime and conflict in sub-Saharan Africa. A paper retrieved via www.ieei.pt/files/CairoPAPERMarkShaw.pdf on 13 April, 2010.

Staveteig S. 2005. The young and the restless: Population, age structure, and civil war. An article retrived via http://www.popline.org/docs/1786/325133.html on 26th February, 2009.

Wilson JQ, Kelling GL. 2009. Broken windows: The police and neighborhood safety. Accessed via www.manhattan-institute.org/pdf/_atlantic_monthly-broken_windows.pdf.

Zaidi SA. 1998. Urban safety and crime prevention. A seminar paper presented at UNCHS (Habitat) Regional Symposium on Urban Poverty in Asia, Fukuoka, 27-29 October 1998 in Karachi, Pakistan. Retrieved via http://www.fukuoka.unhabitat.org/out/siryo/r05.html on January 19, 2010.

* * *

परिच्छेद ११

साना हतियारको बिगबिगी र द्वन्द्वोत्तर राज्यनिर्माणमा चुनौती

विष्णुराज उप्रेती[1]

१. परिप्रेक्ष्य

नेपाल अहिले जटिल, अस्पष्ट, विवादित र केही वर्षदेखि लम्बिएको राज्यनिर्माण प्रक्रियामा छ । पुष्पकमल दाहालको प्रधानमन्त्रीत्व रहेको एनेकपा (माओवादी) नेतृत्वको गठबन्धन सरकार ढलेपछि यहाँको राजनीतिक संक्रमण झनै विवादित बन्न थालेको थियो । मन्त्रिपरिषद्ले तत्कालीन सेना प्रमुखलाई बर्खास्त गर्ने निर्णय गरेपछि अवस्था जटिल भएको थियो । पुष्पकमल दाहालको शक्तिखोर भिडियो प्रकरणलाई यस घटनासँग जोडेर हेर्न थालिएपछि यसले माओवादी र गैरमाओवादी दलबीच अरू गहिरो अविश्वास सिर्जना गऱ्यो । अन्तरदलीय विवाद र शक्ति–संघर्ष चर्किँदा नयाँ सरकारको मन्त्रिपरिषद् विस्तारमा पनि ढिलाइ भयो । प्रमुख राजनीतिक दलहरूको असहयोग, बाह्य शक्तिहरूको अति चलखेल र संक्रमण व्यवस्थापनमा राजनीतिक दलहरूको फितलो कार्यसम्पादनले नेपाली जनतालाई असन्तुष्ट बनायो । यी सबैले शान्ति प्रक्रियालाई अझ जटिल बनाए ।

गएका केही वर्षमा शान्ति प्रक्रियामा केही उपलब्धि पनि हासिल भए । संविधान निर्माणमा तदारुकता, लडाकु समायोजन र पुनर्स्थापना, सुरक्षा क्षेत्र सुधार, शान्तिको लाभांश वितरण, राज्य पुनर्संरचना, आर्थिक पुनर्भरण, दण्डहीनताको अन्त्य, संक्रमणकालीन सुरक्षाको सुनिश्चितता र साना हतियारको बिगबिगीलाई नियन्त्रण गरी यस्ता उपलब्धिलाई संस्थागत गरिनुपर्थ्यो । यसबीचमा लडाकु समायोजन र पुनर्स्थापनामा आंशिक र संविधान निर्माणमा थोरै उपलब्धि हासिल भए पनि शान्ति प्रक्रियाका अन्य आधारभूत पक्षमा राम्ररी ध्यान जान सकेन । साना हतियारको नियन्त्रण तीमध्ये अत्यावश्यक एउटा काम थियो । तर यो काम अद्यापि अपूर्ण नै बनेको छ, जसबारे यो परिच्छेदले विस्तारमा केलाउने प्रयास गरेको छ ।

[1] क्षेत्रीय संयोजक, एनसिसिआर नर्थ–साउथ, दक्षिण एसिया कार्यालय; bupreti@nccr.wlink.com.np

यस परिच्छेदको प्रयोजनको लागि साना हतियारको हकमा राष्ट्रसंघीय सरकारी विज्ञहरूको समूह (दी प्यानल अफ गभर्नमेन्ट एक्सपर्ट्स्) को परिभाषालाई आधार मानिएको छ। यसका अनुसार रिभल्वर, सेल्फ-लोडिङ पेस्तोल, राइफल र कार्बाइन्स, सब-मेसिनगन, एसल्ट राइफल र लाइट मेसिनगनलाई साना हतियार मानिएको छ (युएन सन् १९९७)। यसबाहेक कहिलेकाहीँ हलुका हतियार[२] तथा विस्फोटक पदार्थ[३] लाई पनि साना हतियारसम्बन्धी बहसमा सामेल गरिएको पाइन्छ।

२. साना हतियारको बिगबिगी र सम्बन्धित चुनौती

साना हतियारको बिगबिगी द्वन्द्वोत्तर मुलुकहरूको साझा समस्या हो। सन् २००३ मा सद्दाम हुसेनको सत्ता पतन भएपछि इराकमा सैनिकहरूले ७०-८० लाख (लगभग सबै) जति हतियार गुमाएका थिए। यस्ता हतियारलाई पछि अपहरण, हत्या र हिंसाजस्ता आपराधिक काममा प्रयोग गरिएको पाइयो (जिआइआइएस सन् २००७)। नेपालमा पनि साना हतियारको अवैध कारोवार र संख्या कति छ भन्ने यकिन गर्नु मुस्किल छ। तथापि, केही तथ्याङ्कले सशस्त्र द्वन्द्वताका नेपाल-भारतबीच १,८०० किलोमिटरको खुला सीमा वरपर नौ दर्जनभन्दा बढी घरेलु हतियार निर्माता कम्पनी रहेका देखाउँछन्। शान्ति प्रक्रियामा आएपछि विद्रोही एनेकपा (माओवादी) बाट थोरैमात्र हतियार संकलन हुन सक्नुले पनि थुप्रै अवैध साना हतियार अझै अभिलेखबाट बाहिर रहेको आँकलन गर्न सकिन्छ। तत्कालीन विद्रोहीसँग लड्न सरकारले जनतालाई बाँडेका हतियार, तराई क्षेत्रमा च्याउसरी देखा परेका सशस्त्र समूह र दिनानुदिन भइरहने आपराधिक शृंखलालाई केलाउँदा नेपालमा साना हतियारको अवैध संख्या ५० हजारभन्दा बढी भएको यस लेखकको व्यक्तिगत अनुमान छ।

२.१ साना हतियारको बिगबिगी

नेपालमा विशेषगरी सशस्त्र द्वन्द्व सुरु भएपछि साना हतियारको बिगबिगी बढेको थियो। युद्धरत पक्षद्वारा पनि साना तथा हलुका हतियारको व्यापक प्रयोग भएको थियो।

---

[२] यिनमा हेभी मेसिनगन, ह्यान्ड हेल्ड, अन्डरब्यारेल र माउन्टेड ग्रिनेड लन्चर, पोर्टेबल एन्टिएयरक्राफ्ट गन, पोर्टेबल एन्टिटयाङ्क गन र रिकोइल्लेस राइफल, एन्टिटयाङ्क मिसाइल र रकेट सिस्टमहरूका पोर्टेबल लन्चर, एन्टिटयाङ्क एयरक्राफ्ट मिसाइल सिस्टमहरूका पोर्टेबल लन्चर र क्यालिबरहरूका मोर्टार (१०० एमएमभन्दा तलका) पर्छन् (युएन सन् १९९७)।

[३] यिनमा स्मल आर्म्स कार्ट्रिज (राउन्ड्स), हलुका हतियारका शेल्स र मिसाइल्स, एन्टिपर्सनेल र एन्टिटयाङ्क ग्रिनेड, बारुदी सुरुङ, मोबाइल कन्टेनर्स विद मिडल्स र सिङ्गल एक्सन एन्टिक्राफ्ट तथा एन्टिटयाङ्क सिस्टमहरूका शेल्स पर्छन् (दी प्यानल अफ गभर्नमेन्ट एक्सपर्ट्स्-ए/५२/२९८)।

नागरिक तथा गाउँ सुरक्षा समितिलाई सुरक्षा फौजले हतियार वितरण गरेपछि त्यसले हतियार तस्करहरूलाई झनै हौस्याएको थियो । एकातिर माओवादीले जनताका हातमा हतियार थमाएका थिए । अर्कोतिर, सरकारी सुरक्षा फौजले गाउँ सुरक्षा समिति स्थापना गरेर हतियार बाँडेको थियो । यस स्थितिलाई ध्यान दिँदै एम्नेस्टी इन्टरन्यासनलले तत्कालीन प्रधानमन्त्री[४] लाई औपचारिक पत्रसमेत लेखेको थियो । यस पत्रमा सरकारले 'ग्रामीण स्वयंसेवी सुरक्षा समूह र शान्ति समिति' गठन गरेपछि आएको भयावह अवस्थालाई चित्रण गरिएको थियो । एम्नेस्टीले सो पत्रमा त्यस्ता समूह निर्माण गर्नुको उद्देश्यमाथि नै प्रश्न उठाएको थियो । ती समूहहरू राम्रोसँग प्रशिक्षित नभएका, तिनको अनुगमनको लागि कुनै संयन्त्र स्थापना नगरिएको र तिनका कामप्रतिको जवाफदेहितासमेत सुनिश्चित नभएको हुनाले तिनको तटस्थतामा समेत शंका पैदा भएको थियो । यस्ता समूह गठन हुँदा मानवअधिकार हनन् हुनुका साथै अराजक स्थिति पैदा हुन सक्थ्यो । एम्नेस्टीले लेखेको थियो, "...राज्यले आफ्ना नागरिकलाई सधैँभरि लडाकु दस्ताबाट टाढा राख्ने उत्तरदायित्वसम्बन्धी सन् १९४९ को जेनेभा सन्धिको मर्मलाई यस्ता समूह गठनले प्रभावित गर्छ ।" सो पत्रमा ग्वाटेमालाको उदाहरण दिँदै त्यहाँ सन् १९८० मा सिभिल डिफेन्स प्याट्रलको गठनले व्यापक मानवअधिकार हनन् भएको दृष्टान्तसमेत दिइएको थियो ।

नेपालमा अवैध हतियारको प्रयोगले संगठित अपराध, हत्या, लुटपाट, अपहरण र यौन हिंसा मच्चिएको थुप्रै अध्ययन (आइसिजी सन् २००४; उप्रेती र नेपाली सन् २००६; उप्रेती सन् २००९) ले देखाएका छन् । सक्रिय द्वन्द्वको अन्त्य भएपछि पनि धेरै मुलुकमा हतियार हस्तान्तरण (सहायता तथा उपहारस्वरूप आउने हतियार, व्यापारिक बिक्री, तेस्रो पक्षमार्फत हुने बिक्री र अनुमति-पत्र लिएर गरिने उत्पादन) र हतियार दलाली (हतियारको कारोवार सहजीकरण वा व्यवस्थापन तथा सोको लागि चाहिने ढुवानी र वित्तीय सेवा) जारी रहेका छन् । यस्ता कार्यले मानव सुरक्षामा निरन्तर चुनौती थपिरहेको मुगुम्या (सन् २००५) को अध्ययनले देखाएको छ ।

साना हतियारको अवैध प्रयोगले एकातिर सशस्त्र युद्धहरूलाई लम्ब्याइरहेको छ भने अर्कोतिर द्वन्द्वोत्तर मेलमिलाप र पुनर्समायोजनमा अड्चन पैदा गरेको छ । इन्टरन्यासनल नेटवर्क अन स्मल आर्म्स (इयान्सा सन् २००४) का अनुसार साना

[४] हेर्नुहोस्, 'नेपालः सिभिलियन्स सक्ड इन्टु अनगोइङ कन्फ्लिक्ट' एम्नेस्टी इन्टरन्यासनलको प्रेस विज्ञप्ति, १३ नोभेम्बर २००३ ।

हतियार भनेका वास्तवमै आमविनाशकारी हतियार (वेपन्स अफ मास डिस्ट्रक्सन) हुन् । तर पनि विभिन्न मुलुकमा हुने साना तथा हलुका हतियारको उत्पादन तथा व्यापारको तथ्य यकिन गर्न भने निकै गाह्रो छ । साथै द्वन्द्वोत्तर मुलुकका राजनीतिक नेतृत्वमा निःशस्त्रीकरण तथा हतियार नियन्त्रण गर्नेसम्बन्धी इच्छाशक्तिको अभावले पनि यो काम अझै जटिल बनेको छ ।

साना हतियारको व्यापक उत्पादन, अवैध किनबेच र दुरुपयोगले सशस्त्र द्वन्द्वलाई अझ चर्काइरहेका छन् भने शान्ति प्रक्रियालाई पनि संकटमा पारेका छन् (इयान्सा सन् २००३) । अवैध हतियार ओसारपसारको समस्या कुनै पनि राज्यमा व्याप्त गरीबी, बेरोजगारी, विभेद, अन्याय र सामाजिक अपहेलनासँग सम्बन्धित हुन्छ । यी समस्यालाई सम्बोधन गर्ने राज्यको क्षमता कमजोर हुँदा जनतामाझ हतियारको कारोवार बढ्न थाल्छ, किनकि गरीबी र विभेदले सताइएका मानिसलाई हतियार शक्ति प्राप्ति तथा आम्दानी उपार्जनको सहज साधन बनेको हुन्छ । नेपाल यस्ता मुलुकमध्ये अग्रपंक्तिमा नै पर्छ (उप्रेती र नेपाली सन् २००६) । यस्तो अवस्थाले गर्दा संक्रमणकालीन सुरक्षाका लक्ष्यहरू हासिल गर्न नेपाललाई हम्मे–हम्मे परिरहेको छ ।

साना हतियारको कालोबजारी वार्षिक रूपमा १ अर्ब अमेरिकी डलरभन्दा बढी हुने अनुमान छ । विश्वभरि अहिले ६३ करोड ९० लाख हतियार रहेका छन्, जसमध्ये ५९ प्रतिशत हतियार सामान्य जनताले वैधानिक रूपमै राखेका छन् ।[५] द्वन्द्वग्रस्त मुलुकमा साना हतियारको दुरुपयोग अझ खतरनाक हुन्छ । अपहरण, हत्या, चोटपटक, बाध्यात्मक विस्थापन, मानव ढाल तथा यौनदासी बन्ने बाध्यता सिर्जना गरी यसले सर्वसाधारणमा दुष्प्रभाव पारेको छ । उत्तर एटलान्टिक सन्धि संगठन (नेटो) को प्यानल ३ ले साना हतियारलाई तीन समूहमा विभाजन गरेको छः (१) व्यक्तिगत सुरक्षामा प्रयोग हुने हतियार, (२) व्यक्तिगत लडाइँमा प्रयोग हुने हतियार, र (३) मध्यमखालका सहायक हतियार ।[६]

विश्वव्यापी रूपमा हतियारहरू सस्ता छन्, सजिलै पाइन्छन् र सजिलै प्रयोग गर्न सकिन्छन् । इन्टरअमेरिकन डिभेलप्मन्ट ब्याङ्कको अनुमानअनुसार ल्याटिन अमेरिकामा साना हतियारले हुने हिंसाको प्रत्यक्ष तथा अप्रत्यक्ष असर प्रतिवर्ष १४ अर्ब डलरदेखि १७ अर्ब डलर बराबर हुन्छ । विश्वमा प्रतिदिन एक हजारभन्दा बढी

---

[५] विस्तृत जानकारीको लागि हेर्नुहोस्, www.nti.org/e_research/official_docs/dos/dos.html

[६] विस्तृत विवरणको लागि हेर्नुहोस्, www.rta.nato.int ।

मानिसहरू साना हतियारद्वारा मारिने दी इन्डिपेन्डेन्ट स्मल आर्म्स सर्भे सन् २००२ को तथ्याङ्क छ । यस्तै प्रतिवर्ष दस लाख हतियार हराउने अथवा तिनको अवैध किनबेच हुने र लाखौँ हतियार सरकारी निकायबाटै हराउने तथ्य पनि छ । इयान्सा (सन् २००४) को अनुमानअनुसार साना हतियार दुरुपयोगको कारण विश्वमा प्रत्येक मिनेटमा एक जनाले ज्यान गुमाउने गर्छन् ।

एउटा अनुमानअनुसार कङ्गोमा सन् १९९३–१९९९ मा भएको द्वन्द्वताका ७० हजार साना तथा हलुका हतियार सशस्त्र समूहका हातमा परेका थिए । त्यस अवधिमा फैलिएका आधाभन्दा बढी साना हतियारले अझै पनि सो मुलुकको शान्तिसुरक्षामा गम्भीर असर पारिरहेका छन् (उप्रेती सन् २००९) । हतियार नियन्त्रण अभियान (कन्ट्रोल आर्म्स क्याम्पेन) को ‘स्याटर्ड लाइभ्स’ नामक एक प्रतिवेदनअनुसार, फ्रान्स, रुस, चीन, बेलायत र अमेरिका गरी राष्ट्रसंघीय सुरक्षा परिषद्का पाँच स्थायी सदस्य–राष्ट्रहरू विश्वमा परम्परागत हतियार निर्यातको ८८ प्रतिशत हिस्साको जिम्मेवार छन् (एम्नेस्टी इन्टरन्यासनल र अक्सफाम इन्टरन्यासनल सन् २००३) । संयुक्त राज्य अमेरिकाको हतियार नियन्त्रण तथा निःशस्त्रीकरण नियोग (आर्म्स कन्ट्रोल एन्ड डिसार्मामिन्ट एजेन्सी) ले जनाएअनुसार सात वर्षको अवधि (सन् १९८३ देखि १९९०) मा इराक एक्लैले ५ अर्ब अमेरिकी डलर बराबरको हतियार आपूर्ति गरेको थियो (बनर्जी सन् २०००) । मध्यपूर्वमा आपूर्ति हुने कुल हतियार संख्याको ८५ प्रतिशत राष्ट्रसंघीय सुरक्षा परिषद्का पाँच स्थायी सदस्य राष्ट्रबाटै पठाइने तथ्य आफैँमा रोचक छ (इयान्सा सन् २००३ र २००४) ।

२.२ द्वन्द्वोत्तर शान्ति निर्माणमा पर्ने प्रभाव

दीर्घ शान्ति र स्थायित्वको लागि उपयुक्त प्रक्रिया, अनुगमन संयन्त्र, सहमति तथा सम्झौताको इमान्दारीपूर्ण कार्यान्वयन, विगतसँग जुध्ने कला, संक्रमणकालीन न्याय तथा कानुनी शासनको प्रत्याभूति, निःशस्त्रीकरण, गैरपरिचालन र पुनर्समायोजनको सहज प्रक्रिया, सुरक्षा क्षेत्र सुधार, शान्तिको लाभांश वितरण, पुनर्निर्माणका योजना कार्यान्वयन र साना हतियारको अवैध ओसारपसार नियन्त्रण महत्वपूर्ण हुन्छन् (उप्रेती सन् २००९) । यस्तै गरी समझदारी तथा सम्झौता आदिमा गरिएको वाचाहरूको कार्यान्वयन र सामाजिक सुरक्षाको सुनिश्चितता पनि नेपालको शान्ति प्रक्रिया सफल बनाउने आधारहरू हुन् । तर अहिले राजनीतिक दलहरू शान्ति प्रक्रियालाई सार्थक बनाउन आवश्यक सहमतिमा पुग्न सकेका छैनन् । बरु तिनीहरू शक्ति संघर्ष र निहित राजनीतिक अभीष्ट पूरा गर्नै बढी तल्लीन देखिन्छन् ।

शान्ति सम्झौता भइसकेपछि सुरक्षा स्थिति सुदृढ पार्ने काम सबै द्वन्द्वोत्तर मुलुकहरूको साझा चुनौती हो । नेपालको परिप्रेक्ष्यमा भने शान्ति सम्झौता भइसकेपछि पनि असंख्य सशस्त्र समूहको उदय र हिंसाको निरन्तरताले गर्दा 'द्वन्द्वोत्तर' भन्ने शब्द नै विवादित बनेको छ। यद्यपि यस परिच्छेदमा यो शब्दलाई 'आपसी हिंसा तथा युद्धमा संलग्न दललाई सहमतिमा उल्लेख भएका व्यवस्था कार्यान्वयनमा संलग्न गराउने र सशस्त्र द्वन्द्व अन्त्य गर्ने गरी २०६३ मंसिर ५ मा नेपाल सरकार र तत्कालीन नेकपा (माओवादी) बीच शान्ति सम्झौतामा औपचारिक हस्ताक्षर भएपछिको समय' भनी प्रयोग गरिएको छ।

माओवादी विद्रोहकालपछिको नेपालमा विशेषगरी तराई क्षेत्रका दर्जनौँ सशस्त्र समूह र (खासगरी पूर्वका उदयपुर र खोटाङ जिल्लाका) किराँत वर्कर्स पार्टीद्वारा गठित लडाकु दस्ताले नेपालको संक्रमणकालीन सुरक्षालाई चुनौती दिएका छन् ।[७] गृह मन्त्रालयको प्रतिवेदनअनुसार अहिले नेपालमा १०९ ओटा सशस्त्र समूह अस्तित्वमा छन् । यद्यपि, सशस्त्र समूहहरू परिवर्तन (टुक्रिने, एकीकृत, निर्माण र विघटन) भइरहने हुनाले तिनको संख्या यकिन गर्नमा भने द्विविधा छ। तर नेपालमा यी सशस्त्र समूहबाहेक तराईका अन्य केही आपराधिक समूह पनि सक्रिय छन्, जुन भारतीय भूमिबाट परिचालित छन् ।

काठमाडौँमा उदय सेठ्ठी र प्रह्लाद महत समूह, भिमसेन पण्डित र रमेश पालिवाल समूह, सिद्धार्थ लामा समूह[८] लगायत धेरै आपराधिक समूहहरू सञ्चालित भएका जानकरीहरु पाईयकाछन् । यस्ता समूहहरू अन्य थुप्रै सहरी भेगमा सक्रिय छन् र तिनले साना हतियारको प्रयोगमार्फत सुरक्षा व्यवस्थामा गम्भीर चुनौती दिइरहेका छन्। यस्ता धेरै साना हतियारहरू सशस्त्र द्वन्द्वकालमा सुरक्षा फौजले सर्वसाधारणबाट बरामद गरेका थिए। तर ती कहाँबाट आए भन्नेबारे कुनै औपचारिक तथ्य भेटिएको छैन । यी हतियारहरू कहाँ भेटिन्छन् ? कसले निरन्तर प्रयोग गरिरहेका छन् ? तत्सम्बन्धी सूचना सम्बन्धित निकायलाई छ कि छैन ? भन्नेबारे अनुत्तरित थुप्रै प्रश्न बेला-बेलामा उठ्ने गरेका छन् ।

साना हतियार ओसारपसार, राजनीतिको अपराधीकरण, अपराधको राजनीतीकरण, युवाहरूको सैनिकीकरण, सशस्त्र समूहको उदयजस्ता कुराबीच आपसी सम्बन्ध

[७] २००७ जुलाई ९ मा प्रकाशित इन्टरन्यासनल क्राइसिस ग्रुपको एसिया रिपोर्ट नं. १३६ ।

[८] साना हतियारले पारेको प्रभावबारे जान्न नेपाल राष्ट्रिय साप्ताहिकमा हेर्नुहोस्, मुकुल हुमागाईं र पेशल आचार्यको फिचर लेख साना हतियारको जगजगी (१९ माघ २०६५) ।

छ । हतियारआधारित अपहरण काठमाडौँमा नै प्रमुख समस्या बनेको छ । २०६६ जेठ २२ गते थापाथलीस्थित आफ्नै घरबाट महेश सारदाको अपहरण भएको घटना एउटा उदाहरण हो । महानगरीय प्रहरीको अपराध अनुसन्धान विभागअन्तर्गत रहेको प्रतिअपहरण कार्यदल (एन्टिकिड्न्यापिङ सेल) ले उनको खोजी गरे पनि सफल हुन सकेन । पछि जेठ ३१ मा १४ लाख तिरेर उनी घर फर्के ।[९] प्रहरी सफल भएको होस् या विफल भएको उदाहरण, सञ्चार माध्यममा यस्तै धेरै अपहरणका घटना सार्वजनिक भएका छन् । तिनमा दोषी सबै आपराधिक समूहले अवैध साना हतियार प्रयोग गरेको देखिएको छ ।

चित्र १२.१ समाजमा साना हतियारको विविध असर



स्रोत: लेखकद्वारा रुपाङ्कित

अवैध हतियारको जगजगी, तिनको दुरुपयोग र त्यससँगै आउने असुरक्षा द्वन्द्व र द्वन्द्वोत्तर अवस्थाको चरित्र नै मानिन्छ । त्यसमा नेपाल अपवाद रहन सक्दैन । नेपालको द्वन्द्वोत्तर अवस्थामा सशस्त्र समूहहरूको बिगबिगी, राजनीतिको अपराधीकरण

[९] नयाँ पत्रिका, ३१ जेठ २०६५ वर्ष ३, अंक ६२ ।

(अपराधीहरूलाई राजनीतिक संरक्षण दिइने अवस्था), लैङ्गिकतामा आधारित हिंसा (बलात्कार, यौन हिंसा, यौनिक हत्या आदि), सहरी अपराध (अपहरण, ग्याङ फाइट, लुटपाट, बगली मार्ने प्रवृत्ति आदि), ग्रामीण असुरक्षा (धम्की, अपहरण आदि), युवाको सैनिकीकरण (राजनीतिक दलद्वारा युवा लडाकु दस्ता गठन आदि) र सामाजिक विश्वासमा आएको संकट नेपालको द्वन्द्वोत्तर अवस्थाका विशेषता हुन् । यसबाहेक जातीय राजनीतिले सामुदायिक आत्मीयतामा पनि गहिरो संकट निम्त्याएको छ ।[१०] अझ २०६९ बैशाख र जेष्ठ महिनामा देखिएको जातीय ध्रुवीकरणले त देश जातीय युद्धमा पो जाने हो कि भन्नेसम्मको भय देखापर्‍यो ।

२.२.१ हिंसा, अपराध र असुरक्षा

नेपाली जनता दिनानुदिन असुरक्षा र हिंसाको मारमा परिरहेका छन् । यस्तो मारले बालबालिका अपहरण, हत्या, डकैती, हतियारको अवैध ओसारपसार, मानव बेचबिखन, लागुपदार्थ कारोवार, आतंककारी गतिविधि र बाध्यकारी विस्थापन बढेको छ (उप्रेती र नेपाली सन् २००६) । यी समस्या तराईका जिल्लामा अझ बढ्दो देखिएको छ ।

प्रहरीको तथ्याङ्कअनुसार काठमाडौँ उपत्यकामा मात्रै १ भदौ २०६५ देखि २९ माघ २०६५ सम्म ६ महिनामा १३ पटक हातहतियारहरू बरामद भएका छन् । यसैगरी २०६५ सालका ८ महिनामा ९५ पटक, वि.सं. २०६३/६४ मा २५६ पटक र वि.सं. २०६२/६३ मा १ सय ११ पटक साना हतियार बरामद गरेको छ (उप्रेती र नेपाली सन् २००६) । यसले नेपालमा साना हतियारको स्थिति कति विकराल छ भन्ने प्रस्ट हुन्छ । २०६३/६४ सालमा साना हतियारको मुद्दामा १८३ जना गिरफ्तार भएका थिए । २०६४/२०६५ सालमा यो संख्या बढेर ३५५ पुग्यो । फेरि २०६५/६६ को दस महिनामै यो संख्या ९०.१६ प्रतिशतले बढेर ६७७ पुग्यो । यी घटनामा अपराधीबाट समातिएका सबै बन्दुक सानाखाले सर्ट–ब्यारेल गन थिए । त्यतिमात्रै नभएर एक उदाहरणअनुसार

[१०] खोज पत्रकार तथा बिबिसी वर्ल्ड ट्रस्टको कार्यक्रम साझा सवालका प्रस्तोता नारायण श्रेष्ठले आफूले प्रत्यक्ष देखी अनुभव गरेका सामाजिक वैमनस्यतासम्बन्धी केही उदाहरण दिएका थिए । उनका अनुसार २०६५ चैतको पहिलो सातातिर उनी फिदिममा थिए, जहाँ पल्लो किराँत लिम्बुवान राष्ट्रिय मञ्चका युवाले 'माथिल्लो जात'का मानिससँग बदला लिने भन्दै चर्का नारा लगाइरहेका थिए । यस्तै अभिव्यक्ति इलाम र ढुक्लाबारी चोकमा पनि व्यक्त गरिएको थियो (हेर्नुहोस्, नयाँ पत्रिका दैनिक, ३ वैशाख २०६७, पृष्ठ ६ र ११) । यी घटनाले पनि नेपालमा जातीय विषय जटिल बन्दै गएको इंगित गर्छन् ।

त एउटै बन्दुक ११ पटकसम्म पनि प्रयोग गरिएको छ। यसले काठमाडौँमा अपराधको गम्भीरता कति छ भन्ने सहजै अनुमान लगाउन सकिन्छ।[११]

२.२.२ युवाको सैनिकीकरण र सुरक्षा द्विविधा

राजनीतिक दलहरूले योङ कम्युनिस्ट लिग (वाइसिएल), युथ फोर्स, मधेस रक्षा बाहिनीजस्ता दस्ता गठन गरेपछि संक्रमणकालीन सुरक्षा अझ अप्ठ्यारोमा परेको छ। एनेकपा (माओवादी) का नेता पुष्पकमल दाहाल संघीय गणतान्त्रिक नेपालको पहिलो प्रधानमन्त्रीमा नियुक्त भएपछि सो दलले आफ्नो अर्धसैन्य दस्ता वाइसिएल विघटन गर्ने निर्णय गरेको थियो। संयुक्त गठबन्धनको सरकार निर्माण गर्न विभिन्न दलबीच सातबुँदे सहमति भएपछि यस्तो निर्णय आएको थियो। यद्यपि प्रधानसेनापतिको बर्खास्तीसम्बन्धी प्रकरणमा राष्ट्रपतिले मन्त्रिपरिषद्को निर्णयलाई उल्टयाइदिएपछि दाहालले राजीनामा दिए। यसपछि शान्ति प्रक्रिया गम्भीर धरापमा पर्‍यो। राष्ट्रपतिको कदमलाई माओवादीले नागरिक सर्वोच्चतामाथिको प्रहार भनी व्याख्या गर्‍यो। राष्ट्रपतिले कदम फिर्ता नलिएसम्म सो दलले सडक र संसद्बाट विरोध गर्ने घोषणा गर्‍यो। यसपछि उर्लिएको माओवादीनिकट वाइसिएल र एमालेनिकट युथ फोर्सका गतिविधि हेर्दा यी दुईबीचको संघर्ष एकापसविरोधी देखिन्छ।

लडाकु दस्ता निर्माणबारे विभिन्न राजनीतिक दलले भिन्नाभिन्नै स्पष्टीकरण दिने गरेका छन्। तर सुनियतले समूह गठन गरेको भन्ने तिनको स्पष्टीकरण र दस्ताका गतिविधि भने आपसमा बाझिएका देखिन्छन्। कानुनी मान्यताअनुसार सरकारद्वारा गठित सुरक्षा संगठनसँग मात्रै नागरिकमाथि बलाधिकार (कोएर्सिभ राइट्स) को अभ्यास गर्न पाउने जनादेश हुन्छ। तर पनि राजनीतिक दलका लडाकु दस्ता यस्ता वैध जनादेशविना सञ्चालित छन्। यिनले राज्य संयन्त्रलाई फितलो बनाउँदै तिनका समानान्तर गतिविधि सञ्चालन गरिरहेका छन्। यसरी सामान्य मानिसले पनि बुझ्न सक्ने गरी यिनले माउ दलको अभिरुचि पूरा गर्ने काममात्रै गरेका छन्। देशका प्रमुख तथा शक्तिशाली दलहरूले नै यस्ता दस्ता गठन गर्दा प्रहरी बल स्वतः कमजोर हुन्छ। यसले नेपालको सुरक्षा अवस्थामा द्वैध चरित्र सिर्जना गरेको छ।

---

[११] नेपाल प्रहरीको अपराध अनुसन्धान विभागका एसपी रविन्द्र शर्माले 'शान्ति प्रक्रिया र घरेलु हिंसामा साना हतियारको प्रभाव' नामक अन्तरक्रियामा बताएअनुसार। इन्टरन्यासनल एक्सन नेटवर्क अन स्मल आर्म्स (सापा नेपाल) र इह्विकनको सहआयोजनामा बन्दुकसम्बन्धित हिंसाविरुद्ध कार्यको लागि आयन्सा सप्ताह (विक अफ एक्सन अगेन्स्ट गन भायोलेन्स) (२०६६ असार १-७) को अवसरमा यस कार्यक्रम ३१ जेठ २०६६ मा काठमाडौँमा सम्पन्न भएको थियो।

साना हतियारको बिगबिगी बढ्नुको अर्को कारण नेपालभित्र सात स्थानमा रहेका भुटानी शरणार्थी शिविरका सैन्य समूह पनि हुन् ।[१२] एक लाखभन्दा बढी शरणार्थी यी शिविरमा छन् रतीमध्ये केहीको आपराधिक चरित्रले अन्य समस्या पनि निम्त्याएका छन् । नेपालका सहरी क्षेत्रमा सोमालिया, इरान, इराक, पूर्व युगोस्लाभिया, भारत, चीन र अन्य गरी १३ भन्दा बढी मुलुकका शरणार्थीहरू छन् । साना हतियार बेचबिखनमा तिनमध्ये केहीको संदिग्ध संलग्नताले पनि समस्या सिर्जना गरेको छ ।

२.२.३ राजनीतिक संरक्षण, दण्डहीनता र सुरक्षा चुनौती

अपराधी र आपराधिक समूहलाई राजनीतिक संरक्षण, तिनको राजनीतिक परिचालन र दण्डहीनताको संस्कृति जुनै पनि मुलुकको संक्रमणकालीन सुरक्षामा चुनौती बनेर उभिन्छन् । आफूमाथि भएको अपराध सार्वजनिक गर्दा झन् असर पर्न सक्ने डर पीडितलाई हुन्छ । कुनै–कुनै स्थानमा भने राजनीतिकर्मी, व्यापारी, कर्मचारी र वरिष्ठ सुरक्षा अधिकारीले नै यस्तो संक्रमणकालको अनुचित फाइदा उठाउँछन् । नेपालमा संक्रमणकालीन दण्डहीनता झनै गम्भीर समस्या बनेको छ । संक्रमणकालभरि थुप्रै आयोग तथा अनुसन्धान कार्यदलले विभिन्न अपराधको छानबिन गरी दोषी ठहर गरेको भए पनि त्यस्ता दोषीविरुद्ध कानुनी कारबाही भएको छैन । यस्तो दण्डहीनता रहुञ्जेल सामाजिक सुरक्षाको स्तर कहिल्यै सुधार हुँदैन । दण्डहीनता नियन्त्रण गर्न अपराधीलाई राजनीतिक संरक्षण दिने संस्कृति अन्त्य गरिनुपर्छ र कानुनी शासनको पालना हुनुपर्छ । सबै नागरिक र राजनीतिकर्मीले कानुनी शासनको सम्मान गरे संक्रमणकालीन सुरक्षासम्बन्धी धेरै समस्याको निदान गर्न सकिन्छ । तसर्थ, दण्डहीनता र अपराधलाई राजनीतिक संरक्षण गर्ने प्रवृत्ति पनि नेपालमा द्वन्द्वोत्तर राज्यनिर्माणको प्रमुख समस्या हो ।

२.२.४ सशस्त्र समूहको विस्तार

सशस्त्र द्वन्द्व अन्त्यपछि नेपाल हतियारधारी समूहको लागि उर्वर भूमि बनेको छ । सरकारी तथ्याङ्कअनुसार अहिले नेपालका विभिन्न भूभागमा १०९ ओटा हतियारधारी समूह विद्यमान छन् । तिनै समूहको विस्तार शान्ति प्रक्रियाको सफलतामा प्रमुख बाधक बनी खडा भएको छ । यिनीहरूको विस्तार हुनुपछि थुप्रै कारणहरू छन् ।

[१२] विस्तृत थाहा पाउन यो लिङ्क हेर्नुहोस्ः www.nepalnews.com/.../4276-bhutanese-refugee-leader-shot-dead-in-jhapa-.html

कमजोर कानुनी व्यवस्थाको फाइदा उठाउँदै तीमध्ये केही त आपराधिक उद्देश्यबाटै सञ्चालित छन् । केहीलाई मूलधारका राजनीतिक दलले नै लगानी गरेका छन् । यस्तो लगानीमार्फत दलहरूले आफ्ना क्षेत्र र नेताले दलभित्रै बलियो पकड बनाउन चाहन्छन् । नेपालमा राजनीतिक दलका नेताको इतिहास केलाउने हो भने कतिपयले त अपराधी, सशस्त्र समूह तथा डाँकाहरू प्रयोग गरेरै राजनीतिक सफलता हात पारेको पाइन्छ ।

केही सशस्त्र समूहले आफूलाई शोषण गरेका मानिससँग बदला लिन त केहीले अपहरण र जबरजस्तीमार्फत सजिलै पैसा कमाउने उद्देश्य राखी यसमा संलग्न भएका छन् । यस्ता गतिविधिबाट रातारात तिनको जीवनशैली परिवर्तन भएको छ । खुला सीमा, राजनीतिक संरक्षण, भारतीय सीमामार्फत आपराधिक समूहसँग साँठगाँठ, फितलो कानुनी व्यवस्था र दण्डहीनताले पनि आपराधिक समूह गठनमा बल मिलेको छ ।

३. जुझ्ने रणनीति (रिस्पन्स स्ट्र्याटेजी)

साना हतियारको ओसारपसार र मानवीय असुरक्षाले एकअर्कालाई उकास्ने हुँदा यी दुईबीच बलियो अन्तरसम्बन्ध छ । त्यसैले साना हतियारको बिगबिगीलाई नियन्त्रण गर्न मानवीय सुरक्षाका सवाललाई समेट्ने एकीकृत शैली खाँचो पर्छ । सांसद्, योजनाकार, राजनीतिक दल, सुरक्षा–प्रदायक र सञ्चारमाध्यम सहितको नागरिक समाजले यो समस्यालाई सम्बोधन गर्न साझा रूपमा अघि बढ्नुपर्छ । सोको लागि सरकारको नेतृत्वदायी भूमिका र राजनीतिक दल, अन्तर्राष्ट्रिय समुदाय तथा सम्पूर्ण तह र तप्काका नागरिकहरूको क्रियाशीलता आवश्यक पर्छ । यी विविध कर्ताले खेल्नुपर्ने भूमिकाको सार तलका अनुच्छेदमा प्रस्तुत गरिएको छ ।

३.१ संसद्को भूमिका

द्वन्द्वोत्तर अवस्थामा साना हतियारको अवैध कारोवार र यस्ता हतियारमाथि निगरानी र नियन्त्रण बढाउन संसद्ले खेल्ने भूमिकाको आधारमा राज्यनिर्माण प्रक्रियाको सफलता निर्भर रहन्छ । संसदीय व्यवस्थामा व्यवस्थापिका बलियो शक्ति हुने भएकोले हतियार नियन्त्रणमा समेत संसद्को भूमिका निर्णायक हुन्छ । तर नेपालमा अहिले साना हतियारसम्बन्धी विद्यमान कानुनी व्यवस्था अपर्याप्त र फितलो छ । यसकारण भइरहेका नीति–नियमले नयाँ देखापरेका समस्यालाई सम्बोधन गर्ने क्षमता देखाएका छैनन् ।

संसद्सँग विधिको शासन सञ्चालन गर्ने निर्देशकीय भूमिका हुन्छ । यसले साना हतियार नियन्त्रणसम्बन्धी सन्धि–सम्झौतामा हस्ताक्षर गर्न सरकारलाई निर्देशन दिन सक्छ । उसले यस्तो भूमिका सक्रिय रूपमा निर्वाह गरेमा हतियारको अवैध प्रयोग नियन्त्रण गर्न लागिपरेका पैरवीकर्ता समूहलाई पनि मद्दत पुग्छ । साथै यसरी अनुकूल वातावरण सिर्जना भएमा अन्तर्राष्ट्रिय समुदायले पनि सरकारलाई यो कार्यमा सहयोग गर्न सक्छ । साना हतियारको अवैध धन्दा नियन्त्रण गर्न संसदीय निगरानी पनि जरुरी हुन्छ । सुरक्षा सवाल तथा हातहतियारको सम्बन्धमा सरकारलाई जवाफदेही बनाउने यो मूल उपाय हो । त्यसैले यस्तो निगरानीले विश्वव्यापी पहिचानसमेत पाएको छ (इयान्सा सन् २००४) ।

राष्ट्रसंघीय कार्ययोजना (प्रग्रचाम अफ एक्सन) सन् २००१ ले प्रस्ताव गरेको हतियार व्यापार सन्धि (आर्म्स ट्रेड ट्रिटी) लाई अहिलेसम्म १५३ मुलुकले समर्थन गरेका छन् । यसमा हस्ताक्षर गर्न संसद्बाट स्वीकृति लिनुपर्छ । यसले हातहतियारको व्यापार र त्यसको अवैध कारोवार नियन्त्रण गर्न अन्तर्राष्ट्रिय रूपमा नियामक भूमिका खेलेको छ । हतियारको व्यापार अहिले क्षेत्रीय सवाल बनिरहेकाले यससम्बन्धी क्षेत्रीय अवधारणा जरुरी हुन्छ । त्यसैले अहिले साना हतियार नियन्त्रण गर्न दक्षिण एसियाली मुलुकका संसद्सँग सहकार्य गरी नेपालको संसद्ले सार्क क्षेत्रमा यस्तै हतियार व्यापार सन्धि विकास गर्न पहल गर्नु उत्तम देखिन्छ । अर्को तथ्य, १८०० किलोमिटरभन्दा बढी खुला सीमा हुँदै भारतबाट नेपालमा थुप्रै अवैध हातहतियार भित्रिन्छन् । उता हतियार तस्कर र अवैध व्यापारीको लागि नेपाल सहज मार्ग पनि बनेको छ । त्यसैले साना हतियारको अवैध व्यापार नियन्त्रण गर्न नेपाल सरकार र यहाँको संसद्ले भारतसँग द्विपक्षीय सम्झौता गर्नु जरुरी छ ।

३.२ सरकारको भूमिका

साना हतियार नियन्त्रण गर्ने प्रमुख दायित्व सरकारकै हो । त्यसकारण निःशस्त्रीकरण, गैर–परिचालन र पुनर्समायोजन (डिस्आर्मामिन्ट, डिमबिलाइजेसन एन्ड रिइन्टिग्रेसनः डिडिआर) को कार्यक्रम कार्यान्वियन गर्न सरकारले विशेष नीति ल्याउनुपर्छ । सरकारको भूमिका फितलो भएकै हुनाले नेपालमा हातहतियारको ओसारपसार तीव्र भइरहेको छ । विगतमा सरकारले सशस्त्र आपराधिक समूह र राजनीतिक दर्शनले प्रेरित सशस्त्र समूहहरूलाई प्रभावकारी तरिकाले खुटयाउन सकेन । ती सबैलाई वार्तामा बस्नमात्रै आह्वान गरियो । यस्तो शैलीले दुर्नियत लिएका समूहलाई पनि

वैधानिकता दियो । साथै यस्ता समूह गठन गरी विविध सुविधा पाउन (सरकार र सुरक्षा अंगद्वारा पहिचान, सञ्चारमाध्यममा गतिलो स्थान) थुप्रै समूहलाई प्रोत्साहन मिल्यो ।

साना हतियारसम्बन्धी नीति–नियम बनाउँदा विस्तृत राष्ट्रिय सुरक्षा योजनासँग मिल्ने गरी विकास, मानवीय सहायता, फौजदारी न्याय र सहरी योजनाजस्ता पक्षलाई पनि ख्याल गर्नुपर्छ (जिआइएसएस सन् २००७) । यसले गरीबीलाई सम्बोधन गर्नुका साथै साना हतियारको दुरुपयोगबाट हुने आर्थिक, सामाजिक र मानवीय क्षति कम गर्छ । दैनिक घटनाक्रमलाई विचार गर्दा नेपालमा साना हतियारको अवैध व्यापार अझ बढ्ने सम्भावना देखिन्छ । त्यसैले यी चुनौती सामना गर्न सरकार पनि चनाखो रहनुपर्छ ।

फितलो सुरक्षा प्रशासन पनि साना हतियारको अवैध कारोवार वृद्धि गराउने कारणहरूमध्ये एक हो । त्यसैले सरकारले सशक्त सुरक्षा व्यवस्था नियमावलीहरू कार्यान्वयन गरी सुरक्षा–प्रदायकहरूलाई सीप, संसाधन, ज्ञान र उपकरणसहित सुदृढ पार्नुपर्छ । सुरक्षा बलअन्तर्गत पहिले काम गरिरहेका व्यक्तिले सेवानिवृत्त भएपछि प्रयोग गर्ने हतियारमाथि पनि सरकारले सूक्ष्म निगरानी राख्नुपर्छ । उच्च राजनीतिक शक्ति भएका व्यक्तिहरूले पनि अवैध हतियार राख्ने सम्भावना (र राखेका तथ्य पनि) हुनाले त्यस्ता हतियारहरू तत्काल जफत गरिनुपर्छ । यसरी कानुनी शासनको सुदृढीकरण र निरन्तर पालनाले मात्र हतियारको अवैध उत्पादन, वितरण र दुरुपयोग नियन्त्रण गर्न सकिन्छ ।

साना हतियारको बिगबिगी रोक्ने अर्को उपाय अनुसन्धान तथा विश्लेषणमा लगानी हो । यस क्षेत्रमा नेपालले सायदै केही गरेको छ । त्यसैले नेपाल सरकारले साना हतियारबारे स्वतन्त्र अनुसन्धान तथा विश्लेषण गर्ने संस्थाहरू निर्माण गर्नुपर्छ । तिनको संस्थागत क्षमता विकास, स्रोतको उपलब्धता तथा कार्यगत स्वायत्ततामा पनि सरकारको मिहिन ध्यान जानु जरुरी छ ।

सार्कको क्षेत्रीय स्तरमा संसदीय समितिहरूसँग नजिक रही सरकारले क्षेत्रीय हतियार व्यापार सन्धिको प्रक्रियालाई अघि बढाउनु बुद्धिमतापूर्ण हुन्छ । यसले सो क्षेत्रबाट नेपालमा हुने साना हतियारको कारोवारलाई रोक्न उल्लेख्य मद्दत पुऱ्याउन सक्छ । हुन त यो काम सोचेजति सहज छैन, तर क्षेत्रीय सुरक्षा सुदृढीकरणको लागि यो एउटा बलियो आधारशिला हो । सबैभन्दा महत्वपूर्ण कुरा, नेपाल सरकारले आफ्नो सुरक्षा संवेदनशीलतालाई ख्याल राख्दै द्विपक्षीय सम्झौताको रूपमा साना हतियार नियन्त्रण

गर्न भारत सरकारसँग वार्ता सुरु गर्नु पर्छ। यो काम द्वन्द्वोत्तर राज्यनिर्माणको क्रममा रणनीतिक रूपमै अघि बढाइए राष्ट्रिय सुरक्षा व्यवस्थालाई ठूलो टेवा मिल्छ।

दण्डहीनता कम गर्न सरकारले रोम विधान (अन्तर्राष्ट्रिय फौजदारी अदालतः आइसिसी) मा हस्ताक्षर गर्नुपर्छ। साना हतियारको ओसारपसार हुने कारण दण्डहीनता हो। विशेषगरी संक्रमणकालमा यस्तो दण्डहीनतालाई लम्बिन दिनु हुँदैन। यसलाई अन्त्य गरे अवैध हतियार नियन्त्रणमा ठूलो टेवा पुग्न सक्छ। अन्तर्राष्ट्रिय फौजदारी अदालतमा हस्ताक्षर गरिए मानवताविरुद्धको अपराध र नरसंहारमा राजनीतिक दलको सम्भावित सम्बद्धतालाई कम गर्न पनि मद्दत मिल्छ।

३.३ राजनीतिक दलको भूमिका

दलीय अभीष्टअनुसार राजनीतिक दलहरू साना हतियारको अवैध कारोबारका प्रवर्द्धक पनि हुन सक्छन् र नियन्त्रक पनि। अहिले दलहरूले आफ्ना निहित अभिरुचि पूरा गर्न आपराधिक गतिविधि र बाहुबलको सहारा लिएका भए पनि अन्ततः यस्ता गतिविधिले साना हतियारको कारोवारलाई पनि उकास्छन्। तर अपराधीलाई संरक्षण, राजनीतिको अपराधीकरण र कानुनको अवमूल्यनजस्ता कुराबाट तिनले आफूलाई टाढा राखे तिनै दलहरू राज्यनिर्माण प्रक्रियाका सारथी बन्न सक्छन्। त्यसैले राज्य र सुरक्षा बलको अधिकार क्षेत्रभित्र रहेका काममा आफूले हस्तक्षेप गर्नु राजनीतिक दलहरूको प्रमुख कमजोरी हो।

हतियारको कारोवार अत्यन्तै लाभदायी हुन्छ। त्यसैले आफ्ना क्रियाकलापमा समर्थन पाउन व्यापारीले राजनीतिक दललाई अर्थपोषण गर्छन्। यस्ता कुकृत्यबाट राजनीतिक दलले आफूलाई टाढै राखेर साना हतियार तस्कर नियन्त्रण गर्ने कडा उपाय अवलम्बन गर्न सरकारलाई सहयोग गर्नुपर्छ।

युवाहरूको सैनिकीकरण अहिले नेपालको प्रमुख सुरक्षा चुनौती बनेको छ। राजनीतिक दलले अहिले जनतालाई सुरक्षा दिने सवालमा आफ्ना भिन्नै सोचाइ बनाएका छन्। तिनको तर्कअनुसार युवा सैन्य दस्ता गठन गर्नुको उद्देश्य जनतालाई सुरक्षा दिनु हो। यस्तो सोचलाई परिवर्तन गरी त्यो जिम्मेवारी बहन गर्न सुरक्षा निकायलाई सुदृढ बनाउनु पर्छ। सुरक्षा स्थिति भताभुङ्ग पारी समाजलाई उग्र बनाउने र युवालाई सैनिकीकृत गर्ने काम दलहरूले रोक्नैपर्छ (विस्तृत विश्लेषणको लागि यसै पुस्तकको परिच्छेद १० हेर्नुहोस्)।

३.४ सुरक्षा प्रदायकको भूमिका

प्रहरी भनेको स्थानीय सुरक्षाको प्रमुख आधार हो। यसले स्थानीय जनतासँग सक्रिय सहकार्य गर्नुपर्छ। अहिले नेपालमा प्रहरी बल नराम्ररी हतोत्साही भएको छ। अति राजनीतीकरणले यसको कार्यसम्पादनमा नराम्रो असर पारेको छ। तस्कर, अपराधी, व्यापारी र उद्योगपतिका निहित अभिरुचि पूरा गर्न गृहमन्त्री र सम्बद्ध दलले यो निकायको व्यापक दुरुपयोग गर्ने गरेका छन्। त्यसैले प्रहरीको व्यवसायीकरण गर्ने, क्षमता तथा आकार बढाउने र कार्यपद्धति सुधार्ने काम साना हतियार नियन्त्रणको लागि पनि अत्यन्तै महत्वपूर्ण छ। यसभित्र हुने राजनीतीकरण रोकेर यसलाई तटस्थ बनाए मात्र सुधारका यी काम सम्भव हुन सक्छन्।

नेपालमा सरकारी गुप्तचर निकायले पनि राम्ररी काम गरिरहेको छैन। गृह मन्त्रालयको गुप्तचर विभाग पनि गृहमन्त्रीका समर्थकहरूको भर्तीकेन्द्र मात्र भएको छ। गुप्तचर भनेको विशेष खालको सुरक्षा संयन्त्र हो। सामान्य मानिसले यसमा काम गर्न सक्दैनन्। तर हाम्रो परिप्रेक्ष्यमा गृहमन्त्रीले आफूखुसी भर्ती गरेका राजनीतिक कार्यकर्ता वा सामान्य मानिसले यस्तो विशेष कार्य गर्न सक्ने प्रश्नै आउँदैन।

नेपाली सेनाको सैनिक गुप्तचर विभाग (डिपार्टमन्ट अफ मिलिटरी इन्टेलिजेन्सः डिएमआइ) ले पनि अहिलेसम्म अपेक्षित कार्यसम्पादन गर्न सकेको छैन। विशेषगरी माओवादीले सशस्त्र विद्रोहकालमा बेनी आक्रमण गर्दा यो निकायको असफलता झल्किएको थियो। यसैगरी २०५८ जेठ १९ को दरबार हत्याकाण्डले पनि नेपाली गुप्तचर निकायको असफलता पुष्टि गर्छ। यसर्थ यस्ता गुप्तचर निकायमा सुधार ल्याउनु सुरक्षा व्यवस्था र हतियार ओसारपसार नियन्त्रण दुवैको लागि पूर्वसर्त हो।

३.५ नागरिक समाजको भूमिका

साना हतियार नियन्त्रण गर्न नागरिक समाज र त्यसमा पनि विशेषगरी सञ्चारमाध्यमको विशेष भूमिका रहन्छ। हतियारको अवैध व्यापार नियन्त्रण गर्न सचेतना कार्यक्रम महत्वपूर्ण हुन्छन्। साना हतियारको व्यापार र बारुदी सुरुङको बढ्दो विस्तार हिंसात्मक द्वन्द्वको व्यवस्थापन गर्न मूल अड्चन बनेका विश्वव्यापी अनुभवले देखाएका छन्। हतियारको उपलब्धताले द्वन्द्वको मात्रालाई बढाउने हुँदा शान्तिपूर्ण रूपान्तरणमा यस्तो उपलब्धता सधैँ चुनौती बन्छ। नेपालमा अहिले यस विषयमा सचेतना जगाउनको लागि नागरिक समाज बिस्तारै लागिरहेको छ।

३.६ अन्य महत्वपूर्ण कार्य

शान्ति प्रक्रिया र राज्यनिर्माणको गतिलाई द्रूत बनाउन राजनीतिक दलहरू इच्छुक हुने हो भने तिनले साना हतियारको जोखिम न्यूनीकरण गर्न निम्न विषयहरूलाई सम्बोधन गर्नुपर्छः

३.६.१ प्रहरी बलको सुदृढीकरण

हिंसात्मक अपराध र असुरक्षा रोक्ने बलियो उपाय प्रहरी संगठनको सशक्तीकरण हो । उपकरणले सुसज्जित (आवश्यक पूर्वाधार प्रदान गरेर), संसाधनयुक्त (भौतिक सुविधा दिएर), व्यावसायिक (दक्षता, प्रतिबद्धता, गतिशीलता, नैतिकता, ज्ञान, सीप र सूचनाले सम्पन्न तुल्याएर), तटस्थ (गृह मन्त्रालयका अधिकारी, मन्त्री वा सम्बन्धित दलको रोजाइमा नभएर आफ्नै उद्देश्यमा अडिग रहने बनाएर) र कुनै दल विशेष भन्दा जनताप्रति उत्तरदायी बनाएर प्रहरीलाई बलियो पार्न सकिन्छ (यसै पुस्तकको परिच्छेद ११ ले यसबारे गहिरो विश्लेषण गरेको छ) ।

नेपाली सुरक्षा व्यवस्थामा नवीन आयाम दिँदै अहिले थुप्रै निजी सुरक्षा-प्रदायकहरू देखापरेका छन् । तिनीहरू अहिले सुरक्षा व्यवस्थाका महत्वपूर्ण अंश बनेका छन् । यस्ता निजी सुरक्षा-प्रदायकहरू अहिले व्यक्ति तथा सम्पत्तिको सुरक्षामा संलग्न छन् । तर तिनको सेवा हातहतियारसम्बन्धी उच्च स्तरको क्षेत्रमा नभएर निजी कम्पनी, गैरसरकारी संस्था, अन्तर्राष्ट्रिय गैरसरकारी संस्था र महत्वपूर्ण व्यक्तिहरूलाई सामान्य स्तरको सुरक्षा दिनुमा सीमित छ । नेपालमा तिनीहरू मूलतः अङ्गरक्षकको रूपमा भौतिक सुरक्षा दिन वा सहयोगी, चौकिदार र जोखिम मूल्याङ्कनकर्ताको रूपमा कार्यरत छन् । यसर्थ नेपालमा राष्ट्रिय सुरक्षासँग मेल खाने र राज्यको सुरक्षा पद्धतिलाई समेत मद्दत हुने गरी निजी सुरक्षा-प्रदायक कम्पनीलाई समेट्ने स्पष्ट योजनाको समेत आवश्यकता छ ।

३.६.२ तटस्थता र जवाफदेहिता

सुरक्षा निकाय र कर्मचारीतन्त्रलाई कानुनी प्रावधानअनुसार आ-आफ्नो मान्यतामा काम गर्न नदिइए असुरक्षासँग जुध्न र स्थायी लोकतन्त्र हासिल गर्न कम सम्भव छ । वर्तमान अवस्थाको प्रमुख चुनौती भनेको सुरक्षा फौजको तटस्थ व्यवस्थापन र तिनलाई जवाफदेही बनाउने काम हो । यसको लागि सुरक्षा फौज आफैँ र राजनीतिक दल पनि यसकै साथमा सक्रिय हुनुपर्छ । नागरिक समाजले भने यसमा निरन्तर पहरेदार (वाचडग) को भूमिका निर्वाह गर्न सक्छ ।

३.६.३ सामुदायिक सुरक्षा

संक्रमणकालीन सुरक्षा सबल बनाउन स्थानीय समुदायको पूर्ण सहयोग र समन्वय खाँचो पर्छ। यसको लागि सुरक्षा फौज, स्थानीय राजनीतिकर्मी, समुदायका सदस्य, सञ्चारमाध्यम र बौद्धिक वर्गबाट समन्वयकारी भूमिका आउनु पनि उत्तिकै जरुरी हुन्छ। सुरक्षा फौजलाई सूचना, अपराध, हिंसा र सम्बन्धित चुनौतीसँग जुध्न भौतिक र नैतिक समर्थन चाहिन्छ।

३.६.४ सीमा व्यवस्थापन

सीमा व्यवस्थापन नेपालमा गम्भीर तर अत्यन्तै उपेक्षित विषय हो। त्यसैले नयाँ राष्ट्रिय सुरक्षा योजनामा यो विषयलाई पनि गम्भीरतापूर्वक लिइनुपर्छ। सीमासम्बन्धी प्रशासनिक काममा आवश्यक पर्ने प्रशासनका तौरतरिका, संसाधन र प्रक्रियाको समष्टिगत रूपलाई नै सीमा व्यवस्थापन भनिन्छ। यसमा सीमा पार गर्न लागेका व्यक्ति तथा वस्तुको निगरानी हुन्छ, अवैधमाथि नियन्त्रण हुन्छ र वैधलाई कानुनी प्रक्रिया पूरा गरी सहज बनाइन्छ। सीमा व्यवस्थापन अभ्यासमा निम्न प्रमुख कर्ताहरू लागिपरेका हुन्छन्:

१. सीमा पहरेदारहरू,

२. अध्यागमन सेवाका अधिकारीहरू,

३. सीमा शुल्क अधिकारीहरू।

अपराध, भ्रष्टाचार, साना तथा हलुका हतियारको अवैध ढुवानी र मानव बेचबिखन सीमा क्षेत्रमा हुन सक्ने अवैध गतिविधि हुन्। यिनलाई नियन्त्रण गर्न विशेष ज्ञान, सीप र प्रक्रिया चाहिन्छ।

३.७ अनुसन्धाताहरूको भूमिका

अनुसन्धान र विश्लेषणले साना हतियारको ओसारपसार नियन्त्रण र तिनसँग जुध्ने रणनीति विकास गर्न योजनाकारहरूलाई मद्दत गर्छन्। तर नेपालमा साना हतियारसम्बन्धी सक्रिय र गुणस्तरीय अनुसन्धान विरलै भएका छन्। त्यसैले हामीकहाँ अनुसन्धानमा आधारित योजना र रणनीतिको गम्भीर अभाव छ।

साना तथा हलुका हतियारका विषयसँग जुध्न राजनीतिक र योजना स्तरमा सुरक्षासम्बन्धी अवधारणागत बुझाइ विकास गर्नु जरुरी छ। यससम्बन्धी तथ्यपरक

योजना-निर्माण गर्न दक्ष अनुसन्धान पद्धति तथा विश्लेषण आवश्यक पर्छ । संयुक्त राज्य अमेरिका, बेलायत, फ्रान्स, दक्षिण अफ्रिका, जर्मनी र अन्य थुप्रै मुलुकले अनुसन्धान र विश्लेषणमा बलियो लगानी गरेका छन् । त्यसैले यी राष्ट्रका योजनाहरू तथ्यपरक र सफल छन् । इयान्सा (सन् २००४) का अनुसार राष्ट्रसंघ, स्वतन्त्र अनुसन्धान संस्था र विभिन्न विश्वविद्यालयका अनुसन्धान केन्द्रहरूले गरेका अध्ययनमा पनि अपराध नियन्त्रण गर्न र सशस्त्र द्वन्द्व न्यूनीकरण गर्न अनुसन्धानको भूमिका प्रभावकारी हुने उल्लेख गरिएको छ ।

नेपालमा साना हतियारसम्बन्धी प्राज्ञिक खोज र अध्ययन अझै नाजुक छ । केही विद्वान् र अनुसन्धाताले यसको सुरुआत त गरेका छन् तर सुरक्षा निकाय र सरकारले यसमा कुनै चासो देखाएका छैनन् । सुरक्षा निकाय इतरका व्यक्ति अथवा संस्थाबाट हुने यस्ता अध्ययनले आफूहरूको व्यावसायिक 'एकाधिकार'मा अतिक्रमण गर्ने तिनको रुढ बुझाइ छ । सुरक्षासम्बन्धी संवैधानिक अख्तियार नै पाएर काम गरिरहेको नेपालको राष्ट्रिय सुरक्षा परिषद् अहिलेसम्म अकर्मण्य नै नभए पनि साना हतियारबारे पनि यसले थोरैमात्र काम गरेको छ । हामीकहाँ उपलब्ध साना हतियारसम्बन्धी नेपाली अनुसन्धान अलि अस्पष्ट पनि छ । विशेषगरी खोज पत्रकारितामाथि पूर्ण भर परी यस्ता अनुसन्धान हुने गरेका छन् । साना हतियारसम्बन्धी खोजमा यस्तो पत्रकारिता सहायक भए तापनि यिनीहरू समग्र विषयमाथि सैद्धान्तिक तथा अवधारणागत खाका विकास गर्न पर्याप्त हुँदैनन् । त्यसैले साना हतियार तथा सुरक्षासम्बन्धी अनुसन्धान गर्न नेपाल सरकारले विद्वान्हरू सम्मिलित स्वतन्त्र संस्था गठनमा सहयोग गर्नुपर्छ । विश्वविद्यालयका विषयसम्बन्धित विभागहरूले पनि यसबारे तीव्र अनुसन्धान सुरु गराउनुपर्छ ।

४. निष्कर्ष

संक्रमणकालीन सुरक्षा सुधार्नु अल्पकालीन रणनीति मात्र हो । तर साना हतियार नियन्त्रण गर्न दीर्घकालीन सुरक्षा योजना आवश्यक हुन्छ । त्यसैले राष्ट्रिय सुरक्षा योजना, अन्तर्राष्ट्रिय सम्बन्ध र आर्थिक नीतिभित्र यो विषय समाहित हुनुपर्छ । यसले साना हतियारको अवैध प्रयोग नियन्त्रणको अभियानलाई सुदृढ पार्छ । यस्ता हतियारको अवैध ओसारपसार नियन्त्रणविना राज्यनिर्माणको उद्देश्य हासिल गर्न असम्भवप्रायः छ ।

राज्यले साना हतियार नियन्त्रण गर्न र संक्रमणकालीन सुरक्षा सुधार्न नसके जबरजस्ती, अपहरण, डकैती, लुटपाट, लागु पदार्थ तस्करी, बलात्कार, महिला बेचबिखन, दुर्लभ

वन्यजन्तुको अवैध सिकार र तस्करी (कस्तुरी सिकार, पशुपंक्षीका मूल्यवान् छाला, बाघको हड्डी, दुर्लभ जडीबुटी तस्करी आदि) जस्ता संगठित अपराधका शृंखला चलिरहन्छन् । दलहरूले आफ्ना युवा दस्तालाई बाहुबलकै आधारमा परिचालन गर्दा जनधनको रक्षा गर्ने काममा प्रहरीलाई व्यवधान हुन्छ । साना हतियार नियन्त्रण गर्न आवश्यक अन्य बृहत् क्षेत्र भनेका 'सूचना साभ्नेदारीको क्षेत्रीय सञ्जाल' (रिजनल नेटवर्क अफ इन्फर्मेसन शेयरिङ) स्थापना गरी गुप्तचरीय सूचना आदानप्रदान, सो क्षेत्रमा आबद्ध मुलुकका अधिकारीबीच समन्वय स्थापना र राज्य तथा नागरिक समाजबीच बलियो सहकार्य स्थापित गर्नु महत्वपूर्ण हुन्छ । यस्ता गम्भीर विषयलाई सम्बोधन गर्न सरकार, राजनीतिक दल, सुरक्षाकर्मी, नागरिक समाज, सञ्चारमाध्यम र सिङ्गो समुदायको सामूहिक उत्तरदायित्व खाँचो पर्छ ।

सन्दर्भ–सूची

Amnesty International and Oxfam International. 2003. *Shattered Lives: The Case for Tough International Arms Control.* London: Amnesty International and Oxfam International.

Banerjee D, editor. 2000. *South Asia at Gun Point: Small Arms and Light Weapons Proliferation*. Colombo: Regional Centre for Strategic Studies.

GIIS [Graduate Institute of International Studies]. 2007. *Small Arms Survey 2007: Gun and the City.* Geneva: Graduate Institute of International Studies.

IANSA [International Action Network on Small Arms]. 2003. *Implementing the Programme of Action 2003: Action by State and Civil Society.* London: International Action Network on Small Arms, International Alert and Saferworld.

IANSA [International Action Network on Small Arms]. 2004. *Arm trade is out of control*. Accessed via www.controlarms.org on 4 February 2010.

ICG [International Crisis Group]. 2004. Nepal: dangerous plans for village militias, Asia briefing, 17 February 2004.

Mugumya G. 2005. Exchanging Weapons for Development in Columbia: An Assessment of Different Weapons Collection Strategies by Local People. Geneva: UNIDIR.

UN [The United Nations]. 1997. General and complete disarmament: Small arms (A/52/298); 27 August 1997; Fifty-second session, Item 71 (b) of the provisional agenda. New York: The UN.

Upreti BR, Nepali RK, editors. 2006. *Nepal at Barrel of Gun: Proliferation of Small Arms and Light Weapons and Their Impacts.* Kathmandu: South Asia Small Arms Network-Nepal.

Upreti BR. 2009. *Nepal from War to Peace: Legacies of the Past and Hopes for the Future.* New Delhi: Adroit Publishers.

* * *

परिच्छेद १३

द्वन्द्वोत्तर मेलमिलाप तथा पुनर्समायोजन

विष्णुराज उप्रेती[1]

१. परिचय

द्वन्द्वबाट शान्तितर्फको नेपालको अहिलेको संक्रमणकाल निकै कमजोर रहेको छ । यसलाई पार गरी दिगो शान्ति स्थापना गराउने केही प्रमुख पक्षमध्ये मेलमिलाप र पुनर्समायोजन (रिकन्सिलियसन एन्ड रिइन्टिग्रेसन)[२] अग्रपंक्तिमै पर्छन् । त्यसैले नेपालको शान्ति प्रक्रियालाई सफल बनाउन मेलमिलाप तथा पुनर्समायोजनको प्रवर्द्धन हुनु जरुरी छ । यो अवधारणाले आन्तरिक रूपमा विस्थापित र पूर्वलडाकु वा सैनिकबारे सरोकार राख्छ । अख्तियारको दुरूपयोग तथा अपराधबाट पीडितका लागि न्यायको आधारभूत सिद्धान्तसम्बन्धी राष्ट्रसंघीय घोषणा र महासभा घोषणा (युनाइटेड नेसन्स डिक्लयरेसन अफ बेसिक प्रिन्सिपल्स अफ जस्टिस फर भिक्टिम्स अफ क्राइम्स एन्ड अब्युज अफ पावर एण्ड जेनरल एसेम्ब्ली रिजोल्युसन) ४०/३४, २९-११-१९८५ का अनुसार, “भौतिक र मानसिक व्यथा सहित व्यक्तिगत वा सामूहिक आघातमा परेका, भावनात्मक पीडामा परेका, आर्थिक क्षतिमा परेका, राष्ट्रिय फौजदारी कानुन उल्लंघन नभए पनि अन्तर्राष्ट्रिय मानवअधिकार सम्बन्धित मान्यताबाट हेर्दा आधारभूत अधिकार गुमाएकालाई पीडित भनिन्छ ।”

नेपाली परिप्रेक्ष्यमा मेलमिलाप तथा पुनर्समायोजनले द्वन्द्व-प्रभावित जनता (विस्थापित, पूर्वलडाकु वा पूर्वसेना, भौतिक वा मानसिक रूपमा घाइते, बालबालिका, महिला, वृद्ध, वृद्धा, अपाङ्ग आदि) लाई संकेत गर्छ । इन्सेकको मानवअधिकार वर्ष पुस्तकअनुसार सशस्त्र द्वन्द्वको सुरुआतदेखि नै हत्या गर्ने, बेपत्ता बनाउने, यातना दिने, बलात्कार गर्ने, जबरजस्ती चन्दा असुल्ने, आक्रमण या पक्राउको धम्की दिनेजस्ता मानवअधिकार उल्लंघनका थुप्रै शृंखला चलेका थिए । यस्ता अपराधबाट पीडितहरू व्यक्तिगत वा सामूहिक, प्रत्यक्ष वा अप्रत्यक्ष र पहिलो वा दोस्रो पुस्ताका जुनैखाले हुन सक्छन् ।

---

[1] क्षेत्रीय संयोजक, एनसिसिआर नर्थ-साउथ, दक्षिण एसिया कार्यालय, ललितपुर, नेपाल; bupreti@nccr.wlink.com.np

[२] यस परिच्छेदको सन्दर्भमा मेलमिलाप तथा समायोजनले सामाजिक र राजनीतिक दुवै अर्थ राख्छ ।

द्वन्द्व–प्रभावित मानिसका समस्या र पीडाको सम्बोधन गर्ने, तिनको आत्मविश्वास जगाउने, सामुदायिक एकता बढाउने, न्याय प्राप्तिको बाटो खोजिदिने आदि पद्धति मेलमिलाप तथा पुनर्समायोजनभित्र समेटिन्छ । आत्मविश्वास जगाउने, आपसी विश्वास पुनर्स्थापना गराउने र पूर्वशत्रुहरूबीच समझदारी कायम गराउने प्रक्रिया वास्तवमै ठूलो चुनौतीको विषय हो । नेपालमा दीर्घकालीन शान्ति स्थापना गराउन यी पक्षमा ध्यान पुऱ्याउनुपर्छ ।

दक्षिण अफ्रिकाका प्रमुख पादरी एमेरिटस डेस्मन्ड टुटुले एउटा हातेपुस्तकमा भूमिका लेख्दै मेलमिलापको मर्ममा जोड दिएका छन् । पीडादायी विगतको विश्लेषण गर्ने, त्यसलाई राम्रोसँग बुझ्ने र त्यो पीडालाई जितेर त्यस्तो अवस्था फेरि फर्कने छैन र फर्कन दिनुहुँदैन भन्ने सुनिश्चित गराउनु नै द्वन्द्वोत्तर मेलमिलापको प्रमुख सन्देश हो (ब्लुमफिल्ड र अरू सन् २००३) । मेलमिलाप तथा पुनर्समायोजनले द्वन्द्वकालमा प्रतिकूल र शत्रुवत् सम्बन्ध भएका मानिसलाई आपसी सम्मानको भाव र सहचर्यातर्फ अभिमुख गर्छ । मेलमिलापले पीडित र पीडकबीचको सम्बन्धमा मलम लगाउँछ । यो दीर्घकालीन शान्ति हासिल गर्न पनि सहयोगी हुन्छ । यसले न्याय, क्षमाशीलता, सहकार्य र सहअस्तित्वको शैली विकास गर्नुका साथै विगतमा शत्रुवत् सम्बन्ध रहेका वर्गलाई एकअर्काका आवश्यकता, भय र अपेक्षालाई बुझ्ने अवसर पनि दिन्छ । त्यसैगरी पुनर्समायोजन प्रक्रिया पूर्वलडाकु, विस्थापित र द्वन्द्व–प्रभावित जनतालाई समुदायमा विस्तारै र सहज तरिकाले स्वीकृत गराउने प्रक्रिया हो ।

यस परिप्रेक्ष्यमा यो परिच्छेदले सामुदायिक चिन्तनमा आधारित पुनर्समायोजन र मेलमिलापका सवाल पहिचान गर्ने र यसको लागि समुदाय–केन्द्रित खाका सुझाउने उद्देश्य राखेको छ । साथै यसले मेलमिलाप र सामाजिक–राजनीतिक पुनर्समायोजनको लागि सामुदायिक क्षमता अभिवृद्धिका उपायलाई पनि केलाउने छ ।

२. अवधारणात्मक आधार

बितेका दिनका हिंसाको विरासतलाई सम्बोधन र बिग्रिएका सम्बन्धमा पुनर्निर्माण गराउने प्रक्रिया नै मेलमिलाप हो (ब्लुमफिल्ड र अरू सन् २००३) । दसवर्षे द्वन्द्वबाट सिर्जित शत्रुतापूर्ण सम्बन्ध, मधेस हिंसा र पछिल्लो समयमा देखिएको जातीय तनावले आज नेपाली समाज खण्डित भएको छ । त्यसैले विगतका सम्बन्धको विश्लेषण र सम्बोधनको प्रक्रियाले मेलमिलाप बढाउन सक्छ । अहिलेको ऐतिहासिक समयमा नेपालले समाज र राजनीति पुनर्गठन गर्ने, कानुनी शासन स्थापना गर्ने र

मानवअधिकारको सम्मान गर्ने राम्रो अवसर पाएको छ । द्वन्द्वोत्तर समाजको प्रमुख जोड हिंसामा लागेका मानिसहरूले त्यस्तो कर्म दोहोऱ्याउने छैनन् भन्ने सुनिश्चित गर्नेमा हुन्छ (उप्रेती सन् २००६बी) । यो बेलामा द्वन्द्वोत्तर चुनौती सम्बोधन गर्न लोकतान्त्रिक प्रक्रिया र संरचनाको स्थापना गरिनुपर्छ । विशेषगरी, हिंसा र अन्याय माफ लोकतन्त्रको अस्तित्व रहँदैन । त्यसैले लोकतान्त्रिक प्रक्रियालाई बलियो बनाउने उत्तम उपाय मेलमिलाप हुन सक्छ ।

पुनर्समायोजन मनोवैज्ञानिक, सामाजिक, राजनीतिक र आर्थिक आयाम सहितको एउटा जटिल प्रक्रिया हो । यस प्रक्रियामा गैर–परिचालित सैनिक वा पूर्वलडाकु, तिनका परिवार र द्वन्द्व–प्रभावित मानिसले आफ्नै वा नयाँ समुदायमा सक्रिय नागरिक जीवनको सुरुआत गर्न थाल्छन् । शास्त्रीय अर्थमा पुनर्समायोजन प्रक्रिया निःशस्त्रीकृत[३] तथा गैर–परिचालित[४] बल र तिनको परिवारलाई सामाजिक–आर्थिक जीवनमा समायोजित गर्ने प्रक्रिया हो । पुनर्समायोजन भन्नाले पूर्वलडाकु र तिनका परिवारलाई समुदायमा सहअस्तित्वको भाव विकास गराउने काम पनि हो । पूर्वलडाकु र द्वन्द्व–प्रभावित मानिसले आफ्नो जीवनशैलीलगायत सामुदायिक सम्बन्धको पुनर्निर्माण गरी नागरिक जीवनमा सक्रियतापूर्वक सहभागी हुनुपर्छ । पुनर्समायोजन प्रक्रिया दीर्घकालीन र जटिल हुन्छ ।[५] यसर्थ यो लडाकु जीवनबाट सामान्य जीवनतर्फको जटिल र दीर्घकालीन आर्थिक, राजनीतिक, सामाजिक र मनोवैज्ञानिक संक्रमणमात्रै नभएर द्वन्द्वको घाउ बिर्सेर सामान्य जीवनतर्फ जाने प्रक्रिया पनि हो (आदित्य र अरू सन् २००६) । यसैले द्वन्द्वोत्तर मेलमिलापको प्रक्रिया सफल हुन राजनीतिक, सामाजिक, आर्थिक र मनोवैज्ञानिक पुनर्समायोजन हुनुपर्छ (टुटु सन् १९९९; ब्लुमफिल्ड र अरू सन् २००३) ।

---

३ द्वन्द्वोत्तर शान्ति प्रक्रियाको समयमा हतियार संकलन, नियन्त्रण र नष्ट गर्ने प्रक्रिया निःशस्त्रीकरण हो ।

४ सुरक्षा सेवाबाट सैन्य एकाइलाई छुटकारा दिने प्रक्रिया र सोको परिणाम दुवै भएकोले गैर–परिचालन राजनीतिक प्रक्रिया हो । सेवाबाट गैर–परिचालित हुने व्यक्तिको प्रतिबद्धता आउनु र मुक्ति पाउनु दुवै राजनीतिक निर्णयमा भर पर्छन् । पहिले युद्धरत सैनिक तथा लडाकुहरूलाई शिविरमा राख्ने, हतियार र उपकरण नष्ट गर्ने, सैन्य एकाइ परित्याग गर्ने, पूर्वलडाकुका बर्दी फेरी नागरिक बर्दी प्रदान गर्ने, परिचयपत्र, औषधोपचार, राहत, प्रशिक्षणलगायत सहायता र अन्य कुरा प्राप्त गर्नु आदि पनि गैर–परिचालन कार्यक्रममा पर्न सक्छन् ।

५ हेर्नुहोस् राष्ट्रसंघीय शान्ति स्थापना मिसनका सहायक महासचिव इक्बाल रिजालाई डिमबिलाइज्ड सोल्जर्स स्पिकः रिइन्टिग्रेसन एन्ड रिकन्सिलियसन इन निकारागुआ, एल साल्भाडोर एन्ड मोजाम्बिक (मानागुआः सेन्त्रो दे इस्तुदिओस इन्टरनासिओनलेस, पृ. ४) नामक पुस्तकमा गरिएको उद्धृतांश ।

यस परिच्छेदको प्रयोजनको लागि राजनीतिक पुनर्समायोजनलाई यस्तो प्रक्रिया मानिएको छ, जसमा गैर-परिचालित सैनिक, द्वन्द्व-प्रभावित व्यक्ति र समुदायलाई आ-आफ्ना समुदायमा सामाजिक तथा राजनीतिक संरचना तथा प्रक्रियामा सामेल बनाउँदै लगिन्छ । यस प्रक्रियामा द्वन्द्व-प्रभावित (आन्तरिक रूपमा विस्थापित, पूर्वलडाकु र अन्य) मानिस तथा समुदायको राजनीतिक सहभागितालाई समाजले सामाजिक र राजनीतिक संयन्त्रमा स्वीकार्छ । यसरी तिनले नवीन नागरिक जीवनको सुरुआतमा आफ्नो सम्बन्धलाई रूपान्तरण गर्न सक्छन् ।

यसैगरी सामाजिक पुनर्समायोजन पूर्वलडाकु र तिनका सहयोगी, आन्तरिक रूपमा विस्थापित र द्वन्द्व-प्रभावित मानिसलाई समाजले स्वीकार्ने प्रक्रिया हो । विशेषतः सामाजिक पुनर्समायोजनको सफलता समायोजित हुने व्यक्तिको चाहना र समुदायको मानसिकतामा भर पर्छ । समायोजित हुने व्यक्तिले द्वन्द्वकालमा निर्वाह गरेको सकारात्मक अथवा नकारात्मक भूमिकाले पनि द्वन्द्वोत्तर कालमा उसको सामाजिक स्तर निर्धारण गर्छ ।

आर्थिक पुनर्समायोजनले उत्पादनशील अथवा लाभदायी रोजगारीमार्फत गैर-परिचालित वा अवकाशप्राप्त लडाकु/सैनिक र द्वन्द्व-प्रभावित मानिसले आर्थिक स्वतन्त्रता प्राप्त गर्ने प्रक्रियालाई जनाउँछ । साथै तिनले आफू र आफूमा आश्रित मानिसको जीविका सुरक्षा हासिल गर्ने प्रक्रिया पनि आर्थिक पुनर्समायोजन हो । आर्थिक पुनर्समायोजनले गैर-परिचालित लडाकुलाई रोजगारीको अवसर वा बजारमुखी सीप प्रदान गर्ने पक्षसँग पनि सम्बन्ध राख्छ ।

मनोवैज्ञानिक पुनर्समायोजन भन्नाले व्यक्तिले भोगिरहेको द्वन्द्व-मिश्रित जीवनशैलीबाट आम मानवीय जीवनशैलीमा समायोजित हुने मनोवैज्ञानिक सहजता हो । सैन्य जीवनशैली वरियताक्रमिक (माथिको आदेश पालना गर्नुपर्ने खालको चेन अफ कमान्ड भएको), औपचारिक नियमले सञ्चालित र यान्त्रिक हुन्छ । त्यसैले सशस्त्र द्वन्द्वताका मनोवैज्ञानिक तनाव तथा आघात भोगेका र द्वन्द्वपछि समायोजनमा जान लागेकालाई मनौवैज्ञानिक सहायता तथा सल्लाह आवश्यक पर्छ । मनोवैज्ञानिक पुनर्समायोजनले पूर्वलडाकु वा पूर्वसैनिक, द्वन्द्व-प्रभावित मानिस र सम्बन्धित समुदायको मनोविज्ञान तथा अपेक्षामा जोड दिन्छ ।

मेलमिलाप तथा पुनर्समायोजनको लागि सामान्य एवम् आकस्मिक तौरतरिकाहरू उपलब्ध छैनन् । यो स्थानीय परिप्रेक्ष्य, सशस्त्र द्वन्द्वमा सामेल दलहरूको प्रतिबद्धता

र शान्ति प्रक्रियालाई सहयोग गर्ने अन्तर्राष्ट्रिय समुदायको इच्छामा भर पर्छ । तर मेलमिलाप तथा पुनर्समायोजन बाहिरबाट लादिनु हुँदैन । यसको लागि वास्तविक स्थानीय प्रयास नै जरुरी हुन्छ ।

प्रत्येक समुदाय र समाजको आ–आफ्नै मेलमिलाप तथा पुनर्समायोजनको तरिका हुन्छ र नभए पनि त्यसलाई तिनीहरू आफैं विकास पनि गर्न सक्छन् भन्ने ग्वाटेमाला र दक्षिण अफ्रिकाको पाठले सिकाउँछ (आदित्य र अरू सन् २००६; हार्वे सन् २००४; टुटु सन् १९९९) । त्यसैले मेलमिलाप तथा पुनर्समायोजन प्रक्रिया स्थानीय परिप्रेक्ष्यमा निर्भर रहन्छ विगतका हिंसात्मक विरासत (भायलेन्ट लिगेसिज अफ दी पास्ट) सँग जुझ्न सामूहिक अधीनत्व (कलेक्टिभ ओनरसिप) विकास गर्ने, वर्तमानमा सबै समूहसँग कार्यगत सम्बन्ध स्थापित गर्ने र साझा परिकल्पना, सामूहिक प्रयास र सुन्दर भविष्यको लागि व्यक्तिगत तथा सामूहिक प्रतिबद्धता निर्माणमा यसको जोड हुन्छ ।

द्वन्द्वग्रस्त समाजमा शान्तिपूर्ण सामाजिक व्यवस्था कायम गर्न मेलमिलाप तथा पुनर्समायोजन एकापसमा अन्योन्याश्रित हुन्छन् । डेभिड ब्लुमफिल्ड, टेरेसा वार्न्स, लुक हुसेजस्ता विश्लेषकको तर्कअनुसार द्वन्द्वको सवालमा लोकतान्त्रिक मध्यमार्गले समाधान निकाल्छ भने मेलमिलाप तथा पुनर्समायोजनले मानिसबीचको सम्बन्धलाई सम्बोधन गर्छ (ब्लुमफिल्ड र अरू सन् २००४) । यसरी मानिस–मानिसबीच कार्यगत सम्बन्ध विकास गरी मेलमिलाप तथा पुनर्समायोजनले लोकतन्त्रलाई बलियो बनाउँछ ।

केहीले मेलमिलाप तथा पुनर्समायोजनलाई द्वन्द्व–प्रभावित मानिसका समस्यालाई छेउ लगाएर अपराधीलाई माफी दिने नियोजित प्रयासको उपमा दिन्छन् । मेलमिलापलाई राम्ररी नबुझ्ने वा त्यसलाई परिणाम (माफी देऊ र बिर्स) को रूपमा मात्र प्रयोग गरी प्रक्रियाको रूपमा नबुझ्ने यस्तो अवस्था आउन सक्छ । तर मेलमिलापको महत्वपूर्ण पक्ष नै न्याय र सत्यलाई सम्बोधन गर्ने र विगतका घाउमा मलम लगाउने हो । मेलमिलाप स्वेच्छिक प्रक्रिया हुनाले यसलाई कसैले लाद्न सक्दैन । पीडित आफैंले विगतबाट सिक्न सक्छ । यसले उसलाई पुनर्निर्मित सम्बन्ध र विस्तारित आशासहित भविष्यमा बाँच्ने तरिका सिकाउँछ । त्यसैले यो प्रक्रिया मेलमिलाप सहितको 'माफी देऊ, तर नबिर्स' (फर्गिभ बट नट फर्गेट) (टुटु सन् १९९९) भन्ने भावनामा आधारित भई व्यक्तिमा आउने गहन परिवर्तन हो । तर मेलमिलाप भनेको दण्डहीनतालाई प्रश्रय दिने साधन भने होइन ।

मेलमिलाप तथा पुनर्समायोजन सफल हुन सही प्रक्रिया र उचित कर्ता सहित प्रभावकारी संयन्त्र जरुरी हुन्छ । यसले विगतलाई सम्बोधन गर्छ र भविष्यको लागि साझा परिकल्पना विकास गर्छ । मेलमिलाप तथा पुनर्समायोजनले हिंसाको चक्र तोड्नुपर्छ, शान्तिलाई बलियो बनाएर नयाँ लोकतान्त्रिक संस्था तथा राजनीतिक प्रक्रियालाई सुदृढ पार्नुपर्छ, साथै विगतका विषयलाई नयाँ द्वन्द्वको स्रोत बन्नबाट रोक्नुपर्छ ।

मेलमिलाप तथा पुनर्समायोजन क्रमिक र दीर्घकालीन प्रक्रिया हो । हतारमा समाधान गर्ने प्रक्रियाले दीर्घकालीन शान्ति हासिल गराउन सक्दैन (टुटु सन् १९९९) । सम्बन्धहरू रूपान्तरण गर्ने स्वेच्छिक प्रक्रिया हुनाले यसले मुख्य कर्ता (प्रोटागोनिस्ट), पीडित (भिक्टिम) र सामुदायिक सदस्य (कम्युनिटी मेम्बर्स) को विश्वास, मानसिकता, आकांक्षा र भावनामा परिवर्तन खोज्छ । यस्तो परिवर्तन आफैमा कठिन र पीडादायी हुन्छ (गाल्टुङ सन् २०००; ब्लुमफिल्ड र अरू सन् २००३) । रूढिवादी तथा पक्षपाती भावना मेट्न पहिले शत्रुवत् सम्बन्ध भएका व्यक्ति र समुदायलाई आपसमा संलग्न गराउनु पर्छ । यसैकारण मेलमिलाप तथा पुनर्समायोजन एउटा विस्तृत र समावेशी प्रक्रिया हो । यसका प्रमुख कर्ताहरू पीडक, पीडित र द्वन्द्वरत पक्ष हुन् । अन्य प्रमुख कर्ता भनेका समुदाय, सरकार, सहायताकारी संगठन (गैरसरकारी संस्था, न्यायिक निकाय, निजी कम्पनी अथवा सहायता नियोग) हुन् ।

बालबालिका, महिला, वृद्धवृद्धा, अपाङ्ग, विद्यार्थी, आन्तरिक रूपमा विस्थापित जस्ता विविध सामाजिक समूहलाई सशस्त्र द्वन्द्व, मधेस हिंसा र जातीय तनावले कसरी असर गर्छ भन्ने बुझाइ मेलमिलाप तथा पुनर्समायोजनमा हुनुपर्छ । जस्तै, द्वन्द्वकालमा महिलाहरू यौन हिंसाबाट प्रताडित हुन्छन् (सामूहिक बलात्कार, बाध्यकारी गर्भ तथा विवाह, यौनकर्म, शारीरिक शोषण आदि) । यसले तिनप्रति सामाजिक कलंक र उपेक्षा बढाउँछ ।

यौन अपराधबाट पीडित महिलालाई न्याय दिन अपराधी पहिचान गरी दण्डित गर्नुपर्छ । प्रत्येक समाजमा महिला र पुरुषबीच विश्वसनीय र सम्मानजनक सम्बन्ध स्थापना गर्नु महत्वपूर्ण हुन्छ । पीडित पक्षको पहिचान र तिनको सशक्तीकरणका साथै अपराधी पहिचान पनि मेलमिलाप तथा पुनर्समायोजनको महत्वपूर्ण तत्व हो ।

मेलमिलाप तथा पुनर्समायोजनको लक्ष्य हासिल गर्न प्रभावकारी संयन्त्र जरुरी हुन्छ । द्वन्द्वले बल्झाएको मनोवैज्ञानिक चोटको निदान, न्याय व्यवस्था, क्षतिपूर्ति र सत्य निरूपण आयोग गठन यस प्रक्रियाका सामान्य अभ्यास हुन् । यो प्रक्रियालाई सफल बनाउन यथेष्ट वित्तीय र दक्ष मानव स्रोत जरुरी हुन्छ । यी सबै चाँडै हुँदैनन् । बरु

यी लामा, निरन्तर र जटिल प्रक्रिया हुन् । यसको लागि धैर्य, क्षमाशीलता र संसाधन खाँचो पर्छन् । यो विश्वास पुनर्निर्माण र भविष्यको लागि सुरक्षा तथा आत्मविश्वासको भावनासँगै सुरु हुन्छ । जनताले विगतको आतंक फर्कने सम्भावना देखे भने असुरक्षित महसुस गर्छन् र मेलमिलाप तथा पुनर्समायोजन प्रक्रियामा विश्वास गर्दैनन् ।

३. मेलमिलाप तथा पुनर्समायोजनको निर्देशकीय खाका

३.१ राजनीतिक तथा कानुनी खाका

मेलमिलाप तथा पुनर्समायोजनको मुख्य आधारशिला विस्तृत शान्ति सम्झौता नै हो । यो सम्झौतामा तत्सम्बन्धी थुप्रै खण्ड छन् । तीमध्ये बुँदा ५.२.४ ले द्वन्द्व–प्रभावित जनतालाई राहत दिई अवस्था सामान्यीकरण गराउने उद्देश्यसहित पुनर्स्थापनाको प्रक्रिया पूरा गर्न राष्ट्रिय शान्ति तथा पुनर्स्थापना आयोग गठनमा जोड दिएको छ । यसैगरी बुँदा ५.२.५ को प्रमुख प्रावधान सत्य निरूपण तथा मेलमिलापसम्बन्धी उच्चस्तरीय आयोग गठन गर्नु हो । यसले मानवअधिकार उल्लंघनमा संलग्न व्यक्ति र द्वन्द्वको बेला भएका मानवताविरोधी अपराधमाथि अनुसन्धान गर्ने र द्वन्द्व–प्रभावित समाजमा मेलमिलाप प्रवर्द्धन गर्ने उद्देश्य राखेको छ । बुँदा ५.२.८ ले शान्ति सम्झौतामा हस्ताक्षर गरेका दलहरूको राजनीतिक प्रतिबद्धतासँग सरोकार राख्छ । यसले आन्तरिक रूपमा विस्थापित जनतालाई कुनै राजनीतिक पूर्वाग्रहबिना घर फर्कन दिने, द्वन्द्वताका भत्किएका पूर्वाधार पुनर्निर्माण गर्ने र द्वन्द्व–प्रभावित मानिसलाई समाजमा पुनर्स्थापन र पुनर्समायोजन गराउने उद्देश्य राख्छ । शान्ति सम्झौताको बुँदा ८ ले विवाद समाधान र कार्यान्वयन संयन्त्रको व्यवस्था गरेको छ । यसले लेखेको छः

- दुवै पक्षले विगतमा भए गरेका त्रुटिहरू भविष्यमा नदोहोर्‍याउने र क्रमिक रूपमा सच्याउँदै लैजाने गरी वैयक्तिक एवम् सामूहिक रूपमा उत्तरदायी हुने सहमति प्रकट गर्छन् (८.१);
- राष्ट्रिय शान्ति तथा पुनर्स्थापना आयोगले शान्ति अभियानलाई सफल बनाउन आवश्यकताअनुसार संयन्त्रहरूको निर्माण गर्न सक्नेछ । आयोगको गठन र कार्यविधि अन्तरिम मन्त्रिपरिषद्ले तय गरेबमोजिम हुनेछ (८.२);
- दुवै पक्ष वर्तमान र भविष्यमा हुन सक्ने सबै किसिमका पारस्परिक मतभेद वा समस्यालाई आपसी संवाद, समझदारी, सहमति तथा वार्ताको माध्यमबाट समाधान गर्न प्रतिबद्ध छन् (८.३);

- यो सम्झौता, अन्तरिम संविधान तथा सात दल एवम् नेपाल सरकार र नेकपा (माओवादी) बीच भएका सबै निर्णय, सहमति र समझदारीहरू कार्यान्वयन गर्न अन्तरिम मन्त्रिपरिषद्ले राष्ट्रिय शान्ति तथा पुनर्स्थापना आयोग, सत्य निरूपण तथा मेलमिलाप आयोग, राज्यको पुनर्संरचनासम्बन्धी उच्चस्तरीय सुझाव आयोगलगायत आवश्यकताअनुसार अन्य संयन्त्रहरूको गठन गर्ने र तिनको कार्यविधि निर्धारण गर्न सक्ने कुरामा दुवै पक्ष प्रतिबद्धता व्यक्त गर्छन् (८.४) ।

नेपाल सरकार र नेकपा (माओवादी) बीच भएको र राष्ट्र संघले पनि स्वीकार गरेको सेना तथा हतियार व्यवस्थापनसम्बन्धी समझदारीमा पूर्वलडाकु, अयोग्य लडाकु र सम्बन्धित अन्यको पुनर्समायोजनबारे व्यवस्था छ । यो समझदारीमा 'सिद्धान्त'अन्तर्गत बुँदा १.१ ले सशस्त्र द्वन्द्वमा सामेल १८ वर्ष मुनिका बालबालिकाको तत्काल उद्धार र तिनलाई उचित सहायताको आवश्यकतामा जोड दिएको छ ।

यसैगरी बुँदा ४.१.३ ले शिविरमा रहेका माओवादी लडाकुको प्रमाणीकरण व्यवस्था गरेको छ। यसमा लेखिएको छ, "शिविर रहेका स्थानमा सबै माओवादी लडाकुहरूको प्रमाणीकरण गरिने छ... शिविरमा प्रमाणित लडाकुहरूमात्र मापदण्ड पूरा गरी सुरक्षा बलमा हुने सम्भावित समायोजनमा जान योग्य ठहरिनेछन् ।" यो बुँदाले सुरक्षा बलमा समायोजन हुनसक्ने मापदण्डको पनि व्याख्या गरेको छ। शान्ति सम्झौताको मर्मअनुसार समायोजन प्रक्रियाको सहजीकरणको लागि यसले विशेष समितिलाई जिम्मेवारी दिएको छ। यसले प्रमाणीकरणको योग्यता र सम्भावित समायोजनको मिति पनि तोकेको छ । २०४५ जेठ १२ पछि जन्मिएका पूर्वमाओवादी छापामारलाई स्वतः मुक्ति दिइने व्यवस्था यसमा छ । बाँकीलाई राहत प्याकेजको व्यवस्था छ । सोही धाराले शिविरमा रहेका माओवादी पूर्वलडाकुको निगरानी, समायोजन र पुनर्स्थापना गराउन अन्तरिम मन्त्रिपरिषद्ले विशेष समिति गठन गर्नेबारे पनि व्यवस्था गरेको छ। यी प्रावधानअनुरूप केही काम भए पनि उपलब्धि भने सन्तोषजनक छैनन् ।

अन्तरिम संविधान–२०६३ को प्रस्तावनाले पनि मेलमिलाप तथा पुनर्समायोजनको मर्मलाई केही बुँदामा समेटेको छ। यसमा लेखिएका केही अंशहरू यस्ता छन्ः

> ..."प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन व्यवस्था, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानवअधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता, स्वतन्त्र न्यायपालिका तथा कानुनी राज्यको अवधारणालगायत लोकतान्त्रिक मूल्य र

> मान्यताप्रति पूर्ण प्रतिबद्धता व्यक्त गर्दै", "नेपाली जनताको आफ्नो लागि आफै संविधान बनाउन पाउने र भयमुक्त वातावरणमा संविधानसभाको स्वतन्त्र र निष्पक्ष निर्वाचनमा सहभागी हुन पाउने आधारभूत अधिकारको प्रत्याभूति गर्दै", "लोकतन्त्र, शान्ति, समृद्धि, अग्रगामी आर्थिक–सामाजिक परिवर्तन तथा देशको सार्वभौमिकता, अखण्डता, स्वतन्त्रता र स्वाभिमानलाई केन्द्रमा राख्दै" (युएनडिपी सन् २००९ पृ. ५४)।

संविधानको भाग ४ ले 'राज्यको दायित्व, निर्देशकीय सिद्धान्त र नीतिहरू' उल्लेख गरेको छ। यो मेलमिलाप तथा पुनर्स्थापनाको आधारभूत तत्व पनि हो। अन्य थुप्रै प्रासङ्गिक धारामध्ये धारा ३३ (राज्यको दायित्व), ३४ (राज्यको निर्देशकीय सिद्धान्त) र ३५ (राज्यका नीतिहरू) निकै महत्वपूर्ण छन्।

नेपाल सरकारले स्थानीय शान्ति समिति स्थापना गर्ने निर्णय गरेपछि यस्ता समितिहरूले देशभर काम पनि थालेको छन्। यस्ता समितिले जिल्लास्तरमा शान्ति र मेलमिलाप प्रवर्द्धन गर्छन्। तसर्थ यदि यस्ता स्थानीय शान्ति समितिहरूलाई राजनीतिक स्वार्थमा प्रयोग नगर्ने हो भने यिनले स्थानीय व्यक्तिको मतभेद अन्त्य गर्न, सामूहिक समाधान खोज्न र नयाँ भविष्य कोर्न सँगै काम गर्ने वातावरण बनाउँछन्। जिल्लास्तरमा शान्ति सम्झौता कार्यान्वयन गर्न पनि स्थानीय शान्ति समिति महत्वपूर्ण हुन्छन्। साथै मानवअधिकारका अन्तर्राष्ट्रिय व्यवस्थाहरू (जेनेभाका चार सम्झौता र अन्य कूटनीतिक दस्तावेज), अन्तर्राष्ट्रिय मानवीय कानुन र राष्ट्र संघका थुप्रै सम्मेलन (जस्तै, सबैखाले जातीय विभेद अन्त्य गर्ने अन्तर्राष्ट्रिय सम्मेलन, बालअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन, महिलाविरुद्धका सबै विभेद अन्त्य गर्ने सम्मेलन, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारका सम्मेलन आदि), अन्य केही कानुनी संयन्त्र र राष्ट्रिय कानुनहरू मेलमिलाप तथा सामाजिक/राजनीतिक पुनर्समायोजनका निर्देशकीय खाका हुन्।

३.२ मेलमिलाप तथा पुनर्समायोजनको लागि स्थानीय परिप्रेक्ष्य र समुदायको आवश्यकता

यो खण्डले समुदायले भोगेका समस्या र मेलमिलाप तथा पुनर्समायोजनप्रति तिनको चासोबारे बुँदागत चर्चा गरेको छ।

क) असुरक्षा र डरः द्वन्द्वोत्तर कालमा देशैभरि आपराधिक क्रियाकलाप भइरहेका हुन्छन्। यस्ता अपराध कि गैरकानुनी साना हतियार कारोवार र प्रयोग कि त संगठित समूहको स्वरूपमा चलाइन्छन्। लुटपाट, चोरीका सानातिना घटना र अपहरण, हत्या, धम्की आदि घटना भई नै रहन्छन्। अहिले नेपालको सुरक्षा

निकाय पनि यस्ता अपराध नियन्त्रण गरी जनतालाई सुरक्षाको प्रत्याभूति दिन सक्षम छैन । अपराधीले अप्ठ्यारो सुरक्षा अवस्था र कमजोर संक्रमणलाई अवसरको रूपमा दुरूपयोग गरिरहेका छन् । खराब संक्रमणकालीन सुरक्षा र त्यसको डरले मानिसहरू त्रासदिमा बाँचेका छन् । समुदायमा असुरक्षा र डर कायम रहे मेलमिलाप तथा पुनर्समायोजन प्रवर्द्धन गर्न अप्ठ्यारो हुन्छ । सत्य उजागर गर्न र द्वन्द्वले पारेको घाउमा मलम लगाउन आत्मविश्वास र आपसी विश्वास सिर्जना गर्नुपर्छ । यद्यपि मेलमिलाप तथा पुनर्समायोजनलाई सहज गराउन आपसी सम्मान निर्माण नगरी सहभागिता र समन्वय मात्र भएर हुँदैन । त्यसैले मेलमिलाप तथा पुनर्समायोजनको पूर्वसर्तको रूपमा स्थानीय स्तरमा रहेको असुरक्षा र त्रासलाई सम्बोधन गर्नुपर्छ ।

ख) साना हतियार र बारुदी सुरुङको जोखिमः सशस्त्र द्वन्द्वताका साना तथा हलुका हतियारहरू[६] धेरै ओसारपसार हुन्थे (उप्रेती सन् २००६ए) । विगत एक दशकमा भारतबाट नेपालतर्फ भइरहेको हातहतियारको अवैध व्यापार अझै जारी छ । तराई क्षेत्रमा यो अवस्था अझ व्यापक छ, जसले गम्भीर सुरक्षा चुनौती पैदा गरिरहेको छ । बारुदी सुरुङ र विस्फोटक पदार्थ (विशेषगरी आकस्मिक रूपमै बनाउन मिल्ने इम्प्रभाइज्ड एक्स्प्लोसिभ डिभाइसः आइइडी) को प्रयोग पनि सशस्त्र द्वन्द्वताका व्यापक थियो । युद्धको बेला ठाउँ–ठाउँमा छाडिएका विस्फोटक पदार्थले अहिले बालबच्चा र सर्वसाधारणलाई दुःख दिइरहेका छन् । छाडिएका त्यस्ता साना हतियार र बारुदी सुरुङ सामुदायिक सुरक्षा र आत्मविश्वास निर्माण प्रक्रियामा तगारो बनेका भए पनि हाल आएर नेपाललाई संयुक्त राष्ट्रसंघले बारुदी सुरुङ मुक्त क्षेत्र घोषणा गरेपछि भने केही राहत मिलेको छ ।

ग) सामाजिक उपेक्षाः द्वन्द्व–प्रभावित जनताले भोग्नु परेको सामाजिक उपेक्षा र सीमान्तकरण (विशेषगरी द्वन्द्वले गर्दा पति बेपत्ता पारिएका एकल महिला, घाइते र द्वन्द्व–पीडित) ले अझै पनि समाजको सकारात्मक दृष्टि पाएका

---

[६] निःशस्त्रीकरणसम्बन्धी अनुसन्धानको लागि राष्ट्रसंघीय संस्था (दी युनाइटेड नेसन्स इन्स्टिच्युट फर डिसार्मामेन्ट रिसर्चः युएनआइडिआइआर) को परिभाषाअनुसार साना तथा हलुका हतियारलाई परम्परागत हतियारको रूपमा व्यक्तिले वा हलुका सवारी साधनले पनि बोक्न सक्छ । यस्ता हतियारलाई व्यापक सुसार गरिरहनु पर्दैन । साना हतियारमा पेस्तोल, राइफल, सब–मेसिन गन, मेसिन गन र विस्फोटक पदार्थ पर्छन् । हलुका हतियार (साना हतियार पनि) मा स्मल–क्यालिबर क्यानोन्स, ग्रिनेड, बारुदी सुरुङ, मोर्टार, लाइट एन्टिटचाङ्क वेपन्स, एन्टिटचाङ्क माइन्स, सोल्जर–फायर्ड एयरक्राफ्ट मिसाइल्स र एम्युनिसन्स पर्छन् ।

छैनन् । त्यो बेला थुप्रै महिलाले युद्धरत पक्षका सैनिक/लडाकुसँग जबरजस्ती यौन सम्बन्ध राख्न बाध्य भई अनिच्छित गर्भ बोक्नु परेको तथ्य बाहिर आएको थियो । त्यस्ता सैनिक/लडाकुहरू सरुवा भएपछि गर्भ बोकेका महिला एक्लै हुन्थे । पति फेला नपरेका त्यस्ता महिलालाई समाज र परिवारले नराम्रो व्यवहार देखाउँथ्यो । अझ ती महिलाबाट जन्मिएका सन्तानलाई पनि स्वीकार गरिँदैनथ्यो । एवम् रितले तिनको जीवन कष्टकर भएको थियो । नेपाली समाजको ठूलो हिस्सा अझै पनि पितृसत्तात्मक, सामन्ती, परम्परागत र रूढिग्रस्त हुनाले घाइते, विधवा, बाबुविनाका सन्तान र तिनका आमा सामाजिक कलंक भई बाँच्न बाध्य छन् । मेलमिलाप तथा पुनर्समायोजन प्रवर्द्धन गर्न यी विशेष समुदायलाई न्याय, क्षतिपूर्ति र मनोवैज्ञानिक रूपले पुनर्स्थापन गर्नु जरुरी छ ।

घ) निराशाः द्वन्द्व–प्रभावित मानिसहरू मनोवैज्ञानिक कठिनाइ, अनिद्रा र दुस्वप्नबाट निकै पीडित भएको यथार्थ यस लेखकले द्वन्द्वग्रस्त विभिन्न स्थानका मानिससँग गरेको कुराकानीका क्रममा थाहा पाएका थिए । द्वन्द्वबाट प्रत्यक्ष प्रभावित महिलाले निराशा, अनिच्छा, थकाइ, जीवनप्रतिको मोहभङ्गजस्ता मानसिक कठिनाइ झेलिरहेका देखिन्थे । यदि मानसिक आघात र त्यसबाट उब्जेको समस्यालाई पुनर्समायोजन प्रक्रियामा ख्याल गरिएन भने त्यसले पनि नराम्रो अवस्था सिर्जना गर्छ । पूर्वलडाकु वा पूर्वसेनामा आत्मविश्वास जागृत नभए उनीहरू एक्लिन्छन् । यस्तो अवस्थामा तिनमा कानुनविरोधी विद्रोही भाव पुनः मौलाउँछ । परिणामतः मेलमिलाप तथा पुनर्समायोजनमा उल्टो अवस्था आई सामञ्जस्यपूर्ण समाजको सम्भावना शून्यमा झर्न सक्छ । मेलमिलाप तथा पुनर्समायोजनलाई सहज बनाउन प्राविधिक सीप, निरन्तर प्रयास र भौतिक तथा अभौतिक संसाधनमा समस्या देखिएको छ । यसलाई तत्कालै सम्बोधन गर्नुपर्छ, जुन आफैमा ठूलो चुनौती हो ।

ङ) सामाजिक पुँजीको क्षयः दशक लामो सशस्त्र द्वन्द्वले सामाजिक संस्था र जनताबीचको सम्बन्ध नराम्ररी बिगार्‍यो । भेला, सामूहिक कार्य, सांस्कृतिक कार्य, चाडपर्व, स्थानीय सामाजिक संस्थाजस्ता गतिविधिको माध्यमले बनेको सामाजिक सामञ्जस्य तथा मेलमिलाप अब फेरि पुनर्स्थापन गर्न लामो समय लाग्छ । मेलमिलाप र सामाजिक राजनीतिक पुनर्समायोजनको लागि यस्ता सामाजिक पुँजीलाई फेरि जगाउनु पर्छ । बक्स १३.१ मा यसको एउटा उदाहरण दिइएको छ ।

बक्स १३.१ द्वन्द्वकालमा सामाजिक पुँजीको क्षय
दोलखा जिल्लाको पवटी गाविसमा गोरेटो र बाटोको नियमित सरसफाइ, कुलो तथा पिउने पानीका स्रोत व्यवस्थापन, पशु चरनको आलोपालो व्यवस्था, प्राकृतिक विपत्ति वा सामाजिक समस्यामा परेका मानिसलाई वित्तीय तथा भौतिक सहयोग दिने गरिन्थ्यो । यो अवस्थाले सामाजिक पुँजी प्रशस्त रहेको तथ्य देखाउँछ । यस्तो प्रचलन सामुदायिक सदस्यको सामूहिक प्रयासमा हुन्थे, त्यसैले सह्रानीय पनि थिए । तर सशस्त्र द्वन्द्वकालमा असुरक्षा र आपसी अविश्वास बढेपछि यस्ता सामूहिक काममा समेत बाधा आए । समुदायहरू आपसमा छुट्टिन थाले र सामूहिकताको भाव हराएर गयो ।

च) अनिश्चितताः बिग्रिएको राजनीतिक र सुरक्षा अवस्थाले जनतालाई द्विविधामा पारेको छ । मानिसहरू निराश छन् र आक्रान्त छन् । स्थानीय समुदायसँग छलफल हुँदा राजनीतिमा अनिश्चितता र सामाजिक–आर्थिक सुधारमा अकर्मण्यता हावी रहेको भन्दै मानिसहरूले यस अनुसन्धातासँग द्विविधा, रिस र निराशा पोखेका थिए । राजनीतिक स्थायित्वमा सकारात्मक सुधार, संविधानसभाको चुनावको सफलता, सुरक्षा अवस्थामा सुधार आउला र द्वन्द्व–प्रभावित र त्यसबाट बाँचेकाहरूलाई न्याय मिल्ला भन्नेमा भने तिनलाई अझै आशा थियो । तर संविधानसभाको विघटनले यसलाई झन् निराशातर्फ धकेलेको छ । द्वन्द्व सकिएपछि जनतामा आशाको सञ्चार गर्नु निकै महत्वपूर्ण हुन्छ । स्थानीय जनता निराश भए भने मेलमिलाप तथा सामाजिक–राजनीतिक पुनर्समायोजनलाई सफल बनाउन निकै गाह्रो हुन्छ ।

छ) जुझ्ने रणनीतिः सशस्त्र द्वन्द्वताका प्रतिकूल अवस्थासँग जुझ्न स्थानीय जनताले विविध रणनीति तय गरेका थिए । सबैभन्दा प्रयोगमा आएको रणनीति युद्धरत कुनै पनि पक्षको उपस्थितिलाई अस्वीकार अथवा गौण रूपले मात्रै स्वीकार गर्नु (प्यासिभ असेप्टेन्स) थियो । अनुसन्धानमा उत्तरदाताहरूले बताएअनुसार सम्भावित मुठभेड, तनाव वा जोखिम निम्त्याउने सवालको तिनले मतलब गर्दैनथे । त्यसको साटो साझा उद्देश्यको लागि समन्वय स्थापनामा लाग्थे । कहिलेकाहीँ तिनले धार्मिक वा सामाजिक कार्य पनि गर्थे जसले क्षमाशीलता प्रवर्द्धन गरी स्थानीय समन्वय स्थापित गर्न मद्दत गर्थ्यो । राजनीतिक अवस्थाको आफैले मूल्याङ्कन गरी सोहीअनुसार व्यवहार गरिन्थ्यो (जस्तै, गाउँको अवस्था तनावपूर्ण भएको महशुस भए केही समयको लागि तिनीहरू आफै गाउँ छाडेर हिँड्थे) । आफ्ना नजिकका इष्टमित्रसँग सूचना आदानप्रदान गर्ने तथा साथीभाइको सञ्जालबाट स्थिति आँकलन गरी गाउँको जोखिम मूल्याङ्कन गर्ने तिनका महत्वपूर्ण तरिका थिए ।

ज) सकारात्मक परिणामको पर्खाइः निराशा, द्विविधा, रिस, अनिश्चय र असुरक्षाको भाव भए पनि स्थानीयले परिवर्तन र सकारात्मक विकासको बाटो हेरिरहेका थिए । युवा नेतृत्व र नागरिक समाजबाट जनताले अझै पनि ठूलो आशा गरेका छन् । द्वन्द्वोत्तर संक्रमण व्यवस्थापन, अहिले संविधानसभा विघटन भए पनि शिघ्रातिशिघ्र जनअनुमोदित संविधान ल्याउने व्यवस्था गर्ने र नेपाली जनताको मन जित्ने काममा नेतृत्वले आफ्नो असफलता पुष्टि गरिसक्यो । राजनीतिक दलका नेता सरकारमा जाने वा कर तिरिएको रकमबाट तिनले लिने लाभ नेपाली जनताको प्राथमिकताको सवाल होइन । कानुनी राज्यको स्थापना, स्थिर बजार मूल्य, काम गरी खान पाउने अधिकारको सम्मान, राज्यबाट सामाजिक सेवा प्राप्तिमात्र तिनको लागि सरोकार हो । तर नेपालमा यिनै कुराको गम्भीर अभाव खड्कियो । स्थापित राजनीतिक नेताहरू यस्ता सार्वजनिक सवाल सम्बोधन गर्न असफल भए । त्यसैले फेरि नयाँ पुस्ताप्रति जनताको आशा बढेको छ । आफ्नै गाउँमा युद्ध किन भयो, युद्धका कारण के थिए ? त्यसलाई न्यूनीकरण गर्न कसरी सकिन्छ भन्नेबारे जनताले सोच्न थाले । विवेकीकरणको प्रक्रियाले स्थानीय जनता र द्वन्द्व-प्रभावितलाई विभिन्न संयन्त्र तय गर्न उत्साहित पाऱ्यो । यसले तिनलाई द्वन्द्वबाट जोगिन सिकायो । यस्तो प्रक्रियामार्फत तिनीहरू द्वन्द्वोत्तर कालमा आर्थिक पुनर्भरण गराउँदै रूपान्तरित हुन सक्छन् । धेरै अर्थमा द्वन्द्वले नेपाललाई सामुदायिक प्रक्रिया र अभ्यास पुनर्मूल्याङ्कन गर्ने अवसर दिएको छ । यो उत्तम भविष्यप्रतिको आशा पनि हो ।

४. मेलमिलाप तथा पुनर्समायोजनको रणनीति

यो रणनीति स्थानीय जनताको अवधारणा, विचार र आवश्यकतामा आधारित छ । यस उपशिर्षकमा गरिएको छलफलमा लेखकले गरेको कार्यक्षेत्र भ्रमण (फिल्ड भिजिट) लाई आधार बनाइएको छ । मेलमिलाप तथा पुनर्समायोजनको रणनीतिले स्पष्ट अवधारणा तथा प्रभावकारी प्रक्रियामा जोड दिन्छ । त्यसबाहेक यसले द्वन्द्व-प्रभावित मानिसमा परेको मानसिक असर निको पार्न, न्याय दिन, सत्य तथा ऐतिहासिक तथ्य उजागर गर्न र भौतिक तथा मनोवैज्ञानिक ध्वंशको क्षतिपूर्ति दिन जोड दिनुपर्छ (ब्लुमफिल्ड र अरू सन् २००३; अफ्रिकन राइट्स सन् २०००) ।

मेलमिलाप तथा पुनर्समायोजनको लागि कुनै विशेषखाले रणनीति छैन । यो स्थानीय परिप्रेक्ष्यमा निर्भर हुन्छ । मेलमिलाप तथा सामाजिक-राजनीतिक पुनर्समायोजन

शृंखलाबद्ध प्रक्रियामै हुनुपर्छ भन्ने छैन। यद्यपि यसलाई सफल बनाउन निम्न परिपूरक तथा अन्तरसम्बन्धित गतिविधि आवश्यक पर्छन्ः

१. अहिंसात्मक सह–अस्तित्वमार्फत त्रासलाई प्रतिस्थापित गर्ने,

२. आपसी विश्वास, आत्मविश्वास र आपसी सम्मान प्रवर्द्धन गर्ने,

३. सहभावना र सहानुभूति फैलाउने,

४. न्याय व्यवस्था र क्षतिपूर्ति प्रदान गर्ने,

५. सामाजिक तथा राजनीतिक व्यवस्थामा समायोजन र सहभागी गराउने।

शान्ति सम्झौतामा हस्ताक्षर गरेर मात्र द्वन्द्वोत्तर मेलमिलाप, पुनर्समायोजन र पुनर्निर्माण सुनिश्चित हुँदैन भन्ने सुडानको द्वन्द्वोत्तर रणनीतिसम्बन्धी इस्पोसिटो र क्रोकर (सन् २००४) को अध्ययनको निष्कर्ष छ। त्यसैले दिगो आर्थिक सहायता र दीर्घकालीन नीतिहरू यसको लागि महत्वपूर्ण हुन्छन्। मेलमिलाप र सामाजिक–राजनीतिक पुनर्समायोजनको रणनीतिले घृणा, अविश्वास र अनिश्चयलाई सम्बोधन गरी सहरी–ग्रामीण (रुरल–अर्बन) र केन्द्र–परिधि (सेन्टर–पेरिफेरी) बीचको विषमता कम गर्नुपर्छ। शान्ति भाँड्न खोज्नेहरूबाट यस प्रक्रियालाई जोगाउनुपर्छ, सुरक्षाको वातावरण निर्माण गर्नुपर्छ, अनि स्रोत तथा संसाधनको दुरूपयोग रोक्नु पर्छ। मेलमिलाप र सामाजिक–राजनीतिक पुनर्समायोजनका कार्य पहिचान गर्दा द्वन्द्व–दृष्टि (कन्फ्लिक्ट लेन्स) प्रयोग गर्नुपर्छ। जनताबीचको संवादलाई प्रवर्द्धन गरी विखण्डनकारी अवधारणा पनि कम गर्नुपर्छ। मेलमिलाप तथा पुनर्समायोजन जटिल र लामो प्रक्रिया हो र यसको लागि सरकार, समाज र स्थानीय जनताको एकीकृत प्रयास जरुरी हुन्छ भन्ने थुप्रै अध्ययनहरू (क्रेइमर र अरू सन् २०००; युनिफेम सन् २००४; हाम्बर र केल्ली सन् २००४; स्पिच्ट र कार्लेइन सन् १९९८; सेन्त्रो दी इस्तुदिओस इन्तरनेस्नाल्स सन् १९९५; डिपार्टमेन्ट अफ फरेन अफेयर्स एन्ड इन्टरन्यास्नल ट्रेड क्यानडा सन् १९९७; मोकालेबे सन् १९९९; ब्यारन सन् १९९६; डि वाट्टेभिल्ले सन् २००२, फुसातो सन् २००३; होन्वाना सन् २००५; म्याककर्म्याक सन् २००३; पाल्मर सन् २००२; आदित्य र अरू सन् २००६ र स्कार र अरू सन् २००५) ले देखाएका छन्। त्यसैले यसलाई स्पष्ट रणनीति, उचित संस्थागत व्यवस्थापन र राजनीतिक–सामाजिक प्रतिबद्धता चाहिन्छ।

हाम्बर र केल्ली (सन् २००४) ले निम्न पाँच अन्तरसम्बन्धित उपायसहितका मेलमिलाप तथा पुनर्समायोजन प्रक्रिया सुझाएका छन्, जुन द्वन्द्वोत्तर नेपालको रणनीतिलाई पनि उपयुक्त हुन्छन्ः

१. अन्तरसम्बन्धित र निष्पक्ष समाजको साझा परिकल्पना विकास गर्ने,
२. विगतलाई स्वीकार्ने र त्यससँग जुझ्ने,
३. सकारात्मक सम्बन्ध विकास गर्ने,
४. संस्कृति तथा सोचाइमा उल्लेख्य परिवर्तन ल्याउने,
५. उल्लेख्य सामाजिक, आर्थिक र राजनीतिक परिवर्तन कायम राख्ने

चित्र १३.१ मेलमिलाप तथा सामाजिक-राजनीतिक पुनर्समायोजनका विविध पक्षहरू



४.१ आत्मविश्वास, आपसी विश्वास र आपसी सम्मान

स्थानीय सामाजिक पुँजी निर्माण गर्न र त्यसलाई ताजा राख्न मेलमिलाप तथा पुनर्समायोजन प्रवर्द्धन आवश्यक हुन्छ । यिनले आपसी विश्वास र शान्तिपूर्ण सहअस्तित्व निर्माण गर्छन् । एक दशक लामो सशस्त्र द्वन्द्वमा ह्रास भएका सामाजिक पुँजी (सामाजिक सम्बन्ध, सञ्जाल, साझा मञ्च आदि) लाई यो क्रममा पुनः ताजा बनाइनुपर्छ । द्वन्द्वोत्तर अवधारणाले स्थानीय सामाजिक सम्बन्ध पुनर्निर्माण गर्न र त्यसलाई सुदृढ पार्ने काममा जोड दिनुपर्छ । द्वन्द्व–प्रभावित र अन्य प्रमुख कर्तालाई एउटै मञ्चमा ल्याएर सँगै काम गराई आपसी सम्मान र सहअस्तित्वको सोच विकास

गरी यो प्रक्रिया सुरु हुन्छ । स्थानीय संगठनलाई पुनः उदय गराउने, सामुदायिक सहभागिता र सामूहिक जवाफदेहिता प्रवर्द्धन गराउने आदि कामले हिंसा अन्त्य गरी सुरक्षा र साझा पहिचान बनाउन मद्दत गर्छ (कोलेट्टा र अरू सन् १९९६) ।

४.२ सामाजिक तथा राजनीतिक संगठन र प्रक्रियामा सहभागिता

एक पटक मानिसहरू सामाजिक परिवेशमा व्यस्त भएपछि नमिठो विगत बिर्सन्छन् । यसको ठीक विपरीत, मानिसहरू एक्लिए अथवा भौतिक तथा मानसिक रूपमा निष्क्रिय भए भने तिनले आफ्नो अप्रिय विगत सम्झन्छन् र त्यसैअनुसार व्यावहारिक प्रतिक्रिया दिन्छन् । यसले बदलाको भाव वा निराशा र निमुखोपनतर्फ डोऱ्याउँछ । त्यसैले सामाजिक र राजनीतिक क्रियाकलापमा द्वन्द्व-प्रभावित र त्यसका कर्तालाई तिनको क्षमता अनुसारको व्यवस्था गर्नु अति जरुरी छ ।

थुप्रै सामाजिक, धार्मिक, कल्याणकारी संगठन, मञ्च र संयन्त्रहरू प्रत्येक समाजमा स्थापित छन् । यी संगठनमा द्वन्द्व-प्रभावितलाई सामेल गराउनु नै पुनर्समायोजन र पुनर्स्थापनाको सुरुआत हो । सामाजिक कार्यमा ती मानिसहरू व्यस्त हुन थालेपछि तिनमा बिस्तारै आत्मविश्वास पैदा हुन्छ । अनि तिनलाई थप उत्तरदायित्व प्रदान गर्नुपर्छ । अन्ततः तिनलाई राजनीतिक प्रक्रियामा सामेल गराउँदै नेतृत्वदायी भूमिकामा ल्याउनुपर्छ । यसप्रकार सुरुमा तिनलाई सामेल गराएर बिस्तारै जिम्मेवारी प्रदान गर्ने बाटो नै सामाजिक तथा राजनीतिक पुनर्समायोजन हो । स्थानीय स्तरको सुरक्षा, सरकारप्रति जनविश्वास, न्याय र जवाफदेहिता, आर्थिक अवसर र सामाजिक हितको सुनिश्चितताले द्वन्द्वोत्तर संक्रमण निर्धारण गर्ने अफगानिस्तानमा लिन्डर (सन् २००५) ले गरेको अध्ययन र युगान्डामा क्रेइमर र अरू (सन् २०००) ले गरेको अध्ययनले देखाउँछ ।

४.३ सत्य निरूपण तथा मनोवैज्ञानिक चोट मेट्ने काम

सत्य उजागर भए पीडितलाई राहत महसुस भई सामान्य जीवनयापनतर्फ फर्कन सजिलो हुन्छ । यसले क्षतिपूर्ति प्राप्त हुने, व्यक्ति तथा समुदायबीच अहिंसात्मक सम्बन्ध स्थापित हुने र पूर्वशत्रुहरूलाई साझा संस्कृति र परिकल्पनामा समेटिएर जीवनयापन गर्न पनि सजिलो हुन्छ (ब्लुमफिल्ड र अरू सन् २००३) । सत्य निरूपण, न्याय व्यवस्था, पुनर्स्थापना र सामाजिक-राजनीतिक पुनर्समायोजनको एकापसमा गहिरो सम्बन्ध छ । द्वन्द्वग्रस्त मुलुकको इतिहास हेर्ने हो भने सत्य निरूपण तथा मेलमिलापको लागि थुप्रै जाँचबुझ आयोग स्थापना भएका देखिन्छन् । पुनर्समायोजन

र पुनर्स्थापनालाई आकार दिन यिनको योगदान उल्लेख्य हुन्छ। अपराधीलाई उसको अपराध कबुल गराई सत्य निरूपणमार्फत पीडितलाई न्याय दिएर मात्र युद्धले पारेको घाउमा मलम लगाउन र सम्बन्ध पुनर्स्थापित गराउन सकिन्छ। तर आजसम्म ठ्याक्कै प्रक्रियागत ढाँचा र क्रम मिल्ने गरी उपयोग गर्न मिल्ने खालका मेलमिलाप तथा पुनर्समायोजनसम्बन्धी विश्वव्यापी मापदण्डहरू छैनन्। प्रक्रियागत रूपमा यो स्थान-विशेष, कर्ता-विशेष र उद्‌विकासकारी प्रकृतिको (कन्टेक्स्ट स्पेसिफिक, एक्टर्स-स्पेसिफिक एन्ड इभल्भिङ नेचर्ड) हुन्छ।

द्वन्द्वले पारेको मनोवैज्ञानिक चोट मेट्ने काम (सोसल हिलिङ) एउटा रणनीति, प्रक्रिया र गतिविधि पनि हो। यसले हिंसात्मक द्वन्द्व भोगेका मानिस तथा समुदायको मनोवैज्ञानिक स्वास्थ्य सुधार्छ र सामाजिक राहत प्रदान गर्छ। यसर्थ द्वन्द्वमा परेका समाज पुनर्निर्माण र पुनर्स्थापना गर्ने कुरासँग यसको मर्म गाँसिएको हुन्छ। यसले जनताको दैनिकी सामान्य बनाउँछ र सम्बन्धनको भाव विकसित गराउँछ। तर समुदायसँग गाँसिएको भए पनि यो काम विशेषगरी व्यक्तिमै केन्द्रित हुन्छ।

सत्य निरूपण भएपछि स्थानीय परिप्रेक्ष्यमा आधारित रही सजाय वा क्षमादानको व्यवस्था गर्न सकिन्छ। क्षमादान पनि मनोवैज्ञानिक चोट मेट्ने काम (हिलिङ) कै एउटा अंश हो। यसले मनोवैज्ञानिक र भावनात्मक राहत दिन्छ। हिंसाको स्तर, तीव्रता, समय, आघातको स्तर, जनतामा भएको विभाजन वा मतभेद, सामाजिक स्थायित्व, समुदायको विगतको संस्कृति, नयाँ तथा संक्रमणकालीन सरकारको प्रतिबद्धता आदिमा यो निर्भर रहन्छ। जस्तै, हिंसा जति बढी भयो, मानसिक चोट मेट्ने काम उति अप्ठ्यारो हुन्छ। आफन्त मारिएका, यातना-पीडित, शोकमा परेका, अङ्गभङ्ग गराइएका, आक्रमणमा परेका, बलात्कृत, घाइते, अपहरित, घरवारविहीन, जबरजस्ती बल प्रयोग गरिएका, लज्जाबोध गराइएका आदि मानिसको परिवारको घाउमा मलम लगाउने काम अप्ठ्यारो र समय लाग्ने खालको हुन्छ (पोर्टो र पार्सन्स सन् २००३)।

मनोवैज्ञानिक चोट मेट्ने प्रक्रियाको निर्देशकीय खाकालाई ब्लुमफिल्ड र अरू (सन् २००३) ले यसरी प्रस्तुत गरेका छन्:

- मनोवैज्ञानिक चोट मेट्ने प्रक्रियाको आधारको रूपमा सामाजिक न्याय,
- परिप्रेक्ष्यको सही बुझाइ,
- स्थानीय संसाधन तथा क्षमता प्रयोग,
- द्वन्द्वोत्तर रूपान्तरणको व्यापक शृंखलासँग यस प्रक्रियालाई जोड्ने काम,

- व्यक्तिको लागि परामर्श तथा मनोवैज्ञानिक कार्यक्रम कार्यान्वयन गर्ने,
- स्थानीय समुदायलाई मनोवैज्ञानिक सहायता सीपसम्बन्धी प्रशिक्षण दिने,
- पीडितहरूलाई स्वाबलम्बी समूह र आर्थिक क्रियाकलापमा संगठित गराउने,
- विगतका सम्झनाहरूलाई स्मारक, संग्रहालय, शिलालेख आदि बनाई पीडित परिवारलाई मनोवैज्ञानिक एवम् प्रतीकात्मक राहत उपलब्ध गराउने,
- क्षतिभरण गर्ने तथा क्षतिपूर्ति दिने,
- विशेष सांस्कृतिक अनुष्ठान र समारोह आयोजना गर्ने,
- क्षमायाचना गराउने र माफी दिने ।

राहत प्रदानको प्रक्रियामा स्थानीय संयन्त्र र सामाजिक तथा भावनात्मक पक्षलाई सुदृढ बनाउने र त्यसको समर्थन गर्ने काम गर्नुपर्छ । तसर्थ द्वन्द्वोत्तर कालमा सरकारको सामाजिक-आर्थिक र राजनीतिक रणनीतिको अंशको रूपमा मनोवैज्ञानिक चोट मेट्ने काम (हिलिङ) लाई अघि सार्नुपर्छ ।

४.४ पहिचान, सम्मान र सहकार्य

द्वन्द्व-प्रभावित जनतालाई सामाजिक मूलधारमा ल्याउने महत्वपूर्ण मनोवैज्ञानिक शक्ति पहिचान र सम्मान हुन् । यसले तिनमा आत्मविश्वास जगाउनुका साथै तिनलाई समाजमा घुलमिल हुन, सामाजिक र राजनीतिक क्रियाकलापमा सहभागी हुन र नमिठो विगत बिर्सन मद्दत गर्छ । मेलमिलाप र सामाजिक-राजनीतिक पुनर्समायोजन प्रवर्द्धन गर्ने सर्वोत्तम उपाय जनतालाई विकासका गतिविधि, सामाजिक सेवा र राजनीतिक प्रक्रियामा पुनर्समायोजन गर्ने नै हो । जनतालाई दायित्व दिँदा तिनसँगको सहकार्य, मेलमिलाप र सामाजिक-राजनीतिक पुनर्समायोजन प्रभावकारी हुने विभिन्न अनुसन्धानले देखाएका छन् ।

द्वन्द्व-प्रभावित जनता र पूर्वलडाकुको पुनर्समायोजन प्रक्रिया तिनको परिवारलाई आर्थिक, सामाजिक, राजनीतिक र सामान्य जीवनको प्रक्रियामा पुनर्समायोजन गर्ने कार्य, क्षतिपूर्तिको माध्यम, प्रशिक्षण, अर्थोपार्जनका अवसर र पहिचान तथा सम्मानमा पनि भर पर्ने लाइबेरिया र पपुवा न्यू गिनीमा गरिएका अध्ययन (युनिफेम सन् २००४) ले देखाएका छन् । सोही अध्ययनले पत्ता लगाएअनुसार पुरुष सहकर्मीको तुलनामा महिलालाई सामाजिक, आर्थिक र राजनीतिक समायोजनमा चाँडै घुलमिल हुन मुस्किल हुन्छ । त्यसैले यस्ता सवालमा पनि विशेष ध्यान पुऱ्याइनुपर्छ । साथै

द्वन्द्व–प्रभावित जनतासँगको सामाजिक सहकार्यले सम्बन्धित समाज र ती व्यक्तिबीच मिलाप गराई सम्मान प्रवर्द्धन पनि गर्छ ।

४.५ न्याय व्यवस्था

बलपूर्वक विस्थापनमा पारिएका, अपहरित तथा बन्दी बनाइएका, हत्या गरिएका, सम्पत्ति लुटिएका, भौतिक यातना दिइएका, बलात्कृत तथा यौन हिंसामा परेका र अङ्गभङ्ग पारिएकालाई चाँडो न्याय दिइनुपर्छ । न्याय मेलमिलापको अभिन्न अङ्ग हो । पीडितले न्याय पाएमात्र शान्तिपूर्ण सह–अस्तित्व, विश्वास, समवेदना र सामाजिक मेल सम्भव हुन्छ । यसले विगतका अपराधीलाई पनि दण्डित गराउँछ । स्थानीय परिप्रेक्ष्यमा आधारित रही मेलमिलाप तथा पुनर्समायोजन प्रवर्द्धन गर्न न्यायका निम्न स्वरूप आवश्यक हुन्छन्ः

१. अपराधीलाई अभियोग लगाउने सिद्धान्तमा आधारित दण्डमुखी न्याय (रेट्रिब्युटिभ जस्टिस),
२. पीडित र अपराधीबीच मध्यस्थतामा आधारित पुनर्स्थापनामुखी न्याय (रेस्टोरेटिभ जस्टिस)[७],
३. अपराधीलाई फौजदारी अदालतबाहिर गरिने अनुशासनका कारबाहीमा आधारित प्रशासनिक न्याय (एड्मिनिस्ट्रेटिभ जस्टिस)[८]
४. सत्य निरूपण र गल्ती कबुल गराउने कार्यमा आधारित ऐतिहासिक न्याय (हिस्टरिकल जस्टिस), र
५. क्षतिपूर्ति वितरणमा आधारित क्षतिभरणमुखी न्याय (कम्पेन्सेटरी जस्टिस) ।

द्वन्द्व–प्रभावित जनतालाई न्याय व्यवस्था गर्ने एउटा आधारभूत उपाय संक्रमणकालीन न्याय हो । यसले समाज हिंसात्मक द्वन्द्व वा शोषणबाट शान्ति, लोकतन्त्र, कानुनी शासन, व्यक्तिगत र सामूहिक अधिकारको सम्मान गर्ने दिशातर्फ अघि बढ्दा हुने मानवअधिकार उल्लंघन, हिंसा र अपराधका गतिविधिमाथि न्यायिक कारवाही

[७] यसअन्तर्गत समस्याबारे छलफल गर्ने, दुर्व्यवहारका कारण निरूपण गर्ने र सजाय व्यवस्था गर्ने काममा पीडित र सम्बन्धित समुदायको पूर्ण सहभागिता रहन्छ ।

[८] यसअन्तर्गत अपराध गरेका प्रहरी, सैनिक र युद्धको बेला अपराधी ठहरिएका अधिकारी तथा अन्यलाई वर्तमान र भविष्यमा जागिरबाट अयोग्य गराउने, सार्वजनिक सेवाबाट वञ्चित गर्ने, शीघ्र अथवा बाध्यकारी अवकाश दिने, भ्रमण प्रतिबन्ध लगाउने आदि पर्छन् ।

सुनिश्चित गराउँछ । सत्य निरूपण, कारवाही, क्षतिभरण अथवा मेलमिलाप यसका केही उदाहरण हुन् । यस्तो न्यायले द्वन्द्व–प्रभावित र यौन हिंसा भोगेका महिलाको दीर्घकालीन मनोवैज्ञानिक पुनर्स्थापना गराउन मद्दत गर्छ । द्वन्द्व–प्रभावित मानिसविरुद्ध सार्वजनिक र निजी स्तरमा विभेदसँग जुध्न कानुनी सहायता चाहिन्छ । यसरी कानुनी सहायता आवश्यक परेका व्यक्तिलाई सरकारले सहायता उपलब्ध गराउनु पर्छ ।

४.६ क्षतिभरण र पुनर्स्थापन

क्षतिभरण युद्धबाट शान्तितर्फको संक्रमणमा मेलमिलाप र पुनर्सयामोजनको लागि मूल तत्व हो (ब्लुमफिल्ड र अरू सन् २००४; स्लिम र इग्युरिन सन् २००४) । अन्तर्राष्ट्रिय मानव अधिकार र मानवीय कानुन (जेनेभा सन्धि, अन्तर्राष्ट्रिय फौजदारी अदालतः रोम विधान आदि) ले क्षतिभरणलाई उल्लेख्य रूपमा अघि सारेका छन् । क्षतिपूर्ति, सम्पत्ति फिर्ती, पुनर्वासजस्ता शब्दहरू द्वन्द्वोत्तर संक्रमणमा प्रयोग भइरहन्छन् (ब्लुमफिल्ड र अरू सन् २००४) । विशेषगरी क्षतिपूर्तिले विगतका गल्तीलाई सम्बोधन गर्छ, मानवअधिकार प्रशिक्षण दिएर यस्ता कार्य नदोहोर्‍याउने प्रत्याभूति गराउँछ र ठोस राहत प्रदान गर्छ ।

नागरिक स्वतन्त्रताका अधिकार, युद्धरत पक्षद्वारा कब्जा गरिएका सम्पत्ति फिर्ता र द्वन्द्व–प्रभावित जनतालाई रोजगारी दिएर पुनर्स्थापना गराउने पक्षलाई शान्तिपूर्ण अवस्थाको पुनर्बहाली (रिपारेसन) गर्ने अभ्यास मान्न सकिन्छ । क्षतिपूर्ति पनि यसको अर्को पक्ष हो । यसले विगतका गल्ती पहिचान गरी त्यसको क्षतिपूर्ति स्वरूप द्वन्द्व–प्रभावित जनतालाई रकम प्रदान गर्ने काम गर्छ । गुमेका अवसरको क्षतिपूर्ति पनि दिन्छ । यसैगरी भौतिक र मानसिक स्वास्थ्य पुनर्स्थापना गर्ने काम पुनर्वास हो । यसअन्तर्गत चिकित्सकीय तथा मनोवैज्ञानिक रेखदेख र कानुनी तथा सामाजिक सेवा पनि पर्छन् ।

संक्रमणकालीन न्यायमा द्वन्द्व–प्रभावित मानिसहरूको सन्तुष्टिले निम्न कुरामा जोड दिन्छः

१. तथ्य पुष्टि र सत्य निरूपण (जस्तै, अपहरित र बेपत्ताको खोजी गर्ने),
२. क्षमादान,
३. पीडकमाथि प्रतिबन्धहरू, र
४. पीडितको लागि स्मृति दिवस, श्रद्धाञ्जली कार्यक्रम आदि ।

क्षतिपूर्ति दिन (व्यक्तिगत, सामूहिक, भौतिक वा प्रतीकात्मक रूपका) ठूला स्रोत (कोष, प्रशिक्षित र प्रतिबद्ध मानव स्रोत तथा कानुनी तथा नियामक निकाय) आवश्यक हुन्छन् । जनताको स्वतन्त्रताको अधिकार र मानवअधिकार रक्षा गर्ने गुरुत्तर जिम्मेवारी राज्यको हुनाले यस्तो क्षतिभरणको जिम्मेवारी राज्य आफैले लिनुपर्छ ।

द्वन्द्व–प्रभावितलाई सहायता दिलाउन, तिनको सुरक्षा सुनिश्चित गर्न र तिनलाई आफ्नै समुदायमा स्थापित गराउन सरकारले आवश्यक सेवाको शीघ्र पुनर्स्थापनामा जोड दिनुपर्छ । मोजाम्बिकलाई यस्तो द्वन्द्वोत्तर पुनर्निर्माण, मेलमिलाप तथा पुनर्समायोजनको नमुना नै मानिन्छ (डिएफआइडी सन् २००५) । त्यहाँ स्वतन्त्रता हनन भएका समूहलाई सामाजिक, राजनीतिक र आर्थिक मूलधारमा ल्याइएको थियो । यसले विखण्डनको सोच कम गर्न सघाएको थियो । र, यी सबै सरकार, निजी क्षेत्र र नागरिक समाजको एकीकृत प्रयासका प्रतिफल थिए ।

४.७ समुदाय पुनर्निर्माण र एकताका प्रतीकको सिर्जना

सशस्त्र द्वन्द्वताका नेपाली समुदायमा गहिरो फाटो देखापरेको थियो । हिंसात्मक द्वन्द्व भएपछि अघिल्लो अवस्थाको सामुदायिक चरित्र (समान पहिचान, समन्वय, सामाजिक सञ्जाल, व्यक्तिगत सम्बन्ध, सम्मान र विश्वास आदि) मा परिवर्तन हुन्छ । नेपाली समुदायले मेलमिलाप तथा समन्वय प्रवर्द्धन गर्न र आपसी हित सुचारु गराउन जोड दिइरहेको छ । यसर्थ स्थानीय तथा केन्द्रीय सरकार, गैरसरकारी संस्था र राजनीतिक दलको जोड पनि समुदाय निर्माणमै हुनुपर्छ । द्वन्द्वोत्तर कालमा समुदाय निर्माणको कुरा निकै महत्वपूर्ण हुने कुरा डिएफआइडी (सन् २००२) को द्वन्द्वोत्तर पुननिर्माण कार्यको आधारशिलाले पनि उल्लेख गरेको छ ।

मेलमिलापको एउटा अर्थपूर्ण उपाय विभिन्न प्रतीक, एकता मञ्च तथा समन्वयकारी संयन्त्रको स्थापना हो । यसले विभक्त सामाजिक सदस्यहरूलाई एकत्रित पार्छ, राहत प्रवर्द्धन गर्छ र सामूहिक कार्यमा संलग्न हुन तिनलाई प्रेरित गर्छ । शान्ति बाटिका, सामुदायिक सम्मेलन हल, द्वन्द्वको बेला मारिएका मानिसको सालिक निर्माण, तिनको नाममा पुरस्कार स्थापना, तिनको नाममा बाटो अथवा लोकमार्ग वा सार्वजनिक स्थलको नाम राख्नेजस्ता उपाय पनि उपयुक्त हुन्छन् । सरकारले यस्ता काममा तदारुकता देखाउनु पर्छ । यसैगरी युद्धबाट घाइते, विकलाङ्ग र दीर्घ रोगी भएका मानिसलाई औषधोपचार, परामर्श र पुनर्स्थापनाका सुविधा तथा प्रशिक्षण दिइनुपर्छ । तिनलाई अनुकूल वातावरण मिलाई समाजमा पुनर्स्थापित गराउनु पनि महत्वपूर्ण हुन्छ । यसैगरी मेलमिलाप तथा सामाजिक–राजनीतिक पुनर्समायोजनलाई राष्ट्रिय रणनीतिसहित

द्वन्द्वोत्तर विकास र रूपान्तरणसँग गाँस्नु पर्छ। मेलमिलाप तथा सामाजिक–राजनीतिक पुनर्समायोजनको लागि छुट्याइएको बजेट केही सम्भ्रान्तहरूको हातमा मात्रै पर्न सक्ने खतरा पनि हुन्छ। त्यसैले यसतर्फ पनि सरकार र सम्बन्धित सबै संस्था तथा जनता सचेत हुनुपर्छ।

४.८ संरचना तथा संयन्त्र प्रवर्द्धन

स्थानीय स्तरमा मेलमिलाप तथा सामाजिक–आर्थिक पुनर्समायोजन प्रवर्द्धन गर्न व्यावहारिक ऊर्ध्वगामी शैली (बटम–अप अप्रोच) तथा उचित संरचना जरुरी हुन्छ। द्वन्द्वोत्तर रूपान्तरण सफल हुन सुरक्षा नै पूर्वसर्त हो। यसैगरी राज्य संयन्त्रहरूको निर्माण, स्थानीय शासनको विकास, कानुनी शासन पुनर्स्थापना, पूर्वाधार पुनर्निर्माण, सार्वजनिक सेवामा सुधार, स्वास्थ्य तथा शिक्षामा सुधार र वातावरण सुरक्षा पनि जरुरी छ (जुन्ने र वेरकोरेन सन् २००६)। सब–सहारा क्षेत्रमा भएका संक्रमणकालीन अनुभवले पनि मेलमिलाप तथा पुनर्समायोजनका संयन्त्र र संरचनामार्फत सशस्त्र द्वन्द्वलाई सम्बोधन गर्नु विवेकी हुने देखाएका छन् (कोलेट्टा र अरू सन् १९९६ र ग्लेचम्यान र अरू सन् २००४)।

सशस्त्र द्वन्द्वका अपराधीलाई दण्डित गराउँदा अनुसन्धान गरी सकेसम्म आन्तरिक रूपमै दण्डित गरिनुपर्छ। द्वन्द्व पीडितलाई न्याय दिलाउन अपराधीलाई दण्ड दिने संयन्त्र र राष्ट्रिय अदालत स्थापना गर्न सकिन्छ। आन्तरिक संयन्त्रले न्याय दिन नसके वा इच्छुक नभएको खण्डमा अपराधीलाई सजाय दिने मिश्रित संरचना आवश्यक पर्न सक्छ। अन्तर्राष्ट्रिय फौजदारी अदालतमार्फत अन्तर्राष्ट्रिय दण्ड आवश्यक पर्न पनि सक्छ। तर यो पुस्तक लेख्दाको मितिसम्म नेपालले आइसिसीको रोम विधानमा हस्ताक्षर गरिसकेको छैन। अपराधीलाई कारबाही गर्न अथवा सम्बन्धित राष्ट्र इच्छुक नभएको खण्डमा अदालतको सजिलोको लागि छानबिन समिति पनि गठन गर्न सकिन्छ। नरसंहार, मानवताविरोधी अपराध र युद्ध अपराधजस्ता गम्भीर अपराधविरुद्ध अन्तर्राष्ट्रिय फौजदारी अदालतको क्षेत्राधिकार रहेको छ। समष्टिमा मेलमिलाप तथा पुनर्समायोजनलाई सम्बोधन गर्न निम्न कुरामा जोड दिनुपर्छः

- सत्य निरूपण तथा मेलमिलाप अयोग,
- सामुदायिक न्याय प्रणाली,
- अपराधीलाई दण्ड दिने संयन्त्र,
- राष्ट्रिय अदालत,

- मेलमिलाप तथा सामाजिक–राजनीतिक पुनर्समायोजनको लागि आवश्यक पर्ने संयन्त्रहरूको लागि सत्य तथा मेलमिलाप आयोग, सामुदायिक न्याय प्रणालीजस्ता विषयमा ऐन र नियमावलीहरू ।

४.९ क्षमता अभिवृद्धिको आवश्यकता र संयन्त्र

मेलमिलाप तथा सामाजिक–राजनीतिक पुनर्समायोजन गर्न त्यस्ता प्रक्रियामा सरिक भएका मानिसको क्षमता (ज्ञान, सीप र मानसिकता) तथा यसमा समाहित हुन द्वन्द्व–प्रभावित व्यक्तिहरूको इच्छाशक्ति जरुरी हुन्छ । त्यसैगरी पीडितको आत्मविश्वास बढाउनु पनि जरुरी हुन्छ । यो प्राविधिक शिक्षा र सीपको साथै स्थानीय ज्ञान परिचालनमा भर पर्छ ।

सशस्त्र द्वन्द्वबाट लाखौँ नेपाली जनता आजित भए। पुनर्समायोजनका क्रियाकलापमा सरिक गराउन तिनको आत्मविश्वास, क्षमता र इच्छाशक्ति निर्माण गर्नुपर्छ। यसको लागि व्यवस्थित र निरन्तरको प्रयास जरुरी हुन्छ । यसैगरी उचित सहजीकरण र बुझाइ पनि उत्तिकै जरुरी हुने अर्को पक्ष हो। यसको लागि धेरै संख्यामा सीपयुक्त सहजकर्ताहरूको खाँचो पर्छ। अझ, पुनर्समायोजनका सवालमा सबै जनता उत्तिकै सचेत हुनुपर्छ । औपचारिक तथा अनौपचारिक शिक्षा व्यवस्था तथा अनौपचारिक प्रशिक्षण कार्यक्रममा सरकारले यो विषयलाई समेट्नु पर्छ । विकास नियोगले पनि तिनको प्रशिक्षण र सहजीकरणको प्रक्रियामा यिनलाई स्थान दिनुपर्छ । राजनीतिक दलले आफ्ना कार्यकर्तालाई दिने अभिमुखीकरण र प्रशिक्षणका कार्यक्रममा र दलको रणनीति तथा घोषणापत्रमा पनि समायोजनका मुद्दा अट्नुपर्छ।

मेलमिलाप तथा पुनर्समायोजन सफल बनाउन द्वन्द्वोत्तर समयमा प्रशिक्षण केन्द्र, सामुदायिक स्रोत र परामर्श केन्द्र स्थापनाको काम सरकारको प्राथमिकतामा पर्नुपर्छ। राष्ट्रिय योजना आयोग, सबै मन्त्रालय र विभाग तथा स्थानीय कार्यालयले समायोजनलाई तिनको कार्यक्रममा समावेश गर्नुपर्छ । गैरसरकारी संस्था र समुदायमा आधारित संघसंगठन पनि समायोजनका कार्यक्रममा सक्रिय हुनुपर्छ । संक्रमणकाललाई सफल बनाउन क्षमता निर्माण अत्यन्तै महत्वपूर्ण हुने पूर्वी टिमोरको द्वन्द्वोत्तर अनुभवले देखाएको छ (डिएफआइडी सन् २००५) । नेपालमा समुदायको अवस्थालाई सामान्यीकरण गर्न द्वन्द्वले उब्जाएको सङ्कट निवारण अत्यन्तै महत्वपूर्ण हुन्छ (डिएफआइडी सन् २००५) । एक दशक लामो यस्तो सङ्कट अहिले निवारण गर्न औपचारिक र अनौपचारिक दुवै संयन्त्रलाई परिचालन गर्नुपर्छ। त्यसैले सरकार आफैले यी संयन्त्र परिचालित गर्ने रणनीति बनाउनु विवेकी हुनेछ।

५. अनुगमन र समन्वय

सफल मेलमिलाप तथा पुनर्समायोजन प्रक्रिया अनुगमन र समन्वयमा भर पर्छ। यिनको अनुपस्थितिमा समायोजन प्रक्रिया सम्भव छैन। त्यसैले यो प्रक्रियामा सामेल सबै नियोग, निकाय र व्यक्तिले मेलमिलाप तथा पुनर्समायोजनलाई अनुगमन गर्न र समन्वयात्मक बनाउन मानव स्रोत विकास तथा वित्तीय स्रोत बाँडफाँट गर्नुपर्छ। मेलमिलाप र सामाजिक–राजनीतिक पुनर्समायोजन प्रक्रिया चल्दा पूर्वलडाकु/सैनिकमा पनि लक्षित गरिने हुँदा स्थानीय समुदायले यसलाई 'हिंसात्मक कार्यलाई पुरस्कार' दिइएको भन्ने सोच्न सक्छन्। कहिलेकाहीँ राहत प्रक्रियामा स्थानीय समुदाय बहिष्करणमा पर्ने जोखिम पनि उत्तिकै रहन्छ। त्यसैले कुनै–कुनै समुदायमा यसप्रति असन्तुष्टि पोखिन पनि सक्छ। यस्ता कार्य हुन नदिन सरकारले अनुगमन तथा समन्वय संयन्त्रमार्फत सुरुबाटै संवाद तथा सचेतना कार्यक्रम चलाएर रक्षात्मक उपाय लिनुपर्छ। प्रापक समुदायलाई सुरुमै सो कार्यक्रमको उद्देश्य, प्रक्रिया, प्याकेज तथा सम्भावित प्रभावबारे जानकारी गराउनु पर्छ। यसबाहेक यस्तो प्रक्रियामा स्थानीय समुदायको सुझाव संकलन गर्नु पनि राम्रो हुन्छ।

६. निष्कर्ष

नेपालमा भर्खरै स्थापित लोकतान्त्रिक राज्यसंस्थाहरूलाई सुदृढ पार्न र व्यक्ति तथा समुदायबीच समन्वय प्रवर्द्धन गर्न मेलमिलाप तथा पुनर्समायोजनले अहम् भूमिका खेल्छन्। त्यसैले अब ल्याइने संवैधानिक व्यवस्था र राज्यनिर्माण प्रक्रियामा यो पक्ष पनि चासोको विषय बन्नुपर्छ। द्वन्द्वोत्तर संक्रमण जनताको अधिकारको रक्षा र तिनको पहिचानसँग गाँसिएको हुन्छ। द्वन्द्वकालमा सुरक्षा बल तथा विद्रोहीले यी अधिकार तथा व्यक्तिगत स्वतन्त्रता हनन गराएका छन् भने त्यसको सम्बोधन गर्ने उत्तरदायित्व राज्यको हुन्छ।

मेलमिलाप तथा पुनर्समायोजनको एउटै र विस्तृत मोडल उपलब्ध छैन। यद्यपि द्वन्द्वग्रस्त पेरु, सिएरा लिओन, रुवान्डा, पूर्वी युगोस्लाभिया र दक्षिण अफ्रिकाबाट नेपालले सिक्न सक्ने धेरै कुरा छन्। मेलमिलाप तथा पुनर्समायोजन एक्लै जाने प्रक्रिया होइन। राज्यनिर्माणको प्रमुख एजेन्डामध्ये एक भएको हुनाले यसलाई पुनर्निर्माण र पुनर्स्थापनाको व्यापक प्रक्रियासँग गाँसिनु पर्छ।

मेलमिलाप तथा पुनर्समायोजन एउटा जटिल प्रक्रिया हो । यसको लागि विशेष सीप, अनुभव र ठूलो मात्रामा स्रोत तथा संसाधन आवश्यक हुन्छ । मेलमिलापको प्रक्रिया मुलुकभित्रकै आन्तरिक र नेपाली सामाजिक व्यवस्थामै निर्माण भएको हुनुपर्छ । तर अनुभवको आदानप्रदान, प्राविधिक सीप, विशेषज्ञता तथा वित्तीय स्रोत प्राप्तिमा अन्तर्राष्ट्रिय सहयोग जरुरी हुन्छ । राष्ट्रसंघीय मानवअधिकार आयुक्तको कार्यालय, राष्ट्रसंघीय विकास कार्यक्रम र युरोपेली युनियनको विश्वव्यापी अनुभवबाट हामीले गतिलो पाठ सिक्न सक्छौँ । तर अन्तर्राष्ट्रिय समुदायले सत्य तथा मेलमिलाप आयोगमा वित्तीय सहयोग गर्दा सर्त राख्ने प्रवृत्ति बढ्दो छ । स्थानीय परिप्रेक्ष्यलाई नबुझी यस्तो सर्त राख्ने प्रवृत्ति हानिकारक हुन्छ (ब्लुमफिल्ड र अरू सन् २००४) । त्यसैले सर्त राख्नुभन्दा मेलमिलापको आन्तरिक नीति सहज बनाउनमा बाह्य कर्ताको भूमिका हुनुपर्छ ।

द्वन्द्वका प्रमुख कर्ताले पूर्ण रूपमा पालन गरे मेलमिलाप द्वन्द्व रूपान्तरणको प्रभावकारी माध्यम हुन सक्छ भन्ने उत्तरी आयरल्यान्ड, रुवान्डा, ग्वाटेमाला, दक्षिण अफ्रिका, मोजाम्बिक र कम्बोडियाको अनुभवले देखाइसकेको छ । यसले दोषी र पीडितलाई सामान्य जीवनयापन गराउन सहयोग गर्नुसाथै स्थानीय स्तरमा राजनीतिक संवाद र शक्ति बाँडफाँट गराउन पनि मद्दत गर्छ ।

सामाजिक–राजनीतिक पुनर्समायोजनमा निम्न कुरा ख्याल गर्नुपर्ने हुन्छः

- उचित संयन्त्र पहिचान गरी युवा तथा द्वन्द्व–प्रभावित जनतालाई व्यापक सामाजिक–राजनीतिक व्यवस्थामा सामेल गराउन तत्कालीन, अल्पकालीन र दीर्घकालीन समायोजनका प्याकेज बनाउने ।
- सुरक्षा र सशक्तीकरण प्रक्रियालाई सबल बनाउने सामाजिक सञ्जाल स्थापना गरी द्वन्द्व–प्रभावित जनतालाई मनोवैज्ञानिक पुनर्भरण गर्न सहयोग पुऱ्याउने ।
- सामाजिक कार्य, राजनीतिक क्रियाकलाप र आर्थिक अवसरमा द्वन्द्व–प्रभावितलाई सहभागी गराउन प्रभावकारी कार्यक्रम निर्माण गर्ने । यसले पुनर्समायोजनलाई सहज गराउनुको साथै हिंसामा फर्कने सम्भावना पनि कम गराउँछ ।
- एकीकृत सञ्जाल, बैठक, भेला, सामाजिक कार्यक्रम गर्ने, जसले पीडा तथा आघात कम गरी मनोवैज्ञानिक चोट मेट्न तथा मेलमिलाप प्रवर्द्धन गर्न सहयोग गर्छ ।

- द्वन्द्व–प्रभावित जनतालाई सहयोग गर्न स्थानीय समुदाय प्रत्यक्ष सहभागी हुन सक्ने वातावरण निर्माण गर्ने ।
- मेलमिलाप तथा पुनर्समायोजनको प्याकेजले युवा, बालबालिका र यौन तथा अन्य किसिमका हिंसा भोगेका र समुदाय तथा परिवारबाट टाढिएका महिलाको अवस्थामा जोड दिने ।
- द्वन्द्व–प्रभावित जनतालाई राजनीतिक प्रक्रियामा सामेल गराउने प्रक्रिया सुनिश्चित गर्ने र यसको लागि राजनीतिक कार्यदल गठन गर्ने ।
- द्वन्द्व–प्रभावित जनतालाई द्वन्द्वोत्तर परिप्रेक्ष्यमा शान्ति र विकासको केन्द्रबिन्दुमा राख्ने गरी सुदृढ राजनीतिक एजेन्डा निर्माण गर्ने र यस्ता जनतालाई राजनीतिक र सामाजिक प्रक्रियामा परिचालन गर्ने ।
- द्वन्द्व–प्रभावित जनताको लागि उपयुक्त प्रशिक्षण सञ्चालन गर्ने जसले तिनको आत्मविश्वास विकास गर्छ, आर्थिक कठिनाइलाई अल्पकालीन र दीर्घकालीन रूपमा राहत प्रदान गर्छ र स्थायी जीविका पनि सुनिश्चित गर्छ ।
- विकलाङ्ग, घाइते र अन्यलाई सहयोग गर्न कार्यक्रम निर्माणमा मद्दत गर्ने ।
- मेलमिलाप र सामाजिक पुनर्समायोजनको लागि आधारभूत सहयोगको विशेष प्याकेज बनाउन सहयोग गर्ने । परिवारबाट बिछोडिएका बालबच्चाको पहिचान गरी परिवार वा आफन्तसँग मेल गराउन सहयोग गर्ने, यदि नभेटिए तिनको लागि खाद्यान्न, बसोबास, शिक्षा र स्वास्थ्य हेरचाहको व्यवस्था गर्ने ।
- द्वन्द्व–प्रभावित जनतालाई भावनात्मक रूपमा मद्दत गर्ने, तिनका जीविका आवश्यकता तथा गरीबी सम्बोधन गर्न विद्यालय, स्वास्थ्य सेवा, रोजगारीजस्ता पक्षमा सुधार ल्याउने र तिनलाई सक्रिय नागरिक जीवन बिताउन सहयोग गर्ने ।
- द्वन्द्व–प्रभावित समुदायमा मेलमिलाप तथा पुनर्समायोजन प्रक्रिया, द्वन्द्वोत्तर सामाजिक विकास र राजनीतिक रूपान्तरणको रणनीतिलाई सँगै लैजाने ।
- द्वन्द्व–प्रभावित समुदायलाई सामाजिक कार्यक्रम तथा राज्यका आधारभूत संरचनामा सहभागी गराउने ।

सन्दर्भ–सूची

Aditya A, Upreti BR, Adhikari PK. 2006. *Countries in Conflict and Processing of Peace: Lessons for Nepal.* Kathmandu: Friends for Peace.

African Rights. 2000. *Confessing to Genocide: Responses to Rwanda's Genocide Law.* Kigali: African Rights Working for Justice.

Barron M. 1996. *When the Soldiers Come Home: A Gender Analysis of the Reintegration of Demobilized Soldiers in Mozambique 1994-96.* Norwich: School of Development Studies of the University of East Anglia.

Bloomfield D, Barnes T, Huyse L. 2003. *Reconciliation after Violent Conflict: A Handbook.* Stockholm: International IDEA.

Bloomfield D, Barnes T, Huyse L. *2004*. Transitional Justice Dilemma: The Case of Cambodia Peace and Reconciliation. Stockholm: International IDEA.

Centro de Estudios Internacionales. 1995. *Demobilized Soldiers Speak: Reintegration and Reconciliation in Nicaragua, El Salvador and Mozambique*. Managua: Centro de Estudios Internacionales.

Colletta NJ, Kostner M, Wiederhofer I. 1996. *The Transition from War to Peace in Sub-Saharan Africa.* Washington: The World Bank.

de Watteville N, editor. 2002. Addressing gender issues in demobilization and reintegration programs. Africa Region Working Paper Series. Available at: http://www.worldbank.org/afr/wps/wp33.htm; accessed on 4 February, 2010.

Department of Foreign Affairs and International Trade Canada. 1997. *Practical Disarmament, Demobilization and Reintegration Measures for Peacebuilding*. Ottawa: Department of Foreign Affairs and International Trade Canada.

DFID [Department for International Development]. 2002. *Post-conflict Reconstruction Task Framework.* London: DFID.

DFID [Department for International Development]. 2005. *Provision of Infrastructure in Post-conflict Situation.* London: DFID.

Esposito D, Crocker B. 2004. To guarantee the peace: An action strategy for a post-conflict Sudan. A Report for the Secretary of State's Africa Policy Advisory Panel.

Fusato M. 2003. Disarmament, demobilization, and reintegration of ex-combatants: Beyond intractability. Burgess G, Burgess H, editors. *Conflict Research Consortium*. Boulder: University of Colorado.

Galtung J. 2000. *Peace by Peaceful Means: Peace and Conflict, Development and Civilization.* London: Sage Publications.

Gleichmann C, Odenwald M, Steenken K, Wilkinson A. 2004. Disarmament, demobilization and reintegration: A practical field and classroom guide. Swedish National Defense College, Pearson Peacekeeping Centre, German Technical Cooperation and The Norwegian International Defence Centre.

Hamber B, Kelly G. 2004. *A Working Definition of Reconciliation.* Belafast: Democratic Dialogue.

Harvey R. 2004. *Children and Armed Conflict: A Guide to International Humanitarian and Human Rights Law.* Essex: Children and Armed Conflict Centre.

Honwana A. 2005. Healing and Social Reintegration in Mozambique and Angola. *In:* Skaar E, Gloppen S, Suhrke A, editors. *Roads to Reconciliation.* Oxford: Lexington Books.

Junne G, Verkoren W, editors. 2006. *Post-conflict Development: Meeting New Challenges.* New Delhi: Viva Books Private Limited.

Kreimer A, Collier P, Scott CS, Arnold M. 2000. *Uganda: Post-conflict Reconstruction.* Washington: The World Bank.

Linder R. 2005. *Voices of a New Afghanistan.* Washington: Post-conflict Reconstruction Project of Centre for Strategic and International Studies.

MacCormack C. 2003. Promoting psychosocial well being among children affected by armed conflict and displacement: Principles and approaches. Working Paper No. 1. Working Group on Children Affected by Armed Conflict and Displacement Save the Children/US Chair, Save the Children Alliance.

Mokalobe M. 1999. *Demobilization and Re-Integration of Ex-Combatants in South Africa*. Johannesburg: Group for Environmental Monitoring.

Palmer I. 2002. Psychosocial Costs of War in Rwanda. Rwanda Advances in Psychiatric Treatment (APT) vol. 8, p 17-25.

Porto JG, Parsons I. 2003. *Sustaining the Peace in Angola: An Overview of Current Demobilization, Disarmament and Reintegration.* Bonn: Bonn International Centre of Convention.

Skaar E, Gloopen S, Suhrke A, editors. 2005. *Roads to Reconciliation.* Oxford: Lexington Books.

Slim H, Eguren LE. 2004. *Humanitarian Protection: A Guidance.* London: Active Learning Network for Accountability and Performance in Humanitarian Action (ALNAP)

Specht I, Carlien VE. 1998. *Enlargement: A Challenge for Social and Economic Reintegration: Targeting Ex-combatants or All the War-affected People? The Liberian Experience.* Geneva: International Labour Organization.

Tutu D. 1999. *No Future without Forgiveness.* London: Rider.

UNDP [United Nations Development Programme]. 2009. *The Interim Constitution of Nepal- 2007* (As amended by the 1st to 6th Amendment). Kathmandu: United Nations Development Programme.

UNIFEM [United Nations Development Fund for Women]. 2004. *Getting It Right, Doing It Right: Gender and Disarmament, Demobilization and Reintegration.* New York: United Nations Development Fund for Women.

Upreti BR. 2006a. *Armed Conflict and Peace Process in Nepal: The Maoist Insurgency, Past Negotiations and Opportunities for Conflict Transformation.* New Delhi: Adroit Publishers.

Upreti BR. 2006b. Reconciliation at post-conflict situation in Nepal. A paper presented at the 'National Symposium on Constituent Assembly and Inclusive Democracy' organised by Kathmandu School of Law, 7-9 June 2006 at Kathmandu.

* * *

परिच्छेद १४

द्वैधता र अन्तरविरोधः द्वन्द्वोत्तर नेपालको राज्यनिर्माणका अवरोधक

प्रविण मानन्धर[१]
रामजी न्यौपाने[२]

१. परिचय

हिंसात्मक द्वन्द्वबाट भर्खरै उन्मुक्ति पाएको नेपाल अहिले रूपान्तरण र यथास्थितिले घेरिएको चौबाटोमा छ । नवीन नेपालले संघीय चरित्र, लोकतान्त्रिक व्यवस्था र समावेशी राज्य व्यवस्थालाई अँगाल्ने धेरैको आशा छ । सुरक्षित जीविका, सक्षम राज्यप्रणाली, आमसुरक्षा र सामाजिक न्याय होला भनी जनताले अपेक्षा साँचेका छन् । यो मोडमा राज्यनिर्माणसम्बन्धी थुप्रै चुनौती आइपरेका छन् । यिनैमध्ये द्वैधता र अन्तरविरोध मुख्य चुनौती हुन् । यस परिच्छेदले यी दुई विषयसम्बन्धी अवधारणा, अन्तर्राष्ट्रिय अनुभव र नेपाली परिप्रेक्ष्यमा राज्यनिर्माणका चुनौतीलाई केलाएको छ । साथै यसले राज्यनिर्माणसम्बन्धी द्वैधता र अन्तरविरोधलाई व्यवस्थापन गर्ने केही उपाय पनि सुझाएको छ ।

अवधारणागत रूपमा अन्तरविरोधलाई विभिन्न लेखकले विभिन्नै रूपमा बुझेका छन् । अन्तरविरोधलाई कुनै कुराको आफैभित्र हुने बेमेल अथवा एकअर्काबीचको बेमेल, विभिन्न गतिविधिबीच हुने बेमेल अथवा एउटै क्रियाकलापमा पनि समय परिवर्तन हुँदै जाँदा देखिने बेमेलको रूपमा बुझिन्छ (क्युत्ती सन् १९९६) । कहिलेकाहीँ यसलाई द्वन्द्व (डिप सन् २००६), तनाव (बसारिना सन् २००७, बर्ग र फ्युक सन् २००६) र ऐतिहासिक रूपले थुप्रिएको तनाव (एंगेस्ट्रम सन् २००१) पनि भनिने गरेको छ । सुरु–सुरुमा अन्तरविरोध खल्बली बनेर देखापर्छ । त्यसबाटै बेमेलको आभास स्पष्ट देखिन थाल्छ (क्यापर र विलियम्स सन् २००४) । यिनीहरू भनेका विविध गतिविधिमा देखापर्ने अन्तरसंघर्ष, विपरीत विचार, समस्या, उथलपुथल र मतभेद

१ निर्देशक, क्यानडियन कोपअरेसन अफिस–नेपाल तथा अध्यापक, काठमाडौँ विश्वविद्यालय, prabin@canadanepal.org

२ कार्यक्रम संयोजक, क्यानडियन कोअपरेसन अफिस–नेपाल; ramji@canadanepal.org; ramjineup@yahoo.com

हुन् । तर पनि अन्तरविरोध सामान्य द्वन्द्व र समस्यामात्रै होइन । एंगेस्ट्रम (सन् २००१) को विचारमा यो विभिन्न कार्यप्रणालीहरूमा आफैंभित्र अथवा एकापस (इन्ट्रा–सिस्टम अथवा इन्टर–सिस्टम्स) मा रहेका संरचनागत तनाव (स्ट्रक्चरल टेन्सन्स) हुन् । तिनले खल्बली र द्वन्द्वमात्रै ल्याउँदैनन्, कार्यप्रणाली नै बदल्ने नवीन प्रयासको थालनी पनि गर्न सक्छन् । त्यसैले अन्तरविरोधहरू विरोधकै लागि मात्र महत्वपूर्ण नभई परिवर्तन र विकासको तत्व पनि बन्न सक्छन् ।

द्वैधता भनेको चरित्रमा देखिने दुईथरी धार हो । यो कुनै पनि विचार, विश्वास अथवा कार्यलाई सकारात्मक वा नकारात्मक दुई तरिकाले हेर्ने वर्तमान समाजमा देखापरेको प्रवृत्ति हो । कुनै विषयमाथि ध्रुवीकृत सोचाइ राख्दा देखापर्ने अन्तरक्रिया, प्रतिस्पर्धा र द्वन्द्वबाट नै समाजको गतिशीलता निर्धारण हुन्छ । द्वैधतामा निहित फरक विचारले एकअर्काको पूरकको काम गर्छन् पनि भनिन्छ । यसले कुनै पनि तथ्यको दुई पाटा हुन्छन् भन्ने सम्झाउँछ । द्वैधताले द्वन्द्व सिर्जना गर्छ र द्वन्द्वले चुनौतीसाथै अवसर पनि जन्माउँछ ।

द्वैधता र अन्तरविरोधलाई व्यक्तिगत, सामूहिक र सामाजिक गरी तीन तहमा हेर्न सकिन्छ । तिनीहरू एकअर्कासँग अन्तरसम्बन्धित पनि हुन सक्छन् । द्वन्द्वोत्तर राज्यनिर्माणको प्रक्रियामा तिनले मुख्य चुनौती तथा अवसर पनि जुराउने काम गर्छन् । राज्यहरू पनि आन्तरिक र अन्तरराज्य द्वन्द्वबाट नै निर्माण/विनिर्माण भएका र समाजहरू द्वन्द्वकै बीचमा अघि बढिरहेका इतिहासले देखाउँछ । त्यसैले द्वैधता र अन्तरविरोध विश्वका समाज र सभ्यताहरूको उत्थान र पतनका मुख्य कारक बनेका छन् । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहका विशेषगरी हिंसात्मक सशस्त्र द्वन्द्वले ग्रस्त मुलुकमा हासिल अनुभव नेपाली द्वन्द्वोत्तर राज्यनिर्माण प्रक्रियाको लागि ठूलो महत्वको विषय बन्न सक्छ ।

२. अन्तर्राष्ट्रिय अनुभव

सन् १९९० को दशकमा विश्वका विभिन्न भागमा गम्भीर खालका द्वन्द्व भएका थिए । तिनमध्ये केही भर्खरै मत्थर भएका छन् । तर पनि धेरै मुलुकका वास्तविक स्थिति अझै कमजोर छन् र स्थिर समाजको पुनर्निर्माण गर्न तिनलाई धेरै समस्या छ । तिनलाई विहङ्गम दृष्टिले हेर्दा द्वन्द्व रूपान्तरण र राज्यनिर्माणसम्बन्धी तीन भिन्न खालका समस्या देखिएका छन् (डायमण्ड सन् २००६) । पहिलो वर्गमा द्वन्द्वोत्तर मुलुकहरू पर्छन्, जो गृहयुद्धबाट पार पाउन लागेका (अथवा पार पाउने

कोसिसमा रहेका) हुन्छन् । यिनमध्ये धेरै त अफ्रिकी मुलुक पर्छन्, जस्तैः दक्षिण अफ्रिका, मोजाम्बिक, सिएरा लिओन, सोमालिया आदि । केही ल्याटिन अमेरिकी (निकारागुआ, एल साल्भाडोर र मध्य अमेरिकाका अधिकांश मुलुकहरू) र केही एसियाली (क्याम्बोडिया, श्रीलङ्का, पाकिस्तान र नेपाल) र केही मध्यपूर्वी मुलुक (लेबनान, अल्जेरिया र इराक) पनि यसैमा पर्छन् । दोस्रो खालका मुलुकहरू गृहयुद्ध अथवा सशस्त्र द्वन्द्वको मध्यमा छन् । यिनमा राज्यको केन्द्रीय प्रभुत्व सर्लक्कै गिरेको छ, जस्तैः कंगो लोकतान्त्रिक गणतन्त्र । तेस्रो खालका मुलुकमा बृहत् आन्तरिक हिंसा नभए पनि नाजुक राज्य शक्ति, अपराधको उच्च दर र संगठित अपराध, आन्तरिक राजनीतिमा तीव्र मतभेद र ध्रुवीकरण (जस्तैः नाइजेरिया) ले गर्दा यिनीहरू गम्भीर जोखिममा छन् । यी तीनै खालका परिस्थितिमा लोकतन्त्रलाई प्रवर्द्धन गर्न विशेष रणनीति आवश्यक पर्छ ।

अन्तर्राष्ट्रिय अनुभवमा द्वैधता र अन्तरविरोधसँग जुध्ने दुई तरिका पाइन्छन् । एउटा संस्कृतिसँग सम्बन्धित छ भने अर्को ती संस्कृतिको प्रवाहको परिप्रेक्ष्य (कम्युनिकेटिभ कन्टेक्स्ट) सँग। संस्कृतिवादी सोच (कल्चरिस्ट अप्रोच) भन्छ, द्वैधता र अन्तरविरोधसँग हामीले जुध्ने तरिकालाई संस्कृतिले व्यापक प्रभाव पारेको हुन्छ। त्यसैले भिन्न सामाजिक अभ्यास भएका सांस्कृतिक परिप्रेक्ष्यबाट आएका मानिसहरूको अन्तरविरोधलाई स्वीकार्ने/नस्वीकार्ने आफ्नै शैली हुन्छ । विशेषगरी यस्तो सोचले द्वन्द्वात्मक दृष्टिकोणबीच पनि समझदारी खोज्न पूर्वीयहरू पश्चिमेलीभन्दा बढी जागरुक हुन्छन् भन्छ । पश्चिमेलीहरू भने गैर–अन्तरविरोधका तार्किक सिद्धान्तको मात्रै अनुसरण गर्छन् । यसको विपरीत उद्‌गमवादी सोच (इभोल्युसनरी अप्रोच) ले अन्तरविरोध अन्तरक्रियात्मक प्रवाहको परिप्रेक्ष्य (कम्युनिकेटिभ कन्टेक्स्ट) मा भइपर्ने घटना हो भन्छ । यसले भन्छ कि जब भ्रामक सूचनालाई व्यवस्थापन गर्नुपर्छ, तब विविध समस्या आइपर्छन् । अनि त्यही भ्रमको विरोधमा जुध्न केही सर्वव्यापी प्रक्रिया तय गरिएको हुन्छ । यसैलाई अन्तरविरोध भनिन्छ । यसरी अन्तरविरोधले अरूका द्वन्द्वात्मक विचारभन्दा आफ्नै विश्वासलाई बढी महत्व दिने प्रवृत्तितर्फ लम्काउँछ (भ्यान डेर हेन्स्ट र अरू सन् २००६) ।

३. राज्यनिर्माणका चुनौती

विशेषतः हिंसात्मक सशस्त्र द्वन्द्व भएर कठिन र नाजुक स्थिति भोगिरहेका मुलुकमा द्वैधता र अन्तरविरोधसँग जुध्नु द्वन्द्वोत्तर राज्यनिर्माणको अहम् पाटो बन्छ । द्वन्द्वोत्तर मुलुकहरू पुराना एवम् नयाँ स्वरूपका हिंसामा फँस्न सक्ने सम्भावना धेरै हुनाले

तिनमा द्वन्द्वोत्तर चुनौतीहरू युद्धकालीन चुनौतीभन्दा गम्भीर हुन्छन् । सम्भ्रान्तहरूको हित हुने गरी राज्यले गर्ने भूमिको सामन्ती वितरण, यसको अधीनत्व शैली र भूमि प्रशासन प्रणाली जनतामाथि नियन्त्रण दाबी गर्ने र राजनीतिक शक्ति कायम गराउने आधार हुन् । यिनले ऐतिहासिक कारकको रूपमा नेपालको बृहत् द्वन्द्वलाई नै नकारात्मक ऊर्जा दिएका थिए । विद्यमान द्वन्द्वलाई प्रयोग गरेर माओवादीले द्वन्द्वकालमा जमिन्दार, राजनीतिकर्मी र कर्मचारीका जग्गा कब्जा गर्न भूमिहीनहरूलाई उक्साए । द्वन्द्वोत्तर अवधिमा यही विषय हिंसा र अन्तरविरोधको नयाँ स्वरूप बन्यो । माओवादी अनुभव देखेर छोटो समयमा शक्तिशाली राजनीतिक समूह बन्ने उद्देश्यसाथ युवाको सैनिकीकरण, पहिचान–आधारित राजनीति, आर्थिक अवसरको लागि तराई क्षेत्रमा हुर्केका सशस्त्र समूह र वैध राजनीतिक शक्तिको लागि हिंसालाई स्वीकार्ने पद्धतिले नेपाललाई नयाँ हिंसामा धकेलेको छ । संक्रमणकालमा राज्यले भोगेका हिंसाका अन्य अवस्था भनेका कमजोर कानुनी व्यवस्थाले जन्माएको बढ्दो सहरी हिंसा हो । यो पुस्तकका केही महत्वपूर्ण परिच्छेदले सोही सवालबारे व्याख्या गरेका छन् । सारांशमा, द्वन्द्वोत्तर नेपाल अविजेय चुनौतीहरूको भुमरी नजिक आइपुगेको छ । त्यसैले ती चुनौतीको सामना गर्ने रणनीतिहरू बनाउनै पर्छ ।

अहिले जारी र उब्जँदै गरेका अन्तरविरोधको पहिचान र व्यवस्थापन हुन नसके द्वन्द्वोत्तर चुनौतीमा जटिलता थपिन्छ । राज्यनिर्माणमा आवश्यक दक्ष व्यक्तिहरू कतै सरकारी र कतै नागरिक समाजका अंगमा छरिएर रहेका हुनाले सुरुमा राज्यनिर्माण प्रक्रिया अत्यन्तै कठिन हुन्छ । अझ, हिंसात्मक द्वन्द्वका विरासत (लिगेसी) यो समाजमा धेरै छन् । त्यसमाथि पहिल्यै चुनौती खेपिरहेको द्वन्द्वोत्तर राज्यनिर्माणमा अन्तरविरोध र द्वैधताले झनै जटिलता सिर्जना गरिरहेका छन् ।

द्वन्द्वोत्तर राज्यनिर्माणको प्रक्रियामा राज्यको क्षमतालाई अन्तरविरोध र हिंसाका थुप्रै स्वरूपले चुनौती दिएका छन् । पहिलो चुनौती भनेको सुव्यवस्था र स्वतन्त्रताबीचको बेमेल हो । द्वन्द्वोत्तर राज्यमा अधिकार सम्पन्न र दक्ष खालको सार्वजनिक सुरक्षा आवश्यक हुन्छ । तर राजनीतिक कार्यकर्ताको अनावश्यक सशक्तीकरण र विशेषाधिकारको मनोविज्ञानले सुरक्षा सुदृढीकरणको मामिला नै कहिले निरीह र कहिले तनावपूर्ण बनेको छ । बल प्रयोगको वैध अधिकार राज्यसँग हुनैपर्छ । त्यसको लागि नागरिक सर्वोच्चता र मानव अधिकारको सम्मान गर्ने संयन्त्र बनाई दत्तचित्त भएर काम गर्नुपर्छ । एकातिर नागरिकका स्वतन्त्र अपेक्षा हुन्छन्, अर्कोतिर बलप्रयोगमार्फत् कानुन र सुव्यवस्था स्थापन गर्ने सरकारी चेष्टा । यसैले नयाँ

अन्तरविरोध जन्मन्छ। पहिलेका अलोकतान्त्रिक शासन व्यवस्थाले विद्यमान सुरक्षा संयन्त्रमार्फत् बल प्रयोगबाट कानुन र सुव्यवस्था स्थापना गर्ने सरकारी मानसिकताले तनाव उत्पन्न गराउँछ।

दोस्रो चुनौती सुरक्षा क्षेत्र पुनर्संरचना (सेक्युरिटी सेक्टर रिस्ट्रक्चरिङः एसएसआर) को हो। सन् १९९० को दशकमा पूर्वी युरोपमा देखापरेको यो अवधारणा नाजुक र द्वन्द्वोत्तर समाजमा लागू गरिन्छ। एसएसआर लोकतन्त्रीकरण र द्वन्द्वोत्तर राज्यनिर्माण रणनीतिको एक अंश हो। यो नयाँ छ, विकासोन्मुख छ तर पनि यसले द्वैध अर्थ दिन्छ (थापा सन् २००८)। अहिलेसम्ममा एसएसआरको सर्वमान्य परिभाषा छैन। स्पष्ट भन्दा, यसमा विस्तृत र संगतिपूर्ण खाकाको अभाव छ। एसएसआरमा न विशेषखाले आधारशिला छ, न त कुनै सर्वस्वीकृत सिद्धान्त नै (यसबारे थप छलफल यसै पुस्तकको दोस्रो परिच्छेदमा गरिएको छ)। यो खाका सीमितबाट असीमिततर्फ जान्छ (थापा सन् २००८)। आधिक्यको दृष्टिकोण (म्यक्सिमलिस्ट पोइन्ट अफ भ्यू) ले हेर्ने हो भने यो विषय राज्यनिर्माणकै शैलीसँग मिल्छ। द्वन्द्वोत्तर राज्यनिर्माणले बलियो राजनीतिक, सामाजिक र आर्थिक व्यवस्था निर्माण गरी कमजोर, विफलोन्मुख वा विफल समाजलाई पुनर्जीवन दिने प्रक्रियालाई सुझाउँछ। यद्यपि, न्यूनवादी दृष्टिकोण (मिनिमलिस्ट पोइन्ट अफ भ्यू) ले प्रमुख सुरक्षा निकाय अथवा राज्येतर सुरक्षा बललाई मात्रै सुधार गर्ने लक्ष्य राख्न सक्छ। एसएसआरबारे कुरा गर्दा थप्नुपर्ने अर्को पक्ष निःशस्त्रीकरण, गैरपरिचालन र पुनर्समायोजन (डिसआर्ममन्ट, डिमोबिलाइजेसन एन्ड रिइन्टिग्रेसनः डिडिआर) को हो। डिडिआर र एसएसआरबीचको सम्बन्धबारे धेरैजना अलमलिएको भेटिन्छ। कसैले यी दुईलाई नितान्त भिन्न क्षेत्र मान्छन् भने कसैले एसएसआरको मुद्दा सुरु गर्ने पूर्वशर्त डिडिआर भएको मान्छन्। समाजमा पूर्वलडाकु र सुरक्षा फौजलाई समायोजन गर्ने काम द्वन्द्वबाट रूपान्तरण हुन लागेका मुलुक, राजनीतिक दल र नागरिक समाज तथा पूर्वलडाकु आफैलाई निकै चुनौतीपूर्ण हुन्छ। सुरक्षा फौज र सशस्त्र बलबीच सफल समायोजन भएका थुप्रै उदाहरण हामीसँग छन्। तर थुप्रै मुलुकले शान्ति सम्झौतापछि डिडिआर प्रक्रिया सुरु गरेका छन् भने थोरैले मात्र एसएसआर।

तेस्रो चुनौती द्वन्द्वोत्तर प्रशासन तथा स्थिरीकरण र राज्यनिर्माणबीच बेमेल हो। नाउस र कक्स (सन् २००५) ले बोस्निया र कोसोभोको उदाहरण दिन्छन्। त्यहाँ द्वन्द्वोत्तर अवस्थामा अलोकतान्त्रिक नेता, दल र आन्दोलनको वर्चस्व थियो। पछि तिनबीच जातीय वा राजनीतिक विभेद सिर्जना गरियो। संक्रमणकालीन प्रशासनले

सशस्त्र र हिंसात्मक खालका अलोकतान्त्रिक तत्वलाई नियन्त्रण गर्न सक्ने ताकत राख्नुपर्छ । अझ स्थानीय निकाय फस्टाउन, तिनलाई अधिकारसम्पन्न बनाउन र लोकतान्त्रिक स्वशासन विकास गर्न लचकता आवश्यक पर्छ । यो कार्य कमजोर द्वन्द्वोत्तर अवस्थामा अप्ठ्यारो भए पनि असम्भव भने हुँदैन ।

यसैगरी चौथो चुनौती द्वन्द्वोत्तर स्थिरीकरणका दुई प्रतिस्पर्धात्मक दृष्टिकोण हुन् । एउटा गहिरो, दीर्घकालीन र खर्चिलो हुन्छ भने अर्को चाहिँ हासिल गर्न त सजिलो हुन्छ तर असफल हुने सम्भावना प्रबल रहन्छ । युद्धले ध्वस्त बनाएको मुलुकमा गलत तरिकाले शान्ति ल्याउने लोभ हुन सक्छ किनकि यस्तो काम सजिलो र चाँडो हुन्छ । एसएसआर र हतियार तथा सेनाको व्यवस्थापन सुस्त पनि हुन सक्छ । यस्तै अवस्था सिएरा लिओन, एङ्गोला र इराकमा पनि देखिएको थियो । त्यहाँ शान्ति स्थापना सुरुमै असफल भएर फेरि गृहयुद्ध मच्चिएको थियो ।

चित्र १४.१ः संक्रमणकालमा राज्यनिर्माणका चुनौतीहरू



स्रोतः लेखकहरूद्वारा रुपाङ्कित

पाँचौँ चुनौती राष्ट्रसंघ र आन्तरिक राजनीतिक सम्भ्रान्तबीचको राजनीतिक मोलतोलसम्बन्धी मुद्दा हो (बर्मा सन् २००५) । तिनको भूमिकालाई प्रत्येक मुलुकको ऐतिहासिक, राजनीतिक र संस्थागत विकासले निर्धारण गरेका बृहत्-संरचनात्मक परिप्रेक्ष्य (म्याक्रो-स्ट्रक्चरल कन्टेक्स्ट) ले सीमित बनाउँछन् । पैसा, छापामार नियन्त्रण र जातीय तथा अभिरुचिगत समूहलाई सहायता आदिजस्ता शक्ति र राजनीतिक स्रोतको बाँडफाँटमा आन्तरिक सम्भ्रान्तबीच जहिल्यै मोलतोल चल्ने हुनाले द्वन्द्व पुनरावृत्तिको सम्भवना हुन्छ । पूर्वस्थापित राजनीतिक शक्ति, तिनका गतिविधि र भावी द्वन्द्वका प्रकृतिको आधारमा पनि यस्तो अनुमान गर्न सकिन्छ । आन्तरिक सम्भ्रान्तले यिनै ऐतिहासिक-संरचनागत सीमामा रही राष्ट्रसंघसँग अथवा आपसमै शक्तिको बाँडफाँटबारे मोलतोल गर्छन् (चित्र १४.१) ।

४. नेपालको अनुभव

अन्तरविरोधात्मक व्यवहारहरू नेपालको परिवर्तन र विकासमा निर्धारक रहिआएका छन् । तिनले तनाव निम्त्याउने मात्रै नभई सामाजिक-राजनीतिक तथा आर्थिक अवस्थाको रूपान्तरण पनि गराउँछन् । २०४६ र २०६३ सालका जनआन्दोलनसहित विगतका सम्पूर्ण राजनीतिक रूपान्तरणमा नेपालले अन्तरविरोध र द्वैधता खेपेको छ । बाह्रबुँदे समभ्रदारी, विस्तृत शान्ति सम्भ्रौतालगायत प्रमुख राजनीतिक शक्तिबीचका अन्य थुप्रै विवादित सहमतिको जगमा अहिलेको राजनीतिक परिवर्तन उभिएको छ । पछिल्लो समयमा संविधानसभा विघटन भएपछि यस्तो विवाद भ्रनै चुलिने निश्चित छ ।

समाज, परिवर्तन र विकासका प्रक्रिया बुभ्रिने फरक-फरक राजनीतिक र सामाजिक शक्तिबीचको वैचारिक अन्तरविरोध नै नेपालको विगत, वर्तमान र भविष्यको यथार्थ हो । समुदाय आफैले गर्ने प्राकृतिक स्रोत व्यवस्थापनजस्ता स्थापित व्यवस्थासँग नयाँ विचार र प्रविधिको टक्करले पनि सकारात्मक परिणाम देखाएका छन् (सामुदायिक वन उपभोक्ता समूहद्वारा गरिएको सामुदायिक वन व्यवस्थापनबारे विस्तृत थाहा पाउन यसै पुस्तकको परिच्छेद ४ हेर्नुहोस्) । कहिलेकाहीँ अन्तरविरोध नै व्यापक सामाजिक रूपान्तरणको प्रमुख स्रोत भएको छ । संघीयताको सवाल सँगसँगै उठेको राज्य पुनर्संरचनाको कुरा यसकै उदाहरण हो । एनेकपा (माओवादी) ले स्थापित राज्यलाई संघीयतामार्फत् पुनर्संरचना गर्ने माग अघि सार्दा चलिरहेको द्वन्द्व समाधान गर्ने उचित उपायको रूपमा त्यसलाई स्वीकार्न कुनै पनि संसदीय दल तयार थिएनन् । यद्यपि, धेरै समयअघिदेखिको जनताको दबाब, माओवादीसँगको शान्ति वार्ता र स्वायत्त

तराई–मधेसको मागको लागि तराई आन्दोलनले ती दललाई यी कुरा स्वीकार्न र अन्तरिम संविधानमा समेत भावी संघीयतालाई समेट्न बाध्य बनायो । अन्तरविरोधपूर्ण विभिन्न विषय लम्बिँदा कुनै विचारविरुद्ध उभिएकाहरूले आफ्नै मूल्य र मान्यतामाथि प्रश्न गर्न थाल्छन् वा निश्चित विषयमा आफ्नो बेग्लै धारणा बनाउँछन् । समय र जनदबाबसँगै सहमतीय समाधान (निगोसियटेड सेटल्मन्ट) मार्फत् तिनीहरू अन्ततः एउटै निर्क्योलमा आउँछन् । नेपालमा राजनीतिक दल र सामाजिक शक्तिले त्यस्ता अन्तरविरोध र द्वैधताको यथोचित समाधान गरेका थुप्रै राम्रा उदाहरण पनि छन् ।

भाषा–प्रयोगसम्बन्धी अन्तरविरोध (जस्तै, उपराष्ट्रपतिले मैथिली वा नेपाली मातृभाषाको साटो हिन्दीमा सपथ लिएका आदि) पनि अहिलेको नेपाली राजनीतिमा जल्दोबल्दो विषय हो । निश्चित भाषाको लागि वकालत गरिरहेका पहिचान–आधारित समूह पनि यो विषयमा विभाजित छन् । चल्तीको कानुनलाई आधार मान्दै उपराष्ट्रपतिको मामिलामा सर्वोच्च अदालतले सपथ ग्रहणलाई अवैध मान्यो र उपराष्ट्रपतिको कार्यालयलाई थुप्रै महिनासम्म निष्क्रिय राख्यो । अन्तरिम संविधान–२०६३ मा छैटौँ संशोधन गर्दै मातृभाषा वा नेपाली भाषामा मात्र सपथ लिनुपर्ने व्यवस्थाको व्याख्यामा टेकेर यो समस्याको समाधान गरिएको थियो । उपराष्ट्रपतिको भाषागत सवालमा भएको सहमतिबाहेक भाषाबारे थुप्रै सवाल समाधान हुन अझ बाँकी नै छन् । बहुजातीय र बहुभाषीय समूहको सहयोगी भाषा हिन्दी भएको कुरा उठाएर तराईका केही दलहरूले हिन्दीलाई कामकाजको भाषा बनाउन पैरवी गरिरहेका छन् । यसैगरी भारतजस्तो ठूलो छिमेकी राष्ट्रबाट पर्ने सांस्कृतिक प्रभाव र हस्तक्षेपको कारण देशका अन्य दल र समूहहरू यसको विरोधमा छन् । यस्ता सबै विषयलाई अबको नयाँ संवैधानिक व्यवस्थामा सम्बोधन गरिनुपर्छ ।

विपक्षी समूहको गतिशील अन्तरसम्बन्धले शक्ति साझेदारीमै परिवर्तन ल्याइदिन्छ । थुप्रै वर्षदेखि संसदीय मूलधारमा रहेका दल (नेपाली काँग्रेस र नेकपा–एमाले) बीचको अन्तरविरोधमा खेल्न माओवादी सफल छ । त्यसो गर्दा माओवादीले एउटा दललाई अस्थायी रूपमा चिढ्याउन अर्कोसँग मिल्ने गर्छ । दुईओटा भूमिका निर्वाह गर्दा दलहरूले एउटालाई चिढ्याउन र पछार्न तथा अर्कोलाई खुसी पार्न र उचाल्न सफल भएका छन् । एक दशक लामो सशस्त्र द्वन्द्वताका शक्तिशाली दलबीचको सम्बन्धमा नाटकीय गतिशीलता आयो जसले थुप्रै पटक सरकारहरू पनि परिवर्तन गरायो । सत्तामा पुगेको एउटा दलको नेतालाई अर्कोले विस्थापन गर्ने उद्देश्यसाथ माओवादीले दलभित्रै अन्तरविरोध पनि सिर्जना गर्दिन्थ्यो (जस्तै द्वन्द्वकालमा गिरिजाप्रसाद कोइरालालाई विस्थापन गरी काँग्रेसकै देउवा नेतृत्वको सरकार गठन) । नेताहरूले

पनि दलभित्रको आफ्नो शक्ति संरचना परिवर्तन गर्न माओवादीलाई प्रयोग गर्थे । यस्तो अवस्थालाई आफूअनुकूल बनाउन र दलहरूसँग वार्ता गर्न माओवादी पनि सक्षम थियो । यद्यपि द्वन्द्वकालमा राज्य संरचना (विशेषगरी सेना) र निर्णय–निर्माणको समग्र प्रक्रियामा दरबारको व्यापक प्रभाव थियो । त्यसले गर्दा परिवर्तनको पक्षमा दलहरूलाई तयार गराउन माओवादी प्रभावकारी हुन सकेन । संविधानसभा गराउने कि नगराउने भन्ने विषयलाई लिएर असफल भएका शान्ति–वार्ताका तीन चरण पनि यसकै उदाहरण हुन् । कहिलेकाहीँ यस्ता अन्तरविरोधलाई माओवादीले गर्ने उपयोग राज्यकै लागि फलदायी पनि रहे । जस्तै पछिल्लो निर्णायक शान्ति–वार्तालगायत सकारात्मक परिवर्तन, सात दलीय गठबन्धनको स्थापना र माओवादीसँगको बाह्र बुँदे सहमति यसका दृष्टान्त हुन् ।

२०६४ चैत २८ मा संविधान सभाको निर्वाचन भयो । यस निर्वाचनमा ४० प्रतिशत सिट हासिल गर्दै नेकपा माओवादी सबैभन्दा ठूलो दलको रूपमा स्थापित भयो । त्यसपछि प्रतिनिधिसभाले राष्ट्रपतिको लागि गरेको निर्वाचन सम्पन्न भएपछि अन्तरविरोध र सहमतिसँगको यस्तो जोडघटाउआधारित राजनीतिक गतिशीलता अलि घट्यो । संविधानसभा निर्वाचनमा नेपाली काँग्रेस र नेकपा (एमाले) का उच्च नेताहरूले नराम्ररी हारे । चुनावमा ती दल हारेपछि सहमतिको राजनीति (दुई तिहाइको निर्णय) साटो सामान्य बहुमत (आधाभन्दा बढी) ले निर्णय गर्ने प्रावधानसहितको अन्तरिम संविधानमा माओवादीले जोड दियो । यसपछि राजनीतिक जोडघटाउपश्चात् गिरिजाप्रसाद कोइरालाले आफ्नो नेतृत्वको सत्ता चार महिनापछि निरीह भई माओवादीलाई हस्तान्तरण गरे । नेपाली शान्ति प्रक्रियामा यो घटना कोसेढुङ्गा मानिएको थियो । २०६२ सालको बाह्रबुँदे समझदारीपछि कायम रहिआएको सहमतीय राजनीतिक संस्कार यसपछि नै तोडिएको थियो ।

नेपाली समाज वा राजनीतिमा अन्तरविरोधहरु रूपान्तरण हुँदैछन् भन्ने सामान्य बुझाइ रहे पनि यी त्यति सजिलै परिवर्तन हुँदैनन् । कहिलेकाहीँ अन्तरविरोधले परिवर्तनमा अड्चन थप्न सक्छ । माओवादी नेतृत्वको सरकारले तत्कालीन सेनाप्रमुख रुक्माङ्गत कटुवाललाई पदच्यूत गर्न खोजेपछि नेपाली सेनाको लोकतन्त्रीकरणको प्रक्रिया पनि अवरुद्ध भएको थियो । यो घटनालाई राज्यशक्ति कब्जा गर्ने माओवादी चालको रूपमा प्रतिपक्षी दलले बुझे । त्यसपछि करिब दुई दर्जन प्रतिपक्षीको समर्थनसहित राष्ट्रपतिले माओवादीको सो निर्णयलाई उल्टयाइदिए । राष्ट्रपतिको सो निर्णय नागरिक सर्वोच्चताविरुद्ध भएको र विदेशी हस्तक्षेप भन्दै माओवादी अध्यक्ष प्रचण्डले

आफ्नो पदबाट राजीनामा दिए । यो अवस्थाले अरू दलसँगको सम्बन्धमा झनै नराम्रो अवस्था पैदा गऱ्यो । माओवादी लडाकु र नेपाली सेनाको समायोजन, राज्य पुनर्संरचना, सरकारको स्वरूप र बहिष्करणमा परेका समूहलाई समावेशी बनाउने विषयमा दलबीचको अन्तरविरोध अझ गहिरियो । यसले द्वन्द्वोत्तर राज्यनिर्माण प्रक्रियालाई सुस्त बनायो ।

पहिचान गर्न गाह्रो हुने र समाजमा अदृश्य रहेका थुप्रै अन्तरविरोधहरूले रूपान्तरणलाई रोक्न सक्छन् । नेपालका राजनीतिक दलले त्यस्ता अन्तरविरोधले पार्नसक्ने अप्ठ्यारोलाई नबुझेका हुन सक्छन् । पूर्वलडाकुलाई कुनै किसिमका आर्थिक सहायताका प्याकेज दिने अथवा उद्यमी क्रियाकलाप (जस्तै, थुप्रै वर्षको लागि सरकारी जमिन भाडामा लिएर कर्णालीमा फलफूल खेती) मा वित्तीय सहयोग गर्ने माओवादीको मागमा दलहरू त्यतिबेला सहमत भएनन् । लडाकुलाई सीप विकासको प्रशिक्षण दिई निश्चित क्षेत्रमा रोजगार दिने पक्षमा भने सरकार र गैर–माओवादी दल सहमत थिए । उता माओवादी र लडाकुले यो प्रस्ताव अस्वीकार गरे । अन्ततः कुनै स्पष्ट प्याकेजबिना लडाकुलाई बिदाइ गरी ‘नयाँ जीवन’ मा लगाउने काममा माओवादी सहमत भयो । यहाँको अन्तरविरोधको विषय निश्चित काम गराइ अथवा सम्बन्ध व्यवस्थापनको तरिकामा छ । यही कुरा नेपालमा संयुक्त राष्ट्रसंघीय मिसन (अनमिन) को कार्यभारमा पनि लागू हुन्छ । यो संस्थामा वास्तवमा कुनै निर्णय प्रक्रियामा आफै सामेल हुन नपाई र दलहरूलाई पनि कुनै दबाब नदिई लडाकु बहिर्गमनको काम सम्पन्न गर्नुपर्ने बाध्यता थियो । अन्तरविरोधलाई उचित ढङ्गले निरुपण र निराकरण गर्न दलका नेतामा क्षमता पनि हुनुपर्छ भन्ने कुरा अहिलेको राजनीतिक बहसले बिर्सिएजस्तो देखिन्छ ।

अन्तरविरोधले ‘परिवर्तनका गतिशील शक्तिहरू’ पहिचान गर्न मद्दत गर्छ । शान्ति सम्झौतामा हस्ताक्षर भएपछि नेपाल सरकारले अख्तियार गरेको समावेशीकरणको नीति (कोटा व्यवस्था, विश्वविद्यालय र सरकारी सेवामा प्रवेश गर्दा आरक्षणको व्यवस्था) पनि अन्तरविरोध निर्मूल गर्ने सफल प्रयास हुन् । वर्षौंदेखि राज्यको सुविधा नपाएर उपेक्षामा परेका समुदायको हितमा सकारात्मक परिवर्तन ल्याउन यस्ता नीतिले काम गर्छन् । यद्यपि समाजका विशेष खण्डलाई विशेषाधिकार दिएर अर्कोलाई उपेक्षामा राख्ने काममा पनि अन्तरविरोध भई नै रहन्छन् (जस्तै, क्षेत्री समाजको विरोध) । यसैगरी जातीय र लैङ्गिक असमानता वा सामाजिक बहिष्करणका अन्तरविरोधात्मक

मुद्दामाथि खुला छलफल भएका छैनन् । दलहरू आफूले पाइआएको विशेषाधिकार गुमाउन चाहँदैनन् । सकारात्मक परिणाम आउन सक्ने यस्ता अन्तरविरोधमा छलफलै हुँदैनन् । दलहरूबीच सम्पन्न केही सहमतिहरूमा पनि भनाइ र गराइमा द्वैधता देखिन्छ । सहमतिमार्फत् हुने परिवर्तनले भविष्यमा आफ्नै अस्तित्व गुम्ला कि भन्ने डर ती दलमाझ हुन्छ ।

द्वन्द्वोत्तर संक्रमणको बेला अन्तरविरोधसँग जुध्न द्वन्द्वकालमा भन्दा सहज हुन्छ । राष्ट्रिय सवालमा नागरिकको विचार समावेश गरी आमसहमति निर्माण गर्न अहिले नेताहरू जिम्मेवार र जवाफदेही छैनन् । दलहरूमा आन्तरिक लोकतन्त्रको अभाव, निर्वाचन क्षेत्रमा जनहितको काम गर्दा अन्तरदल एकता कायम गर्ने वा सो क्षेत्रप्रति निर्वाचित प्रतिनिधिलाई जवाफदेही बनाउने (माइकसेल सन् १९९९) प्रक्रियामा पनि नेपालमा अन्तरविरोध र द्वैधता छ । यस परिप्रेक्ष्यमा माओवादीको रणनीति विशुद्धता (प्योरिटी) र व्यवहारवादिता (प्रयागम्याटिजम्) को तनावबीच रुमल्लिएको छ । आइसिजी (सन् २००७) लेख्छ, माओवादीहरू निश्चित सिद्धान्तमा अडिग छन् । तर तिनले रणनीतिक कमजोरी पहिल्याउन सकेको भए धेरै अघि रूपान्तरणतर्फ पाइला सार्न सक्थे । फेरि उता मूलधारका राजनीतिक दललाई द्वन्द्व समाधानमा यथास्थितिवाद रुचिकर लाग्छ । यसको उदाहरण राष्ट्रसंघीय उपसचिव बी लिन पास्कोको नेपाल भ्रमणको बेला पनि देखिएको थियो । त्यतिबेला अनमिन र नेपाली राजनीतिक दलबीचको सम्बन्धमा शंका–उपशंका निकै बढेको थियो (प्रसाई सन् २०१०) । अहिले नेपालको द्वन्द्वोत्तर राज्यनिर्माणमा विद्यमान अन्तरविरोध र द्वैधताहरू यसप्रकार छन्ः

४.१ वैधतामाथि प्रश्न

राज्य वा विद्यमान कानुनविरुद्ध जनविरोध चल्दा के वैध र के अवैध हो भन्ने विषयमा राजनीतिक दलबीच अन्तरविरोध र द्वैधता कायम भइरहन्छ । श्रमिक वर्गले अहिलेसम्म गरेका विरोधलाई वैधता दिने माओवादीको ध्येय छ । तर यसलाई मूलधारका संसदीय दलले अवैध मान्छन् । यद्यपि माओवादीले चाहिँ किसान, श्रमिक, उपेक्षित र सर्वहारा वर्गको संघर्षलाई सम्भ्रान्त वर्गविरुद्ध लक्षित भएको मान्छ । राज्यविरुद्ध प्रश्न र संघर्ष गर्ने अधिकार जनतासँग हुने उसको मान्यता छ । शान्ति

सम्झौताको मर्मविरुद्ध भएको सम्पत्ति र भूमि कब्जा माओवादीको त्यस्तो मान्यतामा मुखरित छ । शासक वर्गले आफ्नै अभिरुचि संरक्षण गर्ने कानुनी संयन्त्रलाई प्रयोग गरी प्राकृतिक स्रोत र राज्यको सम्पत्तिमाथि अवैध अधीनत्व कायम गरेको माओवादीको दाबी छ। कानुनी शासन वा वैधताका सवालका यस्तो द्वैधताको कारण मुलुकले औद्योगिक क्षेत्रमा श्रमिकहरूको विरोधदेखि शैक्षिक क्षेत्रमा पनि तनाव भोगिरहेको छ। विकास, मानवअधिकार र सुरक्षाप्रतिको बुझाइमा पनि अन्तरविरोध कायम छ। गैर-माओवादी दलले भने सुरक्षा, विकास प्रवर्द्धन र मानवअधिकारको रक्षा सुनिश्चित गर्न 'कानुनी शासन' वा लोकतान्त्रिक मान्यतामा अडिग हुनुपर्ने विचार राख्दै आएका छन्।

४.२ सवैधानिक विषयमा सम्झौताको विनिमय (कन्स्टिच्युसनल ट्रेड-अफ)

द्वन्द्वोत्तर राज्यनिर्माणमा राज्य पुनर्संरचना, शासकीय स्वरूप, निर्वाचन प्रणाली, आधारभूत अधिकारदेखि उपेक्षित, आदिवासी र दलित जनताको अधिकार सुनिश्चित गर्नदेखि प्राकृतिक स्रोतको व्यवस्थापनसम्म पनि नेपालका राजनीतिक दलबीच गम्भीर मतभेद छ। संविधानसभामा भएका छलफलले पनि यो उदाङ्गो भएको थियो। संविधानसभाका विभिन्न विषयगत समितिले बनाएका मस्यौदाले यी विषयमाथि प्रकाश पारेका छन्। यथास्थितिवादी राजनीतिक शक्ति अझ सुदृढ हुँदै गएका हुनाले क्रान्तिकारी परिवर्तन चाहनेहरू चाहिँ राजनीतिक मूलधारबाट टाढा भइरहेका छन्। यसकारण विद्यमान तथा भविष्यमा देखिने अन्तरविरोधहरूसँग जुझ्न अझ अप्ठ्यारो हुने देखिन्छ। यसरी नकारात्मक परिणाम आउँदा एकापसमा दोषारोपण हुनेछ। यसले सामाजिक-राजनीतिक रूपान्तरणको अवसरमाथि तुषारापात गर्नेछ । अन्तरविरोध व्यवस्थापनमा मूलधारका र तथाकथित ठूला दलको द्वैधताले पहिचानमा आधारित तथा क्षेत्रीय साना दलको उदय गराएको छ । यसले जनतामा रहेको शंका, डर र असुरक्षालाई झनै बढाएको छ। यसले जनताको आकांक्षा र भावनासँग खेली तिनको मनमा प्रशस्त तिक्तता सिर्जना गरेको छ । यसरी जनहितको बेवास्ता भएको छ र जनअभिरुचिभन्दा व्यक्तिगत महत्वाकांक्षामा नेताहरू फँसेका छन्। अन्तरविरोधलाई व्यापक सामाजिक-राजनीतिक रूपान्तरणको लागि उपयोग गर्न अथवा यसमाथि अन्य शक्तिले खेल्न पनि सक्छन् भन्ने अनुभूति दलहरूले समयमै गर्न नसके मुलुकले ठूलो मूल्य चुकाउनु पर्नेछ । त्यसपछि नेपालको कमजोर लोकतन्त्रलाई भारत र चीनले पनि कम आँकी गृह राजनीति र सुरक्षामा प्रभाव बढाउन सक्छन्।

४.३ 'शक्ति' को भ्रम

विभिन्न मुलुकमा सरकारले यस्तो वा त्यस्तो 'शक्ति' जनतालाई हस्तान्तरण गरेको छ भनी 'शक्ति' को फेहरिस्त नै देखाउँछन् (माइकसेल सन् १९९९) तर ती भनेका शासकीय शक्ति (गभर्नेन्स पावर) नभएर प्रक्रियागत नियम (प्रसेडचुअरल रुल्स) मात्र हुन् । स्थानीय सरकार, नागरिक सहभागिता र जवाफदेहिता प्रवर्द्धन गर्नुपर्ने समयमा राजनीतिक दलहरू जहिल्यै द्वन्द्व र अन्तरविरोधमा अल्झिरहेका हुन्छन् । स्वायत्तता नभएका स्थानीय निकायले योजना तर्जुमा र कार्यान्वयनमा मन्त्रालय र राष्ट्रिय योजना आयोगले दिएका निर्देशनअनुरूप काम गर्नुपर्छ । गरिब र उपेक्षितहरू यस प्रक्रियामा सहभागी हुन पाउँदैनन् । अथवा स्थानीय शासनको प्रक्रियामा सहभागिता जनाउन तिनलाई मौका दिइँदैन । केही शक्तिशाली राजनीतिक नेताले तिनका नजिकका व्यक्तिबाट आएका कुरालाई जस्ताको तस्तै राख्छन् र सोही कुरा राष्ट्रिय बजेटको मुख्य विषय बन्छ । अहिलेको राजनीतिक परिवर्तनपश्चात् पनि यस्ता द्वैधता निरन्तर चलिरहेका छन् ।

शक्ति अति–केन्द्रीकृत र अधोगामी (टप–डाउन) छ । त्यसैले राजनीतिक दलहरूसँग प्रभुत्व (अथर्टी) मात्रै भएको र परिवर्तन गर्न सक्ने शक्ति (पावर टु चेन्ज) चाहिँ नभएको हो कि भन्ने प्रश्न उठ्छ । होइन भने राष्ट्रिय अभिरुचिको संरक्षण गर्न यति शक्तिशाली दलहरू पनि किन कमजोर छन् त ?

४.४ वैदेशिक सम्बन्धमा बाह्य हस्तक्षेप

विगतमा नेपाल असंलग्न नीतिको कट्टर समर्थक थियो । त्यसैअनुसार यो मुलुकको विदेश नीतिको आधार बन्थ्यो । यद्यपि भारतसँगको सामीप्य र त्यसले सामाजिक, राजनीतिक र आर्थिक स्तरमा राख्ने प्रभाव र उत्तरी छिमेकी चीनको दबाबले स्वतन्त्र रूपमा बाँच्न नेपाललाई कठिन बनाउँछ । यसर्थ ठूला छिमेकी, विशेषगरी भारतको अभिरुचि तथा नीति, को कारण विदेश नीतिमा व्यापक प्रभाव परेको छ । खुला सीमा, सांस्कृतिक र धार्मिक बन्धन, आर्थिक निर्भरता र राजनीतिक प्रभावमार्फत् नेपालको विदेश नीतिमा भारतको गहिरो प्रभाव रहेको छ । मधेसको सवालजस्तो संवेदनशील पक्षमा भारतीय अभिरुचिको कारण स्वतन्त्र निर्णय प्रक्रियामा राजनीतिक सम्भ्रान्तमाझ आनाकानी र शंका जन्मिएका छन् । अतः यो द्वैधतासँग खेल्न बाह्य शक्तिलाई मौका पनि मिलेको छ ।

वि.सं. २००७, २०१७, २०४६ र २०६२/६३ का राजनीतिक परिवर्तनमा भारतको भूमिका र अभिरुचिबारे पनि दलहरूबीच साझा धारणा छैन। नेपाली राजनीतिकर्मीमा लघुताभास (इन्फेरिअरिटी कम्प्लेक्स) कायम छ। यो कुरा सन् १९५० को नेपाल–भारत शान्ति तथा मैत्री सन्धिसम्बन्धी विवादबाट पनि छताछुल्ल भएको छ। समय परिवर्तन भयो, लोकतन्त्र स्थापना भयो र जनआकांक्षा पनि फेरियो । त्यसैले समयअनुसार यो सन्धि पुनरावलोकन हुनुपर्ने माओवादीको धारणा छ। खुला सीमा भएका ठाउँका जनतालाई समान व्यवहार गर्नुपर्ने अन्तर्राष्ट्रिय व्यवस्थाको पनि सम्मान भएको छैन। माओवादी र अन्य राजनीतिक शक्तिमा पनि द्वैधता कायम छ । विशेषगरी गम्भीर विषयमाथि जुझ्दा झनै द्वैधता देखिएको छ। नेताले नागरिकमाझ त्यही बोल्छन्, जो उनीहरू वास्तविक कार्यशैलीमा गर्न चाहँदैनन् ।

नेपालमा वैदेशिक सहायता प्राप्तिमा पनि अन्तरविरोध छ । वैदेशिक सहायता विदेश नीतिका उद्देश्यसँग गाँसिएको छ र यो राष्ट्रको खुबी र प्राथमिकतासँग विरोधाभाषपूर्ण हुन सक्छ । सकारात्मक परिवर्तनको लागि अन्तरविरोध व्यवस्थापन गर्न वैदेशिक सहायताले सघाउ पुऱ्याउन सक्छ भने वैदेशिक सहायता अन्तरविरोधसँग खेल्ने राजनीतिक माध्यम पनि बन्न सक्छ । कहिलेकाहीँ आफ्ना राजनीतिक प्रभाव र मान्यता सशक्त बनाउन, सुरक्षा र गुप्तचरीय सूचना संकलन गर्न, राजनीतिक बजार विस्तार गर्न र 'फुटाऊ र राज गर' (डिभाइड एन्ड रुल) को कूटनीति प्रयोग गर्न पनि वैदेशिक सहायतालाई अस्त्र बनाइन्छ ।

४.५ पहिचान र जातीय संकट

नेपालको राजनीतिमा जातीय र पहिचानको राजनीति प्रमुख शक्ति बनेको छ। प्रमुख राजनीतिक अभिकर्ताबीच अन्तरविरोधसँगै जातीय पहिचानको भाव उत्पन्न भएको छ । जातीयता र पहिचानका विषयसँग जुझ्न प्रमुख राजनीतिक शक्तिमा अस्पष्ट र भिन्न विचारधारा छ । आफ्नो राजनीतिक पकडको क्षेत्र (भोट ब्याङ्क) मा प्रभाव जमाउन केही दलहरूले जातीय र पहिचानको भावसँग खेलवाड गरिरहेका छन् । यस्तो सवाल सर्वप्रथम उठाउने माओवादी थियो, तर सत्तासीन भएपछि ऊ पनि यी विषयसँग जुझ्न अक्षम रह्यो ।

पछिल्लो चरणमा जातीय र पहिचानका विषयमा संविधानसभामा व्यापक छलफल चल्यो । आखिर यही विषय नै संविधानसभा विघटन हुने अन्तिम कारण बन्न पुग्यो । अभिरुचिआधारित राजनीतिक शक्ति र समूहले दलबीच विद्यमान द्वैधता र

अन्तरविरोधसँग खेलवाड गरिरहे । थुप्रै विषयमा आमधारणालाई परिवर्तन गराउने तथा मनोवैज्ञानिक असुरक्षा बढाउने तिनको उद्देश्य थियो। आमसञ्चारमा जल्दोबल्दो विषय बन्नासाथ सिद्धान्तमा भन्दा भावनामा आधारित भई निर्णय लिने र त्यसबारे पछि पश्चाताप गर्ने राजनीतिक प्रवृत्ति पनि हावी भयो ।

४.६ सुरक्षा क्षेत्र पुनर्संरचनामा राजनीतीकरण

अघिल्ला उपशीर्षकमा चर्चा गरिएझैँ एसएसआर वा डिडिआरको कार्यान्वयनबारे नेपाली सेना र माओवादीबीच सुरुदेखि नै मतभेद छ । सेनासहित समग्र राज्य पुनर्संरचना गर्ने र नेपाली सेनामा माओवादी पूर्वलडाकुलाई समावेश गराई राष्ट्रिय सेना बनाउने माओवादीको विचार छ । अझ दीर्घकालीन रूपमा सेनाको आकार घटाउने, सेनाको अधिक संख्याको साटो युद्ध र संकटको बेला सहायता गर्ने छापामार प्रशिक्षणमा मुलुक जानुपर्ने तर्क पनि माओवादीको छ ।

विस्तृत शान्ति सम्झौतामा उल्लिखित सैन्य व्यवस्थापनको दफालाई दलहरूले अस्पष्ट शब्दसहित आफूअनुकूल व्याख्या गरिरहेका छन् । सुरुमा अनमिनले डिडिआर प्रक्रिया अपनाउन चाहेको थियो तर माओवादीको तीव्र विरोधको कारण त्यसो हुन सकेन । द्वन्द्वोत्तर शान्ति प्रक्रियामा पूर्वलडाकुको व्यवस्थापनबारे राष्ट्रसंघको आफ्नै अनुभवको आधारमा त्यसरी काम गर्ने रोजाइ अनमिनको थियो । सिएरा लिओन, कङ्गो लोकतान्त्रिक गणतन्त्र, लाइबेरिया, हैटी, बुरुन्डी, सुडान, आचे (इन्डोनेसिया), अफगानिस्तान, सोमालिया र युगान्डामा राष्ट्रसंघले डिडिआर प्रक्रिया अवलम्बन गरिसकेको छ । तर लडाकुलाई माओवादीबाट विच्छेद गराउनुपर्ने र राष्ट्रिय सुरक्षा बल अर्थात् नेपाली सेनामा ठूलो संख्यामा माओवादी लडाकु समायोजन गराउन नहुने अन्य दलको तर्क छ ।

माओवादी र अन्य दलबीचको नेपाली शान्ति प्रक्रियाको नौलोपन अर्थात् जित–जित (विन–विन) को परिणाम भएको हुनाले एसएसआरमा अन्तरविरोध आएको छ । मूलधारका राजनीतिक दलले संविधानसभाको निर्वाचनअघिको समयमा माओवादी पूर्वलडाकुको समायोजन चाहेका थिएनन् र पछि नयाँ संविधान जारी नहुन्जेलसम्म यसो गर्ने चाहना माओवादीको थिएन। उप्रेती (सन् २०१०) का अनुसार नेपालमा राष्ट्रिय सुरक्षाबारे एउटै बुझाइ छैन किनकि नेपाली मूलधारको राजनीतिले राष्ट्रिय सुरक्षा केवल सेनाको दायित्व भएको मान्छ, जुन बुझाइ आफैमा पूर्ण छैन । सामान्यतया दक्षिण एसिया र विशेषगरी भारतले बढ्दो रूपमा विश्वव्यापी आतंकवादको सामना

गरिरहेको छ । त्यसैले विश्वव्यापी आतंकवादी सञ्जालको प्रत्यक्ष प्रभाव नेपालमा नपरे पनि १८ सय किलोमिटर खुला सीमाको कारण भारतमा हुने आतंकवादी गतिविधिको असर नेपालमा पर्न सक्ने कथ्य उप्रेतीको छ ।

४.७ 'गफैमा सीमित' भूमि सुधार

लामो समयदेखि भूमिको वितरण, अधीनत्व र यससँगको पहुँच विभेदकारी रहिआएको छ । भूमिहीनहरूमाझ यो विषय सामाजिक अन्याय, उपेक्षा, शोषण, गरीबी र हिंसाको कारक बनेको छ । भूमि सम्बन्धित जनताका यिनै पीडाबाट माओवादी युद्धलाई ऊर्जा मिलेको थियो । 'क्रान्तिकारी भूमि सुधार' को नारालाई माओवादीले सामाजिक परिवर्तनको प्रमुख मुद्दा मान्यो । परिणामस्वरुप विस्तृत शान्ति सम्झौताले 'वैज्ञानिक भूमि सुधार' सुनिश्चित गर्ने उद्देश्यले 'सामन्तवाद अन्त्य गर्ने' प्रण देखायो । अन्तरिम संविधान–२०६३ मा पनि यस्तै व्यवस्था गरिएको छ । भूमि सुधारको आवश्यकताबारे दलबीच यो सहमति भए पनि यो विषय निकै गम्भीर बनेको छ । यसलाई द्वन्द्वोत्तर राज्यनिर्माणको प्रक्रियामा अतिराजनीतीकृत र विरोधाभाषपूर्ण बनाइएको छ ।

भूमि कब्जा र फिर्ताको सन्दर्भमा पनि दलबीच अन्तरविरोध कायम छ । द्वन्द्वको बेला कब्जा गरिएका भूमि फिर्ताको सन्दर्भ द्वन्द्वोत्तर कालमा एकातिर दबाबपूर्ण र अर्कोतिर विवादास्पद बनेको छ । कब्जा गरिएका जग्गा फिर्ता गर्ने प्रणमा माओवादीको असफलतालाई अन्यले शान्ति प्रक्रियामा उसले गरेको प्रतिबद्धतासँग जोड्दै प्रश्न उठाएका छन् । आफ्ना कार्यकर्तालाई जग्गा फिर्ता गर्न पठाए निर्वाचन क्षेत्रमा समर्थन गुम्ने माओवादीको डर छ । समस्या समाधान गर्ने मनसायको साटो विरोधीहरूलाई हतास बनाउन दलहरूले द्वैध चरित्र अपनाएका छन् । आफ्नै नेतृत्व सम्भ्रान्त प्रकृतिको हुनाले मधेसी दलहरूले भूमिसम्बन्धी बहसलाई बहिष्कार गर्छन् । पहाडीहरू मधेसको जग्गा हडप्ने र त्यहाँको जनसांख्यिक स्थिति परिवर्तन गर्ने षड्यन्त्रमा रहेका तिनको तर्क छ । अन्य दलले उपेक्षित मधेसी समुदाय (दलित, जनजाति आदि) लाई मधेसी सम्भ्रान्तविरुद्ध लडाउन प्रयास गरिरहेका छन् । तराईका राजनीतिक सम्भ्रान्त (जमिन्दार) र राज्यबीचको ऐतिहासिक सम्बन्ध हुनाले यसलाई समर्थन गर्नेहरूले यथास्थितिबाट फाइदा लिन खोजेको स्पष्ट देखिन्छ । यसले भविष्यमा तराईका जमिन्दार सम्भ्रान्त वर्गविरुद्ध किसानहरूले आन्दोलन छेड्न सक्ने सम्भावना विद्यमान अन्तरविरोधहरूले देखाउँछन् ।

४.८ कुहिरोभित्र नागरिक समाज

नागरिक समाज विविध अभिरुचि, उद्देश्य र मान्यताबीचको विवादास्पद क्षेत्र हो । यसलाई लोकतन्त्रीकरण, नेतृत्व परिवर्तन, आर्थिक उदारवाद, सुशासन र शान्ति स्थापनाको माध्यम मानिन्छ । यो अघोषित क्षेत्रमा पर्ने धेरै अभिकर्ताले योजना तर्जुमा, कार्यान्वियन, मूल्याङ्कन र समीक्षात्मक टिप्पणीजस्ता वैकल्पिक दृष्टि, पद्धति र प्रस्ताव निर्माण गरिरहेका छन् । यी उपजमार्फत् जनताले आफ्ना वैध आवश्यकता पूरा गर्न सक्छन् । नेपालमा अन्तर्राष्ट्रिय सहायताले स्थानीय परिप्रेक्ष्य बुझ्न सकेका थिएनन् । त्यसैले दाताहरूले लोकतन्त्र, मानव अधिकार, सुशासन, विकेन्द्रीकरण, महिला सशक्तीकरण र बजारमुखी अर्थतन्त्रजस्ता परम्परागत क्रियाकलापमा जोड दिइरहेका थिए । त्यसको साटो तिनले सामाजिक र राजनीतिक अवस्थामा विवेकी पुनर्संरचना, जाति, वर्ग र लैङ्गिक सम्बन्धको रूपान्तरणमा स्तरीय छलफल गराउन जोड दिनुपर्थ्यो (दाहाल सन् २००६) । तर दाताहरूको कार्यशैलीले नागरिक समाजलाई गतिविधि कार्यान्वयन प्रक्रियाको एउटा आधारमात्रै मान्यो, जसको स्तर दातृ निकायद्वारा निर्धारण हुन्थ्यो । यसरी थुप्रै गैरसरकारी संस्था, उपेक्षित जनताका संस्था र सामाजिक संगठनहरू केवल ‘परियोजनाहरू’ (प्रजेक्ट्स) मात्रै बन्न सके । (पिअर्स सन् २००५) । नागरिक समाजलाई दलहरूले सत्तासीन हुँदा नकारात्मक र सत्ताबाहिर हुँदा सकारात्मक दृष्टिले हेर्ने प्रवृत्ति पनि विद्यमान छ ।

नेपाली जनता र अन्तर्राष्ट्रिय समुदायको समर्थनमार्फत् नागरिक समाजले यहाँका लोकतान्त्रिक आन्दोलनहरूमा उल्लेखनीय भूमिका निर्वाह गर्दै आएको थियो । नागरिक समाज तथा मानवअधिकारसम्बन्धी प्रमुख संस्थाहरूले संविधानसभाबारे जनचेतना, मानवअधिकार अनुगमन, राज्यको पुनर्संरचना र ग्रामीण भेगमा आधारभूत सेवा प्रदानसम्बन्धी कार्यक्रम चलाएका थिए । लोकतन्त्र पुनर्स्थापना भएपछि नागरिक समाज केही असमञ्जस्यमा परेको र लोकतान्त्रिक अभ्यास बलियो पार्न र मुलुकमा दीर्घकालीन शान्ति स्थापना गर्न सहयोग गर्ने काममा कम प्रभावकारी भएको देखिन्छ । नेपाली नागरिक समाज निजी अभिरुचि भएका नेताहरूद्वारा निर्देशित, शक्ति राजनीतिमा प्रवेश गर्ने अभिरुचि भएको र विभाजित हुनाले पनि यस्तो भएको तर्क छ ।

५. निष्कर्ष

अन्तरविरोध र द्वैधता परिवर्तन वा हिंसात्मक द्वन्द्वको स्रोत बन्न सक्छन् । द्वन्द्वोत्तर राज्यनिर्माणमा तिनीहरू अवश्यम्भावी छन् । यस्ता विषयलाई उपेक्षा गर्नु साटो यिनसँग

निरन्तर जुधेर राष्ट्रिय सहमति निर्माण गर्नुपर्छ । केही अवस्थामा अन्तरविरोधले परिवर्तनमुखी विकास रोक्न पनि सक्छ । त्यस्ता अप्ठ्यारासँग रचनात्मक रूपले जुध्ने पाठ नेपालले अन्तर्राष्ट्रिय समुदायबाट सिक्नुपर्छ । यसो गर्दा समयको पनि ख्याल राख्नुपर्छ किनकि यस्ता विषयलाई लम्ब्याइए राष्ट्र शून्य योगफलको खेल (जिरो सम गेम) तर्फ धकेलिन सक्छ ।

अन्तरविरोध हुँदाहुँदै राजनीतिक शक्तिबीच केही सहमति पनि भएको देखिन्छ । आफ्ना भविष्यप्रति तिनीहरू सशंकित हुनाले यस्तो सहमति भएको हो । कहिलेकाहीँ अन्तरविरोधसँग जुध्न सामाजिक तथा सांस्कृतिक अप्ठ्यारो पर्न सक्छ । नेपालका अन्तरविरोधहरू संस्कृति, व्यवस्था, संगठन र व्यक्तिगत स्तरमा पनि मौलाएका छन् । तिनीहरू समय र स्थानअनुसार निर्धारित हुन्छन् । अन्तरविरोधहरूसँग जुध्ने र समस्या समाधान गर्ने तथा सामाजिक सम्बन्ध सुधार्दै सकारात्मक परिवर्तनको सम्भावना केलाउने प्रयास थोरै मात्र प्रयास भएका छन् । तर अन्तरविरोधको व्यवस्थापन गर्ने क्रममा विभिन्न दलका सामाजिक तथा राजनीतिक शक्ति समीकरणमै परिवर्तन आएका उदाहरण पनि छन् ।

थुप्रै राजनीतिक अन्तरविरोधसँग सार्वजनिक रूपमा जुध्न द्वैधतालाई माध्यम बनाइएको छ । दल तथा प्रमुख सरोकारावालाहरूबीच विद्यमान अन्तरविरोधले नै आजका प्रमुख राजनीतिक समस्या देखापरेका हुन् । नेपाली राजनीतिकर्मीले आफ्ना खुबी तथा कमजोरीबाट पाठ नसिकेका र गल्ती दोहोर्‍याएका तथ्य इतिहासले नै देखाउँछ । विद्यमान अन्तरविरोध र द्वैधताको समीक्षात्मक मूल्याङ्कन गरी नेपालको समृद्धिको बाटो खोल्न यी राजनीतिकर्मी अक्षम छन् । सम्पूर्ण असफलताको लागि एकअर्कालाई दोषारोपण गर्ने र एउटै मात्र सकारात्मक परिवर्तन पनि आफ्नै कारण भएको मान्ने परम्परा राजनीतिक दल र नेताहरूमा कायम छ । अन्तरविरोधहरूसँग जुध्ने, समाजलाई फाइदा हुने गरी समस्या समाधान गर्ने र सकारात्मक सोच तथा व्यवहारको लागि सम्बन्ध सुधार गर्नतर्फ हामीले विशेष चासो राख्नु पर्छ ।

अहिलेको द्वन्द्वोत्तर राज्यनिर्माणको परिप्रेक्ष्यमा अन्तरविरोध र द्वैधताको व्यवस्थापन अत्यन्तै महत्वपूर्ण अवयव हो । विगतको गल्तीबाट मुलुकले नसिक्ने र प्रत्येक अन्तरविरोध र द्वैधतालाई सकारात्मक परिवर्तनको पक्षमा प्रयोग नगर्ने हो भने मुलुकलाई रूपान्तरण गर्न सम्भव हुँदैन । अन्तरविरोध र द्वैधतासँग जुध्ने प्रमुख कार्यभार राजनीतिक दलसँग छ । यस्तो अवस्थामा नागरिक अपेक्षाको उचित

व्यवस्थापन हुनु अत्यावश्यक छ ताकि यसले भविष्यमा हुन सक्ने क्षति र गलत बुझाइको निराकरण वा कम्तीमा न्यूनीकरण गर्न सकोस् ।

सन्दर्भ–सूची

Barma N. 2005. Building the institutions of democratic governance in post-conflict nation-states. A paper presented at the annual meeting of the American Political Science Association, Marriott Wardman Park, Omni Shoreham, Washington Hilton, Washington DC.

Basharina OK. 2007. An activity theory perspective on student-reported contradictions in international telecommunication. *Language Learning &Technology* 11(2):82-103.

Berge O, Fjuk A. 2006. Understanding the roles of online meetings in a net-based course. *Journal of Computer Assisted Learning* 22(1):13-23.

Capper P, Williams B. 2004. Enhancing evaluation using systems concepts. *American Evaluation Association*. http://users.actrix.co.nz/bobwill/activity.doc; as retrieved on 15 May, 2010.

CPA [Comprehensive Peace Agreement]. 2006. *Comprehensive Peace Agreement 2006.* Kathmandu: Government of Nepal.

Dahal DR. 2006. *Civil Society Groups in Nepal: Their Roles in Conflict and Peacebuilding.* Kathmandu: SPDI, UNDP Nepal.

Diamond L. 2006. Promoting democracy in post-conflict and failed states: Lessons and challenges. *Taiwan Journal of Democracy* 2(2):93-116.

Dippe G. 2006: The missing teacher: contradictions and conflict in the experience of online learners. *Proceeding of the Fifth International*

Engestrom Y. 2001. Expansive learning at work: Toward an activity-theoretical conceptualization. *Journal of Education and Work* 14:133-156.

ICG [International Crisis Group]. 2007: *Nepal's Maoists: Purists or Pragmatists?* Asia Report No 132. ICG.

Knaus G, Cox M. 2005. Building Democracy after conflict: The 'Helsinki Movement' in Southeastern Europe. *Journal of Democracy* 16(1):49.

Kuutti K. 1996. Activity theory as a potential framework for human-computer interaction research. *In:* Nardi BA, editor. *Context and Consciousness: Activity theory and human-computer interaction.* The USA: Cambridge.

Mikesell LM. 1999.*Class, State, and Struggle and Nepal*. New Delhi: Manohar Publishers.

Pearce J. 2005. The International Community and Peace Building. *Development* 48(3):41-49.

Prasai SB. 2010. The Road ahead for Nepali peace in 2010. *American Chronicle.* March 12, 2010.

Thapa C. 2008. *Security Sector Reform: Taking a Regional Approach and Promoting Cooperative Security Arrangement.* http://nepaliperspectives.blogspot.com/2008/05/security-sector-reformtaking-regional.html; as retrieved on 12 May, 2010.

Upreti BR. 2010. New National Security Policy Needed. *Republica National Daily*, 18 April. Kathmandu: Nepal Republic Media House.

Van der Henst, J-B., Mercier H, Yama H, Kawasaki Y, Adachi K. 2006. Dealing with contradiction in a communicative context: A cross-cultural study. *Intercultural Pragmatic* 3(4):487-502.

* * *

परिच्छेद १५

राज्यनिर्माणको लामो र घुमाउरो बाटो

सागर राज शर्मा[1]

१. परिप्रेक्ष्य

सबैजसो द्वन्द्वोत्तर मुलुकहरू सामाजिक, आर्थिक र संरचनागत रूपमा विभाजित छन् । द्वन्द्वअघि संस्थागत वा स्रोतको आधारमा कमजोर मानिएका मुलुकहरू द्वन्द्वपछि झनै कमजोर बनेका छन् । यस मामिलामा नेपाल पनि अपवाद होइन । यहाँ राज्यका धेरै संस्थाहरू कमजोर छन् र देशका जनता पनि पहिले कहिल्यै नभएको मनोवैज्ञानिक विभाजनमा छन् । यस्तो द्वन्द्वोत्तर समयमा विकास, शान्ति र स्थिरताको लागि प्रभावकारी र वैध राज्य हुनु जरुरी हुन्छ, जसले जनतालाई सुरक्षा दिन सकोस् अनि महत्वपूर्ण वस्तु तथा सेवा–सुविधाको दायित्व निर्वाह गर्न सकोस् । हामीले यस पुस्तकमा राज्यनिर्माणलाई एक घरेलु प्रक्रियाको रूपमा हेर्ने प्रयास गरेका छौँ । यस्तो प्रक्रिया राज्य र विभिन्न सामाजिक समूहबीचको विविधता र सम्बन्ध एवम् संघर्ष र समाधानको खोजीमा आधारित हुन्छ ।

यस पुस्तकका अघिल्ला परिच्छेदहरूले द्वन्द्वोत्तर नेपालमा राज्यनिर्माणका आयामबारे चर्चा गरेका छन् । पहिला दुई परिच्छेदहरूले राज्यनिर्माणको अवधारणाबारे चर्चा गरेका छन् भने दुईदेखि सातसम्मका परिच्छेदहरूले राज्यनिर्माणका अर्थ र तत्सम्बन्धी प्रमुख सवालमा जोड दिएका छन् । त्यसैगरी आठदेखि बाह्रसम्मका परिच्छेदहरूले द्वन्द्वोत्तर नेपालको राज्यनिर्माण प्रक्रियामा अहिले देखिएका सामाजिक प्रवृत्ति तथा सवाल र तिनले निम्त्याएका चुनौती केलाउने प्रयास गरेका छन् । बाँकी दुई परिच्छेदहरूले र पुनर्मिलन तथा पुनर्समायोजन र त्यससँग गाँसिएका विरोधाभाषबारे अध्ययन गरेका छन् । यी सबै सवालहरू निकै महत्वपूर्ण रहेका प्रत्येक परिच्छेदले देखाउँछन् । यिनलाई सम्बोधन नगरी राज्यनिर्माण प्रक्रियामा छिर्नु नेपालको लागि कष्टकर बन्नेछ ।

तर माथिका छलफलमा राज्यनिर्माण प्रक्रियामा शैक्षिक व्यवस्थाको भूमिका, बलियो र स्वतन्त्र न्यायपालिकाको महत्व, र पारदर्शी आर्थिक र वित्तीय संरचनाहरूको

---

[1] उप–प्राध्यापक एवम् विभागीय प्रमुख, डिपार्टमन्ट अफ डिभेलप्मन्ट स्टडिज, स्कुल अफ आर्ट्स, काठमाडौँ विश्वविद्यालय ।

सम्भाव्यताको महत्वजस्ता उत्तिकै महत्वपूर्ण सवालहरू भने छुटेका छन् । ऊर्जाशील राज्यमा यस्ता संस्थाहरूको समुचित सक्रियता महत्वपूर्ण हुन्छ । यसको लागि राज्यनिर्माणमा यस्ता प्रत्येक सवालहरूको स्पष्ट र पारदर्शी सम्बन्ध देखाउन थप अनुसन्धान जरुरी पर्छ । द्वन्द्वोत्तर संक्रमणकालमा सुधार ल्याउन अघिल्ला र पछिल्ला सबै परिच्छेदहरू महत्वपूर्ण छन् । आफ्नैखाले जटिलता र परिप्रेक्ष्य–आधारित विशिष्टताले गर्दा यी विषयमा राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका अनुसन्धान, योजना निर्माण र कार्यथालनी खाँचो परेको छ ।

यो ग्रन्थमा हामीले राष्ट्रनिर्माणको अवधारणाबाट राज्यनिर्माणको अवधारणालाई अलग्याउने प्रयास गरेका छौँ । त्यसैले यहाँ निहित छलफलमा राष्ट्रनिर्माणको अवधारणालाई समेटिएको छैन । यी दुई अवधारणा फरक छन् भन्ने हाम्रो मान्यता हो । यद्यपि, यी दुईबीच अवधारणागत तथा अभ्यासगत अन्तरसम्बन्ध र अन्तरघुलन छ । राज्यशक्तिको प्रयोग, राज्यभित्रका जनताबीच एकताको विस्तार, सामाजिक मिलाप एवम् समतामूलक तथा समावेशी वृद्धिको प्रयासमार्फत् राष्ट्रिय परिचय निर्माण गर्ने विषय राष्ट्रनिर्माणअन्तर्गत पर्छ । यो द्वन्द्वोत्तर संक्रमणकालमा अति महत्वपूर्ण विषय हो । तर यी सबै कुरा यस पुस्तकको उद्देश्यभन्दा बाहिर छन् । यो पुस्तकमा हामीले द्वन्द्वोत्तर राज्यनिर्माणका जटिलताहरू केलाउँदै र छलफल गरिएका अवधारणालाई संक्षेपीकृत गर्दै नयाँ बहसको थालनी गर्ने प्रयासमात्रै गरेका छौँ ।

२. द्वन्द्वोत्तर संक्रमणमा राज्यनिर्माण

द्वन्द्वोत्तर अवस्थामा राज्यनिर्माण प्रक्रियाको कार्यान्वयनबारे विद्वत् वर्गको चासो हिजोआज निकै बढेको छ । जुनसुकै अवस्थामा रहेका राज्यहरूको प्रमुख उत्तरदायित्व तिनका जनताको सुरक्षा तथा समृद्धिको प्रत्याभूति, धनसम्पत्तिको रक्षा र बजार व्यवस्था सुचारु गर्न आपूर्ति सहज बनाउनु हो । राज्यहरूले आफ्ना जनताको लागि जोखिम न्यूनीकरण तथा विपत् व्यवस्थापनका काम पनि गर्छन् । तर पनि कहिलेकाहीँ राज्य नै घरेलु तथा अन्तर्राष्ट्रिय अत्याचार र असुरक्षाको कारण पनि बन्न सक्छ । नेपालमा खासगरी राजतन्त्रका अन्तिम दुई वर्षमा राज्यनिर्माणको प्रक्रिया जातीय तथा धार्मिक परिचयको दमन, बाध्यकारी कानुनहरू लाद्ने काम तथा मुठ्ठीभर सम्भ्रान्तहरूले बनाएका नीति–नियममै सीमित थियो । परिणामस्वरूप थुप्रै समूह तथा समुदायले राज्य संयन्त्रप्रति फितलो आशामात्रै राखेका थिए ।

पछि दसवर्षे माओवादी विद्रोह टुंगोमा पुग्यो । २०६३ मंसिरमा हस्ताक्षरित बृहत् शान्ति सम्झौतासँगै शान्ति प्रक्रिया सुरु भयो । अनि स्थितिमा व्यापक परिवर्तन देखिन

थाल्यो । वास्तविक शान्ति स्थापना गर्न राज्यनिर्माण र यसको पुनर्संरचना गर्नुपर्ने कुरामा सरोकारवाला र विकासकर्मी एकमत भए । तथापि, बढ्दो असहमतिले गर्दा संविधानसभाको दुःखद् अवसान हुन पुग्यो । अझै पनि यहाँ शान्ति प्रक्रियासम्बन्धी बुझाइमा आधारभूत भिन्नता कायमै छन् । तिनमाथि सिर्जनात्मक बहस थाल्न सकिन्छ । तर त्यसको लागि ऐतिहासिक परिप्रेक्ष्यको विश्लेषणमा आधारित सामाजिक छलफल जरुरी हुन्छ ।

३. राज्य गठनको परिप्रेक्ष्यमा राज्यनिर्माण

ओइसिडी (सन् २००८) ले राज्यका क्षमता, संस्था र वैधता विकास गर्न सामाजिक समूहहरू र राज्यबीच हुने प्रभावकारी राजनीतिक प्रक्रियालाई राज्यनिर्माण भनी परिभाषित गरेको छ । तथापि विगतको ऐतिहासिक परिप्रेक्ष्य र वर्तमानको गतिशीलता फरक भइदिनाले राज्य र समाजबीचको सम्बन्ध सधैँ एकनासको हुँदैन । ऐतिहासिक परिप्रेक्ष्यलाई हेर्दा राज्यको वैधता उसका संस्थाहरूमा आधारित हुन्छ । राज्यनिर्माण प्रक्रियामा यिनको भूमिका प्रमुख पनि हुन्छ । त्यत्तिकै महत्वपूर्ण राज्यसंस्थाका क्षमता तथा स्रोत र प्रभावकारी राजनीतिक प्रक्रिया हुन् जसलाई अघिल्ला परिच्छेदहरू (१, ४, ७ र १४) मा व्यापक छलफल गरिएको छ ।

राज्यनिर्माणको प्रक्रियामा राज्य तथा समाजबीचको अन्तरक्रियालाई महत्वपूर्ण स्थान दिइनुपर्छ । राज्यनिर्माणलाई सम्बोधन गर्न बनाइएका योजनाले राज्य भन्नु औपचारिक संस्थाहरूको झुप्पोमात्रै नभएर ऐतिहासिक गति लिन सक्ने स्वरूप पनि हो भन्ने स्वीकार्नु पर्छ । त्यसकारण एउटा गतिलो राज्यको लागि यसका राज्यसंस्थाहरूको स्थापना र जीवन्तताले मात्रै पुग्दैन, त्योभन्दा पर पनि केही सोचिनु पर्छ (फ्रिज र मेनोकल २००७) ।

४. प्राथमिकता निर्धारण

सबैथोक प्राथमिकतामा पर्न थाले पनि सुरुचाहिँ कहाँबाट गर्ने ? नेपालजस्तो द्वन्द्वोत्तर मुलुकमा नीति–निर्माता र सरोकारवालाहरूलाई यो एउटा निकै जटिल प्रश्न हो । परिच्छेद १०, ११ र १२ ले नेपालमा सुरक्षा तथा कानुन र सुव्यवस्थाको स्थापना प्रमुख चुनौती भएको देखाएको छ । सुरक्षित नेपाल निर्माण गर्न तिनलाई तुरुन्तै सम्बोधन गर्नु जरुरी हुन्छ । तर के यसको अर्थ सुरक्षा क्षमता सुदृढीकरण गर्नु राज्यको पहिलो प्राथमिकता हुनुपर्छ भन्ने हो ? वा आर्थिक सुधार र गरीबी निवारण (परिच्छेद ३, ४, ५

र ६) लाई उच्च प्राथमिकता दिनुपर्ने हो ? भूमि–आधारित भेदभाव र बसाइँसराइ तथा त्यसले सामाजिक–आर्थिक संरचनामा पारेको प्रभावका विषयलाई सम्बोधन गर्नेबारे नि ? नेपालको द्वन्द्व तथा जटिल भौगोलिक अवस्थिति र यसबाट उब्जेका कैयौँ समस्याको समाधान कसरी गर्ने भन्नेमा पनि विवाद छ। यद्यपि द्वन्द्वोत्तर अभ्यासमा योजनाका तीन आयामहरू केन्द्रविन्दु हुनुपर्छ भन्ने धेरै अध्ययनहरूले देखाउँछन्। तिनमा राज्यलाई वैध बनाउने राजनीतिक प्रक्रिया, आर्थिक शासनसहितको कानुनी शासनको खाका विकास र राज्यका सुरक्षा संयन्त्रको पुनर्गठनसहित सुरक्षा क्षेत्रको पुनर्संरचना पर्छन् (विस्तृत छलफलको लागि हेर्नुहोस् परिच्छेद २, ११ र १३)।

आर्थिक पुनर्भरण तथा संक्रमणकालीन न्यायमा बढी जोड दिनेहरूले माथिका प्राथमिकतामा असहमति जनाउन पनि सक्छन्। यद्यपि संक्रमणकालीन न्यायलाई केही समयपछि गर्ने भनी धकेल्न सकिएला तर वैध राज्यको पुनर्स्थापन गर्ने कामलाई यसरी धकेल्न सकिँदैन भन्ने पुष्टि केही तुलनात्मक अध्ययनले देखाएका छन्। यसैगरी स्थायित्वको लागि आर्थिक पुनर्भरण जरुरी हुन्छ। कोलियर (सन् २००८) र अन्य केही अनुसन्धाताको निष्कर्षले द्वन्द्वपश्चात् आर्थिक पुनर्भरणमा हुने आकस्मिक लगानी उति प्रभावकारी नहुने र मुख्य आर्थिक तथा राजनीतिक संस्थाहरू स्थापित नहुँदासम्म ठूला लगानीमा बरु ढिलाइ गरिँदा नै राम्रो प्रतिफल आउन सक्ने सुझाएका छन्।

फोर्म्यान (सन् २०००) र कोलियर दुवैले देखाएभन्दा विपरीत दातृ निकायले गर्ने खर्च पनि उल्टो खालको भएको छ। तिनले तीन/चार वर्षसम्म राज्यका राजनीतिक तथा आर्थिक संस्था सुदृढ पारेपछि मात्र ठूला खर्च गर्नुको साटो प्राथमिकताको अपरिपक्व निक्र्यौल गरी लगानी खन्याएका छन्। तर केही वर्ष संस्थागत सुदृढीकरण गरेपछि अन्य गतिविधिमा खर्च बढाउन थालेको भए यी खर्चका उत्पादकत्व बढ्न सक्थ्यो। प्राथमिकता निर्धारणका यस्ता अभ्यासमा निश्चित अध्ययन/अनुसन्धान तथा मिहिन विश्लेषणको खाँचो अझै देखिएको छ। नेपालमा कार्यरत अन्तर्राष्ट्रिय कर्ताहरूले आफ्ना योजना बनाउनुअघि पर्याप्त ध्यान दिनुपर्ने यो एउटा गहन विषय हो। अन्तर्राष्ट्रिय कर्ताहरूले आफ्ना कामलाई बढी उत्पादक बनाउन यसबाहेक पनि अन्य थुप्रै तरिका छन्, जसलाई सार्थक अनुसन्धानहरूले अझ स्पष्ट पार्न सक्छन्।

५. अन्तर्राष्ट्रिय कर्ताहरूको भूमिका

द्वन्द्वोतर अवस्थामा मुलुकहरू अस्थिर हुन्छन्। तिनीहरू प्रायः मनोसामाजिक रूपले विभाजित हुन्छन्। अहिलेको श्रीलङ्का र नेपाल अथवा रङ्गभेदी शासनपछिको दक्षिण

अफ्रिका यसकै दृष्टान्त हुन् । यस्ता मुलुकमा अन्तर्राष्ट्रिय कर्ताहरू शान्ति प्रक्रियालाई सहजीकरण गर्न अथवा कहिलेकाहीँ त्यसलाई बिथोल्न पनि उद्यत हुन्छन् । तर तिनीहरू असल उद्देश्य लिएर आएका हुन्छन् भन्ने मान्यता राख्ने हो भने पनि तिनले केही घरेलु कर्ताहरूको सामना गर्नैपर्छ । यस्ता कर्तामध्ये कोही तिनले भनेजस्तै लोकतान्त्रिक मूल्य र मानवअधिकारलाई अनुसरण गर्ने खालका हुन्छन् भने कोही अलि अप्ठेरा हुन्छन् । र, विशेषगरी यस्ता कर्ताको प्रभावकारिता तिनको आर्थिक कार्यसम्पादनमा निर्भर हुन्छ । यदि आफ्ना एजेन्डामा आर्थिक विषयलाई समेटेका छन् भने अन्तर्राष्ट्रिय मिसनहरू बढी प्रभावकारी हुने सम्भावना रहन्छ । यस्ता एजेन्डाले मुलुकको आर्थिक क्षमता विकास गरी दीर्घकालीन रूपान्तरणमा सघाउन सक्छ । तर नेपालमा धेरै अन्तर्राष्ट्रिय मिसनहरूको संलग्नता आर्थिक रूपान्तरणमा कम तर राजनीतिक रूपमा बढी केन्द्रित हुनाले यस्ता मिसनप्रति जनअपनत्व कम र तिनको अर्थपूर्ण सफलताको सम्भावना पनि क्षीण नै देखिन्छ ।

सुलक्षित एवम् उत्तरदायी अन्तर्राष्ट्रिय सहायताद्वारा सक्षम पार्न सकिने भए पनि सफल राज्यनिर्माण भनेको वास्तवमा घरेलु प्रयास नै बढी आवश्यक पर्ने प्रक्रिया हो । अन्ततः राष्ट्रिय राजनीतिक प्रक्रियालाई डोऱ्याउने पनि घरेलु नेताहरूले नै हो । यस्ता प्रक्रियामा अन्तर्राष्ट्रिय कर्ता तथा निकायले प्राविधिक सहायता प्रदान गर्न सक्छन् । यस्ता सहायतालाई राष्ट्रसंघीय राजनीतिक मामिला विभागअन्तर्गतको मध्यस्थता सहयोग एकाइ (डिपार्टमन्ट अफ पलिटिकल अफेयर्स–मेडिएसन सपोर्ट युनिट) जस्ता नवीन निकायले पनि आत्मसात गर्न थालेका छन् । नेपालमा शान्ति प्रक्रियालाई सहयोग गर्न युनाइटेड नेसन्स मिसन इन नेपाल (अन्मिन) सिर्जना गरिएको थियो । सन् २००६ को अगस्टमा राष्ट्रसंघीय महासचिव बान कि मुनलाई पठाइएको पत्रको प्रत्युत्तर स्वरूप यसको स्थापना गरिएको थियो । सो पत्रमा तत्कालीन सात दलीय गठबन्धन र एनेकपा (माओवादी) ले संविधानसभाको लागि स्वतन्त्र तथा निष्पक्ष चुनावमा सहयोग तथा शान्ति प्रक्रियामा सहायताको लागि राष्ट्रसंघलाई अनुरोध गरेका थिए । तर नेपालमा रहुञ्जेल पनि अन्मिन विवादमुक्त भने बन्न सकेन । शान्ति प्रक्रियाका केही अति संवेदनशील विषयमा निष्पक्षता तथा आत्मनिर्भरता राख्न नसकेको भनी यो पटक–पटक विवादमा तानियो । यद्यपि शान्ति प्रक्रियाको मध्यस्थता तथा सहजीकरणको लागि यसले खेलेको भूमिका भने प्रशंसनीय नै मानियो । यस्ता खालका तेस्रो पक्षीय मध्यस्थताले पछिल्लो समयमा अनुसन्धाताहरूको ध्यान खिचिरहेको छ ।

विशेषगरी पहिलोपटक निर्वाचित संविधानसभाले नयाँ संविधान दिन नसकी विघटित भएपछि अहिले नेपाली राज्यनिर्माणमा नयाँ बहसको थालनी पनि भएको छ । यो समयमा नीतिहरूमा अझ केन्द्रीकरण गर्ने माध्यमहरूको पहिचान गर्न पनि द्वन्द्वोत्तर राज्यनिर्माणमा अन्तर्राष्ट्रिय, क्षेत्रीय, बहुपक्षीय र राष्ट्रिय कर्ताहरूको भूमिकालाई गहन विश्लेषण गर्नु आवश्यक छ । कुटनीतिक, आर्थिक र राजनीतिक विकल्प निर्माणमा छिमेकी शक्तिहरू (जस्तैः भारत र चीन) कै भूमिका कति धेरै हुने रहेछ भन्ने नेपालमा पछिल्ला राजनीतिक घटनाहरूको अवलोकनबाट पनि प्रस्ट हुन्छ ।

६. अन्त्यमा...

द्वन्द्वोत्तर परिस्थितिमा राज्यनिर्माण सूक्ष्म महत्व बोकेको काममात्रै नभई उच्च चुनौतीसहितको राजनीतिक प्रक्रिया बन्छ । कार्यगत जटिलता, परिवेशगत विशिष्टता तथा बाह्य अभिरुचिको व्यापकतासमेत हुनाले यस्तो प्रक्रियाको बाटो लामो र घुमाउरो बनेको हुन्छ । राजनीतिक प्रयासहरूको यो एउटा त्यस्तो क्षेत्र हो, जसमा सरल–रेखीय सफलता हासिल हुँदैन । यसको लागि मिहिनेतको खाँचो पर्छ, अनि समय, धैर्य एवम् निरन्तर छलफलको खाँचो पर्छ । त्यसैले यसको लागि गहन तथा पारविषयक अनुसन्धान तथा नवीन नीति चाहिन्छ । यो अप्ठेरो र दीर्घकालीन जिम्मेवारीको विषय हुन सक्छ, तर यसमा हासिल हुने सफलताले मानवीय सुरक्षा, विकास तथा अन्तर्राष्ट्रिय स्थायित्वलाई पनि सघाउन सक्छ । यी सबै लाभ हासिल गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहका कर्ताहरूको उल्लेख्य पारस्परिकता एवम् सहकार्य चाहिन्छ ।

सन्दर्भ–सूची

Collier P. 2008. Post-conflict economic policy. *In:* Call CT, Wyeth V, editors. *Building States to Build Peace.* Colarado: Lynn Rienner, Boulder.

Forman S, Patrick S, editors. 2000. *Good Intentions: Pledges of Aid for Post-conflict Recovery*: Colarado. Lynne Rienner, Boulder.

Fritz V, Menocal AR. 2007. *Understanding State Building from a Political Economy Perspective.* Overseas Development Institute.

OECD [Organisation for Economic Cooperation and Development]. 2008. Concepts and Dilemmas of State Building in Fragile Situations, OECD/DAC Discussion Paper.

* * *

सम्पादकहरूबारे

विष्णुराज उप्रेतीले सन् २००१ मा निदरल्याण्डस्थित वागेनहेगन विश्वविद्यालयबाट द्वन्द्व व्यवस्थापनमा विद्यावारिधि गर्नुभएको हो। उहाँ द्वन्द्व रूपान्तरण र शान्तिसम्बन्धी अनुसन्धान तथा अध्यापनमा क्रियाशील हुनुहुन्छ । एकतीस वर्ष लामो पेशागत संलग्नताका क्रममा उहाँ संयुक्तअधिराज्य बेलायतको लण्डन विश्वविद्यालय र सरे विश्वविद्यालयमा अध्यापन तथा अनुसन्धानमा संलग्न हुनुहुन्थ्यो । उहाँ हाल नेपालको काठमाडौँ विश्वविद्यालयअन्तर्गत विकास अध्ययन विभाग (डिपार्टमन्ट अफ डिभेलप्मन्ट स्टडिज) र सुरक्षा व्यवस्थापन (सेक्युरिटी स्टडिज) सम्बन्धी स्नातकोत्तर तहमा अध्यापन कार्यमा समेत आबद्ध हुनुहुन्छ। पेशागत कर्मचारी, स्रोत व्यक्ति तथा परामर्शदाताका रूपमा उहाँले स्विस सरकार विकास नियोग, बेलायती अन्तर्राष्ट्रिय विकास नियोग, निदरल्याण्ड विकास नियोग, विश्व वन्य जन्तु कोष, विश्व संरक्षण संघ, डेनिस अन्तर्राष्ट्रिय विकास सहयोग, एक्सन एड, केयर, विश्व खाद्य कार्यक्रम, विश्व खाद्य तथा कृषि संगठन, संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम, एसियाली विकास ब्याङ्क तथाजस्ता विभिन्न अन्तर्राष्ट्रिय संस्थाहरू तथा सशस्त्र बलको लोकतान्त्रिक नियन्त्रण (डेमोक्रयाटिक कन्ट्रोल अफ आर्म्ड फोर्सः डिक्याफ) मा काम गर्नुभएको छ। लोकसेवा आयोगमार्फत छानिएर उहाँले केही वर्ष सहायक कृषि अर्थशास्त्रीको काम पनि गर्नुभएको थियो। द्वन्द्वसम्बन्धी छब्बीस ओटा पुस्तक लेख्नुका साथै उहाँले विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पत्रपत्रिका, जर्नल तथा सम्पादित पुस्तकहरूमा थुप्रै लेख लेख्नुभएको छ। हाल उहाँ अनुसन्धानमा दक्षताका लागि स्विस राष्ट्रिय केन्द्र (एनसिसिआर नर्थ-साउथ) को काठमाडौँस्थित दक्षिण एसिया संयोजन केन्द्रमा क्षेत्रीय संयोजकको रूपमा कार्यरत हुनुहुन्छ।

सागर राज शर्माले फुकुओका विश्वविद्यालय, जापानबाट विकास अर्थशास्त्र (डिभेलप्मन्ट इकनमिक्स) मा विद्यावारिधि गर्नुभएको हो । उहाँले नेपालमा वैदेशिक सहायता, विकास, निजी क्षेत्र तथा भूमि सुधारबारे गहन काम गर्नुभएको छ। विकासमुखी क्षेत्रमा प्राज्ञिक तथा अभ्यासकर्ता दुवैका रूपमा उहाँले कार्यानुभव सँगाल्नुभएको छ। फुकुओका विश्वविद्यालय, जापानमा उहाँले विकास अर्थशास्त्र

तथा अन्तर्राष्ट्रिय विकास व्यवस्थापन (इन्टरन्यासनल डिभेलप्मन्ट म्यानेजमन्ट) को अध्यापन अनुभव पनि लिनुभएको छ । उहाँ नेपाली दूतावास कार्यालय, जापानमा आर्थिक सल्लाहकार तथा मानव आवाससम्बन्धी संयुक्त राष्ट्रसंघीय नियोग (युएन–ह्याबिटाट) कार्यालयमा राष्ट्रिय विकास परामर्शदाता पनि हुनुहुन्थ्यो । उपप्राध्यापक शर्मा अहिले काठमाडौँ विश्वविद्यालयअन्तर्गत विकास अध्ययन विभाग (डिपार्टमन्ट अफ डिभेलप्मन्ट स्टडिज) का विभागीय प्रमुख हुनुहुन्छ ।

कैलाशनाथ प्याकुर्‍याल कृषि तथा वन विश्वविद्यालयका उपकुलपति साथै नेपालका एक प्रभावशाली ग्रामीण समाजशास्त्री हुनुहुन्छ। उहाँले मिसिगन स्टेट विश्वविद्यालय, मिसिगन, संयुक्त राज्य अमेरिकाबाट समाजशास्त्रमा विद्यावारिधि गर्नु भएको हो। एघार वर्ष कृषि मन्त्रालयमा सरकारी जागिरेका रूपमा, तीस वर्ष त्रिभुवन विश्वविद्यालयमा तथा पछिल्ला केही वर्ष काठमाडौँ विश्वविद्यालयमा अध्यापनमा संलग्न भई उहाँले ४४ वर्ष लामो कार्यानुभव सँगाल्नु भएको छ । प्राध्यापक प्याकुर्‍यालले कृषि तथा जीवविज्ञान संस्थानमा विभागीय प्रमुख, सहायक डिन तथा डिनका रूपमा काम गरिसक्नुभएको छ । साथै उहाँले त्रिभुवन विश्वविद्यालय, कीर्तिपुरमा समाजशास्त्र तथा मानवशास्त्र विभागमा विभागीय प्रमुख समेत भई काम गर्नुभएको छ । उहाँ प्राकृतिक स्रोत व्यवस्थापन (कृषि, वन तथा सिँचाइ व्यवस्थापन) र तुलनात्मक अनुसन्धानका क्षेत्रमा एक अनुभवी अनुसन्धाता तथा परामर्शदाता हुनुहुन्छ । उहाँ गरीबी अनुसन्धान, कृषि प्रणाली अनुसन्धान, संस्था निर्माणका साथै मानव संसाधन विकासका विज्ञ पनि हुनुहुन्छ । उल्लिखित क्षेत्रहरूमा अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग, एसियाली विकास ब्याङ्क, विश्व ब्याङ्क, संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम, अन्तर्राष्ट्रिय खाद्य तथा कृषि संस्था, जर्मन प्राविधिक सहयोग कार्यक्रम, प्लान नेपाल र चीनियाँ तिब्बत शास्त्र अध्ययन केन्द्र, बेइजिङमा विगतमा उहाँले परामर्श सेवा दिइसक्नु भएको छ। समाजशास्त्रमा प्राध्यापक प्याकुर्‍यालका लगभग ५० अनुसन्धान कृतिहरू प्रकाशित छन् ।

सफल घिमिरे द्वन्द्व र अर्थतन्त्र विषयका अनुसन्धाता हुनुहुन्छ । द्वन्द्व तथा सुरक्षा अध्ययनसम्बन्धी सैद्धान्तिक तथा अनुसन्धानमूलक विभिन्न पुस्तकहरूको नेपाली अनुवाद गरिसक्नु भएका घिमिरे द्वन्द्व रूपान्तरणसम्बन्धी अध्ययन तथा अनुसन्धानमा समेत संलग्न हुनुहुन्छ। उहाँले काठमाडौँ विश्वविद्यालयबाट स्रोत अध्ययन (रिजोर्सेज स्टडिज) मा स्नातकोत्तर पूरा गर्नु भएको छ । उहाँको अनुसन्धानका मूल विषय

द्वन्द्वोत्तर पुर्ननिर्माण (पोस्ट–कन्फ्लिक्ट रिकन्स्ट्रक्सन), ग्रामीण जीविकामा द्वन्द्वको प्रभाव र द्वन्द्व रूपान्तरणमा निजी क्षेत्रको भूमिका हुन् । घिमिरेका अनुसन्धानहरू द्वन्द्वसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पुस्तकहरूमा परिच्छेद र वैज्ञानिक जर्नलहरूमा लेखको रूपमा छापिएका छन् । राष्ट्रिय दैनिकहरूमा द्वन्द्वसम्बन्धी लेखहरू समेत लेख्ने गर्नुभएका घिमिरे हाल अनुसन्धानमा दक्षताका लागि स्विस राष्ट्रिय केन्द्र (एनसिसिआर नर्थ–साउथ) को काठमाडौँस्थित दक्षिण एसिया क्षेत्रीय संयोजन कार्यालयमा अनुसन्धान अधिकृतको रूपमा कार्यरत हुनुहुन्छ ।

* * *

ISBN: 978-9937-8174-9-3